CC-0. In Public Domain. Digitization by eGangotri

खुशी श्रृङगार लगाउने छूट डेङ्ले नै दिएका थिए। उनले प्रतिपादन गरेको आधुनिकीकरणका चार सिद्धान्तको लगत्तै सोभियत संघमा उदाएका मिखाइल गोर्वाचेभले पेरेस्त्रोइका र ग्लास्नोस्त शुरू गरे। गोर्वाचेभ नै पहिलो नेता हुन् जसले कम्युनिस्ट शासन निर्यात गर्ने परम्परा तोड्नुका साथै कम्युनिस्ट सत्ता टिकाउँन पठाइएका सैनिकहरू फिर्ता लिन पुगे। तर राजनीतिक सुधारको गति बढ्न नदिने कट्टर कम्युनिस्टहरूको विद्रोहका कारण सोभियत संघ अन्ततः १५ राज्यमा विभाजित भयो। सोभियत संघको संभावित नियतिको पूर्वानुमान गरेर बसेका चिनियाँ नेताहरूले स्थितिलाई अघिबढ्न दिएनन् र तियानमेन चोकमा नरसंहार हुनपुग्यो। यो कलङ्कको टीका चीनमा पखाल्ने अभियान शुरू भएको छ। अहिले त्यहाँ रेडियो र टेलिभिजनबाट लाल सलाम र कम्रेड भन्ने शब्दहरू हटाइएका छन्। कतिपय विश्व-विद्यालयमा मार्क्सवादी साहित्य-अध्यापन बन्द गरिएको छ। संविधानबाट केन्द्रीकृत अर्थव्यवस्था भन्ने शब्दको सट्टा खुल्ला अर्थव्यवस्था भन्ने शब्द राखिएको छ र औद्योगिक नगरीका रूपमा चिनिएका दक्षिण-पूर्व क्षेत्रका साङ्घाई, सियान, सिचेन, ग्वाङ्चाङ् जस्ता शहरहरूमा विदेशी टेलिभिजन प्रसारण समेत गरिन थालिएको छ। ऐतिहासिक र पुरातात्विक ठाउँहरूमा पर्यटकका लागि खुल्ला गरिएको छ र सम्पत्तिमा निजी सहभागिता र शेयर बजार खुला गर्न थालिएको छ। हङ्कङ् र ताइवानको प्रश्नले पनि चीनलाई बन्द समाजको ढोका खोल्न र खुला मैदानमा पदार्पण गर्न बाध्य बनाइरहेको छ। चीनका नेताहरूमा अहिले यौटा भय छ, तिब्बत् वा मुसलमान-बहुल प्रान्तहरूमा रूसी राज्यहरूको प्रभाव नपरोस् र एकीकृत चीन खण्डित नहोस्। यो भय बाहेक उनीहरूमा साम्यवादी सत्ताको मोह कम हुँदै गएको अनुभव हुन थालेको छ। चीन पनि यसरी सुधारका पक्षमा सामेल हुनासाथ भियतनाम र उत्तर कोरिया पनि सुधारतर्फ अग्रसर नभै सुख नै छैन।

एकताका अर्थात् दोस्रो विश्वयुद्धपछि पश्चिमी राष्ट्रहरूको पूर्वऔपनिवेशिक दृष्टिकोण र मालिक र मजदूर बीचको अन्तर्द्वन्द्वका कारण राष्ट्रिय मुक्ति, स्वाधीनता र समानताको नारा चर्काउन सफल कम्युनिस्ट सत्ता यसरी एक शताब्दीसम्म पनि टिक्ने छैन भनेर त्यसबेला कल्पना गर्नु कठिन थियो। जबकि नेपालमा राणासत्ता पनि एक सय चार

... र यो पतनले प्रजातन्त्रा...
... आएको होला त ? भन्ने प्रश्न अब गम्भीर
छन्। साम्यवादी सत्ता पतन हुनुमा सबभ...
मार्क्स... का कतिपय चिन्तनहरू अधूरा रहनु, ...
देश... को नाउँमा प्रयोग नगर्नु, अधिनायक...
...ता... दमन गर्नु, विकासका नाउँमा पश्चि...
साम्... क शक्तिसँग प्रतिस्पर्धा गर्ने प्रयत्न गर्नु
...का नेता र राज्यद्वारा सर्वहाराकै शोषण ग...
... स्वतन्त्रताको उपहास गर्नु र विकासको ग...
चिन्तनको परिवेश अनुरूप अघि नबढ्नु, क...
स्वयंभित्र स्वेच्छाचारी तन्त्रमा अनुवाद हुनु, ...
साम्यवाद निर्यात गर्ने प्रयास गर्नु आदि अनगि...
रहेका छन् तर यी वा यस्तै कारणबाट साम्यवा...
भए पनि प्रजातन्त्रवादीहरू ढुक्क हुने स्थिति...
खासगरी तेस्रो विश्वका राष्ट्रहरूमा गरीबी र शो...
उपस्थिति रहेसम्म साम्यवाद वा अरू कुनै ना...
विरोधी शक्तिले मलजल पाउने सम्भावना प्र...
साम्यवाद पतनका कारणहरू जस्तै प्रजा...
कारणहरू प्रजातन्त्रमा पनि प्रयोग भए भने...
विरोधी सत्ता आउने भय रही नै रहन्छ। नेपाल...
पनि यसतर्फ सोच्नु आवश्यक छ। आज प्रजातन्...
तीन वर्षका अनुभवले के संकेत गरि...
प्रजातन्त्रवादीहरूको पहिचान विपक्ष वा असह...
जसरी हुन्छ सत्ता सम्हाल्दा पनि त्यत्तिकै खरो...
तर सत्ताको उन्माद, सत्तामदको अन्धवृत्ती, सू...
असहमतिको धाराप्रतिको उपेक्षा जस्ता अनेकौं...
र पुरानै सत्ता शैलीको पुनरावृत्ति तथा दलीय स...
संस्कृतिले पनि नेपालको पुनःस्थापित प्रजात...
सुनिश्चित भएको अनुभव गर्ने ठाउँ दिएको छैन...
संवाहक प्रजातन्त्रवादी युवाहरूले साम्यवादी चुनौ...
ढुक्क हुनु भन्दा पनि आफूले प्रयोग गरिहेको ...
मानिसहरूले बनाएको धारणाप्रति चिन्त...
छ। निरंकुशताको अर्थ साम्यवादी सत्ता मा...
अनेकौं अनुहारहरू पनि छन् भन्ने तथ्यलाई...

"राष्ट्रियताको धुकधुकी अनुरूप राजनीति... शक्ति प्राप्त हुन्छ"

– बी. पी. ...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ादी निरंकुश
मी पूँजी र
सर्वहाराका
, मानवमूल्य
मार्क्सवादी
युनिस्ट सत्ता
सैन्यबलद्वारा
ी कारणहरू
ी सत्ता पतन
ाहिं छैन ।
णको प्रचूर
मा प्रजातन्त्र
बल रहन्छ ।
न्त्र विरोधी
- प्रजातन्त्र
को सन्दर्भमा
पुनर्प्राप्तिका
हैछन् भने-
तिमा रहनुमा
उत्रनु पर्दछ ।
ना संवाद वा
कुलक्षणहरू
ाठनको भीड
त्रको भविष्य
परिवर्तनका
ति फाटेकोमा
ा र त्यसप्रति
बेला आएको
ोइन, यसका
र्सिनु हुँदैन ।

ारे अनन्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कामन्दकीयनीतिसार

अनुवादक
प्रा. देवराज पौडेल

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान
संस्कृति विभाग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक :
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
काठमाडौं, नेपाल ।

◆

प्रथम संस्करण : वि. सं. २०२८

◆

मुद्रक :
आदर्श छापाखाना
रामशाहपथ, थापाथली,
काठमाडौं, नेपाल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराजबाट हुकुम भएको छ— 'साहित्य, कला र ज्ञानविज्ञानको क्षेत्रमा अतीत कालदेखि हिमवत्‌खण्डले दिइआएका योगदानको विशेष महत्त्व छ ।'

हुन पनि हिमवत्‌खण्डको साहित्यमा जीवनको माधुर्यमूल उन्मेष मात्र होइन कि त्यसमा रहेको अध्यात्मको प्रतिष्ठाबाट सौन्दर्यको काया संगीतपूर्ण पनि हुन गएको छ, कलामा पनि जीवनले भोग्नुपरेको द्वन्दको संख्यातीत विविधता मात्र होइन अनन्त आकाश पुरस्कृत हुने हृदयको इन्द्रधनुषी स्वीकृति पनि छ, ज्ञानमा बुद्धिको नीरस ऊहापोह मात्र होइन कि सत् र चित्‌को एकतामा तादात्म्य हुने आनन्दको अखण्ड आलोक पनि छ ।

यसैले श्री ५ महाराजाधिराजबाट हिमवत्‌खण्डको गौरवपूर्ण परम्परामा आएको अवरोधलाइ हटाउन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको संस्थापन गरिबक्सेको हो । मौसूफ सरकारबाट हुकुम पनि भएको छ—'ऐतिहासिक कारणहरूले गर्दा उपर्युक्त परम्परामा बीचमा आएको व्यवधानलाइ पन्छाई नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान देशको मौलिक परम्परालाइ युगानुकूल बाटोमा अग्रसर गराउन चाहन्छ ।'

मलाइ आशा मात्र होइन पूर्ण विश्वास पनि छ, श्री ५ महाराजाधिराज सरकारबाट निर्दिष्ट गरिबक्सेको पथमा प्रज्ञा-प्रतिष्ठान निरन्तर अग्रसर भई त्यसले देशको बौद्धिक तथा मानसिक आवश्यकताहरूको क्रमशः परिपूर्ति गर्ने छ र देशान्तरमा पनि हाम्रो जीवनको रूप-सौन्दर्य मात्र होइन कि कर्म-सौन्दर्य र शील-सौन्दर्यको परिचय दिनमा पनि सफलता प्राप्त गर्दै जाने छ ।

केदारमान व्यथित
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

२०२६ साल जेठ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

प्राचीन संस्कृतितर्फ आयोजना गर्नुपर्दा पूर्ववर्ती विद्वान्हरूबाट भएको कार्यविधिलाई निहाल्नु पहिलो कर्तव्य ठानेर सबै बुझेर हेर्दा स्वर्गीय कविशिरोमणि लेखनाथज्यूद्वारा लेखाइएको र त्यसै थन्किएको यो कामन्दकीय-नीतिसारलाई प्रकाशनमा ल्याउनु उपयुक्त जस्तो लाग्यो । प्रा. देवराज पौडेलले अघिबाटै अनुवाद गरी सिध्याउनुभएको भए तापनि अर्को बाजि उहाँलाई दोहऱ्याएर संशोधन गर्न भनी पुस्तक दिइयो । त्यसपछि यसलाई प्रकाशन गरिएको छ । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट कौटलीय अर्थशास्त्र प्रकाश गरेपछि त्यसैसँग सम्बन्धित यसलाई पनि प्रकाशन गर्दा यस ग्रन्थमालाको एक अपूर्ण भाग पूर्ण हुन जानेछ ठानिएको छ ।

आर्यको राजनैतिक ग्रन्थमध्ये कौटलीय अर्थशास्त्रको कस्तो भूमिका छ मैले केही भनिरहनुपर्ने होइन । सबैले यस तथ्यलाई स्वीकार गर्नेपर्छ यसको महत्ताबारे । त्यसकै अनुसरण गर्ने कामन्दकीय नीतिको पनि आफ्नै स्थान छ । आफ्-आफ्नो प्राचीन ग्रन्थको अनुसन्धान गर्ने बानी बसेमा हीनताभास नभई राष्ट्र जीवित रहन्छ । संस्कृति भनेको तत्कालमा सिर्जेर तयार बन्ने कुरा होइन । संस्कृति जान्न त्यस वेलाको सामाजिक, आर्थिक, राजनैतिक र धार्मिक व्यवस्थाको अध्ययन गर्नेपर्छ । त्यो गर्न प्राचीन ग्रन्थको अध्ययन हुनु आवश्यक हुन्छ । संस्कृत भाषा नजानेर आफ्नो गौरव–गरिमा नबुझ्नु हाम्रो लागि वाञ्छनीय हुँदैन । महत्त्वपूर्ण ग्रन्थलाई नेपाली भाषामा अनुवाद गर्नु आजको एक ठूलो खाँचो पूरा गर्ने साधन भएको छ । यस्ता पुस्तक सर्वसाधारणका लागि नभएर बिक्री-वितरणमा धेरै जाओन भन्न सकिन्छ । तैपनि हाम्रो उद्देश्यको महत्ताले गर्दा र सर्वसुलभ पुस्तक बेच्नु मात्र लक्ष्य नभएकोले यसलाई प्रकाशन गरिएको हो । यसको उपलब्धिमा विद्वान्हरूबाट आफ्नो परम्परा बुझ्नु पनि धेरै नै प्रभावशाली हुन जान्छ ।

स्व. कविशिरोमणि लेखनाथज्यूको सपना पूरा भएकोमा दिवंगत आत्मालाई शान्ति मिल्नेछ । प्रा. देवराज पौडेलले यसलाई आफ्नै ढंगले अनुवाद गर्नुभएको छ र उपोद्घात पनि लेखी समय-निर्धारण गर्नुतर्फ धेरै तर्क

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत गर्नुभएकोमा धन्यवाद–ज्ञापन गर्छु । ढीलो भएर पनि पुस्तक प्रकाशनमा आएकोमा मलाई अति हर्ष लागेको छ । पुस्तक पाठकको समक्ष छ र यसलाई पढेर केही आफ्नो कुरा बोध हुन गएमा हाम्रो परिश्रम सफल हुनेछ ।

धन्यवाद !

चूडानाथ भट्टराय
आयोजक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुक्रमणिका

विषय		पृष्ठसंख्या
	उपोद्घात	
	पहिलो सर्ग	
(१)	इन्द्रिय-जय-प्रकरण	१
(२)	विद्यावृद्ध-संयोग-प्रकरण	१७
	दोस्रो सर्ग	
(३)	विद्याविभाग-प्रकरण	२०
(४)	वर्णाश्रम-व्यवस्था-प्रकरण	२५
(५)	दण्डमाहात्म्य–प्रकरण	२९
	तेस्रो सर्ग	
(६)	आचार-व्यवस्थापन-प्रकरण	३२
	चौथो सर्ग	
(७)	प्रकृति-संपत्-प्रकरण	४०
	पाँचौं सर्ग	
(८)	स्वाम्यनुजीविवृत्त-प्रकरण	५७
	छैठौं सर्ग	
(९)	कण्टक-शोधन-प्रकरण	७५
	सातौं सर्ग	
(१०)	राजपुत्र-रक्षण-प्रकरण	७९
(११)	आत्मरक्षितक-प्रकरण	८१
	आठौं सर्ग	
(१२)	मण्डलयोनि-प्रकरण	९२
(१३)	मण्डलचरित-प्रकरण	१०२
	नवौं सर्ग	
(१४)	सन्धि-विकल्प-प्रकरण	११२
	दशौं सर्ग	
(१५)	विग्रह-विकल्प-प्रकरण	१२८
	एघारौं सर्ग	
(१६)	यानासनद्वैधीभावसंश्रयविकल्प-प्रकरण	१३८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय	पृष्ठसंख्या
बाह्रौं सर्ग	
(१७) मन्त्र-विकल्प-प्रकरण	१४८
तेह्रौं सर्ग	
(१८) दूत-प्रचार-प्रकरण	१६०
(१९) दूतचरविकल्प-प्रकरण	१६६
चौधौं सर्ग	
(२०) उत्साह-प्रशंसा-प्रकरण	१७२
(२१) प्रकृति-कर्म-प्रकरण	१७६
(२२) प्रकृति-व्यसन-प्रकरण	१८५
पन्ध्रौं सर्ग	
(२३) सप्तव्यसन-वर्ग-प्रकरण	१९३
सोह्रौं सर्ग	
(२४) यात्राभियोक्तृप्रदर्शन-प्रकरण	२०५
सत्रौं सर्ग	
(२५) स्कन्धावार-निवेश-प्रकरण	२२२
(२६) निमित्त-ज्ञान-प्रकरण	२२६
अठारौं सर्ग	
(२७) उपाय-विकल्प-प्रकरण	२३१
उन्नाईसौं सर्ग	
(२८) सैन्यबलाबल-प्रकरण	२४६
(२९) सेनापति-प्रचार-प्रकरण	२५३
(३०) प्रयाण-व्यसन-प्रकरण	२५६
(३१) कूटयुद्ध-विकल्प-प्रकरण	२५८
बीसौं सर्ग	
(३२) गजरयाश्वपत्तिकर्म-प्रकरण	२६४
(३३) पत्त्यश्वरथभूमि-प्रकरण	२६७
(३४) दानकल्पना-प्रकरण	२६९
(३५) व्यूह-विकल्प-प्रकरण	२७१
(३६) प्रकाश-युद्ध-प्रकरण	२७९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपोद्घात

"प्रभु-सम्मित साहित्य भन्न सुहाउने यस नीतिग्रन्थको अनुवादमा मधुर एवं ललित शब्दहरूको चयन नहुनु वा हुन नसक्नु स्वाभाविकै जस्तो भएको छ। फेरि, सीधा शब्दानुवादले मात्र सबैतिर अर्थ स्पष्ट नहुने हुँदा यस ग्रन्थको अनुवाद शाब्दिक मात्र नभएर स्थान-स्थानमा भावात्मक पनि हुन आएको छ। अनुवादको दृष्टिले यो प्रथा कहाँसम्म ठीक हो, त्यसको विवेचन समालोचकहरूकै जिम्मामा छ। म त यति नै भन्न सक्छु कि मेरो विचारमा यस ग्रन्थको आंशिक भावानुवाद स्पष्टीकरणको दृष्टिले अपेक्षाकृत उपादेय बन्न सक्ला।

यस ग्रन्थका मूल लेखक कामन्दकको विषयमा तथ्यपूर्ण ऐतिहासिक सामग्री पाइएको छैन। खालि यति मात्र भन्न सकिन्छ कि चन्द्रगुप्त मौर्यका मन्त्री आचार्य विष्णुगुप्त (चाणक्य र कौटल्य जसका प्रचलित अरू नाम छन्) यिनका नीति-गुरु थिए। यो कुरा ग्रन्थकारले ग्रन्थको आरम्भमा नै मंगला-चरणको रूपमा आचार्य विष्णुगुप्तलाई श्रद्धासाथ नमस्कार गरेको र गुरु शब्दले उनलाई लक्ष्य गर्नुको साथै ग्रन्थमा कौटलीय अर्थशास्त्रलाई मुख्य आधार लिनुबाट स्पष्ट हुन्छ। अतः यस ग्रन्थका नैतिक विचार र सिद्धान्तहरू कौटल्यका अनुगामी देखिन्छन्। तर कौटल्यलाई गुरुको रूपमा माने तापनि कामन्दक उनका समसामयिक व्यक्ति होइनन् भन्ने कुरामा अधिकांश विवेच-कहरूको सहमति छ।

ग्रन्थकारको समय

ईशाको सातौं शताब्दीमा भएका कविवर भवभूतिले 'मालतीमाधव' नामक प्रकरणमा 'कामन्दकी नामकी नीतिशास्त्रपारङ्गत बुढि-याको उल्लेख आचार्य कामन्दकको यस नीतिशास्त्रबाट प्रभावित भएर नै गरेका होलान् भन्नु अनुचित ठहरोइन। सातौं शताब्दीका कवि दण्डीले लेखेको दशकुमारचरितको प्रथम उच्छ्वाससम्म पनि कामन्दकीयनीतिसारको संकेत मिल्छ।❀ त्यस कारण यस नीतिसारको निर्माणकाल सातौं शता-ब्दीभन्दा अर्वाचीन कदापि मान्न सकिंदैन। त्यसभन्दा बढी प्राचीनताको सम्बन्धमा विचार गर्दा ईशाको चौथो शताब्दीतिर जाभा गई बसोबासो गर्ने हिन्दूहरूले यो नीतिसार लिएर गएका भन्ने कुरा कौटलीय अर्थशास्त्रका

❀ कौटल्यकामन्दकीयादिनीतिपटलकौशलम्।
—दशकुमारचरित, पूर्वपीठिका प्र. उच्छ्वास अन्तिम भाग।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवेचक अनुवादक र व्याख्याकारहरूमध्ये निकैले सम्बन्धित भूमिकाहरूमा जनाएको कुरा दृष्टिगत हुन्छ । तीमध्ये देवदत्त शास्त्री र प्राणनाथ विद्यालङ्कार प्रसिद्ध छन् । डा० राजेन्द्रलाल मित्रको कामन्दकीयनीतिसार–सम्बन्धी उल्लेखअनुसार ईशाको प्रथम शताब्दीको पूर्वार्द्धमा नै कामन्दकीय-नीतिसार नामक ग्रन्थ आर्यहरूले वालिद्वीपतिर जाँदा लगेको कुरा सिद्ध हुन्छ । जे भए पनि कौटलीय अर्थशास्त्रको निर्माणपछि उसैको आधारमा यस ग्रन्थको रचना भएको कुरा त निर्विवाद छ । तदनुसार यस ग्रन्थका लेखक कौटलीय अर्थशास्त्रका लेखक कौटल्यभन्दा पछिका या समकालीन जे भए पनि उनैका अनुयायी हुन् भन्न गाहारो पर्दैन । किन्तु कौटल्यको स्थितिकालको सम्बन्धमा पनि विभिन्न विद्वान्हरूको मतभेद छँदैछ । प्रसिद्ध जर्मन विद्वान् डा० जोली (Joley) ले कौटल्यको समय ईशाको तेस्रो शताब्दी सिद्ध गर्न विभिन्न तर्क उपस्थित गरेका छन् । उनका तर्कहरूको विद्वत्तापूर्ण खण्डन डा० काशीप्रसाद जायसवालद्वारा भएको छ । वस्तुतः इतिहास–प्रसिद्ध नन्दवंशका शत्रु आचार्य चाणक्य नै कौटल्य हुन् भन्ने कुरा कौटलीय अर्थशास्त्रका विभिन्न प्रकरणहरू–बाट सिद्ध छ । *

यसरी कामन्दकीयनीतिसारका आरम्भमा उल्लेख गरिएका, नन्दवंशको संहार गरेर चन्द्रगुप्तलाई भारतवर्षको राजा बनाउने वेदशास्त्रपारङ्गत आचार्य विष्णुगुप्त र कविवर विशाखादत्तको एक मात्र कृति 'मुद्राराक्षसम्' मा वर्णित चन्द्रगुप्तका गुरु तथा मन्त्री चाणक्य उनै व्यक्ति अर्थात् कौटलीय अर्थशास्त्रका लेखक नै सिद्ध हुन आउँछन् ।

नन्द साम्राज्यको पतनपछि पाटलीपुत्र (आधुनिक पटना) को राजगद्दीमा बस्ने सम्राट् चन्द्रगुप्त 'चन्द्रगुप्त मौर्य' नै हुन् भन्ने कुरा ऐतिहासिक प्रमाणहरू–द्वारा सिद्ध छ । उपलब्ध इतिहास–ग्रन्थहरूको आधारमा उनको राज्याभिषेक ३२२ ई. पू. या त्यसको आसन्नतम समयमा भएको थियो भनेर निःसन्देह मान्न

---

* कौटल्येन कृतं शास्त्रं विमुक्तिग्रन्थविस्तरम् ।
—कौ. अ. प्रथमाध्यायको अन्तिम पद्य ।

कौटल्येन नरेन्द्रार्थे शासनस्य विधिः कृतः ।
कौ. अ. अधिकरण २, अध्याय १०, अन्तिम पद्य ।

येन शास्त्रं च शस्त्रं च नन्दराजगता च भूः ।
अमर्षेणोद्धृतान्याशु तेन शास्त्रमिदं कृतम् ।
—कौ. अ. अधिकरण १५, अन्तिम पद्य ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकिन्छ ।❀ यस हिसाबले नन्दवंश–संहारकारी कौटल्यको स्थितिकाल र कौटलीय अर्थशास्त्रको निर्माणसमय ई. पू. चौथो शताब्दी सिद्ध छ ।

सिकन्दरको साम्राज्यको पूर्वी भागमा प्रमुख शासक सेल्युकसको चन्द्रगुप्त मौर्यसित सम्वन्ध जोडिएपछि मेगास्थनीजले लेखेको तथ्यपूर्ण ऐतिहासिक वृत्तान्तले पनि चन्द्रगुप्त मौर्य (शासनकाल ३२२–२९८ ई. पू.) र चाणक्य (कौटल्य) को समकालीनता जनाउँछ ।

यो त भयो आचार्य कौटल्यको कुरा । अब उनै कौटल्यको विचारधाराहरूबाट अनुप्राणित भएका आचार्य कामन्दकको समयको बारेमा विचार गर्नु छ । देवदत्त शास्त्री आदि कौटलीय अर्थशास्त्रका कतिपय विवेचकहरूको रायमा–"कामन्दक कौटल्यका समकालीन शिष्य थिए । यिनैको दोस्रो नाम वात्स्यायन थियो । तदनुसार यिनी संभवतः उनै प्रसिद्ध कामशास्त्री वात्स्यायन हुन् ।" किन्तु यस मतमा कुनै भरपर्दो प्रमाण उपलब्ध छैन ।

कुनै गवेषकहरूको कामन्दकसम्बन्धी अनुसन्धानअनुसार ईशाको प्रथम शताब्दीको आरम्भमा नै जाभातिर जाँदा आर्यहरूले त्यसबेलाको नव प्रचलित यस नीतिसारलाई लोकप्रिय मानेर सँगै लगेको कुरा व्यक्त हुन्छ । संभवतः त्यसैको आधारमा कौटलीय अर्थशास्त्रको 'श्रीमूल' व्याख्याका लेखक र कामन्दकीयनीतिसारको 'जयमङ्गला' टीकाका सम्पादक म० म० गणपति शास्त्रीले कौटलीय अर्थशास्त्र (श्रीमूल व्याख्या) को द्वितीय सम्पुटको उपोद्घातमा कामन्दकको समय ई. पू. प्रथम शताब्दी स्वीकार गरेका छन् । शङ्कराचार्य जस्ता पुराना र प्रामाणिक टीकाकार, जसले यस नीतिसारको 'जयमङ्गला' टीका लेखे, भने आचार्य कामन्दकको र खूद आफ्नै पनि विषयमा बिलकुल मौन छन् । शायद उनको त्यो मौनता उनको निःस्पृह भावनाको द्योतक हो; तर हामीहरूलाई त्यस्तो भावनाले लेखकको विषयमा निराशा सिवाय केही दिंदैन । हिन्दू राजतन्त्र, प्राचीन भारतको इतिहास, कौटलीय अर्थशास्त्र एवं कामन्दकीयनीतिसारसम्बन्धी ऐतिहासिक, समीक्षात्मक र व्याख्यात्मक ग्रन्थहरूका लेखक तथा अन्वेषकहरूले पनि प्रसङ्गवश कामन्दकको उल्लेख त अवश्य गरेका छन्, तर उनको समय राम्रोसँग निर्धारित गरेका छैनन् । यस्तो अवस्थामा उनको निश्चित स्थितिकाल बताउन सजिलो छैन, तापनि यस नीतिसारको मौलिक विवेचनले उनलाई कौटल्यका अनुगामी र पश्चाद्वर्ती सिद्ध गर्छ भन्न सकिन्छ ।

❀ द्रष्टव्यः— 'चन्द्रगुप्त मौर्य और उसका शासनकाल'–लेखक डा० राधाकमल मुखर्जी, रूपान्तरकार मुनीश सक्सेना (राजकमल प्रकाशन)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस ग्रन्थको आरम्भमा नै आचार्य विष्णुगुप्त (कौटल्य) को प्रशंसा गर्दै ग्रन्थकार लेख्छन् :—

"नीतिशास्त्रामृतं श्रीमानर्थशास्त्रमहोदधेः ।
य उद्दध्रे नमस्तस्मै विष्णुगुप्ताय वेधसे ॥
दर्शनात् तस्य सुदृशो विद्यानां पारदृश्वनः ।
राजविद्याप्रियतया संक्षिप्तग्रन्थमर्थवत् ॥
उपार्जने पालने च भूमेर्भूमीश्वरं प्रति ।
यत्किञ्चिदुपदेक्ष्यामो राजविद्याविदां मतम् ॥"

—कामन्दकीयनीतिसार, सर्ग १, प्रकरण १, श्लोक ६—८ ।

यसअनुसार नीतिशास्त्रका उद्धारक मन्त्रीमा हुनुपर्ने समस्त गुणहरूले युक्त विद्वान् विष्णुगुप्तमा श्रद्धा व्यक्त गरेर ग्रन्थकारले यस ग्रन्थमा उपदेश दिइने राजनैतिक सिद्धान्तहरूलाई उनै विद्वान् विष्णुगुप्तको दर्शन (अर्थशास्त्र नामक सुविख्यात ग्रन्थ) बाट लिइएको सारभाग मानेका छन् भन्ने कुरा त स्पष्ट हुन्छ । तर कामन्दक कौटल्यका समकालिक भएको कुरा स्पष्ट हुँदैन । कामन्दकले कौटल्यका समकालिक अनुयायी भएर उनलाई प्रत्यक्ष देखेका भए उनै कौटल्यका लागि अनद्यतन परोक्ष भूतकालको अर्थ बुझाउने "बभूव भुवि विश्रुतः" "आजहार नृचन्द्राय चन्द्रगुप्ताय मेदिनीम्," जस्ता लिट् लकारको प्रयोग कसरी गर्दा हुन् । * यत्तिको आधारमा उनलाई कौटल्यभन्दा धेरै पछिका सिद्ध गर्न पनि सकिँदैन । यस नीतिसारमा कौटलीय अर्थशास्त्रको गहिरो प्रभाव परेको देख्ता यस ग्रन्थका लेखकको जीवनकालमा कौटलीय अर्थशास्त्र प्रशस्त प्रचारमा आइसकेको र त्यसको राजनीतिक सिद्धान्तमा कुनै जबर्जस्त सजातीय वा विजातीय आक्रमणले अलिकति पनि परिवर्तन ल्याउन नसकेको कुरा प्रतीत हुन्छ । त्यो समय अशोकको शासनकाल अथवा अशोकपछिको र विक्रमादित्य प्रथम—भन्दा पहिलेको अवान्तरकाल हुनुपर्छ । यस कुरामा धेरै विद्वान्हरूको संमति पनि छ । यस प्रकार कामन्दकको समय ई. पू. प्रथम र तृतीयका बीचमा व्यवस्थित हुन आउँछ । त्यसमा पनि ई. पू. दोस्रो शतकलाई यिनको स्थितिकाल मान्नु राजनैतिक वातावरणको दृष्टिले अधिक उपयुक्त देखिन्छ । ई. पू. चौथो शतकको उत्तरार्धमा आचार्य कौटल्य अवश्य नै विद्यमान रहेका र अशोकको शासनकाल ई. पू. तेस्रो शताब्दी भएको कुरा त प्रमाणसिद्धै छ ।

भारतको इतिहासलाई विहङ्गम दृष्टिले हेर्दा स्पष्ट हुन्छ कि अशोकको

---

* का. नी. प्र. सर्ग श्लोक २—६ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शासनपछि बौद्ध–मार्गी प्रचारको असरमा परेका उनका अयोग्य उत्तराधिकारी-हरूको दण्ड–शिथिलता र राजनैतिक कमजोरीबाट लाभ उठाउन उत्साहित भएका ब्राह्मण–वर्गले आन्तरिक अशान्ति मचाउन र बौद्ध–धर्मको विरोध गरी परम्परावादी वैदिक धर्मलाई सुव्यवस्थित पार्न सफल प्रयास गरेका थिए । त्यस्तै समयमा अशोकका वंशज राजा बृहद्रथलाई मारी उनैका ब्राह्मण सेनापति पुष्यमित्र शुङ्ग (ई पू. द्वितीय शतक) ले उनको राज्य हात पारेका हुन् । त्यस वेलाका नीतिग्रन्थहरूमा समेत वेदोक्त सनातन धर्मको स्थान धेरै उत्कृष्ट थियो । कामन्दकको यो सारभूत नीतिग्रन्थ पनि त्यसैको पोषकको रूपमा छ । यसमा पनि वैदिक पद्धतिको अनुसार आस्तिक दर्शनको अनुकूल 'आचार–व्यवस्था–प्रकरण' राख्नमा कारण त्यही धर्मको सामाजिक प्रबलता हुन सक्छ । हुनत कौटल्य आदि यिनका उपजीव्य शास्त्रकारहरू पनि वैदिक धर्मकै पूर्ण समर्थक छन्, तर उनीहरूको क्षेत्र सामान्य राजनीतिभन्दा धेरै व्यापक छ । अर्को कुरो, कामन्दकका पूर्ववर्ती राजनीतिक आचार्यहरूमध्ये सबैजसो अशोकभन्दा पहिलेका हुनाले उनीहरूका ग्रन्थमा बौद्ध धर्मको समन्वय हुने खास आधार थिएन ।

वैदिक धर्मका पूर्ण समर्थक भएर पनि ग्रन्थकारले अरू कुनै धर्ममा प्रत्यक्ष विरोध दर्शाएका छैनन्, बरु सर्वत्र सफल राजनीतिलाई प्रश्रय दिएका छन् । अशोकको प्रायमिक जीवनमा दण्ड–विधानको तीक्ष्णता एवं हिंसात्मक प्रवृत्तिबाट भएको नरसंहार र त्यसपछि उनले अपनाएको दण्ड–विधानको मध्य-मार्गी सिद्धान्त एवं अहिंसालाई ग्रन्थकारले राजनैतिक र मानवीय पक्षको रूपमा रुचाए जस्तो बुझिन्छः––

"उद्वेजयति तीक्ष्णेन मृदुना परिभूयते ।
दण्डेन नृपतिस्तस्माद् युक्तदण्डः प्रशस्यते ॥"

–का. नी. सा. सर्ग २, प्रकरण ५, श्लो० ३७ ।

"आनृशंस्यं परो धर्मः सर्वप्राणभृतां मतः ।
तस्माद्राजाऽऽनृशंस्येन पालयेत् कृपणं जनम् ॥"

–उसैको सर्ग ३, प्रकरण ६, श्लोक ६ ।

"को हि नाम कुले जातः सुखलेशोपलोभितः ।
स्वल्पसाराणि भूतानि पीडयेदविचारयन् ॥"

–उसैको सर्ग ३, प्रकरण ६, श्लोक ८ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शायद कामन्दकको समयमा अशोककालमा एक पटक चरमोत्कर्षमा पुगेको बौद्ध धर्म नैतिक दृष्टिले ओरालो लाग्न लागेको थियो। यो कुरा उनका निम्नलिखित श्लोकहरूबाट ध्वनित हुन्छः—

"स्वर्गानन्त्याय धर्मोऽयं सर्वेषां वर्णिलिङ्गिनाम् ।
अस्याभावे तु लोकोऽयं संकरान्नाशमाप्नुयात् ॥"

—का. नी. सा. सर्ग २, प्रकरण ४, श्लोक ३३ ।

"इदं प्रकृत्या विषयैर्वशीकृतं परस्परस्त्रीधनलोलुपं जगत् ।
सनातने वर्त्मनि साधुसेविते प्रतिष्ठते दण्डभयोपपीडितम् ॥"

—का. नी. सा. सर्ग २, प्रकरण ५, श्लोक ४२ ।

"शुचिरास्तिक्यपूतात्मा पूजयेद्देवताः सदा ।
देवतावद्गुरुजनमात्मवच्च सुहृज्जनम् ॥"

—उही, सर्ग ३, प्रकरण ८, श्लोक ३१ ।

"सनातने वर्त्मनि साधु तिष्ठतामयं हि पन्था गृहमेधिनां मतः ।
अनेन गच्छन् नियतं महात्मनामिमं च लोकं च परं च विन्दति ॥"

—उही, सर्ग ३, प्रकरण ६, श्लोक ३८ ।

ग्रन्थकार स्वयं सनातन वैदिक धर्मका पक्का अनुयायी हुन् तापनि यिनमा सच्चा राजनीतिज्ञमा हुनुपर्ने धार्मिक सहिष्णुताको भावना अन्तर्निहित छः—

"अहिंसा सूनृता वाणी सत्यं शौचं दया क्षमा ।
वर्णिनां लिङ्गिनां चैव सामान्यो धर्म उच्यते ॥"

—उही, सर्ग २, प्रकरण ४, श्लोक ३२ ।

"लोकशास्त्रानुगो नेयो दण्डोऽनुद्वेजनः श्रिये ।
उद्वेजनादधर्मः स्यात् तस्माद् ध्वंसो महीपतेः ॥"

—उही, सर्ग २, प्रकरण ५, श्लोक ३६ ।

यस ग्रन्थमा उल्लिखित ऐतिहासिक कथानक, घटना र नामहरू पुराणहरू एवं खास गरेर महाभातमा पाइने किसिमका छन्, जसको समयक्रमको बारेमा कुनै तथ्य इतिहासको बाहिरी पर्दामा आउन सकेको छैन। यहाँको शासन–प्रबन्धसम्बन्धी व्यस्त, अतिसतर्कतापूर्ण र विकट व्यवस्थाले भने ऐतिहासिक संक्रान्तिकालको राजनैतिक स्थितिलाई सम्झाउँछ।

यस ग्रन्थमा वर्णित राजनीति धेरै पुरानो भए पनि यसका नैतिक गुणहरू अमर छन्। प्रशासनका सूक्ष्म तत्त्वहरूलाई ग्रन्थकारले औंल्याएका छन्। शासक र शासित एवं स्वामी र अनुजीवीमा हुने र हुनुपर्ने पारस्परिक व्यवहार-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को औचित्यलाई यस ग्रन्थमा खूब जोखिएको छ। शासकमा हुनुपर्ने सतर्कता र उसको प्रभावशाली व्यक्तित्व, राजसेवामा सफलताको रहस्य, राष्ट्रिय संगठनको प्रकार, सैनिक शक्तिको सन्तुलन, सन्धि, विग्रह आदि उपायहरूको प्रयोग, राज-मण्डलको वर्गीकरण आदि विभिन्न विषयहरूको राम्रो दिग्दर्शन यसबाट मिल्छ। कूटनैतिक क्षेत्रमा त यो पछाडिएको छँदैछैन। यहाँ उदाहरणहरू थुप्राएर प्रसङ्ग लम्याउन चाहन्नँ, पुस्तक पाठकको हातमा छ। सांस्कृतिक र राजनैतिक दृष्टिले आजको जमानालाई यो पुरानो नीति-ग्रन्थले दिन सक्ने उपहारको मूल्याङ्कन त सामाजिक स्तरमा नै हुन सक्ला, अस्तु।

प्रस्तुत ग्रन्थको सम्पादनमा जति प्रयत्न भएका भए पनि त्रुटिहरू रहेका होवैनन् भन्न सकिदन। ग्रन्थकार र विषय-विवेचनको सम्बन्धमा पनि चाहिँदो सामग्री मिल्न सकेको छैन, मिलेजति पनि व्यवस्थित राम्रो हुन सकेन होला। अतः मर्मज्ञ पाठकहरूले "गच्छतः स्खलनं क्वापि भवत्येव··· " भन्ने नीतिलाई नभुल्दै उचित सुझाउ दिनुभएमा आभारी रहनेछु। यस ग्रन्थले संस्करण फेर्ने अवसर पाएको खण्डमा अरू सामग्री संशोधित र परिष्कृत रूपमा राख्न सकिने आशा लिइन्छ।

यस ग्रन्थको अनुवाद गर्ने प्रेरणा स्वर्गीय कविशिरोमणि पं. लेखनाथज्यू-बाट मैले प्राप्त गरेको हुँ, जब उहाँ 'नेपाल एकेडमी' आजकालको 'नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान' को सदस्य हुनुहुन्थ्यो। उहाँको जीवनकालमै यो ग्रन्थ अनूदित भइसकेको हुनाले यसका दशौं सर्गसम्मका सबै कापीहरू उहाँले पूरै पढेर स्थान-स्थानमा आपनो राय समेत दिई मलाई ऋणी बनाउनुभएको छ। दुर्भाग्यवश उहाँको चरम अशक्तावस्थाले गर्दा यो कार्य अधूरै रह्यो तापनि मलाई लाग्छ– 'उहाँको अन्तिम हार्दिक शुभ-कामना यस ग्रन्थले अवश्य पाएको छ।' उहाँ जीवित रहनुभएको भए म सम्झन्छु, यो ग्रन्थ त्यतिखेरै प्रकाशमा आइसक्ने थियो। उहाँको अचिन्तित निधनको शोक मनाएर झैं यो ग्रन्थ पनि यतिञ्जेल मौन रह्यो। अब प्राचीन संस्कृतिका नयाँ आयोजक प्रा० चूडानाथ भट्टरायज्यूको सत्प्रयासले यसले प्रकाशमा आउने अवसर पायो। पं० विश्वनाथ भट्टराईबाट पनि ठूलो सहयोग पाएको छु। एतदर्थ उहाँहरू दुवैलाई हार्दिक धन्यवाद अर्पण गर्नु म आपनो कर्तव्य सम्झन्छु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस ग्रन्थको अधिकांश प्रेसकापी तयार गरिदिएको, ठाउँ–ठाउँमा स्पष्टार्थ टिप्पणी थपिदिएको, प्रस्तुत उपोद्घातमा पनि सक्रिय सहयोग गरि–दिएको उपलक्ष्यमा सहोदर भाइ श्री हेमराज शर्मा पौडेल (साहित्याचार्य, हाल लेक्चरर, त्रि. वि. वि.) लाई शतशः हार्दिक धन्यवाद नदिई रहन सक्तिनँ। अलम् ।

विदुषां विधेयो

देवराज पौड़ेल

संखुवा सभा खाँदबारी

कोशी अञ्चल, नेपाल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कामन्दकीयनीतिसारः ।

इन्द्रिय-जय-प्रकरण

यस्य प्रभावाद् भुवनं शाश्वते पथि तिष्ठति ।
देवः स जयति श्रीमान् दण्डधारो महीपतिः ॥१॥

जसको प्रभावले संसार आफ्नो आफ्नो सनातन कर्तव्यमार्गमा रहि-रहन्छ, ती दशै दिक्पालको अंश पाएका स्वामीमा हुनुपर्ने यावत् गुणहरूले युक्त भएका दण्ड-धारी राजा सर्व-श्रेष्ठ हुन् ॥१॥

वंशे विशालवंशानामृषीणामिव भूयसाम् ।
अप्रतिग्राहकाणां यो बभूव भुवि विश्रुतः ॥२॥

धेरै पुस्तादेखि ऋषिहरू कैं प्रतिग्रह (दान) नलिने ठूला कुलीन व्यक्तिहरूको वंशमा उत्पन्न भएका जुन कौटिल्य संसारमा प्रसिद्ध भए ॥२॥

जातवेदा इवाऽर्चिष्मान् वेदान् वेदविदां वरः ।
योऽधीतवान् सुचतुरश्चतुरोऽप्येकवेदवत् ॥३॥

वैदिक विद्वान्हरूमा सर्वश्रेष्ठ, जाज्वल्यमान अग्नि कैं तेजिला एवं खूब चतुरा जुन कौटिल्यले चारै वेदहरूलाई एकै वेद जस्तो गरी अध्ययन गरेका थिए ॥३॥

यस्याऽभिचारवज्रेण वज्रज्वलनतेजसः ।
पपाताऽऽमूलतः श्रीमान् सुपर्वा नन्दपर्वतः ॥५॥

वज्रका आगाको जस्तो अमोघ शक्ति भएका जसको ❀ अभिचार वा कृत्यारूपी वज्रले पर्व-पर्वमा राम्रोसित उत्सव गर्ने प्रशस्त धन संपत्ति भएको नन्द-वंशरूपी सुसंगठित पर्वत जरैदेखि पल्टेथ्यो ॥४॥

एकाकी मन्त्रशक्त्या यः शक्त्या शक्तिधरोपमः ।
आजहार नृचन्द्राय चन्द्रगुप्ताय मेदिनीम् ॥५॥

❀ यो अथर्ववेद-संबन्धी प्रयोग हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन चाणक्य मन्त्र-शक्तिमा एक्का र बल पौरुषमा स्वामिकार्तिक जस्तै थिए, जुन एक्ला चाणक्यले नन्द-वंशी राजाहरूका अधीनको पृथ्वीलाई आफ्नो मन्त्रणा-शक्तिद्वारा भूतलको चन्द्रमा जस्तो शीतल चन्द्र-गुप्तका लागि ल्याइदिए ॥५॥

नीतिशास्त्राऽमृतं श्रीमानर्थशास्त्रमहोदधेः ।
य उद्दध्रे नमस्तस्मै विष्णुगुप्ताय वेधसे ॥६॥

मन्त्रीमा हुनुपर्ने समस्त गुणहरूले युक्त जुन कौटिल्यले अर्थशास्त्ररूपी महासागरबाट नीतिशास्त्ररूप अमृत निकालेथे, तिनै विद्वान् विष्णुगुप्त* (कौटिल्य) लाई नमस्कार छ ॥६॥

दर्शनात् तस्य सुदृशो विद्यानां पारदृश्वनः ।
राजविद्याप्रियतया संक्षिप्तग्रन्थमर्थवत् ॥
उपार्जने पालने च भूमेर्भूमीश्वरं प्रति ।
यत्किञ्चिदुपदेक्ष्यामो राजविद्याविदां मतम् ॥७–८॥

राजनीतिशास्त्रमा विशेष अभिरुचि राख्ने हुनाले हामी राजालाई 'नयाँ जमीनको उपार्जन र अर्जित जमीनको परिपालन कसरी गर्ने' भन्ने विषयमा राजनैतिक विद्वान्‌हरूका सिद्धान्तको जति उपदेश दिन्छौं, त्यो सूक्ष्म दृष्टिले राम्ररी वस्तुको परीक्षा गर्न सक्ने उनै शास्त्र-पारङ्गत विद्वान् कौटि-ल्यको दर्शन (अर्थशास्त्र नामक विश्वविख्यात ग्रन्थ) को संक्षिप्त अर्थात् साररूप हो ॥७–८॥

राजाऽस्य जगतो हेतुर्वृद्धे वृद्धाभिसंमतः ।
नयनानन्दजननः शशाङ्क इव तोयधेः ॥९॥

जस्तो दर्शकहरूका आँखालाई आनन्द दिने चन्द्रमा समुद्रलाई बढाउनमा कारण छन्, त्यस्तै न्यायपूर्वक प्रजा-पालन गर्नाले सबैको दृष्टिमा प्रशंसनीय भएका, अनुभवी, विद्यावृद्धहरूले शासन-कुशलतामा पत्याएका राजा यस संसारको उन्नतिको कारण हुन्छन् ॥९॥

यदि न स्यान्नरपतिः सम्यङ् नेता ततः प्रजा ।
अकर्ण-धारा जलधौ विप्लवेनेह नौरिव ॥१०॥

---

* यो उनको अर्को नाम हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुनियाँलाई न्यायको बाटोमा राम्रोसँग डोऱ्याउन सक्ने राजा भएन भने समुद्रमा विना माझीको डुंगा डुबेझैं गरी यस संसारमा दुनियाँ उग्र रूपमा स्वयं नासिन वा बिग्रन बेर लाग्दैन ॥१०॥

धार्मिकं पालनपरं सम्यक् परपुरञ्जयम् ।
राजानमभिमन्यन्ते प्रजापतिमिव प्रजाः ॥११॥

धर्मपूर्वक व्यवहार गर्ने, प्रजाहरूको परिपालन र राम्रोसँग राष्ट्रको बढिबढाउ गर्नुलाई आफ्नो मुख्य कर्तव्य सम्झने राजालाई दुनियाँ प्रजापति जस्तै मान्य सम्झन्छ ॥११॥

आयत्तं रक्षणं राज्ञि, वार्ता रक्षणमाश्रिता ।
वार्ताच्छेदे हि लोकोऽयं श्वसन्नपि न जीवति ॥१२॥

राज्यको संरक्षण गर्ने काम राजाको अधीन छ, र वार्ता (खेती, पशुपाल एवं व्यापार आदि) राज्यको सुरक्षा–व्यवस्थामा निर्भर रहन्छ; त्यही प्रणाली जीवनको आधार हो । त्यस कारण वार्ता सुरक्षित भएन वा छिन्न भिन्न भयो भने अरू विषयमा जतिसुकै चेष्टा गरे पनि दुनियाँ ज्यूँदै मर्छ अर्थात् बाँच्न सक्तैन ॥१२॥

पर्जन्य इव भूतानामाधारः पृथिवीपतिः ।
विकलेऽपि हि पर्जन्य जीव्यते न तु भूपतौ ॥१३॥

जस्तो वर्षाद्वारा अनाज पैदा गरिदिने हुनाले बावल दुनियाँको जीवनाधार भएको छ त्यस्तै उचित व्यवस्थाद्वारा कमाइको सुरक्षा गरिदिने हुनाले राजा पनि उसको आधार हो । बरु वर्षा नभएमा कन्दमूल, माछा आदिद्वारा कदाचित् बाँच्ने आशा लिन सकिएला, तर शासक नभएमा सो आशा उठाउनै गाऱ्हो छ, अर्थात् दुनियाँ जीवित रहन कठिन पर्छ ॥१३॥

प्रजां संरक्षति नृपः सा वर्धयति पार्थिवम् ।
वर्धनाद्रक्षणं श्रेयस्तन्नाशेऽन्यत् सदप्यसत् ॥१४॥

राजाबाट दुनियाँको सुरक्षा हुन्छ, दुनियाँले राजालाई बढाउँछ । परन्तु ती दुई रक्षा गर्नुमा र बढाउनुमा रक्षाको स्थान विशेष महत्त्वशाली छ, किनभने सुरक्षा–व्यवस्था नभएको खण्डमा भएको चीज पनि छ भन्न पाइन्न ॥१४॥

न्यायप्रवृत्तो नृपतिरात्मानमथ च प्रजाः ।
त्रिवर्गेणोपसन्धत्ते निहन्ति ध्रुवमन्यथा ॥१५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न्यायको बाटोमा चल्ने राजाले आफ्नो साथ साथै दुनियाँको पनि धर्म, अर्थ, काम, यी तीनै पुरुषार्थलाई सफल गराइदिन्छ । अनुचित कदम उठाउने राजाबाट आफ्नो साथै दुनियाँको पनि सत्यानाश सिवाय केही हुँदैन ।।१५।।

धर्माद् वैजवनो राजा चिराय बुभुजे महीम् ।
अधर्माच्चैव नहुषः प्रतिपेदे रसातलम् ।।१६।।

धर्मपूर्वक शासन गरेका हुनाले वैजवन नाम भएका राजाले धेरै कालसम्म पृथिवीको भोग गरे । अधर्ममा लाग्नाले नहुषले पाताल पुग्नुपऱ्यो । ❀ ।।१६।।

तस्माद् धर्मं पुरस्कृत्य यतेताऽर्थाय भूपतिः ।
धर्मेण वर्धते राज्यं तस्य स्वादु फलं श्रियः ।।१७।।

❀ आफ्नो रजस्वला रानीसँग संभोग गरेर आचारभ्रष्ट भएका सगर-वंशी इन्द्रसेन राजालाई ब्रह्मराक्षसले आएर भन्यो "राजन् ! तिमीलाई बाँच्ने इच्छा छ भने तिमी आफ्ना सारा प्रजालाई अधर्मको बाटोमा लगाऊ, नत्र म तिमीलाई अहिल्यै खान्छु ।" उसको यस्तो वचन सुनेर जीवितार्थी राजाले आफ्ना सारा प्रजालाई अधर्मको बाटोमा लगाए । फलस्वरूप चाँडै नै उनले संसारबाट बिदा लिनुपऱ्यो । उनका वंशजहरूले पनि त्यसै गरी राक्षसको प्रेरणाले दुनियाँलाई अधर्ममा लगाए र चाँडै नै संसारबाट बिदा लिए । अन्त्यमा वैजवन नामक त्यसै वंशका एक जना राजाले मन्त्री पुरोहितहरूबाट यो सबै इतिहासको राम्रो अध्ययन गरेर खूब दृढतासाथ ब्रह्मराक्षसको केही वास्तै नगरी दुनियाँलाई धर्मको बाटोमा लगाए एवं आफू पनि अत्यन्त धर्मात्मा भए । अन्ततः धर्मकै बलले उक्त राक्षसलाई पनि परास्त गरेर धेरै कालसम्म पृथ्वीको भोग गरे ।

ब्रह्महत्याको डरले इन्द्र योगद्वारा मानस सरोवरमा गएर लुकेपछि देवताहरूले अराजकताका डरले पृथ्वीका धर्मात्मा राजा नहुषलाई लगेर इन्द्रको आसनमा राखे । अनन्त ऐश्वर्य र अधिकार एकसाथ प्राप्त हुनासाथ विवेक र कर्तव्यबुद्धि लुप्त भएका नहुषले इन्द्राणीको रूपलावण्यमा मुग्ध भएर उनलाई 'तिमीले मेरी पत्नी हुनै पर्छ' भनी आग्रह गरे र उनले पनि अरू उपाय नदेखी गुरु बृहस्पतिको सल्लाहबमोजिम 'सप्तर्षिहरूले बोकिएको पालकीमा चढेर मकहाँ पाल्नुभए म हजूरकी पत्नी हुन स्वीकार गर्दछु' भनी बिन्ती चढाइन् । नहुष सोहीबमोजिम गरी जान लाग्दा उनले सर्प सर्प (हिंड, हिंड) भनी कुपारिएका ढीलो हिंड्ने क्रुद्ध अगस्त्यबाट सर्प हुनुपर्ने सराप पाई तुरुन्त सर्प भएर पाताल पुग्नुपऱ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसकारण राजाले धर्मलाई प्रधान गराएर त्रिवर्ग–साधन (धर्म, अर्थ, काम यी ३ पुरुषार्थ सफल गराउनु) मा सचेष्ट रहनुपर्छ। धर्मले राज्यको वृद्धि हुन्छ। त्यसको स्वादिलो फल यो लोक र परलोकको श्री (सम्पत्ति) हो ॥१७॥

स्वाम्यमात्यश्च राष्ट्रं च दुर्गं कोशो बलं सुहृत् ।
एतावदुच्यते राज्यं सत्त्वबुद्धिव्यपाश्रयम् ॥१८॥

प्रधान शासक, मन्त्री, राष्ट्र, किल्ला, कोश, फौज र मित्र वा मित्रराष्ट्र यी सातको समूह नै राज्य हो। यी उपर्युक्त सात अङ्ग भएको राज्य उन्नति र अवनतिमा दिल विकृत नहुने योग्य शासकको तागत र बुद्धिको भरमा रहन्छ ॥१८॥

आलम्ब्य बलवत्सत्त्वं बुद्ध्यालोचितनिर्गमः ।
सप्ताङ्गस्याऽस्य लाभाय यतेत सततोत्थितः ॥१९॥

बुद्धिले ठीक न्यायको मार्ग पहिल्याई दह्रिलो आफ्नै ताकतको भरोसा लिएर राजाले यो सप्ताङ्ग राज्यलाई अधिकभन्दा अधिक लाभान्वित पार्न खूब जागरूक भएर हर समय प्रयत्नशील रहनुपर्दछ ॥१९॥

न्यायेनाऽर्जनमर्थस्य रक्षणं वर्धनं तथा ।
सत्पात्र–प्रतिपत्तिश्च राजवृत्तं चतुर्विधम् ॥२०॥

न्यायपूर्वक सम्पत्ति अर्जनु, आर्जिएको सम्पत्ति सुरक्षित राख्नु, सुरक्षित धन–सम्पत्ति बढ्दै रहने व्यवस्था गर्नु, यसरी बढाइएको धनलाई उचित स्थानमा वा पात्रमा तथा समुचित काममा लगाउनु, राजाका मुख्य यिनै चार काम हुन् ॥२०॥

नयविक्रमसम्पन्नः सूत्थानश्चिन्तयेच्छ्रियम् ।
नयस्य विनयो मूलं विनयः शास्त्रनिश्चयात् ॥२१॥

राजाले नय (नीति) र पराक्रमलाई अपनाएर खूब प्रयत्नशील उद्योगी बन्दै ऐश्वर्यको विचार गर्नुपर्छ। नयको मूल विनय (नीतिशास्त्रहरूको राम्रो तालीम लिनु र इन्द्रिय जित्ने हुनु) हो, अर्थात् राजनीति–शास्त्रमा ठीकसँग तालीम पाएको विनम्र स्वभावको व्यक्ति नै नीतिको उचित प्रयोग गर्न सक्तछ। शास्त्रको निश्चित ज्ञानबाट इन्द्रिय–जयबाट हुने विनम्र भाव प्राप्त हुन्छ ॥२१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विनयो हीन्द्रियजयस्तद्युक्तः शास्त्रमृच्छति ।
तन्निष्ठस्य हि शास्त्रार्थाः प्रसीदन्ति ततः श्रियः ॥२२॥

इन्द्रियहरूको वशमा नपर्नुलाई विनय भन्दछन् । विनय–युक्त अर्थात् इन्द्रिय–जयी व्यक्ति नै शास्त्रीय ज्ञान हासिल गर्न सक्तछ । विनयी व्यक्तिमै शास्त्रका तत्वहरू रमाउँछन् । अर्थात् ऊ स्वच्छ शास्त्रीय ज्ञानको आधारमा उचित नीतिको प्रयोग गर्न समर्थ हुन्छ र त्यतैबाट ऐश्वर्य पाउँछ ॥२२॥

शास्त्रं, प्रज्ञा*, धृतिर्दाक्ष्यं, प्रागल्भ्यं धारयिष्णुता ।
उत्साहो वाग्मिता दार्ढ्यमापत्क्लेशसहिष्णुता ॥
प्रभावः, शुचिता, मैत्री; त्यागः, सत्यं, कृतज्ञता ।
कुलं, शीलं, दमश्चेति गुणाः सम्पत्ति–हेतवः ॥२३–२४॥

शास्त्र, प्रज्ञा, धृति, दाक्ष्य (दक्षता या सिपालुपन), धृष्टता, धारण-शक्ति (पढे सुनेको कुरालाई स्मृतिमा राख्ने सामर्थ्य), उत्साह, वाग्मिता, दृढता, क्लेशसहिष्णुता, प्रभाव, शुचिता, मैत्री, त्याग, सत्य, कृतज्ञता, कुल, शील, दम (इन्द्रिय–निग्रह), यी उन्नाईस गुणहरू सम्पत्तिका कारण छन् ॥२३-२४॥

आत्मानं प्रथमं राजा विनयेनोपपादयेत् ।
ततोऽमात्याँस्ततो भृत्याँस्ततः पुत्राँस्ततः प्रजाः ॥२५॥

राजाले पहिले आफैंलाई विनीत गराउनुपर्दछ, त्यसपछि आफ्नो नगीचमा रहने अमात्य अर्थात् मन्त्रीहरूलाई, त्यसपछि फौजी जवान र राज-काजका अधिकारीहरूलाई, त्यसपछि छोराहरूलाई र त्यसभन्दा पनि पछि अरू सर्व–साधारण नागरिकहरूलाई विनीत एवं शिक्षित गराउनुपर्छ ॥२५॥

सदानुरक्तप्रकृतिः प्रजापालनतत्परः ।
विनीतात्मा हि नृपतिर्भूयसीं श्रियमश्नुते ॥२६॥

मन्त्री, सेनापति, फौजी जवान एवं भाइ, छोरा इत्यादि भित्री प्रकृति-लाई आफूमा अनुरक्त तुल्याई बाहिरी सर्व-साधारण दुनियाँदारको राम्रो तालीम र सुरक्षा गर्न सक्ने विनम्र सुशिक्षित राजाले निश्चित रूपमा ठूलो ऐश्वर्य प्राप्त गर्न सक्छ ॥२६॥

---

* प्रयोजनीय विषयमा सुन्ने इच्छा हुनु, सुन्नु, लिनु मनमा दृढ गराउनु, त्यसमा तर्क-वितर्क गर्नु, त्यसको साधारण मतलब बुझ्नु, वास्तविक मतलब हासिल गर्नु, यी आठ बुद्धिका गुण हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकीर्णे विषयारण्ये धावन्तं विप्रमाथिनम् ।
ज्ञानाङ्कुशेन कुर्वीत वश्यमिन्द्रिय–दन्तिनम् ॥२७॥

सर्वत्र छरिएर रहेको घना विषय (भोग्य पदार्थ) रूप जङ्गलमा सामु परेको चीजलाई मन्याकमुरुक पार्दै मिच्दै जथाभावी स्वच्छन्द रूप लिई दौडि–रहेको इन्द्रिय–वर्गरूपी हात्तीलाई ज्ञानको अङ्कुशले वशमा ल्याउनुपर्छ । अर्थात् भोग्य पदार्थले खचिखचाउ भएको संसारमा सामु परेका वस्तुहरूको भोग गर्दै अरू अनन्त नवीन पदार्थको भोगका निमित्त मत्त हात्ती झैं निरङ्कुश रूपले आफ्ना आफ्ना विषयमा दौडिरहने इन्द्रियहरूलाई वस्तु-तत्त्वको वास्तविक शोचद्वारा काबूमा ल्याउनुपर्छ ॥२७॥

आत्मा प्रयत्नादर्थेभ्यो मनः समधितिष्ठति ।
संयोगादात्ममनसोः प्रवृत्तिरुपजायते ॥२८॥

भोग्य वस्तुको उपभोगका निमित्त आत्मा, प्रयत्न नामक संस्कारद्वारा मनसँग मिल्दछ र अनि आत्मा र मनको संयोग वा सहयोग भएपछि भोगको लागि आत्माको इन्द्रियतर्फ प्रवृत्ति हुन्छ ॥२८॥

विषयाऽऽमिषलोभेन मनः प्रेरयतीन्द्रियम् ।
तन्निरुन्ध्यात् प्रयत्नेन जिते तस्मिन् जितेन्द्रियः ॥२९॥

सुखभोग या उपभोगका सामग्रीरूपी आमिष (भोग्य पदार्थ) का लोभले मन ती ती इन्द्रियहरूलाई प्रेरणा दिन्छ । त्यस कारण यत्नसाथ त्यस मनलाई रोक्नुपर्छ, त्यो रोकिएपछि सारा इन्द्रियहरूमा विजय प्राप्त भइहाल्छ * ॥२९॥

विज्ञानं हृदयं चित्तं मनो बुद्धिश्च तत्समम् ।
अनेनाऽऽत्मा करोतीह प्रवर्तन–निवर्तने ॥३०॥

विज्ञान, हृदय, चित्त, मन, बुद्धि यी पाँचै तत्त्व तुल्य छन्, यिनैद्वारा आत्मा इष्ट वस्तुमा प्रवृत्त र अनिष्ट वस्तुबाट निवृत्त हुन्छ ॥३०॥

---

* अर्थात् आत्मामा जुन जुन विषय प्राप्त गर्ने इच्छा जाग्छ, त्यसैअनुसार मन त्यस विषयको इन्द्रियलाई प्रेरणा दिन्छ र आत्मामा मनको माध्यमद्वारा इन्द्रियले उपस्थित गराएका विषय–भोगको आनन्द हुन्छ । यस कारण मन जित्नाले सारा इन्द्रियहरू जितिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्माऽधर्मौ सुखं दुःखमिच्छाद्वेषौ तथैव च ।
प्रयत्नज्ञानसंस्कारा आत्मलिङ्गमुदाहृतम् ॥३१॥

यस जीवनमा हुने धर्म, अधर्म, सुख, दुःख, इच्छा, द्वेष, प्रयत्न, ज्ञान, संस्कार, यी नौ पदार्थ आत्माका चिन्ह हुन् ❀ ॥३१॥

ज्ञानस्याऽयुगपद्भावो मनसो लिङ्गमुच्यते ।
नानार्थेषु च संकल्पः कर्म चाऽस्य प्रकीर्त्यते ॥३२॥

एकै समयमा कुनै पनि दुई वस्तुको एकै साथ ज्ञान हुन नसक्नु मनको चिह्न हो । नाना थरी विषयको संकल्प–विकल्प गर्नु मनको काम हो * ॥३२॥

श्रोत्रं त्वक् चक्षुषी जिह्वा नासिका चेति पञ्चमी ।
पायूपस्थं हस्तपादं वाक् चेतीन्द्रियसंग्रहः ॥३३॥

कान, छाला, आँखा, जिब्रो, र नाक यी पाँच पदार्थ ग्रहण गर्ने इन्द्रिय–हरूलाई ज्ञानेन्द्रिय भन्दछन् । गुदद्वार, मूत्रद्वार, हात, गोडा र बोलीमा रही काम गर्ने इन्द्रियहरूलाई कर्मेन्द्रिय भन्दछन् । यसरी इन्द्रियहरूको संख्या दश हुन आउँछ ॥३३॥

शब्दः स्पर्शश्च रूपञ्च रसो गन्धश्च पञ्चमः ।
उत्सर्गानन्दनाऽऽदानगत्यालापाश्च तत्क्रियाः ॥३४॥

शब्द, स्पर्श, रूप, रस, गन्ध, यी पाँच गुण क्रमशः उपर्युक्त ज्ञानेन्द्रिय–हरूका विषय हुन् । उत्सर्ग, (मल त्याग गर्नु) आनन्द (संभोग गर्नु) ग्रहण गर्नु, हिँड्नु, बोल्नु क्रमशः यी पाँच कर्मेन्द्रियका काम हुन् ॥३४॥

❀ किनभने यी उपर्युक्त नौ पदार्थ गुण हुन् । गुणहरू द्रव्यमा रहन्छन्, अन्यत्र रहँदैनन् । जसमा गुण रहन्छ, त्यो द्रव्य हो । आत्मा द्रव्य हो ; त्यस कारण यी उपर्युक्त नौ पदार्थ जसमा रहन्छन् त्यही आत्मा हो ।

* अर्थात् मन भन्ने वस्तु नभएको अथवा आत्माभन्दा भिन्न नभएको भए आत्मा र इन्द्रियको सम्बन्धबाट पनि ज्ञान हुनुपर्ने; त्यसो नभएबाट मनको अलग सत्ता मान्न कर लाग्छ । मनको संख्या पनि एक मात्र छ, किनभने मन अनेक भए अनेक वस्तुको एक साथ ज्ञान हुनुपर्ने; त्यसो हुँदैन । विभिन्न विष–यहरूमा 'यो कुरा म गर्दछु' इत्यादि रूपले मनद्वारा आत्मा नो संकल्प (अठोट) गर्छ त्यही आत्माको कर्म हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मा मनश्च तद्विद्यै रन्तःकरणमुच्यते ।
ताभ्यां तु सम्प्रयत्नाभ्यां सङ्कल्प उपजायते ॥३५॥

अध्यात्मवेत्ताहरू आत्मा र मनलाई अन्तःकरण भन्दछन् । आत्मा कर्ता र मन उसको करण हो । जब ती दुवैमा प्रयत्न नामक गुण उत्पन्न हुन्छ, अनि संकल्प हुन्छ ॥३५॥

आत्मा * बुद्धीन्द्रियाण्यर्था वहिष्करणमुच्यते ।
संकल्पाध्यवसायाभ्यां सिद्धिरस्य प्रकीर्तिता ॥३६॥

शरीर, बुद्धि, इन्द्रिय, इन्द्रियका विषय, यिनलाई वहिष्करण भन्दछन् । यो वहिष्करण संकल्प र अध्यवसाय (उद्योग, क्रिया) द्वारा आफ्नो धुनमा सफल हुन्छ ॥३६॥

उभे एते हि करणे प्रयत्नानन्तरीयके ।
तस्मात् सर्वप्रयत्नेन भावयेन्निर्मनस्कताम् ॥३७॥

यी दुई अन्तःकरण र वहिष्करण मुख्य रूपले मनद्वारा हुने आत्माको प्रयत्नबाट नै आफ्नो आफ्नो काममा लाग्छन्; तसर्थ साह्रा प्रयासद्वारा निर्मनस्कता (मन कतै पनि नलाग्नुलाई) हासिल गर्नुपर्छ ॥३७॥

एवं करणसामर्थ्यात् संयम्याऽऽत्मानमात्मना ।
नयाऽपनयविद्राजा कुर्वीत हितमात्मनः ॥३८॥

नय ❀ र अपनयलाई राम्ररी बुझ्ने राजाले यसरी मन र इन्द्रिय–हरूको शक्तिद्वारा दौडने अन्तरात्मालाई आफैंले नियमित गराएर आफ्नू हित हुने उपाय गर्नुपर्छ ॥३८॥

एकस्यापि न यः शक्तो मनसः सन्तिबर्हणे ।
महीं सागरपर्यन्तां कथं नु स विजेष्यते ॥३९॥

जुन राजा आफ्नो एउटै मनलाई पनि नियमित गरी राख्न सक्तैन त्यसले समुद्रसम्मको पृथिवीलाई कसरी आफ्ना आधिपत्यमा राख्ला ! ॥३९॥

क्रियावसानविरसैर्विषयैरपहारिभिः ।
गच्छत्याक्षिप्तहृदयः करीव नृपतिर्ग्रहम् ॥४०॥

---

*आत्मा दुई किसिमको हुन्छ अन्तरात्मा र बहिरात्मा । बहिरात्मा भनेको स्थूल शरीर हो ।

❀ जसबाट योग क्षेम (अप्राप्तको प्राप्ति र प्राप्तको संरक्षण) राम्रो हुन्छ, त्यो नय हो । जसबाट उक्त योग क्षेम बिग्रन्छ, त्यो अपनय हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुरूमा मात्र मनलाई लठ्ठ गराउने, तर आखिरमा बिरसिला हुने मन–मोहक सुख–भोगका साधनले दिल रन्थन्याएको राजा, माहुतेहरूले आफूलाई पक्रनको निमित्त सजाएर ल्याएको ढोईमा संभोगार्थ आसक्त हुने वन–हात्ती झैं सजिलैसित बन्धनमा पर्दछ ॥४०॥

सज्जमानो हयकार्येषु विषयान्धीकृतेक्षणः ।
आवहत्युग्रभयदां स्वयमेवापदं नृपः ॥४१॥

सुखभोगका साधनहरूमा ज्यादै आसक्त हुनाले विचारशक्ति बन्द भएको राजा खुद कुवाटोमा लाग्दै अति भयङ्कर आपत्तिहरूलाई स्वयं आवाहन (निम्ता) गर्दछ ॥४१॥

शब्दः स्पर्शश्च रूपं च रसो गन्धश्च पञ्चमः ।
एकैकमेषां भवति विनाशप्रतिपत्तये ॥४२॥

शब्द, स्पर्श, रूप, रस, गन्ध, यी पाँच प्रकारका विषयहरू यस्ता छन् कि आफूमा आसक्त हुने प्राणीको जीवन बरबाद गराउन एक एक गरेर (एक्ला–एक्लै पनि) समर्थ छन् । (त्यस कामको निमित्त यिनीहरूलाई कसैको सहा–यता चाहिन्न) ॥४२॥

शुचिः शष्पाङ्कुराहारो विदूरक्रमणक्षमः ।
लुब्धकाद् गीतलोभेन मृगो मृगयते बधम् ॥४३॥

घाँसका आँकुराहरू मात्र खाएर पवित्र जीवन बिताउने, टाढा टाढा–सम्म दौडन सक्ने मृग पनि श्रवणेन्द्रिय (कान) लाई वश गर्न नसक्ता गीत सुन्ने लालचले ब्याधाको वशमा पर्छ ॥४३॥

गिरीन्द्रसदृशाकारो लीलयोन्मूलितद्रुमः ।
करिणीस्पर्शसंलोभादालानं याति वारणः ॥४४॥

पर्वत जत्रो विशाल शरीर भएको, ख्याल-ख्यालमा नै ठूला रुखहरू उखाड्न सक्ने हात्ती पनि त्वगिन्द्रियको वशमा परी ढोईका स्पर्श–सुखको लालचले बन्धनमा पर्छ ॥४४॥

स्निग्धदीपशिखालोकविलोभितविलोचनः ।
मृत्युमृच्छत्यसन्देहात् पतङ्गः सहसा पतन् ॥४५॥

चिल्लो बत्तीको ज्वाला देख्नाले आँखा लोभिएको पुतली चक्षुरिन्द्रिय (आँखामा रहने इन्द्रिय) को वशमा परेर भविष्य सोच्तै नसोची निःशङ्क रूपले सहसा त्यसैमा हाम्फाल्छ र मर्दछ ॥४५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दूरेऽपि हि भवन् दृष्टेरगाधे सलिले चरन् ।
मीनस्तु सामिषं लोहमास्वादयति मृत्यवे ॥४६॥

मानिसको नजरदेखि टाढा भएर कहाँ कहाँ गहीरो पानीमा बस्ने माछो रसनेन्द्रिय (जिभ्रोमा रहने इन्द्रिय) जित्न नसक्नाले मासु समेतको फलाम (बल्छी) को स्वाद लिएर मर्दछ ॥४६॥

गन्धलुब्धो मधुकरो दानासवपिपासया ।
अभ्येत्यसुखसञ्चारान गजकर्ण–भ्रूणज्भणान ॥४७॥

हात्तीका मदको गन्धमा लोभिएको भ्रमरो घ्राणेन्द्रिय (नाकमा रहने इन्द्रिय) जित्न नसकी त्यौं कटु–गन्धी आसवरूप मद् (हात्तीको पसीना) पिउने इच्छाले गर्दा ज्यानलाई जोखिममा हालेर त्यसमा आवत-जावत गर्दा गर्दै हात्तीको कर्णसञ्चालन (कानको फडकार) मा होमिन्छ ॥४७॥

एकैकशोऽपि निघ्नन्ति विषया विषसन्निभाः ।
क्षेमी तु स कथन्नु स्याद् यः समं पञ्च सेवते ॥४८॥

यस कारण आस्वादनको पहिलो क्षणमा मात्र आनन्द दिने परिणाममा बिरसिला, व्यक्तिलाई पतनोन्मुख गराउने हुनाले विष जस्ता यी उपर्युक्त विषय–हरूमध्ये एउटा एउटाले पनि उस व्यक्तिको जीवन नष्ट गर्दछन् भने एकैसाथ यी पाँचैको सेवा गर्ने व्यक्ति कसरी कुशल रहन सक्ला ॥४८॥

सेवेत विषयान् काले मुक्त्वा तत्परतां वशी ।
सुखं हि फलमर्थस्य तन्निरोधे वृथा श्रियः ॥४९॥

इन्द्रियजयी राजाले ज्यादै आसक्त नभईकन उचित समयमा उचित विषय-सुखको कदर पनि गर्नुपर्छ । किनभने ऐश्वर्यको फल नै सुख हो ; त्यो विषय-सुखको बिलकुलै वास्ता नगरेको खण्डमा त त्यसको मतलबै केही हुँदैन ॥४९॥

निकामाऽऽसक्तमनसां कान्तामुखविलोकने ।
गलन्ति गलिताश्रूणां यौवनेन सह श्रियः ॥५०॥

जवानीमा सुन्दरीहरूका मुखारविन्दको अवलोकनमा ज्यादै आसक्त हुने व्यक्तिको, पछि पछितोबाट हुने आँसुका धारा र जवानीसँगै ऐश्वर्य पनि खतम हुन्छ ॥५०॥

धर्मादर्थोऽर्थतः कामः कामात् सुखफलोदयः ।
आत्मानं हन्ति तौ हत्वा युक्त्या यो न निषेवते ॥५१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बितेको जन्म र यो वर्तमान जन्ममा आर्जिएको धर्मको फल ऐश्वर्य-प्राप्ति हो । ऐश्वर्यबाट भोग्य वस्तुको सञ्चय र त्यसबाट काम-सुखको प्राप्ति हुन्छ । यसकारण समयको विभाजन गरी धर्म, अर्थ, काम, यी तीनै पुरुषार्थको ठीक समयमा सेवा गर्नाले नै जीवन सफल हुन्छ । त्यसो नगरी उक्त तीन पुरुषार्थमध्ये कुनै एकमा मात्र ज्यादा आसक्त हुदा बाँकी पुरुषार्थ असफलै रहन्छन् र आफैंलाई धक्का दिन्छन् ।।५१।।

नामापि स्त्रीति संह्लादि विकरोत्येव मानसम् ।
किं पुनर्दर्शनात्तस्या विलासोल्लासितभ्रुवः ।।५२।।

सुन्नासाथ आह्लाद पैदा गर्ने 'स्त्री' भन्ने नामले नै मनमा विकार पैदा गर्छ भने ढाँचाकाँचासँग आँखीभौं कचर्याउने यौवनोन्मत्त युवतीलाई देखिसकेपछि त के कुरा ! ।।५२।।

रहः प्रचारकुशला मृदु गद्गदभाषिणी ।
कं न नारी रमयति रक्तं रक्तान्तलोचना ।।५३।।

एकान्त पार्नमा सिपालु, प्रेमले गद्गद भएर कोमल भावले बोल्ने अनुराग-पूर्ण दृष्टिकोण भएकी कामिनीले आफूमा रत्तिएको कुनचाहिं पुरुषलाई रमणासक्त गराउन्न ।।५६।।

मुनेरपि मनोऽवश्यं सरागं कुरुतेऽङ्गना ।
प्रसन्नं कान्तिजननं सन्ध्येव शशिनं नवम् ।।५४।।

प्रकाशले संसारलाई झलमल्ल पार्ने स्वच्छ नवोदित चन्द्रमालाई सन्ध्याले आफ्नो रागमा रँगाएझैं ज्ञानको उज्यालोले संसारलाई चकाचौंध पारिदिन सक्ने, दुर्भावना बिलकुल नहुनाले स्वच्छ भएको मुनिको मनलाई पनि सुन्दरी नारीले अवश्य आफ्नो रस-रङ्गमा रङमङ्याइ छोड्छे ।।५४।।

मनः प्रह्लादयन्तीभिर्मन्दं यान्तीभिरप्यलम् ।
महान्तोऽपि हि भिद्यन्ते स्त्रीभिरद्भिरिवाऽचलाः ।।५५।।

जस्तो आफ्नो स्वाभाविक स्वच्छता र तृष्णा मेट्ने गुणले प्राणीहरूको हृदयलाई प्रसन्न गराउने जलस्रोत (पानीको धार) ले बिस्तार बिस्तार बहँदा बहँदै पनि ठूला ठूला पहाडहरूलाई छिन्न भिन्न पार्छन्, त्यस्तै सफाइ र शृङ्गारले मन मुग्ध गराउने रजहाँस जस्तै मन्दगामिनी कामिनीहरूले ठूला ठूला महात्माहरूलाई पनि हाला–बाला पार्दछन् ।।५५।।

मृगयाऽक्षा तथा पानं गर्हितानि महीभुजाम् ।
दृष्टास्तेभ्योऽपि विपदः पाण्डुनैषधवृष्णिषु ।।५६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिकार खेल्नु, जूवा खेल्नु र मदिरा पिउनु यी तीन कुरा राजाका निमित्त निन्दनीय छन् । किनभने तिनबाट पनि क्रमशः पाण्डु, नल र वृष्णि–वंशीहरूमा विपद परेको देखिएको छ ❀ ॥५६॥

काम: क्रोधस्तथा लोभो हर्षो मानो मदस्तथा ।
षड्वर्गमुत्सृजेदेनं तस्मिंस्त्यक्ते सुखी नृपः ॥५७॥

काम (संभोगको इच्छा) क्रोध (रिस, असहिष्णुता) लोभ (पराइको चीजमा लाल्चा) हर्ष (खेलबाड आदिबाट ज्यादा रमाउनु) मान (सानै भएर काम चल्ने ठाउँमा पनि रबाफ देखाउनु) मद (सुन्याइँ आदिबाट भएको घमण्ड) यी छ वटाको समूहलाई षड्वर्ग भन्दछन् । त्यसलाई छोडेपछि राजा सुखी हुन्छ ॥५७॥

❀ दिग्विजयी राजा पाण्डु शिकारमा लत बसेका हुनाले रानीहरूलाई समेत लिएर जङ्गलमा गई बसेका थिए । एकदिन शिकारमा उनले मृगीको रूप लिएकी आफ्नी पत्नीसँग मृगकै रूप लिएर रतिसुखको अनुभव गरिरहेका किन्दव नाम भएका ऋषिलाई बाणले हानेका हुनाले भोग–क्रिया पूरा गर्न नपाएका ऋषिले "तिमी पनि यस्तै अवस्थामा मर्नेछौ" भन्ने शराप उनलाई (पाण्डुलाई) दिए र उनी रानीहरूदेखि अलग रहन लागे । परन्तु एक दिन शृङ्गारले झकि–झकाउ भएकी रानी माद्रीलाई एकान्तमा देख्ता मन थाम्न नसकी उनको मृत्यु भएथ्यो ।

निषध देशका राजा नलले आफ्ना भाइ पुष्करसँग जूवा खेल्दा सारा संपत्ति र राज्य समेत हारेका हुनाले पुरानो कपडा मात्र लगाएकी आफ्नी प्राण–प्रिया पत्नी विदर्भराज–पुत्री दमयन्तीका साथ राज्यबाट निकालिएर निर्जन जङ्गलमा घुम्दा उचित खाना नमिल्नाले हिंडाइको परिश्रमले असाध्य गलेर अगाडि बढ्न नसकी रूखको छायामा पल्टिएर मस्तसँग निदाएकी रानीलाई छाडेर बाटो तताउनुपरेथ्यो ।

वृष्णिवंशमा उत्पन्न भएका भगवान् कृष्णका छोरा नातिहरूले कृष्णकी रानी जाम्बवतीका छोरा साम्बलाई गर्भिणी स्त्रीको भेषमा दुर्वासाको सामु ल्याएर 'भगवन् ! यिनको पुत्र या पुत्री के होला' भनी ठट्टाको भावले सोद्धा क्रुद्ध दुर्वासाबाट 'तिमीहरूको वंश नाश गर्ने फलामको मुसल यिनले पैदा गर्छन्' भन्ने जवाफ पाएकोले सत्यवाक् महर्षिको सरापदेखि भयभीत भएका ती लडकाहरूले आफ्नो दुष्कर्ममा पछुताउँदै हत्तपत्त साम्बको पेट खोलेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दाण्डक्यो* नृपतिः कामात् क्रोधाच्च जनमेजयः᪥ ।
लोभादैलस्तु ᪥ राजर्षिर्वातापिर्हर्षतो ᪥ ऽसुरः ॥५८॥

हेर्दा साँच्चिकै फलामको मुसल पाए र त्यसलाई कृष्णजीको अगाडि लगी भएको यथार्थ खबर बताए । कृष्णजीको हुकुमबमोजिम त्यो मुसल ढुङ्गोमा घोटेर समुद्रमा बगाइयो र घोट्न नसकिने सानु छेस्को पनि त्यहीं फालियो । आखिरमा पानीका छालले किनारमा हुत्याइएका त्यही फलामको चूर्णबाट एरका नामक धारिलो पात भएका विषैला क्तार उम्रिए । पानीमा पर्याँकिएको फलामको छेस्को पनि दैवसंयोगले माछाको पेटबाट व्याधाको हातमा पर्‍यो र उसले त्यसलाई बाणको फाली (टुप्पो) बनायो । कुनै दिन त्यही समुद्रको किनारामा बसेर मदिरा पिई मस्त भएका ती वृष्णिवंशीहरूमा सात्यकि र कृतवर्माका बीचमा चलेको विवाद बढ्दै गएकोले परस्परमा त्यही धारिलो क्तारको हतियारले हाना–हान गरी ती सबै त्यहीं समाप्त भएथे । त्यही फलामको छेस्को पाउने व्याधाको हातबाट श्रीकृष्णले पनि देह त्याग्नुपरेथ्यो ।

* भोजवंशमा पैदा भएका दाण्डक्य नामका राजालाई दिउँसो शिकार खेल्न जाँदा तिर्खा लाग्यो र पानी पिउनको निमित्त उनी भृगु ऋषिको आश्रममा पसेका थिए । वहाँ रूप र यौवनमा अनुपम अकेली ऋषिपुत्रीलाई मात्र देख्ता उनको दिलमा पाप पस्यो र राजाले ती ऋषिपुत्रीलाई आफ्नो बग्गीमा राखेर शहरतिर लगे । समिधा कुश लिएर वनबाट फर्किएका ऋषिले आश्रममा आफ्नी छोरीलाई नदेख्ता ध्यान लगाएर सबै कुरा पत्ता पाई रिसको झोकमा–'सात दिनसम्म तेरो राज्यमा धूलाको वर्षा होओस् र त्यसैबाट आफ्ना बन्धु र राष्ट्र समेत नासिएस्' भन्ने सराप दिएकोले त्यसैबाट उनको नाश भएथ्यो ।

᪥ राजा जनमेजयको अश्वमेध यज्ञमा वैदिक मन्त्रहरूद्वारा निमन्त्रण गरिएका हुनाले उपस्थित भएका हविर्भोजी देवताहरूका राजा इन्द्रको नजर अश्वमेधको स्पर्श–कर्ममा लागेकी महारानीको उरुमूलमा परेछ र उनले कामुक भएर पत्नीशालामा रहेकी महारानीलाई जबर्जस्ती गर्न चाहे । राजामा यो कुरा जाहेर हुँदा उनले ऋत्विक्‌हरूको त्रुटि सम्झेर रिसले दनदनाउँदै उनीहरूलाई भन्नु नभन्नु भनेर कोर्रालि समेत पिट्न लगाए । त्यसपछि ऋत्विक्‌हरूले "शुद्ध भावले काम गरिरहेका निरपराधी हामीहरूमा जो अत्याचार गर्दछ त्यो तुरुन्त नासियोस्" भन्ने सराप दिएकोले उनको शिर तत्काल गिरेथ्यो ।

᪥ नैमिषारण्यका ऋषिहरूद्वारा यज्ञ–रक्षाका निमित्त निम्त्याइएका राजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्यादै कामुक हुनाले दाण्डक्य नाम भएका राजा नासिए। कुरा नबुझी कुठाउँमा अधिक रिस गर्नाले जनमेजयको त्यही हालत भयो। राजर्षि पुरूरवाले पनि लोभको वशमा परेर त्यही कुरा दोहोऱ्याए। वातापि नामका दानवको पनि ज्यादा हर्षले जीवनलीला समाप्त भयो ॥५८॥

पौलस्त्यो* राक्षसो मानान्मदाद् दम्भोद्भवो※ नृपः।
प्रयाता निधनं ह्येते शत्रुषड्वर्गमाश्रिताः ॥५९॥

पुरूरवाले यज्ञमा उपयोग गरिएका सबै भाँडावर्तनहरू सुनै-सुनका देखेर लोभले ती भाँडाहरू हर्न शुरु गरे। त्यस्तो उनको दुष्कर्म देखेर ऋषिहरूले उनमा वज्रकल्पित कुशको प्रहार गरेकोले उनको तत्काल मृत्यु भएथ्यो।

⁙ वातापि दानव ज्यादै ठट्टा गर्ने मिजासको र निठुरी थियो। ऊ आफ्नो भाइ इल्वललाई मारी खसीको मासु भनी पकाएर स्वागतसाथ ऋषिहरूलाई उसको मासु ख्वाउँथ्यो र "आऊ भाइ इल्वल!" भनी ठूलो स्वरले बोलाउँथ्यो। उसको बोली सुन्नासाथ उसको भाइ इल्वल जस्ताको तस्तो भएर आफ्नो मासु खाने व्यक्तिको पेट फोरी बाहिर आउँथ्यो। मासु खानेवालाको चाहिं मृत्यु हुन्थ्यो। यो कुरा सुनेर अगस्त्यजी त्यहाँ आउनुभयो। उसले वहाँलाई पनि पहिले बताएजस्तै गरेर आफ्ना भाइ इल्वलको मासु ख्वायो। अगस्त्यजीले त्यसलाई खानासाथ पचाइदिनुभयो। अनि उसले पहिले फैं भाइलाई बोलाउँदा ऋषिजीले तेरो भाइ ता उहिल्यै पचिसक्यो भनिदिनुभयो। त्यो सुन्नासाथ मायावी राक्षस सूक्ष्मरूपले ऋषिको पेटमा प्रवेश गर्ने हुँदा आफैं हजम भएथ्यो।

* पुलस्त्यको नाति रावणले रामद्वारा खर दूषण मारिनु, वानरको फौजले समुद्रमा पुल हाल्नु आदि शत्रुको ठूलो पराक्रम सुनेर पनि, समुद्र तरेर सुमेरु पर्वतसम्म पुगेका रामले 'अफै पनि सीतालाई फिर्ता गर्छस् भने तेरो जीवन रहनेछ' भनी सन्देश पठाउँदा पनि सीतालाई फिर्ता गरेन र नासियो।

※ दम्भोद्भव नामक दानव राजा अत्यन्त बलवान् र प्रभावशाली पनि थिए। उनले संसारमा आफूसँग लड्न सक्ने व्यक्ति देखेनन् र यो कुरा नारद ऋषिसँग सोधे। नारद ऋषिले 'बद्रिकाश्रममा तपस्या गरेर बसेका नर र नारायण तिमीसँग लड्न सक्छन्' भनिदिएकोले वहाँ गएर उनले नर र नारायणको तिरस्कार गरे। अनि आखिरमा नरको इषीकास्त्रको प्रयोगले सारा फौज समेत उनको वहीं जीवन-लीला समाप्त भएथ्यो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नर्चाहिंदो बडप्पन देखाउने हुनाले रावणले जीवन गुमाउनुपर्‍यो। सुन्याइँको गर्वले फुलेर दम्भोद्भवले संसारबाट बिदा लिए। यसरी जीवनलाई उँधोतिर धकेल्ने शत्रु जस्ता उपर्युक्त काम क्रोध आदि षड्वर्गको वशमा परेर यी उक्त दाण्डक्य आदिले आफ्नो जीवन–धन गुमाउनुपर्‍यो ॥५९॥

शत्रुषड्वर्गमुत्सृज्य जामदग्न्यो जितेन्द्रियः।
अम्बरीषश्च नाभागो बुभुजाते चिरं महीम् ॥६०॥

सदा आफ्नो अहित मात्र गर्ने शत्रु जस्ता भएका काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, यी छको समूहलाई छोडेर इन्द्रियजयी भएका परशुराम एवं नाभाग राजाका सुपुत्र अम्बरीषले धेरै कालसम्म पृथिवीको उपभोग गरेथे ॥६०॥

इन्द्रियजय–प्रकरण सिद्धियो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यावृद्ध–संयोग–प्रकरण

वर्धयन्निह धर्माथौं सेवितौ सद्भिरादरात् ।
निगृहीतेन्द्रियः साधु कुर्वीत गुरुसेवनम् ॥६१॥

सज्जनहरूले आदरसाथ सेवा गरिएका धर्म र अर्थलाई बढाउँदै, इन्द्रियहरूलाई आफ्नो वशमा राखेर शास्त्रीय ज्ञान हासिल गर्नको निमित्त राम्रोसँग गुरुको सेवा गर्नुपर्छ ॥६१॥

शास्त्राय गुरुसंयोगः शास्त्रं विनयवृद्धये ।
विद्याविनीतो नृपतिर्न कृच्छ्रेष्ववसीदति ॥६२॥

शास्त्रीय ज्ञान हासिल गर्नको निमित्त गुरुको संपर्कमा रहनुपर्छ । शास्त्रीय ज्ञानले विनय (शिक्षा, नम्रता, शिष्टता) आदि सद्गुण बढाउने गर्छ । विद्याले विनम्र, शिक्षा पाएको राजा कठिन परिस्थितिमा पनि हरेस खाँदैन र नासिंदैन ॥६२॥

वृद्धोपसेवी नृपतिः सतां भवति संमतः ।
प्रेर्यमाणोऽप्यसद्वृत्तैर्नाकार्येषु प्रवर्तते ॥६३॥

विद्यावृद्ध र अनुभवी व्यक्तिहरूको कदर गरेर उनलाई आफ्ना आश्रयमा राख्ने एवं उनीहरूको सरसल्लाह लिने राजा सज्जनहरूले मन पराइने हुन्छ । यसरी अनुभवी वृद्धहरूको सर–सल्लाह लिने राजालाई दुर्जनहरूले कुबाटोमा लाग्ने प्रेरणा दिए तापनि त्यो त्यसमा लाग्दैन ॥६३॥

आददानः प्रतिदिनं कलाः सम्यङ् महीपतिः ।
शुक्लपक्षे प्रविचरन् शशाङ्क इव वर्धते ॥६४॥

विद्यावृद्ध र अनुभवी व्यक्तिहरूबाट ज्ञान र विद्याका विभिन्न कलाहरू दिनदिनै सिक्दै जाने जिज्ञासु एवं न्यायी राजा शुक्लपक्षको चन्द्रमा झैं ऐश्वर्य र कीर्तिले बढ्दै रहन्छ ॥६४॥

जितेन्द्रियस्य नृपतेर्नीतमार्गानुसारिणः ।
भवन्ति ज्वलिता लक्ष्म्यः कीर्तयश्च नभस्पृशः ॥६५॥

आफ्ना इन्द्रियहरूलाई अधीनमा राखेर नीतिको बाटोमा चल्ने राजाको ऐश्वर्य उज्ज्वल हुन्छ; कीर्ति पनि दिगन्तव्यापी हुन्छ ॥६५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इति स्म राजा विनयं नयान्वितो निषेवमाणो नरदेवसेवितम् ।
पदं समाक्रामति भास्वरं श्रियः शिरो महारत्नगिरेरिवोन्नतम् ॥६६॥

यसरी नीतिअनुसार पुराना सफल शासकहरूले अपनाएको विनय-(शिक्षा) को अनुसरण गर्ने राजा रत्नै–रत्नले भरिएको सुमेरु पहाडको चुचुरो झैं चम्किलो, लक्ष्मीको निवासस्थान अर्थात् स्वर्ग बराबरको राज्य पाउँछ ॥६६॥

इयं हि लोक व्यतिरेकवर्तिनी, स्वभावतः पार्थिवता समुद्धता ।
बलात् तदेनां विनयेन योजयेन्नयस्य वृद्धौ विनयः पुरःसरः ॥६७॥

यो राजत्व (राजा हुने विषय) समस्त राष्ट्रको अधिकार र संपत्तिको केन्द्र–स्थान हुनाले साधारण दुनियाँदारको स्थितिभन्दा धेरै नै माथिल्लो तहको छ। त्यसैले यसको अख्तियार पाएको व्यक्ति (राजा) उद्धत (उज्जण्ड) स्वभावको हुनु कुनै नौलो कुरा होइन। त्यसकारण युक्तिसाथ राजत्वलाई शिक्षासँग मिलाउनुपर्छ। अर्को शब्दमा राजाले विभिन्न विद्याको शिक्षा लिनुपर्छ। शास्त्रीय शिक्षा र शिष्टताको तालीमले उसलाई भद्र पुरुष बनाउँछ। त्यसबाट त्यस शास्त्रको मर्यादा बुझेर विभिन्न नीतिहरूको कुशलतासाथ सञ्चालन गर्न समर्थ हुन्छ ॥६७॥

परां विनीतः समुपैति सेव्यतां, महीपतीनां विनयो विभूषणम् ।
प्रवृत्तदानो मृदुसञ्चरत्करः करीव भद्रो विनयेन शोभते ॥६८॥

उचित शिक्षा पाएका विनम्र स्वभावका राजा सबैले खूब कदर गरिने वा सेवा गरिने हुन्छन्। विनय (शिक्षा एवं नम्रता) राजाहरूको गहना हो। हल्का हल्का चालले दुनियाँबाट कर असूल गरी मौकामा राष्ट्रको भलाइका निमित्त सो धन निस्फिक्री खर्च गर्न सक्ने, विनयी राजा मदजल चुहाइरहने भए तापनि तालीमले नम्र भएको आफ्नू सूँडलाइ बिस्तार बिस्तार हल्लाउने असल हात्ती झैं तालीमबाट मिलेको नम्रताले सुशोभित हुन्छ ॥६८॥

गुरुस्तु विद्याधिगमाय सेव्यते
श्रुता च विद्या मतये महात्मनाम् ।
श्रुताऽनुवर्तीनि मतानि वेधसा–
मसंशयं साधु भवन्ति भूतये ॥६९॥

विद्या हासिल गर्नाका निमित्त गुरुको सेवा गरिन्छ। गुरुबाट सिकेको विद्याको मनन गरी ज्ञान बढाउने काममा लगाउनुपर्छ। यसरी हासिल गरेका विद्वान्हरूका ती शास्त्रानुगामी सिद्धान्तहरू अवश्य नै सुन्दर भविष्य निर्माण गर्ने हुन्छन् ॥६९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुनिपुणमुपसेव्य सद्गुरुं शुचिरनुवृत्तिपरो विभूतये ।
भवति हि विनयोपसंहितो नृपतिपदाय शमाय च क्षमः ।।७०।।

आफ्नो भलाइका निमित्त स्वच्छ दिलले आशयबमोजिम चलां चलाखीसाथ असल गुरुलाई रिझाएर शिक्षा हासिल गरेको राजा राजकाज चलाउन र आफ्ना इन्द्रियहरूलाई अधीनमा राख्न पनि समर्थ हुन्छ ।।७०।।

अविनयरतमादराद्दते ह्यशमवशं हि नयन्ति विद्विषः ।
श्रुतविनयनिधिं समाश्रितस्तनुरपि नैति पराभवं क्वचित् ।।७१।।

विद्यावृद्ध अनुभवी व्यक्तिहरूको कुरा नखाने अशिक्षित एवं उज्जण्ड प्रकृतिको राजालाई जतिसुकै ठूलो होस् तापनि शत्रुहरूले विना प्रयासै वश गरिहाल्छन् । विद्या र विनयको खानी जस्ता अनुभवी व्यक्तिको आश्रय पाएको सानू रजौटो पनि कहीं हार खाँदैन ।।७१।।

(विद्याविनयप्रकरण समाप्त)

प्रथम सर्ग समाप्त भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीय सर्ग

विद्याविभाग–प्रकरण

यसरी शास्त्रीय शिक्षा पाएका राजाले आफ्नो राज्य र परराष्ट्र-सम्बन्धी मामलाहरू हेर्नुपर्छ । त्यसमा राज्य प्रतिष्ठित या व्यवस्थित नभएका राजाले अरूको राज्य हत्याउन सम्भव नभएमा आफ्नो राज्य प्रतिष्ठित गराउनको निमित्त गर्नुपर्ने उपायको वर्णन अब छ सर्गले गरिन्छ । यस सर्गमा जम्मा तीन प्रकरण छन्–विद्याविभाग, वर्णाश्रम व्यवस्था र दण्डमाहात्म्य । छ उपायहरूमध्ये विद्या-वृद्ध व्यक्तिहरूसँग बसेर विद्याको विचार गर्नु पहिलो उपाय हो । किनभने लोकस्थिति विद्याकै आधारमा रहन्छ । अब ती विद्याहरूको विभाग बताइन्छः–

आन्वीक्षिकीं त्रयीं वार्ता दण्डनीतिं च पार्थिवः ।
तद्विद्यैस्तत्क्रियोपेतैश्चिन्तयेद् विनयान्वितः ॥१॥

जम्मा विद्याहरू चार छन् । ती यिनै हुन्–आन्वीक्षिकी (न्यायशास्त्र, तर्कशास्त्र, दर्शन आदि) त्रयी–(ऋक्, साम, यजु वेद) वार्ता (कृषि–शास्त्र, पशुपालन–शास्त्र, व्यापार–शास्त्र) दण्डनीति (राजनैतिक शास्त्र) यी सबै विद्याहरू विनम्र भएका राजाले तत्–तत् विद्या जान्ने र सो काम गर्ने ती ती विद्वानहरूबाट राम्ररी सिक्नु र जान्नुपर्छ ॥१॥

आन्वीक्षिकी त्रयी वार्ता दण्डनीतिश्च शाश्वती ।
विद्याश्चतस्र एवैता लोकसंस्थितिहेतवः ॥२॥

दुनियाँका योग ❀ क्षेमको साधन भएका विद्याहरू आन्वीक्षिकी, त्रयी, वार्ता र चिरस्थायिनी दण्डनीति यी चार मात्र हुन् * ॥२॥

❀ नपाएको कुरा पाउनु योग र पाएका कुराको सुरक्षा हुनु क्षेम हो ।

* तिनमा पहिलो आन्वीक्षिकी विद्या, हेतु एवं तर्क र विचार–सरणीद्वारा अरू सबै विद्याहरूको विशेष रूपले उपकार गर्ने हुनाले सबै विद्याहरूमा प्रधान मानिन्छ । त्यसपछि धर्म प्रधान हुनाले र त्यस धर्मको व्यवस्था वेदबाट भएको हुँदा धर्म–व्यवस्थापनको निमित्त वेद (त्रयी) को क्रम आउँछ । धर्ममा व्यवस्थित रूपले रहेका दुनियाँका जीवनको साधन वार्ता (खेती, पशुपालन र व्यापार) हो । त्यस वार्तालाई सफल गराउन दण्डनीतिको जरूरत पर्दछ । दण्डनीतिको आस्तिक नास्तिक सबैलाई जुनसुकै समयमा पनि समान रूपले जरूरत पर्ने हुनाले त्यो नित्य छ । अरू विद्याहरू दण्डनीतिकै संरक्षणमा सुरक्षित रहने हुनाले अनित्य छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रयी वार्त्ता दण्डनीतिस्तिस्रो विद्या हि मानवाः ।
त्रय्या एव विभागोऽयं येयमान्वीक्षिकी मता ॥३॥

मनुका चेलाहरू त्रयी, वार्ता र दण्डनीति, यी तीनलाई मात्र विद्या मान्छन् । उनीहरूको विचारमा आन्वीक्षिकीलाई अलग विद्या मानिरहने केही जरूरत छैन । किनभने अन्वीक्षिकी वेदकै एक भाग हो * ॥३॥

वार्ता च दण्डनीतिश्च द्वे विद्ये इत्यवस्थिताः ।
लोकस्यार्थप्रधानत्वाच्छिष्याः सुरपुरोधसः ॥४॥

बृहस्पतिका शिष्य चार्वाकहरू वार्ता र दण्डनीति, यी दुईलाई मात्र विद्या मान्दछन् । किनभने मुखले जेसुकै भने पनि दुनियाँमा धनकै प्राधान्य हुन्छ र त्यही धनद्वारा काम (सुख प्राप्तिको इच्छा) लिएर दुनियाँ काममा लाग्दछ ॥४॥

एकैव दण्डनीतिस्तु विद्येत्यौशनसाः स्थिताः ।
तस्यां हि सर्वविद्यानामारम्भाः संप्रतिष्ठिताः ॥५॥

शुक्राचार्यका शिष्य दानवहरू त अकेला दण्डनीतिलाई मात्र विद्या मान्दछन् । किनभने अरू सारा विद्याहरू दण्डनीतिकै दृढतामा सुरक्षित हुन्छन् । दण्डनीति असफल वा शिथिल भएमा अरू विद्याहरू स्वयं निष्क्रिय हुन्छन् वा उनीहरूको स्थिति नै असंभव हुन्छ ॥५॥

विद्याश्चतस्र एवैता इति नो गुरुदर्शनम् ।
पृथक् पृथक् प्रसिद्ध्यर्थं यासु लोको व्यवस्थितः ॥६॥

धर्म, अर्थ, काम, मोक्ष, यी चार पुरुषार्थ सफल गराउनु रूप विभिन्न लक्ष्य-प्राप्तिको निमित्त दुनियाँले आन्वीक्षिकी, त्रयी, वार्ता र दण्डनीति यी चारै विद्याहरूको आश्रय लिनैपर्ने हुनाले आन्वीक्षिकी आदि उक्त चार अलग अलग नै विद्या हुन् भन्ने हाम्रा गुरु आचार्य कौटिल्यको सिद्धान्त छ ❀ ॥६॥

---

* प्राकृतिक नियमअनुसार आफ्नो स्थितिमा रहने पदार्थका वास्तविकताको हेतुद्वारा सूक्ष्म परीक्षण गर्ने हुनाले यसलाई आन्वीक्षिकी वा हेतु-विद्या भनेको हो । यसका दुई भाग छन्— (१) वेदानुगामी, (२) वेदान्तर्भूत । साङ्ख्य शास्त्र आदि वेदानुगामी र पूर्वोत्तर मीमांसा वेदान्तर्भूत कोटिमा पर्दछन् । अतः यी दुवै पूर्वपक्ष र उत्तरपक्षको रूपमा तत्त्व-व्यवस्थापक हुनाले वेदभन्दा भिन्न होइनन् ।

❀यो ग्रन्थ कौटलीय अर्थशास्त्रकै आधारमा लेखिएको उसको एकदेशी सार-सङ्कलन-रूप हुनाले यहाँ ग्रन्थकारले आचार्य कौटिल्यलाई गुरु शब्दले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आन्वीक्षिक्यात्मविज्ञानं धर्मोऽधर्मौ त्रयीस्थितौ ।
अर्थानर्थौ तु वार्तायां दण्डनीत्यां नयेतरौ ॥७॥

आन्वीक्षिकी (तर्कशास्त्र, दर्शन आदि) को अध्ययनबाट आत्मज्ञान हुन्छ । वेदको अध्ययनबाट 'यज्ञ गर्नु आदि धर्म हो, कुत्ताको मासु खानु आदि दुष्कर्म हो, अधर्म हो' इत्यादि धर्माधर्म बुझिन्छ । वार्ता (कृषि, पशुपालन र बाणिज्य)–शास्त्रको अध्ययनले यसरी सम्पत्ति बढाउन सकिन्छ र यसो गर्नाले धन सिद्धिन्छ भन्ने थाहा हुन्छ । दण्डनीतिको अध्ययनबाट नय र अपनय*को ज्ञान हुन्छ ॥७॥

आन्वीक्षिकीत्रयीवार्ताः सतीर्विद्याः प्रचक्षते ।
सत्योऽपि हि न सत्यस्ता दण्डनीतेस्तु विप्लवे ॥८॥

दुनियाँको भलाइ गर्ने हुनाले आन्वीक्षिकी त्रयी, वार्ता यिनीहरूलाई सद्विद्या (असल विद्या) भन्दछन् । तर दण्डनीति चाहिं अव्यवस्थित स्थितिमा छ भने ती अरू विद्याहरू जतिसुकै असल भए तापनि तिनीहरूको सत्त्व रहँदैन ॥८॥

दण्डनीतिर्यदा सम्यङ् नेतारमधितिष्ठति ।
तदा विद्याविदः शेषाः विद्याः सम्यगुपासते ॥९॥

जब यसै ग्रन्थका सर्ग चारका १४–१८ श्लोकहरूमा बताइने, नेतामा हुनुपर्ने उचित आवश्यक गुणहरूले युक्त भएका योग्य नेताको हातमा दण्डनीति रहन्छ, तब आन्वीक्षिकी आदि अरू अरू विद्या जान्ने व्यक्तिहरू राम्ररी आफ्ना आफ्ना विद्याको उपासना गर्न पाउँछन् ॥९॥

वर्णाश्चैवाऽऽश्रमाश्चैव विद्यास्वासु प्रतिष्ठिताः ।
रक्षेत्ता रक्षणात्तासां तद्धर्मस्यांशभाङ् नृपः ॥१०॥

सबै वर्ण र आश्रमहरू यी नै चार विद्याहरूको आधारमा रहन्छन् । अतः राजाले यी चार विद्या एवं चार वर्ण र चार आश्रमको रक्षा गर्नुपर्छ । त्यसो गर्नाले मात्र राजा पनि विद्वान् र कर्तव्यनिष्ठ प्रजाबाट भएका सत्कर्मको फलभागी हुन्छ । नत्र उसले पनि कर्तव्यहीन लण्ठ दुनियाँ-बाट भएका दुष्कर्मको फलभागी हुनैपर्छ ॥१०॥

विभूषित गराएका छन् ।

इष्टसाधक नीति नय र अनिष्टकारक नीति अपनय हो । जस्तैः–आफूभन्दा बलियोसँग सन्धि गर्नु इष्टसाधक हुनाले नय र विग्रह गर्नु अनिष्ट-कारक हुनाले अपनय हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(अब छ श्लोकले विद्याको स्वरूप–भेद वताइन्छ):—

आन्विक्षिक्यात्मविद्या स्यादीक्षणात् सुखदुःखयोः।
ईक्षमाणस्तया तत्त्वं हर्षशोकौ व्युदस्यति ॥११॥

आत्मा आदि समस्त पदार्थको सूक्ष्म रूपले वास्तविक स्वरूपसँग परिचय गराउने विद्या आन्वीक्षिकी हो। यसले सुखात्मक र दुःखात्मक सम्पूर्ण पदार्थ-हरूको मिहीं विश्लेषण प्रस्तुत गर्दछ। यस विद्याद्वारा संसारका पदार्थहरूको तत्त्व हेर्ने बानी भएको व्यक्ति हर्षका कारणहरूबाट ज्यादै हृष्ट हुने र शोकका कारणहरूबाट ज्यादै शोक-सन्तप्त हुने गर्दैन ॥११॥

ऋग्यजुः सामनामानस्त्रयो वेदास्त्रयी स्मृताः।
उभौ लोकाववाप्नोति त्रय्यां तिष्ठन् यथाविधि ॥१२॥

ऋग्वेद, सामवेद र यजुर्वेद यी तीनको समूह नै 'त्रयी' नामले प्रसिद्ध छ। विधिबमोजिम वेदमा निष्ठा राख्ने व्यक्तिले यो लोक परलोक दुवै सपार्छ ॥१२॥

अङ्गानि वेदाश्चत्वारो मीमांसा न्यायविस्तरः।
धर्मशास्त्रं पुराणं च त्रयीदं सर्वमुच्यते ॥१३॥

शिक्षा, व्याकरण, कल्प, ज्योतिष, छन्द र निरुक्त, यी छ वेदाङ्गहरू, ऋक्, साम, यजु, अथर्व, यी चार वेदहरू, मीमांसा (पूर्व मीमांसा र उत्तर मीमांसा नामले प्रसिद्ध वेदका कर्म–भागको र ज्ञान–भागको व्याख्या), न्याय-शास्त्र, साङ्ख्य आदि, मनुस्मृति, याज्ञवल्क्यस्मृति आदि धर्मशास्त्र, पुराण-हरू, यी सबैको त्रयीमा नै अन्तर्भाव हुन्छ अर्थात् उपर्युक्त सबै विद्याहरू वेदकै विस्तार हुन् ॥१३॥

पाशुपाल्यं कृषिः पण्यं वार्ता, वार्ता तु जीवनम्।
सम्पन्नो वार्तया साधु नाऽवृत्तेर्भयमृच्छति ॥१४॥

पशुपालन, खेती र व्यापार, यी तीन चीजहरूले दुनियाँको जीवन–निर्वाह चलाउने हुनाले यिनलाई वार्ता (वर्तते अनया) भन्दछन्। वार्ता (पशु-पालन, खेती, व्यापार, यी तीनै या ती तीनमध्ये कुनै दुई या एक) ले युक्त भएको व्यक्तिलाई अवृत्तिमय (जीविका नमिल्ने डर) हुँदैन ॥१४॥

दमो दण्ड इति प्रोक्तास्तास्थ्याद् दण्डो महीपतिः।
तस्य नीतिर्दण्डनीतिर्नयनान्नीतिरुच्यते ॥१५॥

दण्डको माने तह लाउनु हो, तह लाउने काम (दमन–क्रिया) राजामा रहने हुनाले लक्षणाद्वारा दण्डको अर्थ राजा र नीतिको अर्थ उचित मार्गमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लैजानु हुन्छ । यसकारण राज्यका नागरिकहरूलाई उचित मार्गमा चलाउनका लागि राजा वा शासकबाट अपनाइने नीतिको नाम दण्डनीति भयो । (अब पृथ्वीका गोलको विवरण भएको ग्रन्थ भूगोल–विद्या कहलाएझैं राजनीति–सम्बन्धी विवरण लेखिएको ग्रन्थ पनि राजनीति–विद्या या राजविद्या कहलाउन गाह्रो भएन । यसकारण दण्डनीतिको माने भयो राज–विद्या ॥१५॥

तयात्मानं च शेषाश्च विद्याः पायान्महीपतिः ।
विद्या लोकोपकारिण्यस्तत्पाता हि महीपतिः ॥१६॥

राजाले त्यस दण्डनीतिद्वारा आत्मरक्षाको साथसाथै दुनियाँको उपकार गर्ने आन्वीक्षिकी, त्रयी, वार्ता यी तीनै विद्याको रक्षा गर्नुपर्छ । ती विद्याहरूको र ती विद्याद्वारा दुनियाँहरूको रक्षा गर्नाले नै राजा वास्तविक महीपति (जनताले युक्त पृथ्वीको मालिक) हुन्छ ॥१६॥

विद्याभिराभिर्निपुणं चतुर्वर्गमुदारधीः ।
विद्यात्तदासां विद्यात्वं 'विद ज्ञाने' निगद्यते ॥१७॥

(वेद्यते–ज्ञायते अनया इति विद्या)

जसबाट प्राप्य वस्तुको यथार्थ ज्ञान हुन्छ त्यसलाई विद्या भन्दछन् । आन्वीक्षिकी आदि चार विद्याहरूबाट चार पुरुषार्थको यथार्थ ज्ञान हुने हुनाले यी विद्या हुन् । अतः उज्ज्वल बुद्धि भएका राजाले आन्वीक्षिकी आदि उपर्युक्त चार विद्याहरूबाट धर्म, अर्थ, काम, मोक्ष यी चारै पुरुषार्थको यथावत् ज्ञान गरेर त्यसबाट हुने फाइदा उठाउनुपर्छ । अनि यस विद्यामा वास्तविक विद्यात्व आउँछ ।

इति विद्या–विभागप्रकरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णाश्रम–व्यवस्था–प्रकरण

इज्याध्ययनदानानि यथाशास्त्रं सनातनः ।
ब्राह्मणक्षत्रियविशां सामान्यो धर्म उच्यते ॥१८॥

शास्त्रमा बताइएको अधिकार र विधिअनुसार दर्श पौर्णमास (औंसी पूर्णियाँमा गर्नुपर्ने) आदि यज्ञ गर्नु, वेद आदि विद्याको अध्ययन गर्नु, दान दिनु, यो ब्राह्मण, क्षत्री र वैश्यको साजा सनातन धर्म हो ॥१८॥

याजनाध्यापने शुद्धे विशुद्धाच्च प्रतिग्रहः ।
वृत्तित्रयमिदं प्रोक्तं मुनिभिर्ज्येष्ठवर्णिनः ॥१९॥

स्व-धर्ममा रहेका व्यक्तिहरूकहाँ यज्ञ गराउनु, शास्त्रीय नियमअनुसार पढाउनु, नीच पतितलाई छोडेर अन्यत्रबाट प्रतिग्रह (दान) लिनु, यी तीन ब्राह्मणका मात्र जीविका गर्ने उपाय हुन् भनी मुनिहरूले बताएका छन् ॥१९॥

शस्त्रेणाऽऽजीवनं राज्ञो भूतानां चाऽभिरक्षणम् ।
पाशुपाल्यं कृषिः पण्यं वैश्यस्याऽऽजीवनं स्मृतम् ॥२०॥

युद्ध गर्नु आदि हतियार चलाउने पेशाबाट जीविका चलाउनु, प्राणीहरूको रक्षा गर्नु, यो क्षत्रियको वृत्ति हो । पशुहरूको गोठ पाल्नु, खेती गर्नु, व्यापार गर्नु; यो वैश्यहरूको वृत्ति हो ॥२०॥

शूद्रस्य धर्मः शुश्रूषा द्विजानामनुपूर्वशः ।
शुद्धा च वृत्तिस्तत्सेवा कारुचारणकर्म च ॥२१॥

क्रमशः ब्राह्मण, क्षत्री, वैश्यको सेवा एवं कर्मी काम तथा नाच-गान गर्नु र त्यसबाट जीविका गर्नु शूद्रको विशुद्ध वृत्ति हो । यस्तै खेती, पशुपालन, व्यापार यिनीहरूको सामान्य जीविका हो ॥२१॥

गुरौ वासोऽग्निशुश्रूषा स्वाध्यायो व्रतचारणम् ।
त्रिकालस्नायिता भैक्षं गुरौ प्राणान्तिकी स्थितिः ॥
तदभावे गुरुसुते तथा सब्रह्मचारिणि ।
कामतो वाऽऽश्रमान्यत्वं स्वधर्मो ब्रह्मचारिणः ॥२२–२३॥

अध्ययन समाप्त नभएसम्म गुरुकुलमा बस्नु, अग्निको सेवा गर्नु, आफूले पढ्नुपर्ने ग्रन्थ अध्ययन गर्नु, ब्रह्मचर्यको पालन गर्नु, बिहान दिउँसो र बेलुका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीन पटक नुहाउनु, भिक्षाद्वारा जीविका गर्नु, जीवनभर गुरुको सेवामा रहनु, गुरु नभए गुरुपुत्रको सेवामा जीवन बिताउनु, गुरुपुत्र पनि नभए वेदको एकै शाखा पढ्ने आफ्नो सहाध्यायीसँग बसेर जीवन बिताउनु, अथवा आफ्नो इच्छा–अनुसार अर्कै आश्रम लिनु; यो ब्रह्मचारीको स्वधर्म हो ।।२२–२३।।

समेखलो जटी मुण्डो दण्डी वा गुरुसंश्रयः ।
आविद्याग्रहणाद्गच्छेत् कामतो वाऽऽश्रमान्तरम् ।।२४।।

ब्रह्मचारीका लागि विद्याऽध्ययनपर्यन्त मेखला पैह्रनु, पलाँशको लठ्ठी लिनु, जटा पाल्नु अथवा प्रतिमास पूर्ण मुण्डन गर्नु, गुरुको आश्रममा रहनु, यी सब कुरा आवश्यक छन् । त्यसपछि इच्छाअनुसार ब्रह्मचर्यमै रहनु वा अर्को आश्रम लिनु विद्या-ब्रह्मचारीको इच्छामा निर्भर गर्दछ ।।२४।।

अग्निहोत्रोपचरणं जीवनं च स्वकर्मभिः ।
धर्मदारेषु कल्पेषु पर्ववर्जं रतिक्रिया ।।२५।।

अग्निहोत्र लिनु, यज्ञ गराउनु, पढाउनु र राम्रो आचरण भएका व्यक्तिहरूबाट दान लिनु यी तीन क्रियाहरूद्वारा जीविका गर्नु, स्वस्थ धर्मपत्नी-सँग ऋतुकालमा अष्टमी, चतुर्दशी, अमावास्या, पूर्णिमा, संक्रान्ति, रविवार आदि पर्वलाई छाडेर सहवास गर्नु ।।२५।।

देवपित्रतिथीनां च पूजा दीनाऽनुकम्पनम् ।
श्रुतिस्मृत्यर्थसंस्थानं धर्मोऽयं गृहमेधिनः ।।२६।।

देवता पितृ र अतिथिको पूजा गर्नु, दुःखीमा दया गर्नु, वेद र धर्मशास्त्रले बताएको मर्यादामा रहनु, यो गृहस्थहरूको धर्म हो ।।२६।।

जटित्वमग्निहोत्रित्वं भूशय्याजिनधारणम् ।
वने वासः पयोमूलनीवारफलवृत्तिता ।।
प्रतिग्रहनिवृत्तिश्च त्रिस्नानं व्रतचारिता ।
देवातिथीनां पूजा च धर्मोऽयं वनवासिनः ।।२७–२८।।

जटा पाल्नु, विधिपूर्वक अग्निमा हवन गर्नु, खाट पलङ्गहरू छोडी जमी-नमा सुत्नु, मृगको अथवा बाघको छाला लगाउनु, वनमा बस्नु, पानी, कन्दमूल, नाबो धान, फलहरूद्वारा प्राण–यात्रा चलाउनु, दान नलिनु, दिनमा तीन पटक नुहाउनु, ब्रह्मचर्यमा रहनु, देवता र अतिथिहरूको पूजा गर्नु, यो वानप्रस्थको धर्म हो ।।२७–२८।।

सर्वारम्भपरित्यागो भैक्षाश्यं वृक्षमूलिता ।
निष्परिग्रहताऽद्रोहः समता सर्वजन्तुषु ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रियाप्रियापरिष्वङ्गः सुखदुःखाऽविकारिता ।
सबाह्याऽऽभ्यन्तरं शौचं वाग्यमो व्रतचारिता ॥
सर्वेन्द्रियसमाहारो धारणा ध्यानयुक्तता ।
भावसंशुद्धिरित्येष परिव्राड्धर्म उच्यते ॥२६-३१॥

संन्यास आश्रमको धर्म बाहेक यज्ञ आदि कुनै कर्मको पनि उठान नगर्नु, धेरैतिरबाट थोरै थोरै गरी बटुलेको भिक्षाको अन्नद्वारा जीविका गर्नु, रूखको फेदमा बस्नु, संन्यासीले लिनुपर्ने भनी शास्त्रले बताएको बाहेक अरू चीजको संग्रह नगर्नु, कुभलो कसैको नचिताउनु, सबै प्राणीहरूमा समताको व्यवहार गर्नु, प्रिय अप्रिय दुवै तरहको सङ्गतबाट बच्नु, सुख र दुःखमा मनःस्थिति एकनास राख्नु, बाहिरी शौच र भित्री शौचले मन पवित्र राख्नु, आवश्यकभन्दा बढ्ता नबोल्नु, नियम र व्रतहरूको सेवा गर्नु, सबै इन्द्रियहरूलाई उनीहरूको विषयबाट हटाउनु, मनका विभिन्न वृत्तिहरूलाई रोक्नु र ध्येय वस्तुमा लगाउनु, भावना पवित्र राख्नु, गरिने काममा शङ्का नलिनु, यो परिव्राट् या संन्यासीको धर्म हो ॥२९-३१॥

अहिंसा, सूनृता वाणी, सत्यं, शौचं, दया, क्षमा ।
वर्णिनां लिङ्गिनां चैव सामान्यो धर्म उच्यते ॥ ॥३२॥

कुनै पनि रूपमा कसैलाई कष्ट नदिनु, कोमल, साँचो र प्यारो बोली बोल्नु, सत्य व्यवहार गर्नु, दिल पवित्र राख्नु, बाहिरी शौच राम्ररी गर्नु, दुःखीहरूमा दया गर्नु, सहनशील हुनु, यी ब्रह्मचारी एवं आश्रमी व्यक्तिहरूका सामान्य धर्म हुन् ॥३२॥

स्वर्गाऽऽनन्त्याय धर्मोऽयं सर्वेषां वर्णिलिङ्गिनाम् ।
अस्याऽभावे तु लोकोऽयं सङ्कराग्नाशमाप्नुयात् ॥ ॥३३॥

सबै तरहका ब्रह्मचारीहरू र आश्रमीहरूका निमित्त अलग अलग गरी बताइएको यो धर्म ती व्यक्तिहरूको अधिकारअनुसार स्वर्ग एवं मोक्ष दिन समर्थ छ । यो धर्म नभएमा सारा दुनियाँमा कर्मसाङ्कर्य (एक जातिको काम अर्कोले गर्नु) जातिसाङ्कर्य (नमिल्दो जातमा यौन सम्बन्ध राख्नु) को भरमार हुन्छ र दुनियाँ पथभ्रष्ट भई नासिन्छ ॥३३॥

सर्वस्याऽस्य यथान्यायं भूपतिः संप्रवर्तकः ।
तस्याऽभावे धर्मनाशस्तदभावे जगच्च्युतिः ॥३४॥

यो सबै वर्ण र आश्रमको धर्म ठीकसँग चलाउने राजा हो । यसरी वर्ण एवं आश्रम-धर्महरूलाई सुरक्षित राखेर चलाउने राजा नभएमा धर्म नासिन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र धर्म नभएपछि संसारकै अधःपतन हुन्छ ।।३४।।

वर्णाऽऽश्रमाऽऽचारयुतो वर्णाऽऽश्रमविभागवित् ।
याता वर्णाऽऽश्रमाणां च पार्थिवः स्वर्गलोकभाक् ।। ।।३५।।

ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र यी चार वर्ण र ब्रह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ, संन्यास, यी चार आश्रमहरूको विभागलाई सम्झेको, स्वयं आफ्नो वर्ण र आश्रमको आचार नियममा रहने तथा यी वर्ण र आश्रमहरूलाई सुरक्षित राख्ने राजा स्वर्गको भागी हुन्छ ।।३५।।

वर्णाश्रम–व्यवस्था नामक चौथो प्रकरण समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्ड–माहात्म्य–प्रकरण

इति यस्माद्‌भौ लोकौ धारयत्यात्मवान्नृपः ।
प्रजानां च ततः सम्यग् दण्डं दण्डीव धारयेत् ॥६६॥

यसरी वर्ण र आश्रमको व्यवस्थालाई ठीक गराएको, आफ्नो र आफ्ना प्यारा प्रजाहरूका यो लोक र परलोक दुवैको उन्नतिको भार आफ्ना काँधमा लिने राजाले, सफा शास्त्रीय ज्ञान, उत्कृष्ट बुद्धि, धैर्य आदि उच्चकोटिको व्यक्तिमा हुनुपर्ने गुणहरूले युक्त भएर यमराजले झैं निर्भयतासाथ दण्डधारण गर्नुपर्छ* ॥३६॥

उद्वेजयति तीक्ष्णेन, मृदुना परिभूयते ।
दण्डेन नृपतिस्तस्माद् युक्तदण्डः प्रशस्यते ॥३७॥

दबाउने मात्र उद्देश्यले प्रयोग गरेको कडा दण्डले दुनियाँलाई बिच्क्याउँछ । दण्ड निकै शिथिल भयो भने पनि दुनियाँ राजालाई टेर्न छोड्छ । यस कारण उचित दण्डको प्रयोग गर्ने राजा प्रशंसाको पात्र हुन्छ ॥३७॥

त्रिवर्गं वर्धयत्याशु राज्ञो दण्डो यथाविधि ।
प्रणीतोऽथाऽसमञ्जस्याद् वनस्थानपि कोपयेत् ॥३८॥

शास्त्रीय नियम–बमोजिम अपराध अनुसार अपराधीको स्वभाव सुधार्ने उद्देश्यले दिएको न्याययुक्त राज–दण्डले राजा प्रजा दुवैको त्रिवर्ग (धर्म, अर्थ, काम) लाई बढाउँछ । काम, क्रोधको वश भएर वा अज्ञानवश जथाभावी दिएको दण्डले वानप्रस्थीहरूलाई समेत क्रोक्याउँछ भने गृहस्थीको त के कुरा ॥३८॥

लोकशास्त्राऽनुगो नेयो दण्डोऽनुद्वेजनः श्रिये ।
उद्वेजनादधर्मः स्यात् तस्माद् ध्वंसो महीपतेः ॥३९॥

लोक–व्यवहार र शास्त्र–मर्यादाको अनुसार प्रयोग गरिएको दण्डले दुनियाँलाई नबिच्क्याईकन कर्तव्य–निष्ठ गराउने हुनाले त्यस्तो दण्ड ऐश्वर्य बढाउने हुन्छ । खालि दुनियाँलाई सताउने पिर्ने खालको पक्षपाती अन्यायपूर्ण

*यस प्रकार कसूरअनुसारको निष्पक्ष दण्ड दिने, न्यायी र कर्तव्य–परायण राजालाई स्थानापन्न धर्मराज सम्झेर दुनियाँहरू अपराध गर्न डराउँछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डले अधर्म पैदा गर्नुको साथै राजाको ऐश्वर्यमा धक्का पनि पुऱ्याउँछ र त्यसबाट राजाको अधपतन हुन्छ ।।३९।।

परस्परामिश्रतया जगतो भिन्नवर्त्मनः ।
दण्डाऽभावे परिध्वंसी मात्स्यो न्यायः प्रवर्तते ।।४०।।

दण्डको भय भएन भने, दण्डकै भयले आफ्नो आफ्नो विभिन्न कर्तव्यपथमा रहने दुनियाँमा सहसा सनातन कर्तव्यको र न्यायमार्गको वास्तै हुँदैन र परस्परमा बलियाले निर्धालाई आफ्नो भोग्य सम्झँदै दबाउन वा अँठ्याउन बेरै नलाउने हुनाले समाजमा योग्य दण्डधारीको जरूरत हुन्छ । त्यो नभए सत्यानाशी मात्स्य-नीति* चलिहाल्छ ।।४०।।

जगदेतन्निराक्रन्दं कामलोभादिभिर्बलात् ।
निमज्ज्यमानं निरये राज्ञा दण्डेन धार्यते ।।४१।।

अरू आश्रय (आपदमा दुःख बिसाउने ठाउँ) नहुनाले कामुकता, लोभ आदि दोषले विवश भएर जथाभावी स्वयं नरकमा भासिन लागेको यस दुनियाँलाई राजाले नै दण्डद्वारा ठीक कर्तव्यको बाटोमा लगाउनुपर्छ ।।४१।।

इदं प्रकृत्या विषयैर्वशीकृतं
परस्परस्त्रीधनलोलुपं जगत् ।
सनातने वर्त्मनि साधुसेविते
प्रतिष्ठते दण्डभयोपपीडितम् ।।४२।।

एक दोस्राको धन र स्त्रीमा लुब्ध हुने यो दुनियाँ स्वभावैले भौतिक सुखप्राप्तिका चाहनाले विवश गराइएको छ । यस कारण, त्यो केवल दण्डको डरले जकडिएर मात्र सज्जनहरूले सेवा गरिएको सनातन कर्तव्यको बाटोमा लाग्दछ ।।४२।।

नियतविषयवर्ती प्रायशो दण्डयोगा—
ज्जगति परवशेऽस्मिन् दुर्लभः साधुवृत्तः ।
कृशमथ विकलं वा व्याधितं वाऽधनं वा
पतिमपि कुलनारी दण्डभीत्याऽभ्युपैति ।।४३।।

सदा भौतिक भोग्य पदार्थहरू भोग्ने इच्छाले आकुल व्याकुल दिल भएको यस दुनियाँमा धेरैजसो व्यक्तिहरू दण्डकै डरले आफ्नो आफ्नो मर्यादामा रहन्छन् । दण्डभय नभईकन आफूखुशी मर्यादामा रहने व्यक्ति पाउनु ज्यादै

*ठूला माछाले साना माछालाई खाए झैं बलियाले दुब्लालाई सताउने पद्धतिलाई मात्स्य-नीति भन्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गाह्रो छ । यहाँसम्म कि कुलीन स्त्रीहरू पनि दण्डकै डरले दुब्लो, अङ्ग भङ्ग भएको, रोगी वा गरीब पतिको सेवामा प्रवृत्त भइरहन्छन् ।।४३।।

इति परिगणिताऽर्थः शास्त्रमार्गाऽनुसारी
नियमयति यतात्मा यः प्रजा दण्डनीत्या ।
अपुनरपगमाय प्राप्तमार्गप्रचाराः
सरित इव समुद्रं सम्पदस्तं विशन्ति ।।४४।।

यसरी वास्तविक कुरा सोचेर शास्त्रले बताएको बाटो पच्छ्याउने र आफू आफ्नो मर्यादामा रहने जुन जितेन्द्रिय राजा दण्डनीतिद्वारा दुनियाँलाई आफ्नो नियन्त्रणमा राख्तछ, त्यस्तो राजाको समीपमा फेरि नफिर्ने गरी चारैतिरका विभिन्न बाटाहरूबाट सर्वतोमुखी सम्पत्ति आउँछन्, जस्तो कि थरी थरी बाटो लिएर नदीहरू चारैतिरबाट फेरि नफर्कने गरी समुद्रमा पस्छन् ।।४४।।

दोस्रो सर्ग एवं दण्ड—माहात्म्य प्रकरण समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो सर्ग

आचार-व्यवस्थापन-प्रकरण

दण्डं दण्डीव भूतेषु धारयन् धरणीसमः ।
प्रजाः समनुगृह्णीयात् प्रजापतिरिव स्वयम् ॥१॥

निष्पक्षपाती, धैर्य र सहनशीलतामा पृथिवीसमान भएका राजाले दण्डधारी धर्मराजले झैं सबै दुनियाँलाई अपराधअनुसार दण्ड दिनुपर्छ र मौका मौकामा प्रजापतिले झैं उनीहरूलाई आफ्ना सन्तति-तुल्य सम्झी अनुग्रह पनि गर्नुपर्छ ॥१॥

वाक् सूनृता, दया, दानं, दीनोपगतरक्षणम् ।
इति सङ्गः सतां; साधु हितं सत्पुरुषव्रतम् ॥२॥

साँचो र प्यारो बोलीको प्रयोग गर्नु, दुःखीमा दया गर्नु, देश, काल-अनुसार उचित पात्रमा दिनु, दुःखी र आफ्नो शरणमा आउनेहरूको रक्षा गर्नु सज्जनहरूको सङ्गत गर्नु; यो पाँच प्रकारको सत्पुरुषहरूको सुन्दर र हितकारी व्रत हो। (यस व्रतले तत्काल दुनियाँहरूको प्रेमपात्र बनाउनुको साथै व्रत गर्ने व्यक्तिको भविष्यलाई पनि धेरै उज्यालो पार्छ) ॥२॥

आविष्ट इव दुःखेन तद्गतेन गरीयसा ।
समुन्नतः करुणया परया दीनमुद्धरेत् ॥३॥

दुःखी व्यक्तिका हृदयमा भएको गहन दुःखको भार आफ्नै हृदयमा परेको जस्तो मानेर ठूलो दयाका साथ राजाले दुःखीको उद्धार गर्नुपर्छ ॥३॥

न तेभ्योऽभ्यधिकाः सन्ति सन्तः सत्पुरुषव्रताः ।
दुःखपङ्कार्णवे मग्नं दीनमभ्युद्धरन्ति ये ॥४॥

ठूलो धाप जस्तो भयङ्कर दुःखमा फसेका व्यक्तिहरूको उद्धार गर्न सक्ने सत्पुरुषको व्रत लिएका व्यक्तिहरूभन्दा अधिक श्रेष्ठ पुरुष अरू हुनै सक्तैनन् । अर्थात् परोपकारिता अरू कुनै महत्त्व-पूर्ण गुणहरू* भन्दा कम होइन ॥४॥

---

*यसै प्रकरणको द्वितीय श्लोकमा हेर्नुहोस्; पाँच प्रकारका ।

माधव सँकोची

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दयामास्थाय परमां धर्मादविचलन्नृपः ।
पीडितानामनाथानां कुर्यादश्रुप्रमार्जनम् ॥५॥

राजाले आफ्नू धर्ममा डटेर अत्यन्त दयालु दिलले अनाथ दुःखीहरूको आँसु पुच्छ्नुपर्छ ॥५॥

आनृशंस्यं परो धर्मः सर्वप्राणभृतां मतः ।
तस्माद्राजाऽऽनृशंस्येन पालयेत् कृपणं जनम् ॥६॥

दिलमा दया प्रधान भएको कोमल भावना लिनु सबै प्राणीहरूको निमित्त ठूलो धर्म हो । त्यस कारण राजाले यस्तै कोमल भावना लिएर दुःखीको पालना गर्नुपर्छ ॥६॥

न हि स्वसुखमन्विच्छन् पीड़येत् कृपणं नृप ।
कृपणः पीड्यमानो हि मन्युना हन्ति पार्थिवम् ॥७॥

राजाले व्यक्तिगत फाइदा उठाउनको निमित्त दुःखी व्यक्तिहरूलाई सताउनु हुँदैन । किनभने यसरी सताइएका दुःखी व्यक्तिहरू दुःखको अत्याहटबाट निस्केको क्रोकले राजैलाई सिध्याउन बेर मान्दैनन् ॥७॥

को हि नाम कुले जातः सुखलेशोपलोभितः ।
अल्पसाराणि भूतानि पीडयेदविचारयन् ॥८॥

ठूला घरानाको कुन व्यक्ति तुच्छ सुखमा लोभिएर शक्ति–हीन दुःखी व्यक्तिहरूलाई विचारै नगरी सताउला ॥८॥

आधिव्याधिपरीताय अद्य श्वो वा विनाशिने ।
को हि नाम शरीराय धर्मापेतं समाचरेत् ॥९॥

विभिन्न रोगहरू र मानसिक झन्झटहरूले घेरिएको, आज हो कि भोलि हो भन्नुपर्ने अनित्य शरीरको लागि कुन चाहिं शिष्ट व्यक्ति अरूलाई पीर पार्ने अधर्म–युक्त काम गर्ला ! ॥९॥

आहार्यैर्नीयमानं हि क्षणं दुःखेन ह्यताम् ।
छायामात्रकमेवेदं पश्येदुदकविन्दुवत् ॥१०॥

स्नान, लेपन आदि बनावटी साधनहरूद्वारा यत्नसाथ केही समय मात्र मनोरम गराउन सकिने यस शरीरलाई वर्षाका पानीको फोका झैं तुच्छ एवं छाया जस्तो मात्र सम्झनुपर्छ ॥१०॥

महावाताऽऽहतिभ्रान्तमेघमालाऽतिपेलवैः ।
कथं नाम महात्मानो ह्रियन्ते विषयारिभिः ॥११॥

ठूलो हुरीको झोंक्काले खलबल्याइएको बादलको ताँती झैं ज्यादै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कमजोर भएका शत्रु जस्ता विषयहरूले मनस्वी महात्माहरूलाई कसरी आक्रान्त या विचलित गर्न सक्लान् ! अर्थात् उनीहरू जितेन्द्रिय हुनाले क्षण–भङ्गुर तुच्छ विषय–सुखको फेरमा पर्दैनन् ।।११।।

जलाऽन्तश्चन्द्रचपलं जीवितं खलु देहिनाम् ।
तथाविधमिति ज्ञात्वा शश्वत्कल्याणमाचरेत् ॥१२॥

वास्तवमा प्राणीहरूको जीवन पानीभित्रको चन्द्रमाको छायाँ जस्तै चञ्चल छ; त्यस कारण राजाले पनि आफ्नो जीवनलाई त्यस्तै क्षण–भङ्गुर सम्झेर हर बखत दुःखीहरूको आँसु पुछ्नु जस्ता असल काम गर्दै रहनुपर्छ ।।१२।।

जगन्मृगतृषातुल्यं वीक्ष्येदं क्षणभङ्गुरम् ।
सुजनैः सङ्गतिं कुर्याद् धर्माय च सुखाय च ॥१३॥

मानिसले धेरै काल नटिक्ने यस विनाश–शील संसारलाई मृगतृष्णा* जस्तै झुट्टा सम्झेर धर्म एवं सुख ऐश्वर्यको निमित्त धार्मिक र आर्थिक सल्लाह दिन सक्ने सज्जनको संगत गनुपर्छ ।।१३।।

सेव्यमानस्तु सुजनैर्महानतिविराजते ।
सुधालिप्त इव श्रीमान् प्रासादश्चन्द्ररश्मिभिः ।।१४।।

जुन उदार दिलको राजा धार्मिक एवं आर्थिक सल्लाह दिन सक्ने योग्य विद्वान्हरूले सेवा गरिएको छ, त्यो राजा, रातमा चाँदनीले झलमल्ल भएको चूनले पोतिएको राम्रो दरबार झैं ज्यादै सुशोभित हुन्छ ।।१४।।

हिमांशुमाली न तथा नोत्फुल्लकमलं सरः ।
आनन्दयति चेतांसि यथा सज्जनचेष्टितम् ॥१५॥

सज्जनहरूको काम कारबाइले जति दिल प्रसन्न गराउँछ, त्यति न ठण्डा किरणशाली चन्द्रमाले गराउँछन्, न त ढकमक्क कमल फुलेका कमल पोखरीहरूले नै गराउँछन् ।।१५।।

गीष्मसूर्यांशुसन्तप्तमुद्वेजनमनाश्रयम् ।
मरुस्थलमिवोदग्रं त्यजेद् दुर्जनसंश्रयम् ॥१६॥

ग्रीष्म ऋतुका सूर्यका किरणहरूले खूब तातेको, देख्तै मनमा उराठ लाग्ने प्राणीमात्रले बसोबास गर्न नसकिने ठूलो उच्चाटलाग्दो मरुभूमि जस्तो दुर्जनको संसर्गबाट टाढै रहनुपर्छ ।।१६।।

*तिर्खाएका मृगले टाढाबाट बालुवा टल्किएको देख्ता त्यसलाई पानी सम्झिएर पिउन त्यसतर्फ दौडनुलाई मृगतृष्णा भन्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रुतशीलोपसम्पन्नमकस्मादेव दुर्जनः ।
अन्तः प्रविश्य दहति शुष्कवृक्षमिवानल ॥१७॥

जो व्यक्ति दुष्ट छ त्यो विद्या, शील स्वभावले सम्पन्न सज्जनको समीपमा कता-कताबाट अकस्मात् भित्र घुसेर आगोले सुकेको रूखलाई जस्तै उसलाई भित्र-भित्रै जलाउँछ ॥१७॥

निश्वासोद्‌गीर्णहुतभुग्धूमधूम्रीकृताननैः ।
वरमाशीविषैः सङ्गं कुर्यान्नत्वेव दुर्जनैः ॥१८॥

बरु लामो श्वास लिंदा उकेलिएको विषाग्निका धूवाँले चेहरा नै कालो गराएका सर्पको संगत गर्नु बेश छ, तर दुर्जनको संगत गर्नु कदापि बेश छैन ॥१८॥

नीयते स्वच्छहृदयैः पिण्डो येनैव पाणिना ।
मार्जार इव दुर्वृत्तस्तमेव हि विलुम्पति ॥१९॥

स्वच्छ दिल भएका व्यक्तिहरूले जुन हातले दुष्टको निमित्त गाँस (भोजन) लगिन्छ, त्यो दुष्ट व्यक्ति वन–बिरालोले झैं त्यसको त्यै अङ्ग कोपरेर आफ्नू दुष्टताको परिचय दिन्छ ॥१९॥

असाध्यं साधु मन्त्राणां तीव्रं वाग्विषमुत्सृजन् ।
द्विजिह्वं वदनं धत्ते दुष्टो दुर्जनपन्नगः ॥२०॥

असल कुराको सान्त्वनाले दुष्टलाई सन्तुष्ट गर्न कहिल्यै सकिन्न । त्यो अलिकति नाराज हुनासाथ विष जस्ता कडा कडा गाली उकेल्न थालिहाल्छ । उसका बोलीको पनि केही ठेगाना हुँदैन । जो पायो, सो बोल्छ । त्यसैले मानौं उसका जिब्रा पनि दुइटा हुन्छन् । यस कारण दुर्जन ठीक सर्प जस्तै हुन्छ ॥२०॥

क्रियतेऽभ्यर्हणीयाय सुजनाय यथाऽञ्जलिः ।
ततः साधुतरः कार्यो दुर्जनाय हितार्थिना ॥२१॥

पूजनीय चरित्र भएका महापुरुषको सत्कारका निमित्त जसरी हात जोडेर नमस्कार आदिद्वारा विनय--प्रदर्शन गरिन्छ, त्यस्तै आफ्नू भलो चाहने व्यक्तिले दुर्जनको सत्कारका लागि त्यसभन्दा धेरै बढ्ता सावधान हुनुपर्छ, अर्थात् सान्त्वनाद्वारा नै दुर्जनबाट काम लिन सकिन्छ ॥२१॥

ह्लादिनीं सर्वसत्वानां सम्यग्जनजिह्वीर्षया ।
भावयेत् परमां मैत्रीं विसृजेल्लौकिकीं गिरम् ॥२२॥

जनताका दिल आफ्नोतर्फ राम्ररी झुकाउनको निमित्त प्राणीमात्रको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिललाई गद्‌गद गराउने ठूलो सौहार्द-भाव सबैमा फैलाउनुपर्छ । सामान्य व्यवहारमा पनि सर्वसाधारणमा चलेको लौकिक शब्दको प्रयोग नगरी मनोरम साहित्यिक शब्दावलीद्वारा हमेशा काम लिनुपर्छ ।।२२।।

नित्यं मनोपहारिण्या वाचा प्रह्लादयेज्जनम् ।
उद्वेजनीयो भवति क्रूरवागर्थदोऽपि सन् ।।२३।।

निठुरी र कडङ्गिने स्वभावको धन दिने अर्थात् दानशील भए तापनि दुनियाँको दिल आकृष्ट गर्न सक्तैन। दुनियाँ उसदेखि तर्सन्छ। त्यस कारण राजाले सधैं सुन्दर कोमल र मनोरम शब्दको प्रयोगद्वारा दुनियाँलाई रङ्ग गराउनुपर्छ ।।२३।।

हृदि विद्ध इवात्यर्थं यथा सन्तप्यते जनः ।
पीडितोऽपि हि मेधावी न तां वाचमुदीरयेत् ।।२४।।

जुन वाणीले गर्दा मानिस छातीमा बिझेको बाणले झैं खूब छटपटाउँछ, त्यस्ता शब्दको प्रयोग जस्तोसुकै सङ्कटमा पनि बुद्धिमान् राजाले गर्न हुँदैन ।।२४।।

तीव्राण्युद्वेगकारीणि विसृष्टान्यशमात्मकैः ।
कृन्तन्ति देहिनां मर्मशास्त्राणीव वचांसि च ।।२५।।

अशान्त दिल भएका, कडा मिजासका मानिसहरूले प्रयोग गरिएका दिल दुखाउने कठिन शब्दहरू पनि हतियारहरू जस्तै प्राणीहरूको मर्म बिंध्ने हुन्छन् ।।२५।।

प्रियमेवाऽभिधातव्यं सत्सु नित्यं द्विषत्सु च ।
शिखव केकामधुरः प्रियवाक् कस्य न प्रियः ।।२६।।

यस कारण राजाले सज्जन मित्रहरूमा र सबै शत्रुहरूमा पनि प्रिय एवं मनोरम शब्दकै प्रयोग गर्नुपर्छ । आफ्नो वाणीले गर्दा सबैको मनपर्दो मयूर झैं प्यारो बोल्ने व्यक्ति कसलाई मन पर्दैन ।।२६।।

अलङ्क्रियन्ते शिखिनः केकया मदरक्तया ।
वाचा विपश्चितोऽत्यर्थं माधुर्यगुणयुक्तया ।।२७।।

मयूरहरू मदले सुमधुर भएको आफ्नो केका* (वाणी) ले सुशोभित भए जस्तै माधुर्य गुणले युक्त भएका बोलीले विद्वान्‌हरू सुशोभित हुन्छन् ।।२७।।

मदरक्तस्य हंसस्य कोकिलस्य शिखण्डिनः ।
हरन्ति न तथा वाचो यथा साधु विपश्चितः ।।२८।।

---

*यो शब्द मयूरको लागि मात्र प्रयोग गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मदले कण्ठ–ध्वनि राम्रो भएका हाँस, कोइली र मयूरहरूका बोलीहरू मानिसको मन त्यति खिच्न सक्तैनन्, जति योग्य विद्वान्को मधुर वाणीले खिच्तछ ॥२८॥

गुणानुरागी स्थितिमान् श्रद्दधानो दयान्वितः ।
धनं धर्माय विसृजेत् प्रियां वाचमुदीरयन् ॥२६॥

राजाले स्वयं मर्यादाको परिपालक, सदाचारी भएर गुणी व्यक्तिहरूका गुणको कदर गर्न जान्नुपर्छ तथा श्रद्धासँग दयापूर्ण भावनाले प्यारो वचनको प्रयोग गर्दै धर्मको निमित्त धन खर्चिनु पनि पर्छ ॥२९॥

ये प्रियाणि च भाषन्ते प्रयच्छन्ति च सत्कृतम् ।
श्रीमन्तो वन्द्यचरणा देवास्ते नरविग्रहाः ॥३०॥

जुन व्यक्तिहरू धनी भएर मनोहर वचनद्वारा पाउने व्यक्तिको दिल प्रफुल्लित गराउँदै सत्कारसाथ दान गर्छन् तिनीहरू मानिसको शरीर लिएका वन्दनीय देवता हुन् साधारण मानिस होइनन् ॥३०॥

शुचिरास्तिक्यपूतात्मा पूजयेद्देवताः सदा ।
देवतावद्गुरुजनमात्मवच्च सुहृज्जनम् ॥३१॥

शौच–क्रिया र शास्त्रको मननले शरीर एवं मनलाई र आस्तिक भावनाले आत्मालाई पवित्र गराएर राजाले सधैं देवताहरूको पूजा गर्नुपर्छ । देवताको जस्तै गुरुजनको पनि सत्कार गर्नु र मित्रहरूलाई आफैं जस्तो सम्झेर उनीहरूको कदर गर्नुपर्छ ॥३१॥

प्रणिपातेन हि गुरुन् सतोऽनूचानचेष्टितैः ।
कुर्वीताऽभिमुखान् भूत्यै देवान् सुकृतकर्मणा ॥३२॥

राजाले आफ्नो ऐश्वर्यका निमित्त पिता माता गुरु आदि मान्यवर्गलाई दण्डवत् प्रणति र विनम्र व्यवहारद्वारा, सज्जन विद्वान्हरूलाई शास्त्रीय विद्वान्मा हुनुपर्ने शिष्टताद्वारा र देवताहरूलाई यज्ञ, पूजा, उपासनाद्वारा आफ्नो अनुकूल राख्नुपर्छ ॥३२॥

सद्भावेन हरेन्मित्रं संभ्रमेण च बान्धवान् ।
स्त्रीभृत्यान् प्रेमदानाभ्यां दाक्षिण्येनेतराञ्जनान् ॥३३॥

राजाले असल भावना या विश्वासद्वारा मित्रलाई आफ्नो अनुकूल राख्नुपर्छ । नातागोताका मानिसहरूलाई साखिल्लो भावनासाथको स्वागतले अनुकूल राख्नुपर्छ । स्त्रीहरूलाई प्रेमले र नोकर चाकरहरूलाई इनाम बकस दिनु आदिले अनुकूल राख्नुपर्छ, एवं अरू व्यक्तिहरूलाई उनको मनोनुकूल व्यवहारले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो अनुकूल गराउनुपर्छ ॥३३॥

अनिन्दा परकृत्येषु स्वधर्मपरिपालनम् ।
कृपणेषु दयालुत्वं सर्वत्र मधुरा गिरः ॥
प्राणैरप्युपकारित्वं मित्रायाऽव्यभिचारिणे ।
गृहागते परिष्वङ्गः शक्त्या दानं सहिष्णुता ॥
स्वसंवृद्धिष्वनुत्सेकः परवृद्धिष्वमत्सरः ।
नाऽन्योपतापि वचनं मौनव्रतचरिष्णुता ॥
बन्धुभिर्बद्धसंयोगः सुजने चतुरस्त्रता ।
तच्चित्तानुविधायित्वमिति वृत्तं महात्मनाम् ॥३४–३७॥

अरूका कामको निन्दा नगर्नु, आफ्ना धर्मको पालना गर्नु, दुःखीहरूमा दया गर्नु, सबैतिर मीठो वचनको प्रयोग गर्नु, भनेको कुरा फरक नपार्ने सच्चा मित्रको प्राण–पणले उपकार गर्नु, घरमा आएका सज्जन मित्र, अतिथिहरूमा प्रेमपूर्ण व्यवहार गर्नु, शक्तिअनुसार दान गर्नु, सहनशील हुनु, आफ्नो बढीबढाउमा गर्व नगर्नु, अरूको उन्नतिमा डाह नलिनु, अर्कालाई सन्ताप नपार्ने न्याययुक्त कुरा बोल्नु, अनुचित र अनावश्यक कुरा नबोल्नु, बन्धुहरूसँग हेलमेल बढाएर सम्बन्ध शिथिल हुन नदिनु, सज्जन विद्वान्हरूको अनुकूल हुनु, उनको मनोभाव बुझेर चल्नु, यो सद्वृत्त (महापुरुषहरूमा हुने आचरण) हो ॥३४–३७॥

सनातने वर्त्मनि साधु तिष्ठता—
मयं हि पन्था गृहमेधिनां मतः ।
अनेन गच्छन्वियतं महात्मना—
मिमं च लोकं परमं च विन्दति ॥३८॥

आफ्नो आफ्नो सनातन धर्मको बाटोमा राम्ररी चल्ने गृहस्थहरूको निमित्त कर्तव्यको बाटो यही हो । महात्माहरूले अपनाइएको यस मार्गद्वारा चल्ने व्यक्तिका यो लोक परलोक दुवै अवश्य नै सप्रन्छन् ॥३८॥

इति पथि विनिवेशितात्मनो
रिरपि गच्छति साधु मित्रताम् ।
तदवनिपतिमत्सराद्दते
विनयगुणेन जगद्वशं नयेत् ॥३९॥

यस प्रकारले बताएअनुसारको कर्तव्यको बाटोमा मन लगाउने व्यक्तिको शत्रु पनि एक असल मित्र हुन आउँछ । यस कारण राजाले अरू राजाहरूको डाहा गर्न छोडेर आफ्नो विनयगुण (सद्व्यवहार) द्वारा संसारलाई वशमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पार्नुपर्छ ॥३९॥

क्व च नरपतिगर्वः संग्रहः क्व प्रजानां
मधुरवचनयोगाल्लोकमभ्याददीत ।
मधुरवचनपाशैरायतालानितः सन्
पदमपि हि न लोकः संस्थितेर्भेदमेति ॥४०॥

राजाले आफ्नो रोब जमाउनु अर्कै कुरा हो, दुनियाँको दिल लिन सक्नु अर्कै कुरा हो। अर्थात् राजाको सुदृढ सिंहासन राजदरबारमा भन्दा दुनियाँको दिलमा स्थिर हुने हुनाले सत्य प्रिय र मधुर वचनद्वारा उसले दुनियाँको मन जित्न सक्नुपर्छ । सुमधुर वचन र सद्व्यवहारद्वारा जकड्याएको दुनियाँ पाइला भर पनि मर्यादा नाघ्न सक्तैन । अर्थात् राजाको सद्व्यवहारले प्रभावित भएको दुनियाँ शत्रुको बहकाहटमा लाग्दैन ॥४०॥

तेस्रो सर्ग समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो सर्ग

७ प्रकृति–संपत् प्रकरण

(राजाको उपर्युक्त सद्व्यवहारले उनमा अनुरक्त भएको दुनियाँमा शत्रुको भेद–नीति सफल हुन नसके फैं राज्य पनि गुणद्वारा परीक्षा गरिएको छ भने त्यसमा भेद–नीति चल्न सक्तैन । टुक्रिइगए पनि फेरि संगठित हुन आउँछ । त्यसकारण राज्यको परीक्षण गर्नको निमित्त पहिले 'प्रकृति-संपत्' को वर्णन गरिन्छ । नाम मात्रले राज्यको चर्चा प्रथम सर्गमा भएको हो । अब त्यसको विश्लेषण गरिन्छ)

स्वाम्यमात्यश्च राष्ट्रं च दुर्गं कोशो बलं सुहृत् ।
परस्परोपकारीदं सप्ताङ्गं राज्यमुच्यते ॥१॥

स्वामी※, अमात्य*, राष्ट्र*, दुर्ग※, कोश ⁑, बल▦, सुहृत्▩ यी सात राज्यका अङ्ग हुन् । जस्तै शरीरको प्रत्येक अङ्ग एक दोस्रोको उपकारक हुन्छ र ती अङ्गहरूको समूह नै शरीर हुन्छ, त्यस्तै उपर्युक्त स्वामी, अमात्य आदि सात परस्परमा एक दोस्राका उपकारक राज्यका अङ्ग हुन् र तिनीहरूको समूहभन्दा राज्य भिन्न होइन ॥१॥

एकाङ्गेनाऽपि विकलमेतत् साधु न वर्तते ।
तस्य सामग्र्यमन्विच्छन् कुर्वीताऽऽशु परीक्षणम् ॥२॥

शरीरको कुनै एक अङ्ग खूनी या कमजोर हुँदा त्यसको असर सारा शरीरमा परे जस्तै राज्यका उपर्युक्त सात अङ्ग मध्ये कुनै एकमा कमजोरी या विकृति आयो भने त्यसको असर सारा राज्यमा पर्न जान्छ । अर्को शब्दमा एक अङ्गको कमजोरीले राज्य नै कमजोर हुन्छ । अतः राज्यको अखण्डता चाहने राजाले उसका पूर्वोक्त सात अङ्गहरूमध्ये कुनै अङ्गमा कोही विकार या कमजोरी आउन लागेको छ कि भनी वारंवार परीक्षा गरिरहनुपर्दछ । नत्र समुदाय साध्य राज्य सहसा शिथिल हुन बेर लाग्दैन ॥२॥

※प्रधान शासक, *मन्त्री, एवं सचिव, *जनताले युक्त भएको कुनै एक संस्कृति र एक भाषा प्रधान भएको भूभाग, ※किल्ला, ⁑ राष्ट्रबैंक, ▦फौज ▩मित्रराष्ट्र या हितैषी उच्च अधिकारी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मानमेव प्रथममिच्छेद् गुणसमन्वितम् ।
कुर्वीत गुणसम्पन्नस्ततः शेषपरीक्षणम् ॥३॥

स्वामी (राजा) ले सबभन्दा पहिले आफैंलाई गुणी बनाउन कोशिश गर्नुपर्छ। आफू गुण- ×सम्पन्न भइसकेपछि बाँकी अरू अङ्गको परीक्षा गर्नुपर्छ ॥३॥

साधु भूतलदेवत्त्वं दुर्धार्थिमकृतात्मभिः ।
आत्मसंस्कारसम्पन्नो राजा भवितुमर्हति ॥४॥

राजा भूतलको एउटा देवता हो, यो भूतलदेवत्व (राजाको पद)लाई आत्मसंस्कार✻ नभएको कुनै व्यक्तिले पनि ठीकसँग वहन गर्न सक्दैनन् । त्यस कारण आत्मसंस्कारयुक्त व्यक्ति नै राजा हुन लायक हुन्छ ॥४॥

लोकाधारः श्रियो राज्ञां दुरापा दुष्परिग्रहाः ।
तिष्ठन्त्याप इवाधारे चिरमात्मनि संस्कृते ॥५॥

राजाको ऐश्वर्यको आधार दुनियाँ नै हो, यस कारण राजामा रत्तिएको शिक्षित स्वस्थ दुनियाँलाई पाएरै राजलक्ष्मी फस्टाउँछिन् । राज्यलक्ष्मी या राज्यको ऐश्वर्य भनेको सितिमिति पाइने र सानोतिनो प्रयासले रक्षा गर्न सकिने चीज होइन । बलियो र नचुहिने आधारमा पानी धेरै काल अडेझैं राजनैतिक र अर्थशास्त्रसम्बन्धी विषयहरूले राम्रो संस्कार जमाएको +गुणवान् सुपात्रमा नै यो ऐश्वर्य धेरै काल अड्दछ▦ ॥५॥

कुलं सत्त्वं वयः शीलं दाक्षिण्यं क्षिप्रकारिता ।
अविसंवादिता सत्यं वृद्धसेवा कृतज्ञता ॥
दैवसम्पन्नता बुद्धिरक्षुद्रपरिवारता ।
शक्यसामन्तता चैव तथा च दृढभक्तिता ॥
दीर्घदर्शित्वमुत्साहः शुचिता स्थूललक्ष्यता ।
विनीतता धार्मिकता गुणः साध्वाभिगामिकाः ॥६–८॥

×गुणहरूले युक्त भएको, गुणी ।

✻अनुभव, शास्त्रीय अध्ययन, स्वाभाविक बुद्धिको दृढताद्वारा आत्मा सबल हुनु ।

+यसै प्रकरणको ६-८ श्लोकमा वर्णित पुरुषमा हुनुपर्ने गुणहरूले युक्त भएको ।

▦गुणहरू दुई प्रकारका हुन्छन्– आफ्नो आश्रय गर्ने व्यक्तिको उपकारद्वारा आफूलाई फाइदा गराउने र सीधै आफ्नो उपकार गर्ने । तिनमा पहिला तहका गुणहरू यी हुन्, जसमा ऐश्वर्य चिरस्थायी हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुल (राजाकै वीर्यबाट उत्पन्न भएको हुनु), सत्त्व, (संपत्ति र विपत्तिले मनःस्थितिमा विकार नआउनु) जवान हुनु, असल स्वभाव लिनु, अरूको मनसाय बुझेर तदनुकूल काम गर्न सक्नु, जुम्सो नहुनु, भनेको कुरा फरक नपार्नु, सत्य व्यवहार गर्नु, अनुभवी र बूढापाकाहरूको कदर गर्नु एवं उनीहरूको राय लिनु, गुण चिन्ने हुनु, भाग्यवान् (दैव अनुकूल भएको) हुनु, बुद्धिमान् हुनु, आफ्नो आसपासमा रहने व्यक्तिहरू तुच्छ विचारका दुष्ट नहुनु, आफूले दबाउन सकिने मात्र सामन्त (आश्रित राजा) हुनु, कसैमा भएको प्रेम स्नेह वा भक्ति झट्ट नछुटाउने (दृढ भक्ति) हुनु, पछिको कुरा सोचेर काम गर्न सक्नु, आँटिलो हुनु, चित्त शुद्ध भएको हुनु, ठूलो लक्ष्य भएको मौकामा दिन सक्ने हुनु, इन्द्रियहरूको वशमा नपर्ने विनम्र स्वभावको हुनु, आफ्नो धर्मको श्रद्धासाथ पालन गर्नु, यी उपर्युक्त गुणहरू असल व्यक्तिहरूले आश्रय गरिने या उनीहरूलाई आफूतर्फ झुकाउने हुन् ।।६–८।।

गुणैरेतैरुपेतः सन् सुव्यक्तमभिगम्यते ।
तथा तु कुर्वीत यथा गच्छेल्लोकाभिगम्यताम् ।।९।।

उपर्युक्त गुणहरूले युक्त भएको राजा अवश्य नै दुनियाँले पच्छ्याइने हुन्छ । यसकारण राजाले उक्त गुणहरूलाई आफूमा समाविष्ट गराएर जसरी भए पनि अधिक लोयप्रिय बन्ने कोशिश गर्नुपर्छ ।।९।।

प्रख्यातवंशमक्रूरं लोकसंग्राहिणं शुचिम् ।
कुर्वीतात्महिताकाङ्क्षी परिवारं महीपतिः ।।१०।।

आफ्नो हित चाहने राजाले मन्त्रिमण्डलका सदस्य, हजूरिया, सचिव, पुरोहित, सर्वोच्च न्यायाधीश आदि उच्च–पदस्थ आफ्नो परिवार चुन्दा प्रसिद्ध वंशमा पैदा भएका, अनिष्ठुर (सरल हृदयका), अपवित्र दिल नभएका, दुनियाँदारलाई आफूतर्फ झुकाउन सक्ने, शुद्ध (गुप्त जाँचमा पास भएका) व्यक्तिहरूमध्येबाट चुन्नुपर्छ ।।१०।।

दुष्टोऽपि भोग्यतामेति परिवारगुणैर्नृपः ।
न दुष्टपरिवारस्तु व्यालाक्रान्त इव द्रुमः ।।११।।

राजपरिवार (राजाका अधिक सम्पर्कमा रहने व्यक्तिहरू) असल या गुणी छन् भने अयोग्य नै भए पनि राजा बुद्धिजीवीहरूले आश्रय गरिने हुन आउँछ । उपर्युक्त राज–परिवारका व्यक्तिहरू दुष्ट स्वभावका छन् भने त राजा असलै भए पनि सर्पहरूले ढाकिएको रुख (श्रीखण्ड) झैं दुनियाँले आश्रय गरिने हुँदैन ।।११।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निरुन्धानाः सतां मार्गं भक्षयन्ति महीपतिम् ।
दुष्टात्मानस्तु सचिवास्तस्मात् सुसचिवो भवेत् ॥१२॥

दुष्ट विचार भएका खराब सचिव (मन्त्री) हरू आफ्ना स्वार्थ–सिद्धिको निमित्त सज्जनहरूले अनुसरण गरिने न्यायको बाटोमा काँढा लगाएर बडा चलाकीसँग राजालाई समेत आफ्नै विचारमा मुछ्न बेर मान्दैनन्; त्यस कारण राजाले राम्ररी जाँचेर असल व्यक्तिलाई मात्र मन्त्रिपदमा राख्नुपर्छ ॥१२॥

विभूतीः परमाः प्राप्य सतां संभोग्यतामियात् ।
यासु सन्तो न तिष्ठन्ति ता वृथैव विभूतयः ॥ १३॥

ठूलो ऐश्वर्य पाएर राजाले त्यस ऐश्वर्यद्वारा सज्जन र विद्वान्हरूको आदर सत्कार गर्ने हुनुपर्छ । जुन ऐश्वर्यमा सज्जन र विद्वान्हरूको स्थिति हुँदैन, ती ऐश्वर्यहरू व्यर्थ हुन् ॥१३॥

* वाग्मी प्रगल्भः स्मृतिमानुदग्रो बलवान् वशी ।
नेता दण्डस्य निपुणः कृतविद्यः स्ववग्रहः ॥
पराभियोगप्रसहः सर्वदृष्टप्रतिक्रियः ।
परच्छिद्रान्ववेक्षी च सन्धिविग्रहतत्त्ववित् ॥
गूढमन्त्रप्रचारश्च देशकालविभागवित् ।
आदाता सम्यगर्थानां विनियोक्ता च पात्रवित् ॥
क्रोधलोभभयद्रोहस्तम्भचापल्यवर्जितः ।
परोपतापपैशुन्यमात्सर्येर्ष्यानृतातिगः ॥
वृद्धोपदेशसम्पन्नः शक्तो मधुरदर्शनः ।
गुणानुरागी मितवागात्मसंपत् प्रकीर्तिता ॥१४–१८॥

बोलक्कड हुनु, ढीटो हुनु (सभा आदिमा बोल्दा नधकाउनु), सम्झने शक्ति तीव्र हुनु, कद मिलेको एवं बलवान् हुनु, इन्द्रियहरूलाई अधीनमा राख्नु, फौजलाई आफ्नो तैनाथमा चलाउनु, योग्य दण्ड दिन जान्नु, विभिन्न कलाहरूमा र व्यवहारमा सिपालु हुनु, शास्त्रीय ज्ञान हासिल गरिसकेको हुनु, प्रमादवश कुबाटोमा प्रवेश भइहाल्यो भने पनि त्यसबाट अर्कोले हटाउँदा सजिलैसित हट्न सक्नु, अरूले आक्रमण गरेमा हताश नभैकन तत्काल प्रतिकारको उपाय सोच्न सक्नु, आयोजना एवं प्रारम्भ गरिएका कामहरूमा कहींबाट पनि

*आफ्ना आश्रित व्यक्तिहरूको उपकारद्वारा आफ्नो भलाइ हुने गुणहरू पहिले बताइए । अब सीधै आफ्नो भलाइ गर्ने गुणहरू पाँच श्लोकमा बताइन्छन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सफलता मिल्न सकेन भने 'यो उपाय गरुँला' भनेर पहिले नै सोच्न सक्नु, गुप्तचरहरूद्वारा शत्रुको छिद्र पत्ता लगाउनु, अवस्था अनुसार सन्धि या विग्रह (युद्ध)को ठीकसँग प्रयोग गर्न जान्नु, राज्यका कुनै पनि विषयमा मन्त्रीहरूसँग भएको सल्लाह र त्यसको प्रयोगलाई फलैले दर्शाउने गरी गुप्त राख्नु, कुन कुन समयमा कहाँ कहाँ के के काम हुनुपर्छ भनी उचित विभाजन गर्न जान्नु, आयका स्रोतहरूलाई सफा राखेर तिनीहरूलाई बढाउँदै न्यायपूर्वक कोष बढाउने र राष्ट्रिय धनको दुरुपयोग हुन नपाउने गरी पात्र जाँचेर उचित स्थानमा त्यस धनको उपयोग गर्ने गर्नु; 'अनुचित कुरामा क्रोधिनु, कुठाउँमा लोभ गर्नु, डराउनु, अरूको द्रोह, घमण्ड या विना सोचको काम गर्ने बानी गर्नु, अनर्थमा अरूलाई सताउनु, छुल्याइँ गर्नु, अरूको डाहा गर्नु, अरूको उन्नति हेर्न नसक्ने हुनु र झूटो व्यवहार गर्नु, यति चीजलाई बिलकुलै छोडिदिनु; अनुभवी र पाका व्यक्तिहरूका उपदेश लिनु, कडा शब्दको प्रयोग नगर्नु, सबैमा प्रेमपूर्ण दृष्टि राख्नु, आफ्नो आश्रयमा रहने व्यक्तिहरूका गुणको कदर गर्नु, ठीक चाहिंदो कुरा मात्र बोल्नु; यी सब विशिष्ट व्यक्तिहरूमा हुनुपर्ने महनीय गुणहरू हुन् । यिनीहरूकै नाम आत्मसंपद् (मानिसमा हुनुपर्ने गुण) हो ॥१४–१८॥

इत्यादिगुणसम्पन्ने लोकयात्राविदि स्थिरे ।
निर्वृतः पितरीवास्ते यत्र लोकः स पार्थिवः ॥१९॥

यी उपर्युक्त र यस्तै अरू असल गुणहरूले युक्त भएको दुनियाँको व्यवहार बुझ्ने, स्थिर विचार भएको जुन व्यक्तिको छत्रच्छायामा दुनियाँ बाबुको काखमा झैं निर्भय र निश्चिन्त भई रहन्छ, त्यही राजा हो ॥१९॥

आत्मसंपद्गुणैः सम्यक् संयुक्तं युक्तकारिणम् ।
महेन्द्रमिव राजानं प्राप्य लोको विवर्धते ॥२०॥

यसै प्रकरणका–१४–१८ श्लोकमा बताइएका आत्मसंपद्ले युक्त भएको, सोचेर उचित काम गर्ने महेन्द्र (देवराज इन्द्र) जस्ता राजालाई पाएर दुनियाँ उन्नति गर्छ ॥२०॥

*शुश्रूषा श्रवणं चैव ग्रहणं धारणं तथा ।
ऊहापोहोऽर्थविज्ञानं तत्त्वज्ञानं च धीगुणाः ॥२१॥

*यसै प्रकरणका बुद्धिजीवीहरूले आश्रय गरिने आभिगामिक गुणहरूमा बुद्धि र उत्साह पनि गरेका हुनाले अब तिनीहरूको लक्षण बताइन्छ। त्यसमा पनि पहिले बुद्धिका गुणहरूको वर्णन अब हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुश्रूषा (सुन्न या बुझ्न लायक विषय सुन्ने इच्छा), श्रवण (शुश्रूषा-को विषयलाई बारम्बार सुन्नु या पढ्नु), ग्रहण (सुनेको या पढेको विषय सम्झनु या बुझ्नु), धारण (सुनेर या पढेर बुझेको विषयलाई नबिर्सनको निमित्त अभ्यासद्वारा दृढ गर्नु), ऊहापोह (त्यसरी अभ्यास गरेको विषयलाई तर्क-वितर्क द्वारा जाँच्नु), अर्थ-विज्ञान (त्यस्तो तर्क-संगत विषयको वास्तविक अर्थ राम्ररी बुझ्नु), तत्त्वज्ञान (त्यसको तात्पर्य जानेर गहिराइतक पुग्नु), यी सात बुद्धिका गुण हुन् ।। २१ ।।

दाक्ष्यं शैघ्र्यं तथाऽमर्षः शौर्यं चोत्साहलक्षणम् ।
गुणैरेतैरुपेतः सन् राजा भवितुमर्हति ।।२२।।

दक्षता (सिपालुपन), शीघ्रता (चाँडै काम फर्स्याउनु) अमर्ष (असहिष्णुता अर्थात् अरूको दवाव नसहने बानी), शूरोपन यी चारवटा उत्साहका लक्षण हुन् । यी उपर्युक्त बुद्धि र उत्साहका लक्षण या गुणहरूले युक्त भएको व्यक्ति नै राजा हुन लायक हुन्छ ।। २२ ।।

त्यागः सत्यं च शौर्यं च त्रय एते महागुणाः ।
प्राप्नोति हि गुणान् सर्वानेतैर्युक्तो महीपतिः ।।२३।।

दान-शीलता, सत्य व्यवहार र शूरता यी तीनवटा महान् गुण हुन् । यिनले युक्त भएको राजाले अरू सबै गुण प्राप्त गर्न सक्छ ।। २३ ।।

कुलीनाः शुचयः शूराः श्रुतवन्तोऽनुरागिणः ।
दण्डनीतेः प्रयोक्तारः सचिवाः स्युर्महीपतेः ।।२४।।

राजाका मन्त्रीहरू असल कुलका, पवित्र एवं उच्च विचारका, शूरा, शास्त्रीय ज्ञान हासिल गरेका, राजाको वास्तविक हित चाहने र दण्डनीतिको उचित प्रयोग गर्ने हुनुपर्छ ।। २४ ।।

उपधाशोधिताः सम्यगीहमानाः फलोदयम् ।
तेऽस्य सर्वं परीक्षेरन् सानुरागाः कृताकृतम् ।।२५।।

उपधा (गुप्त जाँचको उपाय) द्वारा जाँच गरिएका राम्रोसँग सफलताको अभिलाषा र उपाय गर्ने ती मन्त्रीहरूले दिलचस्पीसँग राजाका कार्याकार्यको (गरे-नगरेका कामको] जाँचबुझ या हेरविचार गर्नुपर्छ; अर्थात् उनीहरूले राजाका सबै काम भए-नभएको राम्ररी विचारेर उचित परामर्श दिने र पूरा गराउने या गर्ने उद्यम गर्नुपर्छ ।। २५ ।।

उपेत्य धीयते यस्मादुपधेति ततः स्मृता ।
उपाय उपधा ज्ञेया तयाऽमात्यान् परीक्षयेत् ।।२६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुटुक्क गएर कुनै पनि कर्मचारीका उपर जाँचको निमित्त जुन उपायद्वारा गुप्त प्रयोग गरिन्छ त्यस उपायलाई उपधा* भन्दछन्, त्यसैद्वारा मन्त्रीहरूको जाँच गर्नुपर्छ ॥२६॥

ॐस्ववग्रहो जानपदः कुलशीलवलान्वितः ।
वाग्मी प्रगल्भश्चक्षुष्मानुत्साही प्रतिपत्तिमान् ॥
स्तम्भचापलहीनश्च मैत्रः क्लेशसहः शुचिः ।
सत्यसत्त्वधृतिस्थैर्यप्रभावारोग्यसंयुतः ।
कृतशिल्पश्च दक्षश्च प्रज्ञावान् धारणान्वितः ।
दृढभक्तिरकर्ता च वैराणां सचिवो भवेत् ॥२७–२६॥

बेहोशीले कदाचित् कुबाटोमा कदम परे तापनि युक्तिद्वारा सहसा सजिला बाटामा ल्याउन सकिने, आफ्ना मुलुकको नागरिक, कुलीन, असल स्वभावको, बलवान्, बोलैया, ढीटो (ज्यादा संकोच नगर्ने), शास्त्रीय अध्ययन राम्रो भएको, आँटिलो, डर आदिको भाव झट्ट लुकाउन सक्ने या असमञ्जसमा पर्दा झटपट उपाय सोच्न सक्ने, परिआएको काममा अकमक्क नपर्ने अचंचल (स्थिर विचार भएको), मित्रता बढाउन सिपालु, मौकामा कष्ट खप्न सक्ने, पवित्र दिल भएको, सत्यता आत्म-बल धैर्य स्थिरता प्रभाव र आरोग्यले युक्त भएको, सीपको काम पनि जान्ने, चलाख, बुद्धिमान्, धारणशक्ति (पढ गुनेको कुरा याद राख्ने शक्ति) भएको, राजाको दृढ–भक्त एवं वैरभाव नगर्ने स्वभावको सचिव+ हुनुपर्छ ॥२७–२९॥

स्मृतिस्तत्परताऽर्थेषु वितर्को ज्ञाननिश्चयः ।
दृढता मन्त्रगुप्तिश्च मन्त्रिसंपत् प्रकीर्तिता÷ ॥३०॥

---

*यसको व्युत्पत्ति संस्कृतमा यस प्रकारको छः 'उपेत्य– निभृतं गत्वा धीयते निक्षिप्यते गुप्तप्रयोगो यया सा उपधा।' यो चार प्रकारको हुन्छः (१) धर्मोपधा, (२) अर्थोपधा, (३) कामोपधा, (४) भयोपधा । कौटलीय अर्थशास्त्रमा यसको विस्तृत वर्णन छ । द्रष्टव्य-कौ. अ. १-१०-६ ।

ॐअब सचिवमा हुनुपर्ने गुणहरू बताइन्छन् ।

+यहाँ सचिव शब्दको प्रयोग मन्त्री र सचिव दुवैको अर्थमा भएको छ। तिनीहरूका लागि क्रमशः धीसचिव र कर्मसचिव शब्दको प्रयोग अन्यत्र पाइएको छ।

÷यस श्लोकमा बताइएका गुणहरू खास गरेर धीसचिव (मन्त्री) मा हुनुपर्ने हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्मरणशक्ति तीक्ष्ण हुनु, सन्धि, विग्रह आदि मतलबका चीजहरूमा तत्पर या सतर्क रहनु, सोचविचार गर्ने या तर्क गर्ने शक्ति राम्रो हुनु, गर्नुपर्ने काममा जानकारी साथको निश्चय हुनु, प्रारब्ध काममा दृढ रहनु, अर्काको बहकावटमा नलाग्ने हुनु र सल्लाह गुप्त राख्नु; यी मन्त्रीमा रहनुपर्ने गुण हुन् ।।३०।।

त्रय्यां च दण्डनीत्यां च कुशलः स्यात् पुरोहितः ।
अथर्वविहितं नित्यं कुर्याच्छान्तिकपौष्टिकम् ।।३१।।

राजाका पुरोहितले त्रयी (ऋक्, यजु, सामवेद) मा र दण्डनीतिमा सिपालु हुनुपर्छ; साथै अथर्ववेदमा बताइएका शान्ति र पुष्टि बढाउने उपायहरू गर्दै रहनुपर्दछ ।।३१।।

साधु तेषाममात्यानां तद्विधेभ्यश्च बुद्धिमान् ।
चक्षुष्मत्तां च शिल्पं च परीक्षेत गुणद्वयम् ।।३२।।

बुद्धिमान् राजाले ती मन्त्रीहरूका सूक्ष्मदर्शिता र कार्यकुशलता यी दुई गुणको परीक्षा तत्संबन्धी विद्या जान्ने व्यक्तिहरूको सहायता लिएर राम्ररी गर्नुपर्छ ।।३२।।

स्वजनेभ्यो विजानीयात् कुलं स्थानभवग्रहम् ।
परिकर्मसु दाक्ष्यं च विज्ञानं धारयिष्णुताम् ।।
गुणत्रयं परीक्षेत प्रागल्भ्यं प्रतिभां तथा ।
कथायोगेषु बुध्येत वाग्मित्वं सत्यवादिताम् ।।
उत्साहं च प्रभावं च तथा क्लेशसहिष्णुताम् ।
धृतिं चैवाऽनुरागं च स्थैर्यं चापदि लक्षयेत् ।।
भक्तिं मैत्रीं च शौचं च जानीयाद् व्यवहारतः ।
संवासिभ्यो बलं सत्त्वमारोग्यं शीलमेव च ।।
अस्तब्धतामचापल्यं वैराणां चाऽप्यकर्तृताम् ।
प्रत्यक्षतो विजानीयाद् भद्रतां क्षुद्रतामपि ।।३३-३७।।

राजाले ती मन्त्रीहरूको कुल, जन्मस्थान र प्रमादवश कुमार्गमा प्रवृत्त हुँदा फट्ट त्यसबाट हट्ने क्षमता, यी तीन कुराको परीक्षा आपस्त व्यक्तिहरूद्वारा गर्नुपर्छ । खास गरेर उनीहरूका सेवा-कार्यको चातुर्य, विज्ञान (शिल्प या शास्त्र–संबन्धी ज्ञान) एवं स्मरणशक्ति; यी तीन चीजको परीक्षा (मौकामा) स्वयं गर्नुपर्छ । ढीटोपन, प्रतिभा, वाक्–शक्ति र सत्यवादिता चाहिं उनीहरूकै कुराको प्रसङ्गबाट बुझ्नुपर्छ । उत्साह, प्रभाव, दुःख सहने शक्ति, धैर्य, आफ्ना उपरको भक्ति र स्थिरता आपत्को समयमा ठम्याउनुपर्छ । उनीहरूको आफूप्रति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्ति, मैत्रीभावना र दिलको शुद्धता चाहिं उनीहरूकै व्यवहारबाट बुझ्नुपर्छ। शारीरिक बल, आत्मिक शक्ति, नीरोगपन एवं शील स्वभाव या चरित्रसँगै रहने सहयोगी साथीहरूबाट जान्नुपर्छ। झटपट काम फर्स्याउने बानी, स्थिरता र व्यर्थमा झगडा नगर्ने स्वभाव के कस्तो छ त्यो कुरा पनि सँग बस्ने साथीहरूबाटै बुझ्नुपर्छ। तिनको उदारता र क्षुद्रता अर्थात् यो व्यक्ति कत्तिको लोकप्रिय छ अथवा कहाँसम्म आफ्नो तुच्छ स्वार्थलाई मात्र स्थान दिन्छ भन्ने कुरा राजाले स्वयं प्रत्यक्ष रूपमा ज्ञात गर्नुपर्छ ॥३३–३७॥

कर्मानुमेयाः सर्वत्र परोक्षगुणवृत्तयः।
तस्मात् परोक्षवृत्तीनां फलैः कर्म विभावयेत् ॥३८॥

आफूले प्रत्यक्ष रूपमा नदेखेको, केवल अरूको मुखबाटै सुनेको सबै तरहका कर्मचारीहरूका गुण एवं चालचलनहरू सर्वत्र उनीहरूकै कामद्वारा मात्र अनुमान गरिने हुन्छन् र तिनीहरूको काम ठीक छ वा छैन भन्ने कुरा त्यस कामबाट हुने राष्ट्रको लाभ र हानिमा निर्भर गर्छ। अतः आफ्नो रेखदेखदेखि टाढा रहेका व्यक्तिहरूको काम के कस्तो हो भन्ने कुरा त्यसबाट हुने राष्ट्रिय लाभ र हानिकै आधारमा छुट्याउनुपर्छ ॥३८॥

सज्जमानमनर्थेषु निरुन्ध्युर्मन्त्रिणो नृपम्।
गुरूणामपि चैतेषां शृणुयान्नृपतिर्वचः ॥३९॥

अनुचित कार्यतर्फ राजाको प्रवृत्ति हुन लाग्यो भने मन्त्रीहरूले उनलाई रोक्नुपर्छ। कुप्रवृत्तिबाट हटाएर असल मार्गतिर लगाउने हुनाले गुणसम्पन्न मन्त्रीहरू राजाका गुरुस्थानीय हुन्छन्; त्यस कारण राजाले पनि मन्त्रीहरूको कुरा सुन्नैपर्छ ॥३९॥

नरेश्वरे जगत् सर्वं निमीलति निमीलति।
सूर्योदय इवाम्भोजं तत्प्रबोधे प्रबुध्यते ॥४०॥

राजा निदाएमा अर्थात् कर्तव्यविमुख भएमा सारा राष्ट्र नै कर्तव्यविमुख भएर सेलाउँछ। राजा जागरुक एवं कर्तव्यपरायण भएमा सूर्य उदाउँदा कमल फक्रिए झैं समस्त राष्ट्र जागरुक र कर्तव्यनिष्ठ हुन्छ ॥४०॥

तद्बोधयेज्जगन्नाथं संबुध्येत यथा तथा।
धीसत्त्वोद्योगसम्पन्नैस्तत्कार्यं तदुपाश्रितैः ॥४१॥

त्यस कारण राजाले ठीक ठीक आफ्नो कर्तव्य सम्झाउँदा जसरी सम्झन सक्छन् त्यसरी नै उनलाई सम्झाउनुपर्छ। किनभने राजालाई सजग एवं कर्तव्यनिष्ठ गराउने काम बुद्धि, आत्म-शक्ति र उद्योगले युक्त भएका आसपासमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहने उनका आश्रित व्यक्तिहरूकै हो ॥४१॥

नृपस्य ते हि सुहृदस्त एव गुरवो मताः ।
य एनमुत्पथगतं वारयन्त्यनिवारिताः ॥४२॥

जुन मानिसहरू कुबाटोमा लाग्न लागेका राजालाई अनिवार्य रूपले त्यसबाट हटाउँछन्, वास्तवमा तिनीहरू नै उनका सच्चा मित्र र गुरु पनि हुन् ॥४२॥

सज्जमानमकार्येषु सुहृदो वारयन्ति ये ।
सत्यं न ते हि सुहृदो गुरवो गुरवो हि ते ॥४३॥

जुन मित्रहरू आफ्नो भविष्यलाई अन्धकारमय बनाउने कुत्सित कामहरूमा फँस्न लागेका मानिसलाई उक्त प्रकारले त्यसबाट रोक्तछन्, वास्तवमा तिनीहरू कुनै सच्चा मित्र मात्र नभएर महान् गुरु नै हुन् ॥४३॥

कृतविद्योऽपि बलिना व्यक्तं रागेण रज्यते ।
रागोपरक्तचित्तः सन् किं न कुर्यादसांप्रतम् ॥४४॥

राम्ररी विद्या पढेको विद्वान् व्यक्ति पनि बलवती विषय–वासना (भौतिक सुख-भोगको तीव्र इच्छा) द्वारा नरङ्गिइ छोड्दैन । सुखभोगको चाहनाले दिल रन्थन्याइसकेपछि मानिस कुन अकर्तव्य न गर्ला र ! ॥४४॥

पश्यन्नपि भवत्यन्धः पुमान् रागावृतेक्षणः ।
सुहृद्वैद्याश्चिकित्सन्ति निर्मलैर्विनयाञ्जनैः ॥४५॥

विषय–भोगको तीव्र इच्छा (कामुकता) ले विचार-शक्ति बन्द भएको व्यक्ति आँखा नीरोग र खुलै भए तापनि तिनबाट कुनै कुराको राम्रो प्रत्यक्ष-दर्शन गर्न वा त्यसको विषयमा सोच्न सक्तैन अर्थात् ऊ अन्धो जस्तै हुन्छ । यस्ताको उपचार कुनै डाक्टर वा वैद्यबाट नभएर सच्चा मित्ररूप वैद्यको स्वच्छ शिक्षारूपी गाजलद्वारा हुन्छ ॥४५॥

रागमानमदान्धस्य स्खलतः पृथिवीपतेः ।
हस्तावलम्बो भवति सुहृत्सचिवचेष्टितम् ॥४६॥

विषय-भोगको बढ्दो इच्छा र 'देशको सर्वोच्च शासक एवं ऐश्वर्याधिपति हुनाले म मनमाफिक जुनसुकै कुरा गर्न सक्छु' भन्ने घमण्डले वस्तुस्थिति सोच्ने शक्ति बन्द भएपछि कर्तव्य-च्युत भएर गिर्न लागेको राजाको निमित्त भीरबाट गिर्न लागेको व्यक्तिका लागि पतन (गिर्नु) बाट रोक्ने आधार कुनै बुटो भए झैं स्वच्छ दिल भएका मन्त्रीको चेष्टा वा चालचलन नै पतनबाट बचाउने आलम्बन हुन्छ ॥ ४६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मदोद्वृत्तस्य नृपतेः प्रकीर्णस्येव दन्तिनः ।
गच्छन्त्यन्यायवृत्तस्य नेतारः खलु वाच्यताम् ॥४७॥

राजा घमण्डी र उद्धत चालचलनको भएर अन्याय गर्न लागे भने त्यसको जवाफदेही मन्त्रीहरूकै उपर हुन्छ, जस्तो कि बौलाएका हात्तीबाट भए-का जथाभावीको जवाफदेही उसलाई तालीम दिन वा तह लाउन नसक्ने माहुते-माथि नै रहन्छ ॥४७॥

भूगुणैर्वर्द्धते राष्ट्रं तद्वृद्धिर्नृपवृद्धये ।
तस्माद् गुणवतीं भूमिं भूत्यै नृपतिरावसेत् ॥४८॥

जमीनका गुणले राष्ट्रको बढिबढाउ हुन्छ । बढेको राष्ट्रको वृद्धिले राजालाई बढाउँछ । त्यस कारण राजाले ऐश्वर्य-वृद्धिका निमित्त गुणवान् (उब्ज-नी प्रशस्त हुने र हावा-पानी राम्रो भएको) जमीनमा बस्नुपर्छ ॥४८॥

सस्याकरवती पण्यखनिद्रव्यसमन्विता ।
गोहिता भूरिसलिला पुण्यैर्जनपदैर्वृता ॥
रम्या सकुञ्जरवना वारिस्थलपथान्विता ।
अदेवमातृका चेति शस्यते भूर्विभूतये ॥४६–५०॥

विभिन्न अनाजहरू उब्जने खेतहरू प्रशस्त भएको, दैनिक व्यवहारमा काम लाग्ने, पदार्थ एवं खानीबाट प्राप्त हुने सुन चाँदी आदि धातुहरू र नाउ रथ आदिको निर्माणमा काम लाग्ने असल काठहरू भएको, गौचरनहरू कम न-भएको, पानी प्रशस्त हुने आर्य (राम्रो आचरण भएका मानिस) हरूका बस्तीले घेरिएको, हेर्दा पनि रमणीय, हात्ती सहितका वनहरू भएको, जलमार्ग एवं स्थल-मार्ग प्रशस्त भएको, वर्षा नभए पनि कुलो,नहर आदिबाट खेतीको काम चल्न सक्ने, यस्तो किसिमको जमीन ऐश्वर्य बढाउने हुन्छ ॥४९–५०॥

शर्करोपरपाषाणा साटवी नित्यतस्करा ।
रुक्षा सकण्टकवना सव्याला चेति भूरभूः ॥५१॥

गेग्यान, मरुभूमि ज्यादा भएको, ढुङ्गियान, घना जङ्गल भएको, सधैं चोर लागिरहने, रूखो काँडाका घारी धेरै भएको र सर्प बिच्छी आदि विषैला जनावरहरू भएको जमीन अयोग्य हो ॥५१॥

स्वाजीवो भूगुणैर्युक्तः सानूपः पर्वताश्रयः।
शूद्रकारुवणिक्प्रायो महारम्भकृषीबलः ॥
सानुरागो रिपुद्वेषी पीडाकरसहः पृथुः ।
नानादेश्यैः समाकीर्णो धार्मिकः पशुमान् धनी ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईदृग् जनपदः शस्तो मूर्खव्यसनिनायकः ।
तं वर्धयेत् प्रयत्नेन तस्मात् सर्वं प्रवर्तते ।। ।।५२–५४।।

खेती, पशुपालन, व्यापार आदिको सुविधा हुनाले जीविका चलाउन गाह्रो नपर्ने, पूर्वोक्त जमीनका गुणहरूले युक्त भएको, जलाशयहरू प्रशस्त भएको, पहाडहरूको आडमा रहेको, शूद्र, कालिगढ एवं बनियाँहरूले युक्त भएको, ठूलो खेती गर्ने खेतीवालहरूले बसिएको, राजभक्त र शत्रुराष्ट्र या शत्रुराज्यसँग द्वेष राख्ने जनता भएको, दण्ड आदिको दुःख र कर खप्न सक्ने अर्थात् जरीबाना आदि र तिरो सजिलैसँग खपत हुन सक्ने, परिणाममा ठूलो, विभिन्न देशका मानिसहरूले खचिवचाउ भएको, आफ्नो आफ्नो धर्म र आचारमा चल्ने दुनियाँ भएको, पाल्तू पशुहरू प्रशस्त भएको, धनी मूर्ख र व्यसन (कुलत)–मा फसेको नाइके भएको; यस्तो मुलुक राजाका निमित्त असल हुन्छ । राजाले यस्तो मुलुकलाई यत्नसाथ बढाउनुपर्छ । यस्तै मुलुकबाट सारा समस्याको हल हुन्छ ।।५२–५४।।

पृथुसीम महाखातमुच्चप्राकारगोपुरम् ।
समावसेत् पुरं शैल सरिन्मरुवनाश्रयम् ।।५५।।

ठूलो सीमाको परिमाण, गहिरो र ठूलो खाई, अग्लो पर्खालको घेरा, ऊँचा प्रवेश–द्वार (शहरको मूल ढोका) भएको, पहाड, नदी, मरुभूमि या वनको आडमा रहेको शहर राजाको निवास-स्थान हुनुपर्छ ।।५५।।

जलवद् धान्यधनवद् दुर्गं कालसहं महत् ।
दुर्गहीनो नरपतिर्वाताभ्रावयवैः समः ।।५६।।

प्रशस्त पानी एवं धन–धान्य भएको, धेरै समयसम्म शत्रुसँग लड्न सकिने खालको र टिकाउ ठूलो किल्ला बनाउनुपर्दछ । त्यस्तो किल्ला नभएको राजा हावा लागेका अवस्थाको बादलका टुक्रा जस्तै कमजोर या चाँडै नष्ट भ्रष्ट हुने हुन्छ ।।५६।।

औदकं पार्वतं वार्क्षमैरिणं धान्वनं तथा ।
शस्तं प्रशास्तमतिभिर्दुर्गं दुर्गोपदेशकैः ।।५७।।

किल्लाको निर्माण आदि कस्तो हुनुपर्छ भनी जान्ने बुद्धिमान् विशेषज्ञहरूले औदक (पानीको आडमा बनेको), पार्वत (पर्वतको आडमा बनेको), वार्क्ष (जङ्गलहरूको आडमा बनेको), ऐरिण (मरुभूमिको आश्रयमा बनेको), यति चार प्रकारको दुर्गलाई बेश मानेका छन् ।।५७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जलान्नाऽऽयुधयन्त्राढ्यं वीरयोधैरधिष्ठितम्
गुप्तिप्रधानमाचार्या दुर्गं समनुमेनिरे ॥५८॥

पानी, अन्न विभिन्न प्रकारका हतियारहरू र सर्वतोभद्र आदि यन्त्रहरूले युक्त भएको, वीर लडाकाहरूको कमी नभएको र प्रशस्त मात्रामा गुप्त स्थान-हरू भएको किल्ला हुनुपर्छ भन्ने राजनीतिका आचार्यहरूको भनाइ छ ॥५८॥

साऽपसाराणि दुर्गाणि भुवः सानूपजाङ्गलाः ।
निवासाय प्रशस्यन्ते भूभुजां भूतिमिच्छताम् ॥५९॥

ऐश्वर्य या कल्याण चाहने राजाहरूको निवासका निमित्त आपत् परेका बेला सुटुक्क निस्कन हुने गुप्त द्वार–मार्गहरू भएका, पानी र जङ्गल प्रशस्त भएका निवास-स्थान वा किल्लाहरू वेश हुन्छन् ॥५९॥

*कोष (अचल मूलढुकुटी वा बैङ्क) :–

बह्वादानोऽल्पनिःस्रावः ख्यातः पूजितदैवतः ।
ईप्सितद्रव्यसंपन्न हृद्यः स्वाप्तैरधीष्ठितः ॥
मुक्ताकनकरत्नाढ्यः पितृपैतामहोचितः ।
धर्मार्जितो व्ययसहः कोशः कोशज्ञसंमतः ॥६०–६१॥

आमदानीका बाटाहरू प्रशस्त र खर्चका बाटाहरू कम भएको अर्थात् धेरै पैठारी र थोरै निकासी गर्ने, प्रसिद्ध, धनका अधिष्ठातृ-देवता (लक्ष्मी आदि) को उचित पूजा या सत्कार भएको, अभीष्ट चीजहरूले भरिभराउ भएको, देख्ता मनपर्दो, अत्यन्त आपस्त र विश्वासिला मानिसहरूको तैनाथमा रहेको, मोती,सुन र रत्नहरू प्रशस्त भएको, बाबु-बाजेका पालादेखि सञ्चित हुँदै आएको, धर्मपूर्वक अर्जन भएको, खर्च थेग्न सक्ने, यस्तो प्रकारको कोष हुनुपर्छ भन्ने कोशज्ञ (ब्याङ्किङ्ग व्यवस्था जान्ने व्यक्ति)हरूको सम्मति छ ॥६०–६१॥

धर्महेतोस्तथार्थाय भृत्यानां भरणाय च ।
आपदर्थं च संरक्ष्यः कोशः कोशवता सदा ॥६२॥

धार्मिक कार्यहरूको निमित्त, आर्थिक उद्योगहरू बढाउन एवं आफूले पाल्नुपर्ने व्यक्तिहरूको पालन–पोषणको निमित्त र ×आपत्कालको निमित्त कोशवाला व्यक्तिले कोशको सुरक्षा गर्नुपर्छ ॥६२॥

फौज :—

---

*कोष र कोश शब्दको एकै अर्थमा प्रयोग देखिएको छ ।

×आपत्ति मुख्यतया दुई प्रकारका हुन्छन्—दैवी (दैववाट आइपर्ने अनिकाल भूकम्प आदि) र मानुषी (मानिसबाट आइपर्ने आक्रमण आदि)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पितृपैतामहो वश्यः संहतो दत्तवेतनः ।
विख्यातपौरुषो जन्यः कुशलः कुशलैर्वृतः ॥
नानाप्रहरणोपेतो नानायुद्धविशारदः ।
नानायौधसमाकीर्णो नीराजितहयद्विपः ॥
प्रवासायासदुःखेषु युद्धेषु च कृतश्रमः ।
अद्वैध्यः क्षत्रियप्रायो दण्डो दण्डविदां मतः ॥६३–६५॥

पिता पुर्खादेखि चलिआएको, आफ्नो हुकुममा रहने, परस्परमा मिलेको उचित वेतन दिइएको, प्रसिद्ध पुरुषार्थ भएको, आफ्ना देशको नागरिक, कुशल अर्थात् युद्धकला जान्ने, त्यस्तै कुशल सहयोगी भएको, तरह–तरहका हतियारहरू साथमा भएको, विभिन्न किसिमको युद्ध गर्न सिपालु, अनेक थरीका योद्धा (जल सैनिक, स्थल–सैनिक, नभःसैनिक र राती लड्ने कला आदिमा निपुण योद्धा)-हरूले खचिखचाउ भएको, हात्ती घोडाहरूको नीराजन* भएको, परदेशको कष्ट र युद्धका कठिनाइहरू भोगेको, परिआएका काममा दुबिधा नगर्ने या फूट पार्न नसकिने, क्षत्रिय वीरहरू ज्यादा भएको, यस्तो किसिमको फौज फौजी वैज्ञानिकहरूले रुचाइने हुन्छ ॥६३–६५॥

त्यागविज्ञानसत्वाढ्यं महापक्षं प्रियंवदम् ।
आयतिक्षममद्वैध्यं मित्रं कुर्वीत सत्कुलम् ॥६६॥

त्यागी (दानशील), वैज्ञानिक, आत्मिक बल या हिम्मत प्रशस्त भएको धेरै व्यक्तिहरूलाई आफ्ना पक्षमा राखेको, प्यारो बोल्ने, पछिसम्म टिक्न सक्ने, मनपर्दो अर्थात् आफ्नो अनुकूल आचरण भएको कुलीन व्यक्तिलाई आफ्नो मित्र बनाउनुपर्छ ॥६६॥

[*आदौ तन्व्यो बृहन्मध्या विस्तारिण्यः पदे पदे ।
यायिन्यो न निवर्तिन्यः सतां मैत्र्यः सरित्समाः ॥]

[सज्जनहरूका मित्रताहरू नदी झैं शुरूमा साना वा मामूली (कम सम्पर्क भएका) हुन्छन्, बीचमा ठूला घनिष्ठ हुँदै जान्छन्, अनि उत्तरोत्तर बढ्दै जाने र पछि नफर्कने हुन्छन् ॥]

समुत्पन्नेषु कृच्छ्रेषु दारुणेष्वप्यसंशयम् ।
दर्शयेत् स्वच्छहृदयः कुलीनश्चतुरस्रताम् ॥६७॥

सफा दिल भएको कुलीन व्यक्तिले भयंकर कठिन परिस्थिति सहसा

*शास्त्रीय विधिअनुसार गरिने आपत्ति–प्रतिरोधक उपचार विशेष ।
*यो श्लोक सबै पुस्तकहरूमा नपाइने हुनाले प्रक्षिप्त जस्तो छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आइपरे तापनि कुटिलता नलिई सौहार्द–पूर्ण व्यवहार गर्नुपर्छ ॥६७॥

पितृपैतामहं नित्यमद्वैध्यं हृदयानुगम् ।
महल्लघुसमुत्थानं मित्रं कार्यार्थसिद्धये ॥६८॥

आफ्नो कुल–परम्परादेखि मित्रताको व्यवहार गर्दै आएको, लोभ लालचको वहकावटमा नलाग्ने, काममा दुविधा नगर्ने या भित्र बाहिर दुई भाव नराख्ने, मनमिल्दो, विशाल हृदयको र हलुका चालले काम फर्स्याउने खालको मित्र काम सफल गर्नको निमित्त चाहिन्छ ॥६८॥

दूरादेवाभिगमनं, स्पष्टार्था हृदयानुगा ।
वाक्, सत्कृत्य प्रदानं च त्रिविधो मित्रसंग्रहः ॥६९॥

आफूलाई भेट्न आउँदा स्वागतको निमित्त परसम्म लिन जानु र जान लाग्दा पनि परसम्म पुऱ्याउनु, अभिप्राय नछिपेको मनपर्दो बोलीको प्रयोग गर्नु, इज्जतसाथ उपहार दिनु, यी तीनवटा मित्र बटुल्ने उपाय हुन् ॥६९॥

धर्मकामार्थसंयोगो मित्रात्तु त्रिविधं फलम् ।
यस्मादेतत् त्रयं नास्ति तत् सेवेत न पण्डितः ॥७०॥

मित्र–संग्रहको फल के हो भने धर्म, अर्थ, काम, यी तीन पुरुषार्थको प्राप्ति। जुन मित्रबाट यी तीनैमध्ये सबैको या कुनैको पनि आशा गर्न सकिँदैन, त्यस्ता मित्रको संसर्ग बुद्धिमान् व्यक्तिले गर्नु हुँदैन ॥७०॥

औरसं मैत्रसंम्बद्धं तथा देशक्रमागतम् ।
रक्षितं व्यसनेभ्यश्च मित्रं ज्ञेयं चतुर्विधम् ॥७१॥

(१) विवाहिता पत्नीमा आफ्ना वीर्यबाट पैदा भएको सन्तान र एकै पेटका दाजुभाइ, (२) मैत्री–सम्बन्धद्वारा आफ्ना कुल–परम्परादेखि मित्र हुँदै आएका व्यक्तिहरू, (३) आफ्ना शत्रु–राष्ट्रसँग साँध सिमाना जोडिएका राष्ट्र या मित्र–राष्ट्रहरू, (४) संकटमा जीवनको निमित्त शरण पर्न आउँदा बचाइदिएको व्यक्ति; यी चार किसिमका मित्र हुन्छन् ॥७१॥

शुचिता त्यागिता शौर्यं समानसुखदुःखता ।
अनुरागश्च दाक्ष्यं च सत्यता च सुहृद्गुणाः ॥७२॥

शुचिता (छलकपटको व्यवहार नहुनु), दानशील हुनु, शूरो हुनु, परस्परको सुखमा सुख र दुःखमा दुःख मान्नु, एक दोस्राका प्रति प्रेम हुनु, चलाक एवं फुर्तिलो हुनु, सत्य व्यवहार गर्नु; यी मित्रमा हुनुपर्ने गुण हुन् ॥७२॥

तदर्थेहानुरागश्च संक्षिप्तं मित्रलक्षणम् ।
यस्मिन्नेतश्च तन्मित्रं तत्राऽऽत्मानं न निक्षिपेत् ॥ ७३ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परस्परमा एकको दोस्राका प्रति योग्य कामको चेष्टा र प्रेम हुनु नै छोटकरीमा मित्रताको लक्षण हो । जसको आफूप्रति सत्कार्यचेष्टा र प्रेम हुँदैन, त्यो मित्र होइन, त्यसमा आफूलाई नफँसाउनू ॥ ७३ ॥

इति स्म राज्यं सकलं समीरितं
परं प्रतिष्ठाऽस्य धनं सुसाधनम् ।
गृहीतमेतन्निपुणेन मन्त्रिणा ।
त्रिवर्गनिष्पत्तिमुपैति शाश्वतीम् ॥ ७४ ॥

यसरी समस्त राज्यको यहाँ वर्णन गरियो । यस राज्यलाई प्रतिष्ठित गराउने आधार–शिला जस्तो उत्तम साधन धन नै हो । कुशल मन्त्रीले त्यस राज्यको भार–वहन र राम्रोसित संचालन गरेको खण्डमा त्यसबाट अनन्त कालतक धर्म, अर्थ, काम तीनै पुरुषार्थहरू अटूट सफल भइ नै रहन्छन् ॥७४॥

यथान्तरात्मा प्रकृतीरधिष्ठित-
श्चराचरं विश्वमिदं समश्नुते ।
तथा नरेन्द्रः प्रकृतीरधिष्ठित–
श्चराचरं विश्वमिदं समश्नुते ॥७५॥

जसरी अन्तर्यामी आत्मा प्रकृतिहरूलाई+ आफ्ना अधिकारमा राखेर सारा चराचर संसारको उपभोग गर्दछ, त्यसरी नै राजा पनि प्रकृतिहरू (अमात्य, दुर्ग, सुहृत् आदि) को सहारा लिएर चराचर संसार अर्थात् पूरा राष्ट्रको उपभोग गर्छ ॥७५॥

प्रकृतिभिरिति सम्यगन्वितो
जनपदमादरवांस्तु पालयेत् ।
जनपदपरिपालनाच्चिरं
व्रजति नृपः परमं श्रियः पदम् ॥७६॥

यसरी अमात्य आदि मुख्य प्रकृतिहरूले राम्रोसँग निष्कपट भावले अनुसरण गरिएको राजाले आदरसाथ मुलुकको पालन गर्नुपर्छ । मुलुकको राम्ररी पालन गर्नाले राजालाई धेरै कालसम्म ऐश्वर्य प्राप्त भइरहन्छ ॥७६॥

प्रकृतिगुणसमन्वितः सुधी–
र्व्रजति नृपः स्पृहणीयतां भुवि ।

+यहाँ प्रकृति शब्दको प्रयोग खास गरेर प्रधान प्रकृतिका गुण (सत्त्व, रज, तम) र कार्य (महतत्त्व अहंकार आदि) को अर्थमा भएको छ; त्यसैले बहुवचन राखिएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सच भवति रणेषु विद्विषां
श्वसन इव प्रबलः पयोमुचाम् ॥७७॥

स्वामिरूप प्रकृतिमा हुनुपर्ने विशिष्ट गुणहरूले × युक्त भएको बुद्धिमान् राजा दुनियाँको ज्यादै प्रिय हुन आउँछ। अनि त्यस्ता राजासित युद्धमा शत्रुले मुकाबिला गर्नु बादलले वेगिलो बतास या हुरीसँग मुकाबिला गर्नु जस्तै हुन्छ ॥७७॥

इति प्रकृति-संपत् प्रकरण

चौथो सर्ग समाप्त

× यसै सर्गका ६ देखि नौ सम्मका श्लोकहरूमा बताइएका गुणहरू।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचौं सर्ग

स्वामी–अनुजीवी–वृत्त प्रकरण

[यसरी असल प्रकृतिहरूले युक्त भएका राजाले आफ्ना अनुजीवी (आश्रित या आशामुखी) हरूसँग कस्तो व्यवहार गर्ने र ती अनुजीवीहरूले राजासँग कस्तो व्यवहार गर्ने भन्ने कुरा यस प्रकरणमा बताइन्छ]

वृत्तस्थं वृत्तसंपन्नाः कल्पवृक्षोपमं नृपम् ।
अभिगम्यगुणैर्युक्तं सेवेरन्ननुजीविनः ॥१॥

मर्यादाअनुसार आ–आफ्नो धर्म र आचरणमा रहेका अनुजीवी (आश्रित) नागरिकहरूले दुनियाँदारको राम्रो बन्दोबस्त मिलाउनु आदि सत्कार्यद्वारा देशोन्नति गर्न चाहने, कल्पवृक्ष–समान चिताएको कुरा पुऱ्याइ–दिन सक्ने, अभिगम्य गुण (चौथो सर्गको ६–८ श्लोकमा बताइएका –गुण) हरूले युक्त भएका राजाको सेवा गर्नुपर्छ ॥१॥

द्रव्यप्रकृतिहीनोऽपि सेव्यः सेव्यगुणान्वितः ।
भवत्याजीवनं तस्माच्छ्लाघ्यं कालान्तरादपि ॥२॥

अमात्य, राष्ट्र, दुर्ग, कोष, बल (फौज); यी पाँच कुरालाई द्रव्यप्रकृति भन्दछन् । द्रव्य प्रकृतिहीन अर्थात् द्रव्यप्रकृति हुँदै नभएको या ज्यादै कमजोर भएको भए पनि सेव्य⁘गुणहरूले युक्त भएको राजा सेवा चाहने व्यक्तिहरूले सेवा गर्न लायक हुन्छ; किनभने त्यसबाट तत्काल केही फाइदा नभए पनि कालान्तरमा प्रशंसनीय जीविका मिल्न सक्छ ॥२॥

अपि स्थाणुवदासीत शुष्यन् परिगतः क्षुधा ।
नत्वेवानर्थसम्पन्नाद् वृत्तिमीहेत पण्डितः ॥३॥

बरु भोकले आलसतालस भएर रूखको ठुटो झैं परिरहनु बेश छ, परन्तु अनर्थकारी या दुर्गुणी व्यक्तिबाट विद्वान्ले जीविकाको आशा कदापि नगर्नू ॥३॥

अनात्मवान् नयद्वेषी वर्धयन्नरिसंपदः ।
प्राप्यापि महदैश्वर्यं सह तेन विनश्यति ॥४॥

⁘पूर्वोक्त चतुर्थ सर्गका ६–८ श्लोकमा बताइएका अभिगम्य गुण यहाँ सेव्य गुण मानिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मशक्ति (हृदयको दृढता र बौद्धिक गम्भीरता) नभएको, नीतिको बाटामा चल्ने कुरा मन नपराउने राजा शत्रुको सौभाग्य र संपत्ति बढाउँदै लगेर, ठूलो ऐश्वर्य पाएको भए पनि त्यो ऐश्वर्यको साथै स्वयं नासिन्छ ॥४॥

लब्धाऽवकाशो निपुण आत्मवत्यविकारवान् ।
स्थाने स्थैर्यमवाप्नोति मन्त्री कर्मसु निश्चितः ॥५॥

आत्मशक्ति भएका दिलदार राजाको आश्रय पाएको, आफ्ना काममा सिपालु, चित्तमा स्थिरता राख्न सक्ने, कुनै पनि काममा निश्चित विचार भएको मन्त्रीले आफ्नो स्थान वा पदमा स्थिरता प्राप्त गर्न सक्छ ॥५॥

आयत्यां च तदात्वे च यत् स्यादास्वादपेशलम् ।
तत् क्लिश्यन्नपि कुर्वीत न लोकद्विष्टमाचरेत् ॥६॥

यसरी आत्मशक्तियुक्त मालिकको आश्रय पाएको व्यक्तिले आफूलाई दुःखै परे पनि तत्काल र भविष्यमा पनि मीठो परिणाम निस्कने असल काम गर्नुपर्छ । दुनियाँदारले नरुचाउने काम (भ्रष्टाचार आदि) गर्न हुँदैन ॥६॥

तिलाश्चम्पकसंश्लेषात् प्राप्नुवन्त्यधिवासनाम् ।
रसोनभक्षास्तद्गन्धाः सर्वे सांक्रामिका गुणाः ॥७॥

चम्पाका फूलको सम्पर्कमा रहेका तिलहरू मीठो बास्ना आउने हुन्छन्; लसुन खाने मानिसहरू त्यसैको जस्तो गन्ध आउने हुन्छन्; अर्थात् सबै थरीका गुणहरू असल या खराब जे भए पनि संक्रामक (एक दोस्रामा सर्ने स्वभावका) हुने हुनाले आफूलाई सपार्न चाहने व्यक्तिले सद्गुणी व्यक्तिको आश्रयमा रहनुपर्छ ॥७॥

अपां प्रवाहो गाङ्गोऽपि समुद्रं प्राप्य तद्रसः ।
भवत्यवश्यं तद् विद्वान् नाश्रयेदशुभात्मकम् ॥८॥

गङ्गाजीको सुमधुर जल–प्रवाह पनि समुद्रमा पुगेपछि समुद्रको पानी जस्तै नुनिलो हुन्छ । त्यस कारण गुणी बन्न चाहने बुद्धिमान् पुरुषले सबै हालतमा खराब विचार र प्रवृत्ति भएका मानिसको आश्रय वा सम्पर्क गर्नु हुन्न ॥८॥

क्लिश्यन्नपि हि मेधावी शुद्धं जीवनमाचरेत् ।
तेनेह श्लाघ्यतामेति लोकेभ्यश्च न हीयते ॥९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुःखै परे तापनि बुद्धिमान् जनले विशुद्ध जीवन बिताउनुपर्छ । त्यसो गर्नाले यस लोकमा प्रशंसापात्र बन्नुको साथै अर्को लोक पनि सप्रने हुन्छ ॥९॥

अभिलक्ष्यं स्थिरं पुण्यं ख्यातं सद्भिर्निषेवितम् ।
सेवेत सिद्धिमन्विच्छन् श्लाघ्यं विन्ध्यमिवेश्वरम् ॥१०॥

सफलता चाहने व्यक्तिले स्पष्ट लक्ष्य भएको, स्थिर स्वभावको, पुण्यात्मा, नाम चलेको, सज्जनहरूले आश्रय गरिएको, विन्ध्य◆ पर्वत झैं प्रशंसनीय राजाको सेवा गर्नुपर्छ ॥१०॥

दुरापमपि लोकेऽस्मिन् यद्यद् वस्त्वभिवाञ्छति ।
तत्तदाप्नोति मेधावी तस्मात् कार्यः समुद्यमः ॥११॥

यस संसारमा बुद्धिमान् मानिसले, पाउन गाह्रो भए पनि जुन जुन वस्तु प्राप्त गर्न चाहन्छ–त्यो सबै प्राप्त गर्न सक्छ । त्यसकारण उद्योग गर्नुपर्छ; दैवको भरोसामा रहनु हुँदैन ॥११॥

आरिराधयिषुः सम्यगनुजीवी महीपतिम् ।
विद्याविनयशिल्पाद्यै रात्मानमुपपादयेत् ॥१२॥

राजालाई राम्ररी रिझाउन चाहने अनुजीवीले सेवा प्रारम्भ गर्नुभन्दा पहिले आफूलाई विभिन्न विद्या, विनय र शीपका कामहरूले योग्य गराउनु पर्छ ॥१२॥

कुलविद्या श्रुतौदार्यशिल्पविक्रम धैर्यवान् ।
वपुस्सत्त्वबलारोग्यस्थैर्यशौचदयान्वितः ॥
पैशुन्यद्रोहसम्भेदशाठ्यलौल्यानृतातिगः ।
स्तम्भचापलहीनश्च सेवनं कर्तुमर्हति ॥१३–१४॥

ठूला कुलको जन्म, विद्याको अभ्यास, शास्त्रको बोध, हृदयको उदारता, शिल्पकलाको ज्ञान, पराक्रम, धैर्य, शरीरको डील–डाल, तागत, फुर्ती, बल, आरोग्य, स्थिरता, तन–मनको सफाइ, दया इत्यादि गुणले युक्त भएको र चुक्ली लगाउने छुस्केपना, पर–द्रोह, फूट पार्ने काम, कुटिलता या बदमाशी,

◆'पहिले ज्यादै अग्लो भएर सूर्यको गति रोक्न सक्ने हुँदा पनि विनीत भएर अगस्त्य मुनिलाई बाटो दिई अझसम्म होचै रहेको' भन्ने पौराणिक किंवदन्तीअनुसार विन्ध्याचललाई प्रशंसनीय मानेको हुन सक्छ । हुन पनि विन्ध्याचल होचै भएर पनि धेरै ठूलो क्षेत्रीय आवश्यकतालाई पूर्ण गर्ने हुनाले प्रशंसनीय छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्रियहरूलाई छाडा छोड्नु, कूटो व्यवहार, चाञ्चल्य आदि दोषहरूदेखि टाढै रहेको व्यक्ति राजाको सेवा गर्न योग्य हुन्छ ॥१३–१४॥

दक्षता भद्रता दार्ढ्यं क्षान्तिः क्लेशसहिष्णुता ।
सन्तोषः शीलमुत्साहो मण्डयन्त्यनुजीविनम् ॥१५॥

चलाखीसँग जल्दी काम फर्स्याउने बानी, भद्रता (व्यावहारिक सौजन्य र सभ्य स्वभाव भएको हुनु), काममा दृढता, क्षमा, दुःख सहने बानी, सन्तोष, सच्चरित्रता, उत्साह; यी गुणहरूले सेवकलाई सिंगार्दछन् ॥१५॥

अर्थशौचपरोनित्यं गुणैरेभिः समन्वितः ।
भूतये भूतिसम्पन्नं साधु विश्वासयेन्नृपम् ॥१६॥

सेवकले यी उपर्युक्त गुणहरूले सम्पन्न भएर धन-संबन्धी लेन-देनमा दिल बहुतै साफ राखी आफ्ना कल्याणको निमित्त ऐश्वर्य–सम्पन्न राजालाई राम्ररी विश्वास पार्नुपर्छ ॥१६॥

प्रविष्टः सम्यगुचिते स्थाने तिष्ठन् सुवेषवान् ।
यथाकालमुपासीत राजानं विनयान्वितः ॥१७॥

राजसेवकले राम्रो भेषमा आदेशबमोजिम राज–भवनको ढोकाभित्र प्रवेश गरेर उचित स्थानमा खडा भई ठीक समयमा नम्रतासाथ राजाको दर्शन र सेवा गर्नुपर्छ ॥१७॥

परस्थानासनं क्रौर्यमौद्धत्यं मत्सरं त्यजेत् ।
विगृह्य कथनं चापि न कुर्याज्ज्यायसा सह ॥१८॥

अर्काको स्थानमा बस्नु, निठुरी र उत्ताउलो हुनु, डाहा गर्नु र आफूभन्दा ठूलाको विरोध गरेर बोल्नु; यति कुरा राजसेवकले छोडिदिनुपर्छ ॥१८॥

विप्रलम्भं च मायां च दम्भं स्तेयं च वर्जयेत् ।
पुत्रेभ्यश्च नमस्कुर्याद् वल्लभेभ्यश्च भूपतेः ॥१९॥

राजसेवकले वञ्चना (फुक्याउनु), कपटपूर्ण व्यवहार, ढोंग (आडम्बर), चोरी; यी कुरा गर्न छोड्नुपर्छ र राजाका छोरा नाति र प्यारा व्यक्तिहरूलाई पनि नमस्कार गर्नुपर्छ ॥१९॥

न नर्मसचिवैः सार्धं किञ्चिदप्यप्रियं वदेत् ।
ते हि मर्मण्यभिघ्नन्ति प्रहासेनैव संसदि ॥२०॥

राजाको सेवा गर्ने व्यक्तिले उसका नर्मसचिव (ठट्टेउला साथी)हरूसँग कुनै पनि अप्रिय कुरा गर्न हुँदैन; किनभने त्यस्तो कुरा गरिदिँदा उनीहरू सभामा आफूलाई ठट्टा-ठट्टैमा मर्म पार्ने गर्दछन् ॥२०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भर्तुरन्वासितो दृष्टिं मुहुर्नान्यत्र निक्षिपेत् ।
अ्यान्न किञ्चिदन्योन्यं तिष्ठेच्चास्यं विलोकयन् ॥२१॥

राजाका आसपासमा रहेको अवस्थामा बार बार यताउति पल्याकपुलुक गर्दै आँखा घुमाउनु हुँदैन; अगलबगलका अरू कोही व्यक्तिसँग परस्पर खस्याक खुसुक पनि गर्न हुँदैन; राजाको मुहारमा हेरिरहनुपर्दछ ॥२१॥

कोऽत्रेत्यहमिति ब्रूयात् सम्यगाज्ञापयेति च ।
आज्ञां चावितथां कुर्याद्यथाशक्त्यविलम्बितम् ॥२२॥

'यहाँ को छ ?' भनी सोधनी हुँदा सेवकले राम्रोसँग 'म छु सरकार ! आज्ञा होस्' भन्नू र हुकुम हुनासाथ सकभर विलम्ब नगरी हुकुम तामेल गर्नुपर्छ ॥२२॥

उच्चैः प्रकथनं हासं ष्ठीवनं कुत्सनं तथा ।
जृम्भणं गात्रभङ्गं च पर्वस्फोटं च वर्जयेत् ॥२३॥

राजसभामा ठूलो स्वरले फुर्ती देखाएर बोल्नु, हाँस्नु, थुक्नु, अपानवायु छोड्नु, हाइ गर्नु, जीउ मर्काउनु, औंला पड्काउनु, यी कुरा छोड्नुपर्छ ॥२३॥

प्रविश्य चानुरागेण चित्तं चित्तज्ञसंमतः ।
समर्थयंश्च तत्पक्षं साधु भाषेत भाषितम् ॥२४॥

राजाको अभिप्राय बुझ्ने आसपासमा रहेका हजूरियाहरूको मनपर्दो किसिमसित राजभक्तिको माध्यमबाट राजाको दिलसम्म पुगेर उसको पक्षलाई समर्थन गर्दै राम्रो कुरा बोल्नुपर्छ ॥२४॥

तन्नियोगेन वा ब्रूयादर्थं सुपरिनिश्चितम् ।
सुखप्रबन्धगोष्ठीषु, वादे वा वादिनां मतम् ॥२५॥

अथवा मनोविनोदका निमित्त राजाको खटनले तयार गरिएका गोष्ठीहरूमा हुकुम भएबमोजिम 'यत्ति बोल्ने' भनेर पहिल्यैदेखि राम्रोसँग निश्चित भइराखेको कुरा बोल्नू । वादविवादमा उसको सिद्धान्तअनुसार वादीहरूले रुचाउने कुरा नै बोल्नू ॥२५॥

विजानन्नपि न ब्रूयाद् भर्तुः क्षिप्तोत्तरं वचः ।
प्रवीणोऽपि हि मेधावी वर्जयेदभिमानिताम् ॥२६॥

बुद्धिमान् व्यक्तिले जान्ने भए तापनि मालिकको कुरा काटेर जवाफ गर्नु हुँदैन । प्रस्तुत विषयमा आफू जतिसुकै कुशल भए पनि घमण्ड छोडिदिनुपर्छ ॥२६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदप्युच्चैर्विजानीयान्नीचैस्तदपि कीर्तयेत् ।
कर्मणा तस्य वैशिष्ट्यं कथयेद् विनयान्वितः ॥२७॥

बोल्नुपर्ने विषयको जानकारी आफूमा उच्च कोटिको भए पनि विश्वासिलो ढङ्गले कमै बताउनू र अहङ्कार कत्ति नगरी विनम्र भावले कामद्वारा नै आफ्ना उच्च ज्ञानको विशेषता देखाउनुपर्छ ॥२७॥

आपद्युन्मार्गगमने कार्यकालात्ययेषु च ।
अपृष्टोऽपि हितान्वेषी ब्रूयात् कल्याणभाषितम् ॥२८॥

आपत्तिको समयमा, खुद राजाले कुबाटो अपनाएमा र कुनै महत्त्वपूर्ण कुराको कार्यकाल बित्न लागेमा राजाबाट सोधनी नभए पनि वास्तविक हितलाई ध्यानमा राखेर युक्तियुक्त र तथ्य कुरा बताउनुपर्दछ ॥२८॥

प्रियं तथ्यं च पथ्यं च वदेद्धर्म्यार्थमेव च ।
अश्रद्धेयमसभ्यं च परोक्षं कटु वर्जयेत् ॥२९॥

प्यारो, साँचो र फाइदा गर्ने धर्मार्थयुक्त कुरा राजामा जाहेर गर्नुपर्छ । नपत्याइँदो, असभ्य र आफूले प्रत्यक्ष रूपमा नदेखेको, नसुनेको या नबुझेको एवं च्वास्स बिझ्ने किसिमको कुरा राजालाई सेवकले सुनाउनु हुन्न ॥२९॥

परार्थं देशकालज्ञो देशे काले च साधयेत् ।
स्वार्थं च स्वार्थकुशलः कुशलेनार्थकारिणा ॥३०॥

आफ्नो स्वार्थ र देश, काल, परिस्थिति राम्ररी बुझेको कुशल सेवकले ठीक मौका र उचित स्थानमा काम सफल पार्न सक्ने असल भावना लिएर अरूहरूको मतलब पनि सिद्ध गराउनुपर्छ; आफ्नो स्वार्थलाई पनि बिर्सन हुँदैन ॥३१॥

गुह्यकर्म च मन्त्रं च न भर्तुः संप्रकाशयेत् ।
विद्विष्टमपि नाशं च मनसाऽपि न चिन्तयेत् ॥३१॥

राजसेवकले राजाको गुप्त काम र मन्त्र (राजनैतिक सल्लाह) लाई प्रकाशमा ल्याउनु हुँदैन । राजाको विद्वेष र नाश त मनले पनि चिताउनु हुँदैन ॥३१॥

स्त्रीभिस्तद्दर्शिभिः पापैर्वैरिदूतैर्निराकृतैः ।
एकार्थचर्यासङ्घातं संसर्गं च विवर्जयेत् ॥३२॥

राजसेवकले धाई आदि कुनै दरबारिया स्त्रीहरूसँग अथवा त्यस्ता स्त्रीहरूसँग हेलमेल राख्ने या तिनीहरूलाई टेढो नजरले हेर्ने अरू कर्मचारीहरूसँग मिलेर अथवा दुष्ट भावना भएका शत्रुका दूतहरू र राज्यबाट निकालिएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिहरूसँग मिलेर कुनै समूहात्मक काम नगर्नू औ तिनीहरूको संगतदेखि पनि टाढै रहनुपर्छ ।।३२।।

वेषभाषानुकरणं न कुर्यात् पृथ्वीपतेः ।
सम्पन्नोऽपि हि मेधावी स्पर्द्धेत न च तद्गुणैः ।।३३।।

बुद्धिमान् सेवकले राजाका भेष र भाषा (कुराकानी या लबज) को अनुकरण गर्नु हुन्न । अनि जतिसुकै सम्पन्न (पुगिसरी आएको) भए पनि राजाका गुणहरूसँग टेक (जोडतोड) गर्नु हुन्न ।।३३।।

रागापरागौ जानीयाद् भर्तुः कुशलकर्मकृत् ।
इङ्गिताकारलिङ्गाभ्यामिङ्गिताकारतत्त्ववित् ।।३४।।

इङ्गित (इशारा या अभिप्राय अनुसारको चेष्टा) र आकारको तत्त्व (आकार–विकृति अर्थात् चेहराको वर्ण आदिमा हुने हेरफेरको भाव) जान्ने कुशल कर्मचारीले त्यो इङ्गित र आकार लिङ्ग◊ द्वारा मालिकको प्रसन्नता छुट्याउनुपर्छ ।।३४।।

÷दृष्ट्वा प्रसन्नो भवति वाक्यं गृह्णति चादरात् ।
दिशत्यासनमभ्याशे कुशलं परिपृच्छति ।।
विविक्तदर्शने स्थाने रहस्ये च न शङ्कते ।
तदर्थां तत्कृतां चोच्चैराकर्णयति सङ्कथाम् ।।
श्लाघते श्लाघनीयेषु श्लाघमानं च नन्दति ।
कथान्तरेषु स्मरति प्रहृष्टः कीर्तयेद् गुणान् ।।
सहते पथ्यमुक्तः सन् न निन्दामनुमन्यते ।
करोति वाक्यं तस्यैव तद्वच्च बहु मन्यते ।।
वृद्धौ प्रसन्नो भवति व्यसने परितप्यते ।।३५–३८½।।

मनपर्दो सेवकलाई देखेर ⁂प्रभु प्रसन्न हुन्छन्, उसको कुरा आदरसाथ सुन्दछन्; उसलाई आफ्नो नगीचैमा बस्न दिन्छन्; कुशल समाचार (सञ्चो बिसञ्चो) सोद्धछन्; कुनै ठाउँमा एकान्त दर्शन दिन र गुप्त कुरा गर्न या सुनाउन शङ्का गर्दैनन्; उसले बिन्ती गरेको र उसको निमित्त अरूले बिन्ती गरिदिएको कुरा राम्ररी सुन्दछन्; प्रशंसनीय कुरामा स्वयं उसको प्रशंसा

◊ आँखीभौं, आँखा र मुखको विकार वा चेहराको वर्ण–परिवर्तनलाई आकारलिङ्ग या आकार–विकृति भन्दछन् ।
÷ यहाँदेखि उपरान्त क्रमशः प्रसन्न तथा अप्रसन्न प्रभुका लक्षण बताइन्छन् ।
⁂ यहाँ प्रभु शब्दले स्वामी अर्थात् राजाको विशेष बोध हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्छन् र अरूबाट उसको प्रशंसा हुन लाग्दा श्याबासी दिन्छन्; कुराको प्रसङ्ग-मा उसलाई सम्झन्छन् एवं खुशीसाथ उसको गुणगान पनि गर्छन्; उसले निवेदन गरेको हित कुरा तत्काल अप्रिय लाग्ने भए पनि सहन्छन्; उसको निन्दा मन पराउँदैनन्; उसैको कुरा खान्छन्; आफ्ना कामको झैं उसले गरेका कामको पनि इज्जत गर्छन्; उसको बढिबढाउमा प्रसन्न हुन्छन्, अनि उसको दुःखमा पीर मान्दछन् ॥३५–३८½॥

उपकारेषु माध्यस्थ्यं दर्शयत्यद्भुतेषु च ॥
तत्कृतं कर्म चान्येन कृतमित्यभिभाषते ।
विपक्षमुत्थापयति विनाशं चाऽप्युपेक्षते ॥
कार्ये संवर्द्धयत्याशां फले च कुरुतेऽन्यथा ।
यद्वाक्यं मधुरं किञ्चित् तदप्यर्थेन निष्ठुरम् ॥
आचरत्यात्मसंसत्सु परिवादं च केवलम् ।
अकोपोऽपि सकोपाभः प्रसन्नश्चापि निष्फलः ॥
हसत्यकस्माद् व्रजति रुष्टं च समुदीक्षते ।
विज्ञाप्यमानो वृत्त्यर्थं सहसोत्थाय गच्छति ॥
आघट्टयति मर्माणि गुणैर्न बहु मन्यते ।
सम्भावयति दोषेण वृत्तिच्छेदं करोति च ॥
साधूक्तमपि तद्वाक्यं समर्थयति चान्यथा ।
अपर्वणि कथाभङ्गं करोति विरसीभवन् ॥
उपास्यमानः शयने सुप्तलक्षेण तिष्ठति ।
यत्नेनाराध्यमानोऽपि सुप्तवच्च विचेष्टते ॥३९–४६॥

जसदेखि प्रभु अप्रसन्न रहन्छन्, उसले गरेका आश्चर्यजनक उपकारको पनि समर्थन नगरी केवल तटस्थताको भाव* लिन्छन्, उसले गरेको काम पनि अर्कैले गरेको भन्दछन्; उसका शत्रुहरूलाई प्रोत्साहन दिन्छन्; शत्रुबाट उसको ठूलो हानि नोक्सानी भए पनि वास्ता गर्दैनन्; काम गर्ने बेलामा 'यति दिन्छु, यसो गरिदिन्छु' भनेर आस बढाउँछन् र दिने या गरिदिने बेलामा त्यसै जिल्याउँछन्; उनको जुन वाक्य आपाततः (सुन्ने वित्तिकै) केही मधुर छ, त्यसबाट पनि कठोर तात्पर्य या ध्वनि निस्किरहेको हुन्छ; सभाहरूमा खालि आफ्ना (राजा या स्वामीको) वदनाम मात्र गर्दछन्; नरिसाएको बेलामा पनि अर्थात् रिसाउने कारण नभएको साधारण अवस्थामा पनि रिसाएजस्ता

*कुनै पक्षमा नलागी अलग्ग रहनु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखिन्छन्; उनले देखाएको प्रसन्नता पनि निष्फलै रहन्छ; उसलाई देख्ता बिनाकारणै हाँस्छन् या अन्यत्रै जान्छन्; उसलाई हेर्दा पनि रूखो दृष्टिले हेर्छन्; मौका मिलाएर जीविकाको निमित्त निवेदन गर्दा फटपट उठेर हिंडिहाल्छन्; भन्नुपर्दा मर्म पारेर भन्दछन्; उससँग रहेका असल गुणहरूद्वारा उसको कदर गर्दैनन्; भए नभएका दोषहरू उसमाथि थोपर्ने कोशिश गर्छन्; जीविका खोसिदिन्छन्; उसले राम्रोसँग भनेका कुराको पनि उल्टो रीतले समर्थन गर्छन्; उसका कुराको प्रसङ्ग चल्दा बिरसिलो भएर बेमौकैमा अपर्झट प्रसङ्ग भङ्ग गरिदिन्छन्; बिस्तरामा लेटेको अवस्थामा पाउ दाप्नु आदि क्रियाद्वारा सेवा गर्दा निदाए जस्तो गरिदिन्छन्; अनि कोशिशसाथ आराधना गर्दा पनि लामो श्वास लिनु आदि निदाएको चेष्टा दर्शाउँछन् ॥३९–४६॥

इत्यादि ह्यनुरक्तस्य विरक्तस्य च लक्षणम् ।
रक्ताद् वृत्तिं समीहेत विरक्तं तु परित्यजेत् ॥४७॥

अनुरक्त र विरक्त प्रभुका लक्षण उपर्युक्त यिनै र यस्तै अरू पनि हुन्छन् । सेवकले अनुरक्त प्रभुबाट जीविकाको चाहना राख्नू र विरक्त प्रभुलाई छाडिदिनु पर्छ ॥४७॥

निर्गुणं ह्यपि भर्तारमापत्सु न परित्यजेत् ।
ततः परतरो नास्ति य आपत्सूपतिष्ठते ॥४८॥

बेगुनी अथवा दुर्गुणी भए पनि मालिकलाई आपत्ति परेको बेलामा सेवकले छोड्नु हुँदैन; किनभने संसारमा त्यसभन्दा ठूलो व्यक्ति अरू हुन्न, जसले आपत्‌को समयमा साथ दिन्छ ॥४८॥

स्वस्थवृत्तेषु सत्त्वाढ्या नोपयन्त्यभिलक्ष्यताम् ।
विरोधे कर्मधुर्याणां तेषां नामाऽतिरिच्यते ॥४९॥

आत्मशक्ति भएका (जेहेन्दार) सेवकहरू मालिकहरूको स्थिति स्वस्थ एवं निरापद रहुन्जेल देखा पर्दैनन् । परन्तु जब मालिकहरूमा विरोध अथवा कडा आपद्‌को स्थिति आइपर्छ, तब ती कर्मवीरहरूको नाम अरूको भन्दा उत्कृष्ट हुन्छ ॥४९॥

श्लाघ्या चानन्दनी चैव महतामुपकारिता ।
काले कल्याणमाधत्ते स्वल्पाऽपि सुमहोदयम् ॥५०॥

ठूला व्यक्तिहरूको उपकार गर्ने बानी प्रशंसनीय एवं आनन्ददायक हुन्छ । त्यस्तो उपकारिताले थोरै भए पनि मौकामा, उज्ज्वल भविष्य भएको ठूलो कल्याण गरिदिन्छ ॥५०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अकार्यात् प्रतिषेधश्च कार्ये चैवानुवर्तनम् ।
संक्षेपादिति सद्वृत्तं बन्धुमित्रानुजीविनाम् ॥५१॥

कसैका प्रति उसका बन्धु, मित्र र अनुजीवीहरूको सद्-व्यवहार या कर्तव्य संक्षेपमा यही हुन्छ कि दुष्कर्म वा बेकारीबाट उसलाई रोक्नु र सत्कार्यमा उसलाई प्रवृत्त गराउनु ॥५१॥

पानस्त्रीद्यूतगोष्ठीषु राजानमभितश्चराः ।
बोधयेयुः प्रमाद्यन्तमुपायैर्नालिकादिभिः ÷ ॥५२॥

मद्य-पान, अधिक स्त्रीप्रसङ्ग अर्थात् स्त्रीहरूसँगको निरर्थक संपर्क या सहवास र जूवाका खालहरूमा प्रमादवश फँस्न लागेका राजालाई उसको आसपासमा रहने हजूरियाहरूले समय-विभाजनको सूचना दिने नगरा आदि बजाउनु र अर्को काम गर्ने विनयपूर्ण संकेत दिनु आदि उपायहरूद्वारा सम्झाउनुपर्छ ॥५२॥

राजानं ये ह्युपेक्षन्ते सज्जमानं विकर्मसु ।
ते गच्छन्त्यकृतात्मानः सह तेन पराभवम् ॥५३॥

जुन कर्मचारी वा सेवकहरू मद्यपान, जूवा आदि दुष्कर्ममा फँस्न लागेका राजाको उपेक्षा गर्छन्; ती कमजोर दिल भएका कर्मचारी वा सेवकहरू राजाको साथसाथै शत्रुको दबाबमा पर्दछन् ॥५३॥

जयाज्ञापय देवेति नाथ ! जीवेति चादरात् ।
आज्ञामस्य प्रतीच्छन्तो भृत्याः कुर्युरुपासनाम् ॥५४॥

'जय महाराज ! हुकुम होस् ! सरकारको दीर्घायु होस्' इत्यादि कुरा आदरसाथ भन्दै उनका आज्ञाहरूको प्रतीक्षा गर्दै सेवकहरूले राजाको सेवा गर्नुपर्छ ॥५४॥

भर्तुश्चिन्तानुवर्तित्वं सद्वृत्तमनुजीविनाम् ।
रक्षांस्यपि हि गृह्यन्ते नित्यं छन्दानुवर्तिभिः ॥५५॥

÷नालिक—नालिका (समयको परिमाणविशेष । द्रष्टव्य—कौटलीय अर्थशास्त्र २-२०-३८) मा दिइने नगरा आदिको संकेत ।

नालिका भनेको विशेष प्रकारको प्वाल पींधमा भएको कुनै निश्चित परिमाणको भाँडो (पुरानो रीतिअनुसार घडी थाप्ने भाँडो जस्तै) मा पानी हालेर त्यो पानी चुहिसक्ता जानिने समयको नापो हो । त्यति त्यति समयमा कार्यविभाजनको लागि बजाइने सांकेतिक नगरा आदिको संकेतलाई पनि लक्षणाद्वारा नालिका भनिएको हो भन्ने कसैको राय छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मालिकको चित्तअनुसार चल्नु नै सेवकहरूको सच्चरित्रता हो । सधैं अभिप्रायअनुसार चल्ने सेवकले राक्षसहरूलाई पनि वशमा पार्छन् भने अरूको त के कुरा ! ॥५५॥

धीसत्त्वोद्योगयुक्तानां किं दुरापं महात्मनाम् ।
छन्दानुवर्तिनां लोके कः परः प्रियवादिनाम् ॥५६॥

शास्त्रअनुसार चल्ने बुद्धि, आत्मबल एवं उद्योगले युक्त भएका महान् व्यक्तिहरूको लागि दुर्लभ या पाइनसक्नु कुरा के छ र ! अरूको अभिप्राय बुझेर त्यसअनुसार काम गर्ने प्रियवादी व्यक्तिहरूको पराई पनि कोही हुँदैन ॥५६॥

अलसस्याल्पदोषस्य* निर्विद्यस्याकृतात्मनः ।
प्रदानकाले भवति माताऽपि हि पराङ्मुखी ॥५७॥

अल्छी, दुर्बल या शारीरिक दृष्टिले कमजोर, विद्या नपढेको र निरुद्योगी या आत्मबल नभएको व्यक्तिलाई दिने बेलामा आमा पनि विमुख हुन्छिन् ॥५७॥

ये शूरा ये च विद्वांसो ये च सेवाविपश्चितः ।
तेषामेव विकासिन्यो भोग्या नृपतिसंपदः ॥५८॥

जुन व्यक्तिहरू शूरा छन्, विद्वान् छन् र सेवाकार्य राम्ररी जान्छन्; प्रतिदिन विकसित हुने अर्थात् उत्तरोत्तर बढ्दै जाने राज–संपद्‌हरू तिनीहरूकै भोग्य हुन्छन् ॥५८॥

अप्रियोऽपि हि पथ्यः स्यादिति वृद्धानुशासनम् ।
वृद्धानुशासने तिष्ठन् प्रियतामुपगच्छति ॥५९॥

सेवकले आफू मालिकको प्यारो नभए पनि उसको चित्त बुझ्ने र बेफाइदा नहुने किसिमको काम गरिदिनुपर्छ भन्ने बूढापाकाहरूको उपदेश छ; त्यसको अनुसरण गर्ने सेवक राजाको प्यारो हुन जान्छ ॥५९॥

आजीव्यः सर्वभूतानां राजा पर्जन्यवद् भवेत् ।
निराजीव्यं त्यजन्त्येनं शुष्कं सर इवाण्डजाः ॥६०॥

राजा वर्षाकाल झैं सबै प्राणीका जीविकाको साधन या आश्रय हुनुपर्छ । दुनियाँको जीविका र संरक्षणको निमित्त असमर्थ भएको राजालाई सुकेको तलाउलाई पक्षीहरूले छोडे झैं जनता छोड्छ ॥६०॥

---

*यहाँ 'दोष' शब्दको अर्थ शारीरिक धातु मानेर अल्पदोषस्यको अर्थ 'क्षीणदेहस्य' गरिएको छ; परिणामस्वरूप त्यसको अर्थ 'शारीरिक दृष्टिले कमजोर' हुन्छ भन्ने धेरैको राय छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुलं वृत्तं श्रुतं शौर्यं सर्वमेतन्न गण्यते ।
दुर्वृत्ते वा सुवृत्ते वा जनो दातरि इज्यते ॥६१॥

असल कुल, असल चरित्र, पढाइ, शूरता; यी सबै कुराको कुनै गणना हुँदैन; तर दाता छ भने त्यो चाहे असल स्वभावको होस् चाहे खराब स्वभावको, मानिस त्यसैमा रत्तिन्छ ॥६१॥

अर्थार्थी जीवलोकोऽयं ज्वलन्तमुपसर्पति ।
क्षीणक्षीरां निराजीव्यां वत्सस्त्यजति मातरम् ॥६२॥

धनको मतलबी यो दुनियाँ बलेकै आगो ताप्छ, अर्थात् हुने खानेकै घरतिर झुम्मिन्छ । दूध सुकिसकेकी आफ्नो जीविका चलाउन नसक्ने माऊलाई बाच्छाले पनि छाडिदिन्छ ॥६२॥

अहापयन्नृपः कालं भृत्यानामनुजीविनाम् ।
कर्मणामानुरूप्येण वृत्तिं समनुकल्पयेत् ॥६३॥

त्यस कारण राजाले आफ्ना नीतिको अनुसरण गर्ने अनुयायी सेवकहरूका निमित्त काम गर्ने योग्यताअनुसार ठीक समयमै आलटाल नगरीकन जीविकाको तर्जुमा गरिदिनुपर्छ ॥६३॥

काले स्थाने च पात्रे च न हि वृत्तिं विलोपयेत् ।
एतद्वृत्तिविलोपेन राजा भवति गर्हितः ॥६४॥

विशिष्ट पर्व आदि पुण्यकालमा, देव–मन्दिर, तीर्थ–स्थान आदि पवित्र ठाउँमा र वैदिक विद्वान् आदि सत्पात्रमा अर्पण गरिने परम्परागत जीविका-साधनहरूलाई राजाले लुप्त गराउनु हुँदैन । त्यस्तो पहिल्यैदेखि चलिआएको वा आफैंले चलाइआएको वृत्ति हरण गर्दा दुनियाँमा राजाको निन्दा हुन्छ ॥६४॥

अपात्रवर्षणं जातु नकुर्यात् सद्भिर्गर्हितम् ।
अपात्रवर्षणात् किं स्यादन्यत् कोशक्षयादृते ॥६५॥

कुठाउँमा धनको उपयोग गर्नु वा अयोग्य व्यक्तिलाई ठूलो रकम बकस पुरस्कार आदिको रूपमा दिनुलाई अपात्रवर्षण भन्दछन् । सज्जनहरूले निन्दा गरिएको यो अपात्रवर्षण राजाले कहिल्यै गर्नु हुँदैन । यसो गर्नाले राजकोश रित्तिनु सिवाय अरू केही फाइदा हुँदैन ॥६५॥

कुलं विद्यां श्रुतं शौर्यं सौशील्यं भूतपूर्वताम् ।
वयोऽवस्थां च संवीक्ष्य स्वाद्रियेत महामनाः ॥६६॥

उदार दिल भएको मनस्वी राजाले कसैको विशेष कदर गर्नुपर्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उसको कुल, विद्या, विशेष अध्ययन, सुन्याइँ, शिष्टता, अनुभव (पहिलेदेखि नै काम गरिआएको हुनु), उमेर र अवस्था यी सबै कुरा विचार गरेर गर्नुपर्छ ॥६६॥

कुलीनान् नाऽवमन्येत सम्यग्वृत्तान् मनस्विनः ।
त्यजन्त्येते हि भर्तारं घ्नन्ति वा मानहेतवः ॥६७॥

राम्रो व्यवहार भएका कुलीन व्यक्तिहरूको तिरस्कार राजाले गर्नु हुँदैन; किनभने उचित सम्मान नपाउँदा या अपमानित हुँदा तिनीहरूले आफ्नो संमानका निमित्त राजालाई छोडिदिन्छन् अथवा समाप्त नै गरिदिन्छन् ॥६७॥

गुणैरुदारैः संयुक्तान् प्रोन्नयेन्मध्यमाधमान् ।
महत्तां प्राप्नुवन्तस्ते वर्धयन्ति नरेश्वरम् ॥६८॥

उज्ज्वल गुणहरूले युक्त भएका मध्यम र निम्न तहका काम गरिरहेका कर्मचारीहरूलाई राजाले उँभो उकाल्नुपर्छ । महत्त्वपूर्ण पद पाउन लागेका त्यस्ता व्यक्तिहरूले राजाको संमान बढाउँछन् ॥६८॥

उत्तमाभिजनोपेतान् न नीचैः सह वर्धयेत् ।
कृशोऽपि हि विवेकज्ञो याति संश्रयणीयताम् ॥६९॥

उत्तम कुल–घरानका मानिसहरूलाई नीच या तल्लो तहका व्यक्तिहरूको समान मान इज्जतको पदमा नराखिदिनू । विवेकपूर्वक काम गर्न जान्ने भए मात्र राजा कोश, बल (फौज) आदिको दृष्टिबाट कमजोर भए तापनि सबैले आश्रय गरिने हुन जान्छ ॥६९॥

निरालोके हि लोकेऽस्मिन्नाऽऽसते तत्र पण्डिताः ।
जात्यस्य हि मणेर्यत्र काचेन समता मता ॥७०॥

जहाँ उत्तम जातको मणि र काँचका मूल्यमा बराबरी हुन्छ, अर्थात् उत्तम र अधम व्यक्ति वा वस्तुको एकै भाउ हुन्छ, यस लोकमा त्यस्तो अन्धकार-पूर्ण ठाउँमा विद्वान्हरू बस्न मन पराउँदैनन् ॥७०॥

विश्राम्यन्ति महात्मानो यत्र कल्पतराविव ।
स श्लाघ्यो भवति श्रीमान् सत्संभोगफलाः श्रियः ॥७१॥

जुन ऐश्वर्यशाली प्रभुमा महापुरुषहरू कल्पवृक्षमा जस्तै गरेर विश्राम पाउँछन्; त्यही प्रशंसाको पात्र हुन्छ; किनभने योग्य व्यक्तिहरूद्वारा उपभोग गरिनु नै ऐश्वर्यको सफलता हो ॥७१॥

लक्ष्म्या लक्ष्मीवतां लोके विकासिन्याऽपि किं तया ।
बन्धुभिश्च सुहृद्भिश्च विस्रब्धं या न भुज्यते ॥७२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन ऐश्वर्य बान्धव र मित्रहरूले निःशङ्क या यथेच्छ रूपमा भोग गर्न सकिँदैन, उत्तरोत्तर बढ्दै गएको भए पनि धनी मानिहरूको त्यस्तो ऐश्वर्यले के लाभ हुन्छ र ! अर्का शब्दमा– मौकामा बन्धु-बान्धव र मित्रहरूको आदर-सत्कारकै निमित्त ऐश्वर्य कमाइने हुनाले त्यस्तो नगर्नु त्यसको दुरुपयोग वा निरर्थकता हो ॥७२॥

आयद्वारेषु सर्वेषु कुर्यादाप्तान परीक्षितान् ।
आददीत धनं तैस्तु भास्वानुस्रैरिवोदकम् ॥७३॥

राजाले सबै प्रकारका आमदानीका बाटाहरूमा जाँचिएका आपस्त या विश्वासलाग्दा मानिसहरूलाई राख्नुपर्छ र सूर्यले आफ्ना किरणहरूद्वारा पानी खिचेझैं तिनीहरूको माध्यमबाट राज्यको धन (तिरो आदि) खिच्नु-पर्छ ॥७३॥

अभ्यस्तकर्मणस्तज्ज्ञान् शुचीन् शुद्धार्थसंगतान् ।
कुर्यादुद्योगसंपन्नानध्यक्षान् सर्वकर्मसु ॥७४॥

हरेक विषयमा कामको राम्रो अनुभव भएका, संबन्धित विषय राम्ररी जान्ने, गुप्त जाँचद्वारा सफल ठहरिएका या पवित्र दिल भएका, काम गर्नुपर्ने विषयमा नभै नहुने स्वच्छ या परिष्कृत सामनहरूले युक्त भएका उद्योगी व्यक्ति-हरूलाई अध्यक्ष बनाउनुपर्छ ॥७४॥

यो यद् वस्तु विजानाति तं तत्र विनियोजयेत् ।
अशेषविषयप्रीताविन्द्रियार्थेष्विवेन्द्रियम् ॥७५॥

सबै इन्द्रियका विषय (रूप, रस आदि उपभोग्य वस्तु) प्राप्त गर्नको लागि अन्तरात्माले प्रत्येक इन्द्रियलाई आफ्ना आफ्ना विषयमा लगाएजस्तै गरेर राजाले जुन व्यक्ति जुन कुरा राम्रोसँग जान्दछ त्यसैलाई त्यस कुरामा लगाउनु-पर्दछ ॥७५॥

कोष्ठागारेऽभियुक्तः स्यात् तदायत्तं हि जीवितम् ।
नात्यायं च व्ययं कुर्यात् प्रत्यवेक्षेत चान्वहम् ॥७६॥

राजाले मूल ढुकुटीको संरक्षण या हेरविचारमा दत्तचित्त हुनुपर्दछ, किनकि जीवनको आधार नै त्यही हो । ज्यादा आमदानी (कर आदिको कडाइ-द्वारा अति-सञ्चय) र ज्यादा वाहियात खर्च पनि गर्नुहुँदैन । प्रतिदिन भने जस्तो हिसाब किताब ठीक भए नभएको जाँच्नुपर्छ ॥७६॥

कृषिर्वणिक्पथो दुर्गं सेतुः कुञ्जरबन्धनम् ।
खन्याकरो वनादानं शून्यानां च निवेशनम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टवर्गमिमं साधु स्वस्थवृत्तं विवर्धयेत् ।
जीवनार्थमिहाजीव्यैः कारयेत्करणान्वितैः ॥७७–७८॥

उन्नत किसिमको खेती, उपयुक्त व्यापारिक मार्ग, किल्ला, पुल, गज-बन्धन(हात्ती पक्रनु), खानी पत्ता लाउनु र खनाउनु, वनको राष्ट्रिय संरक्षण र खाली ठाउँमा नयाँ बस्ती बसाल्नु; यति आठ चीजको व्यवस्थालाई अष्टवर्ग भन्दछन् । यस अष्टवर्गलाई कुनै किसिमको उपद्रव हुन नदिईकन राजाले राम्ररी बढाउनुपर्छ । यस अष्टवर्गको उज्जीवनका निमित्त या दुनियाँको जीवन-सञ्चालनका निमित्त त्यस सम्बन्धमा 'यति समयमा यो उद्योग यति लागतमा सफल गर्नेछु; नसके कानूनबमोजिम गर्नू' इत्यादि रूपले जमानतसहित कबूलियतनामा गरेका ठेकेदारहरूद्वारा काम लिनुपर्दछ ॥७७–७८॥

यया ययेह वर्धेत वृत्त्या क्षीणोऽपि पार्थिवः ।
तस्यां तस्यां न संरोधं कुर्यात् पण्योपजीविताम् ॥७९॥

बाहिरबाट पैठारी गरिने या देशमै किनबेच हुने मालसामानहरूमध्ये जुन जुन चीजको भन्सार आदिबाट अर्थ–क्षीण राजालाई पनि विशेष आर्थिक फाइदा हुन्छ, ती ती मालसामानहरूको सम्बन्धमा व्यापारीहरूउपर उसले रोक लगाउनु हुँदैन ॥७९॥

सुसंरक्षेत निपुणः सस्यं कण्टकशाखया ।
फलाय लगुडः कार्यो दस्युभोग्यमिदं जगत् ॥८०॥

सिपालु व्यक्तिले बाली या आवश्यक उपभोग्य सामग्रीलाई काँडाका बार या कडा पहराद्वारा राम्ररी सुरक्षित राख्नुपर्छ र त्यसबाट अवाज या फल प्राप्त गर्नका निमित्त लठ्ठी या दण्ड (सजायँ) को उपयोग गर्नुपर्छ, किनभने यो संसार चोर डाँकाहरूको भोग्य हो । (ग्रन्थकारको आशय यो हो कि–यस दुनियाँमा चोर्ने र डाँका गर्ने मानिसहरूको चकचकी हुने हुनाले खेतीवालले काँडाको बार आदिद्वारा बालीको सुरक्षा गरेर अनाज सुरक्षित रूपमा थन्क्याएझैं राजाले राष्ट्रिय धन-मालको सुरक्षा कडा पहराद्वारा गरेर त्यसको उचित उपभोग गर्न र प्रजाहरूलाई गर्न दिनका लागि राम्रो दण्ड-व्यवस्था कायम राख्नुपर्छ) ॥८०॥

आयुक्तकेभ्यश्चौरेभ्यः परेभ्यो राजवल्लभात् ।
पृथिवीपतिलोभाच्च प्रजानां पञ्चधा भयम् ॥८१॥

प्रजाहरूलाई मुख्यतया पाँच प्रकारबाट डर हुन्छ – (१) राजकीय अधिकार पाएका कर्मचारीहरूबाट (२) चोर या डाँकाहरूबाट (३) शत्रुहरूबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(४) राजाका प्यारा व्यक्तिहरूबाट र (५) खुद राजाकै लोभबाट ॥८१॥

पञ्चप्रकारमप्येतदपोह्य नृपतिर्भयम् ।
आददीत फलं काले त्रिवर्गपरिवृद्धये ॥८२॥

राजाले प्रजाहरूको उपर्युक्त पाँचै प्रकारको भय हटाइदिएर धर्म, अर्थ, काम, यी तीन पुरुषार्थको वृद्धिका निमित्त उचित समयमा (प्रायः अनाज पाकेको अवस्थामा) उनीहरूबाट फल-स्वरूप कर उठाउनुपर्छ ॥८२॥

यथा गौः पाल्यते काले दुह्यते च तथा प्रजाः ।
सिच्यते चीयते चैव लता पुष्पप्रदा यथा ॥८३॥

जसरी गाई यत्नसँग पालिन्छ र मौकामा दुहिन्छ, अनि जसरी फूलका लहराहरू पहिले सिंचिन्छन् र मौकामा फूल टिपिन्छन्, त्यसरी नै प्रजाहरूलाई पहिले राम्ररी पालन र संरक्षण गरेर मौकामा उनीहरूबाट कर असूल गर्नुपर्छ ॥८३॥

आस्रावयेदुपचितान् साधु दुष्टव्रणानिव ।
आयुक्तास्ते च कुर्वीरन्नग्नाविव महीपतौ ॥८४॥

ज्यादै चढेका अख्तियारवालाहरूलाई राजाले पिलो आदि दुष्ट खटिरालाई निचोरेझैं गरी निचोर्नुपर्दछ । अर्थात् उनीहरूले अनुचित रूपबाट थुपारेको संपत्ति सार्वजनिक काममा ल्याउन बाध्य गराउनुपर्छ । ती अख्तियारवालाहरूले पनि आगोसँग झैं राजासँग खूब सतर्कतासाथ बर्ताव गर्नुपर्छ ॥८४॥

स्वल्पमप्यपकुर्वन्ति ये पापाः पृथिवीपतौ ।
ते वन्हाविव दह्यन्ते पतङ्गा मूढचेतसः ॥८५॥

अनुचित विचार भएका जुन दुष्ट व्यक्तिहरू राजासँग थोरै पनि अपमान-जनक व्यवहार गर्दछन्, तिनीहरू आगामा सलह झैं पोलिन्छन्, अर्थात् त्यसै कारणले नष्ट हुन्छन् ॥८५॥

संवर्धयेत्तथा कोशमाप्तैस्तज्ज्ञैरधिष्ठितम् ।
काले चास्य व्ययं कुर्यात् त्रिवर्गप्रतिपत्तये ॥८६॥

अरू चीजको सुव्यवस्था गरेझैं राजाले कोश (मूल ढुकुटी) को काममा पूरा ज्ञान भएका आपस्त या भरपर्दा व्यक्तिहरूको अधिकारमा कोश बढाउनुपर्छ र त्रिवर्ग (धर्म, अर्थ,काम, यी तीन पुरुषार्थ) को सफल उपलब्धिका लागि समय-समयमा त्यसको सदुपयोग गर्नुपर्छ ॥८६॥

धर्मार्थं क्षीणकोशस्य क्षशत्वमपिशोभते ।
सुरैः पीतावशेषस्य शरद्धिमरुचेरिव ॥८७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुःखीको उद्धार, लोक-कल्याण आदि धार्मिक कार्यहरूमा धन खर्च गर्नाले कोश रित्तिएको राजा आर्थिक दृष्टिले कमजोर छ भने पनि त्यो त्यसका लागि सुहाउँदै कुरा हो; जस्तो कि देवताहरूले पिएर बाँकी रहेका शरद् ऋतुका चन्द्रमा क्षीण भए पनि दर्शनीय नै हुन्छन्+ ॥८७॥

बृहस्पतेरविश्वास इति शास्त्रार्थनिश्चयः ।
विश्वासी च तथा च स्याद् यथा संव्यवहारवान् ॥८८॥

बृहस्पतिको सिद्धान्तअनुसार राजाले कसैमा पनि पूर्ण विश्वास गर्नु हुँदैन; परन्तु (ग्रन्थकारको रायअनुसार) राजाले विश्वासी र अविश्वासी दुवै हुनुपर्छ; अर्थात् उसले कर्मचारीहरूमा त्यति विश्वास गर्नुपर्छ, जति विश्वास गर्नाले उनीहरूमा 'राजाले हाम्रो उपर राम्रो व्यवहार गरेका छन्' भन्ने भावना जम्न सकोस् ॥८८॥

विश्वासयेदविश्वस्तं विश्वस्तं नातिविश्वसेत् ।
यस्मिन् विश्वासमायाति विभूतेः पात्रमेव सः ॥८९॥

राजाले, विश्वास नगरिएका व्यक्तिहरूमा 'हामी राजाका विश्वासपात्र रहेछौं' भन्ने विश्वास गराउनुपर्छ; विश्वास परेका व्यक्तिहरूमा चाहिं आफूले ज्यादा विश्वास गर्न हुँदैन । जसमा राजाले ज्यादा विश्वास गर्छ, संपत्तिको पात्र नै त्यही व्यक्ति हुन्छ ॥८९॥

प्रादुर्भवन्त्यर्थसमं यस्माच्चित्तान्यनुत्तमम् ।
तस्माद् योगीव सततं तानि पश्येत् समाहितः ॥९०॥

राजकर्मचारीहरूका चित्तवृत्तिहरू मतलब अनुसार छिनछिनमा पैदा भइरहन्छन् । त्यस कारण राजाले हरबखत खूब होशियार भएर योगीले झैं तिनीहरूका चित्तवृत्तिहरूको अध्ययन गर्नुपर्छ ॥९०॥

स्वनुगतपरितोषितानुजीवी
मधुरवचाश्चरितानुरक्तलोकः ।
सुनिपुणपरमाप्तसक्ततन्त्रो
भवति चिरं नृपतिः प्रदीप्तरश्मिः ॥९१॥

राम्रोसँग भनेको मान्ने र आफूले प्रसन्न पारिएका नोकर र कर्मचारीहरू भएको, मीठो मसिनो बोलीवचन भएको, आफ्ना चरित्रले दुनियाँलाई

+ 'कृष्णपक्षमा देवताहरूले सुषुम्णा नाडीद्वारा चन्द्रमाको कला या अमृत पान गरेर शुक्लपक्षमा इडा नाडीद्वारा क्रमशः उसै गरी भरिदिन्छन्' भन्ने प्राचीन शास्त्रीय प्रसिद्धि छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रत्याएको, खूब सिपालु, ज्यादै भरपर्दो र आफूमा ज्यादै भक्ति राख्ने सेनाले युक्त राजा धेरै कालसम्म प्रतापशाली भएर रहन्छ ।।९१।।

स्वामी - अनुजीवी - वृत्त नामक आठौं प्रकरण

पाँचौं सर्ग समाप्त

*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छैंटो सर्ग

कण्टकशोधन–प्रकरण

[यसरी आफूमा अनुरक्त भएका सन्तुष्ट अनुजीवीहरूले युक्त राजाले राष्ट्रका भित्री र बाहिरी सबै अंगहरूमा विचार पुऱ्याउनुपर्छ । अतः यो छैंटो र सातौं सर्गमा राजाका आफ्ना र शत्रुहरूद्वारा प्रयुक्त व्यक्तिहरूबाट उसका उपरमा आइपर्ने षड्यन्त्रहरूको प्रतीकारका निमित्त उपाय बताइन्छ । त्यसैअन्तर्गत यो पहिलो प्रकरणमा राजनीतिको बाटाका बाहिरी काँढा पन्छाउने उपायको आंशिक वर्णन छ]

लोके वेदे च कुशलः कुशलैः परिवेष्टितः ।
आदृतश्चिन्तयेद्राज्यं सबाह्याभ्यन्तरं नृपः ॥१॥

वेद आदि शास्त्रीय विषयहरूमा र लौकिक व्यवहारमा सिपालु राजाले त्यस्तै अर्थात् शास्त्रीय विषय र लौकिक व्यवहारमा निपुण व्यक्तिहरूलाई आसपासमा राखेर दत्तचित्त भई राज्यका भित्री र बाहिरी सबै अङ्गहरूमा विचार पुऱ्याउनुपर्छ ॥१॥

आभ्यन्तरं शरीरं स्वं बाह्यं राष्ट्रमुदाहृतम् ।
अन्योन्याधारसंबन्धादेकमेवेदमिष्यते ॥२॥

राजा या सर्वोच्च शासकको शरीर भित्री शरीर र राष्ट्र उसको बाह्य या स्थूल शरीर हो । यी दुवै चीज अर्थात् राजा र राष्ट्र एक दोस्राका आधार हुनाले त्यसै संबन्धद्वारा यिनीहरूलाई एक मानिन्छ ॥२॥

राज्याङ्गानां तु सर्वेषां राष्ट्राद् भवति संभवः ।
तस्मात् सर्वप्रयत्नेन राजा राष्ट्रं समुन्नयेत् ॥३॥

कोश, फौज, सुन चाँदी आदि धातु, वाहन, अनाज र अन्य जिन्सी माल आदि सारा राज्याङ्गहरूको उत्पत्ति राष्ट्रबाटै हुन्छ; त्यस कारण राजाले सब तरहको प्रयत्नबाट राष्ट्रकै उन्नति गर्नुपर्छ ॥३॥

लोकानुग्रहमन्विच्छन् शरीरमनुपालयेत् ।
राज्ञः संरक्षणं धर्मः शरीरं धर्मसाधनम् ॥४॥

दुनियाँको भलाइ गर्न चाहने राजाले आफ्नो शरीरको हिफाजत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नुपर्छ; किनभने प्रजा पालन गर्नु राजाको धर्म हो, अनि धर्मको प्रधान साधन शरीर हो* ॥४॥

धर्म्यामारेभिरे हिंसामृषिकल्पा महीभुजः ।
तस्मादसाधून् धर्माय निघ्नन् दोषैर्न लिप्यते ॥५॥

ऋषि जस्ता पुण्यात्मा मनु आदि राजाहरू पनि धर्मयुक्त हिंसा गर्दथे रे। त्यस कारण धर्मको संरक्षणका लागि पापी दुष्टहरूलाई मार्दा राजा दोषी हुँदैन ॥५॥

धर्मसंरक्षणपरो धर्मायार्थं विवर्धयेत् ।
ये ये प्रजाः प्रबाधेरन् ताँस्तान् शिष्यान्महीपतिः ॥६॥

राजाले धर्मको रक्षामा तत्पर भएर धार्मिक कार्यकै निमित्त संपत्ति बढाउनुपर्छ। जुन जुन दुष्ट व्यक्तिहरू कर्तव्यनिरत प्रजाहरूलाई सताउँछन्, तिनीहरूलाई राजाले दण्ड दिनुपर्छ ॥६॥

यमार्याः क्रियमाणं हि शंसन्त्यागमवेदिनः ।
स धर्मो यं विगर्हन्ति तमधर्मं प्रचक्षते ॥७॥

'धर्म-शास्त्र जान्ने निष्ठावान् सत्पुरुषहरू जुन कामको प्रशंसा गर्दछन्, त्यही धर्म हो र जुन जुन कामको निन्दा गर्छन्, त्यो अधर्म हो' भन्ने विद्वान्हरूको राय छ ॥७॥

धर्माधर्मौ विजानन् हि शासनेऽभिरतः सताम् ।
प्रजा रक्षेन्नृपः साधु हन्याच्च परिपन्थिनः ॥८॥

कर्तव्य र अकर्तव्यको विषयमा योग्य अनुभवी विद्वान्हरूको रायमा चल्ने राजाले पूर्वोक्त धर्म र अधर्मलाई राम्ररी बुझेर दुनियाँको राम्रो संरक्षण गर्नु र शत्रु या प्रतिरोधकहरूलाई मार्नु पनि पर्छ ॥८॥

राज्योपघातं कुर्वीरन् ये पापा राजवल्लभाः ।
एकैकशः संहता वा तान् दूष्यान् परिचक्षते ॥९॥

राजाका प्रेमपात्र भएका जुन कु-नियतीहरू एक्लाएक्लै या धेरै जना मिलेर राज्य टुक्र्याउने या नष्ट भ्रष्ट पार्ने किसिमको काम गर्दछन् तिनीहरूलाई 'दूष्य' भन्दछन् ॥९॥

दूष्यानुपांशुदण्डेन हन्याद्राजाऽविलम्बितम् ।
प्रदूष्य वा प्रकाशं हि लोकविद्वेषमागतान् ॥१०॥

---

*यसबाट राजाको शरीरको उपयोगिता उसको निजी स्वार्थका लागि भन्दा प्रजाका हितको लागि ज्यादा हुनुपर्ने कुरा झल्कन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजाले त्यस्ता दूष्यहरूलाई उपांशुदण्ड (शस्त्र वा विष आदिको प्रयोग गरेर सुटुक्क दिइने दण्ड) द्वारा चाँडै खतम गरिदिनुपर्छ◇। अथवा तिनीहरूको कसूर दुनियाँ समेत क्रुद्ध हुने गरी प्रख्यात गराएर तिनीहरूलाई खुला प्राणदण्ड दिए पनि हुन्छ ॥१०॥

राजा रहसि दूष्यं हि दर्शनायोपमन्त्रयेत् ।
गूढशस्त्रा विशेयुस्तं पश्चादासज्जिता नराः ॥
बिश्वस्ता हिं विचिन्वीयुर्द्वास्थाः कक्षान्तरागतान् ।
ते शस्त्रग्राहिणो ब्रूयुः प्रयुक्ताः स्म इति स्फुटम् ॥
इत्यादि दूष्यान् सन्दूष्य प्रजानामभिवृद्धये ।
विनयञ्छ्रियमुत्कर्षं राजा शल्यं समुद्धरेत् ॥११-१३॥

उपांशुदण्ड दिनुपर्ने ठहरिएका दोषी व्यक्तिलाई राजाले एकान्तमा दर्शन भेट दिनका लागि बोलाउनू। त्यसपछि त्यो व्यक्ति दरबार या गुप्त भेटघाटको निर्दिष्ट स्थानभित्र पस्ता पहिल्यैदेखि गुप्त हतियारहरू भिरेर तयार भएका व्यक्तिहरूले त्यसको साथसाथै ढोकाभित्र पस्नू र भित्री कक्षमा अर्थात् भित्री सभा-भवन या मन्त्रणा-स्थानको ढोकासम्म पुगेपछि पहिले नै कुरा मिलाइराखेका विश्वस्त ढोकेहरूले ती गुप्त-शस्त्र-धारीहरूको तलाशी लिंदा तिनीहरूले त्यो दूष्य व्यक्तितिर संकेत गरेर ‘ हाम्रा मालिकले हामीलाई राजाको बध गराउन ल्याउनुभएको हो ’ भनी स्पष्ट रूपमा कायल हुनू। यो र यस्तै अरू तरीकाले त्यस्ता दूष्य व्यक्तिहरूलाई स्पष्ट दोषी साबित गराएर—दुनियाँको कल्याण र आफ्नो ऐश्वर्यको वृद्धिका निमित्त—काँडो पन्साए फैं पन्साउनुपर्छ अर्थात् समाप्त नै गरिदिनुपर्छ ॥१३॥

यथा बीजाङ्कुरः सूक्ष्मः परिपुष्टोऽभिरक्षितः ।
काले फलाय भवति साधु तद्वदियं प्रजा ॥१४॥

जस्तो सानो बीउको टुसो बाखेर र कीटाणुनाशक औषधिको प्रयोग आदिद्वारा सुरक्षित र मल-जलद्वारा पुष्ट गराएपछि मौकामा राम्रो फल दिने हुन्छ, त्यस्तै सुरक्षा र स्वास्थ्य आदिको राम्रो प्रबन्धद्वारा सपारिएका प्रजाहरू मौकामा राम्रो फल दिने अर्थात् राष्ट्र र शासकको बढिबढाउ गर्ने हुन्छन् ॥१४॥

◇त्यस्ता धेरै कालसम्म राजाको कृपा-पात्र भएका व्यक्तिहरूलाई खुलेआम प्राणदण्ड दिंदा दुनियाँमा आतङ्क फैलिने डर हुने हुनाले यो उपाय बताइएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उद्वेजयति तीक्ष्णेन मृदुना परिभूयते ।
तस्माद्यर्थाहतो दण्डं नयेत् पक्षमनाश्रितः ॥१५॥

ज्यादै कडा दण्डको प्रयोगले दुनियाँ बिच्कन्छ । दण्ड शिथिल हुँदा राजाले नै उसदेखि दन्नुपर्छ । त्यस कारण राजाले पक्षपात नगरीकन अपराधअनुसारको उचित दण्ड दिने गर्नुपर्छ ॥१५॥

कण्टक-शोधन नामक नवौं प्रकरण

छैठो सर्ग समाप्त

६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सातौं सर्ग

राजपुत्र–रक्षण–प्रकरण

[अब यस सर्गका दुई प्रकरणमा भित्री राज्य-विघातक (राजपुत्र आदि) बाट राज्यको र खुद राजाको रक्षा गर्ने प्रकार र उपरियामा सामन्त तथा आटविक (जङ्गलका तैनाथवाला र एक प्रकारको जङ्गली जाती) हरूबाट विशेष खतरा रहने हुनाले त्यसको प्रतिरोध गर्ने उपाय बताइन्छः—]

प्रजात्मभ्ये यत्ने राजा कुर्यादात्मजरक्षणम् ।
लोलुभ्यमानास्तेऽर्थेषु हन्युरेनमरक्षिताः ॥१॥

राजाले प्रजाहरूको र आफ्नो भलाइको निमित्त आफ्ना छोराहरूलाई सुरक्षित रूपमा राख्नुपर्छ; नत्र बिलकुल स्वतन्त्रता पाएका ती राजपुत्रहरूले ऐश्वर्यको लोभले राजाकै शरीरमा खतरा पार्न सक्छन् ।।१।।

राजपुत्रा मदोन्मत्ता गजा इव निरङ्कुशाः ।
भ्रातरं वापि निध्नन्ति पितरं वाऽभिमानिनः ॥२॥

मदले मात्तिएका निरङ्कुश हात्तीहरू झैं यौवन र धनको आधिक्यले उन्मत्त भएका उच्छृङ्खल अभिमानी राजकुमारहरू दाजुभाइ र बाबुलाई नै पनि मार्न बेर लाउँदैनन् ।।२।।

राजपुत्रैर्मदोन्मत्तैः प्रार्थ्यमानमितस्ततः ।
दुःखेन रक्ष्यते राज्यं व्याघ्राघ्रातमिवामिषम् ॥३॥

त्यस्ता मदोन्मत्त राजकुमारहरूले जताततैबाट हत्याउन चेष्टा गरिएको राज्य बाघले सुँघिसकेको मासु झैं दुःखले जोगाउन सकिने हुन्छ ।। ३।।

रक्ष्यमाणा यदि छिद्रं कथञ्चित् प्राप्नुवन्ति ते ।
सिंहशावा इव ध्नन्ति रक्षितारमसंशयम् ॥४॥

युक्तिसाथ संरक्षणमा राखिएका ती राजकुमारहरूलाई कथञ्चित् छिद्र प्राप्त भयो भने अर्थात् केही गरी तिनीहरूलाई 'हामीहरूलाई यसरी नियन्त्रणमा राख्ने चेष्टा गरिएको छ' भन्ने कुरा थाहा भयो भने तिनले सिंहका डमरूले झैं आफ्ना संरक्षकलाई नै अवश्य मार्छन् ।।४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिनयोपग्रहान् भूत्यै कुर्वीत नृपतिः सुतान् ।
अविनीतकुमारं हि कुलमाशु विनश्यति ॥५॥

राजाले आफ्नो र राष्ट्रको कल्याणका लागि छोराहरूलाई शिक्षा आदिको व्यवस्थाद्वारा विनययुक्त गराएर अधीनमा राखन सकिने गराउनुपर्छ । जुन कुलमा कुमारहरू अशिक्षित र उद्धत हुन्छन् त्यो कुल चाँडै नष्ट हुन्छ ॥५॥

विनीतमौरसं पुत्रं यौबराज्येऽभिषेचयेत् ।
दुष्टं गजमिवोद्वृत्तं कुर्वीत सुखबन्धनम् ॥६॥

उचित शिक्षा पाएको समान जातकी विवाहिता रानीमा आफ्नै वीर्य-बाट पैदा भएको छोरालाई राजाले युवराजको पदमा अभिषेक गर्नू; तर दुष्ट स्वभावको हात्ती जस्तै उज्जण्ड स्वभावको पुत्रलाई चाहिं सुखको सामग्री प्रशस्त दिएर त्यसैमा फँसाइ राख्नू ॥६॥

राजपुत्रः परित्यागं सुदुर्वृत्तोऽपि नार्हति ।
क्लिश्यमानः स पितरं परमाभित्य हन्ति हि ॥७॥

जतिसुकै खराब चालचलनको भए पनि राजाले आफ्ना छोराको परि-त्याग गर्नु हुँदैन; किनभने धेरै दुःख पाउन लागेको त्यस्तो राजकुमारले शत्रु सँग मिलेर बाबुलाई नै मार्छ ॥७॥

व्यसने सज्जमानं हि क्लेशयेद् व्यसनश्रायैः ।
तथा च क्लेशयेदेनं तया स्यात् पितृगोचरः ॥८॥

शिकार, जूवा, रण्डीवाजी, मद्यपान आदि कुलतमा फँस्न लागेको राज-कुमारलाई ऊ जुन कुलतमा फँसेको छ त्यसैमा लागेका या काम गर्ने व्यक्तिहरू-लाई लगाएर खूब हैरान गराई आफ्नो रायमा चल्ने गराउनुपर्छ ॥८॥

राजपुत्र-रक्षण नामक दशौं प्रकरण समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

❧आत्मरक्षितक–प्रकरण

यानेे शय्यासने भोज्ये पाने वस्त्रे विभूषणे ।
सर्वत्रैवाप्रमत्तः सन् बुध्येत विषदूषितम् ॥९॥

राजाले सवारीमा, बिछ्याउनामा, भोजनमा, पिउने कुराहरूमा, लुगा–कपडाहरूमा र गहना आदि शृङ्गार–साधनहरूमा; संक्षेपमा सर्वत्र नै खूब होसियारी साथ विष परे नपरेको बुझ्नुपर्छ ॥९॥

विषघ्नैरुदकैः स्नातो विषघ्नमणिभूषणः ।
परीक्षितं समश्नीयाज्जाङ्गलीविद्भिषग्वृतः ॥१०॥

राजाले विष नाश गर्ने औषधिहरू मिसिएको पानीले नुहाएनु, विष-नाशक मणिहरूको गहना लगाउनु र भोजनमा पनि विष–विद्यामा निपुण वैद्यहरूका साथ उनीहरूद्वारा राम्ररी जाँचिएको चीज मात्र खानु पर्छ ॥१०॥

भृङ्गराजः शुकश्चैव शारिका चेति पक्षिणः ।
क्रोशन्ति भृशमुद्विग्ना विषपन्नगदर्शनात् ॥११॥

भृङ्गराज, सुगा, मैना यी पक्षीहरू विष र सर्प देख्ता खूब विच्किएर कराउँछन् ॥११॥

चकोरस्य विरज्येते नयने विषदर्शनात् ।
सुव्यक्तं माद्यति क्रौञ्चो म्रियते मत्तकोकिलः ॥१२॥

विष देख्ता च्याखुराका आँखा अर्कै वर्णका (एकतमाशका) हुन्छन् । क्रौञ्च पक्षी (कन्याङकुरूङ) विष देख्ता राम्रै सँग बौह्लाउँछ या विह्वल हुन्छ । मदमत्त कोइली विष देखेपछि मरिहाल्छ ॥१२॥

जीवञ्जीवस्य च ग्लानिर्जायते विषदर्शनात् ।
तेषामन्यतमेनापि समश्नीयात् परीक्षितम् ॥१३॥

विष देख्ता जीवञ्जीव (मयूरका जस्ता पखेटा हुने पक्षिविशेष) लत्रङ्ग पर्छ । यी उपर्युक्त पक्षीहरू मध्ये कुनै एउटाद्वारा मात्र भए पनि परीक्षा गरेर राजाले भोजन गर्नुपर्छ ॥१३॥

❧यो खास गरेर राजाका शारीरिक सुरक्षाको उपाय भएको प्रकरण हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मयूरपृषतोत्सर्गान्न भवन्ति भुजङ्गमाः ।
तस्मान्मयूरपृषतौ भवने नित्यमुत्सृजेत् ॥१४॥

मयूर र पृषत (मृग विशेष)लाई घरमा छोड्नाले सर्पहरू रहन पाउँदैनन्; त्यसकारण घरमा सधैं मयूर र पृषतलाई छोड्नुपर्छ ॥१४॥

भोज्यमन्नं परीक्षार्थं प्रदद्यात् पूर्वमग्नये ।
वयोभ्यश्च ततो दद्यात् तत्र लिङ्गानि लक्षयेत् ॥१५॥

भोजन गरिने अन्न परीक्षाका लागि पहिले अलिकति आगोमा राखिदिनु, अनि चराहरूलाई दिनु र तिनमा विष परेका लक्षणहरु ठम्याउनु पर्छ ॥१५॥

धूमार्चिर्नीलता वन्हेः शब्दश्फोटश्च जायते ।
अन्नेन विषदिग्धेन वयसां मरणं भवेत् ॥१६॥

विष परेको चीज आगामा हालिँदा त्यसको ज्वाला र धूवाँ नीलो हुन्छ; चटचट आवाज आउने र आगो पड्कने पनि गर्दछ । काग आदि पक्षीहरू त विष परेको अन्न–द्वारा मरि नै हाल्दछन् ॥१६॥

अक्लिन्नता सोदकत्वमाशु शैत्यं विवर्णता ।
अन्नस्य विषदिग्धस्य तथा स्निग्धत्वमेव च ॥१७॥

विष परेको अन्न राम्रो सँग चूरो नमरेको ओवानो र फरफराउँदो नभएर कचपच्च परे जस्तो, अपेक्षाकृत चाँडै सेलाउने, एकतमाशको वर्ण भएको, चिल्लो चिल्लो किसिमको (मयूरको घाँटी जस्तो मसैलो) हुन्छ ॥१७॥

व्यञ्जनस्याशु शुष्कत्वं क्वथनं श्यामफेनता ।
गन्धस्पर्शरसाश्चैव नश्यन्ति विषदूषणात् ॥१८॥

विष परेको तरकारी साधारणको अपेक्षा चाँडै सुकाउरो देखिने, अमिलो हालेको खरानी फैं छट्किए जस्तो, नडढोकन पनि कालो फीँज देखिने हुन्छ । त्यसमा पहिलेको गन्ध, स्पर्श र रस पनि रहँदैन ॥१८॥

छाया ऽतिरिक्ता हीना वा द्रवे च विषदूषिते ।
दृश्यते राजिरूर्ध्वा च फेनमण्डलमेव च ॥१९॥

विष मिलेको द्रव पदार्थमा छाया हेर्दा साधारण परिमाण भन्दा ठूलो या सानो देखिन्छ । ठाडो धर्को जस्तो र फीँजको घेरो पनि त्यसमा देखिन्छ ॥१९॥

रसस्य नीला पयसश्च ताम्रा
तोयस्य मद्यस्य च कोकिलाभा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्यामा च दध्नो विषदूषितस्य
मध्ये भवत्यूर्ध्वगता च रेखा ॥२०॥

उखु आदिको रसमा विष परेको छ भने त्यसको माझमा नीलो ठाडो धर्को परेको हुन्छ । दूधमा विष मिलेको भए रातो ठाडो धर्को परेको हुन्छ । पानी या मदिरामा विष परेको भए कोइलीको जस्तो रङ्ग भएको (कालो वर्णको) र दहीमा विष परेको भए श्याम वर्णको (अर्थात् वैदूर्य मणिको जस्तो नीलो नीलो वर्णको) ठाडो धर्को बीचमा परेको हुन्छ ॥२०॥

आर्द्रस्य सर्वस्य भवेत्तु सद्यः
प्रम्लानभावो विषदूषितस्य ।
उत्पक्वता क्वाथविनीलता च
प्रश्यामता चेति वदन्ति तज्ज्ञाः ॥२१॥

आलो, काँचो र भिजेको पदार्थ विष पर्नासाथ वैलाए जस्तो, गन्हाउने, छड्किइरहे जस्तो, नीलो, एक तमाशको बिग्रिए जस्तो रंग भएको हुन्छ भन्ने विष– विशेषज्ञहरूको राय छ ॥२१॥

शुष्कस्य सर्वस्य विषोपदेहाद्
विशीर्णता चाऽऽशु विवर्णता च ।
खरं मृदु स्यान्मृदुनः खरत्वं
तदन्तिके चाल्पकजन्तुघातः ॥२२॥

सबै किसिमका सुख्खा पदार्थहरूमा, विष पर्दा तिनीहरूका अवयवहरू शिथिल हुने र पहिलेको रङ्ग बदलिने हुन्छ । विष पर्दा कडा या चाम्रो पदार्थ कमलो हुन्छ; कमलो पदार्थ चाम्रो या कडा हुन्छ । त्यसको आसपासमा साना साना जीव–जन्तुहरू पनि मरेका हुन्छन् ॥२२॥

प्रावारास्तरणानां च श्याममण्डलकीर्णता ।
तन्तूनां पक्ष्मणां लोम्नां स्याद् भ्रंशश्च विषाश्रयात् ॥२३॥

बर्को र तन्ना आदि कपडाहरूमा विष पर्दा काला काला बाटुला दाग पर्छन् (मानौं ती कपडाहरू कहिल्यै घाममा नसुकाइएका होऊन्); कपडाहरू साधारण सूती भए धागो चुँडिनु या मक्किनु, भुवादार भए भुवा खस्नु या धेर रोटिनु, ऊनी भए रौं खस्नु इत्यादि पनि हुन्छ ॥२३॥

लोहानां च मणीनां च मलपङ्कोपदिग्धता ।
प्रभावस्नेहगुरुतावर्णस्पर्शवधस्तथा ॥२४॥

सुन आदि धातु र मणिहरूमा विष पर्दा मयल र हिलो लागे जस्तो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दाग बस्छ । ती चीजहरूको प्रभाव या चहक कम हुन्छ; चिल्लोपन हराउँछ; वजन कम हुन्छ; वर्णमा परिवर्तन हुन्छ; अनि स्पर्श पनि पहिलेको भन्दा भिन्न हुन्छ ।।२४।।

संशुष्कश्यामवक्त्रत्वं वाग्भङ्गो जृम्भणं मुहुः ।
स्खलनं वेपथुः स्वेदो ह्यावेशो दिग्विलोकनम् ।।
स्वकर्मणि स्वभूमौ स्यादनवस्थानमेव च ।
लिङ्गान्येतानि निपुणं लक्षयेद् विषदायिनाम् ।।२५–२६।।

सुकाउरो र कालो मुख हुनु, लडखडाउँदो या भकभके बोली हुनु, बार बार हाइ आइरहनु, सम्म ठाउँमा हिंड्दा पनि लडखडाउनु, जीउ काम्नु, विना कारण पसीना आइरहनु, ज्यादा टोल्हाउनु, चारैतिर पल्याकपुलुक हेरिरहने गर्नु, यी विष दिने मानिसका खास लक्षणहरू हुन् । चलाखीसाथ यिनीहरूको पत्ता लगाउनु पर्छ ।।२५–२६।।

औषधानि च सर्वाणि पानं पानीयमेव च ।
तत्कल्पकैः समास्वाद्य प्राश्नीयाद् भोजनानि च ।।२७।।

सबै किसिमका औषधिहरू, मदिरा आदि पेय पदार्थ र सबै किसिमका भोज्य पदार्थहरू पहिले ती ती चीज तयारगर्ने व्यक्तिहरूलाई चाखन लगाएर राजाले खान पान गर्नुपर्छ ।।२७।।

*प्रसाधनानि यत्किञ्चित् तत्सर्वं परिचारकाः ।
आनयेयुर्नरेन्द्राय सुपरीक्षितमुद्रितम् ।।
परस्मादागतं यच्च तत्तत् सर्वं परीक्षयेत् ।
स्वेभ्यः परेभ्यश्च तदा रक्ष्यो राजा हि रक्षिता ।।२८–२९।।

श्रृङ्गार र सफाइका साधनहरू–जति सेवकहरूले राम्रोसँग जाँची छाप लगाएर मात्र राजाको हजूरमा लैजानुपर्छ ।

अरू सामन्त आदिकहाँबाट आएका सर-सामानहरू पनि राजाले जाँच्नु या जंचाउनुपर्छ । त्यसो गरे मात्र राष्ट्रको रक्षक राजा आफन्त र पराईहरूबाट रक्षा-योग्य (सुरक्षित हुन समर्थ) हुन्छ ।।२८–२९।।

यानवाहनमारोहेद् ज्ञातं ज्ञातोपपादितम् ।
अविज्ञातेन हि पथा सङ्कटेन च न व्रजेत् ।।३०।।

राजाले यान वाहनमा सवार हुनुपर्दा आफूले राम्रोसँग जानेको अथवा भरपर्दा मानिसहरूले तयार गरिएको यान वाहनमा मात्र चढ्नुपर्छ ।

*यस श्लोकको मूल पाठमा केही वैषम्य देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नजानेको र संकटपूर्ण (खतरनाक) बाटाबाट हिंड्नु हुँदैन ॥३०॥

वीक्षितादुष्टकर्माणमाप्तं वंशक्रमागतम् ।
संविभक्तं च कुर्वीत जनमासन्नवर्तिनम् ॥३१॥

बेइमानीपूर्ण काम नदेखिएको, पत्त्यारलाग्दो बाजु बाजेका पालादेखि सेवा गरी आएको र जीविकाको पूरा व्यवस्था मिलेको या पराधीन नभएको व्यक्तिलाई राजाले हजूरिया बनाउनुपर्छ ॥३१॥

अधार्मिकांश्च क्रूरांश्च दृष्टदोषान् निराकृतान् ।
परेभ्योऽभ्यागतांश्चैव दूरादेतान् समाचरेत् ॥३२॥

अधार्मिक प्रवृत्तिका, निठुरी (विष दिने आगो लगाउने आदिमा) दोषी साबित भैसकेका, नोकरीबाट बर्खास्त या देशनिकाला गरिएका र शत्रुको मुलुकबाट या विराना देशबाट विशेष कारण परी शरणार्थी हुन आएका व्यक्तिहरूलाई राजाले आफूदेखि पर परै राख्नुपर्छ ॥३२॥

महावातपरिभ्रान्तां परीतानातनाविकाम् ।
अन्यनौप्रतिबद्धां वा नोपेयान्नावमातुराम् ॥३३॥

ठूला हुरीले घुमाएको, आसपासमा खतरनाक माझीहरू भएको, अर्को नाउमा बाँधिएको र थोत्रो नाउमा राजाले नचढ्नु ॥३३॥

परितापिषु वासरेषु पश्यं-
स्तटलेखान्तिकमाप्तसैन्यचक्रः ।
सुविशोधितमीननक्रजालं
व्यवगाहेत जलं सुहृत्समेतः ॥३४॥

गर्मीका रापिला दिनहरूमा राजाले भरपर्दो सेनाको घेरा राखेर किनाराका छेउछाउतिर आँखा पुऱ्याउँदै मल्लाहाहरूद्वारा माछा गोही आदि खतरनाक जन्तुलाई निकालेर स्वच्छ गराएको पानीमा जल–विहारको निमित्त असल मित्रहरूसंगै प्रवेश गर्नू ॥३४॥

गहनानि विसर्जयेद् विशुद्धं
बहिरुद्यानवनं समभ्युपेतः
विहरन्मधुरं वयोऽनुरूपैर्न च
माद्येद् विषयोपभोगरागात् ॥३५॥

बाक्ला रुखहरू भएका जङ्गलहरूलाई राजाले छोडिदिनु अर्थात् त्यस्तामा भरसक प्रवेशै नगर्नू । सबै खतरा दूर गरिएको अर्थात् विषैला जन्तु आदि पदार्थ हटाएर साफ विचरण–योग्य पारिएको शहर बाहिरको बगैंचामा पुगेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उमेर मिल्दा मित्रहरूका साथ बिस्तार बिस्तार आनन्दपूर्ण तरीकाले बिहार गर्नू; तर विषय–भोगको तीव्र चाहना लिएर होस नगुमाउनू ।।३५।।

सुविनीतसुवेषपृष्ठयानः सुखगम्यामुचितां च लक्ष्यसिद्धयै ।
सुपरीक्षितरक्षितान्तसीमां लघुकोष्ठस्तु मृगाटवीमुपेयात् ॥३६॥

राजाले, राम्ररी तालीम पाएका सुन्दर सबारीमा, ठिक्क (केहो हल्का) भोजन गरी चढेर सजिलैसंग दौडन सकिने, पहिल्यैदेखि बानी परिराखेको अथवा आफू–लायक, राम्ररी धरै कुरामा परीक्षा भैसकेका अर्थात् अति विश्वस्त रक्षकहरूद्वारा सीमा सुरक्षित गराइएको मृग–वनमा [1]लक्ष्य–वेधनमा सफलता प्राप्त गर्नाको निमित्त जानुपर्छ ।।३६।।

कारयेद् भवनशोधनमादौ मातुरन्तिकमपि प्रविविक्षुः ।
आप्तशस्त्र्यनुगतः प्रविशेत् तत् संकटे च गहने च न तिष्ठेत् ॥३७॥

राजाले आमाकै घरमा पस्नु पर्दा पनि अर्थात् कार्यवश अरू कसैका घर जानु पर्दा गुप्त जाँच बुझद्वारा त्यस घरलाई निरापद गराउनु या त्यहाँको अनावश्यक तत्वहरूलाई आफू जाने बेलामा हटाउने व्यवस्था मिलाउनु पर्छ । अनि भरपर्दा शस्त्रधारी अङ्ग रक्षकहरूलाई सँग लिएर त्यहाँ प्रवेश गर्नुपर्छ । संकटपूर्ण (खतरनाक) र घुइँचो भएको ठाउँमा बस्नु हुँदैन ।।३७।।

पांसूत्करोत्कर्षिणि वाति वाते
संसक्त धाराजलदे च काले ।
अत्यातपे वापि तथान्धकारे
स्वस्थस्तु सन्न क्वचिदभ्युपेयात् ॥३८॥

दङ्गदङ्गी धूलो उडाउने हावा चलिरहेको, बादलबाट मुसलधारे पानी बर्सिरहेको, टंटलापुर घाम लागिरहेको समयमा र अन्धकारपूर्ण स्थानमा राजाले साधारणतया अर्थात् कुनै खास जरूरत या बाधा नआइपरीकन कतै हिंड्नु हुँदैन ।।३८।।

निर्गमे च प्रवेशे च राजमार्गं समन्ततः ।
प्रोत्सारितजनं गच्छेद् सम्यगाविष्कृतोन्नतिः ॥३९॥

राजाले राजदरबार बाहिर निस्कँदा र भित्र पस्ता पनि सबैतिर राजमार्गमा मानिसहरू हटाएर खूब शानसँग हिंड्नु ।।३९।।

यात्रोत्सवसमाजेषु जनसंबाधशालिनः ।
प्रदेशान् नावगाहेत नातिवेलं च संपतेत् ॥४०॥

---

[1]तारो हान्नु या निशाना लगाउनु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीर्थयात्रामा या देव–दर्शनको निमित्त जाँदा र उत्सवहरूमा एवं जन–समाज (सभा सोसाइटी आदि सार्वजनिक स्थान) मा संमिलित हुँदा राजा मानिसहरूको ज्यादा घुइँचो भएको ठाउँमा नपस्नू; समय बिताएर या कुसमयमा पनि नपुग्नू ।।४०।।

निषेवितो वर्षवरैः कञ्चुकोष्णीषधारिभिः ।
अन्तः पुरेषु विचरेत् कुब्जकैरातवामनैः ।।४१।।

कोट, पगरी लगाएका नपुंसक, कूँजा, किराती, बाउन्नेहरूलाई अघि पछि लाएर राजाले रनिवासहरूमा घुम्नुपर्छ ।।४१।।

निचैरन्तः पुरामात्याः शुचयश्चित्तवेदिनः ।
शस्त्राग्निविषवर्जं हि नर्मयेयुर्महीपतिम् ।।४२।।

विशुद्ध आचरणका या गुप्त जाँचमा उत्तीर्ण भएका, चित्त या अभिप्राय बुझ्न सक्ने, अन्तःपुरका कर्मचारी (बूढा, नपुंसक आदि) ले हतियार, आगो र विष सम्बन्धी कुनै कुराको सम्पर्क नराखीकन विनम्र भावले राजालाई हास विलासको वातावरणमा ल्याउनु ।।४२।।

अन्तर्वंशिकसैन्यं हि सन्नद्धं साधुसम्मतम् ।
रक्षेदायुक्तकुशलमन्तः पुरगतं नृपम् ।।४३।।

सजिसजाऊ भएका, सज्जनहरूले मन पराइएको अर्थात् ईमानदार र स्वामिभक्त, खटिएको काम या शस्त्रविद्यामा सिपालु अन्तः पुर–रक्षक सैन्यले रनिवासमा रहेका राजाको रक्षा गर्नुपर्छ ।।४३।।

आशीतिकाश्च पुरुषाः पञ्चाशत्काश्च योषितः ।
पश्येयुरवरोधानां शौचभागारिकाश्च ये ।।४४।।

असी वर्ष पुगेका बूढाहरू, पचास वर्ष पुगेका स्त्रीहरू एवं नपुंसक कूँजा बाउन्ने आदि घरमा नियुक्त व्यक्तिहरूले अन्तःपुरका स्त्रीहरूको चरित्र-संबन्धी पवित्रताको ख्याल राख्नुपर्छ ।।४४।।

रूपाजीवाः स्त्रियः स्नाताः परिवर्तितवाससः ।
राजानमुपतिष्ठेयुर्विशुद्धस्रग्विभूषणाः ।।४५।।

सफासँग नुहाएर कपडा बदलेका, कुनै दोष नभएको राम्रो माला र त्यस्तै गहनाहरू लगएका वेश्या रमणीहरू राजाको मनोविनोदका निमित्त हाजिर हुनुपर्छ ।।४५।।

कुहकैर्जटिलैश्चापि मुण्डैश्चाभ्यन्तरो जनः ।
संसर्गं न क्वचिद् गच्छेद् बाह्यै र्दासीजनैस्तथा ।।४६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चटकी या कपटपूर्ण (मायावी) खेल देखाएर मनोविनोद गरिदिने एवं जटा पाल्ने या मुण्डन गर्ने साधु सन्यासीको भेष लिएका व्यक्तिहरू र बाहिरिया दासीहरूसँग राजाका भित्रिया व्यक्तिहरूले कहीं पनि सम्पर्क या संसर्ग राख्ने गर्नु हुँदैन ।।४६।।

निर्गच्छेत् प्रविशेच्चापि सर्वत्राभ्यन्तरो जनः ।
विज्ञातद्रव्यसंचारी करणेनोपलक्षितः ।।४७।।

द्वारपालले जानिराखेको सांकेतिक द्रव्यको चिह्नद्वारा वार-व्यार गर्ने भित्रिया व्यक्तिले त्यस्तो चिह्न अर्थात् राजकीय मुद्राको छाप आदिले चिह्निने भएर मात्र दरबार-भित्र-बाहिर जतासुकै पनि प्रवेश गर्नु या निस्कनु पर्छ ।।४७।।

न चानुजीविनं पश्येदकल्यं पृथिवीपतिः ।
अन्यत्रात्ययिकात् कार्यात् सर्वत्रात्ययिको गुरुः ।।४८।।

साधारण अवस्थाको बिरामी सेवकलाई राजाले हेर्नु हुँदैन । आकस्मिक या भयङ्कर घटना भएमा भने हेर्नैपर्छ; किनभने सब ठाउँमा त्यस्तो अवस्था महत्वपूर्ण हुन्छ ।।४८।।

स्नातानुलिप्तः सुरभिः स्रग्वी रुचिरभूषणः ।
स्नातां विशुद्धवसनां पश्येद् देवीं सुभूषणाम् ।।४९।।

राजाले नुहाएर, चन्दन अङ्गराग आदिको लेप गरी सुगन्धित भएर, माला र सुन्दर गहना लगाई, नुहाएर सफा लुगा फेरेकी, राम्रा गहना लगाएकी महारानीलाई हेर्नू ।।४९।।

न च देवीगृहं गच्छेदात्मीयात् सन्निवेशनात् ।
अत्यन्तं वल्लभोऽस्मीति विस्रम्भं स्त्रीषु न व्रजेत् ।।
देवीगृहं गतो भ्राता भद्रसेनममारयत् ।
मातुः शय्यान्तरालीनः कारूशं चौरसः सुतः ।।
लाजान् विषेण संयोज्य मधुनेति विलोभ्य तम् ।
देवी तु काशिराजेन्द्रं निजघान रहोगतम् ।।
विषदिग्धेन सौवीरं मेखलामणिना नृपम् ।
नूपुरेण च वैरूप्यं जारुष्यं दर्पणेन च ।।
वेण्यां शस्त्रं समाधाय तथा चापि विदूरथम् ।
इति वृत्तं परिहरेच्छत्रौ चापि प्रयोजयेत् ।।५०-५४।।

राजाले आफ्नो निवासस्थानबाट रानीको निवासस्थानमा नजाने गर्नू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'म महारानीको ज्यादै प्यारो छु' भन्ने सम्झेर स्त्रीहरूको विश्वास गर्नु हुन्न। किनभने:- ‡भद्रसेनलाई आफ्नै भाइले आफ्नी महारानीको वासस्थानमा लुकेर मारेका थिए×; करुश देश (केरल ?) का राजा (कारुश) लाई आमाको बिछ्याउना (पलङ) मुनि लुकेका आफ्ना खास छोराले मारेथे+; काशीराज (वाराणसीका महाराज) लाई आफ्नै महारानीले लावा विषमा भिजाएर महमा भिजाएको भनेर लोभ्याई एकान्तमा खतम गराइथिन्◇; सौवीर देशका राजालाई आफ्नै महारानीले विषमा भिजाएको आफ्नो मेखलाको मणिद्वारा मारिथिन्÷; राजा वैरूप्यलाई उनकी महारानीले विषमा भिजेको पाउजेबले मारिथिन्*; राजा जारुष्यलाई उनकी महारानीले विष पोतिएको ऐनाद्वारा मारिथिन्**; राजा विडूरथलाई उनकी महारानीले चुल्ठामा हतियार लुकाएर

‡कलिङ्ग देश (आजकलको उडिस्सा) का राजा; वीरसेनका दाज्यू।

×राज्यका लोभले आफ्नी भाउज्यूसँग सल्लाह मिलाएर वीरसेनले आफ्ना दाज्यू भद्रसेनलाई मारेका हुन्।

+अर्का छोरालाई प्रेम गरी राज्य दिने कोशिश गरेका हुनाले करुशराजका छोराले उनलाई मारेका हुन्।

◇आफ्ना स्वार्थसिद्धिका लागि उनका दाजुभाइहरूलाई युद्धमा झोसिदिएका हुनाले रिसाइराखेकी महारानीलाई बलात्कार गर्न गएका काशिराजलाई उनले (महारानीले) त्यसरी मारेकी हुन्।

÷सौवीर देशका राजा परन्तपलाई उनका ज्यादा कडा र बिझ्ने किसिमका वचनले क्रुद्ध भइराखेकी महारानीले विष-वैद्यद्वारा आफ्ना शरीरका रक्षाको उपाय गरेर आफ्ना मेखलाको मणिमा कडा (छुनेबित्तिकै लाग्ने) विषको प्रयोग गरी राजा आफूसँग सहवास गर्न आउँदा प्रणयकोप (प्रेमपूर्ण अवस्थामा प्रेमी या प्रेमिकाले गर्ने देखावटी रिस) को बहानाले त्यही मणिको प्रहार गरी मारेकी हुन्।

*अवन्ती देशका राजा वैरूप्यलाई सौताहरूका कुरा सुनेर आफूलाई कष्ट दिने हुँदा उनकी महारानीले खेलबाडमा, बाहिरी छेउमा कडा विष लगाएको पाउजेव प्रहार गरेर सुटुक्क मारिदिएकी हुन्।

**अयोध्याका राजा जारुष्य आफ्नी महारानीसँग बाहिरी चिप्ला कुरा गरेर भित्रभित्र अर्कै स्त्रीहरूमा लम्पट भएका हुँदा ज्यादै पीर परेकी महारानीले शृङ्गार गर्दा कुनै बहानाले कडा विषले लिपिएको ऐना राजाको मुखमा दली मारेकी थिइन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसैद्वारा मारिथिन्† ।

राजाले यस्तो उपर्युक्त प्रकारको निषिद्ध चालचलन या व्यवहार छोडिदिनुपर्छ र शत्रुमा त्यसको प्रयोग गराउनुपर्छ ।।५०–५४।।

यस्य दाराः सुगुप्ताः स्युः पुरुषैराप्तकारिभिः ।
सर्वभोगान्वितं तस्य हस्ते लोकद्वयं स्थितम् ।।५५।।

आपस्त र विश्वस्त काम गर्ने व्यक्तिहरूद्वारा जसका पत्नीहरू सुरक्षित र निरापद रहन्छन् त्यसै राजाका हातमा सबै प्रकारका सुखभोग या उपभोग-सामग्रीहरूले युक्त भएका दुवै लोक (यो लोक र परलोक) रहन्छन्; अर्थात् दुवै लोकमा त्यसलाई सुख–सौभाग्य प्राप्त हुन्छ ।।५५।।

धर्ममिच्छन् नरपतिः सर्वदारननुक्रमात् ।
गच्छेदनुदिनं नित्यं वाजीकरणबृंहितः ।।५६।।

धर्म चाहने राजाले सधैं वाजीकरण*द्वारा आफूलाई पुष्ट पारेर प्रतिदिन सबै रानीहरूसँग क्रमशः सहवास गर्नुपर्छ ।।५६।।

विचार्य कार्यावयवान् दिनत्त्ये ।
विसृज्य लोकं प्रमदाकृतक्रियः ।
अशस्त्रबन्धेन हि साधु पाणिना ।
स्वपेदसक्तं परमाप्तरक्षितः ।।५७।।

राजाले समयको विभाजन अनुसार गर्नुपर्ने कामका भागहरूको संबन्धमा विचार गरेर अर्थात् कुन समयमा कुन काम गर्नुपर्ने हो त्यसको निर्णय र तदनुसार आचरण गरेर दिनको आखिरमा सबै कार्यार्थी व्यक्तिहरूलाई छुट्टी दिइसकेपछि राती उचित रूपले रानी या रानीहरूका साथ हास–परिहास र भोग–विलास आदि काम गरिसकी सुरक्षाको निमित्त हातमा बाँधिने नखशिर आदि हतियार फुकालेर अत्यन्त विश्वासिला र भरपर्दा रक्षकहरूद्वारा सुरक्षित भई निद्रामा ज्यादै आसक्त नभईकन सुत्नुपर्छ ।।५७।।

नयेन जाग्रत्यनिशं नरेश्वरे
सुखं स्वपन्तीह निराधयः प्रजाः ।

---

†वृष्णिवंशी राजा विडूरथले अरू रानीहरूको दाइजो वेश्याहरूसँग लागी उडाएर महारानीसँग पनि धन माग्न लागेका हुँदा रिसले आकुल भएकी महारानीले आफ्ना केश-पाशभित्र सानो तीखो हतियार लुकाइराखेर आफूसँग सुती निदाइराखेका ती राजालाई मर्ममा प्रहार गरी मारिदिएकी हुन् ।

*आयुर्वेदमा बताइएको संभोगशक्ति बढाउने उपाय ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमत्तचित्ते स्वपति त्रसद् भयात्
प्रजागरेणास्य जगत् प्रबाध्यते ॥५८॥

नीतिद्वारा राजा हरसमय जागा (कर्तव्यपरायण) रहिरहेमा प्रजाहरू कुनै प्रकारको मानसिक क्लेश नलिईकन सुत्तछन् अर्थात् कुनै उपरी आपत्ति र कष्ट नभएकोले निश्चिन्त रहन्छन् । अधिकार र ऐश्वर्यको मदले चित्तलाई मस्त पारेर राजा मगन्मस्त रहन लागेमा त चोरी डँकैती र अन्याय आदिको डरले तर्सिएको दुनियाँ चिन्ताले व्याकुल हुन्छ ॥५८॥

इति स्म पूर्वे मुनयो बभाषिरे
नृपस्य राज्यस्य च साधु रक्षणम् ।
तदेतदेवं परिपालयन् नया-
न्नरेश्वरः पालनकल्यतां व्रजेत् ॥५९॥

यसरी प्राचीन नीतिशास्त्रकार मुनिहरूले राजा र राष्ट्रको राम्रो सुरक्षा हुने कुरा बताएका छन् । त्यसकारण उपर्युक्त प्रकारले नीतिपूर्वक त्यस कुराको पालन गर्ने राजा प्रजापालन गर्ने काममा समर्थ या निर्दोष सिद्ध हुन्छ ॥५९॥

आत्मरक्षितक नामक एघारौं प्रकरण समाप्त

सातौं सर्ग समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आठौं सर्ग

मण्डलयोनि–प्रकरण

[आफ्नो राज्य प्रतिष्ठित गराइसकेपछि राजाले राज्य-वृद्धिको लागि प्रयत्न गर्नुपर्ने भएकोले त्यसको निमित्त बाँकी तेह्र सर्गमा उपायको वर्णन गरिएको छ; त्यो उपाय ‡षाड्गुण्य ही। यस अध्यायमा दुई प्रकरण छन्:– मण्डलयोनि र मण्डलचरित। +मण्डल नै षाड्गुण्यको मूलकारण भएकोले पहिले मण्डलयोनि-प्रकरण राखिएको हो।]

उपेतः कोशदण्डाभ्यां सामात्यः सह मन्त्रिभिः।
दुर्गस्थश्चिन्तयेत् साधु मण्डलं मण्डलाधिपः ॥१॥

※मण्डलको अधिपति भएको राजाले कोश र फौज तयार राखेर, राजधानीलाई नै किल्लाको रूपमा परिणत गराएर या कुनै उपयुक्त प्रकारको किल्लाको प्रबन्ध गरी त्यसमा रहेर सचिव या भारदारहरूसहित मन्त्रीहरूका साथ आफ्ना राज-मण्डलको बारेमा राम्ररी सोच-विचार गर्नुपर्छ ॥१॥

रोचते सर्वभूतेभ्यः शशीवाखण्डमण्डलः।
संपूर्णमण्डलस्तस्माद् विजिगीषुः सदा भवेत् ॥२॥

मण्डल (घेरा) नटुक्रिएका चन्द्रमा झैं मण्डल (मुलुक) नटुक्रिएको राजा नै सबै प्राणीहरूलाई मनपर्ने हुन्छ; त्यसकारण विजिगीषु (अरू राजा-हरूलाई जित्न खोज्ने राजा) ले आफ्नो मुलुक टुक्रन नदिएको हुनुपर्छ* ॥२॥

रथीव राजते राजा विशुद्धे मण्डले चरन्।
अशुद्धे मण्डले सर्वं क्षीयते रथचक्रवत् ॥३॥

शत्रुद्वारा नटुक्र्याइएको संपूर्ण राष्ट्ररूपी मण्डलको संचालन गर्ने राजा

---

‡पछि बताइने सन्धि आदि ६ गुणको समूह।

+पछि बताइने शत्रु मित्र आदि बाह्रओटाबाट बनेको राजमण्डल।

※यो मण्डल शब्द मुलुकको अर्थमा आएको छ।

*अब यहाँदेखि उपरान्त साधारण अवस्थामा प्रयोग गरिएको राजा शब्द विजिगीषुको वाचक हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पांग्राको घेरा नटुक्रिएका रथको संचालन गर्ने रथी झैं सुशोभित हुन्छ। तर राष्ट्र भित्रभित्रै फुटेको र कमजोर छ भने त्यस राष्ट्रमा भित्रभित्रै वरिपरिको घेरो चर्किइसकेको रथको चक्काका झैं सबै अवयवहरू छयान्नब्यान्न हुन्छन् ॥३॥

अमात्यराष्ट्रदुर्गाखि कोशो दण्डश्च पञ्चमः ।
एताः प्रकृतयस्तज्ज्ञैर्विजिगीषोरुदाहृताः ॥४॥

विजिगीषुका पाँच किसिमका प्रकृतिहरू हुन्छन् भन्ने राजनैतिक विशेषज्ञहरूको भनाइ छ। ती यी हुन् – (१) ◊ अमात्य, (२) राष्ट्र, (३) दुर्ग (४) कोश (५) फौज ॥४॥

एताः पञ्च तथा मित्रं सप्तमः पृथिवीपतिः ।
सप्तप्रकृतिकं राज्यमित्युवाच वृहस्पतिः ॥५॥

यी पूर्वोक्त पाँच औ छैटो मित्र र सातौं स्वयं राजा गरी जम्मा सात प्रकृतिका समूहको नाम राज्य हो भनी वृहस्पतिले बताएका छन् ॥५॥

सम्पन्नस्तु प्रकृतिभिर्महोत्साहः कृतश्रमः ।
जेतुमेष्रणशीलश्च विजिगीषुरिति स्मृतः ॥६॥

आपना आपना क्षेत्रमा उपयुक्त एवं तत्पर यी उपर्युक्त प्रकृतिहरूले युक्त भएको, ठूलो आँट भएको, राज्य बढाउने काममा पहिल्यैदेखि प्रयत्न गरिराखेको र स्वभावतः विजयी बन्ने तीव्र इच्छा राख्ने व्यक्ति विजिगीषु* मानिन्छ ॥६॥

कौलीन्यं वृद्धसेवित्वमुत्साहः स्थूललक्ष्यता ।
चित्तज्ञता बुद्धिमत्त्वं प्रागल्भ्यं सत्यवादिता ॥
अदीर्घसूत्रताऽक्षौद्र्यं प्रश्रयः स्वप्रधानता ।
देशकालज्ञता दार्ढ्यं सर्वक्लेशसहिष्णुता ॥
सर्वविज्ञानिता दाक्ष्यमूर्जः संवृतमन्त्रता ।
अविसंवादिता शौर्यं भक्तिज्ञत्वं कृतज्ञता ॥
शरणागतवात्सल्यममर्षित्वमचापलम् ।
स्वकर्मदृष्टशास्त्रत्वं कृतित्वं दीर्घदर्शिता ॥

◊ यहाँ अमात्य शब्दले धी- सचिव र बुद्धि - सचिव दुवैको बोध हुन्छ।
*विजिगीषु शब्दको अर्थ 'जित्ने इच्छा भएको व्यक्ति' भए तापनि यो राज-संबन्धी प्रकरणमा जित्ने इच्छा भएको राजाकै अर्थमा साधारणतया यसको प्रयोग भएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जितश्रमत्वं वाग्मित्वमक्रूरपरिवारता ।
प्रकृतिस्फीतता चेति विजिगीषोर्गुणोदयः ॥ ७–११॥

असल राजवंशमा जन्मिएको हुनु, अनुभवी बूढापाकाहरूको राय मान्नु, उत्साही हुनु, मौकामा दिन सक्नु, अर्काको चित्त या आशय बुझ्न सक्ने हुनु, बुद्धिमान् हुनु, ढीटो हुनु, साँचो बोल्नु, जुम्सो नहुनु, क्षुद्रता नगर्नु अर्थात् छोटोपन छोडेर महान् विचार लिनु या उदार विचारधाराको हुनु, अरूको आदर गर्ने बानी गर्नु, आफैं वस्तुस्थितिमा पुग्ने या अरूको लहै–लहैमा मात्र नलाग्ने हुनु, देश–काल बुझ्ने हुनु अर्थात् ठाउँ र समयअनुसारको काम गर्न जान्नु, आफ्ना काममा पक्का हुनु अर्थात् खुकुलो विचार भएको नहुनु, परिआएमा सबै कष्ट सहने शक्ति भएको हुनु, सबै किसिमका लोकप्रचलित सिद्धान्तहरू बुझ्ने हुनु, काममा कुशल एवं चतुर हुनु, तेजस्वी हुनु, मन्त्र (सल्लाह) गुप्त राख्ने हुनु, बोलेको कुरा फरक नपार्ने या परस्पर–विरुद्ध कुरा नगर्ने हुनु, सूरो हुनु, भक्तिको मात्रा बुझ्ने हुनु अर्थात् आफूमा अनुजीवीहरूको कति कति श्रद्धा र भक्तिको भाव छ बुझ्न सक्नु, गुन चिन्ने हुनु, शरणमा आएका व्यक्तिमा सहानुभूति राख्ने हुनु, दबाउ नसहने हुनु, चञ्चले स्वभावको नहुनु, संबन्धित शास्त्रको केवल किताबी मात्र अनुभव नभएर शास्त्रज्ञान कार्यरूपमा ढलेको हुनु अर्थात् षाड्गुण्य आदिको अनुभवद्वारा पनि पूरा ज्ञान रहनु, आफूले गर्नुपर्ने काममा विद्वान् अर्थात् मर्मज्ञ एवं दूरदर्शी हुनु, श्रमलाई जितेको अर्थात् परिश्रम गरेर हत्तपत्त हैरान नहुने हुनु, बोलैया हुनु, शान्त एवं उदार हृदयका परिवार भएको हुनु र दुनियाँको स्थिति उन्नत भएको हुनु; यी सब कुरा विजिगीषु राजामा हुनुपर्ने गुणहरू हुन् ।

भाव यो हो कि उपर्युक्त गुणहरू विजिगीषुका निमित्त वाञ्छनीय हुन्छन् ॥७–११॥

सर्वैर्गुणैर्विहीनोऽपि स राजा यः प्रतापवान् ।
प्रतापयुक्तात् त्रस्यन्ति परे सिंहान्मृगा इव ॥१२॥

अरू सबै गुणहरूले हीन भए तापनि राजा त्यही हो जो प्रतापशाली छ; किनभने प्रतापशाली व्यक्तिदेखि शत्रुहरू सिंहदेखि मृगहरू तर्सेझैं तर्सन्छन् ॥१२॥

प्रतापयुक्तो नृपतिः प्राप्नोति महतीं श्रियम् ।
तस्मादुत्थानयोगेन प्रतापं जनयेत् प्रभुः ॥१३॥

प्रतापशाली राजाले ठूलो ऐश्वर्य र शोभा प्राप्त गर्छ । त्यसकारण उसले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उद्योग र उत्साह–गुणद्वारा आफ्नो प्रताप बनाउनु अर्थात् बढाउनुपर्छ ।।१३।।

एकार्थाभिनिवेशित्वमरिलक्षणमुच्यते ।
दारुणस्तु स्मृतः शत्रुर्विजिगीषुगुणान्वितः ॥१४॥

कुनै एकै वस्तुलाई एकभन्दा बढी व्यक्तिले आफूले मात्र हत्याउन खोज्नुलाई शत्रुको लक्षण भनिन्छ अर्थात् साधारणतया अनेक व्यक्तिले एउटै कुरामा एकलौटी अधिकार राख्न या एक्लैले हातलागी गर्न खोज्दा शत्रुता उब्जिन्छ । त्यस्ता शत्रुमध्ये विजिगीषुमा हुनुपर्ने ÷गुणहरूले युक्त भएको शत्रु भयङ्कर मानिएको छ ।।१४।।

लुब्धः क्रूरोऽलसोऽसत्यः प्रमादी भीरुरस्थिरः ।
मूढो योधावमन्ता च सुखोच्छेद्यो रिपुः स्मृतः ॥१५॥

लोभी, निठुरी, अल्छी, झूटो बोल्ने बेहोशी, कातर चञ्चले अर्थात् स्थिर चित्त नभएको, मूर्ख, योद्धाहरूको अनादर गर्ने अथवा पल्टनलाई सन्तुष्ट नराख्ने शत्रु सजिलैसँग नष्ट गर्न सकिने हुन्छ ।।१५।।

अरिर्मित्रमरेर्मित्रं मित्रमित्रमतः परम् ।
मित्रारिमित्रमित्रं च विजिगीषोः पुरः स्मृता ॥१६॥

विजिगीषु राजाको अगाडि अर्थात् अभियान गरिने दिशातिरका राजाहरू क्रमशः शत्रु, मित्र, शत्रुको मित्र, मित्रको मित्र, त्यहाँपछि मित्रका मित्रको शत्रु र मित्रका मित्रको मित्र मानिएका छन् । यस श्लोकको पूरा आशय यो हो–विजिगीषुले अर्का राष्ट्रमा आक्रमण गर्न लाग्दा त्यतापट्टि उसका राज्यसँग साँध जोडिएको राष्ट्र शत्रु हुन्छ । उसको राज्यसँग सीमा जोडिएको, तर विजिगीषुको राज्यसँग सीमा नजोडिएको राष्ट्र विजिगीषुको मित्र हुन्छ । त्यहाँपछि त्यो मित्र–राष्ट्रसँग साँध जोडिएको राष्ट्र शत्रु–मित्र कहलाउँछ । त्यहाँपछि त्यससँग साँध जोडिएको राष्ट्र मित्रको मित्र हुन्छ । त्यसपछि त्यससँग साँध जोडिएको राष्ट्र मित्रका मित्रको शत्रु र त्यो पछिल्लो राष्ट्रसँग सीमा जोडिएको राष्ट्र मित्रका मित्रको मित्र कहलाउँछ◆ ।।१६।।

पार्ष्णिग्राहस्ततः पश्चादाक्रन्दस्तदनन्तरः ।
आसारावनयोश्चेति विजिगीषोस्तु पृष्ठतः ॥१७॥

÷यसै प्रकरणको ७—११ श्लोकमा भर्खरै बताइएका गुण ।

◆यस प्रकरणका शत्रु, मित्र आदि शब्दको प्रयोग यहाँ बताइएअनुसारका राजा र राष्ट्र दुवैका लागि हुन सक्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विजिगीषुले कुनै राष्ट्रतिर आक्रमण गर्न लाग्दा उसको उल्टो या प्रतिकूल दिशातर्फका राष्ट्रनायकहरूलाई क्रमशः यस्तो संज्ञा दिइन्छ—पार्ष्णि-ग्राह, आक्रन्द, पार्ष्णिग्राहासार आक्रन्दासार । पूरा आशय यो हो— विजिगीषुले शत्रु–राष्ट्रतिर आक्रमण गर्न लाग्दा त्यस शत्रुको हितका लागि विजिगीषुलाई पछाडिबाट आक्रमण गर्ने उसको सिमानाको राजालाई 'पार्ष्णिग्राह' (पछाडि-बाट पक्रने) भन्दछन् । त्यसदेखि परतिर त्यसका सिमानाका राष्ट्रको राजा विजिगीषुको मित्र हुने हुँदा त्यो पार्ष्णिग्राहको गति रोक्ने कोशिश गर्छ । त्यस्तालाई आक्रन्द (विजिगीषुले आपत्तिमा पुकारिने) भन्दछन् । त्यसपछि त्यस आक्रन्दको राष्ट्रसँग सीमा जोडिएको, त्यसलाई पार्ष्णिग्राहको र आफ्नो हितका लागि रोक्ने राजा 'पार्ष्णिग्राहासार' (पार्ष्णिग्राहको सहायताका निमित्त अघि बढ्ने) भन्दछन् । अनि त्यसभन्दा पछिको पार्ष्णिग्राहासारको पृष्ठशत्रुलाई आक्रन्दासार (आक्रन्दको सहायतार्थ अघि सर्ने) भन्दछन् ॥१७॥

अरेश्च विजिगीषोश्च मध्यमो भूम्यनन्तरः ।
अनुग्रहे संहतयोर्व्यस्तयोर्निग्रहे प्रभुः ॥१८॥

अरि र विजिगीषु दुवैको राष्ट्रसँग राष्ट्रको सीमा जोडिएको, अरि र विजिगीषु दुवैले मिलेर अर्को शत्रुलाई दबाउन चाहेमा दुवैलाई सहायता दिन सक्ने, अरि र विजिगीषुलाई एक्ला एक्लै पाए अँचेट्न या दबाउन पनि सक्ने मध्यवर्ती राजालाई 'मध्यस्थ' भन्दछन् ॥१८॥

मण्डलाद् वहिरेतेषामुदासीनो बलाधिकः ।
अनुग्रहे संहतानां व्यस्तानां च वधे प्रभुः ॥१९॥

यिनीहरूको *मण्डलदेखि वाहिर धन–जनमा यिनीहरूभन्दा धेरै बलवान्, आफूसँग मिलेमा यी सबैलाई संमिलित रूपमा सैनिक र आर्थिक सहायता दिन सक्ने, सबैलाई छुट्टाछुट्टै एक एक गरेर दण्ड दिन या मार्न सक्ने राजालाई 'उदासीन' भन्दछन् ॥१९॥

मूलप्रकृतयस्त्वेताश्चतस्रः परिकीर्तिताः ।
आहैतत् †तन्त्रकुशलश्चतुष्कं मण्डलं मयः ॥२०॥

---

*पूर्वोक्त विजिगीषुअघिल्तिरका ६ ओटा, ऊपछिका ४ ओटा, मध्यस्थ र स्वयं विजिगीषु गरी जम्मा १२ ओटाको राजमण्डल मानिएको छ । विजिगीषु-को योजना र लक्ष्यअनुसार यस राजमण्डलमा घटबढ पनि हुन सक्छ भन्ने कुरामा धेरैजसो विद्वान्हरू सहमत छन् ।

†यहाँ तन्त्र शब्दको प्रयोग कूटनीति या राजनीति-विज्ञान अर्थमा भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विजिगीषु, अरि, मध्यम र उदासीन यी चारलाई मूल–प्रकृति भन्दछन् । राजनीति–विज्ञानमा निपुण मङ नामक आचार्यले यिनै चार वटाको समूहलाई नै राजमण्डल मानेक छन् ॥२०॥

विजिगीषुररिर्मित्रं पार्ष्णिग्राहोऽथ मध्यमः ।
उदासीनः पुलोमेन्द्रौ मण्डलं षट्कमूचतुः ॥२१॥

पुलोमा र इन्द्रले विजिगीषु, अरि, मित्र, पार्ष्णिग्राह, मध्यम, उदासीन, यी ६ ओटाको समूहलाई नै राजमण्डल मानेका छन् ॥२१॥

उदासीनो मध्यमश्च विजिगीषोश्च मण्डलम् ।
उशना मण्डलमिदं प्राह द्वादशराजकम् ॥२२॥

उदासीन, मध्यम र विजिगीषुको* मण्डल मिलाएर बाह्रओटा राजाको समूहलाई शुक्राचार्यले राजमण्डल मानेका छन् ॥२२॥

द्वादशानां नरेन्द्राणामरिमित्रे पृथक् पृथक् ।
षट्त्रिंशत्कमिति प्राहुस्ते च ते च महर्षयः ॥२३॥

उपर्युक्त बाह्रँ ओटा राजाका प्रत्येक शत्रु र मित्र भिन्नाभिन्नै हुने हुनाले आफू समेत जम्मा ती ३६ ओटाको राजमण्डल हुन्छ भन्ने विभिन्न महर्षिहरूको भनाइ छ ॥२३॥

द्वादशानां नरेन्द्राणां पञ्च पञ्च पृथक् पृथक् ॥
अमात्याद्याश्च प्रकृतीरामनन्तीह मानवाः ॥२४॥

मनुका शिष्य या अनुयायीहरू पूर्वोक्त बाह्र राजाहरूका अमात्य÷ आदि भिन्नाभिन्नै पाँच पाँच प्रकृतिहरूलाई पनि यस संबन्धमा ग्रहण गर्छन् अर्थात् पहिले बताइएका विजिगीषु आदि बाह्र मूल राजप्रकृतिसँग अमात्य आदि पाँच पाँचओटा द्रव्य–प्रकृतिलाई पनि मिलाएर प्रकृति–मण्डलको कल्पना गर्छन् ॥२४॥

मौला द्वादश चैवैता अमात्याद्यास्तथा च याः ।
सप्ततिर्द्व्यधिका ह्येषां सर्वप्रकृतिमण्डलम् ॥२५॥

पूर्वोक्त मूलभूत बाह्र राजप्रकृति र तिनीहरूका अमात्य आदि पाँच पाँच द्रव्यप्रकृति समेत जम्मा बहत्तर (१२×५=६०+१२=७२) हुने

*विजिगीषु बाहेक विजिगीषुका अगाडिका ५ ओटा र उसका पछाडिका ४ ओटा पूर्वोक्त (यसै प्रकरणका १६ र १७ श्लोकमा बताइएका) राजाहरूको समूह विजिगीषुको मण्डल मानिएको छ ।

÷अमात्य, राष्ट्र, दुर्ग, कोष, फौज ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनाले यी मनुका अनुयायीहरूको मतानुसार संपूर्ण प्रकृति–मण्डल उक्त बहत्तर-ओटाको हुन्छ ॥२५॥

संयुक्तस्त्वरिमित्राभ्यामुभयारिस्तथा सुहृत् ।
मौला द्वादश राजान इत्यष्टादशकं गुरुः ॥२६॥

विजिगीषुको अरिसँग पनि मित्रसँग पनि सीमा जोडिएको राष्ट्रको राजा दुवैको शत्रु र दुवैको मित्र हुने हुनाले त्यस्ता जम्मा ६ ओटा र मूल प्रकृतिस्वरूप पूर्वोक्त १२ ओटा राजासमेत जम्मा पूरा १८ ओटाको राजमण्डल मान्नुपर्छ भन्ने वृहस्पतिको राय छ । अर्थात् उनको मतानुसार विजिगीषुका अघिल्तिरको दिशाका अगलबगलमा त्यस्ता उभय-योगीका स्थानको कल्पना गरेर त्यसबाहिर त्यसका पनि अरि र मित्रको दायाँ र बायाँ दुवैतिर स्थान राख्ता ६ ओटा राजाको संख्या बढी हुन आउँछ र पूर्वोक्त समेत जम्मा १८ सदस्य भएको राजमण्डल हुन्छ ॥२६॥

अष्टादशानामेतेषाममात्याद्याः पृथक् पृथक् ।
अष्टोत्तरशतं ह्येतन्मण्डलं कवयो विदुः ॥२७॥

यी उपर्युक्त अठार प्रकारका राजाहरू र यिनका पूर्वोक्त अमात्य आदि पाँच पाँच प्रकृति बेग्लाबेग्लै मिलाएर जम्मा एक सय आठ (१८ × ५ = ९० + १८ = १०८) संख्याको संपूर्ण मण्डल हुन्छ भन्ने कुरा कविहरू मान्दछन् ॥२७॥

एतेऽष्टादश चैतेषां शत्रुमित्रे पृथक् पृथक् ।
चतुष्पञ्चाशत्कमिति विशालाक्षः प्रभाषते ॥२८॥

यी पूर्वोक्त अठारओटा र यिनीहरूमध्ये प्रत्येकका अलग अलग शत्रु तथा मित्र जोड्दा जम्मा ५४ ओटा सदस्य राजमण्डलमा हुन्छन् भनी विशालाक्ष नामक आचार्य मान्दछन् ॥२८॥

चतुष्पञ्चाशतो राज्ञाममात्याद्याः पृथक् पृथक् ।
सचतुर्विंशतीदं हि मण्डलं त्रिशतं मतम् ॥२९॥

यी उपर्युक्त ५४ ओटा राजाहरू र उनीहरूमध्ये प्रत्येकका पाँच पाँच अमात्य आदि प्रकृति बेग्लाबेग्लै गन्दा संपूर्ण प्रकृति-मण्डल तीन सय चौबीस (५४ × ५ = २७० + ५४ = ३२४) संख्याको हुन्छ भन्ने पनि मत छ ॥२९॥

सप्तप्रकृतिकं यत्तु विजिगीषोररेश्च तत् ।
चतुर्दशकमेवेह मण्डलं परिचक्षते ॥३०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विजिगीषु र अरि दुवैका सात सात *प्रकृति मिलाएर जम्मा चौधओटाको समूह प्रकृतिमण्डल वा राजमण्डल हुन्छ भन्ने कुनै कुनै आचार्यको मत छ ॥३०॥

मण्डलं त्रिकमित्याहुर्विजिगीष्वरिमध्यमाः ।
मित्रयुक्ताः पृथक् चैते षट्कमित्यपरे जगुः ॥३१॥

कसै-कसैले विजिगीषु, अरि, मध्यम, यी तीनओटाको मात्र मण्डल मानेका छन्; अनि अरू कुनै आचार्यहरूले तिनै तीनओटाका एक एक मित्र समेत बेग्लाबेग्लै मिलाएर ६ ओटाको मण्डल बताएका छन् ॥३१॥

अमात्याद्याः प्रकृतय एकैकस्यैव भूपतेः ।
मण्डलं मण्डलविदः षट्त्रिंशत्कं प्रचक्षते ॥३२॥

यिनै उपर्युक्त ६ ओटा राजामध्ये प्रत्येकका अमात्य आदि पाँच पाँच प्रकृतिहरू र ती ६ ओटा समेत जम्मा छत्तीस प्रकृतिको मंडल हुन्छ भनी कोही भन्दछन्॥३२॥

सप्तप्रकृतिकाः सर्वे विजिगीष्वरिमध्यमाः ।
एकविंशतिरित्याहुरपरे परिवादिनः ॥३३॥

विजिगीषु, अरि, मध्यमका आफूसमेतका पूर्वोक्त सात सात प्रकृतिहरू मिलेर जम्मा एक्काईसओटा सदस्य प्रकृति-मण्डलमा हुन्छन् भनी कुनै राजनैतिक शास्त्रार्थीहरू भन्दछन् ॥३३॥

चत्वारः पार्थिवा मौलाः पृथङ्मित्रैः सहाष्टकम् ।
अमात्यादिभिरेते च जगत्यक्षरसम्मिताः ॥३४॥

विजिगीषु, अरि, मध्यम, उदासीन यी चार मूल राजा र उनका एक एक मित्र गरी आठ र प्रत्येकका अमात्य आदि पाँच पाँच प्रकृति समेत मिलाएर प्रकृति-मण्डलमा जम्मा जगती छन्दका संपूर्ण अक्षरहरू जति नै अर्थात् ४८ ओटा सदस्य हुन्छन् भन्ने कसैको भनाइ छ ॥३४॥

विजिगीषोः पुरस्ताच्च ये च पश्चात् प्रकीर्तितः ।
दशकं मण्डलमिदं मण्डलज्ञाः प्रचक्षते ॥३५॥

पूर्वोक्त विजिगीषुको अगाडि र पछाडिका जम्मा दश† राजाको समूहलाई

---

*सात प्रकृति– स्वामी (राजा या सर्वोच्च शासक), अमात्य (मन्त्री, सचिव), सुहृत् (मित्र राजा या मित्र-राष्ट्र), राष्ट्र, दुर्ग–(किल्ला), कोश (ढुकुटी), वल (फौज या सेना) ।

†यसै प्रकरणको सोन्हौं र सत्रौं श्लोकमा बताइएअनुसार विजिगीषुको अग्रिम दिशातर्फका ६ ओटा र त्यसको विपरीत या प्रतिकूल दिशातर्फका ४ ओटा गरी जम्मा दश ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मण्डल भन्दछन् भनी कुनै राजनैतिक मण्डलका वेत्ताहरूको भनाइ छ ।।३५।।

दशानां भूमिपालानाममात्याद्याः पृथक् पृथक् ।
मण्डलं मण्डलविदः षष्टिसंख्यं प्रचक्षते ॥३६॥

यिनै उपर्युक्त दशओटा राजाहरू र यिनीहरूमध्ये प्रत्येकका पाँच पाँचओटा अमात्य आदि द्रव्य-प्रकृति समेत मिलाएर जम्मा साठीओटाको मण्डल हुन्छ भनी कुनै मण्डलवेत्ताहरू भन्दछन् ।।३६।।

प्राग्यौ द्वौ विजिगीषुश्च पश्चिमौ चेति पञ्चकम् ।
अमात्याद्याः पृथक् चैषां त्रिंशत्कं हि प्रचक्षते ॥३७॥

विजिगीषु अगाडिका दुइटा अर्थात् अरि र मित्र एवं उसदेखि पछाडिका दुइटा अर्थात् पार्ष्णिग्राह तथा आक्रन्द र विजिगीषु गरी पाँचओटा, अनि तिनी-हरूमध्ये सबैका बेग्लाबेग्लै अमात्य आदि पाँच पाँच प्रकृतिहरू समेत मिलाउँदा जम्मा तीसओटा सदस्य भएको मण्डल हुन्छ भनी कोही भन्दछन् ।।३७।।

अरेरप्येवमेवेति दृष्टं दृष्टिमतां वरैः ।
पञ्चकं मण्डलं न्याय्यं त्रितयं च मनीषिभिः ॥३८॥

विजिगीषुले झैं अरिले पनि पूर्वोक्त प्रकारका मण्डलको विचार गर्नुपर्ने हुनाले यो उपर्युक्त विषय अरिमा पनि लाग्ने हो भन्ने कुरा कुनै राजनैतिक विशेषज्ञहरूले मानेका छन् । अनि विजिगीषु, अरि, मित्र, पार्ष्णिग्राह, आक्रन्द यति पाँचको र विजिगीषु, अरि, मित्र; यति तीनको मण्डल नै कुनै कुनै विद्वान् हरूका मतमा उपयुक्त छ ।।३८।।

द्वे एव प्रकृती न्याय्ये इत्युवाच पराशरः ।
अभियोक्ता प्रधानत्वात् तथाऽन्यो योऽभियुज्यते ॥३९॥

अभियोक्ता (आक्रामक) र अभियोज्य (जाइलागिने या आक्रमण गरिने) यी दुई नै राजनीति वा कूटनीतिका प्रमुख अंग हुनाले त्यस्ता विजिगीषु र अरि दुइटालाई मात्र प्रकृति मान्न उचित छ भन्ने पराशरको विचार छ ।।३९।।

परस्पराभियोगेन विजिगीषोररेस्तथा ।
अरित्वविजिगीषुत्वे एका प्रकृतिरित्यतः ॥४०॥

उक्त महर्षिको मतअनुसार विजिगीषु र अरि दुवै परस्परमा आक्रमण गर्ने× हुँदा दुवै समान रूपका हुनाले अरित्व र विजिगीषुत्व दुवैको एकै प्रकृति

×विजयको इच्छाले आक्रमण गर्ने विजिगीषु र त्यसको प्रतिरक्षाका निमित्त प्रत्याक्रमण गर्ने अरि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन आउँछ ॥४०॥

इतिप्रकारं बहुधा मण्डलं परिचक्षते ।
सर्वलोकप्रतीतं हि स्फुटं द्वादशराजकम् ॥४१॥

यस प्रकारले विद्वान्हरू धेरै प्रकारको मण्डल बताउँछन् । तर, जेसुकै भए पनि अरि विजिगीषु आदि पूर्वोक्त बाह्र राजाहरूको मण्डल चाहिं सारा जगत्मा स्पष्टतया प्रसिद्ध छ ॥४१॥

अष्टशाखं चतुर्मूलं षष्टिपत्रं द्वये स्थितम् ।
षट्पुष्पं त्रिफलं वृक्षं यो जानाति स नीतिवित् ॥४२॥

पहिले बताइएका मित्र, अरिमित्र, मित्रमित्र, अरिमित्र मित्र यी चार र पार्ष्णिग्राह, आक्रन्द, पार्ष्णिग्राहासार, आक्रन्दासार यी चार गरी जम्मा आठ हाँगा भएको; विजिगीषु, अरि, मध्यम, उदासीन; यी चार मूल (जरा) भएको; ती बाह्रओटा राजप्रकृतिका अमात्य आदि पाँच पाँच द्रव्य-प्रकृतिरूगी जम्मा साठीओटा हाँगा भएको; देवतासम्बन्धी र मानिससम्बन्धी दुई किसिमका मुख्य कर्म अर्थात् देवता प्रसादन र प्रजारञ्जनको आधारमा रहेको; सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव, संश्रय यी ६ ओटा❖ उपायरूपी फूल भएको; क्षय (घट्नु), स्थान (ज्यौंका त्यौं रहनु), वृद्धि (बढ्नु), यी तीन फल भएको नीति-वृक्षलाई जो जान्दछ, त्यसलाई नीतिज्ञ भन्नुपर्छ ॥४२॥

मण्डलयोनि नामक बाऱ्हौं प्रकरण समाप्त

❖यी उपायहरूलाई षड्गुण र यिनीहरूका समूहलाई षाड्गुण्य भन्दछन् । यिनीहरूको व्याख्या पछि हुनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मण्डलचरित–प्रकरण

[पूर्वोक्त राजमण्डल विशुद्ध राख्नका निमित्त विजिगीषुले राजमण्डलका प्रत्येक राजासँग कस्तो व्यवहार गर्ने भन्ने कुरा यस प्रकरणमा बताइएको छ ।]

पार्ष्णिग्राहस्तदासारः शत्रुमित्रे प्रकीर्तिते ।
आक्रन्दोऽथ तदासारो विजिगीषोरुदाहृते ॥४३॥

पार्ष्णिग्राह र पार्ष्णिग्राहासार विजिगीषुको अरिका मित्र मानिएका छन् । आक्रन्द र आक्रन्दासार चाहिं विजिगीषुका मित्र हुन्छन् । आशय यो हो कि यसभन्दा पहिलेको प्रकरणमा बताइएअनुसार पार्ष्णिग्राहले पछाडिबाट आक्रमण गरी विजिगीषुको गति रोक्ने र पार्ष्णिग्राहासारले पनि त्यसैको अनुसरण गर्ने हुनाले दुवै शत्रुका मित्र हुन आउँछन्; अनि आक्रन्द पार्ष्णिग्राहको प्रतिरोध गर्न विजिगीषुको सहायता गर्ने हुनाले र आक्रन्दासार त्यसैको अनुगमन गर्ने हुनाले ती दुवै विजिगीषुका मित्र हुन आउँछन् ॥४३॥

पुरो यायाद् विगृह्यैव मित्राभ्यां पश्चिमावरी ।
पश्चिमाविव पूर्वाभ्यामरिं तन्मित्रमेव च ॥४४॥

विजिगीषुले आफूपछाडिका मित्रहरू (आक्रन्द र आक्रन्दासार) सँग आफूपछाडिका शत्रुहरू (पार्ष्णिग्राह, पार्ष्णिग्राहासार) को र त्यसै गरी आफू अघिल्तिरका शत्रु अर्थात् अरि र अरिमित्रको आफ्ना अघिल्तिरका मित्र अर्थात् मित्र र मित्र-मित्रसँग भिडन्त या संघर्ष पारेर मात्र युद्ध-यात्रा गर्नुपर्छ ॥४४॥

अरिमित्रस्य मित्रं तु कृतकृत्येन भूयसा ।
संस्तम्भ्योभयमित्रेण पश्चाद् गच्छेन्नरेश्वरः ॥४५॥

शत्रुका मित्रको मित्रलाई चाहिं आफ्ना दुइटै मित्र अर्थात् मित्र र मित्र-मित्रद्वारा ठूलो गुन लगाएर वा धेरै उपकार गरेर थामथुम पारी विजिगीषुले अघि बढ्नुपर्छ ॥४५॥

आक्रन्देनात्मना चैव पार्ष्णिग्राहं प्रपीडयेत् ।
आक्रन्देन तदासारमाक्रन्दासारभागिना ॥४६॥

विजिगीषुले आफू र आक्रन्द मिलेर पार्ष्णिग्राहलाई अँचेट्नुपर्छ; अनि पार्ष्णिग्राहासारलाई आक्रन्दासारसहित आक्रन्दद्वारा दबाउनुपर्छ ॥४६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मित्रेण चात्मना चैव कुर्वीतोद्धरणं रिपोः ।
मित्रेण हि समित्रेण रिपुमित्रं प्रपीडयेत् ॥४७॥

विजिगीषुले मित्र र आफू भएर शत्रुलाई ठीक गर्नुपर्छ; अनि मित्रले सहित भएको मित्र अर्थात् मित्र र मित्र–मित्रद्वारा अरि–मित्रलाई दबाउनु या दुःख दिनुपर्छ ॥४७॥

अरिमित्रस्य मित्रस्य पीडनं पृथिवीपतिः ।
कुर्वीतोभयमित्रेण मित्रमित्रेण चैव हि ॥४८॥

विजिगीषु राजाले अरि-मित्र-मित्रलाई उभयमित्र अर्थात् मित्र–मित्र र त्यो उभयमित्रको पनि मित्र अर्थात् मित्र–मित्र–मित्रद्वारा दुःख दिनु या दबाउनुपर्छ* ॥४८॥

अनेन क्रमयोगेन विजिगीषुः सदोत्थितः ।
पीडयेदहितं शत्रुं मित्राणामन्तरान्तरा ॥४९॥

विजिगीषुले सधैं सजग फुर्तिलो र उद्योगी भएर आफ्ना मित्रहरूका बीच-बीचमा रहने, आफ्नो विरोधमा चल्ने शत्रुलाई यस क्रमले (माथि बताएबमोजिम) दबाउनुपर्छ ॥४९॥

पीड्यमानो ह्युभयतः सदोद्युक्तैर्मनीषिभिः ।
रिपुरुच्छेदमायाति तद्वशे वाऽवतिष्ठते ॥५०॥

हरबखत उद्योगमा लागेका बुद्धिमान् व्यक्तिहरूले दुईतिरबाट च्यापिन लागेको शत्रु या त नष्ट नै हुन आउँछ या उनीहरूको वशमा रहन्छ ॥५०॥

सर्वोपायेन कुर्वीत सामान्यं मित्रमात्मसात् ।
भवन्ति मित्रादुच्छिन्नाः सुखोच्छेद्या हि विद्विषः ॥५१॥

विजिगीषुले शत्रुको र आफ्नो साझा मित्रलाई सबै प्रकारका उपाय (साम, दान, भेद, सन्धि, संबन्ध आदि) ले आफ्नो पक्षमा गराउनुपर्छ । मित्रबाट छुटाइएका शत्रुहरू सजिलैसित नष्ट गर्न सकिने हुन्छन् ॥५१॥

कारणेनैव जायन्ते मित्राणि रिपवस्तथा ।
रिपवो येन जायेरन् कारणं तत् परित्यजेत् ॥५२॥

कुनै खास कारणले नै मित्र र शत्रुहरू बन्दछन् । जुन कारणबाट शत्रुहरू बन्दछन्, त्यसलाई छोडिहाल्नुपर्छ । तात्पर्य यो हो कि कुनै पनि व्यक्ति कसैको शत्रु या मित्र हुनमा कुनै कारण अवश्य हुन्छ । विना कारणको

*यस प्रकरणका परिभाषिक शब्दहरूको व्याख्या यसभन्दा पहिलेको प्रकरणमा भइसकेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शत्रुता या मित्रता हुन सक्तैन; त्यसकारण शत्रुता बढाउने कुरालाई त्याग्नुपर्छ ।।५२।।

प्राधान्येन हि सर्वत्र सर्वाः संरञ्जयेत् प्रजाः ।
तासां संबर्जनाद् *राजा सर्वाङ्गीं श्रियमश्नुते ।।५३।।

प्रधानतया राजाले सबैतिरका अर्थात् स्वराष्ट्र तथा परराष्ट्रसंबन्धी सबै दुनियाँदारलाई रत्त्याउनु या आफूतर्फ आकृष्ट गर्नुपर्छ । ती प्रजाहरूको नयाँ बस्ती बसाउने या सुव्यवस्था गरिदिने गर्नाले राजाले सर्वाङ्गपूर्ण ऐश्वर्यको उपभोग गर्न सक्छ ।।५३।।

दूरेचरान् माण्डलिकांस्तथान्यान् दुर्गवासिनः ।
मित्रीकुर्वीत तत्प्राणाः साधयन्तीह मण्डलम् ।।५४।।

विजिगीषुले पर-परका अर्थात् आफ्नो मण्डलदेखि बाहिरका मण्डलाधिपति र कुनै प्राकृतिक वा कृत्रिम मजबूत दुर्गको आश्रयमा रहने राजाहरूलाई आफ्ना मित्र बनाउनुपर्छ; किनभने तिनीहरूको सहयोगमा आधारित विजिगीषुहरू नै आफ्नो मण्डलमा अधिकार जमाउन सक्छन् ।।५४।।

चलेच्चेदूर्जितबलो मध्यमो विजिगीषया ।
एकीभूयारिणा तिष्ठेदशक्तः सन्धिना नमेत् ।।५५।।

'मध्यम' नै आफ्नो फौज र शक्ति बढाई विजयको अभिलाषाले तलबलाउन लाग्यो भने विजिगीषुले सकभर आफ्नो शत्रुसँग मिलेर त्योसँग नझुकी रहनु बेश हो, नसके उसैसँग ('मध्यम' सँगै) झुकी हीन-सन्धि गर्नुपर्छ ।।५५।।

उदासीने विचलति सर्वे मण्डलिनः सह ।
सङ्घधर्मेण तिष्ठेयुः, सन्नमेयुरशक्तयः ।।५६।।

उदासीन नै त्यसरी शक्ति बढाएर विजयको कामनाले चलबलाउन लागेमा समस्त राजमण्डलका राजाहरूले संमिलित रूपमा संघ-धर्मले रहनुपर्छ । त्यसो गर्न नसकेको खण्डमा उसैसँग हीन-सन्धि गरी झुक्नुपर्छ ।।५६।।

समुत्पन्नेषु कृच्छ्रेषु संभूय स्वार्थसिद्धये ।
आपत्प्रतरणं सम्यक् संघधर्म इति स्थितिः ।।५७।।

ठूला ठूला संकट उत्पन्न भएमा स्वार्थसिद्धिको लागि एकत्रित भएर सबैले विना खतरा आपत् पार गर्नुलाई संघ-धर्म मान्ने व्यवस्था छ ।।५७।।

*यहाँ 'संवर्जनम्' को अर्थ उपनिवेशन या सुव्यवस्थापन गरिएको छ । यो भन्दा 'संवर्धनाद्' पाठ उचित जस्तो लाग्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सहजः कार्यजश्चैव द्विविधः शत्रुरिष्यते ।
सहजः स्वकुलोत्पन्न इतरः कार्यजः स्मृतः ॥५८॥

शत्रु मुख्यतया दुई प्रकारको मानिन्छ✻—सहज र कार्यज । आफ्नै कुलमा उत्पन्न भएको शत्रु सहज र कुनै कामबाट बन्न गएको शत्रु कार्यज मानिएको छ ॥५८॥

उच्छेदनं चापचयः पीडनं कर्शनं तथा ।
इति विद्याविदः प्राहुः शत्रौ वृत्तं चतुर्विधम् ॥५९॥

शत्रुका उपर चार प्रकारको व्यवहार हुन्छ भनी राजशास्त्रका विद्वान्हरू भन्दछन् । ती हुन् उच्छेदन, अपचय, पीडन र कर्शन ॥५९॥

उच्छेदनं तु विज्ञेयं सर्वप्रकृतिनाशनम् ।
नाशो योग्यनरादीनां बुधैरपचयः स्मृतः ॥६०॥

उच्छेदनको अर्थ हुन्छ सबै प्रकृतिहरूको नाश । अर्थात् स्वामी, अमात्य, राष्ट्र, दुर्ग, बल, सुहृत्, कोश; यी सातै प्रकृतिहरूमा यथासंभव क्षति पुऱ्याइदिनुको नाम हो उच्छेदन । अनि शत्रुपक्षका योग्य व्यक्तिहरू र महत्त्वपूर्ण साधनहरूको विनाश गरिदिनुलाई राजनीतिका विद्वान्हरूले अपचय मानेका छन् ॥६०॥

रेचनं कोशदण्डाभ्यां महामात्रबधस्तथा ।
एतत् कर्शनमित्याहुराचार्याः पीडनं परम् ॥६१॥

राजशास्त्रका आचार्यहरू कोश र फौजद्वारा रित्तो गराइदिनु अर्थात् शत्रुको ढुकुटी रित्त्याइदिनु एवं फौज भड्काइदिनु या फूट पारेर आफ्नातर्फ मिलाउनुलाई कर्शन र भारदार या प्रधानकार्यकर्ताहरूको बध गर्नुलाई पीडन भन्दछन् ∸ ॥६१॥

समाश्रयविहीनो वा दुर्बलं वा समाश्रितः ।
शक्योऽरिसंपदा युक्त उच्छेत्तुं भूम्यनन्तरः ॥६२॥

✻आफ्नो राज्यसँग सीमा जोडिएका प्राकृतिक शत्रुको वर्णन पहिले यसै अध्यायमा गरिइसकेकोले यहाँ सहज र कार्यजको मात्र परिचय दिइएको हो। यसरी शत्रुको साधारण विभाजन तीन किसिमको हुन्छ-प्राकृत, सहज, कार्यज ।

∸कसैकसैको मतअनुसार कोश र फौजद्वारा रित्तो गराउनु र प्रधान कार्यकर्ता या भारदारहरूको बध गराउनु या गर्नु कर्शन हो, अनि त्यसभन्दा तर्को काम (राजधानीबाहेक अन्यत्र अधिकार जमाउनु) पीडन हो भन्ने व्याख्या यस श्लोकको हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो राज्यसँग साँध जोडिएको शत्रु कुनै आश्रय नभएका या दुब्ला व्यक्तिको आश्रयमा रहेको र अरिसंपद्ले युक्त भएको अर्थात् यसै अध्यायको पन्ध्रौं श्लोकमा बताइएअनुसारको छ भने नष्ट गर्न सकिने हुन्छ ॥६२॥

कर्शनं पीडनं काले कुर्वीताश्रयमानिनः।
समाश्रयं दुर्गमाहुर्मित्रं वा साधुसम्मतम् ॥६३॥

राजनीतिशास्त्रमा मजबूत किल्ला अथवा सज्जनहरूले मानिएको ईमानदार मित्रलाई आश्रय भन्दछन्। 'मेरो आश्रय छँदैछ मलाई केको डर' भनी घमण्ड गर्ने प्राकृत शत्रुको मौका हेरी कर्शन र पीडन गरिदिनुपर्छ ॥६३॥

विभीषणस्य सोदर्यस्तथा सूर्यसुतस्य च।
सर्वतन्त्रापहारित्वात् तथोच्छेद्यो निजो रिपुः ॥६४॥

विभीषण र सुग्रीवका आफ्ना सहोदर दाज्यू शत्रु थिए। त्यस्तो आफन्त अर्थात् सहज शत्रुलाई आफ्नो सबै अधिकार र स्वतन्त्रताको अपहरण गरिदिने हुनाले प्राकृत शत्रुलाई झैं नष्ट गर्नुपर्छ। अथवा श्लोकको आशय यो होः— सबै प्रकारको स्वतन्त्रता र अधिकार नष्ट गरिदिने हुनाले त्यस्तो सहज शत्रुलाई त्यसरी नै अर्थात् विभीषण र सुग्रीवले झैं बलिया र असल शत्रुको आश्रय लिएर समाप्त गरिदिनुपर्छ ॥६४॥

छिद्रं मर्म च वीर्यं च स जानाति निजो रिपुः।
दहत्यन्तर्गतश्चैव शुष्कं वृक्षमिवानलः ॥६५॥

त्यो आफ्नो सहज शत्रुले आफ्नो छिद्र (सुरक्षाको व्यवस्था शिथिल भएको ठाउँ आदि), मर्म (आफ्नो आन्तरिक प्रबन्ध) र पराक्रम (फौज, कोश र आत्मबलको सन्तुलन) थाहा पाएको हुन्छ। त्यसकारण उसले भित्र पसेर सुकेको रूखलाई आगोले डढाए झैं आफूलाई भित्रभित्रैबाट पिल्स्याउँछ ॥६५॥

बलिना विगृहीतस्य जिगीषुः कृच्छ्रवर्तिनः।
कुर्वीतोपचयं शत्रोरात्मोच्छित्तिविशङ्कया ॥६६॥

विजिगीषुले बाहिरी प्रबल शत्रुद्वारा आक्रमण गरिएर संकटमा परेको आफ्नो शत्रुलाई फौज र हतियार आदिद्वारा मदत गर्नुपर्छ। नत्र त्यसलाई जितेपछि त्यो आक्रामकले आफूलाई पनि नष्ट गर्न बेर लाउँदैन ॥६६॥

यस्मिन्नुच्छिद्यमाने तु रिपुरन्यः प्रवर्तते।
न तस्योच्छित्तिमातिष्ठेत् कुर्वीतैनं स्वगोचरम् ॥६७॥

जुन शत्रुलाई सिद्ध्याउन लाग्दा अर्को शत्रु खडा भइहाल्नेछ, त्यस्तो शत्रुलाई विजिगीषुले मार्नु हुँदैन; आफ्नो अधीनमा सम्म गराइराख्नु-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्दछ ।।६७।।

वशं गतो रिपुर्यस्य विचलेद् दुरुपग्रहः ।
तस्य संयमनायाशु तत्कुलीनं समुन्नयेत् ।।६८।।

विजिगीषु आफ्नो अधीनमा आइसकेको व्यक्ति कुनै छुल्याहाको आड लिएर वा आफ्नो दबावमा रहन गाह्रो मानेर चलबलाउन लाग्यो भने त्यसलाई काबुमा राख्नका निमित्त चाँडै उसैका कुलको अर्को व्यक्तिलाई उसको विरोधमा उठाइदिनुपर्छ ।।६८।।

विषं विषेण व्यथते वज्रं वज्रेण भिद्यते ।
गजेन्द्रो दृष्टसारेण गजेन्द्रेणैव बध्यते ।।६९।।

किनभने विष विषद्वारा शक्तिहीन हुन्छ; वज्र वज्रैले फोरिन्छ; मत्त हात्ती पनि उसको सामर्थ्य बुझ्न सक्ने मत्त हात्तीद्वारै बन्धनमा पारिन्छ ।।६९।।

मत्स्यो मत्स्यानुपादत्ते ज्ञातिर्ज्ञातिमसंशयम् ।
रावणोच्छित्तये रामो विभीषणमपूजयत् ।।७०।।

माछालाई माछाले पक्रन्छ; बन्धुलाई कजाउन या वश गर्न पनि बन्धु नै समर्थ हुन्छ । रामचन्द्रजीले पनि रावणलाई नष्ट गर्नको निमित्त विभीषणको संमान गर्नुभएथ्यो ।।७०।।

यस्मिन् मण्डलसंक्षोभः कृते भवति कर्मणि ।
न तत् कुर्वीत मेधावी प्रकृतीरनुरञ्जयेत् ।।७१।।

जुन कामले सारा राजमण्डललाई क्षुब्ध या विचलित गराउँछ, त्यो काम बुद्धिमान् राजाले गर्नु हुँदैन र अमात्य आदि मुख्य प्रकृति एवं नागरिकहरूलाई आफूमा अनुरक्त गराउनुपर्छ ।।७१।।

साम्ना दानेन मानेन प्रकृतीरनुरञ्जयेत् ।
आत्मीया भेददण्डाभ्यां परकीयास्तु भेदयेत् ।।७२।।

आफ्ना र आफ्नो पक्षका प्रकृति (अमात्य आदि कर्मचारी र प्रजा)-हरूलाई साम (सान्त्वना) दान (दिनु) र मान (उचित आदर या कदर)-द्वारा आफूमा अनुरक्त गराउनुपर्छ । शत्रुका र शत्रुपक्षका प्रकृतिहरूलाई चाहिं भेद (फुट पार्नु) र दण्ड (सजायँ या जरीबाना) को माध्यमबाट शत्रुबाट विमुख गराउनु या आफूतर्फ झुकाउनुपर्छ ।।७२।।

आकीर्णं मण्डलं सर्वं मित्रैररिभिरेव च ।
सर्वं स्वार्थपरो लोकः कुतो मध्यस्थता क्वचित् ।।७३।।

सारा राजमण्डल मित्र र शत्रुहरूले ढाकिएको हुन्छ । सबै जना आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो मतलबमा लागेका हुन्छन् । त्यस कारण वास्तविक मध्यस्थता नै कहां हुन सक्छ र ! आशय यो हो कि साँच्चीकै मध्यस्थ बन्न चाहे पनि बन्न नसकिने हुनाले मौकामा आफ्ना स्वार्थको ख्याल राख्नैपर्छ ॥७३॥

भोगप्राप्तं विकुर्वाणं मित्रमप्यवपीडयेत् ।
अत्यन्तविकृतं हन्यात् स पापीयान् रिपुर्मतः ॥७४॥

आर्थिक र राजनैतिक दृष्टिले संपन्न हुँदै आएर आफैं मण्डली बन्न चाहने या भोगविलासमा लागेको हुनाले बदमाशी वा विपरीत आचरण गर्न लागेको मित्रलाई पनि विजिगीषुले आफ्नो नियन्त्रणमा ल्याउनुपर्छ । त्यसो गर्दा नहुने टुङ्गोमा पुगेको अर्थात् ज्यादै बम्किएको वा विग्रिसकेको छ भने त त्यसलाई मार्नुपर्छ; किनभने त्यो पापी मित्र पनि शत्रु नै हो ॥७४॥

वर्तते पक्षपातेन मित्रं चेदुभयात्मकम् ।
वज्रीव हि त्रिशिरसं तदुच्छिन्द्यात् कृतत्वरः ॥७५॥

आफ्नो र शत्रुको साझा मित्र भएको व्यक्ति पक्षपात गरी शत्रुतर्फ धेर ढल्कन्छ भने त्यसलाई इन्द्रले त्रिशिरालाई+ झैं विजिगीषुले तुरुन्त समाप्त गरिदिनुपर्छ ॥७५॥

अमित्रानपि कुर्वीत मित्रानुपचयावहान् ।
अहिते वर्तमानानि मित्राण्यपि परित्यजेत् ॥७६॥

विजिगीषु राजाले कारणवश आफ्नो हित गरिदिने शत्रुहरूलाई पनि मित्र बनाउनुपर्छ । आफ्नो अहित जानी जानी गर्न लागेका मित्रहरूलाई पनि छोडिदिनुपर्छ ॥७६॥

स बन्धुर्योऽनुबध्नाति हितेष्वत्याहितादरः ।
अनुरक्तं विरक्तं च तन्मित्रमुपकारि यत् ॥७७॥

त्यही बन्धु हो, जो आफ्ना हितको खूब वास्ता गरेर आफूलाई असल

+त्वष्टा प्रजापतिका छोरा त्रिशिरा असुर ब्राह्मण थिए । उनी देवता र दानवका समान मित्र भएर पनि आफ्ना मामली हुनाले दानवहरूको विशेष पक्ष लिन्थे । त्यो कुरा थाहा पाएर इन्द्रले 'उसै त दानवहरू दुर्जय छन्, फेरि यस उग्र तपस्वीको आड पाएर तिनले के बाँकी राख्लान्' भन्ने ठानी झटपट वज्रको प्रहार गरेर आफैले उनलाई मूर्च्छित गराई 'यिनलाई मारिदियौ भने तिमीलाई पनि देवताको समान यज्ञको भागमा सम्मिलित गराउँला' भनी विश्वकर्मालाई लोभ्याएर उनैद्वारा ती त्रिशिराका तीनै शिर काट्न लगाएथे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काममा बद्ध गराइदिन्छ। आफूमा अनुरक्त भए पनि आफूदेखि विरक्त भए पनि जो आफ्नो उपकार गर्छ अर्थात् जसबाट आफ्नो उपकार भइरहेको छ, त्यही मित्र हो ॥७७॥

मित्रं विचार्य बहुशो ज्ञातदोषं परित्यजेत् ।
त्यजन्नभूतदोषं हि धर्मार्थावुपहन्ति सः ॥७८॥

मित्रलाई खूब जाँचेर हेर्दा उसको दोष पत्ता लाग्यो भने मात्र उसलाई त्यागिदिनुपर्छ। वास्तविक दोष नभएको मित्रलाई त्याग्ने विजिगीषु आफ्नो धर्म र अर्थलाई स्वयं धक्का लगाउँछ ॥७८॥

स्वयं दोषगुणान्वेषी भवेत् सर्वत्र सर्वदा ।
स्वयं ज्ञातेषु दोषेषु शस्यं स्याद् दण्डपातनम् ॥७९॥

विजिगीषुले हर समय सर्वत्र आफैं दोष र गुणको परीक्षा गर्ने हुनुपर्छ। आफैंले थाहा पाएका दोष वा अपराधमा मात्र आफूले दण्ड दिनु बेश हो ॥७९॥

न ह्यविज्ञाय तत्त्वेन दोषं कुप्येत् कथञ्चन ।
भुजङ्गमिव मन्यन्ते निर्दोषक्रोधिनं जनाः ॥८०॥

वास्तविक रूपमा दोष पत्ता नलगाईकन कदापि रिसाउनु हुँदैन; किनभने निर्दोष व्यक्तिका उपर क्रुद्ध हुने राजालाई मानिसहरू सर्प जस्तै ठान्दछन् ॥८०॥

मित्राणामन्तरं विद्यात् समज्यायः कनीयसाम् ।
मध्यज्यायः कनीयांसि कार्याणि च पृथक् पृथक् ॥८१॥

विजिगीषुले आफूसमानका, आफूभन्दा उत्तम र आफूभन्दा निम्न स्तरका मित्रहरूको फरक र तिनीहरूका मध्यम, उत्तम र निम्न स्तरका कामहरू पनि अलग अलग बुझ्नुपर्छ ॥८१॥

न हि मिथ्याऽभियुञ्जीत शृणुयाच्चापि तद्विधम् ।
मित्रभेदं च ये कुर्युस्तान् समस्तान् परित्यजेत् ॥८२॥

राजाले कसैलाई झूटो अभियोग लगाउन र त्यस्तो झूटो अभियोग सुन्न पनि हुँदैन। जुन व्यक्तिहरू मित्र वा मित्रराष्ट्रसँग फूट पर्ने कुरा गर्छन्, ती सबैलाई त्यागिदिनुपर्छ ॥८२॥

प्रायोगिकं मात्सरिकं माध्यस्थ्यं पाक्षपातिकम् ।
सोपन्यासं च जानीयाद् वचः सानुशयं तथा ॥८३॥

राजाले– अरूको बहकाउमा आएर भनिएको, डाहले भनिएको, मध्यस्थ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

या तटस्थ रूपले कसैको पक्ष नलिई भनिएको, पक्षपात गरेर भनिएको, आफूबाट कुनै मतलब सिद्ध गर्ने अभिप्रायले भनिएको र पश्चात्ताप देखाएर आफूमा विश्वास पार्ने किसिमले भनिएको– वचन छुट्याउनुपर्छ ।।८३।।

प्रकाशपक्षग्रहणं न कुर्यात् सुहृदां स्वयम् ।
अन्योन्यमत्सरं चैषां स्वयमेवाशु वारयेत् ।।८४।।

राजाले खुलेआम स्वयं कुनै मित्रको पक्ष लिनु हुँदैन । उनीहरूको परस्परमा बढ्न लागेको डाहलाई पनि तुरुन्त आफैंले शान्त गराउनुपर्छ ।।८४।।

कार्यस्य हि गरीयस्त्वान्नीचानामपि कालवित् ।
सतोऽपि दोषान् प्रच्छाद्य गुणानप्यसतो वदेत् ।।८५।।

अवसर जान्ने राजाले, कामकै महत्त्व हुने हुनाले मौकामा नीच व्यक्तिहरूका पनि भएकै दोषहरूलाई पनि ढाकछोप गरी नभएका पनि गुणहरूको वर्णन गरिदिनुपर्छ ।।८५।।

प्रायो मित्राणि कुर्वीत सर्वावस्थानि भूपतिः ।
बहुमित्रो हि शक्नोति वशे स्थापयितुं रिपून् ।।८६।।

विजिगीषुले प्रायः समान, उत्तम र निम्न सबै अवस्थाका मित्रहरू बनाउनुपर्छ; किनभने धेरै मित्र भएको राजा शत्रुहरूलाई वशमा राख्न सक्छ ।।८६।।

न तत्र तिष्ठति भ्राता न तथाऽन्योपि वा जनः ।
पुंसामापत्प्रतीकारे सन्मित्रं यत्र तिष्ठति ।।८७।।

मनुष्यलाई आपदले घेरेको बेलामा त्यस आपदको प्रतीकारका लागि असल मित्रले जो साथ दिन्छ, त्यो न दाज्यूभाइबाट प्राप्त हुन सक्छ, न अरू कोहीबाट ।।८७।।

अमित्रान् सर्वतो मित्रैर्निगृह्णीयाद् दृढव्रतैः ।
इति मण्डलवृत्तं तन्मण्डलज्ञाः प्रचक्षते ।।८८।।

स्थिर स्वभाव भएका मित्रहरूद्वारा शत्रुहरूलाई सबै तर्फबाट अँचेट्नुपर्छ । त्यही नै विजिगीषुको मण्डल-चरित हो भनी राजमण्डलसम्बन्धी विशेषज्ञहरू भन्दछन् ।।८८।।

मित्रोदासीनरिपव एतन्मात्रं तु मण्डलम् ।
सम्यक् साधनमेतेषामिति मण्डलशोधनम् ।।८९।।

विजिगीषु अथवा प्रत्येक राजमण्डलका राजाका मित्र, उदासीन र शत्रु; यतिको समूह मात्र वास्तविक मण्डल हो; अनि यिनलाई समयअनुसारको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उचित आचरणद्वारा आफ्तो अनुकूल बनाउनु नै मण्डल-शोधन हो ।।८९।।

इति स्म राजा नयवर्त्मना व्रजन्
समुद्यमी मण्डलशुद्धिमाचरेत् ।
विराजते साधु विशुद्धमण्डलः
शरच्छशीव प्रतिरञ्जयन् प्रजाः ।।९०।।

यसरी उद्योगी विजिगीषु राजाले नीतिको बाटो अपनाएर मण्डल-शोधन गर्नुपर्छ । राजमण्डल स्वच्छ या निरापद भएको विजिगीषु दुनियाँलाई आफूमा अनुर क्तगराउँदै शरद् ऋतुको चन्द्रमा झैं खूब सुशोभित हुन्छ ।।९०।।

मण्डल-चरित नामक तेह्रौं प्रकरण समाप्त

आठौं सर्ग समाप्त

*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवौं सर्ग

संधिविकल्प–प्रकरण

[सन्धि (मेल), विग्रह (झगडा), यान (युद्धयात्रा), आसन (बलिया शत्रुको आक्रमणमा स्थिर भएर रहनु), द्वैधीभाव (बाहिर सन्धि गरी भित्रभित्रै युद्धको तयारी गर्दै रहनु), संश्रय (बलवान् शत्रुको आक्रमणमा आफूभन्दा बलियाको आश्रय लिनु); यी ६ कुराहरूलाई राजनीतिशास्त्रमा षड्गुण भन्दछन् र यिनीहरूको समूहलाई षाड्गुण्य । षाड्गुण्यको कारण पूर्वोक्त राजमण्डल हो । अबका तीन सर्गमा षाड्गुण्यको स्वरूप बताइन्छ । षाड्गुण्यमा पहिलो गुण सन्धि मानिएकोले यस प्रकरणमा त्यसैको चर्चा गरिन्छ ।]

बलिना विगृहीतः सन् नृपोऽनन्यप्रतिक्रियः ।
आपन्नः सन्धिमन्विच्छेत् कुर्वाणः कालयापनम् ॥१॥

आफूभन्दा बलियाले युद्धको निमित्त आह्वान गरिएको विजिगीषुले आपदमा परी अरू प्रतिकारको कुनै उपाय नपाउँदा समय बिताउँदै शक्ति बढाउनको निमित्त सन्धि गर्न खोज्नुपर्दछ ।।१।।

कपाल उपहारश्च सन्तानः सङ्गतस्तथा ।
उपन्यासः प्रतीकारः संयोगः पुरुषान्तरः ॥
अदृष्टनर आदिष्ट आत्मामिष उपग्रहः ।
परिक्रयस्तथोच्छिन्नस्तथा च परदूषणः ॥
स्कन्धोपनेयः सन्धिश्च षोडशः परिकीर्तितः ।
इति षोडशकं प्राहुः सन्धिं सन्धिविचक्षणाः ॥
तथान्तर्भेदरूपेण भवत्येकोऽप्यनेकधा ॥२–४॥

सन्धि विषयका विद्वान्हरूले सन्धिलाई सोह्र प्रकारको बताएका छन् । त्यसका भेदहरू यिनै हुन्:– कपालसन्धि, उपहारसन्धि, सन्तानसन्धि, सङ्गतसन्धि, उपन्याससन्धि, प्रतीकारसन्धि, संयोगसन्धि, पुरुषान्तरसन्धि, अदृष्टनरसन्धि, आदिष्टसन्धि, आत्मामिषसन्धि, उपग्रहसन्धि, परिक्रयसन्धि, उच्छिन्नसन्धि, परदूषणसन्धि, स्कन्धोपनेयसन्धि ।१।२।३।४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो माथि बताइएका सन्धिहरूमा एउटैका अनेकौं अवान्तर भेद पनि हुन सक्तछन् ।

कपालसन्धिर्विज्ञेयः केवलं समसन्धिकः ॥५॥

समान स्तरका दुई शासकहरूको सन्धिलाई कपाल-सन्धि भन्दछन् ॥५॥

सम्प्रदानाद् भवति य उपहारः स उच्यते ।

सन्तानसन्धिर्विज्ञेयो दारिकादानपूर्वकः ॥६॥

सन्धिकर्ताद्वारा पहिले नै आफूखुशी कुनै कोसेली वा नजराना चढाएर गरिने सन्धिलाई उपहार-सन्धि भन्दछन् ।

छोरी दिएर गरिने सन्धिलाई ⁂सन्तान-सन्धि भन्दछन् ॥६॥

सद्भिः सङ्गतसन्धिस्तु मैत्रीपूर्व उदाहृतः ।

यावदायुः प्रमाणं तु समानार्थप्रयोजनः ॥७॥

मित्रताका साथ भएको, बाँचुन्जेल रहने, बराबर स्वार्थ र प्रयोजन भएको, सज्जनहरूसँगको सन्धिलाई सङ्गत-सन्धि भन्दछन् ॥७॥

सङ्गतः सन्धिरेवेह प्रकृष्टत्वात् सुवर्णवत् ।

अपरैः सन्धिकुशलैः काञ्चनः स उदाहृतः ॥८॥

सम्पत्तौ च विपत्तौ च कारणैर्यो न भिद्यते ।

सङ्गतः सन्धिरेवेह काञ्चनः समुदाहृतः ॥९॥

यो सङ्गतसन्धि सुवर्ण झैं सर्वोत्तम भएको हुनाले यसलाई अरू सन्धिका मर्मज्ञहरूले काञ्चनसन्धि भनेका छन् ॥८॥

संपत्तिमा होस् या विपत्तिमा, कुनै कारणले पनि केही नहुने हुनाले सङ्गत-सन्धि नैं *काञ्चन-सन्धि भनिएको छ ॥९॥

भव्यामेकार्थसिद्धिं तु समुद्दिश्य क्रियेत यः ।

स उपन्यासकुशलैरुपन्यास उदाहृतः ॥२०॥

दुवै पक्षले एउटै मङ्गलमय सफलताको लख गरेर "हामी दुवैको यस शत्रुलाई मैले सिद्धयाएँ भने तपाईंको पनि मतलब सिद्ध हुनेछ," इत्यादि रूपले कुनै कुरा अगाडि दर्शाएर गरिने सन्धिलाई उपन्यास-सन्धि जान्ने मानिसहरूले उपन्यास-सन्धि भन्दछन् ॥१०॥

मयास्योपकृतं पूर्वमयं प्रतिकरिष्यति ।

इति यः क्रियते सन्धिः प्रतीकारः स उच्यते ॥११॥

⁂चन्द्रगुप्त र सेल्युकसको जस्तो सन्धि ।

*सुनौलो सन्धि अर्थात् सर्वोत्तम सन्धि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'मैले पहिले यसको उपकार गरिराखेको छ; अतः मेरो आपत्मा यसले प्रत्युपकार गर्ला' भन्ने सम्झी गरिने सन्धि प्रतीकार–सन्धि भनिन्छ ।।११।।

उपकारं करोम्यस्य ममाप्येष करिष्यति ।
अयं चापि प्रतीकारो रामसुग्रीवयोरिव ॥१२॥

'म अहिले यसको उपकार गर्छु, यसले पनि पछि मेरो उपकार गर्नेछ' भन्ने सम्झी गरेको सन्धिलाई पनि प्रतीकारसन्धि भन्दछन् । जस्तैः– राम र सुग्रीवको सन्धि ।।१२।।

एकार्थां सम्यगुद्दिश्य यात्रां यत्र हि गच्छतः ।
स संहतप्रयाणस्तु सन्धिः संयोग उच्यते ॥१३॥

एउटै शत्रुलाई दबाउने उद्देश्यले एकै समयमा युद्धयात्रा प्रारम्भ गरेका विजिगीषु र अरिको सन्धिलाई संयुक्त भएर प्रस्थान गरिने हुनाले संयोग-सन्धि भन्दछन् ।।१३।।

आवयोर्योधमुख्याभ्यां मदर्थः साध्यतामिति ।
यस्मिन् पणः प्रक्रियते स सन्धिः पुरुषान्तरः ॥१४॥

'तिम्रा र मेरा सेनापतिद्वारा मेरो मतलब सिद्ध गर्नुपर्छ' भनी पहिले प्रण (कबोल) गरेर जो सन्धि गरिन्छ त्यसलाई पुरुषान्तरसन्धि भन्दछन् ।।१४।।

त्वयैकेन मदीयार्थः संप्रसाध्यस्त्वसाविति ।
यत्र शत्रुः पणं कुर्यात् सोऽदृष्टपुरुषः स्मृतः ॥१५॥

'तिमी एक्लैले मेरो अमुक प्रयोजन सिद्ध गरिदिनुपर्‍यो, अनि मात्र सन्धि हुन सक्तछ' भनी शत्रुले जहाँ पण राख्तछ त्यसलाई अदृष्टपुरुष-सन्धि भन्दछन् ।।१५।।

यत्र भूम्येकदेशेन पणेन रिपुरूर्ज्जितः ।
सन्धीयते सन्धिविद्भिरादिष्टः स उदाहृतः ॥१६॥

जहाँ बढेको शत्रुलाई जमीनको एक भाग दिएर सन्धि गरिन्छ, त्यसलाई सन्धिका ज्ञाताहरूले आदिष्ट-सन्धि भनेका छन् ।।१६।।

स्वसैन्येन तु सन्धानमात्मामिष इति स्मृतः ।
क्रियते प्राणरक्षार्थं सर्वदानमुपग्रहः ॥१७॥

आफ्ना सैन्यसँग स्वयं शत्रुकहाँ गएर (आफूलाई नै उसको भोग्य गराएर) गरिने सन्धिलाई आत्मामिष-सन्धि भन्दछन् ।

प्राणरक्षाको निमित्त आफ्नो सर्वस्व शत्रुलाई सुम्पेर गरिने सन्धिलाई उपग्रह-सन्धि भन्दछन् ।।१७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोशांशेनाथ कुप्येन सर्वकोशेन वा पुनः ।
शेषप्रकृतिरक्षार्थं परिक्रय उदाहृतः ॥१८॥

बाँकी ◇प्रकृतिका बचावको निमित्त राजकोशको एक भाग (चतुर्थांश या तृतीयांश), वा जिन्सी माल (कपडा, पालतू पशु आदि), अथवा पूरा राजकोश दिएर गरिने सन्धिलाई परिक्रय-सन्धि भन्दछन् ॥१८॥

भुवां सारवतीनां तु दानादुच्छिन्न उच्यते ।
सर्वभूम्युत्थितफलदानेन परदूषणः ॥१९॥

प्रशस्त आमदानी हुने असल जमीन शत्रुलाई दिएर गरिने सन्धि उच्छिन्न सन्धि भनिन्छ ।

जमीन संबन्धी सबै आयस्ता शत्रुलाई दिएर अर्काको अपकार गर्नको निमित्त गरिने सन्धिलाई परदूषण-सन्धि भन्दछन् ॥१९॥

परिच्छिन्नं फलं यत्र +स्कन्धस्कन्धेन नीयते ।
स्कन्धोपनेयं तं प्राहुः सन्धिं सन्धिविदो जना ॥२०॥

यति यतिका दरले जम्मा यति बुझाउनू भनी तोकिएको मूल राशिलाई समय-समयमा खण्ड-खण्ड गरेर बुझाइने गरी गरेको सन्धिलाई स्कन्धोपनेय-सन्धि भन्दछन् ॥२०॥

परस्परोपकारश्च मैत्रः संबन्धजस्तथा ।
उपहारश्च विज्ञेयाश्चत्वारोऽन्ये तु सन्धयः ॥२१॥

कुनै आचार्यहरूको भनाइअनुसार परस्परको उपकारद्वारा हुने प्रतीकार सन्धि, मैत्र (संगत) सन्धि, संबन्धज सन्धि (सन्तान-सन्धि) एवं उपहार-सन्धि नाम भएका चार मात्र सन्धिहरू हुन्छन् । (यिनैमा उपर्युक्त सोह्र सन्धिहरूको अन्तर्भाब हुन्छ* ॥२१॥)

एक एवोपहारस्तु सन्धि रेतन्मतं हि नः ।
उपहारस्य भेदास्तु सर्वेऽन्ये मैत्रवर्जिताः ॥
अभियोक्ता बली यस्मादलब्ध्वा न निवर्तते ।
उपहारादृते तस्मात् सन्धिरन्यो न विद्यते ॥२२–२३॥

ग्रन्थकर्ता कामन्दकको मतमा मैत्र वा संगत सन्धिलाई छोडेर अरू

◇कोश बाहेक स्वामी, अमात्य आदि र नागरिकहरू ।

+स्कन्ध = भाग ।

*यस मतमा उपन्यास र संयोगको प्रतीकारमा र बाँकीको उपहार-सन्धिमा अन्तर्भाव हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबै उपहारकै भेदले भिन्न हुने भएकाले तिनीहरूलाई पृथक् मान्ने जरूरत नहुँदा उपहार र मैत्र दुइटा मात्र सन्धि हुन्छन् । किनभने प्रायः निश्चय नै आक्रमणकर्ता आक्रमण गरिनेभन्दा बलियो हुन्छ । ऊ हरुवासँग केही नलिई फर्कंदैन; त्यस कारण विनाउपहारको सन्धि हुन सक्तैन ॥२२-२३॥

बालो वृद्धो दीर्घरोगी तथा ज्ञातिबहिष्कृतः ।
भीरुको भीरुकजनो लुब्धो लुब्धजनस्तथा ॥
विरक्तप्रकृतिश्चैव विषयेष्वतिशक्तिमान् ।
अनेकचित्तमन्त्रश्च देवब्राह्मणनिन्दकः ॥
दैवोपहतकश्चैव दैवचिन्तक एव च ।
दुर्भिक्षव्यसनोपेतो बलव्यसनसङ्कुलः ॥
अदेशस्थो बहुरिपुर्युक्तः कालेन यश्च सः ।
सत्यधर्मव्यपेतश्च विंशतिः पुरुषा अमी ॥
एतैः सन्धिं न कुर्वीत विगृह्णीयात्तु केवलम् ।
एते विगृह्यमाणा हि ध्रुवं यान्ति रिपोर्वशम् ॥२४-२८॥

बालक, बूढो, दीर्घ रोगी, दाज्यू भाइद्वारा निकालिएको, डरछेरुवा, डराउने सहयोगी भएको, लोभी, लोभी परिवारवाला, प्रजालाई असन्तुष्ट राख्ने, विषयभोगमा ज्यादै आसक्त, मन र मन्त्र (सल्लाह)को ठेगाना नभएको, देवता र ब्राह्मणहरूको निन्दा गर्ने, भाग्यले ठगिएको, भाग्यको भर पर्ने, अनिकाल र यस्तै अरू व्यसनले घेरिएको, फौज घटेको वा भड्किएको, कुनठाउँमा रहेको, धेरै शत्रु भएको, विनाशकाल नजीकै आएको, सत्य र धर्म-बाट हटेको, यी २० प्रकारका शत्रुहरूसँग विजिगीषुले सन्धि कहिल्यै नगर्नू । यिनीहरूसँग युद्ध मात्र गर्नुपर्दछ । किनभने युद्ध छिड्नासाथ यिनीहरू शत्रुको (विजिगीषुको) वशमा अवश्य नै पर्दछन् ॥२४-२८॥

बालस्यान्यप्रमाणत्वान्न लोको योद्धुमिच्छति ।
योद्धुं स्वयमशक्तः सन् परार्थे कोऽभियुज्यते ॥२९॥

बालक शासक हरेक कुरामा अन्य मुखापेक्षी‡ हुनाले त्यस्ताको आदेशले फौज लड्न चाहँदैन । बालक स्वयं लड्न असमर्थ हुनाले र उसले सबै कुरामा अरूकै भर पर्नुपर्ने हुँदा भइरहेको काम उसले अरूकै निमित्तको ठान्दछ । अतः अर्काको निमित्तको टण्टा उठाइरहने ॥२९॥

‡ अर्काकै भर पर्ने या अर्काकै लहै-लहैमा लाग्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्साहशक्तिहीनत्वाद् वृद्धो दीर्घामयस्तथा ।
स्वैरेव परिभूयेते द्वावप्येतावसंशयम् ॥३०॥

बूढो र दीर्घरोगी दुवैलाई उत्साहशक्ति नभएको हुँदा आफ्नै व्यक्तिले निश्चित रूपमा दवाइदिन्छन् ॥३०॥

सुखच्छेद्यो हि भवति सर्वज्ञातिवहिष्कृतः ।
त एवैनं विनिघ्नन्ति ज्ञातयस्त्वात्मसात्कृताः ॥३१॥

सबै बान्धवहरूले मन नपराई वहिष्कृत गरिएको व्यक्ति सजिलै सिध्याउन सकिने हुन्छ । उसका बान्धवहरूलाई हात लिएपछि तिनीहरू नै उसलाई सिध्याइदिन्छन् ॥३१॥

भीरुर्युद्धपरित्यागात् क्षिप्रमेव विनश्यति ।
वीरोऽप्यवीरपुरुषः सङ्ग्रामे तैर्विमुच्यते ॥३२॥

डरपोक व्यक्ति युद्ध छोडेर भाग्ने हुनाले तुरुन्तै नासिन्छ । प्रधान शासक वीर भए तापनि उसको मन्त्री आदि मुख्य परिवार डरपोक छ भने युद्धमा त्यसले उसलाई साथ दिंदैन ॥३२॥

लुब्धस्यासंविभागित्वान्न युद्धयन्तेऽनुजीविनः ।
लुब्धानुजीवी तैरेव दानभिन्नैर्निहन्यते ॥३३॥

लोभी शासक जागीरदारहरूलाई उचित भाग दिन नसक्ने हुनाले मौकामा तिनीहरू उसको तर्फबाट लड्दैनन् । लोभी परिवार भएको राजा पनि, स्वभावतः कसैमा उसको विशेष निगाह हुने र कसैमा नहुने हुँदा वृत्तिवैषम्यले कुपित भएका आफ्नै परिवारद्वारा मारिन्छ ॥३३॥

संत्यज्यते प्रकृतिभिर्विरक्तप्रकृतिर्युधि ।
सुखाभियोगो भवति विषयेष्वतिशक्तिमान् ॥३४॥

अस्थानमा दण्ड गर्नु आदि अनुचित व्यवहारद्वारा दुनियाँलाई विरक्त्याउने राजालाई युद्धमा जनताले साथ दिंदैन । स्त्री, मद्य आदि विषयको उपभोगमा मस्त हुने राजा सजिलै जित्न सकिने हुन्छ ॥३४॥

अनेकचित्तमन्त्रश्च द्वेष्यो भवति मन्त्रिणाम् ।
अनवस्थितचित्तत्वात् कार्ये तैः समुपेक्ष्यते ॥३५॥

चित्त र मन्त्रको ठेगान नभएको राजा मन्त्रीहरूले द्वेष गरिने हुन्छ । त्यस्ता राजाको चित्तवृत्ति अस्थिर हुने हुनाले मन्त्रीहरूले काम पर्दा त्यसको उपेक्षा गर्दछन् ॥३५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सदा धर्मबलीयस्त्वाद् देवब्राह्मणनिन्दकः ।
विशीर्यते स्वयं ह्येव दैवोपहतकस्तथा ॥३६॥

धर्म सधैं बलवान् हुने हुँदा देवता र ब्राह्मणको निन्दा गर्ने र भाग्यले ठगिएको व्यक्ति स्वयं नै नष्ट हुन्छ ॥३६॥

सम्पत्तौ च विपत्तौ च दैवमेव हि कारणम् ।
इति दैवपरो ध्यायन्नात्मना न विचेष्टते ॥३७॥

"संपत्ति र विपत्तिको कारण दैव (भाग्य) नै हो । भाग्य भए संपत्ति त्यसै आउँछ, नभए मानिसको मात्र प्रयासले केही हुने होइन" यस्तो सोचेर दैवको भर पर्ने व्यक्ति आफ्ना अभिवृद्धिको निमित्त स्वयं चेष्टा गर्न छोडिदिन्छ ॥३७॥

दुर्भिक्षव्यसनी चैव स्वयमेवावसीदति ।
वलव्यसनयुक्तस्य योद्धुं शक्तिर्न विद्यते ॥३८॥

अनिकालको व्यसन–(कष्ट) मा परेको राजा स्वयं दुःख पाउँछ । फौजी व्यसनले युक्त भएका राजाको युद्ध गर्ने शक्ति रहँदैन ॥३८॥

अदेशस्थो हि रिपुणा स्वल्पकेनापि हन्यते ।
ग्राहोऽल्पीयानपि जले गजेन्द्रमपि कर्षति ॥
ग्राहश्चानीरदेशस्थः शुनापि परिभूयते ॥३९$\frac{1}{2}$॥

कुठाउँमा रहेको व्यक्ति सानुभन्दा सानु शत्रुले पनि मारिन्छ । सानै भए पनि गोही पानीमा छ भने मत्ता हात्तीलाई पनि तान्न सक्छ । पानी नभएको ठाउँमा रहेको गोहीलाई कुकुरले पनि दबाउँछ ॥३९$\frac{1}{2}$॥

बहुमित्रस्तु सन्त्रस्तः श्येनमध्ये कपोतवत् ।
येनैव गच्छति पथा तेनैवाशु विनश्यति ॥४०$\frac{1}{2}$॥

धेरै शत्रु भएको मानिस बाजहरूका बीचमा परेको परेवाझैं भयभीत भएर जुन बाटाले गए पनि तुरुन्तै नासिन्छ ॥४०$\frac{1}{2}$॥

अकालयुक्तसैन्यस्तु हन्यते कालयोधिना ॥४१॥
कौशिकेन हतज्योतिर्निशीथ इव वायसः ॥४१$\frac{1}{2}$॥

युद्ध गर्न अनुचित भएको समयमा फौज सजाउने व्यक्तिलाई राती आँखा नदेख्ने कागलाई लाटोकोसेरोले झैं ÷कालयोधी व्यक्तिले नष्ट गरिदिन्छ ॥४१$\frac{1}{2}$॥

÷ठीक समयमा युद्ध गर्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सत्य धर्मव्यपेतेन न सन्दध्यात् कथञ्चन ।
[सुसंहतोऽप्यसाधुत्वादचिराधाति विक्रियाम्‌] ॥४२॥

सत्य र धर्मदेखि हटेका व्यक्तिसंग कहिल्यै कुनै रूपमा पनि सन्धि गर्न हुँदैन । [किनभने नियत खराब भएको हुनाले जतिसुकै सुदृढ सन्धि गरे पनि त्यो चाँडै नै बिमठिइहाल्दछ ।] ४२॥

सत्यार्यौ धार्मिकानार्यौ भ्रातृसङ्घातवान् बली ।
अनेकविजयी चेति सन्धेयाः सप्त कीर्तिताः ॥४३॥

सत्यलाई न छाड्ने, आर्य प्रकृतिको, धर्मपूर्वक व्यवहार गर्ने, अनार्य (आँखा चिम्लिएर अनुचित या उग्र काम गर्ने), अनुकूल धेरै दाजुभाइ भएको, बलवान् अनेकौं युद्धहरूमा विजय पाइसकेको; यी सात प्रकारका शासकहरूसँग सन्धि गर्नुपर्छ ॥४३॥

सत्योऽनुपालयन सत्यं सन्धितो नैति विक्रियाम् ।
प्राणबाधेष्वपि व्यक्तमार्यो नायात्यनार्यताम् ॥४४॥

सत्यप्रिय व्यक्तिसँग सन्धि गरिसकेपछि ऊ कस्तै अवस्थामा पनि मर्यादा नाघेर विरुद्ध व्यवहार गर्दैन । आर्यप्रकृतिको (उचित व्यवहार गर्ने) व्यक्ति पनि प्राणान्तकै संभावना भए पनि अनुचित काम कदापि गर्दैन ॥४४॥

धार्मिकस्याभियुक्तस्य सर्व एव हि युद्धयते ।
प्रजानुरागाद् धर्माच्च दुःखोच्छेद्यो हि धार्मिकः ॥४५॥

न्यायपूर्वक शासन गर्ने धार्मिक राजालाई कसैले आक्रमण गऱ्यो भने उदासीन र शत्रु समेत उसको पक्षमा भएर लड्दछन्; मित्रको त कुरै के ? दुनियाँ उसकै साथ दिन्छ । धर्म उसकै आड हुन्छ । अतः धार्मिकलाई सितिमिति सिध्याउन गाह्रो पर्छ ॥४५॥

सन्धिः कार्यो ह्यनार्येण स प्रायः सादयन् द्विषः ।
रेणुकायाः सुत इव मूलेष्वपि न तिष्ठति ॥४६॥

अनार्यसँग पनि सन्धि गर्नुपर्छ, किनभने उसले शत्रुको नाश गर्न लागेपछि रेणुकाका छोरा *परशुरामले झैं उसले शत्रुको जरै रहन दिंदैन ॥४६॥

---

‡यस कोष्ठभित्रको आधा श्लोक कुनै कुनै पुस्तकमा पाइँदैन ।

*जमदग्नि ऋषिका छोरा परशुरामले आफू नभएको वेलामा राजा कार्तवीर्यले आफ्नी होमधेनुलाई जबर्जस्ती लगेको खबर पाएर कार्तवीर्यलाई युद्धमा मारी गाई फिर्ता ल्याएपछि, त्यसको प्रतिकारको रूपमा कार्तवीर्यका छोरा-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संघातवान् यथा वेणुर्निबिडः कण्टकैर्वृतः ।
न शक्यते समुच्छेत्तुं भ्रातृसङ्घातवांस्तथा ॥४७॥

झूस, झिक्रा इत्यादिले युक्त भएको खूब बाक्लै मिलेर झाँगिएको बाँस जसरी काट्न गाह्रो हुन्छ; त्यस्तै राम्रो मेल भएका दाजुभाइको जमघट भएको राजा नाश गर्न नसकिने हुन्छ ॥४७॥

समाक्रान्तस्य बलिना सर्वयत्नवतोऽपि हि ।
हरिणस्येव सिंहेन शरणं नैव विद्यते ॥४८॥

बलियाले आक्रमण गरिसकेपछि जतिसुकै प्रयत्न गरे पनि सिंहले आक्रमण गरिएका मृगको झैं कतै कुनै शरण हुँदैन ॥४८॥

ईषदायच्छमानोऽपि सिंहो मत्तानपि द्विपान् ।
निहन्ति बलवांस्तस्मात् सन्धेयः शिवमिच्छता ॥४९॥

थोरै प्रयास गरेर पनि सिंह मत्त भएका होऊन् तापनि हात्तीहरूलाई मार्न सक्छ । त्यस कारण कल्याण चाहने व्यक्तिले आफूभन्दा बलवान्सँग सन्धि गर्नैपर्छ ॥४९॥

बलिना सह योद्धव्यमिति नास्ति निदर्शनम् ।
प्रतिवातं न हि घनः कदाचिदुपसर्पति ॥५०॥

आफूभन्दा बलियासँग युद्ध गर्नु उचित हो भन्ने उदाहरण कहीं पनि पाइन्न । हुरीको सामु बादल कहिल्यै पनि पर्दैन ॥५०॥

बलीयसि प्रणमतां काले विक्रमतामपि ।
सम्पदो नापगच्छन्ति प्रतीपमिव निम्नगाः ॥५१॥

बलिया व्यक्तिसँग झुक्ने र मौकामा पराक्रम देखाउन पनि पछि नहट्ने व्यक्तिबाट नदीहरू उल्टो नबगेझैं संपत्तिहरू हटेर जाँदैनन् ॥५१॥

जमदग्नेः सुतस्येव सर्वः सर्वत्र सर्वदा ।
अनेकयुद्धजयिनः प्रतापादेव भिद्यते ॥५२॥

जमदग्नि ऋषिका छोरा परशुरामको झैं अनेकौं युद्धमा विजय प्राप्त गरिसकेका व्यक्तिको प्रतापले नै बलवान् , हीन र समान कोटिका आक्रमण गर्ने वा गरिने सबै व्यक्तिहरू किल्लाभित्र या बाहिर सबै ठाउँमा हतोत्साह हुन्छन् ॥५२॥

हरूले उनी नभएकै अवस्थामा उनका बाबु जमदग्निलाई मारिदिएकोले पहिले कार्तवीर्यका छोराहरूलाई सिद्ध्याएर निरपराध अरू सारा क्षत्रीयहरूलाई पनि मारेका थिए । यो उनको अनार्यता हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनेकयुद्धविजयी सन्धानं यस्य गच्छति ।
तत्प्रतापेन तस्याशु वशं गच्छन्ति विद्विषः ॥५३॥

अनेक युद्धमा विजयी भएको पुरुष जससँग सन्धि गर्दछ, उसका शत्रुहरू पनि त्यसका प्रभावले तुरुन्त वशमा आउँछन् ॥५३॥

न जातु गच्छेद् विश्वासं संहितोऽपि हि बुद्धिमान् ।
अद्रोहे समयं कृत्वा वृत्रमिन्द्रः पुराऽवधीत् ॥५४॥

बुद्धिमान् राजाले 'परस्परमा कुनै अवाञ्छनीय काम, द्रोह आदि अब उप्रान्त नगर्ने' इत्यादि प्रस्तावद्वारा शत्रुसँग सन्धि गरे तापनि शत्रुको विश्वास कदापि गर्नु हुँदैन । किनभने पहिले यस्तै अद्रोहका प्रस्तावको आधारमा सन्धि गरेर इन्द्रले वृत्रासुरलाई मारेका थिए † ॥५४॥

विकारं याति पुत्रोऽपि राज्यालीढस्तथा पिता ।
तल्लोकवृत्तान्नृपतेरन्यद् वृत्तं प्रचक्षते ॥५५॥

राज्यको ऐश्वर्य पाएपछि बाबु होस् या छोरो; उसको मनमा विकार पैदा नभइछोड्दैन । त्यस कारण सामान्य दुनियाँको चालचलनभन्दा राजाको चालचलन या व्यवहार भिन्नै हुन्छ ॥५५॥

अभियुक्तो बलवता तिष्ठन् दुर्गे प्रयत्नवान् ।
तद्बलीयस्तराह्वानं कुर्वीतात्मविमुक्तये ॥५६॥

आफूभन्दा बलिया राजाले आक्रमण गरिएका विजिगीषुले किल्लाको आश्रय लिएर प्रयत्नसाथ किल्लाको रक्षण गर्दै रही शत्रुबाट आफू जोगिनको निमित्त त्यसभन्दा बलियो राजालाई निम्त्याउनुपर्छ ॥५६॥

स्वशक्त्युत्साहमुद्वीक्ष्य विगृह्णीयान्महत्तरम् ।
केसरीव द्विपमिति भारद्वाजः प्रभाषते ॥५७॥

आफ्नो शक्ति❖ र उत्साहलाई सोचेर बलमा कम भए पनि शक्ति र उत्साहमो आक्रामकभन्दा बढी छु भन्ने आफूमा विश्वास छ भने सिंहले हात्तीसँग झैं आफूभन्दा बढ्ता बलवान् आक्रामकसँग पनि युद्ध गर्नै बेश हो भन्ने

†आफ्नो पुत्र त्रिशिरालाई मारिदिनाले क्रुद्ध भएका त्वष्टाले इन्द्रलाई मराउनका निमित्त वृत्र नाम भएका बलवान् दानवको सृष्टि गरे । त्यसले इन्द्रलाई कैयौं वार परास्त गऱ्यो । त्यसपछि 'अबदेखि हामीहरू परस्पर विरोध नगर्ने' भनी शपथसाथ सन्धि गरेर विश्वास पारी दधीचि ऋषिका हाडबाट तयार भएको वज्रद्वारा इन्द्रले वृत्रासुरलाई मारेका हुन् ।

❖प्रभुशक्ति, मन्त्रशक्ति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भारद्वाजको राय छ ।।५७।।

एकोऽपि सिंहः साहस्रं यूथं मथ्नाति दन्तिनाम् ।
तस्मात् सिंहमिवोदारमात्मानं वीक्ष्य सम्पतेत् ॥५८॥

एउटै सिंहले पनि हजारौं हात्तीहरूको बथानलाई नष्ट–भ्रष्ट गरिदिन्छ। अतः सिंह जस्तै आफूलाई अधिक साहसी र पराक्रमी सम्झिन्छ भने शत्रुमाथि आक्रमण गर्नुपर्दछ ।।५८।।

ज्यायांसमल्पसैन्यस्य बलाद् विक्रम्य निघ्नतः ।
प्रतापसिद्धाः सर्वत्र भवन्ति रिपवो वशे ॥५९॥

थोरै फौजको भरमा आफूभन्दा बलवान् व्यक्तिलाई जबर्जस्त पराक्रमद्वारा अँचेटेर समाप्त गरिदिने व्यक्तिको प्रतापले दिल खलबल्याइएका शत्रुहरू सर्वत्र उसको वशमा हुन आउँछन् ।।५९।।

सन्धिमिच्छेत् समेनापि सन्दिग्धो विजयो युधि ।
न हि संशयितं कुर्यादित्युवाच वृहस्पतिः ॥६०॥

'युद्धमा विजयी बन्न सकिन्छ वा सकिँदैन भन्ने सन्देह हुन्छ त्यस कारण आफूबराबरको राजासँग पनि सन्धि नै गर्नु बेश हो। किनभने सन्देहास्पद विषयमा हात हाल्न उचित छैन' भन्ने वृहस्पतिको राय छ ।।६०।।

आसम्प्रवृद्धे रभिवृद्धिकामः
समेन सन्धानमिवोपगच्छेत् ।
अपक्वयोर्वा घटयोरवश्य-
मन्योन्यभेदी समसन्निपातः ॥६१॥

आफ्नो अभिवृद्धि चाहने विजिगीषुले आफूसमानको शत्रुसँग आफू धेरै मजबूत नबनुञ्ज्याल सन्धि गरे जस्तो गर्नुपर्छ । नपकाएका दुइटा समान घडाहरूलाई जुधाइँदिदा दुवैको एकसाथ विनाश भएझैं समान शत्रुमाथि आक्रमण गर्दा दुवैको विनाश हुन्छ। (अतः बाहिरी सन्धि गरेर आफ्नो शक्ति बढाउनुपर्दछ) ।।६१।।

युद्धे विनाशो नियतः कदाचिदुभयोरपि ।
सुन्दोपसुन्दावन्योन्यं समवीर्यौ हतौ न किम् ॥६२॥

आफूसमानका व्यक्तिसँगको लडाइँमा कहिलेकाहीं दुवैको पनि विनाश अवश्य हुन सक्तछ। के बराबर बल र पराक्रम भएका सुन्द र उपसुन्द नाम गरेका दाजुभाइहरू परस्परमा झगडा गरी मारामार गरेर दुवै एकसाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मरेनन् ?× ॥६२॥

विहीनोऽपि हि सन्धेयो व्यसने रिपुरागतः ।
पतन् दुनोति हिमवत्तोयविन्दुरिव क्षते ॥६३॥

विजिगीषुलाई दैवी वा मनुष्यकृत व्यसन (गहन आपद) आइपरेको बेलामा उसभन्दा कम बल र पौरुष भएको हीन शत्रु नै आक्रामकको रूपमा आइलाग्यो भने पनि त्यस शत्रुसँग सन्धि गर्नु नै उचित पर्छ । नत्र घाउमा हिमालयको सानो पानीको थोपाले झैं आइलाग्नासाथ कष्ट उत्पन्न गराइदिन्छ॥६३॥

न सन्धिमिच्छेद्धीनश्चेत् तत्र हेतुरसंशयः ।
तस्य विस्रम्भमालक्ष्य प्रहरेत् तत्र निस्पृहः ॥६४॥

आफूभन्दा बलपुरुषार्थ आदिमा कम भएको भए पनि शत्रु आफ्नो सन्धि प्रस्तावलाई स्वीकार गर्दैन भने त्यहाँ कुनै कारण अवश्य हुन्छ । तर त्यस्तो स्थितिमा विजिगीषुले त्यसको निश्चयलाई बुझेर सन्धि–प्रस्तावलाई छोडी आक्रमण नै गर्नुपर्छ ॥६४॥

बलीयसाऽभिसन्धाय तं प्रविश्य प्रयत्नवान् ।
तथासावुपगन्तव्यो यथा विस्रम्भमाप्नुयात् ॥६५॥

आफूले हीन-सन्धि गरिएको आफूभन्दा बलवान् शत्रुलाई मनपर्दो काम गरिदिएर प्रयत्नसाथ उसको विश्वस्त भएर भित्री सार बुझिसकेपछि युद्ध गर्नू । अर्थात् जति विश्वास-पात्र बन्नाले उसलाई पल्टाउन सकिन्छ; त्यति विश्वास गराउनू ॥६५॥

विस्रम्भे नित्यमुद्युक्तो निगूढाकारचेष्टितः ।
प्रियाण्येवाभिभाषेत यत् कार्यं कार्यमेव तत् ॥६६॥

आफ्नो आकार र कामकारवाहीहरूलाई गुप्त राखेर शत्रुहरूलाई विश्वस्त राख्नमा सधैं प्रयत्नशील रहनुपर्दछ, जसबाट भेद नखुलोस् । आफूले जुन काम गर्नुपर्ने हो त्यो त छँदैछ; परन्तु बाहिर उसलाई प्यारो लाग्ने कुरा नै

×एकै पेटका दाजुभाइ सुन्द र उपसुन्द दुवैले ब्रह्माजीको तपस्या गरी उनलाई रिझाएर अरू कसैले मार्न नसकिने वर पाई सारा दुनियाँ कोकोहोलो मचाउन लागेका थिए । देवताहरूले तिनलाई मराउनको निमित्त ब्रह्मदेवको सल्लाहबमोजिम प्रजापतिद्वारा तिलोत्तमा नामकी अप्सराको सृष्टि गराई तिनीहरूको आश्रममा पठाइदिए । बराबर बल भएका ती दुई दानव उनलाई देख्नासाथ उनको एकलौटी प्रेम पाउन परस्परमा काटाकाट गरी मरेका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विजिगीषुले बोल्नुपर्दछ ॥६६॥

विस्रम्भात् प्रियतामेति विस्रम्भात् कार्यमिच्छति ।
विस्रम्भेण हि देवेन्द्रो दितेर्गर्भमपातयत् ॥६७॥

विश्वास गराएर नै व्यक्ति अरूको प्रिय हुन आउँछ । विश्वासैबाट काम बनाउन चाहन्छ । इन्द्र विश्वासद्वारा नै दितिको गर्भ टुक्र्याउन समर्थ भए❖ ॥६७॥

युवराजेन सन्धाय प्रधानपुरुषेण वा ।
अन्तः प्रकोपं जनयेदभियोक्तुं स्थिरात्मनः ॥६८॥

धेरै कालसम्म युद्ध नै जारी राख्न चाहने सन्धि गर्न नमान्ने स्थिर चित्त भएको शत्रु छ भने उसको युवराज अथवा मन्त्री आदि उच्च पदको प्रधान व्यक्तिलाई आफ्नो पक्षमा मिलाएर त्यसद्वारा उसको महलमा घरझगडा नै पैदा गराइदिनू । (त्यसपछि उसको अभियोग त्यसै खुकुलो हुन जान्छ) ॥६८॥

अर्थोत्सर्गेण महता लेखैश्चाप्यर्थसंहितैः ।
प्रधानपुरुषस्येह प्रकुर्वीतार्थदूषणम् ॥६९॥

संपत्तिको खोलो बगाएर अथवा शत्रुको दरबारमा फूट पैदा हुने किसिमका चिट्ठीहरू पठाएर उसका प्रधानमन्त्री वा युवराजहरूलाई भड्काइदिनू ॥६९॥

दूषिते हि महामात्रे रिपुरुग्रोऽपि धीमता ।
स्वपक्षे यात्यविश्वासमित्थंभूतश्च निष्क्रियः ॥७०॥

बुद्धिमान् व्यक्तिले खूब चलाखीसँग यसरी शत्रुका युवराज प्रधानमन्त्री आदि प्रधान पुरुषहरूमा फूट पारिदिएपछि शत्रु जतिसुकै उग्र भए

❖युद्धमा देवताहरूले इन्द्रको आडमा आफ्ना धेरै छोराहरूलाई सिद्धयाएको देखेर शोकाकुल दितिले आफ्ना पति कश्यपको भक्तिसाथ सेवा गरिन् । कश्यप प्रसन्न भएपछि इन्द्रलाई मार्न सक्ने छोरो वरदानको रूपमा मागिन् । कश्यपजीले 'पूरा १ वर्षसम्म पवित्र भई नियममा रही व्रत गर्‍यौ भने तिम्रो त्यस्तो सन्तान हुनेछ' भन्ने वर दिनुभयो । उनले यो कुरा स्वीकार गरी गर्भ-धारण गरेको समाचार पाई इन्द्र स्वयं सौतेनी आमा दितिको सेवा शुश्रूषा गर्न उनकै आश्रयमा आई रहन लागे र त्यस गर्भलाई तुहाउन छिद्रको प्रतीक्षा गर्न लागे । एक दिन चीसा गोडाले या गोडा नधोई ओछ्यानमा पल्टेर असमयमा निदाएकी दितिको गर्भमा प्रवेश गरेर उनको गर्भलाई इन्द्रले उनन्चास टुक्रा पारी काटिदिएपछि विचित्र दैवी लीलाले बचेका यिनै टुक्राहरू ४९ वायु भए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तापनि उसको आफ्नै पक्षका व्यक्तिहरूमा अविश्वास बढ्न थाल्दछ । त्यसो भएपछि ऊ आफैं निष्क्रिय हुँदै जान्छ ॥७०॥

अरेरमात्यान् सन्धाय तदारम्भं शमं नयेत् ।
भिषग्भेदेन वा शत्रुं रसदानेन शातयेत् ॥७१॥

शत्रुका मन्त्रीहरूसँग गुप्त रूपले सन्धि गरेर उसको कार्यक्रम ठप्प गराइदिनुपर्दछ । अथवा उसको वैद्यलाई आफ्ना तर्फ मिलाएर त्यसद्वारा विष दिलाई शत्रुलाई नै सिद्धचाइदिनुपर्दछ ॥७१॥

अरेः सर्वप्रयत्नेन पश्चात् कोपं प्रकल्पयेत् ।
पश्चात् कोपमथानिष्टमनुसृत्य प्रधर्षयेत् ॥७२॥

विजिगीषुले हुनेसम्मको कोशिश गरी शत्रुको पश्चात्–प्रकोप तयार गरिदिनुपर्छ । अर्थात् शत्रुसँग राज्यको साँध जोडिएको आफ्नो मित्रलाई त्यस शत्रुप्रति खूब क्रुद्ध गराउनु र उसको स्थिति पनि अनिष्ट भएको विचार गरेर दुवै तर्फबाट आक्रमण गर्नुपर्छ ॥७२॥

तद्देशकृतसंवासैश्चरैर्नैमित्तिकैरपि ।
उपोढव्यसनादेशं कारयेत् सिद्धलक्षणैः ॥७३॥

विजिगीषुले आफ्नो राज्यमा आक्रमण गर्न लागेका शत्रुको गति रोक्नको निमित्त उसैका राज्यमा रहने शकुनज्ञ, ज्योतिषी, सिद्ध महात्मा आदिको रूप लिएका आफ्ना जासूसहरूद्वारा 'अहिले आक्रमण गर्दा भविष्य राम्रो छैन, तुरुन्त आपत्तिहरू आइलाग्ने स्थिति छ' इत्यादि भनाएर वा शत्रुका युद्ध-यात्राको समयमा उत्पात आदि गराएर उसको यात्रा ठप्प गराइदिनुपर्छ ॥७३॥

क्षयव्ययायासवधादिदोष–
व्यपेक्षयान्वीक्षितसाधुकृत्यः ।
कामं तु पीडामपि काञ्चिदिच्छे–
न्न विग्रहं तत्प्रभवा हि दोषाः ॥७४॥

समयको गतिविधि र आफ्नो कर्तव्यलाई राम्रोसँग सोच्ने विजिगीषुले फौज, हात्ती, घोडा आदिको विनाश, धनको खर्च, आपस्त र बुद्धिमान् व्यक्ति–हरूको मृत्यु इत्यादि अनेकौं दोषहरूलाई दृष्टिमा राखेर, युद्धमा हात हाल्नुभन्दा थोर-वहुत शत्रुको पीर खपिदिनैतर्फ लाग्नुपर्छ । युद्ध गर्नु बुद्धिमानी होइन; किनभने उपर्युक्त सारा दोषहरू युद्धबाटै खडा हुन्छन् ॥७४॥

कलत्रमात्मा सुहृदो धनानि
वृथा भवन्तीह निमेषमात्रात् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुहुर्मुहुश्चाकुलितानि तानि
तस्मान्न विद्वानतिविग्रही स्यात् ॥७५॥

युद्धले गर्दा पत्नी, आफू, मित्र, धन संपत्ति आदि सारा चीज क्षणभरमा नै फजूल हुन जान्छन् । युद्धतत्पर व्यक्तिका सारा परिवार मित्र आदिले पनि वारंबार आकुल-व्याकुल भइरहनुपर्दछ । त्यस कारण बुद्धिमान् व्यक्तिले ज्यादा युद्धमा आग्रही बन्नु उचित होइन ॥७५॥

सुहृद्धनं तथा राज्यमात्मानं कीर्तिमेव च ।
इति सन्देहदोलास्थं को हि कुर्यादवालिशः ॥७६॥

मूर्ख व्यक्तिहरूलाई छाडेर अरू कुन सचेत प्राणीले जानी जानी आफ्ना मित्र, धन, राज्य, आफू र आफ्ना कीर्तिलाई समेत सन्देहास्पद गराउला ॥७६॥

साम्ना प्रदानेन विभेदनेन
सन्धापयेत् साध्वभियुज्यमानः ।
सन्धित्सुरारात् समसैन्यचक्रं
सामन्तमायान्तमपेतसन्धिम् ॥७७॥

सन्धि गर्न चाहने विजिगीषुले आक्रमण गर्न आइरहेको समान बलको शत्रु नजीक नआउँदैमा साम÷ (सान्त्वना)+ दान, भेद* (फूट पारिदिनु), यी तीन उपायहरूद्वारा उसैलाई सन्धिप्रस्ताव गर्ने तुल्याउनुपर्छ ॥७७॥

स्वगुप्तिमाधाय सुसंहितेन
बलेन धीरो विचरन्नरातिम् ।
सन्तापयेद् येन सुसम्प्रतप्त-
स्तप्तेन सन्धानमुपैति तप्तः ॥७८॥

परस्परमा खूब मिलेको सैन्यद्वारा आफ्नो (राज्य तथा परिवारको पनि) सुरक्षाको प्रबन्ध राम्रोसँग गरेर धैर्यशाली विजिगीषुले संगठित सैन्यको मदतले शत्रुलाई हैरान र सन्तप्त गराइदिनुपर्दछ । त्यसो भएपछि आफू फैं ऊ पनि सन्तप्त हुन्छ र तात्तिएका दुई फलामको सन्धि (जोड) भएझैं सन्तप्त

÷साम- उसको गुणकीर्तन गर्नु, पहिलेदेखि भइरहेको सम्बन्ध दर्शाउनु, परस्परमा भएको उपकार दर्शाउनु, युद्धबाट हुने हानि र भविष्यतर्फ उसको ध्यान आकृष्ट गर्नु, आफू शरण पर्नु; यति ५ प्रकारको सान्त्वना ।

+अपूर्व दान, लिएको फिर्ता, दिएको माफी, लिएको मञ्जूरी; यति चार प्रकारको दान हुन्छ ।

*शंकाजनक र आशाजनक दुई किसिमको फूट ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तप्त दुई थरीको हुन्छ ।।७८।।

इति स्म सन्धिं खलु सन्धिवित्तमा
बभाषिरे पूर्वतना महर्षयः ।
तदेतदेवं विनयेन्नरेश्वरः
संवीक्ष्य कार्यं गुरु चेतरद् द्विधा ॥७६॥

'कस्तो ठाउँमा कस्तो र कसरी सन्धि गर्ने' भन्ने विषयलाई राम्रोसँग बुझेका पुराना विद्वान् महर्षिहरूले माथि बताएबमोजिम सन्धि गर्ने तरीका बताएका छन् । त्यस कारण राजाले काम ठूलो छ या सानो; विचार गरेर सन्धिको उपयोग पूर्वोक्त प्रकारले गर्नुपर्छ ।।७९।।

सन्धिविकल्प नामक चौधौं प्रकरण समाप्त

नवम सर्ग समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दशौं सर्ग

विग्रह–विकल्प–प्रकरण

[सन्धि, विग्रह रोक्ने एक उपाय मात्र भएकोले अब विग्रहका भेदहरू बताइन्छन्]

अमर्षोपगृहीतानां मन्युसन्तप्तचेतसाम् ।
परस्परापकारेण पुंसां भवति विग्रहः ॥१॥

अरूको दबाब नखप्ने स्वभाव भएका र दुःखले दिल पिलिसएका व्यक्तिहरूमध्ये एकद्वारा दोस्राको जब अपकार हुन्छ, तब नै युद्ध शुरू हुन्छ ॥१॥

आत्मनोऽभ्युदयाकाङ्क्षी पीडयमानः परेण वा ।
देशकालबलोपेतः प्रारभेतैव विग्रहम् ॥२॥

शत्रुको मुलुक जितेर आफ्नो राज्य बढाउन चाहने, किंवा आफ्नो मुलुक टुक्र्याउनु वा राज्य नै हरण गर्नु आदि क्रियाद्वारा शत्रुले सताइन लागेको राजाले देश काल र सैन्य इत्यादिलाई अनुकूल गराएर युद्ध नै शुरू गर्नुपर्छ ॥२॥

राज्यस्त्रीस्थानदेशानां ज्ञानस्य च बलस्य च ।
अपहारो मदो मानः पीडा वैषयिकी तथा ॥
ज्ञानार्थशक्तिधर्माणां विघातो दैवमेव च ।
मित्रार्थं चावमानश्च तथा बन्धुविनाशनम् ॥
भूतानुग्रहविच्छेदस्तथा मण्डलदूषणम् ।
एकार्थाभिनिवेशित्वमिति विग्रहयोनयः ॥३–५॥

सामान्यतया युद्धका कारण २० वटा हुन सक्छन् भनी ग्रन्थकारले तिनको परिगणन गरेका छन् । जस्तै– (१) राज्यहरण (२) स्त्रीहरण (३) स्थानहरण (४) देशहरण (५) राज्यका विशेष ज्ञान र अनुभवसम्पन्न व्यक्तिहरू वा राज्यमा रहेका पुराना लेख, कागजपत्र, शिलापत्र, पुस्तकालय, आदि ज्ञानसंबन्धी विषयहरूको अपहरण (६) फौजलाई शत्रुले आफ्नातर्फ मिलाउनु वा भड्काइदिनु (७) ज्यादा गर्व गर्नु (८) बढप्पन देखाउनु (९) साँध–सिमानामा धक्का लाग्नु (१०) देशका कर्मठ विद्वान्हरू वा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानका भण्डारहरू शत्रुद्वारा नष्ट गरिनु (११) शत्रुद्वारा आर्थिक स्थिति बिगारिनु, (१२) प्रभुशक्ति, मन्त्रशक्ति, वा उत्साहशक्तिमा धक्का लाग्नु (१३) शत्रुले धर्ममा बाधा पुऱ्याइदिनु (१४) दैव लाग्नु (१५) मित्र–राष्ट्रको सहयोग गर्न चाहनु (१६) आफ्नो अपमान हुनु (१७) बन्धुहरू मारिनु (१८) सर्वसाधारणको भलाइका निमित्त तयार गरिएको चीज नासिनु (१९) चुक्ली आदिद्वारा राजमण्डलमा वैमनस्य फैलिनु (२०) एउटै वस्तु लिनमा दुई जनाको विशेष आग्रह हुनु । उपर्युक्त सबै कुराहरू झगडाका मुख्य कारण हुन् ।।३–५।।

राज्यस्त्रीस्थानदेशानां दानेन च दमेन च ।
विग्रहस्य तु युक्तिज्ञैरिति प्रशमनं स्मृतम् ।।६।।

राज्य (प्रजा), स्त्री, दुर्ग आदि स्थान एवं देश (राष्ट्र) मध्ये कुनै एकको अपहरणबाट हुने विग्रहलाई धन, फौज वा भूभागको दान र गुप्त-दण्ड-द्वारा शत्रुलाई कायल गराएर शान्त गराउनुपर्दछ भन्ने राजनैतिक विद्वान्हरूको राय छ ।।६।।

एतदेव तु विज्ञेयं स्वार्थधर्मविघातजे ।
विषयध्वंसजे शत्रोर्विषयप्रतिपिडनम् ।।७।।

आफ्नो दुर्ग निर्माण आदि काम र अश्वमेध आदि धार्मिक कृत्यमा बाधा पुऱ्याउने उद्देश्यबाट भएको विग्रहमा पनि उपर्युक्त प्रकारकै दान या दमको प्रयोग गरी सन्धि गर्नुपर्छ । शत्रुले आफ्नो देश ध्वस्त गराउन लागेकोले भएको विग्रह छ भने आफूले पनि शत्रुको मुलुक नै हान्नुपर्छ । (किनभने मेलको कारण प्रताप नै हो । त्यो नभए मेल (सन्धि) हुन सक्तैन) ।।७।।

ज्ञानापहारसम्भूते ज्ञानशक्तिविघतजे ।
शमस्तदर्थत्यागेन क्षान्त्या बोपेक्षणेन वा ।।८।।

ज्ञानसम्बन्धी विषय वा ज्ञानी विद्वान्हरूको अपहरणबाट भएको, त्यस्तै ज्ञानोपयोगी विषय या विद्वान्हरूको नाशद्वारा भएको र पार्ष्णिग्राह आदिद्वारा हुने शक्तिको विनाशबाट भएको; यति तीन प्रकारको विग्रहमा; त्यो विग्रहको कुरा छोडिदिनाले, सहिदिनाले यद्वा त्यसको उपेक्षा गरिदिनाले झगडा शान्त हुन्छ ।।८।।

अधर्मद्रोहसंयुक्ते मित्रजातेऽप्युपेक्षणम् ।
आत्मवन्मित्रजाते तु प्राणानपि परित्यजेत् ।।९।।

अधार्मिक र द्रोहबुद्धि भएको मित्रका कारणबाट गर्नुपर्ने विग्रहको पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपेक्षा नै गर्नुपर्छ । आफू जस्तै अर्थात् कृतज्ञ, हितैषी, धार्मिक मित्र रहेछ भने त उसको कारणबाट हुने विग्रहमा प्राणसम्म पनि त्याग्न तयार हुनुपर्छ ॥९॥

अपमानात् तु सम्भूतं मानेन प्रशमं नयेत् ।
सामपूर्वं उपायो वा प्रणामो वाऽभिमानजे ॥१०॥

अपमानबाट हुन लागेको विग्रहलाई संमानद्वारा शान्त गराउनू । अभिमानबाट भएको छ भने सान्त्वनापूर्वक दान र भेदद्वारा शान्त गराउनुपर्छ । अर्थात् दण्ड बाहेक अरू तीन उपायको प्रयोग गर्नु अथवा आफै झुक्नुपर्छ ॥१०॥

रहस्येन प्रयोगेण रहस्यकरणेन वा ।
विग्रहं शमयेद् धीरो बन्धुनाशसमुद्भवम् ॥११॥

विजिगीषुले विजयको प्रसङ्गमा अरू कुनै राजाका बन्धु मारिनाबाट उत्पन्न हुन लागेको विग्रहमा धैर्यसाथ गुप्त रूपले साम आदि चार उपायहरूमध्ये आवश्यकताअनुसार कुनै पनि उपायको प्रयोगद्वारा अथवा माया (कापटिक प्रयोग) आदिको सहाराले विरोध शान्त गराउनुपर्छ ॥११॥

येन पीड़ा न जायेत तादृशं तु विचक्षणः ।
कुर्यादर्थपरित्यागमेकार्थाभिनिवेशजे ॥१२॥

एउटै वस्तुको निमित्त गरिएको आग्रहबाट हुने विग्रहमा बुद्धिमान् व्यक्तिले जति धन छोडिदिंदा या खर्च गर्दा आफूलाई कुनै खास पीडा हुँदैन त्यति छोड्नु या खर्च गर्नुपर्छ । (ज्यादा आग्रही भएर युद्ध गरिहाल्नु बेश हुँदैन ।) ॥१२॥

धनापहारजे जातु विरोधं न समाचरेत् ।
कदाचिद् विग्रहे पुंसां सर्वनाशोऽपि जायते ॥१३॥

शत्रुबाट धनको अपहरणद्वारा हुने विग्रहमा विरोध कदापि गर्नु बेश छैन । कुनै अवस्थामा युद्ध गर्दा सर्वनाश पनि हुन सक्छ ॥१३॥

दृष्टोपन्यासयुक्तेन सम्प्रदानादिकेन च ।
महाजनसमुत्पन्नं भेदेन प्रशमं नयेत् ॥१४॥

महाजनसमुत्पन्न विरोध*लाई राजनैतिक विद्वान्हरूले बताएको उपन्यास (उपाय) ले युक्त भएको दान आदि र फूटद्वारा शान्त गराउनु

---

*हिटलर नेपोलियनहरूको झैं दुनियाँलाई दबाउन चाहने व्यक्तिको धेरै राष्ट्रहरूसँग विरोध पर्छ । त्यसैलाई 'महाजनसमुत्पन्न विग्रह' भन्दछन् । यो मदबाट उत्पन्न हुने विग्रह हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्छ ।।१३।।

भूतानुग्रहविच्छेदजातस्यान्तं व्रजेद् वशी ।
दैवमेव तु दैवोत्थे शमनं साधुसम्मतम् ।।१५।।

लोकोपकारक राजाले प्राणीहरूका कल्याणको विच्छेदबाट हुने विग्रहको समाप्ति गर्नैपर्छ । अर्थात् दुनियाँको भलाइ गर्नु नै राजाको कर्तव्य भएको हुनाले बहुजनहिताय गरिन लागेका काममा शत्रुले बाधा पारिँदिदा चुप लागेर बस्नु उचित छैन । स्थिर भएर युद्ध गर्नैपर्छ । दैवबाट हुने विग्रहमा त अथर्ववेदोक्त दैवी उपाय नै बेश मानिन्छ ।।१५।।

मण्डलक्षोभसम्भूतमुपायैः प्रशमं नयेत् ।

शत्रुले आफ्नो विरोधमा राज्यमण्डललाई फोक्याएर राज्यक्षोभ पैदा गराइदिएर हुने विग्रहलाई साम, दान आदि उपायहरूद्वारा शान्त गराउनुपर्दछ ।

सापत्नं वास्तुजं स्त्रीजं वाग्जातमपराधजम् ।
वैरप्रभेदनिपुणैर्वैरं पञ्चविधं स्मृतम् ।।१६$\frac{1}{2}$।।

कुनै राजनैतिक वैरभेदज्ञ विद्वान्हरूको विचारअनुसार विरोध (विग्रह) केवल पाँच प्रकारको हुन्छ । जस्तै सापत्न–(स्वाभाविक शत्रुताबाट हुने), वास्तुज (जमीन घर आदिको अपहरणबाट हुने), स्त्रीज (स्त्रीको अपहरण आदिबाट हुने), वाग्जात (वचनको कठोरता आदिद्वारा पैदा हुने), अपराधज (विभिन्न प्रकारका आफ्नै गल्तीहरूबाट उत्पन्न हुने)* ।।१६$\frac{1}{2}$।।

जातं भूम्युपरोधेन तथा शक्तिविघातजम् ।।१७।।
भूम्यनन्तरजातं च मण्डलक्षोभजं तथा ।
चतुर्विधं वैरजातं बाहुदन्तिसुतोऽब्रवीत् ।।१८।।

भूम्युपरोध (जानाजान अर्काको जमीन ओगट्नु) शक्तिविघात (प्रभुशक्ति, मन्त्रशक्ति, उत्साहशक्तिमा आघात पुर्‍याउनु) भूम्यनन्तरता

*यस मतमा पहिले यसै प्रकरणको ३, ४, ५ श्लोकमा बताइएका बीस प्रकारका कारणहरूबाट पैदा हुने सबै विग्रहहरूको अन्तर्भाव यिनै पाँचवटा विरोधहरूमा हुन्छ । जस्तै–स्वाभाविक शत्रुतामा एकवस्तुविषयक दुई जनाका आग्रहबाट हुने विरोधको, वाग्जातमा ज्ञानापहार र अपमानबाट हुने विरोधको, वस्तुजमा स्त्रीहरण र स्थानहरणबाट हुने विरोधको, तथा दैवजन्य बाहेक अरू १४ प्रकारका विरोधको अपराधजमा अन्तर्भाव हुन्छ । दैवजन्य विरोध अप्रत्याशित हुनाले त्यसको यस मतमा गणना हुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(जमीनको साँध एकै हुनु) राजमण्डलको क्षोभ; यति चार मात्र वैर (विग्रह) का कारण हुन् भनी बाहुदन्तिपुत्र ले भनेका छन्÷ ।।१८।।

कुलापराधजे प्राहुर्वैरे द्वे एव मानवाः ।

मनुका शिष्यहरूको मतानुसार कुलपरम्परागत (सहज) र आफ्नै अपराधबाट उत्पन्न भएको; दुई प्रकारका मात्र विग्रह हुन्छन्◇ ।

किञ्चित्फलं निष्फलं च सन्दिग्धफलमेव च ॥
तदात्वे दोषजननमायत्यां चापि निष्फलम् ।
आयत्यां च तदात्वे च दोषस्य जननं तथा ॥
अपरिज्ञातवीर्येण परेण स्तोभितोऽपि वा ।
परार्थं स्त्रीनिमित्तं च दीर्घकालं द्विजोत्तमैः ॥
अकालदैवयुक्तेन बलोद्वृत्तसखेन च ।
तदात्वे फलसंयुक्तमायत्यां फलवर्जितम् ॥
आयत्यां फलसंयुक्तं तदात्वे निष्फलं तथा ।
इतीमं षोडशविधं न कुर्यादेव विग्रहम् ॥१९–२३॥

बुद्धिमान् शासकले निम्नलिखित १६ प्रकारको विग्रहमा हात हाल्न हुँदैन । (१) ज्यादै थोरै फल हुने (२) निष्फल (३) फल मिल्ने नमिल्ने निश्चय नभएको (४) तत्काल दोष पैदा गर्ने (५) भविष्यमा निष्फल हुने (६) तत्काल र भविष्यमा पनि दोष मात्र पैदा गर्ने (७) अर्काले सुन्याएको मात्र भरले हुने (८) बल-पराक्रम थाहा नभएका व्यक्तिसँग हुने (९) मौकामा आफ्नो उपकार गर्न नसक्ने पराईका निमित्तमा (१०) सामान्य स्त्रीका निमित्तमा (११) धेरै कालतक नटुङ्गिने (१२) उत्तम रहनसहन र उत्तम आचार भएका ब्राह्मणहरूसँग परेको (१३) वरप्राप्ति आदिले अकस्मात् दैव अनुकूल भएका व्यक्तिसँगको (१४) खूब शक्तिशाली मित्र भएका व्यक्तिसँगको (१५) तत्काल केही फल दिने भए भविष्यमा फलले रहित हुने (१६) भविष्यमा केही फल दिने भए पनि तत्काल कुनै फल नभएको । यति १६ प्रकारको विग्रह नगर्नै बेश छ ।।१९–२३।।

तदात्वायतिसंशुद्धमारभेत विचक्षणः ।
तदात्वायतिशुद्धानि सर्वकर्माणि चिन्तयेत् ॥२४॥

÷ यस मतमा पनि २० भेदहरूको उक्त चार भेदमा अन्तर्भाव हुन्छ ।

◇ यस मतको अनुसार पहिलोमा 'एकार्थाभिनिवेशजन्य'को र दोस्रामा अरू १८ प्रकारका विग्रहको अन्तर्भाव हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धिमान् मनुष्यले तत्काल र भविष्यमा फाइदा हुने मात्र काम शुरू गर्नुपर्छ । तत्काल र भविष्यमा राम्रो परिणाम हुने छन् भने मात्र कुनै पनि प्रकारका कामहरू गर्ने विचार गर्नुपर्छ । अर्थात् तत्काल र भविष्यमा कुनै फाइदा नहुने युद्धसंबन्धी काम धन जनको नाशक, धेरै कष्ट दिने वा ज्यानै समाप्त गराइदिने तथा अरू अनेक दोषहरूले युक्त भएको हुनाले त्यसमा हात हाल्नु हुँदैन । त्यति मात्र होइन, अरू कुनै काम पनि तत्काल र भविष्य नसोची गर्ने विचार गर्नु हुँदैन ॥२४॥

तदात्वायतिसंशुद्धमातिष्ठन्नैति वाच्यताम् ।
साधु लोकद्वयग्राहि विद्वान् कर्म समाचरेत् ॥२५॥

तत्काल र भविष्यमा लाभ हुने काम गर्ने व्यक्ति निन्दनीय हुन सक्तैन । त्यसकारण विद्वान्ले यो लोक परलोक दुवैतर्फ विरोध नपर्ने असल काम गर्नुपर्छ ॥२५॥

परित्यजेदिमं लोकं नार्थलेशोपलोभितः ।
परलोकविरुद्धानि कुर्वाणं दूरतस्त्यजेत् ॥२६॥

थोरै संपत्तिको लोभले फटपट युद्ध गरिहालेर यस लोकलाई छोड्नु बेश छैन । अर्थात् अचानक युद्ध गर्न लाग्दा यस लोकबाट बिदा हुन बेर लाग्दैन । परलोकको विरुद्ध काम गर्ने व्यक्तिको संपर्कदेखि टाढै नै रहनुपर्छ ॥२६॥

इत्यागमप्रमाणत्वात् साधु कल्याणमाचरेत् ॥२६½॥

परलोकको विषयमा आगम (शास्त्र) नै प्रमाण हुनाले शास्त्रअनुसार शुभ कर्म गर्नुपर्छ ॥२६½॥

यदा मन्येत मतिमान् हृष्टं पुष्टं स्वकं बलम् ।
परस्य विपरीतं च तदा विग्रहमाचरेत् ॥२७½॥

बुद्धिमान् शासकको विचारमा जब आफ्नो फौज प्रसन्न तथा पुष्ट र शत्रुको फौज यसको विपरीत अर्थात् अप्रसन्न तथा दुर्बल जँच्तछ, तब मात्र युद्ध गर्नुपर्छ ॥२७½॥

स्फीतं यदाऽनुरक्तं च भवेत् प्रकृतिमण्डलम् ।
परस्य विपरीतं च तदा विग्रहमाचरेत् ॥२८½॥

जब आफ्नो अमात्य आदि प्रकृतिको मण्डल खूब समृद्धिले युक्त (पूरा योग्यतासँग उचित कार्यभार सँभालेको) र आफूमा अनुरक्त रहेको हुन्छ तथा शत्रुको चाहिँ यसको विपरीत बुझिन्छ, त्यस अवस्थामा विग्रह गर्नुपर्छ ॥२८½॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपनामि यदा दैवं सुव्यक्तमुपलक्षितम् ।
परस्य विपरीतं तु तदा विग्रहमाचरेत् ॥२९½॥

जब आफ्नो दैव अनुकूल भएको बुझिन्छ, अर्थात् थोरै प्रयासबाट पनि निकै सफलता मिल्ने सम्भावना हुन्छ, शत्रुको चाहिं यसको विपरीत दैव प्रतिकूल भएको हुन्छ, त्यस बेला युद्ध गर्नुपर्छ ॥२९½॥

मित्रमाक्रन्द आसारो यस्य स्पुदृढभक्तयः ।
परस्य विपरीताश्च तदा विग्रहमाचरेत् ॥३०½॥

जुन समयमा आफ्ना मित्र, आक्रन्द र आसार आफूमा दृढ भक्ति भएका अनि शत्रुका चाहिं विपरीत अर्थात् स्वार्थसिद्धिको लागि मात्र बाहिरी भक्ति देखाउने हुन्छन्, त्यस समयमा युद्ध गर्नुपर्छ ॥३०½॥

भूमिर्मित्रं हिरण्यं च विग्रहस्य फलं त्रयम् ।
यदैतन्नियतं भावि तदा विग्रहमाचरेत् ॥३१½॥

युद्धको फल जमीन, मित्र तथा धन संपत्तिको प्राप्ति; यही तीन कुरा हो । जब यी तीनै कुरा प्राप्त हुने निश्चित आशा हुन्छ, त्यस बेला युद्ध गर्नु पर्छ ॥३१½॥

गुरु वित्तं ततो मित्रं तस्माद् भूमिर्गरीयसी ।
भूमेर्विभूतयः सर्वास्ताभ्यो बन्धुसुहृद्गणाः ॥३२½॥

संपत्ति प्राप्त हुनु ठूलो कुरा हो, त्यसभन्दा पनि असल मित्र पाउनु कता हो कता बेश, त्यसभन्दा पनि जमीन पाउनु धेरै ठूलो कुरा हो । किनभने संसारमा जति पनि ऐश्वर्य प्राप्य छन्, ती सबै भूमिबाटै मिल्न सक्छन् । ऐश्वर्यहरूबाट बान्धव र मित्रहरू प्राप्त हुन्छन् ॥३२½॥

सर्वसम्पत्समे शत्रावुपायान् निक्षिपेद् बुधः ।
उपायैरप्रतिव्यूढे समे दण्डः प्रशस्यते ॥३३½॥

बुद्धिमान् शासकले आफ्नो समान युद्धको सामग्री भएको शत्रुसँग युद्ध नगरी भरसक साम दान भेदहरूद्वारा युद्ध रोक्ने कोशिश गर्नुपर्छ । यी तीन उपायहरूले पत्ता नलाग्ने भए मात्र त्यस्ता शत्रुमा दण्डको प्रयोग गर्नु बेश छ ॥३३½॥

आगतं विग्रहं विद्वानुपायैः प्रशमं नयेत् ।
विजयस्य ह्यनित्यत्वाद् रभसेन न सम्पतेत् ॥३४½॥

कुशल शासकले आइपरिसकेको युद्धलाई पनि भरसक सामादि उपायद्वारा शान्त गराउनुपर्छ । आफ्नै विजय हुन्छ भन्ने निश्चय नहुने हुनाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हतपत युद्धतर्फ लाग्नु बुद्धिमानी होइन ॥३४½॥

समाक्रान्तो बलवता काङ्क्षन्नभ्रंशिनीं श्रियम् ।
श्रयेत वैतसीं वृत्तिं न भौजङ्गीं कदाचन ॥३५½॥

बलवान् शत्रुले आक्रमण गरिएको विजिगीषु आफ्नो ऐश्वर्य स्थिर राख्न चाहन्छ भने उसले वेतको जस्तो व्यवहार अपनाउनुपर्छ; सर्पको जस्तो होइन । मतलब यो हो कि त्यस्तो अवस्थामा नम्र भएर शत्रुलाई शान्त गराउनुपर्छ । क्रोधी स्वभाव दर्शाउने व्यक्तिको मृत्यु या दुःख सिवाय केही हात लाग्दैन ॥३५½॥

क्रमाद् वेतसवृत्तिः सन् प्राप्नोति महतीं श्रियम् ।
भुजङ्गवृत्तिराप्नोति वधमेव तु केवलम् ॥३६½॥

बलवान्को आक्रमणमा वेतको जस्तो नम्र व्यवहार अपनाउने व्यक्तिले बिस्तार बिस्तार ठूलो ऐश्वर्य प्राप्त गर्न सक्छ निर्बल भए पनि सर्पको जस्तो क्रोधी व्यवहार देखाउने व्यक्तिलाई मृत्यु मात्र प्राप्त हुन सक्छ ॥३६½॥

मत्तप्रमत्तवत् स्थित्वा ग्रसेतोत्प्लुत्य पण्डितः ।
अपरिभ्रश्यमानं हि क्रमप्राप्तं मृगेन्द्रवत् ॥३७½॥

अथवा चलाख व्यक्तिले बलवान्को आक्रमण भएको अवस्थामा बनावटी व्यसन देखाएर आफूलाई असावधान जस्तो तुल्याई शत्रुलाई विश्वास पार्नु र आफ्नो राज्य नजाँदै मौका पाउनासाथ सिंहले झैं उस शत्रुलाई सिध्याएर आफ्नो राज्य टिकाउनुपर्छ ॥३७½॥

कौर्मं सङ्कोचमास्थाय प्रहारमपि मर्षयेत् ॥३८॥

मौकामा कछुवाले झैं आफ्ना सारा अंगहरूलाई लुकाएर (गुप्त राखेर) शत्रुको प्रहार पनि सहनुपर्छ ॥३८॥

काले प्राप्ते तु मतिमानुत्तिष्ठेत् क्रूरसर्पवत् ।
काले सहिष्णुर्गिरिवदसहिष्णुश्च वह्निवत् ॥३९॥

परन्तु बुद्धिमान् व्यक्तिले मौका मिल्नासाथ निठुरी सर्पले झैं जाग्न पनि छोड्नु हुँदैन । मौकामा पहाड जस्तो सहिष्णु र अग्नि जस्तो असहनशील पनि बन्नुपर्छ ॥३९॥

(†स्कन्धेनापि वहेत् काले प्रियाणि समुदाहरन् ।
सम्प्राप्ते चैव काले तु भिन्द्यात् घटमिवाश्मनि ॥

†यो कोष्ठभित्रको पाठ पुराना पुस्तकहरूमा व्याख्या नगरी छोड़िएको छ; सबै संस्करणमा पाइँदैन पनि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नित्यं स्वार्थपरो लोकः स्वार्थसिद्धिर्यथा भवेत् ।
तथा तस्य प्रतीकारं यथोक्तं समुपाचरेत् ॥)

मौकामा शत्रुलाई काँधमा बोक्न पनि तयार रहनुपर्छ र अवसर आउनासाथ उसलाई ढुङ्गामा माटाको घडालाई झैं बजार्न पनि पछि हट्नु हुँदैन ।

सारा दुनियाँ सधैं आफ्नै स्वार्थमा लागेको हुन्छ । त्यसकारण माथि बताइएअनुसार जसरी आफ्नो मतलब बन्दछ त्यसै गरी शत्रुको प्रतीकार गर्नुपर्छ ।

प्रसादवृत्त्याऽऽहितलोकवृत्तया
प्रविश्य शत्रोर्हृदयं निरन्तरम् ।
नयाग्रहस्तेन हि कालमास्थितः
प्रसह्य कुर्वीत कचग्रहं श्रियः ॥४०॥

विजिगीषुले लौकिक चलनमा मिल्दो प्रसन्नतापूर्ण व्यवहारद्वारा हरवखत शत्रुको हृदयमा पसेर युद्धनीतिरूपी हस्ताग्रभागद्वारा मौका छोपी राज्यश्रीरूपिणी नायिकाको कपाल जबर्जस्ती खिच्नुपर्छ । अर्थात् समयमा प्रयोग गरेको युद्धनीतिले राज्यलक्ष्मी पाइन्छिन् ।

कुलोद्गतं सम्यगुदारविक्रमं
स्थिरं कृतज्ञं मतिमन्तमूर्जितम् ।
अतीव दातारमुपेतवत्सलं
सुदुष्प्रसाधं प्रवदन्ति विद्विषम् ॥४१॥

ठूलो कुलमा उत्पन्न भएको, राम्रो चालचलनको, प्रशंसनीय पराक्रम भएको, स्थिर स्वभावको, गुन चिन्ने, बुद्धिमान्, बलशाली, अत्यन्त दानी, शरणको मरण नपार्ने; यस्तो शत्रु दबाउन ज्यादै गाह्रो मानिन्छ ॥४१॥

असत्यता निष्ठुरताऽकृतज्ञता
भयं प्रमादोऽलसता विषादिता ।
वृथाभिमानोऽपि च दीर्घसूत्रता
तथाङ्गनाद्यादि विनाशनं श्रियः ॥४२॥

कूटो व्यवहार, निठुरीपन, गुन नसम्झने हुनु, डराउनु, बेहोशी, आलस्य, दिक्दारी, व्यर्थको अभिमान, जुम्सोपन, स्त्रीप्रसङ्ग, जुवा, शिकार, मदिरा आदि राजलक्ष्मीका नाशक दुर्गुण हुन् ॥४२॥

इति स्म दोषान्वितमाशु विद्विषं
त्रिशक्तियुक्तो विजिगीषया व्रजेत् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतोऽन्यथाऽसाधुजनस्य सम्मतः
करोत्यविद्वानुपघातमात्मनः ॥४३॥

यस प्रकारका दुर्गुणहरूले मुक्त भएको शत्रुका उपर प्रभु मन्त्र र उत्साह तीनै शक्तिले युक्त भएको विजिगीषुले आक्रमण गर्नुपर्छ । त्यसो नगरी दुष्ट वा दुर्बुद्धि मन्त्रीहरूको सल्लाहमा लागेर बलवान् शत्रुमाथि आक्रमण गर्ने मूर्ख राजा आफ्नै सत्यानाश गर्दछ ॥४३॥

समन्वितो राज्यपदोन्निनीषया
मनीषयाऽन्वीक्षितमण्डलक्रियः ।
इमं नृपो विग्रहमार्गमास्थितः
स्थिरोद्यमः संप्रयतेत सिद्धये ॥४४॥

विजिगीषुले राज्यको प्रतिष्ठा बढाउने चाहना लिएर आफ्ना स्वच्छ बुद्धिले राज्यका कामको हेरविचार गरी यस युद्धनीतिलाई अपनाएर स्थिर उद्योगको साथै सफलताको निमित्त पूरा प्रयास गर्नुपर्छ ॥४४॥

विग्रहविकल्प नामक पन्ध्रौं प्रकरण समाप्त

दशौं सर्ग समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एघारौं सर्ग

यानासदद्वैधीभावसंश्रकविकल्प–प्रकरण

[पूर्वोक्त 'षाड्गुण्य'मध्ये सन्धि र विग्रह बाहेक बाँकी ४ गुणको व्याख्या यहाँ हुन्छ]

उत्कृष्टबलवीर्यस्य विजिगीषोर्जयैषिणः ।
गुणानुरक्तप्रकृतेर्यात्रा यानमिति स्मृतम् ॥१॥

जाइलागिने शत्रुको अपेक्षा सैनिक शक्ति, देश तथा कालसम्बन्धी बल र वीर्य (उत्साह) ज्यादा भएको, विजयको अभिलाषाले पूर्ण, प्रजालाई स्वामीमा हुनुपर्ने गुणहरूले अनुरक्त पारेका विजिगीषुको युद्धयात्रालाई यान भन्दछन् ॥१॥

विगृह्य सन्धाय तथा सम्भूयाथ प्रसङ्गतः ।
उपेक्षा चेति निपुणैर्यानं पञ्चविधं स्मृतम् ॥२॥

राजनैतिक विद्वान्हरूले यानलाई पाँच प्रकारको बताएका छन् । (१) विगृह्य–यान, (२) सन्धाय–यान, (३) सम्भूय–यान, (४) प्रासङ्गिक-यान (५) उपेक्षा–यान ॥२॥

विगृह्य याति हि यदा सर्वाञ्छत्रुगुणान् बली ।
विगृह्ययानं यानज्ञास्तदाचार्याः प्रचक्षते ॥३॥

जब बलवान् विजिगीषु शत्रुका समस्त गुण (द्रव्यप्रकृति) हरूलाई नष्ट–भ्रष्ट पारेर शत्रुतर्फ बढ्दछ त्यसलाई यानका विशेषज्ञ आचार्यहरू विगृहच–यान भन्दछन् ॥३॥

अरिमित्राणि सर्वाणि स्वमित्रैः सर्वतो बलात् ।
विगृह्य चारिगमनं विगृह्यगमनं स्मृतम् ॥४॥

अथवा जाइलागिने शत्रुका सबै मित्रहरूसँग आफ्ना मित्रहरूद्वारा जबर्जस्त विरोध गराएर शत्रुको राष्ट्रमा आक्रमण गर्नुलाई विगृह्य-यान भन्दछन् ॥४॥

(*सन्धाय सार्धमरिभिश्चेष्टासंरोधकारिभिः ।
यदन्यत्र रिपौ यानं सन्धायगमनं हि तत् ॥)

*कोष्ठमित्रको पाठ प्रक्षिप्त जस्तो छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(आफ्नो विजयचेष्टामा प्रतिबन्ध लगाउने खालका शत्रुहरूसँग सन्धि गरेर अर्को आक्रमण गर्नुपर्ने शत्रुतर्फ जाइलाग्नुलाई सन्धाय–यान भन्दछन् ।)

सन्धायान्यत्र या यात्रा पार्ष्णिग्राहेण शत्रुणा ।
सन्धाय गमनं प्रोक्तं तज्जिगीषोः फलार्थिनः ॥५॥

पार्ष्णिग्राह (आफू युद्ध गर्न जाँदा पछाडिबाट आफ्नो राज्यमा आक्रमण गर्न सक्ने) शत्रुसँग "म नभएको बेलामा यसले आक्रमण नगरोस्" भन्ने फलको उद्देश्यले सन्धि गरेर अर्कै शत्रुतर्फ गरिने विजिगीषुको युद्धयात्रालाई सन्धाय–यान भन्दछन् ॥५॥

एकीभूय यदेकत्र सामन्तैः सामवायिकैः ।
शक्तिशौचयुतैर्यानं सम्भूयगमनं हि तत् ॥६॥

एक्लै आक्रमण गर्न नसकिने, आक्रमण नगरी पनि नहुने एउटै शत्रुलाई दबाउन शक्ति र सद्भावनाले युक्त भएका धेरै सामन्त राजाहरूसँग मिलेर गरिने यात्राको नाम सम्भूय–यान हो ॥६॥

उभयारौ तु वा यानं द्वयोः प्रकृतिनाशने ।
सम्भूयगमनं प्रोक्तं हनूमत्सूर्ययोरिव ॥७॥

विजिगीषु तथा अरि दुवैका शत्रुको प्रकृति (स्वामी अमात्य राष्ट्र आदि) लाई नष्ट गराउनको निमित्त अरि तथा विजिगीषुको हनूमान् र सूर्यको+ जस्तो संमिलित युद्धयात्रालाई पनि सम्भूय–यान भन्दछन् ॥७॥

(◇उभयत्र तु या यात्रा द्वयोः प्रकृतिनाशने ।
सम्भूय यानं तत् प्रोक्तं रामसुग्रीवयोरिव ॥
अल्पसारानुपादाय प्रतिज्ञाय फलोदयम् ।
गम्यते यत् परान् जेतुं सम्भूयगमनं हि तत् ॥)

विजिगीषु र उसको मित्र दुवैका अलग अलग शत्रुका प्रकृति नष्ट गर्न-

---

+बालक हनूमान्ले भरखर उदाएको रातो सूर्य विम्बलाई कुनै अपूर्व वस्तु सम्झेर बालचपलताले उफ्री हातले पक्रेको बखतमा तत्काल सूर्यलाई ग्रास गर्न आएको राहुले उनको हातबाट फुत्काउने कोशिश गर्दा हनूमान् सूर्यलाई छाडी उसैसँग भिड्न गए । सूर्यले पनि आफ्नो बलवान् शत्रु राहुलाई दबाउने सुन्दर अवसर पाएर शत्रु भए तापनि हनूमान्को साथ दिएका थिए भन्ने पौराणिक कथा छ ।

◇यो कोष्ठभित्रको पाठ कुनै कुनै पुस्तकमा मात्र पाइन्छ । यसको व्याख्या अन्यत्र पाइएको छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

का निमित्त राम र सुग्रीवको ऐं दुवैको सम्मिलित युद्धयात्रालाई सम्भूय-यान भन्दछन् ।

थोरै तागत भएका धेरै सामन्तहरूलाई बटुली कुनै प्रकारका फलको कबूल गरेर ('विजयी बनेपछि तिमीहरूलाई यति कुरा दिउँला' आदि आशा देखाएर) शत्रुलाई जित्ने आशयले गरिने यात्रालाई सम्भूय-यान भन्दछन् ।)

अन्यत्र प्रस्थितः सङ्गादन्यत्रैव हि गच्छति ।
प्रसङ्गयानं तत् प्रोक्तमत्र शल्यो निदर्शनम् ॥८॥

विजिगीषुले एकतर्फी प्रस्थान गरेर प्रसङ्गवश अर्कैतर्फ लाग्नुलाई प्रसङ्ग–यान भन्दछन् । राजा शल्य यसमा उदाहरण छन्* ॥८॥

रिपुं यातस्य बलिनः संप्राप्यारिकृतं फलम् ।
उपेक्ष्य तन्मित्रयानमुपेक्षायानमुच्यते ॥९॥

शत्रुलाई दबाउन जान लागेका विजिगीषुले बीचमा यातव्य (जाइलागिने) शत्रुको सहायतार्थ आएका बलवान् उसका सहायकहरूलाई देखेर शत्रुका तिरस्कारको वास्तै नगरी पहिले त्यसै शत्रुका मित्र–राष्ट्रमा जाइलाग्नु 'उपेक्षा-यान' भनिन्छ ॥९॥

निवातकवचान् हित्वा हिरण्यपुरवासिनः ।
उपेक्षायानमास्थाय निजघान धनञ्जयः ॥१०॥

उदाहरण–स्वर्गमा गएका अर्जुनलाई दिव्यास्त्रहरू दिलाएर गुरदक्षिणाको रूपमा निवातकवचनामक आफ्ना शत्रु दैत्यहरूलाई मार्न इन्द्रले आज्ञा दिएपछि उनले (अर्जुनले) त्यसतर्फ जान लाग्दा निवातकवचहरूको सहायता गर्न चाहने हिरण्यपुरवासी कालञ्जरहरूलाई पाएर उपेक्षायानद्वारा उनीहरूलाई नै पहिले मारेथे ॥१०॥

स्त्रियोऽथ पानं मृगया तथाक्षा
दैवोपघातश्च बहुप्रकारः ।
इति प्रदिष्टं व्यसनं ह्यनेन
समन्वितो यो व्यसनी स गम्यः ॥११॥

स्त्रीमा आसक्ति, मद्यपान, शिकार, जुवा र आगलागी, अनिकाल,

*प्रसिद्ध महाभारतको युद्धमा आफ्ना भानिज पाण्डवहरूको मदत गर्न भनी ससैन्य त्यसतर्फ प्रस्थान गर्न लागेका मद्रराज शल्य बीच-बाटामा भएको दुर्योधनको स्वागतमा मुग्ध भएर लाचारीसाथ उनको पक्षमा लागेथे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महामारी आदि अनेक प्रकारका दैवी उपघात व्यसन† भनिन्छन् । यस प्रकारको व्यसनले युक्त भएको व्यक्तिलाई व्यसनी भन्दछन् । व्यसनी शत्रु आक्रमण गरिन योग्य हुन्छ ।।११।।

परस्परस्य सामर्थ्याविघातादासनं स्मृतम् ।
अरेश्च विजिगीषोश्च तत् पञ्चविधमुच्यते ।।१२।।

अरि र विजिगीषुमा परस्पर एक दोस्राले एक दोस्राको हानि नोक्सानी गर्न नसक्ता परस्परको उपेक्षा गरेर बस्नुलाई आसन भन्दछन् । त्यो पाँच प्रकारको हुन्छ ।।१२।।

अन्योन्याक्रान्तिकरणं विगृह्यासनमुच्यते ।
अरिं विगृह्य वाऽऽस्थानं विगृह्यासनमुच्यते ।।१३।।

अरि र विजिगीषुले परस्परमा सन्धि नगरी एक दोस्रालाई छकाएर बस्नुलाई विगृह्यासन भन्दछन् । अथवा शत्रुसँग विग्रह (जमीन लुट्नु आदि) गरेर चुप लागी बस्नुलाई विगृह्यासन ।।१३।।

यदा दुर्गस्थितः शत्रुर्ग्रहीतुं च न शक्यते ।
विगृह्यैनं तदाऽऽसीत हत्वास्याऽऽसारवीवधौ ।।१४।।

जब किल्लाभित्र रहेको शत्रु आफूले वशमा गराउन नसकिने हुन्छ त्यस बेला उस शत्रुका आसार (मित्रबाट हुने सहायता) र वीवध (अनाज साग पात आदिको प्राप्ति) लाई रोकिदिएर घेरा हाली बस्नुपर्छ ।।१४।।

विच्छिन्नवीवधासारं प्रक्षीणयवसेन्धनम् ।
विरज्यमानप्रकृतिं कालेनैव वशं नयेत् ।।१५।।

त्यसरी खाद्यसामग्री तथा मित्रहरूको सहायता र घाँस दाउरा आदि प्रबन्ध टुटिसकेको हुनाले विरक्त हुन लागेका प्रकृतिहरूले युक्त भएको शत्रुलाई समय पर्खेर विजिगीषुले आफ्नो वशमा गराउनुपर्छ । आशय यो हो कि भित्र जम्मा गरी राखेका सामान समाप्त हुँदै गएपछि र कुनै सहायताको आस

†व्यसन दुई प्रकारको हुन्छ– दैवबाट आइपर्ने र मानिसबाटै हुने । मानिसले स्वयं गर्ने पनि दुई किसिमको हुन्छ– कामज र कोपज । स्त्री, मद्य, शिकार, जुवा कामज व्यसन हुन् । गाली-गुप्ता, मारपीट आदि र आर्थिक नोक्सानी गरिदिनु कोपज व्यसनमा पर्छन् । काम नै क्रोधको मूल मानिएकोले यहाँ कोपज व्यसनको निर्देश नगरिएको हो ।

दैवबाट आइपर्ने व्यसनमा आगलागी, बाढी, पैह्रो अनिकाल, महामारी इत्यादि आउँछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नभएपछि शत्रुकै मन्त्री आदि प्रधान तथा अरू अप्रधान प्रकृतिहरू विरक्त हुँदै जान्छन् र केही समयपछि शत्रुलाई स्वयं विजिगीषुको शरण पर्न कर लाग्छ ।।१५।।

अरेश्च विजिगीषोश्च विग्रहे हीयमानयोः ।
सन्धाय समवस्थानं सन्धायासनमुच्यते ।।१६।।

अरि तथा विजिगीषुको युद्ध भएमा तुल्य बल भएका हुनाले क्षीण हुन लागेका दुवैले सन्धि गरेर बस्नुलाई सन्धायासन भन्दछन् ।।१६।।

निवातकवचैः सार्द्धं रावणः शत्रुरावणः ।
ब्रह्माणमन्तरे कृत्वा सन्धायासनमास्थितः ।।१७।।

शत्रुलाई कायल पार्ने रावण पनि निबातकवच दानवहरूसँगको युद्धमा ब्रह्माजीलाई मध्यस्थ बनाएर सन्धायासन गरी बसेका थिए÷ ।।१७।।

उदासीने मध्यमे च समानप्रतिशङ्कया ।
एकीभूय व्यवस्थानं सम्भूयासनमुच्यते ।।१८।।

अरि र विजिगीषुको–उदासीन तथा मध्यमको विषयमा–समान रूपको आशङ्काले अर्थात् यिनीहरू हामी दुवैको विनाश चाहने रहेछन् भन्ने भावनाले उनीहरू दुवै परस्पर मिलेर रहनुलाई सम्भूयासन भन्दछन् ।।१८।।

उभयारिं हि वाञ्छन्तं विनाशमुभयोरपि ।
सम्भूयैनं प्रतिव्यूहेदधिकं सर्वसम्पदा ।।१९।।

अरि र विजिगीषु दुवैको विनाश चाहने भएर उदासीन वा मध्यम जस्तो शक्ति दुवैको शत्रु हुन आयो भने सब प्रकारको सम्पत्तिले विजिगीषु वा अरिभन्दा बढ्ता भएको त्यस शत्रुलाई विजिगीषुले शत्रुसँग मिलेर रोक्नुपर्छ ।।१९।।

यियासोरन्यमन्यत्र प्रसङ्गेन हि केनचित् ।
आसनं यत् तदर्थज्ञैः प्रसङ्गासनमुच्यते ।।२०।।

अर्कै शत्रुमा आक्रमण गर्ने इच्छाले जाइलाग्न खोज्ने विजिगीषु अर्कैतिर कुनै (उत्सव आदि) प्रसङ्गले थामिएर बस्यो भने त्यसको अवस्थानलाई

÷ब्रह्माजीको वर पाएर दृप्त भएका रावण पाताल जित्न जाँदा त्यहाँको भोगवती नामक शहरमा पसे । त्यहाँ निवातकवचहरूसँग युद्ध गर्दा कसैको पनि हारजीत नभएको वेला ब्रह्माजीले त्यहाँ आएर निवातकवचहरूलाई युद्धबाट हटाए । रावणले पनि मौका पाएर ब्रह्माजीलाई नै मध्यस्थ मानी निवातकवच-हरूसँग सन्धि गरेका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजनीतिज्ञहरू प्रसङ्गासन भन्दछन् ।।२०।।

अथोपेक्ष्यारिमधिकमुपेक्षासनमुच्यते ।
उपेक्षां कृतवानिन्द्रः पारिजातग्रहं प्रति ॥२१॥

आफूभन्दा बलवान् शत्रुले आफ्नो अपकार गरे तापनि त्यसको वास्तै नगरी बस्नुलाई उपेक्षासन भन्दछन् । जस्तै इन्द्रले पारिजातहरणको विषयमा उपेक्षा गरे* ।।२१।।

उपेक्षितस्य वाऽन्यैस्तु कारणेनैव केनचित् ।
आसनं रुक्मिण इव तद्वद्युपेक्षासनं स्मृतम् ॥२२॥

युद्ध गर्न तयार भएर पनि कुनै कारणले अरू व्यक्तिहरूद्वारा उपेक्षित भएका राजाको+ रूक्मीको जस्तो आसन (युद्ध नगरी बस्नु) लाई पनि उपेक्षासन भन्दछन् ।।२२।।

बलिनोर्द्विषतोर्मध्ये वाचात्मानं समर्पयन् ।
द्वैधीभावेन वर्तेत काकाक्षिवदलक्षितः ॥२३॥

बलिया दुई शत्रुको बीचमा परेको विजिगीषुले दुवैतर्फ बोलीले मात्र आत्मसमर्पण गर्दै कागका× आँखाको नानी झैं कसैले पत्ता नपाउने गरी दुवैतर्फको भएर रहनुपर्छ ।।२३।।

यापयेद् यत्नमास्थाय सन्निकृष्टतरस्तयोः ।
उभयोरपि सम्पाते सेवेत बलवत्तरम् ॥२४॥

विजिगीषुले यत्नसाथ आफू ती दुवैको ज्यादै आपस्त भएर समय

---

*आफ्ना पति श्रीकृष्णका साथ आफ्नो दरबारमा आएकी सत्यभामालाई इन्द्राणीले आफ्नो नन्दन् बगैंचा देखाइन् । त्यहाँ सत्यभामाले पारिजातको मञ्जरी लिन खोज्दा मनुष्यपत्नी भनेर इन्द्राणीले तिरस्कार गरी मञ्जरी दिइनन् । क्रुद्ध भएकी सत्यभामाको आग्रह देखी कृष्णले स्वयं बगैंचामा गएर रक्षकहरूलाई मारी पारिजातको बोटै उखेलेर लगे । इन्द्रले पनि कृष्णद्वारा धेरै देवकार्य गरिन बाँकी नै देखेर तथा बल नपुग्ने हुँदा उपेक्षासन गरेका थिए ।

+विदर्भ देशका राजा रूक्मी, तटस्थ रहँदा शत्रुले दबाउलान् भन्ने सम्झी आफ्ना १ अक्षौहिणी सैन्य लिएर कुरुक्षेत्रको युद्धमा कौरव या पाण्डवहरूको पक्षमा लागी युद्ध गर्न भनी गएका थिए । तर दुवैतर्फका व्यक्तिहरूले उनको मद्दत नचाहेको हुनाले उनी त्यसै फर्केर गए ।

×कागको आँखाका टोड्का मात्र दुई हुन्छन, देख्ने नानी एउटै हुन्छ । त्यस कारण जुन आँखाले हेर्नुपर्‍यो तत्काल ऊ त्यतै नानी सार्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिताउनुपर्छ । दुई ओटैले आफूमाथि आक्रमण गर्न आँटे भने ती दुवैमा जो ज्यादा बलवान् छ उसैको आश्रय गर्नुपर्छ ।।२४।।

यदा द्वावपि नेच्छेतां संश्लेषं जातसंविदौ ।
तदोपसर्पेत्तच्छत्रुमाधिकं वा समाश्रयेत् ।।२५।।

त्यस्ता दुवै शत्रुहरू 'हामीहरूले यसलाई नष्ट गर्नपर्छ' भनी प्रतिज्ञा गरेर आएका हुनाले विजिगीषुलाई शरणमा लिन चाहँदैनन् भने विजिगीषुले भागेर तिनीहरूको शत्रु अथवा तिनीहरूभन्दा अधिक शक्तिशाली (मध्यस्थ वा उदासीन) राजाको आश्रय लिनुपर्छ ।।२५।।

द्वैधीभावो द्विधा प्रोक्तः स्वतन्त्रपरतन्त्रयोः ।
स्वतन्त्र उक्तो ह्यन्यस्तु यः स्यादुभयवेतनः ।।२६।।

द्वैधीभाव (भित्र र बाहिर एकै किसिमको व्यवहार नहुनु) दुई प्रकारको हुन्छ; स्वतन्त्र व्यक्तिसँग संबन्धित तथा परतन्त्र व्यक्तिसँग संबन्धित । स्वतन्त्र व्यक्तिका द्वैधीभावको बयान भइसक्यो । जो दुइतर्फ वेतन लिएर काम गर्छ, त्यस व्यक्तिका द्वैधीभावलाई परतन्त्र भन्दछन् ।।२६।।

उच्छिद्यमानो बलिना निरुपायप्रतिक्रियः ।
कुलोद्गतं सत्यमार्यमाश्रयेत बलोत्कटम् ।।२७।।

आफूभन्दा बलवान् व्यक्तिले निमोठ्न लागिएको प्रतीकार गर्ने उपाय नभएको व्यक्तिले कुलीन, सत्यप्रिय र असल व्यवहार भएको ज्यादा बलवान् व्यक्तिको आश्रय गर्नुपर्छ ।।२७।।

तद्दर्शनोपास्तिकता नित्यं तद्भावभाविता ।
तत्कारिता प्रश्रयिता वृत्तं संश्रयिणां स्मृतम् ।।२८।।

जसले आफूलाई आश्रय दिएको छ, उसको दर्शनार्थ प्रतीक्षा गरिरहनु, सधैं उसको अभिप्रायअनुसार चल्नु उसैका निमित्त काम गर्नु नम्र हुनु यस्तो व्यवहार संश्रयी (अर्काको आश्रय गर्ने व्यक्ति) को हुनुपर्दछ ।।२८।।

विनीतवत् तत्र कालं गमयित्वा गुराविव ।
तत्सङ्गाद् प्रतिपूर्णः सन् क्रमेण स्ववशो भवेत् ।।२९।।

आश्रित व्यक्तिले शिष्यले गुरुमा झैं त्यस आश्रयदातामा नम्र हुँदै समय बिताएर उसको सङ्गतले क्रमशः पूर्णता प्राप्त गरी स्वतन्त्र हुनुपर्छ ।।२९।।

दद्द् बलं वा कोशं वा भूमिं वा भूतिसम्भवाम् ।
आश्रयेदभियोक्तारं विसन्धिरनपाश्रयः ।।३०।।

सन्धि गर्नमा असफल भएको र अरू आश्रय पनि नपाएको विजिगीषुले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आक्रमण गर्ने शत्रुलाई नै सैन्य, संपत्ति अथवा संपत्तिको मूलभूत असल जमीन दिएर उसैको आश्रय गर्नुपर्दछ ॥३०॥

सर्वाणि चैतान्यार्तः सन् दद्यात् त्राणार्थमात्मनः ।
युधिष्ठिर इवाप्नोति पुनर्जीवन् वसुन्धराम् ॥३१॥

अरू कुनै उपाय नभएर संकटमा परेको राजाले आत्मरक्षाको निमित्त फौज, धन, असल जमीन आदि सबै चीज शत्रुलाई दिन पनि तयार हुनुपर्दछ । बाँचिरहे युधिष्ठिरले झैं ऊ फेरि राज्य पाउन सक्छ ॥३१॥

निष्पतेदात्मलाभे वा व्यसने वा रिपोः श्रियः ।
प्रहरेद् वा बलीयस्या सैंह्या वा काल उत्थितः ॥३२॥

पराश्रयी विजिगीषु आफ्नो स्थिति राम्रो भइसकेपछि निस्कनुपर्छ, अथवा शत्रुलाई आर्थिक व्यसनले घेरेको अवस्थामा त्यसको उपर आक्रमण गर्नुपर्छ । त्यसो नभए सिंहको जस्तो आँटिलो वृत्तिद्वारा मौकामा जागेर शत्रुलाई मार्नुपर्छ ॥३२॥

नाकारणात् सङ्गमियाज्ज्यायसा वेतरेण वा ।
त्ययव्ययकृताद् दोषाद् विस्रम्भद्रोहजादपि ॥३३॥

विजिगीषुले कुनै विशेष आवश्यक कारण नभईकन आफूभन्दा बलवान्, समान अथवा हीन राजासँग प्रत्यक्ष भेट गर्न हुँदैन; चाहे आफ्ना पक्षमा वीर व्यक्तिहरूको विनाश, संपत्तिको नोक्सान या आफ्नै शरीरमा खतरा पुऱ्याउने विश्वासघातजन्य दोष शत्रुहरूबाट भएको किन नहोस् । तात्पर्य यो हो कि शत्रुले कुनै प्रकारको उपद्रव गरेमा या नगरीकन पनि क्षोभमा आएर अथवा त्यसै पनि भरसक शत्रुको सामुन्ने देखा पर्नु हुँदैन; औ आफूले हीन-सन्धि गर्नुपर्दा पनि सकेसम्म आफू देखा नपरी काम मिलाउनुपर्दछ ॥३३॥

संयोगं हेतुना गत्वा पितर्यपि न विश्वसेत् ।
विश्वासमागतं सन्तं प्रायो द्रुह्यन्त्यसाधवः ॥३४॥

कारणवश भेट गर्नुपरे पनि विश्वास बाबुको पनि गर्न हुन्न; शत्रुको त के कुरा । किनभने बदमाश व्यक्तिहरू विश्वासमा परेका सज्जन व्यक्तिसँग प्रायः द्रोह गर्ने हुन्छन् ॥३४॥

इति षाड्गुण्यमन्ये तु द्वैगुण्यमभिचक्षते ।
यानासने विग्रहस्य रूपं सन्धिः प्रकीर्तितम् ॥३५॥

उपर्युक्त प्रकारले सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव, संश्रय यी ६ गुणहरूको यहाँ वर्णन गरियो । अरू कुनै आचार्यहरू सन्धि र विग्रह यी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुई गुण मात्र मान्दछन् । बाँकी चार गुणहरूको यिनै दुई गुणमा अन्तर्भाव गर्दछन् । यान र आसन विग्रहकै रूपान्तर हो भनी उनीहरूले बताएका छन् ॥३५॥

सन्धेस्तु सन्धिमार्गज्ञैर्द्वैधीभावसमाश्रयौ ।
सोऽभिगच्छंश्च तिष्ठंश्च विग्रहं कुरुते यतः ॥३६॥

ती विद्वान्हरूले द्वैधीभाव र संश्रयलाई सन्धिको रूपान्तर मानेका छन् । किनभने विजिगीषुले जब यान (युद्ध यात्रा) प्रारम्भ गर्दछ, त्यो विग्रह नै भइहाल्यो । जब आसन (बलवान्को आक्रमण आदिमा आफ्नै राज्यमा टिकेर रहनु) लाई अपनाउँछ त्यस बखतमा पनि शक्तिभरको विरोध गरिने हुनाले त्यो पनि विग्रहकै रूपान्तर हो ॥३६॥

ततो यानासने प्राज्ञैर्विग्रहः परिकीर्त्यते ॥३६½॥

त्यसै कारणले धेरै विवेचकहरू यान र आसनलाई विग्रहकै रूप मान्दछन् ॥३६½॥

असन्धाय यतो नास्ति द्वैधीभावः समाश्रयः ।
ततो द्वावपि तौ प्राज्ञैः रूपं सन्धेरुदाहृतौ ॥३७½॥

सन्धि नगरी द्वैधीभाव संश्रयको चर्चै हुन सक्तैन । त्यस कारण उक्त विद्वान्हरूले ती दुवैलाई सन्धिकै रूप मानेका हुन् ॥३७½॥

(‡सन्धायेति हि यत् प्रोक्तं तत् सन्धे रूपमुच्यते ।
विगृह्येति च यत् प्रोक्तं विग्रहस्य तदुच्यते ॥
सन्धिश्च विग्रहश्चेति द्वैगुण्यमिति चक्षते ।)

(साधारण भनाइमा पनि 'सन्धि गरेर द्वैधीभाव र संश्रय गर्ने' तथा 'विरोध गरेर नै यान र आसन गर्ने' भनी प्रचलित भइसकेको हुनाले द्वैधीभाव, संश्रय र यान, आसन, क्रमशः सन्धि र विग्रहकै रूप मानिन्छन् । त्यस कारण सन्धि र विग्रह यी दुई गुण मात्र हुन्छन् भन्ने उक्ति चलेको हो ।)

एतौ च संश्रयश्चैव त्रैगुण्यमिति चापरे ॥३८॥

अरू कुनै आचार्यहरू सन्धि, विग्रह र संश्रय यी तीन गुणहरूको समूह (त्रैगुण्य) लाई मात्र मान्दछन् ॥३८॥

तस्मादन्यं संश्रयेत बाध्यमानो बलीयसा ।
तत्सन्धेः संश्रयो हृन्त इत्युवाच बृहस्पतिः ॥३९॥

बलवान् शत्रुद्वारा पिरिन लागेको विजिगीषुले शत्रुदेखि बाहेकको अर्कै

‡कोष्ठभित्रको पाठ प्रक्षिप्त जस्तो छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बलवान् राजाको आश्रय लिनुपर्छ । त्यस कारण संश्रय सन्धिभन्दा अलगै हो भनी वृहस्पतिले बताएका छन् ।।३९।।

न्याय्यो गुणो विग्रह एक एव
सन्ध्यादयोऽन्ये तु गुणास्तदुत्थाः ।
अवस्थया भेदमुपागतः सन्
षाड्गुण्यमित्येव गुरोर्मतं नः ॥४०॥

'प्रधान र अप्रधानकै विचार गर्ने हो भने प्रधान गुण एक मात्र विग्रह हुन आउँछ, किनभने सन्धि आदि बाँकी पाँच गुणहरू त्यसैबाट उत्पन्न हुने हुन् । अवस्थाहरूको भेदले भिन्न भएको विग्रह नै षाड्गुण्यको रूपमा परिणत हुन्छ ।' भन्ने हामीहरूका गुरु कौटल्यको सिद्धान्त छ❀ । अभिप्राय यो हो कि कमजोरले सन्धि गर्ने; परस्पर हानि आदि गर्न नसक्ने अवस्थामा आसन जमाउने, ज्यादै सम्पन्न भए यान (युद्धयात्रा) गर्ने, शक्ति कम भएको भए अथवा अरूको सहायताबाट काम लिनुपर्ने हुँदा संश्रय र द्वैधीभाव गर्ने व्यवस्था भएको हुनाले विग्रह नै सबै गुणहरूको मूल हो । त्यस कारण त्यसको मात्र गणना कौटल्यले गरेका हुन्

यान, आसन, द्वैधीभाव र संश्रयहरूको विकल्प नामक सोह्रौं प्रकरण समाप्त

एघारौं सर्ग समाप्त

❀पाँच सय जति वर्षको अन्तर भए तापनि कामन्दक आचार्य कौटल्यलाई नै आफ्ना गुरु मान्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाह्रौं सर्ग

मन्त्र–विकल्प–प्रकरण

[शत्रुको राज्य हात लाउने र आफ्नो राज्य अडचाउने किसिमका ६ उपायहरूलाई षाड्गुण्य भन्दछन् । त्यसको तीन सर्गमा वर्णन भइसक्यो । षाड्गुण्यको रूप राम्रो गरी बुझे तापनि मन्त्र (सल्लाह) नभए त्यसको प्रयोग असफल हुने हुनाले षाड्गुण्यको प्रयोगलाई चाहिने मन्त्रको विचार यस प्रकरणमा हुन्छ ।]

षाड्गुण्यनिश्चितमतिर्गुह्यं गूढप्रतारवान् ।
मन्त्रयेतेह मन्त्रज्ञो मन्त्रज्ञैः सह मन्त्रिभिः ॥१॥

सन्धि विग्रह आदि षाड्गुण्यको प्रयोग गर्ने विषयमा निश्चित विचार भएको ('कोसँग कुन गुणको प्रयोग गर्ने' भनी निश्चय गरिसकेको) अरूले पत्ता नपाउने गरी प्रचार गर्ने, मन्त्रको मर्मज्ञ राजाले मन्त्रका जानकार मन्त्रीहरूसँग मन्त्र (सल्लाह) गर्नुपर्छ ॥१॥

मन्त्रार्थकुशलो राजा सुखं विजयमश्नुते ।
विपरीतस्तु विद्वद्भिः स्वतन्त्रोऽप्यवधूयते ॥२॥

मन्त्र (सल्लाह) गर्न र त्यसको तात्पर्य बुझ्न सिपालु राजा विनाप्रयास विजय प्राप्त गर्न सक्छ । यसको विपरीत मन्त्र गर्न र त्यसको तात्पर्य सम्झन नसक्ने शासक स्वतन्त्र भए पनि शत्रुहरूद्वारा तिरस्कृत हुन्छ ॥२॥

दुर्मन्त्रमेनं रिपवो यातुधाना इव क्रतुम् ।
समन्ततो विलुम्पन्ति तस्मान्मन्त्रपरो भवेत् ॥३॥

विशुद्ध मन्त्र (वैदिक ऋचा) नभएको यज्ञलाई राक्षसहरूले लुटे झैं राम्रो मन्त्र (सल्लाह) नभएको राजालाई शत्रुहरूले चारैतर्फबाट लुट्तछन्, त्यस कारण राम्रो गुप्त मन्त्रमा लाग्ने कोशिश गर्नुपर्छ ॥३॥

मन्त्रयेतेह कार्याणि सहाप्तेन विपश्चिता ।
आप्तं मूर्खमनाप्तं च मन्त्रिणं परिवर्जयेत् ॥४॥

राजाले आपस्त र विद्वान् मन्त्रीको साथमा कर्तव्य कार्यको मन्त्रणा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(विमर्श) गर्नुपर्छ । आपस्त परन्तु मूर्ख र विद्वान्, किन्तु आफ्ना पक्षको हृदयँदेखि समर्थन नगर्ने मन्त्रीलाई मन्त्रको काममा त्यागिदिनुपर्दछ ।।४।।

मार्गं सन्मार्गगतिभिः सिद्धये सिद्धकर्मभिः ।
पूर्वैराचरितं सद्भिः शास्त्रीयं न परित्यजेत् ।।५।।

प्रशासनको काममा सफलता प्राप्त गर्नको निमित्तअसल मार्गमा चल्ने, काममा सफलता पाएकापहिलेका सज्जन व्यक्तिहरूले अपनाएको शास्त्रीय मार्गलाई छोड्न हुँदैन । अर्थात् 'काम असल भए भइहाल्यो, त्यसको विषयमा मन्त्रीहरूको सल्लाह लिनै किन पर्ला र !' भन्ने सम्झनु राजाको लागि उचित छैन । पहिलेका बुद्धिमान् व्यक्तिहरूले गरेअनुसार मन्त्रपूर्वक काम गर्नुपर्छ ।।५।।

उल्लङ्घ्यशास्त्रपदविन्यासः सहसैवाभिसम्पतन् ।
शत्रुखड्गमुखग्रासमगत्वा न निवर्तते ।।६।।

शास्त्रीय पद्धतिलाई छोडेर मनमानी गर्ने (त्यस विषयका योग्य आपस्त विद्वान्हरूको राय नलिने) र झटपट युद्ध गर्न अघि बढ्ने राजा शत्रुका तरवारको चोट खप्न नपुगी युद्धयात्राको प्रसङ्गबाट निवृत्त हुँदैन या त्यस्तो चोट खान छोडेर फर्किरहँदैन, त्यतै ढलाउँछ ।।६।।

प्रभावोत्साहशक्तिभ्यां मन्त्रशक्तिः प्रशस्यते ।
प्रभावोत्साहवान् काव्यो जितो देवपुरोधसा ।।७।।

प्रभुशक्ति र उत्साहशक्तिभन्दा मन्त्रशक्ति धेरै राम्रो मानिन्छ । प्रभुशक्ति र उत्साहशक्ति दुवैले युक्त भएका शुक्राचार्य मन्त्रशक्तिसम्पन्न देवताहरूका पुरोहित बृहस्पतिदेखि परास्त भएका थिए◇ ।।७।।

◇देवता र दानवको युद्धमा देवताहरूले मारेका दानवहरूलाई उनीहरूका गुरु शुक्राचार्य आफ्नो सञ्जीविनी विद्याद्वारा बचाउँथे । त्यो कुरा सुनेर देवताहरूका पुरोहित तथा मन्त्री बृहस्पतिलाई चिन्ता पर्‍यो र उनले आफ्ना छोरा कचलाई शुक्राचार्यको चेलो बन्न पठाए । कच शुक्रको आश्रममा गएर उनको सेवा गर्न लागे । त्यहाँ शुक्राचार्यकी एक मात्र छोरी देवयानीसँग कचको प्रेम बढ्दै गयो । शत्रुपक्षको व्यक्तिले आफ्ना गुरुसँग विद्या पढ्न लागेको देखेर संजीविनी विद्या फुत्काउँछ कि भन्ने डरले दानवहरू बाहिर निस्कनासाथ कचलाई मरिदिन्थे । तर देवयानीको आग्रहले शुक्राचार्य कचलाई पूर्वोक्त संजीविनी विद्याद्वारा बचाइदिन्थे । आखिरमा दानवहरूले हार मानेर एक दिन कचलाई मारी धूलो पारेर शुक्राचार्यले पिउने मदिरामा मिलाइदिए । सधैं झैं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(÷ असुरान् मोहयामास शुक्ररूपी वृहस्पतिः ।
वृहस्पतिं तथा शुक्रः शशापानुपमद्युतिः ॥)

(वृहस्पतिले शुक्रको रूप लिएर दानवहरूलाई छकाए । परमतेजस्वी शुक्रले पनि शत्रुले आफ्ना चेलाहरूलाई फुस्ल्याएको देखेर वृहस्पतिलाई शराप दिए ।)

अशिक्षितनयः सिंहो हन्तीभं केवलं बलात ।
तं च धीरो नरस्तेषां शतानि मतिमान् जयेत् ॥८॥

नीतिशास्त्रको शिक्षा नपाएको सिंह केवल बलद्वारा हात्तीलाई मार्दछ । त्यस्तो सिंहलाई पनि साहसी मानिसले मार्न सक्छ । त्यस्ता सैंकडौं मानिसहरूलाई बुद्धिमान् व्यक्तिले जित्न सक्छ । अर्थात् प्रभुशक्ति तथा उत्साहशक्तिभन्दा मन्त्रशक्तिको स्थान ऊँचो छ ॥८॥

पश्यद्भिर्दूरतोऽपायान् सूपायप्रतिपत्तिभिः ।
भवन्तीह फलायैव विद्वद्भिर्मन्त्रिताः क्रियाः ॥९॥

राम्रा उपायहरूको ज्ञानद्वारा संभावित बिघ्न वा हानिहरूलाई परैबाट ठहराउन सक्ने विद्वान्हरूले सल्लाह दिइएका कामहरू अवश्य सफल हुन्छन् ॥९॥

उपायपूर्वं लिप्सेत कालं वीक्ष्य समुत्पतेत् ।
पश्चात्तापाय भवति विक्रमैकरसज्ञता ॥१०॥

नपाएको चीजलाई उपायद्वारा नै लिन चाहनुपर्दछ । ठीक मौका हेरेर मात्र आक्रमण गर्नुपर्दछ । केवल पराक्रमलाई मात्र मन पराउने हुनु पश्चात्तापको कारण हो ॥१०॥

शक्याशक्यपरिच्छेदं कुर्याद् बुद्धया प्रसन्नया ।
केवलं दन्तभङ्गाय दन्तिनः शैलताडनम् ॥११॥

आफ्नो स्वच्छ बुद्धिद्वारा तुरुन्त शुरु गर्न सकिने या नसकिने कामहरू छुट्याउनुपर्दछ । हात्तीले पहाडमा दन्त-प्रहार गर्नु केवल दाँत भाँच्ने काम

मृतसञ्जीविनी विद्या पढेर बोलाउँदा कच उनकै पेटभित्र बोले र आफू नमरी कच आउन नसक्ने देखी शुक्रले पेटमै कचलाई उक्त विद्या सिकाइदिए । अनि गुरुको आदेशबमोजिम कच उनको पेट फारी बाहिर निस्केर सोही विद्याद्वारा उनलाई बचाउन समर्थ भए । यसरी मन्त्रशक्तिको बलले विद्याको अपहरण गरेर वृहस्पतिले शुक्रलाई जितेका हुन् ।

÷ कोष्ठ भित्रको पाठ प्राचीन मूल पुस्तकहरूमा पाइँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र हो । अर्थात् अशक्य कामहरूमा हात हाल्दा पहाड फोर्न चाहँदा हात्तीका दाँत बेकम्मा भएझैं असफलताको साथै उत्साह कम हुनु सिबाय अरू केही हात लाग्दैन ॥११॥

अशक्यारम्भवृत्तीनां कुतः क्लेशादृते फलम् ।
आकाशमास्वादयतः कुतस्तु कवलग्रहः ॥१२॥

नसकिने काम शुरू गर्ने स्वभाव भएका व्यक्तिहरूलाई दुःख बाहेक फल कहाँ मिल्न सक्छ र ! अर्थात् दुःख मात्र हात लाग्छ । आकाश चाटिरहने (त्यसै मुख चलाइरहने) व्यक्तिलाई गाँस कसरी मिल्ने ? आशय यो हो कि जिब्राले आकाश चाटेर अघाउने आशा नभएझैं पार लगाउन नसकिने काम गर्न शुरू गरेर सफलताको आशा राख्न सकिंदैन ॥१२॥

नाग्निं पतङ्गवद् गच्छेत् स्पृश्यमेव तु संस्पृशेत् ।
किमन्यत् स्यादृते दाहात् पतङ्गस्याग्निमृच्छतः ॥१३॥

पुतली आगामा होमिन गएझैं नचाहिंदो उत्साह बटुलेर ज्यादा बलवान् शत्रुका उपर जाइ नलाग्नू । छुन चलाउन सकिने शत्रुलाई मात्र छुनु (आक्रमण गर्नु) पर्दछ । पुतलीलाई आगामा जाँदा दाह सिबाय अरू के मिल्न सक्छ र ! ॥१३॥

मोहात् प्रद्विपतश्चेष्टां दुःखलभ्येषु वस्तुषु ।
भवन्ति परितापिन्यो व्यक्तं कर्मविपत्तयः ॥१४॥

दुःखले पाइने कुराहरूमा मोहवश चेष्टा गर्ने व्यक्तिको निमित्त आफ्ना कामबाट हुने विपत्तिहरू अवश्य नै सन्ताप बढाउने हुन्छन् ॥१४॥

बुद्ध्या बोध्यानुगतया परीयात् संपदः पदम् ।
विशुद्धपदविन्यासः पर्वताग्रमिवोन्नतम् ॥१५॥

खोलो, शूली, काँडा आदि प्रतिबन्धक वस्तु नभएको ठाउँमा होशियारी साथ पैताला राख्तै हिंड्ने व्यक्ति अग्लो पहाडको चुचुरामा पुगेझैं बुझ्नुपर्ने यथार्थ कुराको अनुसरण गर्ने बुद्धिद्वारा संपत्तिको आश्रयस्थानमा सावधानीसँग पुग्नुपर्छ ॥१५॥

दुरारूढं पदं राज्ञां सर्वलोकनमस्कृतम् ।
स्वल्पेनाप्यपचारेण ब्राह्मण्यमिव दुष्यति ॥१६॥

सारा संसारले नमस्कार गरिएको राजाहरूको पद प्राप्त गर्न बहुत गाह्रो छ । त्यो थोरै अनाचार वा असावधानीले पनि ब्राह्मण्य (ब्राह्मणको धर्म) झैं खराब भइहाल्दछ ॥१६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आरब्धानि यथाशास्त्रं कार्याण्यमलबुद्धिभिः ।
वनानीव मनोहारि प्रयच्छन्त्यचिरात् फलम् ॥१७॥

स्वच्छ बुद्धि भएका विद्वान्हरूले शास्त्रीय सिद्धान्तबमोजिम थालिएका कामहरूले वृक्षायुर्वेद (आयुर्वेदोक्त वृक्षसम्बन्धी भागविशेष)मा बताइएका प्रकारअनुसार लगाइएका वनहरूले झैं चाँडै नै राम्रो फल दिइन्छ ॥१७॥

सम्यगारभ्यमाणं हि कर्म यद्यपि निष्फलम् ।
न तत् तथा तापयति यथा मोहसमीहितम् ॥१८॥

ठीक तरीकासँग शुरू गरिएको काम निष्फलै हुन गए पनि त्यति सन्ताप पैदा गर्ने हुँदैन, जति अज्ञानपूर्ण चेष्टाबाट भएको कामले पैदा गर्दछ ॥१८॥

यत्तु सम्यगुपक्रान्तं कार्यमेति विपर्ययम् ।
पुमांस्तत्रानुपालभ्यो दैवान्तरितपौरुषः ॥१९॥

जहाँ शास्त्रीय सिद्धान्तअनुसार शुरू गरिएको काम पनि उल्टो फल दिने हुन आउँछ, त्यहाँ पुरुषलाई दोष दिन सकिँदैन किनकि दैवले उसको पुरुषार्थलाई दबाइदिएको हुन्छ ॥१९॥

प्रयत्नस्तावदास्थेयः फलायामलबुद्धिना ।
अथर्ववेदनिपुणः शेषं दैवं समाश्रयेत् ॥२०॥

स्वच्छ बुद्धि भएको राजाले फलप्राप्तिको निमित्त पहिले अथर्व–वेदमा बताइएअनुसारको प्रयत्न गर्नुपर्छ । त्यताबाट पत्ता नलागेको कुरामा मात्र दैवको भर पर्नु उचित हो ॥२०॥

आत्मानं च परं चैव वीक्ष्य धीरः समुत्पतेत् ।
एतदेव हि विज्ञानं यदात्मपरवेदनम् ॥२१॥

गम्भीर विचार भएको भएको व्यक्तिले आफ्नो र शत्रुको शक्तिलाई राम्रोसँग हेरेर आक्रमण गर्नुपर्छ । आफू र पराईलाई चिन्न सक्नु नै विज्ञान (बुद्धिकौशल) हो ॥२१॥

निष्फलं क्लेशबहुलं सन्दिग्धफलमेव च ।
न कर्म कुर्यान्मतिमान् महावैरानुबन्धि च ॥२२॥

बुद्धिमान् पुरुषले फल फल्दै नफल्ने ज्यादै कष्टसाध्य र फल मिल्ने या नमिल्ने सन्देह भएको तथा धेरै महत्त्वपूर्ण व्यक्तिहरूसँग विरोध गर्नुपर्ने काम गर्नु हुँदैन ॥२२॥

तदात्वायतिसंशुद्धं सुविशुद्धक्रमागतम् ।
हितानुबन्धि च सदा कर्म सद्भिः प्रशस्यते ॥२३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्काल र भविष्यमा राम्रो फल दिने, राम्रो क्रमले चलिआएको एवं हितकारक कामलाई विद्वान्हरू सधैं बेश मान्दछन् ॥२३॥

हितानुबन्धि तज्जातु गच्छेद् येन न वाच्यताम् ।
तस्मिन् कर्माणि सज्जेत तदात्वकटुकेऽपि हि ॥२४॥

जुन काम गर्दा कर्ताको कहिल्यै बदनामी हुँदैन, त्यस कामलाई हितकारक भन्नुपर्छ । तत्काल प्यारो लाग्ने नभए पनि-बुद्धिमान् मानिसले त्यसै काममा लाग्नुपर्छ ॥२४॥

बुद्ध्यैवोपक्रमः श्रेयान् फलनिष्पत्तये सदा ।
क्वचित् कल्याणमित्रस्य दृश्यते सिंहवृत्तिता ॥२५॥

जहिलेसुकै पनि फलप्राप्तिका निमित्त बुद्धिपूर्वक नै काम शुरू गर्नु बेश हो । कहीं विशेष परिस्थितिमा असल मित्र भएका व्यक्तिको सिंहको जस्तो (उत्साहले मात्र काम लिने) व्यवहार देखिन्छ । अर्थात् असल सहयोगी भए विशेष परिस्थितिमा सिंहको झैं अचानक आँटिलो काम गर्नु पनि साह्रै दोषपूर्ण होइन ॥२५॥

सहसोत्पत्य दुष्टेभ्यो दुष्करं सम्पदर्जनम् ।
उपायेन पदं मूर्ध्नि न्यस्यते मत्तहस्तिनः ॥२६॥

एकाएक आक्रमण गरेर दुष्टहरूबाट सम्पत्ति कमाउन गाह्रो छ । उपायद्वारा मत्त हात्तीको टाउकामा पनि गोडा राख्न सकिन्छ । (त्यस कारण भरसक उपायले नै काम बनाउने कोशिश गर्नुपर्छ ।) ॥२६॥

न किञ्चित् क्वचिदस्तीह वस्त्वसाध्यं विपश्चिताम् ।
अयोऽभेद्यमुपायेन द्रवतामुपनीयते ॥२७॥

संसारमा कहीं पनि विद्वान् व्यक्तिहरूको निमित्त कुनै कुरा असाध्य छैन । ÷अभेद्य फलाम पनि उपायद्वारा पगाल्न सकिन्छ ॥२७॥

वाह्यमानमयःपिण्डं महच्चापि न कृन्तति ।
तदल्पमपि धारावद् भवतीप्सितसिद्धये ॥२८॥

ठूलो फलामको डल्लो पनि उचालेर त्यसै काममा लगाउँदा त्यसबाट काट्ने काम कदापि हुन सक्तैन । त्यही फलाम सानै भए पनि धार भएको छ भने त्यसबाट अभीष्ट सिद्धि हुन सक्छ ॥२८॥

लोकप्रसिद्धमेवैतद् वारि वन्हेर्नियामकम् ।
उपायोपगृहीतेन तत् तेनैव विशोष्यते ॥२९॥

÷फुटाउन नसकिने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'पानीले आगो निभाउँछ' भन्ने कुरा संसारमा प्रसिद्ध नै छ। तर भाँडामा राखेर तताउनु आदि उपायहरूद्वारा उपयोगमा ल्याइएको त्यसै आगाले त्यो पानी सुकाइन्छ ।।२९।।

अविज्ञातस्य विज्ञानं विज्ञातस्य विनिश्चयः ।
अर्थद्वैधस्य सन्देहच्छेदनं शेषदर्शनम् ।।३०।।

राजाले मन्त्रीहरूका साथ –आरम्भ गरिने कार्य आदि विषयमा –परामर्श गरी नबुझेको कुरा बुझनु, जानेका कुराको राम्रो निश्चय गर्नु, दोधार परेका विषयहरूमा शङ्काको समाधान गर्नु, एक छेउ थाहा भएका विषयहरूको बाँकी अंशमा अनुमान लगाउनु; यति चार प्रकारले अन्तिम निर्णय गर्नुपर्छ ।।३०।।

विदुषां शासने तिष्ठन् नावमन्येत कञ्चन ।
सर्वस्यैवोपशृणुयात् सुभाषितजिघृक्षया ।।३१।।

राजाले विद्वान् मन्त्रीहरूको शासन (उपदेश) मा रहँदै कसैको पनि अपमान गर्न हुँदैन । सुभाषितहरूलाई प्राप्त गर्ने इच्छा राखेर शास्त्र जान्ने नजान्ने सबैको विचार सुन्नुपर्छ ।।३१।।

मदोद्वृत्तः क्रियामूढो योऽतिक्रामति मन्त्रिणम् ।
अचिरात् तं वृथामन्त्रमतिक्रामन्ति विद्विषः ।।३२।।

जुन राजा स्वयं राम्रोसँग नीतिपूर्वक काम गर्न नजान्ने भएर पनि मै सर्वज्ञ छु भन्ने सम्झी गर्वले मर्यादालाई नाघेर अनुभवी मन्त्रीका सल्लाहको परबाहै गर्दैन, त्यस्ता फजूल मन्त्र भएका राजालाई शत्रुहरूले तुरुन्त बशमा ल्याउँछन् ।।३२।।

संरक्षेन्मन्त्रबीजं हि तद्बीजं हि महीभृताम् ।
तस्मिन् भिन्ने ध्रुवो भेदो गुप्ते गुप्तिरनुत्तमा ।।३३।।

राजाले मन्त्ररूपी बीजलाई सुरक्षित राख्नुपर्छ । त्यही राजारूपी वृक्षको बीज हो । मन्त्र-भेद भएमा राज्यमा फूट पैदा भएर राज्य अवश्य टुक्रिन्छ र मन्त्र गुप्त रहेमा राज्य सुरक्षित रहन्छ ।।३३।।

सिंहवच्चेष्टमानस्य काले कर्म विपश्चितः ।
क्रियमाणं स्वकुल्यास्तु विद्युरस्य परे कृतम् ।।३४।।

पूर्वनिर्धारित योजना अनुसार सिंह झैं निःशङ्क भएर कामकारबाई गर्ने विद्वान् राजाले गर्न लागिएको काम गर्दा गर्दै आफ्ना कुलका (आपस्त) व्यक्तिहरूले मात्र थाहा पाऊन् । अरूले गरिसकेपछि मात्र जानून् ।।३४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपश्चात्तापकृत् सम्यगनुबन्धिफलप्रदः ।
अदीर्घकालोऽभीष्टश्च प्रशस्तो मन्त्र इष्यते ॥३५॥

पछितो पँदा नगर्ने, जुन विषयमा मन्त्र गरिन्छ त्यस विषयको अविच्छिन्न फल राम्ररी दिने, धेरै समय लगाउन नपर्ने, मनपर्दो मन्त्र बेश मानिन्छ ॥३५॥

सहायाः साधनोपाया विभागो देशकालयोः ।
विपत्तेश्च प्रतीकारः सिद्धिः पञ्चाङ्गमिष्यते ॥३६॥

प्रारम्भ गरिएको काममा सहायता गर्ने व्यक्तिहरू, काम सिद्ध गर्ने उपायहरू, देश र कालको विभाजन, विपत्तिलाई हटाउने उपाय र सफलता यी कुनै पनि कामका पाँच अङ्ग मानिन्छन् ॥३६॥

अनुतिष्ठेत् समारब्धमनारब्धं प्रयोजयेत् ।
अनुतिष्ठंश्च संवृत्य विशेषेणोपपादयेत् ॥३७॥

शुरू गरिसकेको कामलाई चलाउँदै लैजानु र गर्ने निश्चय भए पनि गर्न नथालिएको कामलाई प्रारम्भ गराउनुपर्छ । काम गर्न लाग्दा पनि अपेक्षाकृत राम्रो ध्यान दिएर पहिलेको भन्दा विशेष रूपले सिद्ध गर्ने यत्न गर्नुपर्छ ॥३७॥

प्रचारयेन्मन्त्रविदः कार्यद्वारेष्वनेकधा ।
यत्र तच्चेतसां साम्यं तेषु साधु समुत्पतेत् ॥३८॥

राजाले मन्त्र जान्ने व्यक्तिहरूलाई गरिने कामका विषयहरूमा विभिन्न किसिमले प्रवृत्त गराउनू र त्यसपछि जुन विषयमा तिनीहरूको चित्त मिल्छ अर्थात् ऐकमत्य हुन्छ, तिनै कामहरूको विषयमा उसले राम्रोसँग प्रवृत्त हुनुपर्दछ ॥३८॥

यत्र मन्त्रिमनस्साम्यं यत्र चेतो न शङ्कते ।
यत्र सन्तो न निन्दन्ति तत् परीयाच्चिकीर्षितम् ॥३९॥

प्रारम्भ गर्ने विचार गरिएको जुन कामको विषयमा मन्त्रीहरूको मन (विचार) समान हुन्छ र आफ्नो दिलमा पनि दुबिधा हुँदैन, त्यही काम प्रयत्नसाथ गर्नुपर्छ ॥३९॥

धृतेऽपि मन्त्रे मन्त्रज्ञैः स्वयं भूयो विचारयेत् ।
तथा वर्तेत मन्त्रज्ञो यथा स्वार्थं न पीडयेत् ॥४०॥

मन्त्रकुशल मन्त्रीहरूले निश्चित गरिएका मन्त्रको संबन्धमा पनि एकपटक आफैंले विचार गर्नुपर्दछ । मन्त्र जान्ने राजाले त्यस्तो व्यवहार गर्नुपर्छ जसबाट स्वार्थमा धक्का नलागोस् ॥४०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्रिणः स्वार्थतात्पर्याद् दीर्घमिच्छन्ति विग्रहम् ।
तेषां च भोग्यतामेति दीर्घकार्याकुलो नृपः ॥४१॥

मन्त्रीहरू व्यक्तिगत स्वार्थ सिद्ध गर्नको निमित्त लडाइँ–झगडालाई लम्याउन चाहन्छन् । त्यसरी युद्ध आदिमा धेरै काल व्यस्त रहने राजा उनीहरूकै भोग्य हुन आउँछ ॥४१॥

मनःप्रसादः श्रद्धा च तथा करणपाटवम् ।
सहायोत्थानसंपच्च कर्मणां सिद्धिलक्षणम् ॥४२॥

मन प्रसन्न रहनु, श्रद्धा लाग्नु र करण (इन्द्रिय) हरूको पटुता अर्थात् बुद्धीन्द्रिय तथा कर्मेन्द्रियहरूले आफ्ना आफ्ना विषयहरू ठीक ठीक ग्रहण गर्नु, सहाय सम्पत् (सहायकहरूको दृढता र ईमानदारी), उत्थानसम्पत् (तीव्र उद्योग गर्न सक्ने हुनु); यो सबै कुरा कामहरूका सिद्धिको लक्षण हो ॥४२॥

लघूत्थानान्यविघ्नानि सम्भवत्साधनानि च ।
कथयन्ति पुनः सिद्धिं करणान्येव कर्मणाम् ॥४३॥

तुरुन्त काममा प्रयोग गर्न सकिने, कुनै विघ्न बाधा नपरेका, हुन सक्ने †साधनहरूले युक्त भएका करण (काम सिद्ध गर्न नभई नहुने साधन) हरूले नै कामको सफलता बताउँछन् । अर्थात् राम्रोसँग सोचविचार गरेर उचित रूपले थालिएका कामका झट्ट प्रयोग गर्न सकिने संभव योग्य असाधारण कारणबाटै त्यो काम सिद्ध हुने कुरा जान्न सकिन्छ ॥४३॥

आवर्तयेन्मुहुर्मन्त्रं धारयेच्च प्रयत्नतः ।
अप्रयत्नधृतो मन्त्रः प्रचलन्नग्निवद् दहेत् ॥४४॥

योग्य र आपस्त मन्त्रीहरूसँग भएको मन्त्र (कर्तव्यविषयक निश्चित परामर्श) लाई कार्य रूपमा परिणत गराउनुभन्दा पहिले राजाले बारबार दोहोऱ्याई दोहोऱ्याई यत्नसाथ धारण गरिरहनुपर्दछ । त्यो नगरी हेलचेक्र्याइँद्वारा मन्त्र यताउति भयो भने दुरुपयोग गरिएको आगोले झैं त्यसले डढाउँछ ॥४४॥

आप्ताप्तसन्तते मन्त्रं संरक्षेत् तत्परस्तु सन् ।
अरक्ष्यमाणं मन्त्रं हि भिनत्याप्तपरम्परा ॥४५॥

शासकको आफन्त एउटा, उसको आफन्त अर्को, उसको पनि आफन्त अर्को भएर +आप्त-परम्परा बनेको हुन्छ । राजाले तत्पर भएर यस्तो आप्त-परम्पराबाट मन्त्रको रक्षा गर्नुपर्छ । नत्र यो उपर्युक्त आप्त-परम्पराले मन्त्रभेद

†सहायक कारण

+विश्वासिला या पत्यारलाग्दा व्यक्तिहरूको क्रम ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नगरी छोड्दैन ।।४५।।

मदः प्रमादः कामश्च सुप्तप्रलपितानि च ।
भिन्दन्ति मन्त्रं प्रच्छन्ना कामिन्योऽवमतास्तथा ।।४६।।

मद्यपान आदिबाट भएको मद, अरू धेरै कामको प्रसङ्ग वा व्यस्तताबाट हुने बेहोशी, स्त्रीहरूमा विश्वास हुनुको कारणले भएको कामुक भावना, निदाएको अवस्थामा बरबराउने स्वभाव, आसपासमा लुकेर रहने व्यक्तिहरू र अपमानित स्त्रीहरूबाट मन्त्रभेद हुन्छ ।।४६।।

निस्तम्भे निर्गवाक्षे च निष्कुड्यान्तरसंश्रये ।
प्रासादाग्रे ह्यरण्ये वा मन्त्रयेदविभावितः ।।४७।।

त्यस कारण थाम, खम्बा, आँखीझ्याल, गाराभित्र गुप्त रूपले मानिस रहन हुने गरी बनाएको भित्तो इत्यादि कुराले रहित भएको दरबारको छतमा अथवा जङ्गलमा गएर कसैले सुइँको नपाउने गरी पूर्वोक्त प्रकारका मन्त्रीहरूसँग मन्त्र गर्नुपर्छ ।।४७।।

द्वादशेति मनुः प्राह षोडशेतिबृहस्पतिः ।
उशना विंशतिरिति मन्त्रिणां मन्त्रिमण्डलम् ।।४८।।

राजाको मन्त्रिमण्डलमा बाह्र जना मन्त्री हुनुपर्दछ भन्ने मनुको राय छ । बृहस्पतिले सोह्र जनाको मन्त्रिमण्डल हुन आवश्यक छ भनेका छन् । शुक्राचार्यले बीस जना मन्त्रीहरूको मन्त्रिमण्डल हुनु उचित मानेका छन्* ।।४८।।

यथासम्भवमित्यन्ये‡ तत् प्रविश्य यार्थविधि ।
मन्त्रयेताहितमनाः कार्यं बुद्धिविवृद्धये ।।४९।।

आचार्य कौटल्यका अनुगामीहरूको रायअनुसार मन्त्रीहरू यति हुनुपर्छ भन्ने नियम छैन । आवश्यकताबमोजिम उनीहरूको संख्यामा घटबढ हुन सक्तछ । त्यो मन्त्रिमण्डलमा मर्यादापूर्वक प्रवेश गरी दत्तचित्त भएर बुद्धि बढाउनको निमित्त कामको विषयमा माथि बताइएअनुसार मन्त्रीहरूसँग मन्त्रणा गर्नु पर्दछ ।।४९।।

एकैकेनापि कार्याणि प्रविचार्य पुनः पुनः ।
प्रविशेत् स्वहितान्वेषी मतमेषां पृथक् पृथक् ।।५०।।

---

*(यो मन्त्रिमण्डलको चर्चा केवल पहिले बताइएका बाह्र राजमण्डलको कर्तव्यज्ञानसँग संबन्धित छ । यी बाहेक मन्त्रिमण्डलमा तीन या चार अतिरिक्त मन्त्रीहरू चाहिन्छन् ।)

‡यहाँ अन्य शब्दले कौटल्यको संकेत गरिएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो हित चाहने राजाले एक एक गरेर मन्त्रीहरूसँग गर्नुपर्ने काम-हरूको विषयमा विचारविमर्श गरी उनीहरूका अलग अलग मतको वारंम्वार गहन अध्ययन गर्नुपर्छ ।।५०।।

महापक्षो यथाशास्त्रं दृष्टकर्मा हितः सुधीः ।
यद्यद् ब्रूयान्मतारूढस्तत्तत् साधु समाचरेत् ॥५१॥

जसको मतलाई धेरै अरू मन्त्रीहरूले समर्थन गर्दछन्, जो पहिले पनि शास्त्रबमोजिम मन्त्रको प्रयोग गरिसकेको एवं राजाको हित चाहने, बुद्धिमान् र दृढ मत भएको छ त्यस व्यक्तिले जस्तो जस्तो परामर्श दिन्छ उस्तै काम राम्रो-सँग गर्नुपर्छ ।।५१।।

नातीयात् कार्यकालं हि कृत्वा मन्त्रविनिश्चयम् ।
अतिक्रान्तं तु तं भूयो यथायोगं प्रकल्पयेत् ॥५२॥

मन्त्रको निश्चय गरिसकेपछि राजाले त्यसको कार्यकाल कहिल्यै बिता-उन हुन्न, कथञ्चित् कार्यकाल वितिगएछ भने फेरि मौका अनुसार त्यसको उपयोग गर्नुपर्छ ।।५२।।

न कार्यकालं मतिमानतिक्रामेत् कदाचन ।
कथञ्चिदेव भवति कार्ययोगः सुदुर्लभः ॥५३॥

बुद्धिमान् व्यक्तिले कुनै पनि विचारलाई प्रयोगमा ल्याउन समय बिताउनु हुँदैन । किनभने कुनै पनि कामलाई प्रयोगको रूपमा ल्याउने उचित समयको योग बडो मुश्किलले मात्र प्राप्त हुन सक्छ ।।५३।।

सतां मार्गेण मतिमान् काले कर्म समाचरेत् ।
काले समाचरन् साधु रसवत् फलमश्नुते ॥५४॥

बुद्धिमान् व्यक्तिले, योग्य सज्जनहरूले बताएको मार्गमा रहेर ठीक समयमा काम गर्नुपर्दछ । ठीक समयमा काम गर्ने व्यक्तिले राम्रो र स्वादिलो फल पाउँछ ।।५४।।

इति चेति च सम्पश्यन् काले देशे सहायवान् ।
विशुद्धपार्श्वसंसिद्धः समाक्रामेन्न चापलात् ॥५५॥

विजिगीषुले 'यस्तो गर्दा यस्तो हुन्छ' भनी सबै कुरा सोचेर, देश र काल राम्रो भएको वेलामा सहायकहरूले युक्त भएर एवं कुनै खतरा नपार्ने आसपासका राजाहरू अथवा अगलबगलमा रहने व्यक्तिहरूद्वारा सम्पन्न भएर शत्रुका उपर आक्रमण गर्नुपर्दछ; उत्ताउलो भएर होइन । अर्थात् पूरा तयारी नभई हडबडले युद्ध गर्दा सफलता मिल्न ज्यादै गाह्रो या असंभव हुन्छ ।।५५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अहिते हितवुद्धिरल्पधी–
रवमन्येत मतानि मन्त्रिणाम् ।
चपलः सहसैव सम्पत–
न्नरिखड्गाभिहतः प्रवुद्ध्यते ॥५६॥

हित नहुने कुरामा हित सम्झने, कम बुद्धि भएको राजा मन्त्रीहरूका मतको अपमान गर्छ र उत्ताउलो भएर झटपट आक्रमण गर्छ भने ऊ शत्रुका खड्गको चोट पाएर मात्र चेत्तछ ॥५६॥

अविचार्य बलाबलँ द्विषा–
महमित्येव समुद्धतोऽनयात् ।
चपलः स्वमतेन सम्पत–
न्ननिपत्यालपमना न वुध्यते ॥५७॥

शत्रुहरूको बलाबल विचार नगरी नीतिलाई छोडेर 'म पो हुँ त, कसैसँग त्यसै लत्रिने हो र !' भन्ने सम्झी उद्दण्ड भएर चपलतासाथ आफैं जान्ने हुँदैं जाइलाग्ने राजा आफ्नो पदवाट नगिरी चेत्न सक्तैन ॥५७॥

इति मन्त्रवबान्महीपति
र्महतो दुष्टभुजङ्गमानिव ।
विनयेन्नयमार्गमास्थितो-
वशमुद्योगसमन्वितो रिपून् ॥५८॥

यसरी राजाले मन्त्र (वशीकरण, मोहन आदि तन्त्र–मन्त्र) को बलले (सपेराले) ठूला ठूला दुष्ट सर्पहरूलाई झैं मन्त्र (नैतिक परामर्श) को बलले नीतिको मार्गमा रहेर उद्योग गर्दै शत्रुहरूलाई बशमा गराउनुपर्दछ ॥५८॥

मन्त्रविकल्पनामक सत्रौं प्रकरण
समाप्त

बाह्रौं सर्ग समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेह्रौं सर्ग

दूतप्रचार–प्रकरण

[यस सर्गमा दूतप्रचार र चारविकल्प नामक दुइटा प्रकरण छन् । सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव, संश्रय यी ६ उपायहरूमध्ये कससँगको व्यवहारमा कुन उपायको प्रयोग गर्ने भन्ने विषयमा पराईको स्थिति, विचार, व्यवहार आदि बुझ्ने जरूरत पर्दछ । त्यो काम दूत र चार (जासूस) बाट हुने हुनाले मन्त्र–विकल्पपछि षाड्गुण्यको अङ्ग भएको दूत र चारको प्रचारविधि यस सर्गमा बताइन्छ । यो पहिलो प्रकरण दूत–प्रचारसंबन्धी हो ।]

कृतमन्त्रः सुमन्त्रज्ञो मन्त्रिणं मन्त्रिसम्मतम् ।
यातव्याय प्रहिणुयाद् दूतं दूत्याभिमानिनम् ॥१॥

सबै मन्त्रीहरूसँग परामर्श लिइसकेको मन्त्रज्ञ राजाले सबै मन्त्रीहरूले रोजेको, दूतको काम गर्न सक्छु भनी ठान्ने मन्त्रीलाई दूतको रूपमा आक्रमण गर्नुपर्ने राजाकहाँ पठाउनुपर्दछ ॥१॥

प्रगल्भः स्मृतिमान् वाग्मी शस्त्रे शास्त्रे च निष्ठितः ।
अभ्यस्तकर्मा नृपतेर्दूतो भवितुमर्हति ॥२॥

ढीटो, सम्झने शक्ति भएको, बोलक्कड, हतियार चलाउनमा र शास्त्रीय ज्ञानमा पारङ्गत, पहिलेदेखि दूतको काम गरिआएको मन्त्री राजाको दूत हुन योग्य हुन्छ ॥२॥

निसृष्टार्थो मितार्थश्च तथा शासनहारकः ।
सामर्थ्यात् पादतो हीनो दूतस्तु त्रिविधः स्मृतः ॥३॥

दूतका उपर्युक्त पूरा अपेक्षित योग्यतामा क्रमैसँग चतुर्थांश (चार भागमा एक भाग) सामर्थ्य कम हुँदै गएका दूतहरू तीन प्रकारका हुन्छन् निसृष्टार्थ, मितार्थ, अनि शासनहारक । अर्थात् यसै प्रकरणका दोस्रा श्लोकमा बताइएका सबै गुणहरू भएकालाई निसृष्टार्थ, त्यसभन्दा चतुर्थांश सामर्थ्य कम भएकालाई मितार्थ, त्यसभन्दा पनि चतुर्थांश सामर्थ्य कम भएकालाई शासनहारक भन्द-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । यस प्रकारले दूतहरूका जम्मा तीन भेद हुन्छन् ॥३॥

स भर्तुः शासनाद् गच्छेद् गन्तव्यं ह्युत्तरोत्तरम् ।
स्ववाक्यपरवाक्यानामिति चेति च चिन्तयन् ॥४॥

आफ्ना नरेशको आदेश लिएर दूतको काम गर्न जाने व्यक्तिले, आफूले भन्नुपर्ने र शत्रु आदिद्वारा भनिएकोमा उत्तर दिनुपर्ने कुराहरूलाई उत्तरोत्तर 'यस्तो यस्तो भन्नेछु' भनी विचार गर्दै जानुपर्ने देश या ठाउँमा जानुपर्छ । आशय यो हो कि अर्काको राष्ट्रमा दूतको काम लिएर जाँदा बाटैमा 'पहिले गएर म त्यो राजासँग यसरी बिन्ती गर्नेछु, उसले यस्तो कुरा गर्दा यसो भन्नेछु, आखिरमा यस्तो व्यवहारद्वारा उसलाई फसाउनेछु, इत्यादि कुराहरू सोच्तै जानुपर्छ ॥४॥

अन्तःपालांश्च कुर्वीत मित्राण्याटविकांस्तथा ।
जलस्थानानि मार्गांश्च विद्यात् स्वबलसिद्धये ॥५॥

दूतले आफ्नो बल बढाउनकानिमित्त शत्रुराष्ट्रको सीमाका पहरेदारहरूलाई र जङ्गलका रक्षक या जङ्गलका निवासीहरूलाई मित्र बनाउनुपर्दछ । जलाशय तथा मुख्य बाटाहरू पनि बुझनुपर्दछ । अर्थात् पहरेदार अदिलाई मित्र बनाउनाले र पोखरी तलाउ आदि कहाँ कहाँ छन्, बाटाहरू कहाँबाट कहाँ पुग्दछन्, सबै ठाउँमा बाटा छन् कि छैनन् इत्यादि कुरा बुझनाले दूतको स्थिति बलियो हुन्छ ॥५॥

नाविज्ञातः पुरं शत्रोः प्रविशेन्न च संसदम् ।
कालमीक्षेत कार्यार्थमनुज्ञातश्च निष्पतेत् ॥६॥

शत्रुको शहरमा र सभामा प्रवेश गर्दा उसलाई थाहा नदिई त्यसै प्रवेश गर्न हुन्न । आफ्नो काम सिद्ध गर्नको निमित्त समयको प्रतीक्षा गर्दै रहनुपर्छ । उसको आज्ञा लिएर मात्र सभा अथवा किल्लाबाट निस्कनुपर्छ ॥६॥

सारवत्तां च राष्ट्रस्य दुर्गं तद्गुप्तिमेव च ।
छिद्रं च शत्रोर्जानीयात् कोशमित्रबलानि च ॥७॥

शत्रुको राष्ट्र कत्तिको †सारवान् रहेछ, किल्ला कस्तो रहेछ, त्यसको रक्षा कसरी गरिंदो रहेछ, कोश कत्तिको मजबूत रहेछ, मित्रराष्ट्र कति र कस्ता रहेछन्, फौज कति र कत्तिको *प्रशिक्षित रहेछ, अरू ‡अन्तःकोप आदि भित्री छिद्र (कमजोरी) रहेछ कि रहेनछ इत्यादि सबै कुरा दूतले सकेसम्म बुझनुपर्छ ॥७॥

---

†धन जनले युक्त भएको । *तालीम पाएको ‡घर–झगडा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उद्यतेष्वपि शस्त्रेषु यथोक्तं शाषनं वदेत् ।
रागापरागौ जानीयाद् दृष्टिवक्त्रविचेष्टितैः ॥८॥

डर देखाउनु आदिको त के कुरा, मार्नलाई हतियार उठाइएमा पनि दूतले आफ्ना नरेशले भनेअनुसारको सन्देशलाई ठीकसँग बताउनुपर्छ । सन्देश बताउन लाग्दा या बताइसकेपछि शत्रु राजाका नजर र मुखका चेष्टाहरूद्वारा आफ्ना सरकारको प्रति उसको स्नेह वा द्वेष पत्ता लगाउनुपर्छ ◊ ॥८॥

सहेतानिष्टवचनं कामं क्रोधं च वर्जयेत् ।
नान्यैः शयीत , संरक्षेद् भावं, विद्यात् परस्य च ॥९॥

दूतले ठूलो आक्षेप अथवा अनिष्ट वचन पनि सहनुपर्दछ । कामुकता र क्रोधलाई पनि छोडिदिनुपर्छ । अरू कसैका साथमा सुत्न हुँदैन । आफ्ना अभिप्रायलाई गुप्त राखेर अर्काको भाव बुझ्नुपर्छ ॥९॥

रागापरागौ जानीयात् प्रकृतीनां च भर्तरि ।
कृत्यपक्षोपजापं च कुर्यादनभिलक्षितः ॥१०॥

शत्रुराष्ट्रका नागरिकहरू उनीहरूको सरकारमा अनुरक्त छन् या छैनन् भन्ने कुरा बुझेर शत्रु राजादेखि क्रुद्ध भएका, डराएका, अपमानित र लोभी व्यक्तिहरूमा राजदूतले कसैले थाहा नपाउने गरी फूट पारिदिनुपर्छ ॥१०॥

वध्यमानोऽपि न ब्रूयात् स्वस्वामिप्रकृतिच्युतिम् ।
ब्रूयात् प्रश्रितया वाचा सर्वं वेद भवानिति ॥११॥

मारिनै लागेको भए पनि दूतले आफ्नो मालिक र आफ्ना राष्ट्रका नागरिकहरूको छिद्र नबताउनू । नम्र वचनद्वारा "यो सबै कुरा सरकारमा विदित नभएको होइन" यति मात्र भन्नुपर्छ ॥११॥

कुलेन नाम्ना द्रव्येण कर्मणा च गरीयसा ।
कुर्याच्चतुर्विधं स्तोत्रं पक्षयोरुभयोरपि ॥१२॥

आफ्ना राजा तथा शत्रु नरेश दुवैको प्रशंसा उन्नति गर्दै आएको कुल, विश्वप्रसिद्ध नाम, दुवै राष्ट्रको काममा लाग्न सक्ने द्रव्य (जिन्सी तथा नगद संपत्ति), दुवै सरकारहरूबाट संपन्न भएको ठूलो महत्त्वपूर्ण काम; यी चार कुराको उल्लेख गरेर गर्नुपर्छ । अर्थात् दूतले कुल, नाम, द्रव्य र कामको माध्यमले दुवैतर्फका राजाको प्रशंसा गर्दै आफ्नो दुवैमा अनुराग

◊ नजर तेर्छो हुनु, उँभो जानु, स्वच्छ एवं विकसित हुनु र मुख रोमाञ्च-युक्त तथा हँसिलो हुनुले आफ्ना वक्तव्यको विषयमा अनुराग तथा यसको विपरीत लक्षणहरूले द्वेष दर्शाएको बुझ्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखाएर उद्देश्य पूरा गर्ने चेष्टा गर्नुपर्छ ॥१२॥

विद्याशिल्पापदेशेन संश्लिष्योभयवेतनैः ।
कृत्यपक्षं विजानीयात् तद्भर्तुश्च विचेष्टितम् ॥१३॥

राजदूतले विद्या पढ्ने, शिल्पकला सिक्ने आदि निहुँ गरी शत्रुराष्ट्रमा रहेका दुवैतर्फबाट वेतन लिने आफ्ना नागरिक व्यक्तिहरूसँग मिलेर त्यहाँको शासकदेखि नाराज भएको विरोधी पक्ष को छ ? बुझ्नु र त्यसको नेताका चेष्टाहरूको जानकारी पनि राख्नुपर्दछ ॥१३॥

तीर्थाश्रमसुरस्थाने शास्त्रविज्ञानहेतुना ।
तपस्विव्यञ्जनोपेतैः स्वचारैः सह सम्पतेत् ॥१४॥

(यसरी जानकारी राख्न र शत्रुको प्रचार बुझ्न उनले) शास्त्रको अध्ययन गर्ने निहुँ पारेर पुण्य नदीको किनार, तपस्वीको आश्रम वा देवताका मन्दिरमा तपस्वीको भेष धारण गरेर रहेका आफ्ना जासूसहरूसँग भेट गर्नुपर्छ ॥१४॥

प्रतापं कुलमैश्वर्यं त्यागमुत्थानसौष्ठवम् ।
अक्षुद्रतां दक्षतां च भर्तुर्भेद्येषु कीर्तयेत् ॥१५॥

राजदूतले शत्रु राष्ट्रको शासकदेखि झोकिएका, डराएका, उसबाट अपमानित भएका एवं लोभी व्यक्तिहरूलाई उसबाट फुटाएर आफ्नो पक्षमा मिलाउनको निमित्त आफ्ना राजाको प्रताप, कुल, ऐश्वर्य, दानी स्वभाव, उत्साहशक्ति, अक्षुद्रता (योग्य व्यक्तिको सङ्ग्रह गर्ने स्वभाव) कार्यकुशलता; यी विशेष गुणहरूको वर्णन उनीहरूमा गर्नुपर्छ* ॥१५॥

भावमन्तर्गतं व्यक्तं सुप्तो मत्तश्च भाषते ।
तस्मादेकः स्वपेन्नित्यं स्त्रियः पानं च वर्जयेत् ॥१६॥

निदाएका र मदिरा आदिले बेहोश भएका व्यक्तिका मुखबाट भित्र मनमा लुकाएर राखेका भावनाहरू पनि निस्कन्छन् । त्यस कारण राजदूतको जस्तो महत्त्व-पूर्ण अभिभारा लिएका व्यक्तिले सधैं एक्लै सुत्ने र स्त्रीप्रसङ्ग एवं मदिरा-पानबाट पनि बच्ने गर्नुपर्छ ॥१६॥

---

*शत्रु नरेशदेखि क्रुद्ध भएका व्यक्तिमा आफ्ना नरेशका प्रताप, उद्योग-परायणता र जागरूकताको वर्णन गर्नु; डराएका व्यक्तिमा उपर्युक्त तीन गुणहरू र अक्षुद्रताको वर्णन गर्नु; अपमानितहरूमा पूर्वोक्त चार गुण र कुलीनताको वर्णन गर्नु । लोभीहरूमा आफ्ना नरेशका दानी स्वभाव र ऐश्वर्यको वर्णन गर्नु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काले व्रजति मेधावी न खिद्येतार्थसिद्धये ।
क्षिप्यमाणं च बुध्येत कालं नानाविलोभनैः ॥१७॥

बुद्धिमान् दूतले समय बित्न लागेको देखेर आफ्नो प्रयोजन सिद्ध गर्ने विषयमा अफसोस गर्न हुँदैन । परन्तु धेरै प्रलोभन देखाएर शत्रुले पर सार्दै लगेका समयको संबन्धमा विचार गर्नुपर्छ । भनाइको तात्पर्य यो हो कि सन्धि, विग्रह आदिको विषय लिएर शत्रुराष्ट्रमा गएको राजदूतले धेरै विलम्ब भए पनि 'धेरै दिन बितिसके, मेरो काम भने सिद्ध भएन' भनेर दिक्क मान्नु हुँदैन । बरु शत्रु राजाले "बस्नुहोस्न, हाम्रो राज्यमा पनि त तपाईंहरूले रहनु-बस्नुभए वेशै हुन्छ, तपाईंहरूले भनेजस्तै गरिहाल्छौं नि !" भन्दै लोभ्याएर समय पर सार्दै लगी त्यही समयभित्र के गर्न आँटेको छ, त्यो कुरा (निम्नलिखित ४ श्लोकमा बताएअनुसार) बुझ्दै लानुपर्छ ॥१७॥

एतेष्वहस्सु गच्छत्सु तत्र नः पृथिवीपतेः ।
पश्यति व्यसनं किञ्चित् स्वयं वा कर्तुमीहते ॥१८॥
स्वान्तः प्रकोपमथवा विनेतुं नीतिवित्तमः ।
सस्यादेः सङ्ग्रहं कर्तुं दुर्गे वा दुर्गसत्क्रियाम् ॥१९॥
स्वपक्षाभ्युदयाकाङ्क्षी देशकालावुदीक्षते ।
उत यात्रां स्वयं दातुं, येनास्मान्न समीहते ॥२०॥
यात्राकालक्रियार्थी वा तत्र चायं विलम्बते ।
काले विक्षिप्यमाणे तु तर्कयेदिति पण्डितः ॥२१॥

बुद्धिमान् राजदूतले शत्रुले समय बिताउँदै लान लागेपछि त्यसको सम्बन्धमा निम्नलिखित कुराहरू सोच्नुपर्दछ । जस्तै- यी राजाले हामीलाई यसरी अलमल्याइराखेर बित्तै गएका यी दिनहरूमा हाम्रा नरेशका उपर कुनै दैवी वा मानुषी आपद् आइपर्ने त बुझेका छैनन् ? अथवा स्वयं त्यस्तो कुनै व्यसन खडा गरिदिन लागेका त छैनन् ?

अथवा सुचतुर नीतिज्ञ हुनाले यिनी आसन्न भविष्यमा युद्ध हुन सक्ने देखेर आफ्ना दरबारको अन्तःप्रकोप (घरायसी वैमनस्य) हटाउन, किल्लामा अनाज आदिको सङ्ग्रह गर्न अथवा किल्लाको मरम्मत गर्न लागेका त छैनन् ?

अथवा मित्र आदि आफ्ना पक्षका व्यक्तिहरूको अनुकूलता चाहँदै उचित देश र कालको विचार गर्दै छन् ? या आफ्ना सैन्यलाई स्वयं युद्धको निमित्त प्रस्थान गराउने मौका हेर्दै छन् ? जसले गर्दा हामीलाई पठाउन चाहँदैनन् ।

अथवा युद्ध-यात्राको समयमा गर्नुपर्ने विशेष प्रशिक्षण आदि काम गर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाहेर त्यसै विषयमा यिनले विलम्ब गर्दै छन् ? इत्यादि ।।१८, – २१।।

कार्यकालव्यपेतं च व्यक्तं ज्ञात्वा विनिष्पतेत् ।
तिष्ठन् वार्ताविशेषार्थी भर्त्रे सर्वं निवेदयेत् ।।२२।।

राजदूतले आफ्नो प्रस्तावलाई स्पष्ट रूपले कार्यकालबाट हटिसकेको बुझिसकेपछि शत्रु-नरेशको अनुमति नमिले पनि आफैं निस्केर हिंड्नुपर्छ । विशेष कुराहरू बुझनको निमित्त त्यहीं बसिरहे पनि आफ्नो राजालाई सबै सन्देश पठाउनुपर्छ ।।२२।।

रिपोः शत्रुपरिच्छेदः शुहृद्बन्धुविभेदनम् ।
दुर्गकोशबलज्ञानं कृत्यपक्षोपसङ्ग्रहः ।।२३।।
राष्ट्राटव्यन्तपालानामात्मसात्करणं तथा ।
युद्धापसारभूज्ञानं दूतकर्मेति कीर्तितम् ।।२४।।

यसरी शत्रुराष्ट्रमा रहेर शत्रुको विनाश चिताउने व्यक्तिहरू के कति छन् बुझ्नु, उसका मित्र र दाजुभाइहरूमा फूट पारिदिनु, किल्ला कहाँ कहाँ छन्, राजकोशमा सम्पत्ति कति छ, फौज कत्रो छ इत्यादि कुरा पत्ता लगाउनु; शत्रुदेखि क्रुद्ध भएका, डराएका, अपमानित, लोभी व्यक्तिहरूलाई आफ्नो पक्षमा मिलाउनु; शत्रुराष्ट्रसम्बन्धी जङ्गलका संरक्षक, अधिकारी एवं जङ्गलमा रहने व्यक्तिहरूलाई र सीमाका पहरेदारहरूलाई आफ्नो पक्षमा ल्याउनु; युद्ध परेको समयमा हात्ती, घोडा, रथ एवं पैदल सैनिकहरूलाई हिंडाउन हुने र बलवान् व्यक्तिले आक्रमण गरेमा अन्तःपुर बनाउन हुने जमीनको ज्ञान गर्नु; यी दूतका काम हुन् ।।२३–२४।।

दूतेनैव नरेन्द्रस्तु कुर्यादरिविमर्शनम् ।
स्वपक्षे च विजानीयात् परदूतविचेष्टितम् ।।२५।।

राजाले दूतद्वारा नै शत्रुको यथावत् परिचय गर्नुपर्छ र आफ्नो पक्षमा हुने शत्रुका दूतहरूको कामकारबाइ पनि राम्रो गरी बुझनुपर्दछ ।।२५।।

दूतप्रचार नामक अठारौं प्रकरण समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दूतचरविकल्प–प्रकरण

[यस प्रकरणमा खास गरी दूतको विकल्पमा जासूसले गर्नुपर्ने काम बताइएको छ]

तर्केङ्गितज्ञः स्मृतिमान् मृदुर्लघुपरिक्रमः ।
क्लेशायाससहो दक्षश्चारः स्यात् प्रतिपत्तिमान् ॥२६॥

जासूसले गुप्त कुरामा तर्क गर्ने र विभिन्न चेष्टाहरू बुझ्न सिपालु, स्मरणशक्ति भएको, उद्धत चालचलन नभएको, छिटो छिटो हिंड्न सक्ने, दुःख र परिश्रम खप्न सक्ने, चतुर र प्रतिभाशाली हुनुपर्छ ॥२६॥

तपस्विलिङ्गिनो धूर्ताः शिल्पपण्योपजीविनः ।
चराश्चरेयुः परितः पिबन्तो जगतां मतम् ॥२७॥

तपस्वीको भेष लिएका, शत्रुलाई छकाउन सक्ने एवं शीपको काम अथवा व्यापारद्वारा जीविका चलाउने जासूसहरूले संसारको मत बुझ्दै चारौंतर्फ घुम्नुपर्छ ॥२७॥

निर्गच्छेयुर्विशेयुश्च सर्ववार्ताविदोऽन्वहम् ।
चराः सकाशं नृपतेश्चक्षुर्दूरचरं हि ते ॥२८॥

सर्वत्र सबैका कुरा बुझ्ने ती जासूसहरूले दिनका दिन राजाको साथबाट निस्कने एवं उसको छेउमा जाने गर्नुपर्छ । किनभने तिनीहरू राजाका टाढा-टाढासम्म पनि पुग्ने आँखा हुन् ॥२८॥

सूक्ष्मसूत्रप्रचारेण पश्येद् वैरिविचेष्टितम् ।
स्वपन्नपि हि जागर्ति चारचक्षुर्महीपतिः ॥२९॥

मिहीं कपडामा बुनिएको मिहीं धागो झैं साधारणतया अरूले पत्ता पाउन नसकिने गरी राजाले यिनै जासूसहरूद्वारा शत्रुको कामकारबाई बुझ्नुपर्छ । जासूसहरूरूपी आँखा स्वच्छ भएको राजा निदाए पनि जागै हुन्छ ॥२९॥

विवस्वानिव तेजोभिर्नभस्वानिव चेष्टितैः ।
राजा चारैर्जगत् कृत्स्नं व्याप्नुयाल्लोकसंमतैः ॥३०॥

संसारको रक्षा र आफ्नो सत्ता कायम राख्नलाई सूर्यले किरणद्वारा र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वायुले आफ्नो वहन-गतिद्वारा सारा संसारलाई ढाकेझैं राजाले पनि दुनियाँको रक्षाका लागि र आफ्नो स्थिति कायम राख्न लोकसम्मत स्थानअनुसारको भेष र भाषा अपनाएका जासूसहरूद्वारा संसारलाई ढाक्नुपर्छ ।।३०।।

चारचक्षुर्नरेन्द्रस्तु सम्पतेत् तेन भूयसा ।
अनेनासम्पतन् मार्गात् पतत्यन्धः समेऽपि हि ॥३१॥

राजाका आँखै जासूसहरू हुन् । त्यस कारण राजाले धेरै किसिमका जासूसहरू राख्नु र तिनीहरूसँग वारंवार मिल्दै रहनुपर्छ । जासूसहरूको सम्पर्कमा नरहने राजा घटिरहेका घटनाहरूबाट अनभिज्ञ हुने हुनाले अन्धो जस्तो भएर सजिलो मार्गमा पनि पथभ्रष्ट हुन्छ ।।३१।।

सर्वसम्पत्समुदयं सर्वावस्थाविचेष्टितम् ।
चारेण द्विषतां विद्यात् तद्देशप्रार्थनादि च ॥१३॥

शत्रुका मन्त्री, दुर्ग, कोश, राष्ट्र, फौज र मित्रहरूसँग संबन्ध भएका सबै खबरहरू, शत्रुका सबै अवस्थाका कामकारबाईहरू एवं शत्रुले आफ्नो मुलुक हत्याउन गरिएका प्रयासहरू पनि राजाले जासूसद्वारा नै बुझनुपर्छ ।।३२।।

प्रकाशश्चाप्रकाशश्च चरस्तु द्विविधः स्मृतः ।
अप्रकाशोऽयमुद्दिष्टः प्रकाशो दूत उच्यते ॥३३॥

❖चर दुई प्रकारको हुन्छ प्रकाश (सबैले थाहा पाउने गरी उपयोगमा ल्याइने) तथा अप्रकाश (गुप्त रूपले काममा लगाइने) । यो यस प्रकरणमा बताइएको चर (जासूस) अप्रकाश हो । प्रकाश अर्थात् प्रत्यक्ष रूपले उपयोगमा ल्याइने चरलाई दूत भन्दछन् ।।३३।।

चरेण प्रचरेत् प्राज्ञः सूत्रेणर्त्विगिवाध्वरे ।
दूते सन्धानमायत्तं चरे चर्या प्रतिष्ठिता ॥३४॥

कात्यायनीय यज्ञसूत्र आदि यज्ञीय सूत्रको आधारमा ऋत्विक्हरूले यज्ञमा व्यवहार गरेझैं चरहरूकै आधारमा राजाले राज्यमा व्यवहार गर्नुपर्छ । शत्रुआदिसँग गर्नुपर्ने सन्धि दूतको अधीनमा हुन्छ । शत्रुहरूको प्रचार आदि जान्ने काम जासूसहरूमा निर्भर छ ।।३४।।

संस्थानवत्यः संस्थाश्च कार्याः कार्यसमृद्धये ।
तिष्ठेयुर्यासु सञ्चाराः परचर्योपजीविनः ॥
वणिक् कृषीबलो लिङ्गी भिक्षुकोऽध्यापकस्तथा ॥३५½॥

❖यहाँ चर शब्दले जासूस र दूत दुवैको ग्रहण हुन्छ । तर अन्यत्र प्रसिद्ध भइ सकेकोले चर शब्दले जासूसको मात्र बोध हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजाले शत्रुको प्रचार आदि बुझ्नु, आपनो राष्ट्रको वास्तविक स्थिति जान्नु आदि काम समृद्ध गराउनको निमित्त विभिन्न भाषाभाषी र विभिन्न भेषका व्यक्तिहरूका दूकान, अध्ययनशाला, गृहस्थीको घरखेत जस्ता सुदृढ संस्थाहरू ठाउँ–ठाउँमा रखाउनुपर्छ; जुन संस्थाहरूमा दूकानदार, खेतीवाल गृहस्थी, संन्यासी, भिक्षु, अध्यापकहरूको रूपमा रहने जासूसीद्वारै जीविका गर्ने जासूसहरू रहून् ।।३५½।।

संस्थाः स्युश्चारसंस्थित्यै दत्तदायाः सुखाशया।।३६।।

जासूसहरू रहनको निमित्त गुप्त रूपमा सरकारबाट वेतन दिइएका, मस्तसँग स्थायी रूपमा रहने संस्थाहरू हुनुपर्छ* ।

स्वपक्षे परपक्षे च यावान् कश्चिद् विवक्षितः ।
सर्वस्मिंस्तत्र सञ्चारास्तिष्ठेयुश्चित्तवेदिनः ।।३७।।

आफ्नो पक्ष र शत्रुको पक्षमा काम गर्ने जो जो मुख्य अधिकारीहरू छन् (जसलाई अर्थशास्त्रकारहरू 'अष्टादश तीर्थ' भन्दछन् मन्त्री, पुरोहित, सेनापति, युवराज आदि), ती सबको संबन्धमा, थाह नहुने गरी अरूको हार्दिक भावना बुझ्न सक्ने कुशल जासूसहरू रहनुपर्छ ।।३७।।

तीक्ष्णः प्रव्रजिता चैव सत्री रसद एव च ।
एते प्रधानाः सञ्चाराः सर्वे नान्योन्यवेदिनः ।।३८।।

तीक्ष्ण (जोखिमको काममा अघि सर्ने जासूस) प्रव्रजिता (भिक्षुकीको रूपमा रही जासूसी गर्ने स्त्री) सत्री (विद्वान् भलादमीको रूपमा रही जासूसी गर्ने व्यक्ति) रसद (विष दिने जासूस) यी ४ प्रकारका परस्परमा एक दोस्रोले नचिनिने गरी रहने प्रधान जासूसहरू हुन् ।।३८।।

स्वपक्षे परपक्षे वा यो न वेद चिकीर्षितम् ।
जाग्रत्स्वरिषु सुप्तोऽसौ न भूयः प्रतिबुध्यते ।।३९।।

जुन विजिगीषु आपना शत्रुहरू आफ्नो छिद्र खोज्न तत्पर छँदाछँदै पनि आफ्नो र शत्रुको पक्षमा कहाँ के के हुँदै छ, शत्रुले के गर्न आँटिरहेछ इत्यादि बुझ्ने चेष्टा नगरी निश्चिन्त रहन्छ, त्यसलाई सुप्त (निदाएको) भन्नुपर्छ । त्यस्तो असावधान राजा फेरि ब्यूँझन सक्तैन ।।३९।।

कारणाकारणक्रुद्धान् बुध्येत स्वपरिग्रहे ।
पापानकारणक्रुद्धान् तूष्णीं दण्डेन साधयेत् ।।४०।।

---

*यस विषयमा कौटल्यको सूत्र — "गूढपुरुषानुत्पादयेत् कापटिकोदास्थित-गृहपति वैदेहकतापसव्यञ्जनान्, सत्रितीक्ष्णरसदभिक्षुकीश्चेति (कौ. अ. १।११।७)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विजीगीषुले आफ्नां पक्षका व्यक्तिहरूमा आफ्नो (विजिगीषुको) गल्ती आदि कारणबाट नाराज भएका र विनाकारण नाराज हुने दुष्टहरू को को छन् बुझ्नुपर्छ, र नाराज हुने खास कारणबाट नाराज हुने व्यक्तिहरूलाई त्यो कारण हटाएर प्रसन्न गराउनु एवं अकारण नै नाराज हुने दुष्टहरूलाई गुप्त दण्ड दिनु–(तीक्ष्ण रसद आदि पूर्वोक्त जासूसहरूको माध्यमबाट या अरू नै प्रकारबाट एकान्तमा सिध्याउनु)–पर्छ ॥४०॥

ये तु कारणतः क्रुद्धास्तान् वशीकृत्य संविशेत् ।
शमयेद् दानमानाभ्यां छिद्रमण्वप्यरेर्मुखम् ॥४१॥

जुन व्यक्तिहरू कुनै कारणबाट क्रुद्ध भएका छन्, तिनीहरूलाई दान र सन्मानद्वारा शान्त गराएर राजाले निश्चिन्त भई रहनुपर्छ : सानो पनि छिद्र शत्रुको प्रवेशद्वार हुन्छ ॥४१॥

कण्टकान् मुखभङ्गेन राज्यस्य प्रशमं नयेत् ।
उद्युक्तः सामदानाभ्यां छिद्रं च परिपूरयेत् ॥४२॥

राज्य–कण्टक (अराष्ट्रिय तत्त्व) हरूलाई, उनीहरूको प्रधान नेतालाई समाप्त गराइदिएर शान्त गराउनुपर्छ । आफ्नो छिद्र (कमजोरी) लाई साम र दानद्वारा प्रयत्नसाथ बन्द गर्नुपर्छ; अर्थात् विरोधी व्यक्तिहरूमा लोभीलाई दानद्वारा र डराउने व्यक्तिहरूलाई सान्त्वना तथा दानद्वारा वशमा गराइहाल्नुपर्दछ ॥४२॥

अणुनापि प्रविश्यारिश्छिद्रेण बलवत्तरम् ।
निःशेषं मार्जयेद् राज्यं यानपात्रमिवोदकम् ॥४३॥

नाउ जहाज आदि जलयानहरूको सानै छिद्रबाट पनि भित्र पस्न लागेको पानीले त्यस यानलाई केही समयमा डुबाएझैं सानै छिद्रबाट पनि भित्र पस्न लागेका शत्रुले खूब बढे–चढेको राज्यलाई पनि खतम पार्न केही बेर लाउँदैन ॥४३॥

जडमूकान्धबधिरच्छद्मानः षण्डकास्तथा ।
किरातवामनाः कुब्जास्तद्विधा ये च कारवः ॥४४॥
भिक्षुक्यश्चारणा दास्यो मालाकाराः कलाविदः ।
अन्तःपुरगतां वार्तां निर्हरेयुरलक्षिताः ॥४५॥

जड (मूर्ख) लाटा, अन्धा, बहिराहरूको कपटी भेष लिएका व्यक्तिहरू; पाखण्डी किरात, बाउन्ने, कुँजाहरू र यस्तै अरू व्यक्तिहरू; सिकर्मी, डकर्मीहरू; भिक्षुकी दासी मालिनीहरू एवं यस्तै अरू कला जान्ने विभिन्न थरीका व्यक्तिहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कसैलाई शङ्का नपर्ने गरी सुटुक्क अन्तःपुरको खबर बाहिर पुऱ्याउँछन् ।।४४–४५।।

छत्रव्यजनभृङ्गारयानवाहनधारिणः ।
महामात्रा बहिर्वार्ता विद्युरन्ये च तद्विधाः ।।४६।।

छाता ओढाउने पङ्खा हाँक्ने झारी उठाउने बग्गी घोडा आदि यान र वाहन थाम्ने व्यक्तिहरू, हात्ती सधाउने माहुतेहरू तथा त्यस किसिमका काम गर्ने अरू व्यक्तिहरू बाहिरको कुरो बुझ्ने हुन्छन् ।।४६।।

अन्नव्यञ्जनकर्तारः कल्पकाः स्नापकास्तथा ।
प्रसाधका भोजकाश्च गात्रसंवाहका अपि ।।४७।।
जलताम्बूलकुसुमगन्धभूषणदायकाः ।
कर्तव्या रसदा ह्येते ये चान्येऽभ्याशवर्तिनः ।।४८।।

भोजन साग-सब्जी, अचार आदि बनाउने; हजामत गर्ने; स्नान गराउने, शृङ्गार गरिदिने, भोजन गराउने, जीउमा मालिश गर्ने र पानी, पान, फूल, चन्दन, आभूषण टक्र्याउने तथा अरू यस्तै नरेशको आसपासमा रहने व्यक्तिहरूलाई रसद (विष दिने जासूस) बनाउनुपर्छ ।।४७–४८।।

संज्ञाभिर्म्लेच्छितैर्लेख्यैराकारैरिङ्गितैरपि ।
सञ्चारयेयुरव्यग्राश्चारचर्या परस्परम् ।।४९।।

अन्तःपुरका व्यक्तिहरूलाई बाहिर निस्कन नदिने व्यवस्था भएको ठाउँमा पहिले इशारा गरी राखेका वीणा आदि बाजाको सङ्केत, अव्यक्त शब्द, गुप्त लेख, मुख आँखा आदिको विकृति तथा अन्य गुप्त चेष्टाहरूद्वारा जासूसहरूले परस्परका खबरहरूको आदान-प्रदान गर्नुपर्छ ।।४९।।

समापिवन्तो जगतां मतानि
जलानि भूमेरिव सूर्यपादाः ।
अनेक शिल्पाध्ययन प्रवीणा
श्चाराश्चरेयुर्बहुलिङ्गिरूपाः ।।५०।।

सूर्यका किरणहरूले सारा संसारको पानी चुसेझैं सबैका मत बटुल्दै जासूसहरूले विश्वास पार्नको निमित्त विभिन्न शिल्पकलाहरूको अध्ययनमा कुशल बनेर विभिन्न प्रकारका व्यक्तिहरूको रूप लिई हिंड्नुपर्छ ।।५०।।

येन प्रकारेण परानुपेयात्
परावरज्ञः स्वसमृद्धिहेतोः ।
तमात्मनि स्वस्थमतिश्च तज्ज्ञैः
प्रयुज्यमानं च परेण विद्यात् ।।५१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसरी आफू र अर्कालाई राम्ररी चिनेको विजिगीषु आफ्नो उन्नतिका निमित्त मुण्डी, जटाधारी, तपस्वी आदि विभिन्न भेष लिएका जासूसहरूद्वारा शत्रुहरूसँग अवसरअनुसारको व्यवहार गर्दछ, त्यसरी नै बुद्धिलाई ठीक राखेर उनले त्यस्तो तरीका जान्ने जासूसहरूद्वारा आफूमा शत्रुले प्रयोग गरिन लागेका जासूसी कुराहरू बुझ्नुपर्छ ॥५१॥

दूतविकल्प नामक १६ सौं प्रकरण समाप्त

तेऱ्हौं सर्ग समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौधौं सर्ग

उत्साह–प्रशंसा–प्रकरण

[दूत र चारको प्रयोग विफल भइसकेपछि युद्धमा सफल हुनको निमित्त चाहिने उत्साहको प्रशंसा यस प्रकरणमा हुन्छ]

अन्वहं चरचर्याभिर्विफले दूतचेष्टिते ।
यायाद् यथोक्तयामस्तु सूक्ष्मबुध्दि पुरस्सरः ॥१॥

शत्रुसँग अनुकूल सन्धि गर्नको निमित्त प्रतिदिन गराइएको जासूसहरूको प्रचारका साथै राजदूतको चेष्टा पनि असफल भइसकेपछि सूक्ष्म बुद्धिद्वारा सबैतिर राम्रोसँग सोचीकन पहिले बताइएअनुसार* "यातव्य शत्रुभन्दा मबलवान् छु, मेरा प्रजाहरू मेरा गुणमा अनुरक्त छन्" आदि विश्वास भएपछि गरिने यान (युद्धको तयारी) द्वारा विजिगीषुले शत्रुमाथि जाइलाग्नु–पर्छ ॥१॥

सूक्ष्मा सत्वप्रयत्नाभ्यां दृढं बुध्दिरधिष्ठिता ।
प्रसूते हि फलं श्रीमदरणीव हुताशनम् ॥२॥

सुख र दुःखमा मानसिक स्थितिलाई एकनास राख्न सक्ने सामर्थ्य र प्रयत्न (तर्क-वितर्क आदि बौद्धिक प्रयत्न) द्वारा खूब नियन्त्रणमा राखिएको सूक्ष्म बुद्धिले दुवैतर्फ दबाएर राखिएको अरणि (आगो निकाल्ने काठ) ले अग्नि पैदा गरेझैं अवश्य उत्कृष्ट फल पैदा गर्छ ॥२॥

धातोश्चामीकरमिव सर्पिर्निर्मथनादिव ।
बुध्दि प्रयत्नोपगताद् व्यवसायाद् ध्रुवं फलम् ॥३॥

संस्कार गरिएको पारद आदि धातुबाट सुन झैं, अनि दहीको मथनबाट घिउ झैं बुद्धिको प्रयत्नले युक्त भएको अर्थात् राम्रोसँग सोचविचार गरी गरिएको (अथवा बुद्धि र परिश्रम लगाएर गरिएको) उद्यमबाट अवश्य नै फल मिल्न सक्छ ॥३॥

---

*यान कस्तो हुनुपर्छ ? यो कुरा यसै ग्रन्थको सर्ग ११ श्लोक १ मा बताइसकियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धीमानुत्साहसम्पन्नो व्यवसायसमन्वितः ।
भाजनं परमं श्रीणामपामिव महार्णवः ॥४॥

पानीहरूको प्रधान आधारपात्र महासागर भएझैं बुद्धिमान्, उत्साही र उद्योगी पुरुष संपत्तिहरूको मुख्य आधारपात्र हुन्छ ॥४॥

नलिनीवाम्बुसम्पत्त्या बुद्धया श्रीः परिपाल्यते ।
उत्थानाध्यवसायाभ्यां विस्तारमुपनीयते ॥५॥

जलराशिले ◇कमलिनीको रक्षा गरेझैं बुद्धिले ऐश्वर्यको रक्षा गर्दछ । उत्साह एवं उद्योगद्वारा त्यो ऐश्वर्य फैलाइन्छ ॥५॥

लक्ष्मीरुत्साहसम्पन्नाद् बुद्धिशुद्धं प्रसर्पतः ।
नापैति कायाच्छायेव विस्तारं चोपगच्छति ॥६॥

शरीर-छाया शरीरबाट पर नहटेझैं बुद्धिद्वारा विचार गरी गरी पाइला चाल्ने उत्साहले युक्त व्यक्तिदेखि ऐश्वर्य पर हट्तैन र त्यहीं खूब फैलिएर रहन्छ ॥६॥

वीतव्यसनमश्रान्तं महोत्साहं महामतिम् ।
प्रविशन्ति महालक्ष्म्यः सरित्पतिमिवापगाः ॥७॥

सारा नदीहरू समुद्रमा पुगेझैं सारा महत्त्वपूर्ण ऐश्वर्यहरू कुनै किसिमको व्यसन नभएको, हरबखत परिश्रम गरिरहने, धेरै उत्साह भएको बुद्धिमान् व्यक्तिकहाँ आफैं आउँछन् ॥७॥

सत्त्वबुद्ध्युपपन्नोऽपि व्यसनग्रस्तमानसः ।
श्रीभिः षण्ड इव स्त्रीभिरलसः परिभूयते ॥८॥

आत्मशक्ति (मानसिक बल) र बुद्धिले युक्त व्यक्ति पनि काम, क्रोध आदि व्यसनहरूले मन आकुल–व्याकुल गराइएको र अल्छी छ भने स्त्रीहरूले नपुंसकलाई नरुचाएझैं सम्पत्तिहरूले त्यसलाई रुचाउँदैनन् ॥८॥

उत्थानेनैधयेत् सत्वमिन्धनेनेव पावकम् ।
श्रियो हि सततोत्थायी दुर्बलोऽपि समश्नुते ॥९॥

दाउराद्वारा आगोलाई जगाएझैं उत्साहद्वारा मनोबललाई जगाउनुपर्छ । दुब्लै भए पनि हरदम उद्योग गरिरहने व्यक्तिले ऐश्वर्यहरूको उपभोग गर्न सक्छ ॥९॥

भोक्तुं पुरुषकारेण दुष्टां स्त्रियमिव श्रियम् ।
व्यवसायं सदैवेच्छेन्न हि क्लीबवदाचरेत् ॥१०॥

◇कमलको बोट ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरुषार्थद्वारा दुष्ट स्त्रीको एवं सम्पत्तिहरूको उपभोग गर्नका निमित्त सधैं उद्योग गर्न चाहनुपर्छ । नपुंसक जस्तो निष्क्रिय हुनु हुँदैन ॥१०॥

वशे श्रियं सदोत्थायी सैंहीं वृत्तिं समाश्रितः ।
कचग्रहेण कुर्वीत दुर्वृत्तामिव योषितम् ॥११॥

सिंहको एवं शौर्यपूर्ण व्यवहार अपनाई दुष्ट स्त्रीलाई चुल्ठोमा समाएर आफ्नो वशमा गराएझैं ऐश्वर्यलाई पनि हरदम उद्योगी बनेर जबर्जस्ती आफ्नो अधीनमा गराउनुपर्छ ॥११॥

किरीटमणिचित्रेषु मूर्धसु त्राणधारिषु ।
नाक्रम्य विद्विषां पादं पुरुषो भद्रमश्नुते ॥१२॥

शिरपेचका मणिहरूले चित्र-विचित्र भएका, शिरस्त्राण (शिरको रक्षाका निमित्त लगाइने टोप आदि) लगाउने शत्रुहरूका शिरहरूमा नलत्याईकन मानिसले कल्याण (सुख र सुविधा दिने ऐश्वर्य) पाउन सक्तैन ॥१२॥

प्रयत्नप्रेर्यमाणेन महता चित्तहस्तिना ।
रूढवैरिद्रुमोत्खातमकृत्वेह कुतः सुखम् ॥१३॥

आफ्ना प्रति शत्रुले गरेको तिरस्कार देखेर 'लौ बितायो, अब यसलाई नसिद्धचाई भएन' यस्तो संरम्भात्मक❀ प्रयत्नले प्रेरणा दिइन लागेको चित्तरूपी हात्तीद्वारा जरा जमाएको शत्रुरूपी रूखलाई नउखेली सुख कसरी हुने ! ॥१३॥

हेलाकृष्टस्फुरत्तीक्ष्णखड्गांशुपरिपिञ्जरैः ।
श्रीमत्करिकराकारैराह्रियन्ते भुजैः श्रियः ॥१४॥

फुर्तीसाथ दापबाट थुत्त झिकिएको चमचमाउँदो धारिलो तरबारका चमकले रँगिएका सुन्दर हात्तीको सूँड जस्ता लामा हातहरूले ऐश्वर्य बटुलिन्छन् ॥१४॥

उच्चैरुच्चैस्तरामिच्छन् पदान्यायच्छते महान् ।
नीचो नीचैस्तरां याति निपातभयशङ्कया ॥१५॥

आफ्नो वर्तमान स्थितिभन्दा धेरै उन्नत स्थानमा पुग्न चाहने महापुरुष अगाडि अगाडि (उन्नत स्थानतर्फ) आफ्ना पाइला बढाउँदै जान्छ । नीच व्यक्ति चाहिं माथितिर बढ्दा गिर्ने डर हुने हुनाले पहिल्यै तल ओर्लिइराखे गिर्नै पर्दैन भन्ने ठानी स्वयं तल-तलतिर लाग्दछ ॥१५॥

प्रमाणाभ्यधिकस्यापि महत् सत्वमधिष्ठितः ।
करोत्येव पदं मूर्ध्नि केसरी मत्तहस्तिनः ॥१६॥

❀ हतारिलो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठूलो उत्साहशक्तिको भरमा सिंह, आकार-प्रकारमा आफूभन्दा धेरै ठूलो मत्त हात्तीको शिरमा पनि आफ्नो पञ्जा जमाउँछ। (त्यस कारण उत्साहशक्ति सबभन्दा महत्त्वपूर्ण शक्ति हो) ॥१६॥

गतभीभीतिजननं भोगं भोगीव दर्शयेत् ।
यथाबलं च कुर्वीत रिपोर्दण्डनिपातनम् ॥१७॥

विजिगीषुले मौकामा निडर भएर सर्पले भयङ्कर शरीर (फणा) देखाएझैं शत्रुको मन कँपाउने शौर्य देखाउनुपर्छ र शक्तिअनुसार शत्रुलाई दण्ड पनि दिनुपर्छ ॥१७॥

उत्साह–प्रशंसा नामक बीसौं प्रकरण समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकृतिकर्म–प्रकरण

['उत्साही विजिगीषुले *व्यसनमा परेका शत्रुको राष्ट्रमा आक्रमण गर्नू' भन्ने नीति छ । आफ्नो प्रकृति (स्वामी, अमात्य, सुहृत्, कोष, राष्ट्र, दुर्ग, बल (फौज) र नागरिकहरू) नै व्यसनमा परेका छन् भने त तिनलाई बचाउने उपाय गर्नु नै राजाको पहिलो कर्तव्य भएको हुनाले यस प्रकरणमा प्रकृतिकर्म (स्वामी, अमात्य आदिको कर्तव्य) को वर्णन गरिन्छ । प्रकृतिव्यसनहरू यस-पछिको प्रकरणमा आउनेछन् ।]

प्रकृतिव्यसनं यत् स्यात् तत् प्रशाम्य समुत्पतेत् ।
अनयापनयाभ्यां तज्जायते दैवतोऽपि च ॥१८॥

स्वामी, अमात्य आदि आफ्नो प्रकृतिसँग सबन्ध राख्ने व्यसनलाई शान्त गराएर मात्र विजिगीषुले आक्रमण गर्न जानुपर्छ । त्यो प्रकृति-व्यसन दैवबाट र मानिसबाट हुने अनय तथा अपनयद्वारा पैदा हुन्छ÷ ॥१८॥

यस्मात् तद् व्यस्यति श्रेयस्तस्माद व्यसनमुच्यते ।
व्यसत्यधो वा व्रजति तस्मात् तत् परिवर्जयेत् ॥१९॥

व्यसनले व्यसनीलाई उन्नतिको बाटोबाट गिराइदिने हुनाले नै त्यो व्यसन कहलाउँछ । अथवा त्यस्तो व्यसनी व्यक्ति स्वयं उँधो उँधो गिर्दै जाने हुनाले उसको त्यो अधोमनलाई नै व्यसन भन्दछन् । त्यस कारण उन्नतिशील शासकले व्यसन छोड्नुपर्छ ॥१९॥

हुताशनो जलं व्याधिर्दुर्भिक्षं मरणं तथा ।
इति पञ्चविधं दैवं व्यसनं मानुषं परम् ॥२०॥

---

*'व्यसति श्रेयस इति व्यसनम्', अर्थात् जुन कुराले मानिसलाई भलो मार्ग-बाट गिराइदिन्छ, त्यसलाई व्यसन भन्दछन् । रण्डीबाजी, जूवा, मद्यपान, शत्रुको आक्रमण, आगलागी, रोग, अनिकाल आदि व्यसन प्रसिद्ध छन् । व्यसनको उल्लेख पहिले पनि भएको छ ।

÷दैव भनेको पूर्वजन्मको कर्म हो । त्यसबाट हुने अनिष्ट फलको सम्बन्ध-लाई अनय भन्दछन् । मनुष्यबाट यसै जन्ममा गरिने अनिष्टफलदायक कामलाई अपनय भन्दछन् । यी दुवै प्रकृति व्यसनका कारण हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आगलागी हुनु, अतिवर्षा या डुबाऊ हुनु, रोग फैलनु, अनिकाल पर्नु, मानिस मर्नु; यति पाँच प्रकारको व्यसन दैवी व्यसन हो। यस बाहेक अरू व्यसनहरू मानुष व्यसन हुन् ॥२०॥

दैवं पुरुषकारेण शान्त्या वा प्रशमं नयेत् ।
उत्थायित्वेन नीत्या वा मानुषं कार्यतत्त्ववित् ॥२१॥

कर्तव्यको मर्म बुझ्ने शासकले दैवबाट आइपर्ने उपर्युक्त व्यसनलाई पुरुषार्थ अथवा अथर्ववेदमा बताइएअनुसारका शान्तिद्वारा शान्त गराउनुपर्छ। मानुष (मानिसबाट आइपर्ने स्त्रीप्रसङ्ग मद्यपान आदि र शत्रुले गरेको आक्रमण आदि) व्यसनलाई जागरूकता अथवा ×नीतिद्वारा शान्त गराउनुपर्छ ॥२१॥

स्वाम्यादिमित्रपर्यन्तं प्रकृतं मण्डलं हि तत् ।
तस्य कर्म प्रवक्ष्यामि व्यसनं च यथाक्रमम् ॥२२॥

स्वामी, अमात्य, राष्ट्र, दुर्ग, कोश, फौज र मित्र यी सात प्रकृतिको समूहलाई 'प्राकृत मण्डल' भन्दछन्। अब ग्रन्थकारको रायअनुसार यी सब प्रकृतिको कर्तव्य र व्यसन क्रमशः बताइनेछ ॥२२॥

मन्त्रो मन्त्रफलावाप्तिः कार्यानुष्ठानमायतिः ।
आयव्ययौ दण्डनीतिरमित्रप्रतिषेधनम् ॥२३॥
व्यसनस्य प्रतीकारो राजराज्याभिरक्षणम् ।
इत्यमात्यस्य कर्मेदं हन्ति तद् व्यसनान्वितः ॥२४॥

मन्त्र (कर्तव्य कामको निश्चय), मन्त्रफलप्राप्ति (पहिले नै आइपर्ने विघ्नबाधा हटाएर साध्य फल पाउनु) गर्ने निश्चय गरिएका दुर्गनिर्माण आदि काम गर्नु, भविष्य राम्रो बनाउनु, आमदानी र खर्चको हिसाब ठीक गर्नु, दण्डनीय व्यक्तिहरूमा उचित दण्डको प्रयोग गराउनु, शत्रुलाई बढ्न नदिनु, सबै प्रकारका व्यसनको प्रतीकार गर्नु, राजा र राज्यको रक्षा गर्नु; यो सबै अमात्य (मन्त्री) को काम हो। मन्त्री व्यसनी भयो भने यी सबै कुरा लथालिङ्ग पारिदिन्छ ॥२४॥

अमात्यैर्व्यसनोपेतैर्ह्रियमाणो हि भूपतिः ।
अशक्त एवोत्पतितुं छिन्नपक्ष इवाण्डजः ॥२५॥

व्यसनी मन्त्रीहरूले सुमार्गबाट हटाइन लागेको राजा पखेटा काटिएको चरो उड्न नसकेझैं उन्नति गर्न सक्तैन ॥२५॥

×सन्धि, विग्रह, आदि र साम, दान, भेद, दण्डहरूको समुचित प्रयोगद्वारा।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिरण्यवस्त्रधान्यादि वाहनादि तथैव च ।
तथान्ये द्रव्यनिचयाः प्रजातः सम्भवन्ति हि ॥२६॥
वार्तां प्रजा साधयति वार्ता वै लोकसंश्रया ।
प्रजायां व्यसनस्थायां न किञ्चिदपि सिध्यति ॥२७॥

नगदी धन, कपडा, अनाज आदि र वाहन आदि एवं अरू धेरै द्रव्य (जिन्सी माल) हरू प्रजाहरूबाटै उपलब्ध हुन्छन् । वार्ता (खेती, पशुपालन र व्यापार) लाई सफल गराउने प्रजा नै हुन् र वार्ता नै दुनियाँको आधार हो । त्यस कारण प्रजा व्यसनी भएपछि कुनै काम पनि सफल हुँदैन ॥२६–२७॥

प्रजानामापदि त्राणं रक्षणं कोशदण्डयोः ।
पौराश्चैवोपकुर्वन्ति संश्रयायेह दुर्गिणाम् ॥२८॥
तूष्णींयुद्धं जनत्राणं मित्रामित्रपरिग्रहः ।
सामन्ताटविकाबाधानिरोधो दुर्गसंश्रयात् ॥२९॥
स्वपक्षैः परपक्षैश्च दुर्गस्थः पूज्यते नृपः ।
एतद्धि दुर्गव्यसनात् सर्वमेव विपद्यते ॥३०॥

शत्रुको आक्रमण आदि आपत्ति आइपरेको अवस्थामा दुनियाँको बचाउ, कोश (धनागार) र फौजको सुरक्षा; यो दुर्गको काल हो । ठूलो आपत्ति परेको बेलामा आफूले पनि आश्रय गर्नुपर्ने हुनाले शहरिया नागरिकहरू पनि दुर्गपति राजाहरूको धन–जनले उपकार गर्छन् । तूष्णींयुद्ध (पूर्वसूचना नदिई आक्रमण गर्नु अथवा विषप्रयोग आदिद्वारा या गुप्त रूपले फूट पारिदिएर शत्रुलाई समाप्त गर्नु), दुष्टहरूबाट जनताको रक्षा गर्नु, मित्रलाई आफ्नो पक्षमा लिनु, शत्रुलाई पक्रनु (अथवा आपदमा परेका मित्रको सहायता गर्नु र शत्रुलाई अँचेट्नु), सामन्त राजाहरू र आटविक (जङ्गलका तैनाथवाला या जङ्गली व्यक्ति) हरूबाट आइ- पर्ने धक्का रोक्नु, यी सबै कुरा दुर्गको आश्रयबाट नै हुन सक्छन् ।

आफ्ना पक्षका र शत्रुपक्षका व्यक्तिहरूले पनि दुर्गमा रहने राजालाई नै सम्मानको दृष्टिले हेर्छन् । अतः दुर्ग नै आपद्ग्रस्त भयो भने उपर्युक्त सबै कुराहरू हराउँछन् ॥२८।२९।३०॥

भृत्यानां भरणं दानं भूषणं वाहनक्रियाः ।
स्थैर्यं परोपजापश्च दुर्गसंस्कार एव च ॥३१॥
सेतुबन्धो वणिक्कर्म प्रजामित्रपरिग्रहः ।
धर्मकामार्थसिद्धिश्च कोशादेतत् प्रवर्तते ॥३२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोशमूलो हि राजेति प्रवादः सार्वलौकिकः ।
एतत् सर्वं जहात्याशु कोशव्यसनवान् नृपः ॥३३॥

सबै कर्मचारीहरूको भरण, पोषण, दान (धर्मकार्यमा दिइने पदार्थ र प्रसन्न भएको अवस्थामा दिइने पारितोषिक आदि), शरीर महल र अरू महत्त्वपूर्ण वस्तुलाई सजाउने आभूषण, घोडा हात्ती रथ आदि वाहन र यानको व्यवस्था, आफ्नो कर्तव्यमा स्थिरता, शत्रुको फौजी शक्तिमा फूट पारिदिन सक्नु, किल्लाहरूको मरम्मत, पुल–बाँधहरूको निर्माण, व्यापारको काम, प्रजाहरूलाई सुबिधा हुने प्रबन्ध, मित्रहरूको सङ्ग्रह, धर्म, अर्थ, काम यी तीनै पुरुषार्थहरूको सफलता; यी सबै कुरा कोश (राज्यको मूलढुकुटी) बाट नै चल्दछन् । 'कोशमूलो राजा' (ढुकुटीका भरको राजा) भन्ने शक्ति सारा संसारमा प्रख्यात छ । त्यस कारण कोश मजबूत नभएको राजाले उपर्युक्त सबै कामबाट हात धुनुपर्छ । आशय यो हो कि कोश बलियो नभएका राजाको सम्मान त के सत्ता नै संशयास्पद हुन सक्छ ।।३१–३३।।

क्षीणं बलं वर्धयति स्वतो गृह्णामि च प्रजाः ।
कोशवान् पृथिवीपालः परैरप्युपजीव्यते ॥३४॥

कोशवान् (ढुकुटी बलियो भएको) राजा आफ्नो खिइँदै गएको फौजी शक्ति बढाउन र धनकै आधारमा दुनियाँलाई पनि आफ्नो पक्षमा लिन सक्छ । अरू त के शत्रुहरू पनि त्यस्ता राजाको आश्रय गर्दछन् ।।३४।।

मित्रामित्रहिरण्यानां भूमिनां च प्रसाधनम् ।
दूरकार्याशुकारित्वं लब्धस्य परिपालनम् ॥३५॥
परचक्राभिघातश्च स्वदण्डस्य परिग्रहः ।
दण्डादेतत् प्रभवति याति तद्व्यसने क्षयम् ॥३६॥

आफ्नो अपकार गर्न चाहने मित्र भनाउँदा व्यक्ति र शत्रुहरू, दुःखसाध्य संपत्ति तथा सामन्त र ‡आटविकहरूले आक्रमण गरिएका जमीनहरूलाई आफ्नो अधीनमा ल्याइदिनु, टाढाको काम तुरुन्त फर्स्याउन सक्नु, आफ्ना अधिकारमा आएका कुराको राम्रो सुरक्षा गर्नु, आफ्ना राज्यमा आक्रमण गर्न आइलाग्ने शत्रुको फौजलाई नष्ट गराउनु, आफ्नो फौजी शक्तिलाई आफ्नो अनुकूल बनाउनु या शत्रुले दबाउन लागेका वेलामा आफ्ना फौजको सुरक्षा गर्नु, यी सब कुरा दण्ड (राष्ट्रिय सैनिक शक्ति) द्वारा हुने हुन् । त्यस कारण सैनिक जवानहरू व्यसनी भए भने उपर्युक्त सबै कुरा बिग्रन्छन् ।।३५–३६।।

‡जंगलका अधिकारी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अरयोऽपि हि मित्रत्वं यान्ति दण्डवती ध्रुवम् ।
दण्डप्रायो हि नृपतिर्भुनक्त्याक्रम्य मेदिनीम् ॥३७॥

सैन्यशक्ति तगडा भएको राजाका शत्रुहरू पनि मित्र हुन आउँछन् । धेरै फौज भएको राजा नै पृथ्वीलाई अधीनमा राखेर भोग गर्न सक्छ ॥३७॥

संस्तम्भयति मित्राणि शत्रूनुत्सादयत्यपि ।
भूकोशदण्डैर्व्रजति प्राणैश्चाप्युपकारिताम् ॥३८॥
तत्तत् करोति च बहिर्मित्रं स्नेहनिबन्धनम् ।
तस्मिन् व्यसनमापन्ने मित्रकर्म न विद्यते ॥३६॥

वास्तविक स्नेहबाट भएको मित्रले विजिगीषुको कमजोर अवस्थामा आफ्नो फाइदा नहुने देखेर अथवा अरू नै कारणले विजिगीषुको पक्षमा रहन नचाहने अरू मित्रहरूलाई उसैको (विजिगीषुकै) पक्षमा स्थिर गराइदिन्छ, शत्रुहरूलाई नष्ट गराउँछ, आफूसँग भएको जमीन, धन, फौज र आफ्नै प्राणले समेत विजिगीषुको उपकार गर्न पछि हट्दैन; बाहिरका जस्तासुकै काम पनि गरिदिन्छ । त्यस्तो मित्र व्यसनमा पर्‍यो भने मित्रबाट हुन सक्ने पूर्वोक्त सब कुरा ठप्प हुन्छन् ॥३८।३९॥

उपकाराद्दतेऽप्याशु मित्रं श्रेयसि तिष्ठति ।
मित्रवान् साधयत्यर्थान् दुस्साध्यानप्यनादरात् ॥४०॥

त्यस्तो असली मित्र आफूले उसको उपकार नगरे तापनि आफ्नो भलाइमा तुरुन्त तत्पर रहन्छ । मित्र भएको राजा कठिन कामहरू पनि अनायास सफल गराउन सक्छ ॥४०॥

अन्वीक्षणं च विद्यानां सद्वर्णाश्रमरक्षणम् ।
ग्रहणं शस्त्रशास्त्राणां युद्धमार्गोपशिक्षणम् ॥४१॥
व्यायामः शास्त्रविज्ञानं वर्मणां लक्षणानि च ।
गजाश्वरथपृष्ठेषु यथावत् सम्प्रवर्तनम् ॥४२॥
नियुद्धकौशलं माया परिचित्तप्रवेदनम् ।
धूर्तता शाठ्ययुक्तेषु सत्सु सद्वृत्तदर्शनम् ॥४३॥
मन्त्रोद्योगोऽनुमन्त्रत्वं तद्रक्षा तात्स्थ्यमेव च ।
उपेक्षा साम दानं च भेदो दण्डश्च साधनम् ॥४४॥
प्रशास्तृसूतसेनानीमन्त्र्यमात्यपुरोधसाम् ।
सम्यक् प्रचारविज्ञानं दुष्टानां चावरोपणम् ॥४५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गतागतपरिज्ञानं दूतसम्प्रेषणानि च ।
प्रकृतिव्यसनापोहः क्रुद्धप्रशमनानि च ॥४६॥
गुरूणामनुवृत्तिश्च पूज्यानामनुपूजनम् ।
धर्मासनप्रतिष्ठानं राज्यकण्टकशोधनम ॥४७॥
भृताभृतपरिज्ञानं कृताकृतपरीक्षणम् ।
तुष्टातुष्टविचारश्च सर्वेषामनुजीविनाम् ॥४८॥
मध्योदासीनचरितज्ञानं तत्सिद्धिपालनम् ।
प्रतिग्रहश्च मित्राणाममित्राणां च निग्रहः ॥४९॥
पुत्रदारादिगुप्तिश्च बन्धुवर्गपरिग्रहः ।
खनिद्वीपवनादीनां स्ववृत्तीनां प्रवर्तनम् ॥५०॥
असतां च परिक्षेपः सतां च परिगृहनम् ।
अहिंसा सर्वभूतानामधर्माणां च वर्जनम् ॥५१॥
अकार्यप्रतिषेधश्च कार्याणां च प्रवर्तनम् ।
प्रदानं च प्रदेयानामदेयानामसङ्ग्रहः ॥५२॥
अदण्डनमदण्ड्यानां दण्ड्यानां चापि दण्डनम् ।
अग्राह्याग्रहणं चैव ग्राह्याणां ग्रहणं तथा ॥५३॥
अर्थयुक्तस्य करणमनर्थस्य च वर्जनम् ।
न्यायतश्च करादानं स्वयं च प्रतिमोक्षणम् ॥५४॥
समर्थनं प्रधानानां निरस्यानां निराकृतिः ।
वैषम्याणां प्रशमनं भृत्यानां चाविरोधनम् ॥५५॥
अविज्ञातस्य विज्ञानं विज्ञातस्य च निश्चयः ।
आरम्भः कर्मणः शश्वदारब्धस्यान्तदर्शनम् ॥५६॥
अलब्धलिप्सा न्यायेन लब्धस्य च विवर्धनम् ।
परिवृद्धस्य विधिवत् पात्रे सम्प्रतिपादनम् ॥५७॥
अधर्मप्रतिषेधश्च न्यायमार्गेण वर्तनम् ।
उपकार्योपकारित्वमिति वृत्तं महीपतेः ॥५८॥

(राज्यका सात अङ्गहरूमा प्रधान 'स्वामी' का कर्तव्यको वर्णन ४१ देखि ५८ सम्मका पद्यहरूमा गरिन्छ ।)

(१) †आन्वीक्षिकी, *त्रयी, ‡वार्ता, ※दण्डनीति यी विद्याहरूको राम्रो विचार गर्नु (२) आफ्नो धर्ममा रहने ब्राह्मण आदि वर्ण र ब्रह्मचर्य

---

†तर्कविद्या । *वेदविद्या । ‡कृषि-पशुपालन-वाणिज्यविज्ञान । ※राजशास्त्र ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदि आश्रमको रक्षा गर्नु (३) शस्त्रशास्त्र (धनुर्वेद आदि शस्त्रविद्या) को ज्ञान गर्नु (४) युद्ध गर्ने विभिन्न तरीकाहरू सिक्नु (५) कसरत गर्नु (६) शास्त्रको मनन गर्नु (७) कवचहरूका लक्षणहरू बुझ्नु अर्थात् कस्तो धातुबाट बनेका कस्ता प्रकारका कवच बेश वा घटिया हुन्छन् सो जान्नु (८) हात्ती, घोडा, रथहरूमा ठीकसँग रहन सिक्नु (९) मल्लयुद्ध (पहलवानहरूले गर्ने कुश्ती आदि) गर्न कुशल हुनु (१०) छल-कपट गर्न जान्नु (११) अर्काका मनको कुरा फट्ट बुझ्न सक्नु (१२) धूर्तहरूमा धूर्त्याइँ र सज्जनहरूमा सज्जनता देखाउनु (१३) ज्ञानवृद्ध र हितचिन्तक व्यक्तिहरूका साथ परामर्श गर्दै रहनु (१४) त्यसरी परामर्श गरिएका प्रत्येक विषयमा फेरि एक्लै विचार गर्नु (१५) त्यस्तो परामर्श (मन्त्र) लाई कार्यरूपमा परिणत नगराउञ्ज्याल गुप्त राख्नु (१६) त्यसमा (मन्त्रमा) दृढ रहनु (१७) उपेक्षा, साम, दान, भेद, दण्ड, यी पाँच साधन (उपाय) हरूको राम्ररी प्रयोग गर्नु (१८) फौजी अफिसर, सारथि, सेनापति, मन्त्री (बौद्धिक परामर्श दिने सचिव), अमात्य (कुनै पनि कामको बारेमा विशेष परामर्श दिने सचिव) पुरोहितहरूको कार्यमा प्रगति आदि राम्रोसँग बुझ्नु (१९) दुष्टहरूलाई पदच्युत गराउनु (२०) मानिसहरूको दरबारमा आवत-जावत कारणवश हुँदै छ या अकारण सो बुझ्नु (अथवा दुष्ट संदेहास्पद व्यक्तिहरूको आवागमन कहाँ कहाँ हुन्छ, पत्ता लगाउनु) (२१) दूतहरूलाई पठाउनु (२२) प्रकृति-(आफूसहित अमात्य आदि सात प्रकृति र प्रजाहरू) को व्यसन हटाउनु (२३) रिसाएका व्यक्तिहरूलाई शान्त गराउनु (२४) मान्य व्यक्तिहरूको अनुसरण गर्नु (२५) पूज्य व्यक्तिहरू-को उचित सम्मान गर्नु (२६) धार्मिक संस्थाहरूको प्रतिष्ठा गराउनु वा तिनीहरूलाई कायम राख्नु (२७) राज्यका कण्टकहरूलाई साफ गराइदिनु (२८) सरकारी सेवामा रहेका कर्मचारीहरूले उचित रूपमा तलब पाए-नपाएको, काम राम्रोसँग गरे-न-गरेको र तिनीहरू सन्तुष्ट भए-न-भएको बुझ्नु, जाँच्नु र विचार गर्नु (२९) मध्यम र उदासीन राजाहरूको काम-कारबाई जान्नु (३०) उनीहरूको सहानुभूति प्राप्त गर्नु र उनीहरूलाई अनुकूल बनाइराख्नु (अथवा उनीहरू साम दान आदि उपायहरूको प्रयोगमा कसरी सफल भएका छन् त्यो तरीका अपनाउनु) (३१) मित्रहरूको संग्रह गर्नु (३२) शत्रुहरूलाई अँचेट्नु (३३) छोरा र रानीहरूलाई सुरक्षित राख्नु (३४) बन्धु-बान्धवहरूलाई आफ्नो पक्षमा बनाइराख्नु (३५) खानी, द्वीप (चारैतर्फ पानी भएको बीचको प्रदेश), वन आदि आफ्ना जीविकाका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपायहरूलाई ठीक ठीक काममा लगाउनु अर्थात् खानी खनाउनु, द्वीपहरूबाट मूल्यवान् पत्थर रोडा आदि निकास गर्नु, जङ्गलको उचित सुरक्षा र काठहरूका बिक्रीको व्यवस्था मिलाउनु आदि काम राजकोशको समृद्धिमा ज्यादै सहयोगी हुने हुनाले तिनीहरूलाई चालू राख्नु (३६) ईमानदारी नभएका बदमाश प्रकृतिका मानिसहरूलाई दान–मानबाट झिकिदिनु (३७) ईमानदार सज्जन व्यक्तिहरूलाई आदरसाथ पक्षमा लिनु (३८) कुनै पनि प्राणीको व्यर्थ हिंसा नगर्नु (३९) अधर्मयुक्त कुरा छोडिदिनु (४०) अनुचित कामहरूमा रोक लगाइदिनु (४१) उचित कामहरूलाई व्यवहारमा ल्याउनु (४२) दान, बकस, सहायता आदिको रूपमा दिनुपर्ने कुरा दिइहाल्नु (४३) अपात्र (दिन अयोग्य व्यक्ति) हरूको संग्रह नगर्नु (४४) दण्ड दिन लायक नभएका व्यक्तिहरूलाई दण्ड नदिनु (४५) दण्डनीय अपराधीहरूलाई दण्ड दिनु (४६) पहिले आफूसँग विरोध गरेका, दुनियाँदारले नरुचाइएका आदि अग्राह्य व्यक्तिहरूलाई आफ्नो पक्षमा नराख्नु (४७) बुद्धिमान् हितैषी जनप्रिय आदि ग्राह्य व्यक्तिहरूलाई आफ्नो पक्षमा मिलाउनु (४८) औचित्यपूर्ण *हीनविग्रह आदि गर्नु अर्थात् सफल हुने कुरामा मात्र हात हाल्नु (४९) अनुचित कुरा (बलवान्सँग विग्रह गर्नु आदि) छोडिदिनु (५०) नागरिकहरूबाट न्यायपूर्वक कर असूल गर्नु (५१) आफूले पनि राष्ट्रको हितका निमित्त छाती फुकाएर खर्च गर्नु (५२) राज्यका प्रधान कर्मचारीहरूको समर्थन गर्नु (५३) निकालिन लायक पदाधिकारीहरूलाई पदच्युत गराइदिनु (५४) पक्षपात आदिले भएको वैषम्य (तलमाथि वा घेरथोर) लाई ठीक गर्नु (५५) जागीरदारहरूको विरोध हुन नदिनु (५६) नबुझेको कुरा बुझ्नु (५७) बुझेका कुराको निश्चय गर्नु (५८) हरबखत नयाँ कामहरूको आरम्भ गर्दै रहनु (५९) थालेको काम पार लगाउनु (६०) नपाएको कुरा पाउने कोशिश गर्नु (६१) पाएको कुरालाई न्यायपूर्वक बढाउनु (६२) बढेको कुरालाई काइदासँग असल पात्रमा थन्क्याउनु अर्थात् ठीक ठाउँमा त्यसको उपयोग गर्नु (६३) अधर्मलाई रोक्नु (६४) न्यायको बाटोमा चल्नु (६५) उपकार गर्नुपर्ने व्यक्तिहरूको उपकार गर्नु; यति ६५ ओटा राजाका खास कर्तव्य हुन् ॥४१–५८॥

एतत् सर्वममात्यादि राजा नयपुरस्सरः ।
नयत्युन्नतिमुद्युक्तो व्यसनी क्षयमेव तु ॥५९॥

---

*आफूभन्दा कम बल भएका शत्रुसँगको विरोध वा युध्द ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नीतिअनुसार उद्योगमा लाग्ने राजाले अमात्य, राष्ट्र, कोश, दुर्ग, मित्र, फौज एवं राज्यका नागरिकहरू सबैलाई उन्नतिको बाटामा लैजान्छ। उही व्यसनी भयो भने अमात्यादिलाई समेत नष्ट गरिदिन्छ। आशय यो हो कि सबै अमात्य आदि राजाकै अधीनमा हुने हुनाले राजा †कूटस्थानीय हुन्छ। अरू सबै उसैका आधारमा असल वा खराब बन्न सक्छन्। अतः राजा व्यसनी भएपछि पूरा राष्ट्रको स्थिति बिग्रन्छ ।।५९।।

तस्मिन् धर्मार्थयोर्व्यग्रे तथैवास्वस्थचेतसि ।
सर्वमेतद् विशेषेण मन्त्रीसन्नेतुमर्हति ।।६०।।

राजा धर्म कमाउन वा आर्थिक उद्योग बढाउन आसक्त भएको अवस्थामा अथवा शारीरिक वा मानसिक अस्वस्थता आदिले अस्थिरचित्त भएको वेलामा खास गरेर बुद्धिमान् असल मन्त्रीले पूर्वोक्त सबै राजाका कामहरू चलाउनुपर्छ ।।६०।।

प्रकृतिकर्म नामक एकाईसौं प्रकरण समाप्त

†सुनारको गहना कमाउन सुन चाँदी आदि पिट्ने फलामको ठेउको जस्तै सधैं एक रूपमा रहने।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकृतिव्यसन–प्रकरण

वाग्दण्डयोश्च पारुष्यमर्थदूषणमेव च ।
पानं स्त्री मृगया द्यूतं व्यसनानि महीपतेः ॥६१॥

वाक्पारुष्य (अर्कालाई दिलमा बिझ्ने किसिमको कडा कुरा भन्नु), दण्डपारुष्य (राम्रो विचार नगरी कडा दण्ड दिनु) अरूको आर्थिक नोक्सान गरिदिनु अथवा आफ्नै धनको दुरुपयोग गर्नु, मदिरा पिउनु, स्त्रीमा आसक्त हुनु, शिकार र जुवा खेल्नु, यी सातओटा राजाका मुख्य व्यसन हुन् ॥६१॥

आलस्यं स्तब्धता दर्पः प्रमादो वैरकारिता ।
इति पूर्वोपदिष्टं च सचिवव्यसनं स्मृतम् ॥६२॥

अल्छ्याइँ, मान(मैंमैं), घमण्ड, बेहोशी, द्रोही स्वभाव, यी पाँच र पहिलेका वाक्पारुष्य आदि सात जम्मा बाह्रओटा *सचिवका व्यसन हुन् ॥६२॥

अतिवृष्टिरनावृष्टिर्मूषिकाः शलभादयः ।
असत्करश्च दण्डश्च परचक्राणि तस्कराः ॥६३॥
राजानीकप्रियोत्सर्गो मारकव्याधिपीडनम् ।
पशूनां व्यसनं रोगो राष्ट्रव्यसनमुच्यते ॥६४॥

ज्यादा वर्षा हुनु, वर्षा नहुनु, मूसा र सलह आदि ज्यादा लाग्नु, अनुचित रूपले तिरो बढ्नु, अनुचित दण्ड हुनु, शत्रुहरूका सैन्य आसपासमा आएर बस्नु, चोर डाँकाहरू बढ्नु, राजकीय सैनिक र राजाका प्यारा व्यक्तिहरूलाई जथाभावी गर्न दिनु, हैजा प्लेग आदि मारक रोगहरूले पिर्नु, खोर्याँत, भ्यागुते आदि रोगहरूद्वारा पशुहरू सङ्कटमा पर्नु, यी राष्ट्रव्यसन हुन् ॥६३।६४॥

विशीर्णयन्त्रप्राकारपरिखात्वमशस्त्रता ।
क्षीणघासेन्धनान्नत्वाद् दुर्गव्यसनमुच्यते ॥६५॥

सर्वतोभद्र आदि यन्त्र बिग्रनु, पर्खाल गिर्दा खाईहरू भत्किनु, हतियार नहुनु, घाँस दाउरा अनाजहरू सिद्धिनु, यी दुर्ग (किल्ला) का व्यसन हुन् ॥६५॥

*सचिव शब्दले बुद्धिसचिव (मन्त्री) तथा कार्यसचिव (अमात्य) दुवैको बोध हुन्छ । मन्त्री तथा अमात्य शब्द परस्पर पर्यायवाचक पनि देखिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्ययीकृतः परिक्षिप्तो भक्षितोऽसञ्चितस्तथा ।
मुष्रितो दूरसंस्थश्च कोशव्यसनमुच्यते ॥६६॥

अनुचित रूपमा खर्च गरिनु, राज्यका विभिन्न स्थानमा खण्ड-खण्डको रूपमा विभाजित हुनु, कीरा आदिले खाइनु, राम्रोसँग सञ्चित नहुनु, चोरिनु, राजधानीदेखि टाढा रहनु यी कोशका व्यसन हुन् ॥६६॥

(अबका ६ श्लोकमा फौजी व्यसन बताइन्छन्) —

उपरुद्धं परिक्षिप्तं विमानितममानितम् ।
अभृतं व्याधितं श्रान्तं दूरायातं नवागतम् ॥६७॥
परिक्षीणं प्रतिहतं प्रहताग्रजवं तथा ।
आशानिर्वेद्यभूमिष्ठमनृतप्राप्तमेव च ॥६८॥
कलत्रगर्भ्यतिक्षिप्तमन्तःशल्यं तथैव च ।
भिन्नगर्भं ह्यपसृतमवमुक्तं तथैव च ॥६९॥
क्रुद्धमौलारिमित्रं च निविष्टं चापि विद्विषा ।
दूष्ययुक्तं स्वविक्षिप्तं मित्रविक्षिप्तमेव च ॥७०॥
विच्छिन्नवीव धासारं शून्यमूलं तथैव च ।
अस्वामिसङ्गतं चैव भिन्नकूटं तथैव च ॥७१॥
दुष्पार्ष्णिग्राहमन्धं च बलव्यसनमुच्यते ।
अत्र किञ्चिदसाध्यं तु किञ्चित् साध्यं तदुच्यते ॥७२॥

(१) शत्रुको जेल आदिमा रोकिनु वा शत्रुका घेरामा पर्नु (२) धेरै विभाजित भएर रहनु (३) मालिकबाट तिरस्कृत हुनु, एवं (४) ‡आदृत नहुनु (५) बेतलबी हुनु (६) रोगी हुनु (७) कडा परिश्रमले थाकेको हुनु (८) टाढाबाट आएको हुनु (९) भरखर भर्ती भएको हुनु (१०) ज्यादै निस्तागत हुनु अथवा धेरैमा केही मात्र बच्नु (११) शत्रुबाट हार खाएको हुनु (१२) पहिलो वेग (जोश) शत्रुद्वारा समाप्त गरिएको र मुख्य नेता मारिएको हुनु (१३) आशाले दिग्दार भएको हुनु (१४) कुठाउँमा पर्नु (१५) कूठमूठको व्यवहारद्वारा जोरिएको (बटुलिएको) हुनु (१६) छिपाएर स्वास्नी राख्नु (१७) टाढा टाढाका राज्यहरूमा सहायताको निमित्त पठाइएको हुनु (१८) गुप्त शत्रुले युक्त भएको हुनु (१९) भित्र भित्रै फूट भएको हुनु (२०) साथीहरूबाट छुटेको (एक्लिएको) हुनु (२१) युद्धबाट सेनापति आदि भागेपछि भागेर आएको हुनु (२२) रिसाइराखेका आफ्ना कुल-परम्परा-

‡आदर गरिएको ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखिका सेवकहरू सैनिकहरूको रूपमा रहेका हुनु (२३) गुप्त रूपले शत्रुसँग मिलेको हुनु (२४) शत्रुका जासूसहरूले भित्रभित्रै प्रवेश गरी कलेजा छामिएको (सबै कुरा जानिएको) हुनु (२५) दूष्य (मराउन योग्य) व्यक्तिले युक्त भएको हुनु (२६) आफूले जासूसीको निमित्त सैनिकको रूपमा राखिएको हुनु (२७) मित्रकार्यको निमित्त टाढा पठाइएको हुनु (२८) अन्न-जल र मित्र-सैन्यको सहारा समाप्त भएको हुनु (२९) धन एवं स्त्री पुत्रादिका निमित्त सुरक्षित स्थान नभएको हुनु (३०) मालिकको अनुमति नपाई काम गर्ने स्थितिमा हुनु (३१) परस्परमा नै विभिन्न छलकपटद्वारा एकले दोस्रोको हानि गर्न खोज्ने हुनु (३२) पार्ष्णिग्राह (पछाडिबाट आइलाग्ने शत्रु) ज्यादै खतरनाक भएको हुनु (३३) कुनै निर्देशक नभएको हुनु, यति ३३ ओटा फौजी व्यसन हुन्। तिनमा केही साध्य (सपार्न सकिने) र केही असाध्य (सपार्न नसकिने) हुनाले त्यसको विवेचन अब गरिन्छ ।।६६–७२।।

उपरुद्धं तु युध्येत निर्गत्यान्यत ऊर्जितम् ।
परिक्षिप्तं न निर्मार्गं सर्वतः परिवेष्टितम् ।।७३।।

शत्रुले रोकिएको फौज कुनै अर्कै मार्गबाट निस्केर बलवान् भएपछि युद्ध गर्न सक्छ ।

विभाजित फौज सबै तिरबाट घेरिएको छ भने बाटै पाउन नसकेर युद्धको लागि उपयोगी हुन सक्तैन ।।७३।।

अमानितं हि युद्ध्येत कृतमानार्थसंग्रहम् ।
न विमानितमत्यर्थं प्रदीप्तक्रोधपावकम् ।।७४।।

सम्मान नगरिएको फौज सम्मान र धन पाएपछि युद्ध गर्न तयार हुन्छ ।

मालिकबाट ज्यादै तिरस्कृत भएर क्रोधको आगो दन्काइरहेको फौज भने लड्न तयार हुँदैन ।।७४।।

युध्येताभृतमत्यर्थं तदात्वकृतवेतनम् ।
न व्याधितमकर्मण्यं व्याधितं परिभूयते ।।७५।।

तलब भत्ता नपाएको फौज युद्धको समयमा खूब तलब र भत्ता पाएपछि लड्न तयार हुन्छ ।

रोग लागेर अकर्मण्य (काम नलाग्ने) भएको फौज लड्न सक्तैन । लड्न गए पनि हार्दछ ।।७५।।

परिश्रान्तं हि युद्ध्येत विश्रान्तं सुविधानतः ।
दूरायातं हतप्राणं न शस्त्रग्रहणे क्षमम् ।।७६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिश्रमले थाकेको फौज स्नान भोजन आदिद्वारा काइदासँग आराम पाइसकेपछि फेरि लड्न सक्छ। मित्रको सहायता आदि काम गरेर धेरै टाढाबाट आएको हुनाले प्राणशक्ति क्षीण भइसकेको फौजले हतियार उठाउन सक्तैन ।।७६।।

नवागतं हि युध्येत तद्देश्यैर्मिश्रितं नयात् ।
हतमुख्यप्रवीरं तु परिक्षीणं न युध्यते ॥७७॥

अर्कै देशबाट नयाँ भर्ती हुन आएको फौज त्यसै देशका पहिल्यैदेखि आफ्नो पल्टनमा काम गरिआएका व्यक्तिहरूसँग युक्तिसाथ मिलाइदिएमा युद्ध गर्न सक्छ ।

आफ्ना मुख्य वीरहरू मारिएपछि, उत्साह ज्यादै क्षीण भइसकेको वा यान वाहन आदि नभएको र नष्ट-भ्रष्ट भएको फौजले युद्ध गर्दैन ।।७७।।

युध्यते हि प्रतिहतं प्रवीरैः सह सङ्गतम् ।
हताग्रवेगं शक्तं न प्रमाथितपुरस्सरम् ॥७८॥

शत्रुबाट हार खाएको फौज वीर योद्धाहरूसँग मिल्न पायो भने फेरि लड्न सक्छ ।

पहिलो जोश शत्रुहरूद्वारा खतम गरिएको र सेनापति समेत मारिएको फौज युद्धमा टिक्न सक्तैन ।।७८।।

आशानिर्वेद्यलब्धार्थं पूर्णाशत्वात् तु युध्यते ।
अभूमिष्ठं प्रसारे न निरुद्धेऽल्पतया भुवः ॥७९॥

नपाएको कुरा पाउनको निमित्त फौज आशानिर्वेदी (आशा गर्दा गर्दा दिक्क भएको) हुन्छ । त्यस कारण आस गरेको कुरा पूरा गरिदिएपछि त्यस्तो फौज लड्न सक्छ ।

कुठाउँमा परेको फौज जमीन फराकिलो नहुनु आदि कारणबाट प्रसार (सैनिक व्यायाम आदि) रोकिएपछि युद्ध गर्न सक्तैन ।।७९।।

युध्येता*नृतसम्प्राप्तं यथार्हायुधवाहनम् ।
कलत्रगर्भि चोन्नीतकलत्रं समरक्षमम् ॥८०॥

कूटमूठको व्यवहारद्वारा जोरिएको फौज उचित हतियार र वाहन पाएपछि युद्ध गर्न सक्छ ।

गुप्त रूपले स्वास्नी राख्ने फौज पनि सुरक्षित रूपले स्वास्नीलाई अन्यत्रै राखिदिएपछि लड्न समर्थ हुन्छ ।।८०।।

---

*यहाँ 'अनृतसंप्राप्तम्' को ठाउँमा 'आवृतसंप्राप्तम्' यस्तो पाठ पनि भएकोले 'शत्रुको घेराबाट फुत्केर आएको'; यो अर्थ अझ उचित पर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनेकराज्यान्तरितमतिक्षिप्तं न युध्यते ।
अन्तर्गतामित्रशल्यमन्तःशल्यं हि न क्षमम् ॥८१॥

मित्रको सहायता आदिका निमित्त विभिन्न राज्यमा पठाइएको फौज युद्धमा भाग लिन सक्तैन ।

अन्तःशल्य (शत्रुरूपी काँडो भित्र भएको) अर्थात् भित्रभित्रै शत्रुले कुबाटोमा लगाएको फौज लड्न सक्तैन ॥८१॥

अन्योन्यस्माद् विनिर्भिन्नं भिन्नगर्भं न युध्यते ।
तथैवापसृतं शक्तं नैकराज्यान्तरीकृतम् ॥८२॥

परस्परमा नै भित्री फूट भएको फौज परस्परविरोधी हुनाले लड्न सक्तैन । समर्थ भए तापनि जासूस आदिको रूपमा वा अरू कुनै कामले टाढा देशमा गएको फौज पनि धेरै राज्यहरूद्वारा व्यवहित भएको हुनाले अर्थात् धेरै राज्य पार गरेर आउनुपर्ने हुनाले युद्धमा भाग लिन सक्तैन ॥८२॥

अवमुक्तमपक्रान्तमुख्यं तन्न क्षमं युधि ।
पितृपैतामहं मौलं तत् क्रुद्धं सान्त्वितं क्षमम् ॥८३॥

मुख्य सेनापति आदिले युद्ध छोडेर कुलेलम ठोकेपछि युद्धबाट भागेको अथवा मुख्य पल्टनदेखि युद्धमा अलग भएको फौज अवमुक्त भनिन्छ । त्यो युद्धमा समर्थ हुँदैन ।

आफ्नो कुल-परम्पराबाट चलिआएको फौजलाई मौल भन्दछन् । त्यो क्रुद्ध भएको छ भने उचित सान्त्वना पाएपछि लड्न सक्छ ॥८३॥

मित्रं शत्रुभिरेकस्थं तदाक्रान्ततयाऽक्षमम् ।
शत्रोरुपनिविष्टं तत्सामर्थ्यान्न क्षमं युधि ॥८४॥

शत्रुको साथमा रहेको मित्र पनि शत्रुको दबाउमा परिसकेको हुनाले आफ्नो पक्षमा लागेर लड्न सक्तैन । शत्रुको आसपासमा रहने व्यक्ति पनि आफ्नो पूरा सामर्थ्य देखाएर उससँग लड्न असमर्थ नै हुन्छ ॥८४॥

दूष्ययुक्तं तदुद्धाराद् युध्येतोद्धृतकण्टकम् ।
प्रधानयोधसंगुप्तं दूष्ययुक्तं समुत्पतेत् ॥८५॥

दूष्य (आफूले मराउनुपर्ने विरोधी व्यक्ति) ले युक्त भएको फौज त्यस्तो व्यक्तिलाई हटाइदिएपछि निष्कण्टक भएर युद्ध गर्छ । आफ्नो प्रधान योद्धाको तैनाथमा भएको फौज दूष्यसहित नै भए पनि लड्न सक्छ ॥८५॥

स्वविक्षिप्तं स्वविषये क्षिप्तमापद्युदाहृतम् ।
प्रकृष्टदेशकालत्वान्मित्रक्षिप्तमयौगिकम ॥८६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आपत्कालीन स्थितिमा सङ्कट हटाउनको निमित्त आफ्नै राज्यका विभिन्न स्थानमा राखिएको फौजलाई स्वविक्षिप्त भन्दछन् । यस्तो फौजबाट युद्धको समयमा काम लिन सकिन्छ । टाढा-टाढाका मित्र राष्ट्रमा पठाइएको फौजलाई मित्रविक्षिप्त भन्दछन् । यस्तो फौज टाढा देशमा रहेको र धेरै समयमा मात्र आउन सक्ने हुनाले युद्धमा काम दिन सक्तैन ।।८६।।

धान्यादेर्वीवधः प्राप्तिरासारस्तु सुहृद्वलम् ।
विच्छिन्नवीवधासारं वलं युद्धाय नेष्यते ॥८७॥

अनाज, पानी, नून, तेल, सागसब्जी आदिको प्राप्तिलाई वीवध र मित्रबाट मिल्ने फौजी सहायतालाई आसार भन्दछन् । यी दुवै कुरा टुटेपछि फौज युद्ध गर्न लायक रहँदैन ।।८७।।

कृतजानपदारक्षं शून्यमूलं युधि क्षमम् ।
पितृपैतातहं मौलं तेन शून्यं हि न क्षमम् ॥८८॥

जहान-परिवार आदिको सुरक्षाका निमित्त सुरक्षित स्थान नभएको फौज राज्यका नागरिकहरूद्वारा जहान-परिवार आदिको सुरक्षा गरिने प्रबन्ध भएमा युद्ध गर्न तयार हुन्छ ।'

बाबु-बाजेका पालादेखि परम्पराको रूपमा चलिआएको फौज मौल भनिन्छ । त्यस्ता खानदानी सैनिकहरूले शून्य भएको फौज युद्धमा टिक्न सक्तैन ।।८८।।

युध्यते शून्यमूलं हि यत्नान्मौलेन पालितम् ।
अस्वामिसङ्गतं नैव स्वामिना यद् विनाकृतम् ॥८९॥

परिवारको निमित्त सुरक्षित स्थान नभएको फौज खानदानी सैनिक अधिकारीहरूद्वारा प्रयत्नसाथ सुरक्षित राखिएपछि लड्न सक्छ ।

राजा वा सैनिक अफिसरको आज्ञा वा प्रत्यक्ष दर्शन नपाएको फौज निर्देशबिना नै काम गर्नुपर्ने हुँदा युद्ध गर्न असमर्थ हुन्छ ।।८९।।

न युध्यते भिन्नकूटं भिन्नकूटमनायकम् ।
पश्चात् कोपातिसन्तप्तं दुष्पार्ष्णिग्राहमक्षमम् ॥९०॥

परस्परमा एउटाले अर्कालाई खतरा पार्न खोज्ने भिन्नाभिन्नै कपट र ढोंग भएको एक-दोस्राको अधीनमा बस्न नचाहने फौज लड्न सक्तैन ।

दुष्ट पार्ष्णिग्राह भएको र पश्चात्कोप (पछाडिबाट हुने आक्रमण) को आशंकाले ज्यादै आकुल भएको फौज पनि युद्धमा समर्थ हुन सक्तैन ।।९०।।

अदेशिकं स्मृतं ह्यन्धं तन्मूढत्वात् क्रियाक्षमम् ।
वलव्यसनमित्यादि तत् समीक्ष्य समुत्पतेत् ॥९१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युद्धसम्बन्धी कुनै निर्देशक नभएको फौज अन्धो भनिन्छ। त्यस्तो फौज मूढ (कर्तव्याकर्तव्यको निर्णय गर्न नसक्ने) हुनाले युद्धको काम गर्न सक्तैन।

यो माथि बताइएको र यस्तै अरू प्रकारको पनि फौजी व्यसन राम्रो-सँग बुझेर मात्र विजिगीषुले आक्रमण वा युद्ध गर्नुपर्छ ।।९१।।

दैवोपपीडितं ग्रस्तं मित्रं शत्रुबलेन च।
कामक्रोधसमुत्थैश्च दोषैः संपरिकीर्तितैः ॥९२॥

मित्र वा मित्रराष्ट्र आगलागी, अतिवृष्टि, महामारी आदि दैवी आपत्तिले पीडित हुनु, शत्रुको फौजले घेरिनु, पहिले बताइएका मद्यपान, स्त्रीमा ज्यादा आशक्ति, शिकार, जुवा आदि कामज (कामबाट उत्पन्न हुने) र वाक्पारुष्य दण्डपारुष्य आदि क्रोधबाट पैदा हुने व्यसनहरूले आक्रान्त हुनु मित्र व्यसन हो ।।९२।।

नरेन्द्राद्याः प्रकृतयः सप्त याः परिकीर्तिताः।
पूर्वं पूर्वं गुरुतरं तेषां व्यसनमुच्यते ॥९३॥

'स्वाम्यमात्यश्च राष्ट्रं च-' इत्यादि श्लोकमा राजा, मन्त्री आदि जो सात प्रकृतिहरू बताइए, तिनमा पहिला-पहिलाको व्यसन ठूलो मानिन्छ। अर्थात् मित्रव्यसनको अपेक्षा बलव्यसन, त्यसभन्दा कोशव्यसन, त्यसभन्दा दुर्गव्यसन, त्यसभन्दा राष्ट्रव्यसन, त्यसभन्दा अमात्यव्यसन, त्यसभन्दा पनि राजव्यसन ज्यादै हानिकारक हुन्छ ।।९३।।

इत्यादि सर्वं प्रकृतेर्यथावद्
बुध्येत राजा व्यसनं प्रयत्नात्।
बुद्धया च शक्तया व्यसनस्य कुर्या–
दकालहीनं व्यवरोपणं सः ॥९४॥

त्यस कारण राजाले उपर्युक्त प्रकारको आफ्नोलगायत सातै प्रकृतिको व्यसन प्रयत्नसाथ बुझनुपर्छ र बुद्धि तथा शक्तिले भ्याएसम्म समय नबिताई त्यसको प्रतिकार गरिहाल्नुपर्दछ ।।९४।।

प्रकृतिव्यसनादि भूतिकामः
स्वमुपेक्षेत न हि प्रमाददर्पात्।
प्रकृतिव्यसनान्युपेक्षते यो
न चिरात् तं रिपवः पराजयन्ते ॥९५॥

आफ्नो समृद्धि चाहने राजाले प्रमाद (सुखभोगमा मस्त भएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्तव्यको फिक्री नगर्नु) र दर्प (शौर्य आदिको घमण्ड) को बशमा परेर आफू समेत आपना प्रकृतिका व्यसन आदिको उपेक्षा गर्न हुँदैन । जुन राजा प्रकृति-व्यसनहरूको उपेक्षा गर्छ, शत्रुहरू त्यसलाई तुरुन्तै दबाउँछन् ।।९५।।

इदमिदमिति सम्यक् कर्मणा योजनीयं
नियतमिति विचिन्त्य प्रापयेदीहमानः ।
सुनयपिहितरन्ध्रः प्राकृतो यस्य वर्गः
क्षितिपतिरुपभुङ्क्ते स त्रिवर्गं चिराय ॥९६॥

त्यस कारण आफ्नो कल्याण चाहने राजाले राज्यका सातै प्रकृतिको राम्रो अध्ययन गरी 'यस प्रकृतिमा यो दोष हुन सक्छ, त्यसो हुँदो यसलाई यस काममा नियुक्त गर्नु उचित पर्दछ' इत्यादि निश्चित रूपले सोचेर ती ती अमात्य आदिलाई उचित काम सुम्पनुपर्छ । यस प्रकारको राम्रो नीतिले जुन राजाका सातै प्रकृतिहरू व्यसनमा लाग्नै पाउन्नन् वा आफ्ना छिद्र (कमजोरी) हरूलाई प्रकाशित हुन दिंदैनन्, त्यही राजा धर्म, अर्थ, काम, तीनै पुरुषार्थको धेरै समयसम्म भोग गर्न सक्छ ।।९६।।

(प्रकृतिव्यसन नामक बाईसौं प्रकरण)

चौधौं सर्ग समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पन्ध्रौं सर्ग

सप्तव्यसन-वर्ग-प्रकरण

[प्रकृति-व्यसनहरूमा सातओटा व्यसन प्रमुख हुनाले तिनको विवेचन यस प्रकरणमा भएको छ।]

अमात्याद्याः प्रकृतयो मित्रान्ता राज्यमुच्यते।
अशेषराज्यव्यसनात् पार्थिवव्यसनं गुरु ॥१॥

राज्यका सात प्रकृतिहरूमध्ये अमात्यदेखि मित्रसम्मका अर्थात् अमात्य राष्ट्र, दुर्ग, कोश, बल (फौज) मित्र; यी छ प्रकृतिहरूलाई राज्य भन्दछन्। राजा (स्वामी) प्रधान प्रकृति हो। आचार्य कामन्दकको रायअनुसार राज्य अर्थात् उपर्युक्त संपूर्ण प्रकृतिको व्यसनभन्दा राजाको व्यसन ठूलो हुन्छ ॥१॥

राजा त्वव्यसनी राज्यव्यसनापोहनक्षमः।
न राजव्यसनापोहे समर्थं राज्यमूर्जितम् ॥२॥

राजा अव्यसनी भए भने उनी राज्यको व्यसन हटाउन समर्थ हुन्छन्। राजा नै व्यसनी भएको खण्डमा प्रगतिशील समृद्ध राज्यले पनि त्यसको व्यसन हटाउन सक्तैन ॥२॥

आत्मामात्यप्रजादुर्गकोशानां दण्डमित्रयोः।
व्यसनेभ्यः सामुन्नेता राजा यः स त्रिवर्गभाक् ॥३॥

जुन राजा आफू, अमात्य, प्रजा, दुर्ग, कोश, फौज र मित्र सबैलाई व्यसनहरूबाट बचाउन सक्छन्; उनै धर्म, अर्थ, काम, यी तीनै पुरुषार्थहरू सपार्छन् ॥३॥

अशास्त्रचक्षुर्नृपतिरन्ध इत्यभिधीयते।
वरमन्धो न चक्षुष्मान् मदादाक्षिप्तसत्पथः ॥४॥

शास्त्रीय आँखा नखुलेका राजा अन्धा र शास्त्रीय आँखा खुलेको चक्षुष्मान् कहलाउँछन्। शास्त्रीय मार्गको विपरीत दिशातर्फ बुद्धि झुकेका ज्ञानको गर्वले सन्मार्गको वास्तै नगर्ने त्यस्ता चक्षुष्मान्‌भन्दा शास्त्रीय आँखै नखुलेका अन्धा राजा बरु बेश हुन्छन् ॥४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्रिभिर्मन्त्रकुशलैरन्धः पथि निवेश्यते ।
चक्षुष्मांस्तु मदान्धः सन्नात्मानं हन्त्यशेषतः ॥५॥

अन्धा (शास्त्रीय दृष्टि नभएको) राजालाई बाटामा ल्याउन राम्रो मन्त्र गर्न जान्ने मन्त्रीहरू सक्छन् । आँखा देख्ने भएर पनि मदले अन्धा भएका राजाले त आफ्नो सत्यानाश नगरिछोड्दैन ॥५॥

शास्त्रचक्षुर्नृपस्तस्मान्महामात्रमते स्थितः ।
धर्मार्थप्रतिघातीनि व्यसनानि परित्यजेत् ॥६॥

त्यस कारण शास्त्रीय आँखा खुलेको बुद्धिमान् राजाले मन्त्री-भारदारहरूको मतमा चलेर धर्म र अर्थमा धक्का पुऱ्याउने व्यसनहरूलाई छोडिदिनुपर्छ ॥६॥

वाग्दण्डयोश्च पारुष्यमर्थदूषणमेव च ।
स्मृतं व्यसनतत्त्वज्ञैः क्रोधजं व्यसनत्रयम् ॥७॥

*वाक्पारुष्य, ✧दण्डपारुष्य, आर्थिक दुरुपयोग, यी तीन व्यसनहरूलाई व्यसनको तत्त्व जान्ने व्यक्तिहरूले क्रोधज (रिसबाट पैदा हुने) व्यसन मानेका छन् ॥७॥

कामजं मृगया द्यूतं स्त्रियः पानं तथैव च ।
व्यसनं व्यसनार्थज्ञैश्चतुर्विधमुदाहृतम् ॥८॥

शिकार, जुवा, अधिक स्त्रीप्रसङ्ग, मद्यपान, यी चार प्रकारका व्यसनहरूलाई व्यसनका विशेषज्ञहरूले कामज (कामवासनाबाट उत्पन्न हुने) व्यसन भन्दछन् ॥८॥

वाक्पारुष्यं परं लोक उद्वेजनमनर्थकम् ।
न कुर्याद् विप्रियां वाचं प्रकुर्याज्जनमात्मसात् ॥९॥

संसारमा वाक्पारुष्य जस्तो ठूलो मानिसहरूलाई बिच्क्याउने कुरा अरू कमै होला । अतः राजाले अप्रिय कुरा कदापि भन्न हुँदैन । मानिसलाई प्रिय वचनद्वारा आफ्नो वशमा गराउनुपर्दछ ॥९॥

अकस्मादेव यः कोपात् परुषं बहु भाषते ।
तस्मादुद्विजते लोकः सस्फुलिङ्गादिवानलात् ॥१०॥

जुन व्यक्ति कोकले एकाएक धेरै अप्रिय कुरा बोल्दछ; त्यसदेखि दुनियाँ धेरै फिल्का छोड्ने आगादेखि झैं बिच्कन्छ ॥१०॥

हृदये वागसिस्तीक्ष्णो मर्मच्छिन्निपतन् मुहुः ।
तेजस्विनं दीपयति स दीप्तो याति वैरिताम् ॥११॥

---

*मर्मवेधी शब्दको प्रयोग । ✧अनुचित रूपले कडा दण्ड गर्नु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हृदयमा बारबार गिर्न लागेको मर्मभेदी तीखो बोलीरूपी तरवारले तेजिलो व्यक्तिलाई क्रुद्ध गराइदिन्छ । क्रुद्ध भएको त्यस्तो व्यक्ति आफ्नो वैरी हुन जान्छ ॥११॥

नोद्वेजयेद् जगद् वाचा रूक्षया प्रियवाग् भवेत् ।
प्रायेण प्रियवाक्कर्मा कृपणोऽपि हि सेव्यते ॥१२॥

रूखो बोलीले दुनियाँलाई बिच्क्याउनु हुँदैन । प्यारो बोल्ने गर्नुपर्छ । प्रायः प्यारो बोल्ने र प्यारो काम गरिदिने व्यक्ति फिरन्टोको नै भए पनि दुनियाँले सेवा गरिन्छ ॥१२॥

असिद्धसाधनं सद्भिः शासनं दण्ड उच्यते ।
तं युक्त्यैव नयेद् दण्डं युक्तदण्डः प्रशस्यते ॥१३॥

साम, दान, भेद, यी तीन उपायहरूले सिद्ध नभएको कुरा सिद्ध गर्ने उपाय भएको अनुशासनलाई दण्ड भन्दछन् । त्यस दण्डलाई बडो युक्तिसाथ काममा ल्याउनुपर्दछ । किनभने उचित ठाउँमा उपयुक्त दण्ड दिने व्यक्ति नै प्रशंसा गरिने हुन्छ ॥१३॥

उद्वेजयति भूतानि दण्डपारुष्यवान् नृपः ।
भूतान्युद्वेज्यमानानि द्विषतां यान्ति संश्रयम् ॥१४॥

अनुचित रूपले कडा दण्ड दिने राजा जनतालाई बिच्क्याउने हुन्छन् । बिच्क्याइन लागेका मानिसहरू शत्रुहरूको आश्रयमा जान्छन् ॥१४॥

आश्रिताश्चैव लोकेन समृद्धिं यान्ति विद्विषः ।
समृद्धाश्च विनाशाय तस्मान्नोद्वेजयेत् प्रजाः ॥१५॥

त्यसरी आफ्ना प्रजाहरूले आश्रय गरिदिदा शत्रुहरूको उन्नति हुँदै जान्छ र बढ्न लागेका शत्रुहरू आफ्नै नाशका कारण हुन्छन् । त्यस कारण राजाले उग्र दण्डद्वारा दुनियाँलाई तर्साउन हुँदैन ॥१५॥

लोकानुग्रहकर्तारः प्रवर्धन्ते महीभुजः ।
लोकवृद्ध्या नरेन्द्राणां वृद्धिस्तत्संक्षये क्षयः ॥१६॥

दुनियाँदारसँग प्रेमपूर्ण व्यवहार गर्ने राजाहरू उन्नत हुँदै जान्छन् । किनभने दुनियाँको अभिवृद्धिसँगै राजाको अभिवृद्धि र दुनियाँको विनाशसँगै राजाको विनाश अवश्यम्भावी हुन्छ ॥१६॥

महत्स्वप्यपराधेषु दण्डं प्राणान्तिकं त्यजेत् ।
ऋते राज्यापहारात् तु तत्र दण्डः प्रशस्यते ॥१७॥

ठूलठूलै अपराधहरूमा पनि प्राणदण्ड दिन छोड्नुपर्छ । राज्यको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपहरणलाई छोडेर अरू अपराधमा प्राणदण्डबाहेक अरू नै प्रकारको दण्ड बेश मानिन्छ ।।१७।।

दूष्यस्य दूषणार्थं हि परित्यागे महीयसः ।
अर्थस्य नीतितत्त्वज्ञैरर्थदूषणमुच्यते ॥१८॥

दोषयुक्त व्यक्तिको उपकार गर्नका निमित्त गरिने अत्यधिक धनको खर्च वा दुरुपयोगलाई नीतिको तत्त्व जान्ने विद्वान्हरू अर्थदूषण भन्दछन् ।।१८।।

तदकस्मात् समाविष्टः कोपेनातिबलीयसा ।
नित्यमात्महिताकाङ्क्षी न कुर्यादर्थदूषणम् ॥१९॥

आफ्नो हित चाहने व्यक्तिले अकस्मात् कडा क्रोधको आवेशमा आएर त्यस्तो अर्थदूषण गर्न हुँदैन । अर्थात् ठूलो खतराको संभावना नभई आफूले मराउनुपर्ने ठूलो राष्ट्रद्रोही आदिको विषयमा बाहेक अरूको विषयमा रिसाहा भएर धेरै धन खर्च गर्न हुँदैन ।।१९।।

(यहाँपछि कामज व्यसनहरूका वर्णनको प्रसङ्ग आएको हुनाले तिनीहरूमा पहिलो मृगयाको वर्णन अब गरिन्छ)–

यानक्षोभो यानपातो यानाभिहरणं तथा ।
क्षुत्पिपासाश्रमायासशीतवातोष्णपीडनम् ॥२०॥
अभियानस्य सम्पत्त्या यानव्यसनजं महत् ।
दुःखं प्रतप्तसिकताकुशकण्टकभूमयः ॥२१॥
वृक्षसङ्कटका देशा लताकण्टकपातनम् ।
शैलपातशिलाजालस्थाणुवल्मीकपीडनम् ॥२२॥
प्रच्छन्नोपहितैः शैलसरिद्विपिनकुक्षिषु ।
वधबन्धपरिक्लेश आसन्नाटविकादिभिः ॥२३॥
स्वसैन्यैश्च स्वकुल्यैश्च परभिन्नैश्च मारणम् ।
ऋक्षाजगरमातङ्गसिंहव्याघ्रभयादि च ॥२४॥
दवाग्निधूमसंरोधो दिङ्मोहभ्रमणानि च ।
इत्यादि पृथिवीन्द्राणां मृगयाव्यसनं स्मृतम् ॥२५॥

(१) यानले हल्लाउँदा शरीर घतारिनु (२) यान वा सबारीबाट गिर्नु (३) यान अप्ठ्यारो ठाउँमा पुग्नु (४) भोक, तिर्खा, हिँडाइको थकाइ, हतियार चलाउँदाको प्रयत्न, जाडो, गर्मी, हावाको झोंकाहरूको पीर हुनु (५) सामुन्नेतिरबाट आइरहेको अर्को सबारीसँग धक्का खानु वा गिर्नुबाट यान खराब हुँदा हुने ठूलो कष्ट (६) तातेको बालुवा कुश र काँडा भएका ठाउँमा पुग्नु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(७) ज्यादै बाक्ला रूखहरू भएका ठाउँमा पुग्नु (८) लहरा र काँडाहरूले कपडा आदि गिराइदिनु या त्यस्तोमा गिर्नु । (९) पहाडहरूबाट या पहाड नै गिर्नु (१०) ढुङ्गाका थुप्रा ठुटा, धमिराका गोलाहरूमा ठक्कर खानु (११) पहाड, नदी, जङ्गलका कुनाहरूमा लुकेर वसेका आफूदेखि नाराज भइराखेका आफ्ना आसपासका व्यक्तिहरू वा जङ्गली व्यक्तिहरूद्वारा मार्न वा बाँध्नको निमित्त दु.ख दिइनु अथवा मारिनु या बाँधिनु (१२) शत्रुहरूद्वारा फूट पारिदिएर आफ्नो पक्षदेखि अलग गराइएका आफ्नै सैन्य वा आफ्नै कुलका दाजुभाइहरूबाट मारिनु (१३) भालु, अजिङ्गर, वनहात्ती, सिंह, बाघ आदिको भय हुनु (१४) वनडढेलो र त्यसबाट निस्केको धुवाँबाट रोकिनु वा घेरिनु (१५) अपरिचित स्थानमा दिशा पत्ता लगाउन नसकी अलमलिएर घुम्नु इत्यादि धेरै प्रकारका कष्टहरू शिकारमा जाने राजाहरूलाई पर्छन् ।।२०–२५।।

जितश्रमत्वं व्यायाम आममेदः कफक्षयः ।
चलस्थिरेषु लक्ष्येषु बाणसिद्धिरनुत्तमा ।।२६।।
मृगयायां गुणानेतानन्ये प्राहुर्न तत् क्षमम् ।
दोषाः प्राणहराः प्रायस्तस्मात् तत् परिवर्जयेत् ।।२७।।

कुनै आचार्यहरूले शिकार खेल्नुबाट निम्नलिखित गुण (फाइदा) हरू हुन्छन् भनी बताएका छन् । जस्तै–परिश्रम सहन सक्ने हुनु, शारीरिक व्यायाम हुनु, आउँ, बोसो र कफ घट्नु एवं हिड्ने वा नहिड्ने निशानाहरूमा अस्त्रशस्त्रको राम्रो सफलता पाउनु अर्थात् निशाना अचूक हुनु । परन्तु त्यो मत उचित होइन, किनभने शिकारबाट प्राणलाई नै समाप्त गरिदिने धेरै दोषहरू हुने हुँदा त्यो शिकारको व्यसन छोड्नै उचित छ ।।२७।।

आमादयो हि जीर्यन्ति योग्ययैव दिवानिशम् ।
चलेषु यन्त्रलक्ष्येषु बाणसिद्धिश्च जायते ।।२८।।

रातदिन हतियार चलाउने र वाहन आदिमा चढ्ने शिक्षाद्वारा नै आऊँ, कफ र बोसोको विकार शान्त हुन्छ । यन्त्रबाट चल्ने चञ्चल लक्ष्यहरूमा सफलतापूर्वक वाण आदि चलाउन पनि सकिन्छ । अर्थात् गतिमान् पदार्थमा ठीक निशाना मार्न सक्ने हुनको निमित्त पनि शिकारै खेल्नुपर्छ भन्ने नियम हुन सक्तैन र सबै शिकारका गुणहरू अन्यत्रैबाट पनि प्राप्त गर्न सकिन्छन् ।।२८।।

अथ चेन्मृगयाक्रीडावाञ्छा तन्नगरान्तिके ।
कारयेन्मृगयारण्यं क्रीडाहेतोर्मनोहरम् ।।२९।।

राजालाई शिकार खेल्ने नै इच्छा हुन्छ भने शहरको नजीकै शिकार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खेल्नको निमित्त एउटा राम्रो मृगवन (मृग आदि रहने प्रबन्ध भएको बगैंचा) बनाउन लगाउनुपर्छ ॥२९॥

*परिक्षिप्तं परिखया दुर्गया मृगगम्यया ।
आयामपरिणाहाभ्यामर्धयोजनसम्मितम् ॥३०॥
गिरेरुपान्ते नद्या वा पर्याप्तजलशाद्वलम् ।
अकण्टकलतागुल्मं विषपादपवर्जितम् ॥३१॥
पादपैः पुष्पफलदैः प्रज्ञातैश्चित्तहारिभिः ।
स्निग्धनीलघनच्छायैर्विरलैरुपशोभितम् ॥३२॥
पांसुपूरितनिश्छिद्रश्वभ्रप्रदरकन्दरम् ।
दलितस्थाणुवल्मीकपाषाणसमभूतलम् ॥३३॥
शोधितग्राहसलिलमगभीरजलाशयम् ।
नानापुष्पसमाकीर्णं नानाविहगसेवितम् ॥३४॥
सुपात्यमृगसम्पूर्णं हस्तिनीकलभान्वितम् ।
भग्नदंष्ट्रनखव्यालं छिन्नशृङ्गविषाणि च ॥३५॥
सुखसंसेव्यलतया पुष्पपर्णावनद्धया ।
वनराज्या परिक्षिप्तं परिखातटजातया ॥३६॥
बहिर्दूरान्तराभोगनिवृत्तस्तम्भभूतलम् ।
अगम्यं रिपुसैन्यानां मनःप्रीतिविवर्धनम् ॥३७॥
तद्वनेचरचित्तज्ञैः क्लेशायाससहैर्दृढैः ।
रक्षितं रक्षिभिः स्वाप्तैर्भूभुजामभिवृद्धये ॥३८॥

त्यो मृगवन दुई कोश लम्बाइ र दुई कोश चौडाइ भएको, मृगहरू मात्र भित्र जान सक्ने किसिमका खाईले घेरिएको, पहाड अथवा नदीको आसपासमा बसेको, ठाउँ-ठाउँमा पानी र हरिया खुला चउरहरू प्रशस्त भएको, काँडा नहुने लहराका झाङहरू र विषैला वृक्ष बाहेक अरू आफूले चिने-जानेका सधैं फलफूल लागिरहने, हेरिरहूँ जस्ता, चिल्लो बाक्लो कालो छाया भएका पातलो गरी लगाइएका र मन पर्दा रूखहरूले सुशोभित भएको, खाल्टाहरू जमीन चिरिएर धाँजा फाटेका ठाउँहरू एवं गुफाहरूलाई माटाले पुरी तथा ठुटा र धमिराका गोलाहरू उखाडेर पीटपाट पारी जमीन सम्म बनाइएको गोही आदि घातक जन्तुहरूलाई हटाई पानी स्वच्छ गराइएको, धेरै प्रकारका फूलले ढाकिएको थरी-थरीका चराहरूले युक्त भएको, सजिलैसँग मार्न सकिने मृगहरूले

*यी ९ श्लोकहरूको २९ सौं श्लोकसँग सम्वन्ध छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संपूर्ण र ढोई एवं छावाहरूले युक्त दाह्रा र नङ्ग्राहरू भाँचिदिएका बाघ, भालु आदि घातक जन्तुहरू र सींग काटिएका जराया आदि जनावरहरू भएको, फूल पत्ताहरूले झकिझकाउ भइरहेको, विष, काँडा आदि नहुनाले आरामसाथ छुन-चलाउन सकिने लहराहरूले जेलिएको, खाईका किनारमा उम्रेको पंक्तिवनले चारौंतर्फ घेरिएको, खाईका बाहिर वरिपरि निकै टाढा–(करीब एक कोश) सम्म रूख ठुटाहरू केही नराखी जमीन खाली राखिएकोले शत्रुका सैन्यहरूले एकाएक भित्र पस्न नपाउने, देख्तैमा मन प्रफुल्ल गराइदिने, त्यहाँ-भित्र रहने वनेचर (जंगली जातका) जन्तुहरूको भाव बुझ्न र दुःख एवं परिश्रम सहन सक्ने, बलिया, आफ्ना विश्वासपात्र रक्षकहरूले राजाहरूको फाइदाका निमित्त सुरक्षित राखिएको हुनुपर्छ ॥३०–३८॥

तत्कर्माप्तो नरेन्द्रस्य जनो जितपरिश्रमः ।
क्रीड़नायात्र विविधा मृगजातीः प्रवेशयेत् ॥३९॥

मृग आदिलाई छानेर ल्याउन सिपालु भरपर्दो र परिश्रमी व्यक्तिले राजालाई शिकार खेल्नको निमित्त तरह-तरहका मृगहरूलाई त्यस मृगवनमा प्रवेश गराउनुपर्छ ॥३९॥

अन्यकार्याविरोधेन प्रातश्चङ्क्रमणक्षमः ।
क्रीडनाय विशेद् राजा तदाप्तैः सहितो मितैः ॥४०॥

हिंड्ने सामर्थ्य भएका राजाले अरू काम नबिताईकन थोरै आपस्त व्यक्तिहरूका साथ बिहान शिकार खेल्नका निमित्त त्यस वनमा प्रवेश गर्नुपर्छ ॥४०॥

यदा च प्रविशेद्राजा क्रीडनार्थं तदा बहिः ।
सन्नद्धं यत्नतस्तिष्ठेत् सैन्यं दूरान्तगोचरम् ॥४१॥

जब त्यसरी क्रीडाका निमित्त मृगवनमा राजाको प्रवेश हुन्छ, त्यस समयमा त्यहाँदेखि निकै पर चारौंतर्फ सजिसजाउ भएको फौज सावधानीसाथ रहनुपर्छ ॥४१॥

सद्भिर्यो मृगयायाने गुणः साधु प्रकीर्तितः ।
क्रीडाप्रीतिर्नरपतिस्तं तत्र स्वयमाप्नुयात् ॥४२॥

सज्जनहरूले शिकार खेल्नमा जुन गुणलाई राम्रो मानेर बताएका छन्, शिकार खेल्न मन पराउने राजा त्यो सबै गुण (लाभ) त्यहीं पाउन सक्छन् ॥४२॥

विधिरेष समुद्दिष्टो मृगयाक्रीडने वरम् ।
न गच्छेदन्यथा राजा मृगयां मृगयुर्यथा ॥४३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिकार गर्नैपर्छ भने राजाले शिकार खेल्ने तरीका यही हो । यस्तो प्रबन्ध हुन सक्तैन भने व्याधाको जस्तो भएर शिकार खेल्न राजा जानुहुँदैन ।।४३।।

(अब जूवाका दोषहरू बताइन्छन्)–

महतोऽपि क्षणान्नाशो धनस्य ह्रीविमुक्तता ।
निस्सत्यता निष्ठुरता क्रोधो वाक्छस्त्रखण्डनम् ।।४४।।
लोभो धर्मक्रियालोपः कर्मणामप्रवर्तनम् ।
सत्समागमविच्छित्तिरसद्भिः सह वर्तनम् ।।४५।।
अर्थनाशक्रियावश्यं नित्यं वैरानुबन्धिता ।
सत्यप्यर्थे निराशत्वमसत्यपि च साशता ।।४६।।
प्रतिक्षणं क्रोधहर्षौ सन्तापश्च प्रतिक्षणम् ।
प्रतिक्षणं च संक्लेशः साक्षिप्रश्नः प्रतिक्षणम् ।।४७।।
स्नानादिगात्रसंस्कारपरिभोगेष्वनादरः ।
अव्यायामोऽङ्गदौर्बल्यं शास्त्रार्थप्रत्युपेक्षणम् ।।४८।।
गूहनं मूत्रशकृतोः क्षुत्पिपासोपपीडनम् ।
इत्यादींस्तन्त्रकुशला द्यूतदोषान् प्रचक्षते ।।४९।।

ठूलो धनराशि पनि क्षणभरमा नै सिद्धिनु, असभ्य आचरण गर्न लाज नहुनु, साँचो नबोल्नु, निठुरी क्रोधी स्वभाव हुनु, एक दोस्राको कुरा काट्ने हुनु र हतियारले ज्यानै समेत टुक्र्याइदिनु, अर्काको धनमा लोभ गर्नु, धार्मिक क्रियाहरूको वास्ता नगर्नु, सधैं गरिल्याएका कामहरू गर्न छोडिदिनु, सज्जनहरूको संगत छुट्नुको साथै बदमाशहरूको संगत बढ्नु, धन नाश हुने काममा व्यस्त रहनु, सधैं धेरैसँग शत्रुता बनाइराख्नु; आफ्नो धन छँदा छँदै पनि त्यसैदेखि निराश हुनु, धन बिलकुलै नहुँदा पनि जितिन्छ कि भन्ने आशा लिइराख्नु, क्षण क्षणमा रिस, हर्ष, सन्ताप र कष्ट भइरहनु, क्षण-क्षणमा साक्षी बकाउने जरुरत पर्नु, स्नान तथा मर्दन आदि शरीरका संस्कार र भोजन, अन्य वस्तुको उपभोगमा वास्ता नरहनु, व्यायाम नहुनु र त्यसैले शरीर दुब्लो हुँदै जानु, शास्त्रीय कुराहरूको उपेक्षा गर्नु, खेलको सुरमा दिशा पिसाब रोक्नु, भोक र तिर्खाले पीडित हुनु इत्यादि जुवाका दोष नीतिशास्त्र जान्ने व्यक्तिहरूले बताएका छन् ।।४४–४९।।

पाण्डवो धर्मराजस्तु लोकपाल इवापरः ।
द्यूतेन ह्यसता दीव्यन् कलत्राद्यपहारितः ।।५०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचौ लोकपाल जस्ता पाण्डुपुत्र युधिष्ठिरले पनि खराब जूवा खेल्ने भएर स्वास्नीलगायत संपत्ति हार्नुपरेको थियो❀ ।।५०।।

नलश्च राजा द्यूतेन हृते राज्ये महोदये ।
धर्मदारान् वने त्यक्त्वा परकर्मकरोऽभवत् ।।५१।।

नल राजा पनि जुवाद्वारा आफ्नो ठूलो उन्नत राज्य हरिएपछि धर्मपत्नी दमयन्तीलाई वनमा छोडेर अर्काको सेवक भएका थिए ∻ ।।५१।।

तुल्यो भुवीन्द्रतुल्यस्य यस्य नास्ति धनुर्धरः ।
स रुक्मी रुक्मशैलाभो द्यूतदोषङ्गतः क्षयम् ।।५२।।

इन्द्रतुल्य पराक्रमी जुन राजा रुक्मी बराबर धनुर्धारी पृथिवीमा छैनन्; त्यस्ता सुनको पहाड जस्ता रुक्मी पनि जूवाकै दोषले नासिए◇ ।।५२।।

राजा काशिकरूशानां दन्तवक्त्रोऽपि मन्दधीः ।
तीव्राद् द्यूतकृताद् दोषाद् दन्तभङ्गमवाप्तवान् ।।५३।।

कम बुद्धि भएका काशी र करूश देशका राजा दन्तवक्त्रले पनि कडा जूवाकै दोषले गर्दा आफ्ना दाँत भाँचिमाग्नुपरेको थियो ।।५३।।

द्यूतादनर्थसंरम्भो द्यूतात् स्नेहक्षयो महान् ।
पक्षाणां चापि महतां द्यूताद् भेदः प्रवर्तते ।।५४।।

जूवाबाट व्यर्थको क्रोध बढ्दछ । यसैले गर्दा ठूलो प्रेम पनि नष्ट हुन्छ । संगठन भएका ठूलो जनसमाजमा पनि जूवाबाट फूट पैदा हुन्छ ।।५४।।

❀युधिष्ठिरले राज्य पाएपछि उनको ठूलो ऐश्वर्य देखेर दुर्योधनले मामा शकुनिको अनुमतिअनुसार उनलाई जूवा खेल्न बोलाए । युधिष्ठिर पनि शत्रुले हाँक दिएपछि पछि नसर्ने भएर जूवामा शामेल भए । अन्तमा शकुनिको चालबाजीमा परी जोशमा आएर युधिष्ठिरले आफ्नो राज्य, धनसंपत्ति र रानी द्रौपदीलाईसमेत जूवामा हारेका थिए ।

∻राजा नल जुवामा आफ्नै भाई जयसेनसँग सर्वस्व हारेर रानी दमयन्तीसँगै जङ्गलमा गए । एकदिन रानीलाई छोडी सुटुक्क अयोध्यामा गए र वहाँका राजा ऋतुपर्णका भान्से भएका थिए ।

◇काशी र करूश नामक मुलुकका राजा दन्तवक्त्रले आफ्नी छोरी अनिरुद्धलाई दिए । तिनीहरूका विवाहको प्रसङ्गमा कृष्णका पुत्र साम्बले दन्तवक्त्रसँग र बलरामले दन्तवक्त्रकै पक्षका राजा रुक्मीसँग जूवा खेले । त्यसै जूवाको झगडामा रिसाएका बलरामले रुक्मीलाई मारिदिए । उनैको पक्षमा लाग्ने दन्तवक्त्रले पनि शूरो भएर जाइलाग्दा बलरामद्वारा दाँत भाँचिमागेका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इति केवलदोषं हि राजा द्यूतं विवर्जयेत् ।
समाह्वयं च मेधावी दर्पिणां विनिवारयेत् ॥५५॥

यस्तो दोषै दोष मात्र भएको जूवालाई राजाले छोडिदिनुपर्छ । बुद्धिमान् राजाले दुई थरीका प्राणीहरू लडाउने विनोद पनि एकदमै रोक्नुपर्छ ॥५५॥

(अब स्त्रीव्यसनहरूको उल्लेख गरिन्छ)—

कालातिपातः कार्याणां धर्मार्थपरिपीडनम् ।
नित्याभ्यन्तरवर्तित्वात् साधुप्रकृतिकोपनम् ॥५६॥
रहस्यभेदस्तत्पद्मादकार्येषु प्रवर्तनम् ।
ईर्ष्यामर्षस्तथा क्रोधो निरोधः साहसानि च ॥५७॥
इत्यादि च स्त्रीव्यसने यच्च पूर्वं प्रकीर्तितम् ।
तस्मात् स्त्रीव्यसनं राजा राज्यकामः परित्यजेत् ॥५८॥

कुनै पनि काममा विलम्ब हुनु, धर्म र अर्थसँग सम्बन्ध राख्ने कुराहरूमा बाधा पर्नु, कामुक भएर सधैं अन्तःपुरमै बस्ने हुनाले शान्त भइरहेका अमात्य आदि प्रकृतिहरूलाई रिस्याउनु, तिनै स्त्रीहरूका सम्बन्धी व्यक्तिहरूबाट रहस्यभेद हुनु, नाच-गान आदि अकार्यमा प्रवृत्त हुनु, डाह, असहिष्णुता, रिस, अनुचित दृष्टिले अर्काकी कन्या वा स्त्री आदिलाई रोकेर राख्नु, साहस (अरूका सुन्दरीहरूमा जाइलाग्नु वा त्यस्ता कामको निमित्त जोखिमका कुराहरूमा हात हाल्नु) आदि र पहिले जूवा आदिका विषयमा बताइएका धेरै दोषहरू स्त्रीव्यसन (कामुकतावश स्त्रीहरूको सम्बन्धबाट आउने दुष्ट प्रवृत्ति)मा पाइन्छन् । त्यस कारण राज्य स्थिर राख्न चाहने राजाले स्त्रीव्यसन छोड्नैपर्छ ॥५६–५८॥

स्त्रीमुखालोकनतया व्यग्राणामल्पचेतसाम् ।
ईहितानीह गच्छन्ति यौवनेन सह क्षयम् ॥५९॥

स्त्रीहरूको मुख हेर्नमा नै मस्त रहने छोटो दिलवाला व्यक्तिहरूका कामनाहरू जवानीको साथसाथै बिलाएर जान्छन् ॥५९॥

(मद्यपानबाट हुने हानिहरू):—

वमनं विह्वलत्वं च संज्ञानाशो विवस्त्रता ।
बह्वबद्धप्रलापित्वमकस्माद् व्यसनं मुहुः ॥६०॥
प्राणग्लानिः सुहृन्नाशः प्रज्ञाश्रुतमतिभ्रमः ।
सद्भिर्वियोगोऽसद्भिश्च संयोगोऽनर्थ्यसंगमः ॥६१॥
स्खलनं वेपथुस्तन्द्रा नितान्तं स्त्रीनिषेवणम् ।
इत्यादि पानव्यसनमत्यन्तं सद्विगर्हितम् ॥६२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वमन, विह्वलता, होश हराउनु, संकोच नमानी निर्वाङ्ग नाङ्गै रहनु, धेरै प्रसङ्ग नमिल्ने वाहियात कुरा गर्ने हुनु, वारंवार आकस्मिक कष्टमा पर्नु, प्राणशक्ति कम हुनु, सच्चा मित्रहरूको सङ्गत छुट्नु, शङ्का-समाधान गर्न सक्ने प्रज्ञाशक्ति, शास्त्रीय ज्ञान तथा वर्तमान कुरा सोच्न सक्ने बुद्धि भ्रष्ट हुनु, सज्जनहरूसँग वियोग हुनु र दुर्जनहरूसँग सङ्गत हुनु, अनर्थको काममा सिपालु रक्सीवाला आदिसँग सम्पर्क बढ्नु, हिड्दा ठक्कर खानु, जीउ काँप्नु, ज्यादै आलस्य आउनु, स्त्रीहरूमा ज्यादा आसक्ति बढ्नु इत्यादि विद्वान्हरूले निन्दा गरिएको मद्यपानबाट हुने व्यसन हो ।।६०–६२।।

श्रुतशीलबलोपेताः पानदोषेण भूयसा ।
क्षयमक्षीणनामानो जग्मुरन्धकवृष्णयः ।।६३।।

शास्त्रको अध्ययन, असल स्वभाव र बलले युक्त भएका, प्रशस्त कीर्ति कमाएका, अन्धक तथा वृष्णिकुलका क्षत्रियहरू ज्यादा मदिरा पिउने दोषले नष्ट भए ।।६३।।

योगीश्वरस्तु भगवान् भार्गवो भृगुतुल्यधीः ।
शुक्रः पानमदात् तीव्राद् बुभुजे शिष्यमौरसम् ।।६४।।

भृगु ऋषिको बराबर बुद्धि भएका योगीश्वर भगवान् शुक्राचार्यले कडा मद्य-पानको मद (बेसुर हुनु)ले गर्दा आफ्ना खास चेला कचलाई खाएका थिए* ।।६४।।

पानाक्षिप्तो हि पुरुषो यत्र यत्र प्रवर्तते ।
यात्यसंव्यवहारित्वं तत्र तत्राप्रवर्तनात् ।।६५।।

मदिरा पिउनमा आसक्त भएको मानिस जुन जुन काममा प्रवृत्त हुन्छ, ती ती काममा मन लगाउन नसक्ने हुनाले अव्यावहारिक कहलाउँछ ।।६५।।

कामं स्त्रियो निषेवेत पानं वा साधु मात्रया ।
न द्यूतमृगये विद्वानत्यन्तव्यसने हि ते ।।६६।।

राजाले बरु स्त्रीहरूको र मदिराको उचित परिमित मात्रामा सेवन गर्नू, परन्तु जूवा र शिकारमा कदापि नलाग्नू । किनभने जूवा र शिकार ज्यादै कडा व्यसन हुन् ।।६६।।

तदपनयविधिज्ञैः श्रेयसां विघ्नकारि
व्यसनमिदमुदारं सप्तधेहोपदिष्टम् ।
जनयति हि निषङ्गादेकधैवाशु नाशं
किमु न भवति हन्ता यौगपद्योदयेन ।।६७।।

---

*यसको पौराणिक कथा बाह्रौं सर्गको सातौं श्लोकमा उल्लिखित भइसकेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन तरीकाबाट वा जुन काम गर्दा हानि सिवाय फाइदा केही हुँदैन, जानेर वा नजानीकन त्यस्तो काम गर्नुलाई अपनयका प्रकार यथार्थ रूपमा जान्ने विद्वान्हरूले अपनय (व्यसन) मानेका छन् । त्यो सात प्रकारको अपनय यहाँ स्पष्ट रूपमा बताइसकियो । यी सात प्रकारका अपनयहरूमध्ये एउटैले पनि आफूमा आसक्त हुने व्यक्तिको जीवन चाँडै बरबाद गरिदिन्छ । एकसाथ आइपरेको सातै प्रकारको अपनयले त जीवनको बलि लिंदैन कि भन्ने शङ्कै गर्नुपर्दैन ॥६७॥

पटयति परिभोगग्राहितामिन्द्रियाणां
श्रुतमपि विनिहन्ति श्रेष्ठतां प्रष्ठतां च ।
चलयति हि विभूतिं भूयसीमप्यनीचै-
रपि विबुधमतीनां सप्तकोऽयं दुरन्तः ॥६८॥

उपर्युक्त जबर्जस्त सात व्यसनहरूको समूहले बुद्धिमान् पुरुषहरूको पनि इन्द्रिय-सुखको आसक्तिलाई तीव्र गराउँछ; शास्त्रीय ज्ञानलाई धूलोमा मिलाइ दिन्छ; श्रेष्ठता र अग्रगामिता-(नेतृत्व) लाई चकनाचूर पारिदिन्छ; अनि ठूलो उन्नत ऐश्वर्यलाई पनि थर्काइदिन्छ ॥६८॥

अरिगणा नियतं व्यसने स्थितान्
परिभवन्ति भवन्ति च दुश्छिदः ।
अपगतव्यसनास्तु बुधा रिपून्
परिभवन्ति भवन्ति च दुश्छिदः ॥६९॥

व्यसनमा फँसेका व्यक्तिहरूलाई शत्रुहरू निश्चय नै दबाउँछन् र उनीहरू व्यसनीका निमित्त दुःसाध्य (नष्ट गर्न ज्यादै गाह्रा) हुन्छन् । व्यसन नभएका बुद्धिमान् व्यक्तिहरू चाहिं शत्रुहरूलाई दबाउँछन् र ती शत्रुहरूका निमित्त दबाई नसक्ना हुन्छन् ॥६९॥

सप्तव्यसनवर्गनामक तेइसौं प्रकरण
समाप्त

पन्ध्रौं सर्ग समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोह्रौं सर्ग

यात्राभियोक्तृप्रदर्शन-प्रकरण

[यस सर्गमा आक्रमण गर्नेको युद्धयात्रा र आक्रमणको प्रक्रिया वर्णित छ। त्यसमा पनि युद्धयात्रासम्बन्धी विशेष विवेचन हुन्छ।]

नानाप्रकौरर्व्यसनैर्वियुक्तः शक्तित्रयेणाप्रतिमेन युक्तः।
परं दुरन्तव्यसनोपपन्नं यायान्नरेन्द्रो विजयाभिकांक्षी ॥१॥

कुनै पनि व्यसनमा नफँसेको, आक्रमण गरिने शत्रुको अपेक्षा उत्कृष्ट प्रभुशक्ति मन्त्रशक्ति र उत्साहशक्तिले युक्त राजाले छिचोलि नसकिने व्यसनहरूमा फँसेको शत्रुतर्फ विजयको कामना लिई युद्धयात्रा गर्नुपर्छ ॥१॥

प्रायेण सन्तो व्यसने रिपूणां यातव्यमित्येवमुपादिशन्ति।
तत्रैष पक्षो व्यसनं ह्यनित्यं क्षमस्तु सन्नभ्युदितो हि यायात् ॥२॥

धेरैजसो शास्त्रकारहरू व्यसनमा परेको शत्रुमा आक्रमण गर्नू भन्ने उपदेश दिन्छन्। परन्तु व्यसन अनित्य हुनाले व्यसनी शत्रु सधैं मिल्न सक्तैन। त्यस कारण आफूलाई सबै तरहले समर्थ पाएको एवं देश काल, परिस्थिति अनुकूल भएको विजय चाहने राजाले व्यसनी अव्यसनी जस्तो भए पनि शत्रुमा आक्रमण गर्नुपर्छ ॥२॥

यदा क्षमस्तु प्रसभं निहन्तुं पराक्रमादूर्जितमप्यमित्रम्।
तदापि यायादहितानि कर्तुं परस्य वा पीड़नकर्शनानि ॥३॥

जब पराक्रमी भएको पनि शत्रुलाई जबर्जस्ती सिध्याउन समर्थ हुन्छु भन्ने विजिगीषुलाई लाग्छ, अथवा शत्रुको अपकार हुने किसिमका धन तथा अनाज लुट्नु आदि कष्ट दिन सक्छु भन्ने विश्वास हुन्छ, त्यस समयमा पनि अर्थात् सबै प्रकारको पूर्ण तयारी र अनुकूलता नभए पनि युद्धको निमित्त प्रस्थान गर्नुपर्छ ॥३॥

सम्पन्नसस्यं विषयं परस्य यायात् प्रमृद्नन् विजयाय राजा।
सस्योपघातेन परस्य वृत्तेश्छेदः स्वसैन्योपचयश्च साधु ॥४॥

विजिगीषु राजाले आफ्नो विजयका निमित्त नयाँ अनाज तयार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भइराखेको शत्रुको मुलुकलाई माडमुड पार्दै युद्धयात्रा गर्नुपर्छ । त्यसरी अनाज लुट्नाले शत्रुका जीविकाको उच्छेद र आफ्ना सैन्यको संरक्षण पनि राम्रोसँग हुन्छ ।।४।।

विशुद्धपृष्ठः पुरतो विचिन्वन् भयप्रदेशान् परकर्मवेदी ।
स्ववीवधासारविशुद्धमार्गो विशेद् धरित्रीं द्विषतोऽप्रमत्तः ।।५।।

पछाडिबाट आक्रमण गर्नसक्ने शत्रुदेखि आफ्नो सुरक्षा हुने राम्रो प्रबन्ध मिलाएर अगाडि पनि आक्रमण गरिने शत्रुको मुलुकमा भयस्थान कहाँ कहाँ छन् भनी राम्रो निहार्दै, जासूसहरूद्वारा शत्रुले गरिन लागेको कामहरूलाई पत्ता लगाएर आफ्ना पूरा सैनिकहरूको निमित्त अनाज, पानी औषधि आदिको र मित्रराष्ट्रहरूबाट प्राप्त हुने सैनिक सहायताको राम्रो प्रबन्ध गरी सावधान भएर शत्रुको देशमा प्रवेश गर्नुपर्छ ।।५।।

समे प्रदेशे विषमे च भूमेर्निम्ने स्थले वा स्वमुखेन यायात् ।
अनातुरः सन्नभयो हि विद्वान् सन्नद्धसैन्यो विहितान्नतोयः ।।६।।

नीतिशास्त्रको जानकार निर्भीक विजिगीषुले आफ्ना सैन्यको निमित्त अन्न-पानीको प्रबन्ध मिलाएर सैन्यलाई पूर्ण रूपले सजाई सेनानिवेश (फौजको विन्यास) मा अगाडि वीर सैनिकहरू भएको सेनामुख (सेनाको अग्रभाग) द्वारा सम्म, अग्ला, होचा वा गहिरा ठाउँहरूमा नहडडवाईकन यात्रा गर्नुपर्छ । आशय यो हो कि जहाँ जस्तो सैन्यविन्यास उचित हुन्छ त्यस्तै बनाएर सेनामुखलाई अगाडि पारी युद्ध गर्न जानुपर्छ ।।६।।

ग्रीष्मे प्रभूताम्बुवनेन यायान्निर्वापणार्थं करिणां पथा तु ।
ऋतेऽम्भसो ग्रीष्मकृतात् प्रतापाद् भवन्ति कुष्ठानि मतङ्गजानाम् ।।७।।

ग्रीष्म ऋतुमा युद्धयात्रा गर्नुपर्दा सैन्यमा गएका हात्तीहरूलाई पानी पिलाउन पौडी खेलाउन र प्रशस्त आहार दिनको निमित्त धेरै पानी र वन भएको मार्गबाट जानुपर्छ । किनभने पानी नमिलेमा ग्रीष्म ऋतुको गर्मीले गर्दा हात्तीहरूलाई कुष्ठरोग हुन्छ ।।७।।

स्वस्थाक्रियाणामपि कुञ्जराणामूष्मा शरीरेषु हि जाज्वलीति ।
आयासयोगेन च सम्प्रवृद्धः प्रसह्य हन्ति द्विरदान् प्रतापः ।।८।।

आरामसाथ उचित सुविधा पाएर बसिरहेका अवस्थामा पनि हात्तीहरूका शरीरमा गर्मी धपधपाइ नै रहन्छ । परिश्रम परेको अवस्थामा बढेको प्रचण्ड गर्मीले त हात्तीहरूलाई एकदमै सिद्ध्याइहाल्दछ ।।८।।

सर्वाणि सत्वानि खलूष्णकाले विनाम्बुना यान्ति परामवस्थाम् ।
अत्यर्थमुष्णप्रतितप्तकायाः प्रयान्ति सद्यः करिणोऽपिबन्तः ।।९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुनसुकै प्राणी पनि गर्मीमा पानी नपाउँदा शोचनीय अवस्थामा पुग्दछन् । त्यसमा पनि कडा गर्मीले ज्यादै नै जीउ तात्तिएका हात्तीहरू त पानी पिउन नपाउँदा उत्तिखेरै परमधामतर्फ लाग्छन् ॥९॥

सुगन्धिदानस्रुतिशीकरेषु दन्ताभिघातस्फुटितोपलेषु ।
गजेषु नीलाभ्रसमप्रभेषु राज्यं निबद्धं पृथिवीपतीनाम् ॥१०॥

बास्ना आउने मदजल चुहुनाले शरीरभर पानीका जस्ता थोपा थोपा परेका, दाह्राका प्रहारले ढुङ्गा फुटाउने, कालो बादल जस्तो शरीरको कान्ति भएका हात्तीहरूमा राजाहरूको राज्य अडेको हुन्छ ॥१०॥

सुकल्पितः संयति दृष्टमार्गः स्वधिष्ठितो वीरतमेन पुंसा ।
तुरङ्गमाणामपि कल्पितानामेको गजः षष्टिशतानि हन्ति ॥११॥
जले स्थले च द्रुमसंकटे च समेऽसमे साधु चलेऽचले च ।
प्राकारहर्म्याट्टविदारणे च जयो ध्रुवं नागवतां बलानाम् ॥१२॥
तस्माद् यतो भूरिजलस्तु पन्था यतोऽन्नपानोपचयोऽविशङ्कः ।
ततो हि यायाज्जनयन् प्रतापं शनैः शनैर्विश्रमयन् बलानि ॥१३॥

युद्धोपयोगी तरीकाले ठीकसँग सजाएर उचित ठाउँमा राखिएको, लडाइँको कौशल जान्ने, शूरो र पराक्रमी माहुतेले राम्रोसँग ऐंचमा राखिएको एउटै हात्ती ६ हजार घोडाहरूलाई नष्ट भ्रष्ट गराउन सक्छ ।

पानीमा, जमीनमा, रूखहरूले खचिखचाउ भएको जंगलमा, सम्म वा अग्लो होचो ठाउँमा, यातायात खूब चलिरहेको वा नचलेको स्थानमा र गिर्दा, परखाल, महल, अटालीहरू गिराउनु परेमा हात्ती धेरै भएकै फौजको विजय निश्चित छ । त्यस कारण विजिगीषुले युद्धयात्रा गर्दा जताबाट जानाले धेरै पानी भएको बाटो पाइन्छ र खानपानको राम्रो प्रबन्ध हुन सक्छ, अनि सामन्त, आटविक आदिबाट निःशङ्क हुन सकिन्छ, त्यतैबाट शत्रुको मुलुक लुट्नु आदि कामहरूद्वारा आफ्नो प्रताप बढाउँदै सैनिकहरूलाई आराम दिलाउँदै बिस्तार बिस्तार रवाना हुनू ॥११–१३॥

अभ्युन्नतानामणुरप्युदारं पश्चात्प्रकोपं जनयेदरीणाम् ।
तं चाप्रमत्तः प्रसमीक्ष्य यायान्न नाशयेद् दृष्टमदृष्टहेतोः ॥१४॥

आफू- (विजिगीषु) भन्दा शत्रुहरू धेरै उन्नत छन् भने शत्रुको अपेक्षा आफू सानै भए तापनि तिनीहरूका पृष्ठ शत्रु- (पछिल्तिरबाट आउने शत्रु) हरूलाई आफ्ना ती शत्रुहरूदेखि खूब क्रुद्ध गराइदिनू । अनि आफ्ना पृष्ठशत्रु-हरू आफूदेखि क्रुद्ध भएका छन् वा छैनन् भन्ने कुरा सावधानीसाथ राम्ररी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुझेर क्रुद्ध भएका रहेछन् भने तिनीहरूलाई शान्त गराएर मात्र युद्धको लागि प्रस्थान गर्नू। नत्र पृष्ठशत्रुहरूले आफ्नो राज्य नै गुमाइदिन बेर लाउँदैनन्। शत्रुको राज्य हत्याउनु रूपी अदृष्ट फलका निमित्त आफ्नो छँदाखाँदाको दृष्ट राज्य गुमाउनु बुद्धिमानी होइन ।।१४।।

पश्चात्प्रकोपः पुरतः फलं च पश्चात्प्रकोपस्तु तयोर्गरीयान् ।
रन्ध्रं हि तद् विप्रकृता महत्त्वं नयन्ति तस्मात् प्रविधाय यायात् ।।१५।।

आफ्ना पछाडिका शत्रुहरू क्रुद्ध भएर गरिदिने हानि नोक्सानी र अगाडिको शत्रुलाई परास्त गरेर प्राप्त हुने फल, यी दुईमध्ये पहिलो पश्चात्प्रकोप नै ज्यादा खतरनाक हुन्छ। किनभने यसका पृष्ठशत्रुहरू यसदेखि क्रुद्ध भएका रहेछन् भन्ने कुराको सुइँको शत्रुहरूले पाएपछि ती छिद्रान्वेषी शत्रुहरूको निमित्त त्यही (पश्चात्प्रकोप) नै छिद्र हुन जान्छ र तिनीहरूले त्यस छिद्रलाई बढाउँदै लैजान्छन्। त्यस कारण पहिले पश्चात्प्रकोपको प्रतीकार गरेर मात्र अगाडि बढ्नु उचित छ ।।१५।।

पुरश्च पश्चाच्च यदा समर्थस्तदाभियायान्महते फलाय ।
पुरः प्रसर्पन्नविशुद्धपृष्ठः प्राप्नोति तीव्रं खलु पार्ष्णिभेदम् ।।१६।।

जब विजिगीषु अगाडि आक्रमण गर्न र पछाडिको शत्रु बढेर आउँदा दबाउन समर्थ हुन्छ एवं अगाडिको आक्रमणबाट धेरै फाइदा हुन संभव छ, तब त्यस्तो ठूलो फलप्राप्तिका निमित्त उसले अगाडि आक्रमण गर्नुपर्छ। परन्तु पश्चात्कोप शान्त नगराई आक्रमण गर्न अगाडि बढ्दा कडा पार्ष्णिभेद (पछाडिका शत्रुहरूबाट हुने क्षति) हात लाग्छ ।।१६।।

यास्यन् पुरो रक्ष्यमनेकवर्गमनेकमुख्यं च बलं विदध्यात् ।
अनेकमुख्यस्य हि नैकमत्यमनेकमुख्यं द्विषतामभेद्यम् ।।१७।।

अगाडि आक्रमण गर्न जान लाग्दा विजिगीषुले हस्त्यारोही, घोडचडी, रथी, पैदल आदि धेरै वर्गका र धेरै तैनाथवाला भएको फौज पृष्ठ-शत्रुहरूबाट हुने खतराको निवारणका लागि राख्नुपर्छ। किनभने धेरै वर्ग र धेरै तैनाथवाला भएको फौज स्वयं नै धेरै राय भएको हुँदा त्यस्तो फौजमा शत्रुको भेद-नीति चल्न सक्तैन। आशय यो हो कि भिन्न भिन्न मत भएका हुनाले सबै सैनिकहरू एकसाथ प्रलोभनमा आउन सक्तैनन् र केही लोभी, अस्वामिभक्त सैनिकहरू पनि परस्परको अपेक्षाले चूपै लागेर बस्छन् ।।१६।।

अवश्ययातव्यतयोद्यतः सन् पश्चात्प्रकोपाहितयानशङ्कः ।
सेनापतिं वाऽप्यथवा कुमारं बलैकदेशेन पुरो निदध्यात् ।।१८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अगाडि शत्रुराज्यमा आक्रमण नगरी नहुने भएर त्यसतर्फ यात्रा गर्नुपरेमा त्यसको सबैं तयारी भइसकेपछि पश्चात्प्रकोप (आफ्नो अनुपस्थितिया पछाडिका शत्रुहरूबाट हुने खतरा) को शङ्का भएको विजिगीषुले आफ्नो सेनापति अथवा युवराजलाई केही फौजका साथ अगाडि पठाउनु र आफू पछि बस्नुपर्छ ।।१८।।

आभ्यन्तराद् वाह्यकृताच्च कोपा–
दाभ्यन्तरस्त्वेव तयोर्गरीयान् ।
आदाय गच्छेदवहिः प्रचारान्
वाह्यांश्च कृत्वा विहितार्थकश्यान् ॥१९॥

कोप दुई प्रकारको हुन्छ–आभ्यान्तर (मन्त्री पुरोहित आदि भित्रिया व्यक्तिहरूबाट हुने) र बाह्य (आटविक, सामन्त, सीमारक्षक आदि) व्यक्तिहरूबाट हुने । ती दुईमा पहिलो आभ्यान्तरप्रकोप नै विशेष खतरनाक हुन्छ । त्यस कारण बाहिरी प्रचार नभएका कुपित अमात्य आदिलाई धन–मानद्वारा प्रसन्न गराई साथैं लिएर विजिगीषुले युद्धयात्रा गर्नू । बाहिरका अन्तःपाल आदि क्रुद्ध भए तिनलाई साम आदि चार उपायमध्ये कुनैं उचित उपायद्वारा स्थितिमा ल्याएर हिंड्नू ।

पुरोहितामात्यकुमारकुल्य–
सेनाभिगोप्तार इमे प्रधानाः ।
एषां हि सन्तोऽन्यतमप्रकोप-
मन्तःप्रकोपं समुपादिशन्ति ॥२०॥

पुरोहित, मन्त्री, राजकुमार, मौका परे राजा हुन सक्ने राजकुलका व्यक्तिहरू र सेनापति यी पाँच प्रधान अधिकारी हुन् । यिनीहरूमध्ये कुनैको पनि प्रकोपलाई विद्वान्हरू अन्तःप्रकोप भन्दछन् ।।२०।।

राष्ट्रान्तपालाटविकानतानां
बाह्यप्रकोपोऽन्यतमप्रकोपः ।
उत्पाद्यमानं निपुणं प्रचारै–
स्तं सत्रिभिः सम्यगुपाददीत ॥२१॥

सेनापति (प्रधान सेनापतिमुनिको) वा राज्यको मुख्य कर्मचारी परराष्ट्र-सचिव, जङ्गलको मुख्य अधिकारी, दण्डको भयले शरण पर्ने सामन्त, यी चारमध्ये कुनै पनि व्यक्तिको प्रकोपलाई बाह्य–प्रकोप भन्दछन् ।

शत्रुहरूले उत्पन्न गराइन लागेको त्यो दुवै प्रकारको बाह्य तथा आभ्यन्तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकोपलाई सत्री नामक विशिष्ट जासूसहरूद्वारा राम्रोसँग जान्नु तथा शान्त गराउनुपर्दछ ।।२१।।

सामादिभिः संशमयेत् प्रकोपं
परस्परावग्रहभेदनैश्च ।
तथा च धीरः शमयेद् विकारं
यथा भजेरन्न परान् प्रतप्ताः ॥२२॥

गम्भीर विचार भएको एवं नीतिशास्त्रज्ञ विजिगीषुले साम, दान, भेद, दण्ड, यी चारै उपायहरूको प्रयोग तथा पारस्परिक नियन्त्रण तथा अविश्वासको उत्पादनद्वारा आभ्यन्तर र बाह्य दुवै किसिमको प्रकोप शान्त गराउनुपर्छ। अभिप्राय यो हो कि अन्तःप्रकोपमा भित्रिया व्यक्तिहरूद्वारा नै प्रकुपित व्यक्तिहरूलाई अँचेट्नू र परस्परको मतमा अविश्वास उत्पन्न गराइदिनू। बाह्य-प्रकोपमा बाहिरिया व्यक्तिहरूबाटै त्यो काम गराइदिनू। यसमा यो कुरा अवश्य ध्यान दिन योग्य छ कि यसरी ती दुवै प्रकारका प्रकोपको सामना गर्दा प्रकुपित व्यक्तिहरूलाई धेरै चिडचाउनु हुन्न, नत्र तिनीहरू ज्यादा संतप्त भएर शत्रुसँग मिल्न जाने हुन्छन् ।।२२।।

मनुष्ययुग्यापचयः क्षयो हि
हिरण्यधान्यापचयो व्ययस्तु ।
तस्मादिमां नैव विदग्धबुद्धिः
क्षयव्ययायासकरीमुपेयात् ॥२३॥

मनुष्य एवं घोडा, हात्ती आदि सांग्रामिकहरूको क्षतिलाई क्षय र सुन, चाँदी, अनाज आदिको हानिलाई व्यय भन्दछन्। त्यस कारण बुद्धिमान् विजिगीषुले क्षय, व्यय र शारीरिक परिश्रम मात्र हुने, विशेष फल प्राप्त नहुने कामको निमित्त युद्ध यात्रा नगर्नू ।।२३।।

अवश्यनिष्पत्तिमहाफलाढ्या-
मदीर्घसूत्रां परिणामकल्याम् ।
कामं व्ययायासकरीमुतेया-
न्न त्वेव जातु क्षयदोषयुक्ताम् ॥२४॥

निश्चित रूपले निकै ठूलो फल पाइने, धेरै काल फुल्नु नपरी आक्रमण गर्नासाथ सफल हुने, आखिरमा कुनै किसिमको बाधा नपर्ने छ भने धनको खर्च र शारीरिक परिश्रम ज्यादा पर्ने भए पनि यात्रा गर्नु राम्रै हुन्छ। परन्तु मनुष्य र वाहनहरूको नाश हुने संभावना भएको यात्रा कदापि नगर्नू ।।२४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वस्तुष्वशक्येषु समुद्यमश्च
शक्येषु चाकालसमुद्यमश्च ।
शक्येषु मोहादसमुद्यमश्च
त्रिधैव कार्यव्यसनं वदन्ति ॥२५॥

नसकिने कुरामा उद्योग गर्नु, सकिनेमा पनि समय बिताएर या समय नआउँदै हात हाल्नु र सकिने कुराहरूमा अज्ञान वा उपेक्षावश प्रयास नगर्नु, यी तीन किसिमका कार्य-व्यसन हुन्छन् भनी विद्वान्हरूले मानेका छन् ।।२५।।

कामोऽक्षमा दाक्षिण्यताऽनुकम्पा
ह्रीः साध्वसं क्रौर्यमनार्यता च ।
दम्भोऽभिमानोऽथ च धार्मिकत्वं
दैन्यं स्वयूथस्य विमाननं च ॥२६॥
द्रोहो भयं शश्वदुपेक्षणं च
शीतोष्णवर्षास्वसहिष्णुता च ।
एतानि काले समुपाहितानि
कुर्वन्त्यवश्यं खलु सिद्धिविघ्नम् ॥२७॥

काम (रूप, रस आदि इन्द्रियका विषयहरूमा लोलुप हुनु), क्रोध, दाक्षिण्य (अर्काको मन राख्ने हुनु), अनुचित दया अर्थात् दबाउन सकिने विद्रोही आदिमा दण्डको बदला सहानुभूति देखाउनु, कर्तव्यमा लजाउनु, घबडाहट या हडबड, निष्ठुरता, अशिष्ट व्यवहार, ढोंग, अहङ्कार, अत्यन्त धार्मिकता, दिग्दारी, आफ्ना पक्षका व्यक्तिहरूको अपमान, मित्र आदिको द्रोह, कातरता, आइपर्ने आपत्तिहरूको हरबखत उपेक्षा, जाडो, गर्मी, वर्षाहरूको प्रभाव खप्न नसक्नु, यी उपर्युक्त चीजहरू काम गर्ने समयमा अपनाइए भने सफलता अवश्य नष्ट गर्छन् ।।२६।२७।।

निजोऽथ मैत्रश्च समाश्रितश्च
सम्बन्धजः कार्यसमुद्भवश्च ।
भृत्यो गृहीतो विविधोपचारैः
पक्षं बुधाः सप्तविधं वदन्ति ॥२८॥

विद्वान्हरूले विजिगीषुको सहायक पक्ष सात प्रकारको मानेका छन् । जस्तैः– (१) आफूमा रत्तिएको स्वाभाविक बन्धुवर्ग (२) मित्रताबाट आफ्नो हुन आएको (३) शत्रुका डरले आफ्ना शरणमा पर्न आएको (४) विवाहको सम्बन्धबाट भएको (५) व्यवहार (दुवैको सहयोगले सम्पन्न हुने काम) बाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो हुन आएको (६) तलब दिएर आफूले पालेको (७) भोजन, वस्त्र आदि विभिन्न आवश्यक सामग्रीहरू दिएर आफ्नो पारेको ॥२८॥

सदाऽनुसृत्या गुणकीर्तनेन
निन्दासहत्वेन च रन्ध्रगुप्त्या ।
तदर्थशौचौद्यमसङ्कथाभिः
पक्षोऽनुरागीति स वेदितव्यः ॥२९॥

जुन पक्ष सधैं आफ्नो अनुसरण गर्छ, आफ्ना गुणहरू गाउँछ, आफूले गरिएका निन्दाहरू सहन्छ, आफ्ना छिद्रहरूको ढाकछोप गर्छ, आफ्नो आर्थिक सुव्यवस्था र उद्योगहरूको खूब चर्चा गर्छ, त्यो पक्ष आफूमा अनुरक्त रहेछ भनी बुझ्नुपर्छ ॥२९॥

कुलीनमार्यं श्रुतवद्विनीत-
मलोलुपं सत्यमहार्यमन्यैः ।
कृतज्ञतोर्जामतिसत्वयुक्तं
सद्वृत्तपक्षं खलु तं च विद्यात् ॥३०॥

मातृकुल एवं पितृकुल शुद्ध भएको ऊँचो दर्जाको, शास्त्र पढीकन नम्र स्वभावको, अरूका स्त्री धन आदिमा लोभ नगर्ने, साँचो बोल्ने, अरूका लहैंलहैंमा नलाग्ने वा अरूले छक्याउन नसकिने, गुन चिन्न, बल बुद्धि र उत्साह भएको वर्गलाई पनि सदाचारी पक्ष सम्झनुपर्छ ॥३०॥

उद्योगमेधाधृतिसत्वसत्य्
त्यागानुरागस्थितिगौरवाणि ।
जितेन्द्रियत्वं प्रसहिष्णुता ह्रीः
प्रागल्भ्यमित्यात्मगुणप्रवेकः ॥३१॥

उद्योग (कर्तव्यपरायणता) सम्झन सक्ने बुद्धि, धैर्य, उत्साह, सत्य व्यवहार, उचित पात्रमा दान, गुणहरूमा प्रेम, नडगमगाउने स्वभाव, गौरव, इन्द्रियहरूलाई वशमा राख्ने सामर्थ्य, कष्ट सहने स्वभाव, अकर्तव्यबाट लज्जा, ढीटोपन, यी सबै विजिगीषुमा रहनुपर्ने गुण हुन् ॥३१॥

मन्त्रस्य शक्तिं सुनयप्रचारं
स्वकोशदण्डौ प्रभुशक्तिमाहुः ।
उत्साहशक्तिं बलवद्विचेष्टां
त्रिशक्तियुक्तो भवतीह जेता ॥३२॥

सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव, संश्रय, यी छ गुण र साम, दान,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भेद, दण्ड, यी ४ उपायहरूलाई ठीक–ठीक ठाउँमा प्रयोग गर्नुको नाम नीति हो र उचित नीतिपूर्वक कामहरूको योजना बनाउन सक्नु नै मन्त्र-शक्ति हो‡। त्यस कारण अलस नीतिको प्रचार नै मन्त्र-शक्ति मानिन्छ। आफ्नो परिपुष्ट कोश र पुष्ट एवं अनुकूल फौज नै प्रभुशक्ति हो। मजबूत पराक्रमको चेष्टालाई उत्साह-शक्ति भन्दछन्। यी तीनै शक्तिहरूले युक्त व्यक्ति विजयी हुन्छ ॥३२॥

शैघ्र्यं सुदाक्ष्यं व्यसनेष्वदैन्य–
मुत्साहसम्पत्स्वति धीरता च।
औत्पादिकी शास्त्रसमुद्भवा च
सांसर्गिकी धीः परिणामिनी च ॥३३॥

उत्साहसत्वाध्यवसायचेष्टा दार्ढ्यं च कर्मस्विह पौरुषं च।
अरोगता कर्मफलोपपत्तिर्दैवानुकूल्यं च निराधिता च ॥३४॥

(१) खूब चाँडै काम फर्स्याउनु (२) खूब चतुर हुनु (३) दुःख पर्दा ङचस्स नपर्नु (४) उत्साहका कामहरूमा ज्यादा धैर्यशाली हुनु (५) नयाँ कुरा र नयाँ विचारहरूको उत्पादन (आविष्कार) गर्न सक्ने, शास्त्रीय ज्ञानबाट पैदा हुने, सांसर्गिक (विद्वान्हरूको संसर्गबाट फेला पर्ने) र आफैं विचार विमर्शद्वारा उत्पन्न हुने अथवा प्रगतिशील, यस्ता चार प्रकारका बुद्धिहरूले युक्त भएको हुनु (६) उत्साही बन्नु (७) दुःख र सुखमा मनको स्थिति एकनास राख्ने आत्मशक्ति भएको हुनु (८) उद्योगी हुनु (९) सचेष्ट रहनु (१०) थालेका कामहरूमा दृढता लिनु (११) पुरुषार्थी बन्नु (१२) नीरोग रहनु (१३) गरेको काममा सफलता मिल्नु (१४) दैव अनुकूल हुनु (१५) मानसिक क्लेश नहुनु, यी विजिगीषुमा हुनुपर्ने गुण हुन् ॥३३–३४॥

पक्षादिनानेन गृहीतकोशः
पक्षादिहीनं रिपुमभ्युपेयात्।
इति प्रसर्पन् नियतं समुद्र–
प्रक्षालितां तां लभते धरित्रीम् ॥३५॥

यसै प्रकरणको २८ सौं श्लोकमा बताइएअनुसारको सात किसिमको पक्ष र त्यसपछि बताइएका गुणहरूले युक्त राजाले युद्धमा चाहिने खर्चको लागि आवश्यक धनको सञ्चय गरी पूर्वोक्त पक्ष र पूर्वोक्त गुणहरूमा आफूभन्दा

‡यो सबै ज्ञानकै बलले हुने हुनाले "ज्ञानबलं मन्त्र शक्तिः" भनेर कौटल्यले लेखेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रम भएको शत्रुका उपर आक्रमण गर्नू । यसरी नीतिअनुसार राम्रोसँग शोच-समझ राखीकन फैलने (आक्रमण गर्ने) विजिगीषु समुद्रतटसम्मको पृथिवीमा अधिकार जमाउन सक्छ ॥३५॥

कालो गजानां सजलाभ्रजालो
यातुं तदन्यश्च तुरङ्गमाणाम् ।
नात्यर्थवर्षोष्णतुषारयुक्तः
सम्पन्नसस्यस्त्विवति कालसम्पत् ॥३६॥

युद्ध-यात्रामा हात्तीहरूको निमित्त पानी पार्ने बादलले आकाश ढाकिएको र घोडाहरूको लागि खुला समय बेश हुन्छ । त्यस कारण ज्यादा वर्षा, गर्मी नभएको र हिउँ नपर्ने, जताततै खेत बारीमा पाकेको अनाज भएको शरद् आदि समय युद्ध-यात्राको निमित्त उत्तम हुन्छ ॥३६॥

रात्रावुलूको विनिहन्ति काकान्
काकोऽप्युलूकान् रजनीव्यपाये ।
इति स्म कालं समुदीक्ष्य यायात्
काले फलन्तीह समीहितानि ॥३७॥

राति लाटोकोसेराले कागहरूलाई मार्छ । कागले पनि दिनमा लाटोकोसेराहरूलाई सिद्धयाउँछ । यस कारण विजिगीषुले आफ्नो अनुकूल कालको मत्त्हव बुझेर मौका छोपीकन मात्र आक्रमण गर्नुपर्छ, किनभने मौकामा चालिएको कदम मात्र सफल हुन्छ ॥३७॥

श्वा नक्रमाकर्षति कूलसंस्थं
श्वानं च नक्रः सलिलाभ्युपेतम् ।
व्यायच्छमानो ध्रुवमभ्युपैति
देशस्थितः कर्मफलोपभोगम् ॥३८॥

पानी बाहिर किनारमा रहेको गोहीलाई कुकुरले घिस्याउँछ । पानीमा पुगेको कुकुरलाई गोहीले तान्छ । अनुकूल ठाउँमा रहेर उद्योग गर्न लागेको मानिसले आफ्ना कामको फल अवश्य पाउँछ ॥३८॥

समं तुरङ्गैर्विषमं च नागै-
स्तथा जलाढ्यं समहीधरं च ।
नावादितः पत्तिबलानुयातै-
र्यथाबलं च प्रसमीक्ष्य मिश्रम् ॥३९॥

राजाले विजयका निमित्त युद्ध-यात्रामा जाँदा सम्म ठाउँमा घोडाको,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अग्लो होचो भएको अडचाङखडचाङ ठाउँमा हात्तीको, पानी धेरै भएको ठाउँमा नाउ आदिको र कहीं पानी कहीं पहाड कहीं समतल भएको छासमिसे ठाउँमा आवश्यकताअनुसार सबै किसिमका सवारीहरू लिनू। परन्तु राजा जस्तोसुकै सवारीमा भए पनि उसको पछि पैदल फौज रहनुपर्छ ।।३९।।

मरुप्रगाढं पततीह तोये
ग्रीष्मे त्वनूपोदककत्तदुर्गम् ।
मिश्रं च संवीक्ष्य यथासुखं च
गच्छेन्नरेन्द्रो विजयाय देशम् ॥४०॥

आफ्नो विजयका निमित्त राजाले वर्षा ऋतुमा या पानी परिरहेको अवस्यामा मरुप्रदेश (पानी नहुने स्थान) बाट र ग्रीष्म ऋतुमा जताततै पानी छताछुल्ल हुने घाँसका गुजुल्टा झाङहरूले ब्याप्त ठाउँबाट यात्रा गर्नुपर्छ। कहीं पानी र कहीं मरुभूमि भएको प्रदेशमा विचार गरेर जसरी जहिले सुबिधा हुन्छ त्यसरी नै यात्रा गर्नू ।।४०।।

न चातितोयं न च तोयहीनं
युक्तं च सम्यग्यवसेन्धनेन ।
उपेत्य मार्गं वहुतज्ज्ञयुक्तं
सुखं प्रयाणे रिपुमभ्युपेयात् ॥४१॥

साधारण स्थितिमा ज्यादा पानी पनि नभएको, पानीको बिलकुलै अभाव पनि नभएको, हात्ती, घोडा आदिको निमित्त उपयोगी घाँसहरू र दाउराहरू पाइने यस्तो बाटो अपनाएर त्यो बाटो राम्ररी देखे-जानेका व्यक्तिहरूलाई सायमा लिएर आरामसाथ प्रयाण गरी बिजिगीषुले शत्रुको उपर आक्रमण गर्नू ।।४१।।

स्ववीवधासारमुपेततोयं
विश्वासिताक्रान्तजनं विशुद्धम् ।
तन्मात्रमेव द्विषतामुपेयाद्
यस्मान्न कुर्यादपयानमतिः ॥४२॥

विजिगीषुले शत्रुको मुलुकमा प्रवेश गर्दा जहाँसम्म आफ्नो लागि अनाज, दाउरा, औषधि आदि तथा मित्रबाट प्राप्त हुने फौजी सहायता बाहिरबाट प्राप्त हुन सक्छ एवं आवश्यक मात्रामा पानी मिल्न सक्छ; अनि आक्रमण गरिएका शत्रुराष्ट्रका व्यक्तिहरू आश्वस्त भइसकेका छन् र अरू कुनै खतरा पनि पर्दैन; त्यहाँसम्म मात्र जानू, जसबाट हैरान हुँदै उल्टै फर्कर आउन नपरोस् ।।४२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ये दूरयात्रां सहसा विशन्ति
मूढा रिपूणामविचार्य भूमिम् ।
ते यान्ति तेषामचिरेण खड्ग-
धारापरिष्वङ्गमयत्नसाध्यम् ॥४३॥

जुन मूर्ख विजिगीषुहरू विनाशोच-विचार शत्रुको राज्यमा टाढासम्म घुस्तछन्, तिनीहरू चाँडै नै धेरै प्रयास नगरी पाइने शत्रुका तरवारका धारको अङ्कमाल गर्न पुग्छन्, अर्थात् शत्रुका तरवारको चाँडै शिकार हुन्छन् ॥४३॥

मार्गे च दुर्गोपनिविष्टसैन्यो
विधाय रक्षां विधिवद् विधिज्ञः ।
सन्नद्धपार्श्वस्थितवीरयोधः
सेवेत साध्वीं निशि योगनिद्राम् ॥४४॥

त्यस्तो युद्धयात्राको बाटामा राती मुकाम गर्दा शत्रुलाई दबाउने र आफ्नो रक्षा गर्ने विधि जानेको विजिगीषुले हत्तपत्त शत्रुले आक्रमण गर्न नसकिने जल, पर्वत र जंगलको सुरक्षित स्थानमा सैन्य रखाएर युद्धोपयोगी साधनहरूले सुसज्जित वीर योद्धाहरूलाई नजीकै अगल-बगलमा राखी योगी झैं होशियारीसाथ निदाउनुपर्छ ॥४४॥

अप्रमत्तु रङ्गद्विरदेन्द्रहेषा-
घण्टास्वनापूरितकर्णरन्ध्रः ।
तदन्तरा तु प्रतिबोधवर्ती
के जाग्रतीत्याहित आद्रियेत ॥४५॥

रातमा जागा सैनिकहरूको तैनाथमा यताउति घुमिरहेका घोडाहरूको हिनहिनाहट र हात्तीहरूका घण्टहरूको आवाज कानमा पर्दा बीच-बीचमा नींद टुटेका राजाले "कुन कुन प्रहरीहरू जागा छन् हँ ?" भनी सावधान भएर आदरसाथ सोध्नुपर्छ ॥४५॥

ततः प्रबुद्धः शुचिरिष्टदेवः
श्रीमद्विभूषोज्ज्वलितः प्रहृष्टः ।
सेव्येत मन्त्रिप्रवरैर्यथावत्
पुरोहितामात्यसुहृद्गणैश्च ॥४६॥

त्यसपछि उठेर शौच स्नान आदिद्वारा शुद्ध भई देवताको पूजा गरी दामी, सुन्दर आभूषणहरू पैह्रे र प्रसन्न मुद्रामा विशिष्ट मन्त्री, पुरोहित, अमात्य, मित्रहरूको सेवा ग्रहण गर्नू, अर्थात् उनीहरूसँग उचित विचार-विमर्श गर्नू ॥४६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्तव्यतां तैः सह सम्प्रधार्य
यानं समारुह्य विचित्रयानः ।
कुलोद्गतैः शस्त्रिभिरात्मकल्पै-
र्वहिर्निरीयात् परिवारितः सन् ॥४७॥

विजिगीषुले ती मन्त्री आदिसँग परामर्श गरी आफ्नो र तिनीहरूको कर्तव्य निश्चित गरेर सुन्दर विचित्र यानमा चढी कुलीन, हतियार भिरेका, आफूसमानका व्यक्तिहरूले घेरिएर सवारी क्याम्पबाट बाहिर निस्कनू ॥४७॥

पश्येन्नृपोहस्तिरथाश्वचर्यां
सामूहिकं योधगणं पृथक् च ।
विवक्षिताश्चं द्विरदान् द्विरह
स्तुरङ्गमांश्चापि विधानयुक्तान् ॥४८॥

राजाले दिनमा दुई पटक आफ्ना हात्ती, रथ, घोडाहरू हिँडाइने बाटो एवं सामूहिक रूपमा (व्यूहमा) र अलग अलग रहेका फौजको राम्रोसँग निरीक्षण गर्नु । पछि बताइने किसिमका युद्धोपयोगी तवरले सजाइएका हात्ती र घोडाहरूको पनि हेरविचार गर्नु ॥४८॥

सुखोपगम्यः स्मितपूर्वभाषी
प्रियं वदेद् वृत्यधिकं च दद्यात् ।
प्रियेण दानेन च संगृहीता-
स्त्यजन्ति भर्तर्यपि जीवितानि ॥४६॥

यस्तो अवस्थामा विजिगीषुले आफ्ना सबै व्यक्तिहरूलाई विशेष प्रतिबन्ध नलगाई सजिलैसँग दर्शन-भेट दिनू, खिसिक्क हाँसेर बोल्ने हुनु र प्यारो रोचक कुरा बोल्नुपर्छ । उनीहरूको तलब पनि बढाइदिनुपर्छ । प्यारो बोली र धनको प्रदानले सन्तुष्ट भएका सैनिकहरू मालिकको निमित्त प्राण छोड्न पनि तयार हुन्छन् ॥४९॥

रथाश्वनौकुञ्जरयानयोग्यो
नित्यक्रियः स्याद्धनुषि प्रगल्भः ।
सुमेधसां कर्मणि दुष्करेऽपि
नित्यक्रिया कौशलमादधाति ॥५०॥

रथ, घोडा, नाउ, हात्ती आदिमा यात्रा गर्न योग्य र +धनुर्वाण

+यहाँ धनुर्वाण शब्द हतियारमात्रको उपलक्षक हो । अतः सबै युद्धोपयोगी हतियारको यसबाट ग्रहण हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चलाउन सिपालु भए तापनि विजिगीषुले ती कामहरूको अभ्यास नित्य गर्न छोड्नु हुँदैन । किनभने सधैं अभ्यास गरिरहनाले बुद्धिमान् व्यक्तिहरू कठिन भन्दा कठिन काममा पनि स्वयं कुशल बन्दछन् ॥५०॥

सन्नद्धमुच्चैर्द्विपमास्थितः सन्
सन्नद्धसैन्यानुगतः प्रकुर्वन् ।
सामन्तदूतेन हि साधु मन्त्रं
प्रवीरयोधान्तरितेन यायात् ॥५१॥

कसिकसाउ भएको अग्लो हात्तीमा चढेर पूर्ण रूपले तयार भएको सैन्यलाई पछाडि लगाएर वीर योद्धाहरूको बीचमा रहेका विजिगीषु राजाले सामन्त राजाका दूतसँग भावी कर्तव्यको विषयमा उचित परामर्श गर्दै जानुपर्छ ॥५१॥

आलोकयेद् बुद्धिगुणोपपन्नै-
श्चरैश्च दूतैश्च परप्रचारम् ।
एतैर्वियुक्तो भवति क्षितीन्द्रो
जनैरनेत्रैश्च समानधर्मा ॥५२॥

बुद्धिका *गुणहरूले युक्त भएका जासूस र दूतहरूद्वारा शत्रुको प्रचार (साङ्ग्रामिक प्रबन्ध) बुझ्नुपर्छ । यस्ता जासूस र दूतहरू नभएको राजा अन्धा मानिसहरू जस्तो हुन्छ, अर्थात् वस्तुस्थिति देख्न कदापि सक्तैन ॥५२॥

विलोभयन् किञ्चिदपि प्रयच्छन्
कुर्वीत मित्रं द्विषतोऽन्तपालम् ।
राष्ट्रादभीक्ष्णं द्विषतः प्रपन्नैः
पण्यं हितं नाडिकयाददीत ॥५३॥

विजिगीषुले आफू जुन प्रान्तबाट शत्रुको देशमा प्रवेश गर्दै छ, त्यसको सुरक्षाका निमित्त फौज लिएर सीमान्तमा बसेका शत्रुपक्षका सेनानायकहरूलाई "तपाईंहरूले हामीलाई आवश्यक मद्दत दिनुभएमा विजय भएपछि यसको नेतृत्व तपाईंहरूकै हातमा रहनेछ, अहिले मद्दत दिनुपर्‍यो" इत्यादि प्रलोभन देखाई तत्काल केही धन पनि दिएर आफ्नो पक्षमा गराउनुपर्छ र विशिष्ट जासूसहरूको

*बुद्धिका ८ गुण हुन्छन् । जस्तै (१) शुश्रूषा (सुन्ने इच्छा) (२) श्रवण (सुन्नु) (३) ग्रहण (सुनेको कुरा मनमा लिनु) (४) धारण (त्यो कुरा सम्झनु) (५) ऊह (तर्क गर्नु) (६) अपोह (समाधान गर्नु) (७) अर्थविज्ञान (धेरै विकल्पबाट एउटा अर्थको निर्धारण गर्नु) (८) तत्त्वनिष्पत्ति (वास्तविक कुरा पत्ता लगाउनु) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परम्पराद्वारा आफूलाई हित हुने आवश्यक वस्तु शत्रुको राष्ट्रबाट खरीद गरी लिनुपर्छ ॥५३॥

उपक्रमं वाञ्छितमाशु कुर्याद्
दूतोपयानात् क्रियमाणसन्धिः ।
स चेद् विसन्धिः स तु तत्र चैकः
कुतो भवत्यात्मसमुच्छ्रयश्च ॥५४॥

यसरी दल-बल-सहित आफ्नो राज्यमा आक्रमण गरिन लागेको देखेर शत्रुले दूत पठाई सन्धि गर्न चाहेमा विजिगीषुले आफ्नो अभीष्ट कुरा गरिहाल्नुपर्छ । अर्थात् शत्रुका मन्त्री आदि प्रकृतिहरूमा फूट उत्पन्न गराइदिनु, गहकिलो सन्धि-प्रस्ताव राख्नु इत्यादिद्वारा आफ्नो मतलब सिद्ध गर्नुपर्छ । त्यसो गरेपछि शत्रु सन्धि नगर्ने भएछ भने पनि प्रकृतिहरू प्रतिकूल भएका हुनाले एक्लिन्छ । सन्धि भएमा पनि आफ्नो उन्नति नै हुन्छ ॥५४॥

दौर्गान् पथिष्वाटविकान्तपालान्
संश्लेषयेद् दानवताऽपि साम्ना ।
विरुद्धदेशेषु हि सन्निरोधे
ते ह्यस्य मार्गोपदिशो भवन्ति ॥५५॥

शत्रुराष्ट्रमा युद्धयात्रा गर्दा बीच-बीचमा फेला परेका किल्लाका संरक्षक, जंगलका अधिकारी र सीमारक्षकहरूलाई साम र दान दुवै उपायद्वारा विजिगीषुले आफूतिर मिलाउनुपर्छ । त्यसो भएपछि आफूलाई शत्रुले अप्ठ्यारो ठाउँ पारी रोकेको अवस्थामा तिनीहरू विजिगीषुका पथप्रदर्शक (गुप्त मार्ग देखाइदिने) हुन्छन् ॥५५॥

अकारणादेव हि कारणाद्वा
य एति कश्चित् पुरुषोऽरिसेवी ।
निजश्च विश्लिष्ट उपेत्य शत्रु-
मायाति यस्तस्य गतिं प्रपश्येत् ॥५६॥

बिनाकारण नै या कुनै नाराज हुनु आदि कारणले यातव्य (जाइलागिने) शत्रुको नोकरीमा रहेको व्यक्ति आफ्ना तर्फ नोकरी खोज्न आउँछ वा आफ्ना पक्षको कुनै कर्मचारी नोकरी छोडी शत्रुतर्फ गएर फेरि आउँछ भने विजिगीषुले त्यस्ता व्यक्तिको चेष्टामा खूब निगरानी राख्नुपर्छ ॥५६॥

आरिप्सुना मन्त्रबलान्वितेन
प्रागेव कार्यो निपुणं विचारः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दोष्णां बलान्मन्त्रबलं गरीयः
शक्रोऽसुरान् मन्त्रबलाद् विजिग्ये ॥५७॥

युद्ध छेड्न चाहने मन्त्रशक्तिसम्पन्न विजिगीषुले त्यस विषयमा पहिले नै खूब शोच-विचार गर्नुपर्छ । किनभने बाहुबलभन्दा मन्त्रबल (विद्या-बुद्धिबाट हुने क्षमता) धेरै उत्तम हो । इन्द्रले मन्त्रबलद्वारा नै बलवान् दैत्यहरूलाई जितेका थिए ॥५७॥

मनीषया निर्मलया विलोकितं
फलाय कर्मोद्यममास्थितः परम् ।
अकालहीनं नयवित् समाचरेत्
फलं ह्यकाले नियतं व्युदस्यति ॥५८॥

नीति जान्ने राजाले आफ्नो स्वच्छ बुद्धिद्वारा राम्रोसँग शोच-विचार गरिएको काम, सफलताको निमित्त ठूलो प्रयास गर्दै समय नबिताईकन गर्नुपर्छ । असमयमा गरिएको कामले फल कदापि दिन सक्तैन ॥५८॥

प्रभाविताना श्रुतशौर्यशालिनां
यथावदालोचितमार्गचारिणाम् ।
चिराय दैवी द्युतिरुन्नतात्मनां
भुजङ्गदीर्घेषु भुजेषु लम्बते ॥५९॥

प्रभावशाली, शास्त्रीय ज्ञान र शौर्यले युक्त भएका, ठीकसँग शोच-विचार गरिएको नीतिमार्गमा चल्ने, उन्नत दिल भएका व्यक्तिहरूका सर्प जस्ता लामा हातहरूमा दिव्य तेज रहन्छ । अर्थात् यस्ता व्यक्तिहरू दैवी शक्तिले सम्पन्न हुन्छन् ॥५९॥

समुदितनरसम्पद् भूरिसम्पन्नसस्ये
विगतसलिलपङ्के काल उद्धूतवृत्तिः ।
कुसुमितसहकारश्रीज्वलत्कानने वा
नरपतिररिभूमिं साधु गच्छेज्जयाय ॥६०॥

सैनिक र आत्मीय मानिसहरू प्रशस्त र अनुकूल भएको प्रभु, मन्त्र, उत्साह तीनै शक्तिहरू खूब राम्रोसँग जमेको विजिगीषु राजाले अनाज प्रशस्त मात्रामा पाकिराखेको, पानी र हिलो नभएको वा फुलेको बास्ना आउने आँपका बोटहरूका शोभाले जंगल जगमगाउँदो भइरहेको समयमा उचित प्रबन्ध गरेर विजयको लागि शत्रुको देशमा जाइलाग्नुपर्छ अर्थात् हेमन्त, शरद् वा वसन्त ऋतुमा युद्धयात्रा गर्नु बेश छ ॥६०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इति नरपतिराहितादरः
परमभियोक्तुमनाः समुत्पतेत् ।
इति विधिविषयोपसेवना
न्नियतमरातिरुपैति गोचरम् ॥६१॥

आफैं अघि सरी शत्रुसँग युद्ध गर्न चाहने राजाले खूब निष्ठासाथ उपर्युक्त प्रकारले आक्रमण गर्नुपर्छ । यसरी यहाँ बताइएको पद्धति अपनाउनाले शत्रु निश्चय नै आफ्नो कब्जामा आउँछ ॥६१॥

यात्राभियुक्तप्रदर्शन नामक चौबीसौं प्रकरण समाप्त

सोह्रौं सर्ग समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सत्रौं सर्ग

स्कन्धावारनिवेशप्रकरण

[यस सर्गमा दुई प्रकरण छन्– 'स्कन्धावारनिवेश' एवं 'निमित्तज्ञान'। युद्धको निमित्त स्कन्धावारनिवेश (सैनिक सबारी क्याम्पको विन्यास) सर्वप्रथम आवश्यक हुनाले त्यसको पहिले वर्णन हुन्छ यस प्रकरणमा।)

यात्वा वैरिपुराभ्याशं भूभागे साधुसंमते ।
स्कन्धावारनिवेशज्ञः स्कन्धावारं निवेशयेत् ॥१॥

शत्रुका शहरको नगीचै गएर वास्तुशास्त्र जान्ने विद्वान्हरूले उचित ठहराएको जमीनमा सैनिक क्याम्प बसाउने कुरा जान्ने विजिगीषुले विशेषज्ञ-हरूद्वारा सैनिकहरूको सवारी क्याम्प बनाउन लगाउनुपर्छ ॥१॥

चतुरस्रं चतुर्द्वारं नातिविस्तारसङ्कटम् ।
साट्टप्रतोलीप्राकारं महाखातसमावृतम् ॥२॥
शृङ्गाटकार्धचन्द्रं वा मण्डलं दीर्घमेव वा ।
भूमिप्रदेशसामर्थ्यादगारमुपकल्पयेत् ॥३॥
विभक्तैश्च विविक्तैश्च पार्श्वैरन्वितमायतैः ।
गुप्तं कक्षपुटाकारं महामार्गसमावृतम् ॥४॥
तस्य मध्ये मनोह्लादि महन्मौलबलावृतम् ।
अन्तः कोशगृहोपेतं कारयेद् राजमन्दिरम् ॥५॥

विजिगीषुले चारपाटे, पूर्व, पश्चिम, उत्तर र दक्षिण चार दिशामा एक एक ढोका भएको, ज्यादै फराक वा ज्यादै साँघुरो नभएको, अटाली, सडक, गिर्दाहरू भएको, ठूलो खाईले घेरिएको, जमीनको अनुकूलताअनुसार तीनकुने, अर्धचन्द्राकार वा मण्डलाकार अथवा लामो आकारमा रहेको, गिर्दाको भित्री भागमा पातलो गरी छुट्टाछुट्टै बनाइएका लामा लामा सडकको आकारको, रातमा पुलिस घुम्न हुने खाली स्थानहरूले युक्त भएको, सुरक्षित, कक्षपुटका आकारको, ठूला ठूला सडकहरू बाहिर भएको वास-गृह बनाउनू। त्यसको बीचमा, देख्तै मन प्रसन्न गराउने ठूलो कुलपरम्परबाट चलि-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आएका फौजले घेरिएको र भित्रपट्टि मूल ढुकुटी भएको आफ्नो निवास-स्थान (राजमन्दिर) तयार गराउनुपर्छ ।।२।३।४।५।।

मौलं भृतं श्रेणि सुहृद् द्विषदाटविकं बलम् ।
राजहर्म्यं समावृत्य क्रमेण विनिवेशयेत् ।।६।।

त्यस राजाका निवासस्थानको वरिपरि घेरेर पहिले राजाको कुलपरम्परादेखिको, त्यसपछि तलब दिएर नयाँ भर्ती गरिएको, त्यसपछि व्यापारी नागरिकहरूबाट प्राप्त भएको, त्यसपछि मित्रराष्ट्रबाट सहायताको रूपमा मिलेको, त्यसभन्दा पनि पछाडि आटविक (जंगली व्यक्तिहरूबाट प्राप्त भएको) फौज राख्नुपर्छ ।।६।।

अन्तः स्ववर्गिणः क्रूरानलुब्धान् दृष्टकर्मणः ।
पर्याप्तवेतनानाप्तान् मण्डलेन निवेशयेत् ।।७।।

त्यसको भित्रपट्टिचाहिं आफ्नै वर्गका, कडा स्वभावका, लोभी नभएका, युद्धको प्रक्रिया बुझेका, प्रशस्त तलब पाएका, विश्वासपात्र व्यक्तिहरूलाई मण्डलाकार बनाएर राख्नुपर्छ ।।७।।

हस्तिनो लब्धनामानस्तुरङ्गाश्च मनोजवाः ।
गृहोपकण्ठे नृपतेर्वसेयुः स्वाप्तरक्षिताः ।।८।।

राजमन्दिरको नगीचै आपस्त व्यक्तिहरूको संरक्षणमा नामी नामी हात्तीहरू र मन जस्तै वेगिला घोडाहरू रहनुपर्छ ।।८।।

यामवृत्त्या सुसन्नद्धं रात्रिन्दिवमुदायुधम् ।
अन्तर्वंशिकसैन्यं च तिष्ठेद्राजाभिगुप्तये ।।९।।

राजाको सुरक्षाका निमित्त एक एक प्रहरको पालो गरी सबै प्रकारले सज्जित भएको, रातदिन हतियार उठाइराखेको अन्तर्वंशिक (अन्तःपुररक्षक) सैन्य पनि खडा रहनुपर्छ ।।९।।

युद्धयोग्यो महादन्ती सन्नद्धः साध्वधिष्ठितः ।
तिष्ठेन्नरपतिद्वारे वेगवांश्च तुरङ्गमः ।।१०।।

युद्धोपयोगी, सुससज्जित, असल माहुतेको तँनाथमा रहेको ठूलो हात्ती र खूब वेगिलो घोडा राजमन्दिरको ढोकामा खडा रहनुपर्छ ।।१०।।

सैन्यैकदेशः सन्नद्धः सेनापतिपुरस्सरः ।
प्रयत्नवान् परिपतेन्मण्डलेन बहिर्निशि ।।११।।

रातमा सबै उपकरणहरूले सुसज्जित सेनाको एक भागले सेनापतिलाई अगाडि लगाएर खूब सावधानीसाथ क्याम्पको बाहिरपट्टिबाट परिक्रमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नुपर्छ ॥११॥

परसैन्यप्रचारांश्च सत्वाढ्याः शीघ्रगामिनः ।
वाताश्विका विजानीयुर्दूरसीमान्तचारिणः ॥१२॥

दुःख र सुखमा एक रूपले रहन सक्ने, खूब दौडधूप गर्ने, वायु जस्ता वेगिला घोडाहरू भएका, टाढा टाढाको सीमाप्रान्तसम्म पुग्ने राजपुरुषहरूले शत्रुसैन्यको व्यवस्था राम्रोसँग बुझ्नुपर्छ ॥१२॥

तोरणाबन्द्धमाल्येषु यन्त्रवत्सु पताकिषु ।
द्वारेषु परमां गुप्तिं कारयेदाप्तकारिभिः ॥१३॥

तोरणहरू टाँगेर तिनमा माला बाँधेका, सुरक्षाको निमित्त सर्वतोभद्र आदि यन्त्रको प्रबन्ध भएका, झण्डा फरफराइरहने ढोकाहरूमा आपस्त व्यक्तिहरूद्वारा सुरक्षाको राम्रो प्रबन्ध गराउनुपर्छ ॥१३॥

निर्गच्छेत् प्रविशेच्चैव सर्व एवोपलक्षितः ।
तिष्ठेयुः परदूताश्च राजशासनगोचराः ॥१४॥

चिनेजानेका व्यक्तिहरू मात्र राजमन्दिरबाट निस्कन र त्यसभित्र प्रवेश गर्न सकून्; पर-राष्ट्रका राजदूतहरू पनि राजाको शासनमुताबिक नै व्यवहार गरून्; त्यस्तो प्रबन्ध हुनुपर्दछ ॥१४॥

वृथाकोलाहलाद्धास्याद् द्यूतात् पानाच्च वारितः ।
सज्जोपकरणस्तिष्ठेत् सर्वः कार्योन्मुखो जनः ॥१५॥

क्याम्पमा रहने व्यक्तिहरूले व्यर्थको कोलाहल, हँस्सी-मजाक, जूवा, मदिरापान, यी सबै कुरा छोडी सबै उपकरण ठीक राखी आफ्ना आफ्ना काममा तयार रहनुपर्छ ॥१५॥

बहिः खातात् तु सैन्यानां मुक्त्वा संचारमात्मनः ।
परसैन्यविघातार्थं सर्वां भूमिं विनाशयेत् ॥१६॥

खाईदेखि बाहिर आफ्ना सैनिकहरूले यातायात गर्नुपर्ने ठाउँलाई छोडेर शत्रुको सैन्यलाई असफल बनाउनका निमित्त छेउछाउका सबै जमीनलाई दुर्गम र काम नलाग्ने बनाइदिनू ॥१६॥

क्वचित् कण्टकशाखाभिः क्वचिच्छूलैरयोमुखैः ।
दूषयेत् परितो भूमिं प्रच्छन्नैः प्रदरैरपि ॥१७॥

कहीं काँडा हुने रूखका हाँगाहरू राखेर, कहीं टुप्पामा तीखो फलाम जडेका शूलहरू गाडेर, अनि कहीं घाँस पात आदिले छोपिएका गहिरा खाल्टाहरू बनाएर चारैतिरको जमीन खराब गराइदिनुपर्छ ॥१७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्वृक्षत्तुपपाषाणस्थाणुवल्मीकनिर्दरे ।
कारयेत् कारणैश्चित्रैः सैन्यव्यायामभूमिकाः ॥१८॥

रूख, गाना, ढुङ्गा, ठुटा, धमिराका गोला, एवं जमीनका धाँजाहरूलाई काटकुट-पाकपुक पाटपीट पारेर हटाई धेरै प्रकारका उपकरणहरूद्वारा सैन्यहरूले व्यायाय (कृत्रिम युद्ध आदि) गर्ने ठाउँ बनाउन लगाउनुपर्छ ॥१८॥

यस्मिन् देशे यथाकामं सैन्यव्यायामभूमयः ।
परस्य विपरीताश्च स्मृतो देशः स उत्तमः ॥१९॥

जहाँ आफ्ना सैन्यको निमित्त युद्धाभ्यास आदि व्यायाम गर्ने ठाउँहरू यथेच्छ छन् र शत्रुसैन्यका निमित्त त्यो सुबिधा छैन त्यही स्थान क्याम्प बसाउनको लागि उत्तम मानिन्छ ॥१९॥

आत्मनश्च परेषां च तुल्या व्यायामभूमयः ।
यत्र मध्यम उद्दिष्टो देशः शास्त्रार्थचिन्तकैः ॥२०॥

जहाँ आफ्ना र शत्रुहरूका व्यायाम-स्थलहरू बराबर छन्, त्यस ठाउँलाई नीतिशास्त्रज्ञ विद्वान्हरूले सेनानिवेशको लागि मध्यम मानेका छन् ॥२०॥

अरातिसैन्यव्यायामसुपर्याप्तमहीतलः ।
आत्मनो विपरीतश्च यः स देशोऽधमः स्मृतः ॥२१॥

शत्रु-सैन्यका निमित्त व्यायाम गर्ने जमीन प्रशस्त भएको र आफ्ना सैन्यको निमित्त त्यो सुबिधा नभएको प्रदेश क्याम्प बसाउनका लागि अधम मानिन्छ ॥२१॥

नित्यमुत्तममाकांक्षेत् तदभावे तु मध्यमम् ।
अधमं बन्धनागारं नोपसेवेत सिद्धये ॥२२॥

विजिगीषुले युद्धमा सफल हुनु छ भने सधैं उत्तम स्थान ❖स्कन्धावार बनाउनको निमित्त चुन्नुपर्छ । त्यो मिल्न नसके मध्यम स्थानबाट काम चलाउनू । अधम स्थानलाई जेलखाना सम्झी त्यस्ता स्थानको आश्रय कदापि नगर्नू , अर्थात् अधम स्थानमा बसी युद्ध गर्दा हार अवश्यंभावी हुन्छ ॥२२॥

स्कन्धावारनिवेशनामक पचीसौं प्रकरण समाप्त

❖सैनिक-सवारी-क्याम्प ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निमित्त-ज्ञान-प्रकरण

[त्यसरी राखिएको सबारी क्याम्पमा जय-पराजयको शुभाशुभ शकुन विजिगीषुलाई पहिल्यै मिल्ने हुनाले शकुनको वर्णन यस प्रकरणमा गरिन्छ]

अशुभ शकुनहरू:–

आक्रान्त इव केनापि रोगानीकैरभिद्रुतः ।
अकस्माद्भवदुद्वेगो रजोनीहारसंवृतः ॥२३॥
विधूम्रैः परुषैर्वातैरकस्माच्च पतद्ध्वजः ।
परस्परभवद्द्रोहो न तथातूर्यनिस्वनः ॥२४॥
उत्प्रेक्षितभयत्रासो निर्घातोल्काभिदूषितः ।
उद्भमत्प्रज्वलच्छस्त्रो विदक्षिणशिवारुतः ॥२५॥
मण्डलैः काकगृध्राणामाकीर्णो रुक्षवाशिभिः ।
मुहुरत्युग्रतादीप्तः संसिक्तो रक्तवृष्टिभिः ॥२६॥
परीतराजनक्षत्रः क्रूरैरौत्पातिकैर्ग्रहैः ।
सूर्यदष्टकवन्धादिरकस्मान्मूढवाहनः ॥२७॥
अकस्मान्मत्तमातङ्गः संशुष्यद्दानशीकरः ।
इत्यादिविकृतोपेतः स्कन्धावारो न शस्यते ॥२८॥

नयाँ क्याम्पमा रहन लाग्नासाथ कुनै अदृश्य भूतविशेषले क्याम्प आक्रमण गरिएको जस्तो प्रतीत हुनु, रोगका दलहरूले क्याम्प तहसनहस पारिएजस्तो हुनु, विनाकारण नै एकाएक विजिगीषुको मन उद्विग्न हुनु, क्याम्पमा धूलो वा कुइराको पर्दा लागिरहनु, अकस्मात् चारौंतर्फ धूलो उडाउँदै आएका सुइँके बतासले अचानक झण्डा गिराइदिनु, आफ्ना सैन्यहरूमा परस्पर द्रोह हुन थाल्नु, युद्धमा बजाइने बाजाहरूको आवाज पहिलेको भन्दा भिन्दै एक तमासको हुनु, एकाएक मरिने विषयको भय र अरू नै किसिमको त्रास (झस्का) मनमा लाग्नु, क्याम्पको आसपासमा चटचाङ परेको अवाज वा उल्का (आकाशबाट खस्ने आगाको मुस्लो जस्तो धूमकेतु आदि तेजःपुञ्ज) खसेको देखिनु, तेजिला तेजिला हतियारहरू आफैं दापबाट निस्कनु, प्रतिकूल रूपमा स्यालनीहरू कराउनु, वरिपरि मण्डलाकार भएका रूखो आवाज गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काग र गिद्धहरू आएर बस्नु, जताततै राक्षसीको वासस्थानमा झैं बारबार भयङ्करता झल्किनु, रगतको वर्षा क्याम्पमै हुनु, केतुभङ्ग (झण्डा गिर्नु, राज्य-नाश) आदि उत्पातको सूचना दिने राहु, केतु, मङ्गल, शनि जस्ता पापग्रहहरूले विजिगीषुको जन्म-नक्षत्रमा आक्रमण गर्नु, सूर्यमण्डलमा अकस्मात् टाउको नभएका धड (मुर्कुट्टा) हरू देखिनु, विनाकारण घोडा आदि वाहनहरू बाउँटिनु वा लठ्ठ पर्नु, अपर्झट मत्त हात्तीहरूको मदजलका बूँदहरू सुक्नु इत्यादि अशुभ शकुनहरूले युक्त भएको क्याम्प (स्कन्धावार) असल मानिंदैन ॥२३–२८॥

शुभ शकुनः–

प्रहृष्टनरनारीकः प्रशस्तस्वनदुन्दुभिः ।
गम्भीरहेषितहयः पूरितद्विपवृंहितः ॥२९॥
पुण्याहब्रह्मघोषाढ्यो नृत्तगीतसमाकुलः ।
निरीतिको महोत्साह आकाङ्क्षितजनोदयः ॥३०॥
विरजस्कोऽभिवृष्टश्च प्रादक्षिण्यस्थितग्रहः ।
दिव्यान्तरिक्षैरुत्पातैः पार्थिवैश्च विवर्जितः ॥३१॥
प्रशस्तकूजद्विहगः प्रदक्षिणशिवारुतः ।
नीचैः प्रवृत्तानुलोममारुतः स्तुतमङ्गलः ॥३२॥
हृष्टपुष्टजनः साधु सुगन्धिज्वलितानलः ।
अमन्दमत्तमातङ्ग आसाराभ्युदयान्वितः ॥३३॥
इत्यादिलक्षणोपेतः स्कन्धावारः प्रशस्यते ।
शस्ते तस्मिन् द्विषो भङ्गोऽशस्ते श्रेयो विपर्ययः ॥३४॥

क्याम्पका स्त्री-पुरुष सबै व्यक्तिहरू प्रसन्न रहनु, नगरा आदि बाजा राम्रो अवाज भएको हुनु, घोडाहरूको हिनहिनाहट गम्भीर हुनु, हात्तीहरूको आवाज पुष्ट र गम्भीर हुनु, राम्रो स्वाध्यायको दिनमा क्याम्पमा प्रशस्त वेदघोष अथवा वैदिक मन्त्रहरूद्वारा ❖पुण्याहवाचन हुनु, नाच गान भइरहनु, कुनै प्रकारको उपद्रव नहुनु, वर्गका सबै व्यक्तिहरूमा उत्साह भरिनु, सबै व्यक्तिहरूका अभ्युदयको आकांक्षा सबैमा रहनु, अनुकूल वर्षा भएको हुनाले जमीनको धूलो मर्नु, विजिगीषुका सबै ग्रहहरू अनुकूल हुनु, अतिवृष्टि आदि दिव्य उत्पात, उल्का खस्नु आदि आन्तरिक उत्पात र चोर डाँकूहरू एवं शत्रुको अचिन्तित आक्रमण आदि पार्थिव उत्पात केही नहुनु, राम्रो आवाजसँग चराहरू कराइरहनु,

❖शुभ कर्मको शुरूमा यजमानलाई आशीर्वाद दिन ब्राह्मणहरूद्वारा वैदिक मन्त्र पढेर गरिने विधिलाई पुण्याहवाचन भन्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्याल्नीहरूको रुवाइ अनुकूल हुनु वा स्याल्नीहरूले स्कन्धावारलाई दाहिने पारेर घुम्दै कराउँदै गर्नु, *अनुकूल रूपमा मन्दमन्द हवा चल्नु, बन्दीहरूले स्तुतिपाठ गरिरहनु, क्याम्पमा रहने सबै व्यक्तिहरू प्रसन्न एवं पुष्ट हुनु, साधारण काठहरू हाल्दा पनि राम्रोसँग सुगन्धित भएर आगो बल्नु, विशेष कारण नभइकन पनि हात्तीहरू खूब मत्त (मदजलयुक्त) हुनु, मित्र-राष्ट्रबाट आशातीत सहायता मिल्नु इत्यादि लक्षणहरूले युक्त सेनानिवेश शुभसूचक हुन्छ ।

स्कन्धावार अर्थात् सैनिक क्याम्प उपर्युक्त शुभ शकुनले युक्त छ भने विजिगीषुले आफ्नो विजय र शत्रुको पराजय वा विनाश हुने कुरा बुझ्नू । स्कन्धावारमा पूर्वोक्त अशुभ शकुन भएका छन् भने यसको उल्टा फल अर्थात् शत्रुको विजय र आफ्नो पराजय या नाश सम्झनुपर्छ ॥२९–३४॥

सिद्धयसिद्धी निमित्तानि यतः शंसन्ति कर्मणाम् ।
विद्यादात्महिताकांक्षी तस्मादेतानि तत्त्वतः ॥३५॥

यी शुभ र अशुभ शकुनहरूले आफूले गरिने कामहरूको सफलता वा असफलता पहिले नै बताइदिन्छन् । त्यस कारण आफ्नो हित चाहने व्यक्तिले यी शकुनहरूलाई तात्त्विक रूपमा बुझ्नु असल हो ॥३५॥

प्रशस्तेन निमित्तेन विशुद्धेनान्तरात्मना ।
व्यक्तमारभ्यमाणं हि सिद्धिं याति समीहितम् ॥३६॥

शुभ शकुन मिलेपछि आफ्नो दिललाई विशुद्ध बनाएर शुरू गरिन लागेको अभीष्ट काम अवश्य नै सफल हुन्छ ॥३६॥

सहायसम्पत् प्रज्ञानं सत्वं दैवानुकूलता ।
उद्योगोऽध्यवसायश्च यस्यैते तस्य सिद्धयः ॥३७॥

राम्रो सहयोगी मिल्नु, राम्रोसँग बुद्धिले कर्तव्यको निर्धारण गर्न सक्नु, सत्व (शारीरिक तथा आध्यात्मिक बल) प्रशस्त हुनु, दैव अनुकूल हुनु, उद्योगी बन्नु काम सफल गर्ने दृढ निश्चय लिई प्रयास गर्नु, यी ६ गुणहरू जसमा रहन्छन्, सफलता त्यसैको हातमा हुन्छ ॥३७॥

स्कन्धावार शब्दको व्याख्या:–

तन्मूलत्वात् प्रजानां तु राजा स्कन्ध उदाहृतः ।
आवारोऽमात्यदण्डादिर्वृतिरावार उच्यते ॥३८॥

*'नीचैः प्रवृत्तानुलोममारुतस्तुतमङ्गलः' यस्तो पाठ राखेर 'अनुकूल रूपमा बिस्तारै बहने हवाले भावी मंगलको सूचना दिएको हुनु', यस्तो अर्थ गर्नु यहाँ विशेष सँगतिलो जस्तो छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्कन्ध शब्दको अर्थ काँध वा रूखका मूल हाँगा फाट्ने स्थान (काप) हो। जस्तो रूखका सबै मूल हाँगाहरू र तिनबाट पलाउने अवान्तर हाँगाहरूको पनि आधार स्कन्ध हुन्छ, त्यस्तै सबै प्रजाहरूको राजा नै आधार हुने हुनाले राजालाई स्कन्ध र अमात्य, दुर्ग, कोश, बल (फौज) आदि अरू अङ्गहरू मूलस्थानीय राजाका वारहरू जस्ता हुनाले उनीहरूलाई आवार भन्दछन् ॥३८॥

भूतानां भूतिनिष्पत्तेरावारेण महीयसा ।
आवृतस्तु यतः स्कन्धः स्कन्धावारस्ततः स्मृत ॥३९॥

दुनियाँको सुरक्षा, सुख र समृद्धिको निमित्त अमात्य आदि रूपी ठूलो वारले घेरिएको राष्ट्र-वृक्षको स्कन्धरूपी राजा नै स्कन्धावार हो। संक्षेपमा सपरिवार राजालाई स्कन्धावार भन्दछन् ∵ ॥३९॥

समवस्कन्दघासाम्बुवीवधासारनिग्रहाः ।
एते प्रयत्नतो रक्ष्याः स्कन्धावारस्य मृत्यवः ॥४०॥

सैनिकहरूको निवासस्थान (छाउनी) मा शत्रुहरूबाट हुने खतरा र घाँस, पानी, अनाज, औषधि आदिको प्राप्ति एवं मित्रराष्ट्रबाट मिल्ने सैनिक सहायतामा प्रतिबन्ध लाग्नु नै स्कन्धावारको मृत्यु हो। अर्थात् क्याम्पको बाहिरी भागमा रहेको सैनिक छाउनीमा शत्रुहरूको आक्रमण भयो वा घाँस, पानी आदि बाहिरबाट आउने चीजहरूको पैठारीमा प्रतिबन्ध लाग्यो भने क्याम्प समाप्त भइहाल्छ। त्यस कारण उपर्युक्त स्कन्धावारका मृत्युहरूलाई त्यसबाट टाढै राख्न प्रयत्नशील हुनुपर्छ ॥४०॥

इति प्रयत्नेन निवेशयेद् बलं
शुभाशुभं चास्य तथोपलक्षयेत् ।
परस्य चैतन्निपुणं विलोकयेत्
समारभेताशुभहीनदर्शने ॥४१॥

यसरी पहिले बताइएअनुसार खूब प्रयत्नसाथ स्कन्धावार (सवारी क्याम्प)-मा फौजहरू रखाउनू र शुभ तथा अशुभ लक्षणको राम्रो परीक्षण गराउनू। शत्रुको पनि कहाँ कहाँ कस्तो कस्तो काम कारवाई चल्दै छ, खूब चलाकीसाथ बुझ्नू। अनि आफ्नो शुभ शकुन र समृद्धि एवं शत्रुको अशुभ शकुन र अवनति

∵ आधाराधेयभाव-सम्बन्धले स्कन्धावार शब्द सैनिक सवारी क्याम्प (सेना-निवेश) रूपी लाक्षणिक अर्थमा रूढ छ। स्कन्धावार शब्दको यस्तो व्युत्पत्ति पनि हुन सक्छः—'आव्रियते स्कन्ध आवारेण यत्र स वसतिप्रदेशः स्कधावारः ।' यसबाट स्कन्धावारको मुख्य अर्थ सवारी-क्याम्प नै हुन आउँछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको बुझिएमा विजिगीषुले आक्रमण गर्नू, नत्र नगर्नू ।।४१।।

निमित्तज्ञान नामक छब्बीसौं प्रकरण
समाप्त

सत्रौं सर्ग समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अठारौं सर्ग

उपाय-विकल्प-प्रकरण

[शुभाशुभ शकुन देखेर आफ्नो योजना बनाएको विजिगीषुले शत्रुमा साम, दान आदि उपायहरूको प्रयोग अवसरअनुसार गर्नुपर्ने हुनाले यस प्रकरण-मा उपायहरूको प्रयोग कसरी कहिले गर्ने आदि विषयमा विचार गरिन्छ ।]

महाप्रज्ञानसंपन्नः सहायैरुपबृंहितः ।
उद्योगाध्यवसायाभ्यामुपायान् निक्षिपेत् परे ॥१॥

शुश्रूषा (सुन्ने इच्छा) आदि आठ अङ्गसहितको बुद्धिले युक्त विजिगीषुले आफूलाई सहायता चाहिंदो सहायकहरूबाट लिएर उत्साह र निरन्तर प्रयासद्वारा शत्रुमा साम, दान, भेद, दण्ड एवं अरू कपटी उपायहरूको प्रयोग गर्नुपर्छ ॥१॥

चतुरङ्गं बलं मुक्त्वा कोशो मन्त्रश्च युध्यते ।
तत् साधुमन्त्रो मन्त्रेण कोशेन च जयेदरीन् ॥२॥

वास्तवमा चतुरङ्गबल (पैदल, घोडचडी, रथी, हस्त्यारोही यी चार प्रकारको फौज)ले युद्ध गर्ने होइन । वास्तविक युद्ध राजकोश र मन्त्रले गर्दछन् । त्यस कारण कर्तव्यबारे मन्त्रीहरूका साथ राम्रो विचार विमर्श गर्ने विजिगीषुले उचित मन्त्र र उपयुक्त कोशद्वारा शत्रुहरूलाई जित्नुपर्छ ॥२॥

साम दानं च भेदश्च दण्डश्चेति चतुष्टयम् ।
मायोपेक्षेन्द्रजालं च सप्तोपायाः प्रकीर्तिताः ॥३॥

युद्ध छेड्नुभन्दा पहिले शत्रुहरूमा प्रयोग गरिने उपायहरू सात ओटा मानिन्छन् । (१) साम (२) दान (३) भेद (४) दण्ड (५) माया (६) उपेक्षा (७) इन्द्रजाल ॥३॥

परस्परोपकाराणां दर्शनं गुणकीर्तनम् ।
सम्बन्धस्य समाख्यानमायतेः सम्प्रदर्शनम् ॥४॥
वाचा पेशलया साधु तवाहमिति चार्पणम् ।
इति सामप्रभेदज्ञैः साम पञ्चविधं स्मृतम् ॥५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नीतिकारहरूले साम (सान्त्वना) पाँच प्रकारको हुन्छ भनी मानेका छन्। जस्तै– (१) परस्परमा भएका उपकार तथा प्रत्युपकारहरू देखाउनु (२) शत्रुको गुणकीर्तन गर्नु (३) पहिलेदेखिका राजनैतिक तथा विवाह-सम्बन्धी आदान-प्रदानबाट भएका सम्बन्धहरू बताउनु (४) 'युद्धबाट उत्तरोत्तर हानि र सन्धिले दुवैतर्फको उन्नति हुनेछ' भनी भविष्य दर्शाउनु (५) मधुर वचनले 'हामी तपाईंकै हौं र रहने पनि छौं' इत्यादि रूपमा आफूलाई सुम्पनु ॥४–५॥

यः सम्प्राप्तधनोत्सर्गं उत्तमाधममध्यमः ।
प्रतिदानं तथा तस्य गृहीतस्यानुमोदनम् ॥६॥
द्रव्यदानमपूर्वं च स्वयंग्राहप्रवर्तनम् ।
देयस्य प्रतिमोक्षश्च दानं पञ्चविधं स्मृतम् ॥७॥

धन खर्च गर्न पाउने व्यक्ति तीन प्रकारको हुन्छ- उत्तम, मध्यम र अधम । उसको योग्यताअनुसार दानको प्रयोग गर्नुपर्छ । त्यो दान पाँच प्रकारको हुन्छ, जस्तै (१) उसबाट आफूले लिइसकेको कुरा फिर्ता दिनु, (२) आफ्ना हकको उसले उपयोग गरिराखेको धन, जमीन आदि माफ गरिदिनु या चलन गरिराख्न दिनु (३) नयाँ धन दिनु (४) उसले आफूसँग लिन चाहेको विषय उसलाई स्वयं छानेर लिन दिनु (५) उसले आफूलाई दिनुपर्ने रकम मिनाहा गरिदिनु ॥६–७॥

स्नेहरागापनयनं संघर्षोत्पादनं तथा ।
सन्तर्जनं च भेदज्ञैर्भेदस्तु त्रिविधः स्मृतः ॥८॥

भेदका विशेषज्ञहरूले भेदलाई तीन प्रकारको मानेका छन्-(१) मिलेका दुई वर्गमा स्नेह (सोदर्य प्रेम) र अनुराग (स्त्रीहरूसँग वा अरू नै अत्यन्त अभीष्ट वस्तुसँग सम्बन्धित प्रेम) हटाइदिनु (२) दुई थरीमा झगडा पारिदिनु (३) खूब हप्काउनु या दागा धर्नु ॥८॥

वधोऽर्थहरणं चैव परिक्लेशस्तथैव च ।
इति दण्डविभागज्ञैर्दण्डस्तु त्रिविधः स्मृतः ॥९॥

दण्डको विभाग गर्न जान्ने विद्वान्‌हरूले दण्डलाई तीन प्रकारको मानेका छन्- (१) दण्डनीय व्यक्तिलाई प्राणदण्ड दिनु (२) उसको संपत्ति जफत गरिदिनु (३) शारीरिक कष्ट दिनु ॥९॥

प्रकाशश्चाप्रकाशश्च वधो द्विविध उच्यते ।
प्रकाशदण्डं कुर्वीत लोकद्विष्टे तथा रिपौ ॥१०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राण-दण्ड दुई प्रकारको हुन्छ- प्रकाश र अप्रकाश । तिनमा प्रकाश-वध (सबैले देख्ने वा थाहा पाउने गरी दिइने प्राणदण्ड) सारा दुनियाँले घृणा गरिने डाँकू आदि विध्वंसक र शत्रुहरूलाई मात्र दिनुपर्छ ।।१०।।

उद्विज्यते हतैर्बोको यैर्ये स्युर्नृपवल्लभाः ।
बाधन्तेऽभ्यधिका ये तु तेषूपांशु प्रशस्यते ।।११।।

जुन व्यक्तिहरूलाई सबैले थाह पाउने गरी प्राणदण्ड दिंदा दुनियाँ बिच्कन्छ, जो राजाका प्रेमपात्र रहेका छन्, जो व्यक्तिहरू धन-जन आदिले बलवान् भएर धेरै दुनियाँदारलाई पिस्छन् तिनीहरूलाई सुटुक्क प्राणदण्ड दिनु बेश हुन्छ ।।११।।

विषेणोपनिषद्योगैः शस्त्रेणोद्वर्तनेन च ।
तथोपांशु नयेद् दण्डं यथान्यो न विभावयेत् ।।१२।।

त्यस्तो उपांशु-दण्ड (सुटुक्क दिइने प्राणदण्ड) दिंदा खाद्यपदार्थ आदिमा विष मिलाई दिएर, एकान्तमा मट्टितेल, प्याट्रोल आदि छर्की आगो लगाइदिनु आदि उपायले, तीखो हतियारको प्रयोगले, अथवा विष बारुदहरूको बुकुवा आदिको रूपमा प्रयोग गरिदिएर दण्डनीय व्यक्तिलाई समाप्त गरिदिनुपर्छ । त्यस्तो दण्ड दिंदा यस कुराको ध्यान राख्नुपर्छ कि अरूलाई त्यो थाहा नहोस् ।।१२।।

ब्राह्मणे जातिमात्रेऽपि धार्मिके चान्त्यजेऽपि वा ।
धर्मोन्निनीषया धीमान् न वधं दण्डमादिशेत् ।।१३।।

धर्मको उन्नतिका निमित्त जातिको मात्र भए पनि ब्राह्मणमा र धार्मिक छ भने शूद्रमा पनि प्राणदण्डको प्रयोग गर्ने आज्ञा बुद्धिमान् राजाले दिनु हुन्न ।।१३।।

उपेक्षया वा हन्तव्या येषूपांशु प्रशस्यते ।
उपेक्षां चापि निपुणः प्रत्यक्षं परिवर्जयेत् ।।१४।।

राजाले सुटुक्क मराउनुपर्ने व्यक्तिहरूलाई अरूले नै मार्न तयार गरेका रहेछन् भने 'मारे मारून्' भन्ने अभिप्रायले तटस्थता (त्यस विषयबाट अलग रहनु) अपनाए पनि हुन्छ । परन्तु कुशल शासकले तटस्थता पनि प्रत्यक्ष रूपमा लिनु हुँदैन ।।१४।।

प्रलिम्पन्निव चेतांसि दृष्ट्या साधु पिबन्निव ।
स्रवन्निवामृतं साम प्रयुञ्जीत प्रियं वचः ।।१५।।

सान्त्वना दिइने व्यक्तिहरूका चित्तहरूलाई कोमलताले लिपिदिइरहेफैं,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुहारहरूलाई दृष्टिले राम्रोसँग पिइरहेझैं, अमृतको वर्षा गरिरहेझैं गर्दै प्रिय-वाक्यरूपी साम (सान्त्वना) को प्रयोग गर्नुपर्छ ॥१५॥

वागनुद्वेगजननी सामेति परिकीर्त्यते ।
सामाख्या सूनृते सान्त्वे प्रिये स्तोत्रे च कीर्त्यते ॥१६॥

प्राणीहरूको हृदयलाई नबिच्क्याईकन विश्वास दिलाउने वाणीलाई साम भन्दछन् । सान्त्वनामा, साँचो र प्यारो सान्त्वनाजनक वाक्यमा अर्थात् युद्धबाट पछि हुने हानिहरू यातव्य शत्रुलाई देखाई सम्झाउने आदि कुरामा एवं उसलाई प्यारो लाग्ने प्रशंसामा पनि साम शब्दको प्रयोग हुन्छ ॥१६॥

आत्मनो विक्रयमिव कुर्वन् दद्यात् समीहितम् ।
जलवत् पर्वताञ्छत्रून् भिन्द्यादनुपलक्षितः ॥१७॥

विजिगीषुले शत्रुको सौहार्दमा आफ्नो आत्मालाई नै बिक्री गर्न लागेझैं गरी उसले लिन चाहेको चीज दिनू र बिस्तार बिस्तार पानीले पहाडलाई गिराएझैं फूट पारी उसलाई सिद्ध्याइदिनुपर्छ ॥१७॥

दण्डपाणिरिवाधृष्यो दण्ड्यं दण्डेषु पातयेत् ।
प्रत्यक्षामपि चोपेक्षामप्रत्यक्षामिवाचरेत् ॥१८॥

राजाले धर्मराज झैं कसैले दबाइ नसक्नु भएर दण्ड दिनुपर्ने व्यक्तिहरूलाई दण्ड दिनुपर्छ । प्रत्यक्ष थाहा भएको कुरामा पनि उपेक्षा गर्दा अप्रत्यक्ष जस्तो गरी गर्नुपर्छ । अर्थात् आफूले मराउनुपर्ने आफ्ना कृपापात्र भइआएका र त्यस्तै पहिले बताइएअनुसारका व्यक्तिहरूलाई अर्कैले मार्ने प्रयत्न गर्दा वास्ता नगर्नुलाई उपेक्षा भन्दछन् । त्यस्तो उपेक्षा गर्दा केही थाहा नपाएर चूप लागी बसेजस्तो देखाउनुपर्छ, जसबाट आफूले जानी जानी उपेक्षा गरेको कुरा तिनीहरूले वा तिनीहरूका संबन्धी आदिले जान्न नसकून् ॥१८॥

साम्नार्थसिद्धये विद्वान् यतेत यतमानसः ।
सामसिद्धिं प्रशंसन्ति सर्वतश्च विपश्चितः ॥१९॥

आफ्नो मनलाई नियन्त्रणमा राख्न सक्ने विद्वान् राजाले साम-(सान्त्वना)-बाटै आफ्नो मतलब सिद्ध गर्नेको रिस गर्नुपर्छ । किनभने नीति जान्ने विद्वान्हरू सबै उपायहरूभन्दा सामलाई नै बेश मान्दछन् ॥१९॥

क्षीरोदो मथितः साम्ना फलायामरदानवैः ।
निजघ्निरे धार्तराष्ट्राः सामप्रद्वेषिणोऽचिरात् ॥२०॥

अमृतरूपी फल पाउनको निमित्त देवता र दानवहरूले आफ्ना आफ्ना मात्र तागतले नभ्याउने हुँदा सामद्वारा परस्पर मिलेर नै क्षीरसमुद्रको मथन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेका थिए। सामलाई मन नपराउने भेद र दण्डको मात्र आश्रय लिने धृतराष्ट्रका छोरा-(कौरव) हरू चाँडै नै मारिएथे ॥२०॥

दारुणं विग्रहं विद्वान् दानेन प्रशमं नयेत्।
इन्द्रोऽभ्चारे शुक्रस्य दानेन शममेयिवान् ॥२१॥

बुद्धिमान् विजिगीषुले भयङ्कर युद्ध हुन लागेमा दानद्वारा त्यसलाई शान्त गराउनुपर्छ। इन्द्रले सर्वगुणसम्पन्न आफ्नी पुत्री जयन्तीलाई दानवहरूको हित र आफ्नो सत्यानाश गर्नको लागि उग्र तपस्या गर्न लागेका शुक्राचार्यलाई सेविकाको रूपमा सुम्पिदिएर शान्ति पाएका थिए◇ ॥२१॥

अपराधेन दुहितुः कुपिते भृगुनन्दने।
वृषपर्वा च दानेन दानवेन्द्रोऽभवत् सुखी ॥२२॥

आफ्नी पुत्री शर्मिष्ठाको अपराधने कुलगुरु शुक्राचार्य क्रुद्ध हुँदा दानवहरूका राजा वृषपर्वा पनि पुत्री सुम्पेर नै सुखी भएका थिए* ॥२२॥

उपच्छन्द्याऽपि दातव्यं बलिने शान्तिमिच्छता।
समूलमेव गान्धारिरप्रयच्छन् गतः क्षयम् ॥२३॥

शान्ति चाहने राजाले बिन्तिभाउ गरेर पनि आफूभन्दा बलवान् शत्रुलाई केही दिनुपर्छ। आफूभन्दा बलवान् एवं नीतिज्ञ पाण्डवहरूलाई पाँच वटा गाउँ पनि नदिने भएर दुर्योधन स्वयं नष्ट भए ॥२३॥

◇शुक्राचार्यले दानवहरूको हितका निमित्त गर्न लागेको घोर तपस्या भङ्ग गरिदिने अरू कुनै उपाय नदेखेर इन्द्रले परमसुन्दरी आफ्नी छोरीलाई उनकहाँ पठाएका थिए। उनकै सेवाद्वारा मुग्ध भएर शुक्राचार्यले केही समयका निमित्त तपस्या छोडिदिएका हुन् भन्ने पौराणिक कथा छ।

*दानवराज वृषपर्वाकी पुत्री शर्मिष्ठा आफ्नी गुरुपुत्री देवयानीका साथ नदीमा नुहाउन जाँदा भूलले देवयानीका कपडा लगाउन लागिछन्। त्यस विषयमा देवयानीले नराम्रा शब्दहरूको प्रयोग गर्दा दुवैमा भनाबैरी चल्यो। आखिरमा शर्मिष्ठाले क्रोधवश देवयानीलाई नाङ्गै पारी रित्तो कूपमा गिराइ-दिएर आफ्नो बाटो तताइन्। त्यसपछि शिकार खेल्न आएका राजा ययातिको सहायताले बाहिर निस्केर देवयानी घर पुगिन्। छोरीको त्यस्तो दशा देखी सबै हाल सुनेर शुक्राचार्यले वृषपर्वाको पौरोहित्य तथा मन्त्रित्व छोड्न खोज्दा अरू कुनै उपाय काम नलागेकोले उनै पुत्री शर्मिष्ठालाई देवयानीको आजीवन दासीको रूपमा सुम्पेर वृषपर्वाले शुक्राचार्यलाई प्रसन्न गराई स्थिर राखेका थिए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किञ्चित् प्रयच्छन् भूयस्या तृष्णया विप्रलोभयन् ।
भिन्द्याच्चतुर्विधान् भेद्यान् प्रविश्योभयवेतनैः ॥२४॥

क्षोभिएको, लोभी, डराएको एवं अपमानित, यी चार किसिमका शत्रुपक्षका भेद्य (फूट पार्नुपर्ने) व्यक्तिहरूलाई केही दिएर अरू धेरै दिने प्रलोभन दिँदै दुवै तर्फबाट तलब पाउने जासूसहरूद्वारा सबै हृदय छामिसकेर तिनीहरूमा फूट उत्पन्न गराइदिनुपर्छ ॥२४॥

अलब्धवेतनो लुब्धो मानी चाप्यवमानितः ।
क्रुद्धश्च कोपितोऽकस्मात् तथा भीतश्च भीषितः ॥२५॥
यथाभिलषितैः कामैर्भिन्द्यादेतांश्चतुर्विधान् ।
परपक्षे स्वपक्षे च यथावत् प्रशमं नयेत् ॥२६॥

कतैबाट पनि तलब नपाएको लोभी, अपमान गरिएको, घमण्डी, कुनै कारणले अकस्मात् क्षोभिएको, रिसाहा, डर देखाइएको, डरपोक, यति चार प्रकारका शत्रुपक्षीय व्यक्तिहरूलाई परस्पर फूट पारिदिएर कमजोर गराउनू र आफ्ना पक्षका त्यस्ता व्यक्तिहरूलाई इच्छाअनुसारका भोग्य पदार्थ दिनु आदि उचित प्रबन्ध गरेर शान्त गराउनुपर्दछ ॥२५–२६॥

भेदं कुर्वीत यत्नेन मन्त्र्यमात्यपुरोधसाम् ।
तेषु भिन्नेषु भिन्नं हि युवराजे तथोर्जिते ॥२७॥

विजिगीषुले शत्रु पक्षका मन्त्री, अमात्य र पुरोहितहरूमा प्रयत्नसाथ फूट उत्पन्न गराइदिनू । तिनीहरू र प्रभावशाली युवराज फुटेपछि शत्रुको पक्ष छिन्न भिन्न हुन्छ ॥२७॥

अमात्यो युवराजश्च भुजावेतौ महीपतेः ।
मन्त्री नेत्रं हि तद्भिन्न एकस्मिन्नपि तद्वधः ॥२८॥

अमात्य (कर्मसचिव) र युवराज, यी दुई राजाका दुइटा हात हुन् । मन्त्री आँखा हो । त्यस कारण यिनीहरूमध्ये एउटा मात्र फुटे पनि राजाको विनाश हुन सक्छ ॥२८॥

सर्वावस्थं तु मेधावी तत्कुलीनं विकारयेत् ।
विकृतस्तत्कुलीनस्तु स्वयोनिं ग्रसतेऽग्निवत् ॥२९॥

बुद्धिमान् राजाले जुनसुकै अवस्थामा रहेको पनि अर्थात् धन-संपत्ति क्षीण हुँदै गएको, लोभी अथवा अरू नै कारणले विरक्त भएको भए पनि उसैका (शत्रुकै) कुलको व्यक्तिलाई उसको विरोधमा उठाइदिनू । उसैका कुलको दाजु-भाइ उसको विरुद्ध भयो भने आगोले आफ्ना उत्पत्तिको कारण भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काठलाई समाप्त गरिदिन्छ ॥२९॥

तत्कुलीनेन तुल्यस्तु पुमानाभ्यन्तरोषितः ।
तस्मादेतौ परे भिन्द्याच्छमं चात्मनि सन्नयेत् ॥३०॥

राजदरबारमा संमान पाएर राजासँग बसउठ गर्ने भित्रिया व्यक्ति पनि उपयुक्त राजकुलीन (राजाका खानदानको) व्यक्तिको समान हुन्छ। अर्थात् त्यसै गरी राजालाई खतम गरिदिन सक्छ । त्यस कारण शत्रुपक्षका त्यस्ता दुवै किसिमका मानिसहरूलाई शत्रुबाट फुटाइदिनू र आफ्ना पक्षमा चाहिं ती दुवै प्रकारका मानिसहरू फुट्न लागेको बुझिन्छ भने तुरुन्त उचित उपायहरूद्वारा शान्त गराइहाल्नुपर्दछ ॥३०॥

भेद्य (फूट पार्न लायक) व्यक्तिहरू–

तत्रोपजापः कर्तव्यो य कोपानुग्रहक्षमः ।
स कल्याणः शठो वेति परीक्ष्यः सूक्ष्मया धिया ॥३१॥

त्यस्ता व्यक्तिको पक्षमा फूट पारिदिनुपर्छ, जुन व्यक्ति रिसाएमा आफ्नो हानि र खुसाएमा आफूलाई लाभान्वित गरिदिन सकोस् । पुनश्च– त्यो फूट गराइने व्यक्ति भलै चिताउने कल्याण-प्रकृतिको हो कि धूर्त हो, यो कुरा पनि सूक्ष्म बुद्धिले विचार गर्नुपर्छ ॥३१॥

कल्याणस्तु यथाशक्ति करोति सफलं वचः ।
शठः पक्षौ चालयति द्वावप्यर्थोपलिप्सया ॥३२॥

कल्याण-प्रकृतिको हो भने आफ्ना मालिकको आदेश सफल गराउन शक्तिभर कोशिश गर्दछ । बदमाश प्रकृतिको धूर्त भए पैसाको लोभले विजिगीषु र यातव्य दुवै राजाको पक्षमा जासूसी गरी यताको कुरा उता र उताको कुरा यता लगाउनें गर्दछ ॥३२॥

(अब सात श्लोकमा अरू भेद्य व्यक्तिहरूको उल्लेख गरिन्छ–)

पूर्वं सम्भाषितोऽनीचः कालयापनमाश्रितः ।
मिथ्याभिशस्तः श्रीकाम आहूयाप्रतिमानितः ॥३३॥
राजद्वेषी तत्कुलीनो द्विष्यते यश्च भूभुजा ।
आहितव्यवहारश्च तथा कारनिवेशितः ॥३४॥
रणप्रियः साहसिक आत्मसम्भावितस्तथा ।
विच्छिन्नधर्मकामार्थः क्रुद्धो मानी विमानितः ॥३५॥
भीतः स्वदोषवित्रस्तः कृतवैरोऽतिसान्त्वितः ।
अतुल्येन सहासक्तस्तुल्यमानान्निराकृतः ॥३६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अकारणनिरुद्धश्च कारणाच्च विशेषतः ।
अकारणात् परित्यक्तः पूजार्होऽप्रतिपूजितः ॥३७॥
हृतद्रव्यकलत्रश्च महाभोगाभिकाङ्क्षितः ।
परिक्षीणो वहिर्वन्धुर्वहिर्द्रव्यो वहिष्कृतः ॥३८॥
इति भेद्याः समाख्याता भिन्द्यादेतान् परे स्थितान् ।
आगतान् पूजयेत् कामैर्निजांश्च प्रशमं नयेत् ॥३९॥

पहिले 'यो कुरा तिमीलाई दिउँला' भनी कबोल गरेर पछि त्यो वस्तु नदिइएको, उच्च विचारको भए पनि राजाबाट उचित सम्मान नपाएको, जीवन-निर्वाहको निमित्त जसैतसै समय बिताउने, झूठो बदनामी लगाइएको, धन सम्पत्ति खूब चाहने, मुद्दा मामला आदिको सम्बन्धमा पहिले राजा आफैंले 'आऊ, म मिलाइदिन्छु' भनी बोलाएर उसैलाई हराइदिनु आदिद्वारा अपमान गरिएको, आफैंले कल्पना गरेका दोषहरूद्वारा राजासँग द्वेष गर्ने, राज्य हत्याउन चाहने राजकुलको, राजाले द्वेष गरिएको, धेरै तर्फको कार्यभार जिम्मा दिइएको, जेल आदिको ठूलो दण्ड दिइएको, युद्ध रुचाउने, विचारभन्दा साहसबाट ज्यादा काम लिने, कुल, विद्या आदिले गर्दा आफैं मपाईं भएको, धर्म, अर्थ, काम यी तीनै पुरुषार्थमा असफल भएको, रिसाहा स्वभावको, आफ्नो मर्यादा सम्झने भइ राजाद्वारा अपमानित, राजाको कडा मिजासदेखि डराएको, आफ्नै दुष्कर्मले शङ्कित भएको, पहिले राजाको विरोधमा काम गरी पछि सान्त्वना पाएर राजाको पक्षमा आएको, आफ्नो स्तर नमिल्ने अनुचित व्यक्तिका साथ एउटै काममा खटिएको, समान स्तरको अर्को व्यक्तिलाई ऊँचो पद दिएर होच्याइएको, विनाकारण थुनामा परेको, सानातिना अपराधमा पनि विशेष कडा दण्ड पाएको, कारणविनै निकालिएको, पूजनीय भएर पनि उचित कदर नपाएको, धन एवं पत्नीको अपहरण गरिएको, ठूलो सुखभोगको लालचा गर्ने, धन जनको क्षतिले ज्यादै क्षीण भएको, बन्धु वर्ग विदेशिएको, धन सर्वस्व गरिएको, देश-निकाला गरिएको, यी सबै प्रकारका व्यक्तिहरू भेद्य (शत्रुपक्षबाट फुटाउन सकिने) हुन्छन् । यस्ता शत्रुपक्षीय व्यक्तिहरूलाई विभिन्न भेष लिएका आफ्ना जासूसहरूद्वारा शत्रुदेखि अलग गराउनू र आफूतर्फ मिल्न आएपछि उनीहरूले चाहेअनुसारको कदर गरी अनुकूल राख्नुपर्छ । आफ्ना पक्षका त्यस्ता भेद्य व्यक्तिहरूलाई चाहिं होशियारीसाथ शान्त गराउनुपर्छ । अर्थात् शत्रुले आफूसँगबाट फुटाउन सक्ने किसिमका आफ्ना वर्गका व्यक्तिहरूलाई खूब सावधानीसाथ सुरक्षित राख्नुपर्छ, जसबाट शत्रुको भेद-नीति आफूमा सबल नहोस् ॥३३–३९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समतृष्णानुसन्धानमत्युग्रभयदर्शनम् ।
प्रधानं दानमानं च भेदोपायाः प्रकीर्तिताः ॥४०॥

'यो काम तिमीले गरेमा तिमीलाई र मलाई उत्तिकै फाइदा हुनेछ, अर्थात् हामी समभागी बनौंला' भनी गर्नुपर्ने काममा भेद्य व्यक्तिको पनि समान तिर्सना बँधाउनु, 'यसमा धोका दियौ भने तिम्रो ज्यान अवश्य रहनेछैन' आदि कुराले ज्यादा कडा डर देखाउनु, प्रशस्त दिनु र खूब सम्मान गर्नु; यी चार फूट उत्पन्न गराउने उपाय मानिएका छन् ।।४०।।

भेदं कुर्वीत मतिमान् विग्रहीतो बलीयसा ।
*शण्डामर्कौ सुरैर्भित्वा बलवन्तौ पराजितौ ॥४१॥

आफूभन्दा बलवान् शत्रुले आक्रमण गरिएको या उससँग कडा विरोध परेको बुद्धिमान् शासकले भेद-नीति नै अपनाउनुपर्छ । देवताहरूले आफ्ना बलवान् शत्रु सुन्द र उप-सुन्दलाइ भेदद्वारा नै पराजित गरेका थिए ।।४१।।

दण्डेन हि समाहन्याद् भित्वारेः संहतं बलम् ।
भिन्नं हि तत् काष्ठमिव घुणजग्धं विशीर्यते ॥४२॥

शत्रुको खूब संगठित सैन्यलाई पहिले परस्परमा फुटाइदिएपछि राम्रो तयारीसँग आक्रमण गर्नू । यसो हुँदा आफ्नो सफल भेद-नीतिले घुन लागेको काठ झैं पहिल्यैदेखि भित्र-भित्रै कमजोर भइराखेको त्यो फौज एकाएक आक्रमण हुनासाथ छिन्न-भिन्न भइहाल्छ ।।४२।।

उत्साहदेशकालैस्तु संयुक्तः सुसहायवान् ।
युधिष्ठिर इवात्यर्थं दण्डेनास्तं नयेदरीन् ॥४३॥

उत्साह एवं अनुकूल देश-कालले युक्त, सहायसंपन्न राजा युधिष्ठिर झैं दण्ड (युद्ध) द्वारा शत्रुहरूलाई एकदम नै समाप्त गरिदिन सक्तछ ।।४३।।

आत्मनः शक्तिमुद्वीक्ष्य दण्डमप्यधिके नयेत् ।
एकाकी शक्तिसम्पन्नो रामः क्षत्रं पुराऽवधीत् ॥४४॥

शत्रुसंग भन्दा आफूसँग जन-शक्ति कम भए तापनि पराक्रम-शक्ति ज्यादा छ भन्ने विजिगीषुलाई पूरा बिश्वास भएको खण्डमा आफूभन्दा जन–शक्ति ज्यादा भएको शत्रुसँग पनि युद्ध गरे हुन्छ । उहिले पराक्रम-शक्तिले पूर्ण भएका परशुरामले एक्लै सारा क्षत्रियहरूको संहार गरेका थिए ।।४४।।

---

*शण्ड र अमर्क सुन्द र उपसुन्द हुन् भन्ने कुरामा आंशिक सन्देह छ । कथाको लागि द्रष्टव्य-यसै ग्रन्थको सर्ग १०, श्लोक ६२ को टिप्पणी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अलसं विक्रमश्रान्तं विहतोपायचेष्टितम् ।
क्षयव्ययप्रवासैश्च श्रमेण परिविद्रुतम् ॥४५॥
भीरुं मूर्खं स्त्रियं बालं धार्मिकं दुर्जनं पशुम् ।
मैत्रीप्रधानं कल्याणबुद्धिं सान्त्वेन साधयेत् ॥४६॥

स्वभावतः अल्छी, युद्ध आदिमा पराक्रम गरी थाकेको, साम आदि सारा उपायहरू र शारीरिक चेष्टाहरू असफल भएको, सैन्यको नाश, धनसंपत्तिको खर्च, युद्ध आदिको संबन्धमा लामो परदेश-यात्रा र थकाइले आजित भएर लडाइँ छोडी भागेको, विजिगीषुका प्रतापले नै डराएको, राजनीति नजान्ने, स्त्री बालक, प्राणिहिंसादेखि डराउने, धार्मिक, दुर्जन (अनुचित व्यवहार गर्ने), लोक-व्यवहार नबुझ्ने हुनाले पशु जस्तो, स्वभावतः वैरभाव नभएको, असल बुद्धिवाला, यी बाह्र प्रकारका व्यक्तिहरूसँग सान्त्वना (साम उपाय) बाटै काम लिनुपर्दछ ॥४५-४६॥

लुब्धं क्षीणं च दानेन सत्कृत्य वशमानयेत् ।
अन्योन्यशङ्कया भिन्नान् दुष्टान् वै दण्डदर्शनात् ॥४७॥

ज्यादा लोभी र आर्थिक दृष्टिले क्षीण व्यक्तिलाई धन दिएर सत्कार गरी वशमा ल्याउनुपर्छ । 'उसले पो खतरा पार्छ कि' भन्ने एउटा, 'यसले पछि अप्ठयारो पार्ने हो कि !' भन्ने अर्को भएर परष्परको शङ्काले आफुस-आफुसमा फुटेका दुष्टहरूलाई दण्डको भय देखाएर वशमा ल्याउनुपर्छ ॥४७॥

पुत्रान् भ्रातॄंश्च बन्धूंश्च साम्नार्थेन च साधयेत् ।
एतैः कः सदृशो लोके दूरं विप्रकृतैरपि ॥४८॥

आफ्ना छोरा, दाजुभाइ र बन्धुवर्गहरूलाई साम र दानको प्रयोग गरेर नै आफ्नो वशमा गराउनुपर्छ । जतिसुकै अपकारी भए पनि दुनियाँमा यिनीहरूजत्तिको आफ्नत को हुन सक्छ र ! ॥४८॥

सामैतेषु प्रयुञ्जीत दैवात् प्रस्खलितेष्वपि ।
दुष्करां यान्ति विकृतिमार्याः शीलनिबन्धनाः ॥४९॥

दैवसंयोगले यिनीहरूमा राजविरोधी भावना आइहाले पनि पूर्वोक्त प्रकारको दानसहितको साम नै उपयोगमा ल्याउनुपर्छ । कुनै पनि सच्चरित्र आर्य-प्रकृतिका व्यक्तिहरू आफ्नो अनुचित आचरणद्वारा क्रुद्ध भइगए भने फेरि तिनीहरूलाई सम्हाल्न ज्यादै गाह्रो हुन्छ ॥४९॥

कुलं शीलं दया दानं धर्मः सत्यं कृतज्ञता ।
अलोभ इति येष्वेते तानार्यान् परिचक्षते ॥५०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन मानिसहरूमा कुलीनता, निष्कपट स्वच्छ स्वभाव, दया, दान, *धर्म, सत्यता, कृतज्ञता, निर्लोभीपन, यी गुणहरू हुन्छन्, तिनीहरूलाई आर्य भन्दछन् ॥५०॥

पौरान् जानपदांश्चैव दण्डमुख्यांश्च दण्डवित् ।
साधयेद् दानभेदाभ्यां यथायोगेन चापरान् ॥५१॥

दण्डनीति जान्ने विजिगीषुले शत्रुको किल्लाभित्रका मुख्य शहर या राजधानीका र अरू जनपद (ठूला ठूला क्षेत्र या प्रान्त) का नागरिकहरूलाई दान र भेदद्वारा अनुकूल गराउनू । अरू सर्वसाधारण जनतालाई चाहिं जहिले जस्तो अनुकूल पर्छ त्यस्तै उपायको प्रयोग गरेर आफ्नो अनुकूल राख्नुपर्छ ॥५१॥

अवरुद्धांस्तत्कुलीनान् सामन्तांश्च विचक्षणः ।
साधयेद् भेददण्डाभ्यां यथायोगेन चापरान् ॥५२॥

चतुर विजिगीषुले शत्रुपक्षका देशबाट निकालिएका वा नजरबन्द भएका राजकुलका व्यक्तिहरू र सामन्तहरूलाई भेद र दण्डको सहायताले एवं ती बाहेक अरूहरूलाई औचित्यअनुसार सफल हुन सक्ने उपायद्वारा अनुकूल बनाउनुपर्छ ॥५२॥

देवताप्रतिमास्तम्भसुषिरान्तर्गता नराः ।
पुमान् स्त्रीवस्त्रसंवीतो निशि चाद्भुतदर्शनः ॥५३॥
वेतालोल्कापिशाचानां शिलानां च सरूपता ।
इत्यादिमाया विज्ञेया मानुषी मानुषेश्वरैः ॥५४॥

देवताको प्रतिमाभित्र र भित्र खाली गरी बनाइएका थामहरूको बीचमा सुटुक्क पसेका एवं बाहिर स्त्रीको भेष बनाएर रहेका व्यक्तिहरू र रातमा वेताल, उल्का, पिशाच, पत्थरहरूको रूप लिई आश्चर्यजनक कुरा दर्शाउने व्यक्तिहरूले शत्रुलाई झुक्याएर मार्न वा मराउन सक्छन् । तिनीहरूद्वारा प्रयोग गरिने त्यस्तो कपटी कामलाई राजाले मानुषी माया सम्झनु-

---

*"धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः ।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ॥"

अर्थात् धैर्य, सहनशीलता, मन वशमा राख्नु, कुनै प्रकारको चोरी नगर्नु, बाहिरी तथा भित्री शुद्धता, इन्द्रिय जित्नु, बुद्धि स्वच्छ राख्नु, विद्या पढ्नु, साँचो बोल्नु, नरिसाउनु; यी १० धर्मका लक्षण हुन् । यी सबै लक्षणहरूले युक्त भएको धर्म यहाँ ग्रहण गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्छ॥ ।।५४।।

कामतो रूपधारित्वं शस्त्रास्त्राश्माम्बुवर्षणम् ।
तमोऽनिलोऽचलो मेघा इति माया ह्यमानुषी ।।५५।।

आफ्ना इच्छाअनुसारको रूप लिनु, शस्त्र, अस्त्र एवं पानीको वर्षा गराउनु, अन्धकार, हावा, पर्वत, बादल आदि बन्नु, यी दिव्य माया हुन् । (यिनबाट पनि आफ्नो रक्षा र शत्रुको हत्या गर्न सकिन्छ) ।।५५।।

जघान कीचकं भीम आश्रितः स्त्रीसरूपताम् ।
चिरं प्रच्छन्नरूपोऽभूद् दिव्यया मायया नलः ।।५६।।

भीमसेनले स्त्री (आफ्नी पत्नी द्रौपदी) को रूप लिएर कीचकलाई मारेका थिए॥ । राजा नल दिव्य मायाको आडमा धेरै कालसम्म नचिनिने

॥देवताको मूर्तिभित्र या मानिस भित्र अटाउन सक्ने गरी बनाएको थामको बीचमा सशस्त्र मानिस राख्नू र त्यस व्यक्तिलाई मौका-मौकामा देवताको बोलीमा जन-भावनाअनुसारका आकाशवाणी गर्न लगाउनू । त्यसपछि यस मूर्तिमा नित्य, पूजाको समयमा एक्लाएक्लै गरी गएर दर्शन गर्दा देवताको प्रत्यक्ष सान्निध्य थाहा हुन्छ भनी प्रचार गराउनू । अनि अङ्गरक्षक समेतलाई बाहिर छोडी मन्दिरभित्र पसेको शत्रुलाई ती भित्र लुकेर बसेका सशस्त्र व्यक्तिहरूले समाप्त गरिदिनू । यो कुरा गुप्त र सुव्यवस्थित रूपले गर्नुपर्छ अथवा यस्तो रौद्र काममा आँटिला आँटिला, गुप्त हतियार लिएर स्त्रीको भेषमा रहेका पुरुषहरूद्वारा राजा चन्द्रगुप्तले आफ्नी भाउज्यू ध्रुवस्वामिनीको रक्षाका लागि स्त्रीको भेषमा शकाधिपति देवपुत्र-शाहानुशाहीलाई मारेझैं शत्रुलाई मराउनू । राती मौका पारेर वेताल आदिको रूप लिएका उत्साही र त्यस्ता काममा शिपालु व्यक्तिहरूद्वारा पनि कुनै अवसरमा शत्रुलाई मराउन सकिन्छ । यी सबै मानुषी माया हुन् । आवश्यकता परेमा यस्तो मायाको प्रयोग गर्नुपर्छ ।

॥पाण्डवहरूको गुप्तवासमा सैरन्ध्री नामले राजा विराटको दरबारमा रहेकी द्रौपदीलाई विराटका साला एवं प्रधान सेनापति कीचकले जबर्जस्ती राख्न खोज्दा भीमसेनको सल्लाहबमोजिम उनले कीचकलाई राती नाचघरमा भेट गरुँला भनी आश्वासन दिइन् । त्यसपछि निर्दिष्ट समयमा सैरन्ध्री (द्रौपदी) को भेष बनाएर नाचघरमा गएका भीमसेनले आलिङ्गनको बदला मुक्का र लातले कीचकलाई त्यहीं समाप्त गरिदिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भई बसेका थिए❖ ।।५६।।

अन्याये व्यसने युद्धे प्रवृत्तस्यानिवारणम् ।
इत्युपेक्षार्थकुशलैरुपेक्षा त्रिविधा स्मृता ॥५७॥

अनुचित ठाउँमा दण्डको प्रयोग गर्नु आदि अन्यायमा, शिकार खेल्नु आदि व्यसनमा र आफू भन्दा ज्यादै बलवान्सँगको युद्धमा लागेको व्यक्तिलाई त्यसको भावी परिणाम जानी जानी ती कुराहरूबाट नहटाउनुलाई उपेक्षा भन्दछन् । यसैलाई नीतिकारहरूले अन्यायोपेक्षा, व्यसनोपेक्षा, अशक्ययुद्धोपेक्षा, यति तीन भागमा राखेका छन् ।।५७।।

अकार्ये सज्जमानस्तु विषयान्धीकृतेक्षणः ।
कीचकस्तु विराटेन हन्यतामित्युपेक्षितः ॥५८॥

कामुकताले अन्धो भै विनाविचार परस्त्रीमा आसक्त हुनुरूपी अन्यायमा लागेको कीचकलाई 'यो दुष्ट मारिए मारियोस्' भन्ने विचारले विराट राजाले उसलाई नरोकी उपेक्षा गरिदिए । (यो अन्यायोपेक्षा तथा व्यसनोपेक्षा दुवैको उदाहरण भयो ।) ।।५८।।

संरब्धो भीमसेनेन स्वार्थविच्छेदभीतया ।
हिडिम्बया निजो भ्राता हन्यतामित्युपेक्षितः ॥५९॥

❖आफ्ना भाइसँगको जूवामा सर्वस्व हारेका राजा नललाई जंगलमा घुम्दा वन-डढेलामा पिल्सिन लागेको एक अजिङ्गरले भन्यो– "महाराज ! मलाई यहाँ-बाट छुटाइदिएर आफ्ना पाइला गन्दै दौड्नुहोस्, म तपाईंको उपकार गर्नेछु" । त्यसपछि त्यसै गरी एक दुई गरी पाइला गन्दै दौडेका नलले दशौं पाइलामा 'दश' भन्नेबित्तिकै अजिङ्गरले उनलाई डस्यो । त्यसले डस्नासाथ राजा एक-तमाशका नचिन्निने अनुहारका भए र किन यस्तो भयो भनी तिनले सोद्धा अजिङ्गरले एक जोडी सेतो कपडा उनलाई दिएर भन्यो– "महाराज ! अहिले यसै रूपमा नचिन्निने भइरहनुहोस् । पछि जब कलिले तपाईंलाई छोडिदेला, त्यसपछि महारानी दमयन्तीसँग तपाईंको भेट हुनेछ; तब यी सेता कपडा पहिरेर पहिलेकै रूप र पहिलेको आफ्नै राज्य प्राप्त गरी आनन्दसाथ रहनुहोला ।" त्यसपछि त्यही दिव्य मायाले नचिन्निने भएका नल राजा ऋतुपर्णको भान्से भएर धेरै कालसम्म रहे । त्यसपछि ऋतुपर्णका साथ आफ्नी रानी दमयन्तीको जाली स्वयंवरमा सम्मिलित हुन विदर्भ देशमा जाँदा नललाई कलिले छोडिदियो । अनि दमयन्तीलाई भेटी आफ्ना ससुरा विदर्भराजको सहायताले शत्रुहरूलाई जिती फेरि राज्य गरेका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भीमसेनका साथको आफ्नो प्रेम-व्यवहाररूपी स्वार्थ बिग्रला भनी डराएकी हिडिम्बाले उनी (भीमसेन) सँग युद्ध गर्न लागेको आफ्नो दाज्यू हिडिम्बलाई युद्धबाट नहटाई उपेक्षा गरिदिइन्* ॥५९॥

अब ईन्द्रजाल बताइन्छः—

मेघान्धकारवृष्टयग्निपर्वताद्भुतदर्शनम् ।
दूरस्थानां च सैन्यानां दर्शनं ध्वजमालिनाम् ॥६०॥
छिन्नपाटितभिन्नानां संस्रुतानां प्रदर्शनम् ।
इतीन्द्रजालं द्विषतां भील्यर्थमुपकल्पयेत् ॥६१॥

युद्धमा एकाएक बादल लगाउनु; अन्धकार देखाउनु; पानी पार्नु; आगो, पर्वत र आश्चर्यलाग्दा घटना पर पर झण्डाको ताँती लिएका सैन्य र काटिएका, चिरिएका, टुक्र्याइएका, तपतप रगत चुहिरहेका मानिसहरू देखाउनु इत्यादि इन्द्रजालको काम हो। शत्रुलाई भयभीत गराउनका निमित्त यसको पनि युद्धमा प्रयोग गर्नुपर्छ ॥६०।६१॥

इत्युपायाः समाख्याता नाना नानार्थसाधकाः ।
साम तेषु हि कालज्ञो यथाकालं प्रयोजयेत् ॥६२॥

यसरी विभिन्न प्रयोजनहरू सिद्ध गर्नको निमित्त यी ७ उपाय आचार्यहरूले बताएका छन्* । समयको औचित्य जान्ने व्यक्तिले उचित समयमा साम उपायकै प्रयोग गर्नुपर्छ; अर्थात् सान्त्वनाबाटै काम लिनुपर्दछ ॥६२॥

सामभेदौ तु कर्तव्यौ दानमानपुरस्सरौ ।
दानेन हि समायुक्तावेतावप्यर्थसिद्धये ॥६३॥

---

*आधा रातमा हिडिम्ब राक्षसको जंगलमा पाण्डवहरू पुगेपछि हिडिम्बले आफ्नी बहिनी हिडिम्बालाई उनीहरूलाई मार्न भनी पठाएको थियो । परन्तु पाण्डवहरूलाई मार्न गएकी हिडिम्बा भीमसेनको पुष्ट सौन्दर्यमा लहसिएर अर्कै विचारमा लागेकी देखेर क्रुद्ध भई हिडिम्ब स्वयं उनीहरूलाई मार्न भनी आयो र भीमसेनसँग उसको घमासान पर्‍यो । आखिरमा भीमसेनले दाज्यूलाई मार्न लाग्दा पनि हिडिम्बा प्रसन्नतासाथ हेरिरहिन् ।

*वास्तवमा माया र उपेक्षा उपांशु-दण्डमा अन्तर्भूत हुने र इन्द्रजाल संगठित शत्रु-सैन्यमा दुबिधा पैदा गर्नको निमित्त प्रयोग गरिने हुनाले त्यसको 'भेद'मा अन्तर्भाव हुने हुँदा उपायहरू साम, दान भेद, दण्ड, यी चार मात्र हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साम र भेदको प्रयोग गर्दा दान एवं सम्मानका साथ गर्नु पर्छ । पहिले सम्मानसाथ केही दिएपछि मात्र सान्त्वना या भेदको नीतिले आफ्नो प्रयोजन सिद्ध गरिदिन्छ ॥६३॥

दानरिक्तेन सर्वत्र साम्ना कृत्यं तृणेन वा ।
निर्दानं साम नायाति कलत्रेष्वपि संस्थितिम् ॥६४॥

दानवेगरको केवल साम तृणबराबरको अर्थात् ज्यादै हल्का हुन्छ । त्यसबाट काम हुन गाह्रो छ । किनभने विनादानको सान्त्वना घरका पत्नी-हरूमा पनि सफल हुन सक्तैन (शत्रुमा त कुरै के !) ॥६४॥

इति ह्युपायान् निपुणं नयज्ञो
विनिक्षिपेच्छत्रुबले निजे च ।
निरभ्युपायो नियतं प्रपात
विचेष्टमानोऽन्ध इवाऽभ्युपैति ॥६५॥

नीति जान्ने विजिगीषुले खूब चलाकीसाथ शत्रुको र आफ्नो फौजमा यी उपर्युक्त उपायहरूको प्रयोग गर्नुपर्छ । ठीकसँग उपायहरूको प्रयोग नगरी विजयको निमित्त चेष्टा गर्‍यो भने असहाय अन्धो भीरमा पुगेझैं उनी सङ्कटमा पुग्दछन् । (उनको पतन अवश्यंभावी हुन्छ) ॥६५॥

अवश्यमायान्ति वशं विपश्चितामुपायसन्दंशबलेन संपदः ।
भवत्युदारं विधिवत् प्रयोजिते फलं हि राज्ञां क्वचिदर्थसिद्धये ॥६६॥

साम आदि उपायरूपी सनासाद्वारा सम्पत्तिहरू अवश्य नै राजनीतिज्ञ विद्वान्हरूको वशमा आउँछन् । नीतिशास्त्रमा बताइएको तरीकाबमोजिम उपाय प्रयोग गर्दा हुने उज्ज्वल फल कुनै अवस्थामा राजाको ठूलो प्रयोजन सिद्ध गर्ने हुन्छ ॥६६॥

उपायविकल्प नामक सत्ताइसौं प्रकरण
समाप्त

अठारौं सर्ग समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उन्नाईसौं सर्ग

सैन्यबलाबल-प्रकरण

[चतुरङ्ग बल (हस्त्यारोही, घोड्चढी, रथी तथा पैदल सेना) लाई छाडेर मन्त्र र कोशको पहिले युद्ध हुने कुरा बताइयो । त्यो असफल भएपछि दण्ड अर्थात् सैनिक-शक्तिको प्रयोग गरिने हुनाले त्यसको वर्णन यहाँ हुन्छ ।]

सामादीनामुपायानां त्रयाणां विफले नये।
विनयेन्नयसम्पन्नो दण्डं दण्ड्येषु दण्डवित् ॥१॥

साम, दान, भेद, यी तीनै उपायहरूको प्रयोग असफल भएपछि दण्ड-विधान जान्ने नीतिमान् शासकले दण्डनीय व्यक्तिहरूमा दण्डको प्रयोग गर्नुपर्छ ॥१॥

देवानभ्यर्च्य विप्रांश्च प्रशस्तग्रहतारकाः ।
षड्विधं तु बलं व्यूह्य द्विषतोऽभिमुखं व्रजेत् ॥२॥

इष्ट देवता, ब्राह्मण तथा शुभ ग्रह एवं शुभ नक्षत्रहरूको पूजा गरी विजिगीषुले ६ प्रकारको फौजलाई व्यूहको रूपमा सजाएर शत्रुतर्फ प्रस्थान गर्नुपर्छ ॥२॥

मौलं भृतं श्रेणि सुहृद् द्वेषदाटविकं बलम् ।
पूर्वं पूर्वं गरीयस्तु बलानां व्यसनं तथा ॥३॥

मौल (कुल-परम्पराबाट आएको अथवा विजिगीषुको हातमा शासनाधिकार आउनुभन्दा पहिलेको), भृत (विजिगीषुले शासनाधिकार लिइसकेपछि वेतन दिएर राखेको), श्रेणि (ठूला ठूला व्यावसायिक या व्यापारिक संगठनहरूले आत्मरक्षाको निमित्त सरकारको अनुमति लिएर भर्ती गरेको), सुहृत् (मित्रबाट सहायताको रूपमा प्राप्त), द्विषत् (युद्धमा शत्रुलाई परास्त गरी आफ्नोतर्फ मिलाएको), आटविक (सरकारलाई वार्षिक करको रूपमा केही तिरी उसको नियन्त्रणमा रहेर जङ्गलको प्रशासन एवं उपभोग गर्ने जङ्गली जातिको), यति ६ प्रकारको सेनामा विन्यास-क्रमले पहिलो पहिलो भरपर्दो या महत्त्वपूर्ण हुन्छ; अर्थात् आटविकभन्दा द्विषत्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असल, त्यसभन्दा सुहृत् इत्यादि । फौजी◆ व्यसनमा पनि यसैं क्रमले पहिलो पहिलो किसिमको सेनाको व्यसन महत्त्वपूर्ण अर्थात् भयानक हुन्छ ॥३॥

सत्कारादनुरागाच्च सहसङ्कथनासनात् ।
नित्यं तद्भावभावित्वान्मौलं भृतबलाद् गुरु ॥४॥

विजिगीषुको विशेष सत्कार गर्ने उनमा प्रेम राख्ने, उनीसँग बातचीत गर्ने र सँगै रहने, सधैं उनको उन्नतिमा उन्नत र अवनतिमा अवनत हुने हुनाले मौल सैन्य भृत सैन्यभन्दा विशेष महत्त्वको हुन्छ ॥४॥

सन्निकृष्टतया नित्यं क्षिप्रोत्थानतयाऽपि च ।
वृत्तेश्च स्वाम्यधीनत्वाद् भृतं श्रेणिबलाद् गुरु ॥५॥

सधैं विजिगीषुको आसपासमा रहने, आज्ञा पाउनासाथ जस्तोसुकै काममा पनि अघि सर्ने र विजिगीषुबाट नै तलब भत्ता पाउने हुनाले श्रेणि सेना-भन्दा भृत सेना विशेष महत्त्वपूर्ण हुन्छ ॥५॥

तुल्यसंघर्षणामर्षात् सुखलाभात्तथैव च ।
बलाज्जानपदत्वाच्च मैत्राच्छ्रेणिबलं गुरु ॥६॥

विजिगीषु र श्रेणि-सेनाको शत्रुको उपर समान स्पर्द्धा र क्रोध हुने र शत्रु-विजयबाट हुने सुख शान्ति एवं फाइदा पनि दुवैलाई समान रूपले हुने तथा एकै मुलुकका व्यक्तिमा विशेष आत्मीयता पनि हुने हुनाले सुहृत्-सैन्य भन्दा श्रेणि-सैन्य महत्त्वपूर्ण हुन्छ ॥६॥

असंख्यदेशकालत्वादेकार्थोपगमात् तथा ।
बलान्मेदनयोगाच्च शत्रोर्मित्रबलं गुरु ॥७॥

कुनै देश र कालको सीमा नभएको अर्थात् जुनसुकै समयमा जहाँ पनि विजिगीषुको तर्फबाट लड्न तयार रहने हुनाले, विजिगीषुका निजी सेनाको झैं उसको पनि शत्रुलाई जित्ने एक मात्र लक्ष्य हुने हुनाले र विजिगीषुसँग स्नेह राख्ने संबन्ध हुनाले पनि शत्रुबाट प्राप्त हुने सेनाभन्दा मित्रबाट प्राप्त हुने सेना बेश हुन्छ ॥७॥

प्रकृत्याऽधार्मिका लुब्धा अनार्याः सत्यभेदिनः ।
तस्मादारण्यकतया तेभ्यः शत्रुबलं गुरु ॥८॥

आटविक फौजी जवानहरू स्वभावतः अधार्मिक, लोभी, अनुचित काम गर्ने र झूटो व्यवहार गर्ने हुन्छन्; त्यस कारण तिनीहरूभन्दा शत्रुबाट प्राप्त फौज विशेष योग्य हुन्छ ॥८॥

◆चौथौं अध्यायको प्रकृति-व्यसन प्रकरणमा बताइएको बल-व्यसन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उभयं तद्विलोपार्थं कालापेक्षं व्यवस्थितम् ।
विलोपेऽव्यसने चैव तत्राऽस्य विजयो ध्रुवः ॥९॥

शत्रुबाट प्राप्त भएको र आटविक, यी दुवै प्रकारका फौजहरू शत्रुको मुलुक लुट्नको निमित्त मौका पर्खेर बसिरहेका हुन्छन्, अतः शत्रुको मुलुक लुटिन सके र विजिगीषु स्वयं कुनै व्यसन (संकट अथवा दुष्ट आचरण) मा नफँसे ती फौजद्वारा शत्रुका उपर विजय निश्चय नै हुन सक्छ। अर्थात् उपर्युक्त दुवै प्रकारका फौजहरूद्वारा विजिगीषुले आफू कुनै व्यसनमा नफँसी शत्रुको मुलुक लुटाउन सके सफलता उसलाई मिल्छ× ॥९॥

उपाजापकृतात् तु स्याद् भयमस्माद् विशेषतः ।
परस्य चाप्युपजपेदुपजापाद् ध्रुवो जयः ॥१०॥

शत्रुपक्षले कान फुकिदिएको अर्थात् भित्रभित्रै आफूदेखि फुटाइएको उपर्युक्त प्रकारको सेनादेखि विशेष डर हुन्छ । तसर्थ विजिगीषुले आफ्ना सबै सेनामा त्यस्तो भेद-नीति चल्न नदिएर शत्रुको सेनामा फूट उत्पन्न गराइदिनु पर्छ। त्यसो गर्नाले निश्चय नै विजय प्राप्त हुन्छ ॥१०॥

स्फीतसारानुरक्तेन मौलेनोपचितः परः ।
तत्तुल्येनैव यातव्यः क्षयव्ययसहिष्णुना ॥११॥

अत्यन्त बलवान् र राजभक्त कुलपरम्परागत फौजले समृद्ध भएको शत्रु छ भने विजिगीषुले धन-जनको जति नै नोक्सान भए पनि हरेस नखाई, त्यस्तै खूब बलवान् र आफूमा अनुरक्त पुराना फौजहरूलाई साथ लिएर त्यसका उपर आक्रमण गर्नुपर्छ ॥११॥

प्रकृष्टेऽध्वनि काले वा गच्छेन्मौलैः सुमानितैः ।
मौलास्तु दीर्घकालत्वात् क्षयव्ययसहिष्णवः ॥१२॥

विजिगीषुले धेरै लामा बाटामा वा धेरै समयका निमित्त युद्ध-यात्रा गर्नुपर्दा खूब इज्जतसाथ राखिएका परम्परागत पुराना फौजहरूलाई आफ्नो साथमा लिएर हिँड्नुपर्छ । किनभने तिनीहरू धेरै कालसम्म आफ्ना साथमा रहेका र अनुभवी हुनाले धन-जनको जतिसुकै क्षति भए पनि हरेस खाँदैनन् ॥१२॥

एषु वस्तुषु मेधावी भृतादीनि विवर्जयेत् ।
दीर्घाध्वकालखिन्नेषु तेषु भेदभयं भवेत् ॥१३॥

× विजिगीषु व्यसनबाट बच्न सकेन र यातव्य शत्रुको मुलुक पनि लुटिन पाएन भने यी दुवै प्रकारको फौज उसदेखि क्रुद्ध हुने हुँदा त्यसबाट उसलाई मौकामा दगाबाजी हुन सक्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता दीर्घकालीन र दूरदेशीय यात्रामा बुद्धिमान् विजिगीषुले भृत, श्रेणी, सुहृत् आदि पूर्वोक्त अरू किसिमका फौजहरूलाई भरसक साथ नलिनू; किनभने त्यस्तो धेरै लामो बाटो र धेरै समयको परिश्रमले दिग्दार भएका ती सैन्यहरूमा शत्रुको भेद-नीति चल्ने डर हुन्छ ॥१३॥

बहुत्वादेव सैन्यानां दीर्घकालाच्च खेदतः ।
नित्यप्रयासयानाभ्यां भेदोऽवश्यं हि जायते ॥१४॥

उक्त स्थितिमा सबै प्रकारका मिश्रित सैन्यहरू ज्यादा हुनाले युद्ध-यात्राको समय लामो हुँदाको दिग्दारीले, सधैंको परदेशी झन्झट र रातदिनको हिंडाइले समेत गर्दा ती सैन्यहरूमा अवश्य फूट पर्न सक्छ ॥१४॥

प्रभूतं चेद् भृतबलं मौलमल्पमसारवत् ।
अरेरल्पं विरक्तं वा मौलं प्रायोऽल्पसारवत् ॥१५॥

विजिगीषुको परम्परागत पुरानो दरबारी फौज थोरै र दुर्बल; अनि आफैंले तलब दिएर भर्ती गरेको फौजचाहिं प्रशस्त र सक्षम छ भने र शत्रुको पनि परम्परागत पुरानो फौज थोरै अथवा अस्वामिभक्त छ भने त्यस अवस्थामा विजिगीषुको निमित्त त्यस्तो आफ्नो पुरानिया फौज साह्रै काम लाग्ने हुँदैन । अर्थात् त्यस्तो अवस्थामा मौल-बलभन्दा भृत-बलबाटै ज्यादा प्रयोजन सिद्ध हुने हुनाले त्यसैको विशेष उपयोग गर्नुपर्छ ॥१५॥

प्रायो मन्त्रेण योद्धव्यमल्पायासेन चैव हि ।
अल्पः कालस्तु देशो वाऽप्रभूतौ च क्षयव्ययौ ॥१६॥

प्रायः गुप्तयोग (मुख्य शत्रुलाई सुटुक्क मराउनु अथवा शत्रुपक्षका मुख्य व्यक्ति या सेनाहरूलाई फुटाइदिनु आदि कूटनैतिक उपाय) द्वारा नै विजिगीषुले युद्ध गर्नुपर्छ । त्यसो नभए भरसक थोरै प्रयासले मतलब सिद्ध हुने गरी लड्नुपर्छ । त्यसो गर्दा प्रकाश-युद्धमा◇ झैं धेरै समय र विशाल रणक्षेत्रको आवश्यकता पर्दैन, धन-जनको ठूलो क्षति पनि हुँदैन ॥१६॥

शान्तोपजापविश्वस्तमस्मत्सैन्यं परस्य वा ।
अल्पः प्रसारो हन्तव्य इत्युपेयाद् भृतैर्बलैः ॥१७॥

जब विजिगीषुलाई विश्वास हुन्छ कि 'हाम्रो सैन्यमा शत्रुको भेद-नीति चल्न नसकेकोले यो शान्त छ, त्यस कारण यसमा विश्वास गर्न सकिन्छ; शत्रुको चाहिं सैनिक तैयारी र क्षमता कम छ अथवा उसको प्रभाव नगण्य छ या

◇सकभर तयारी गरेर खुला रूपमा गरिने युद्धलाई प्रकाश-युद्ध भन्दछन् । यसको वर्णन ग्रन्थको अन्त्यमा हुनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जोश हराइसकेको छ;' तब भृत सेना लिएर उसमाथि आक्रमण गरे हुन्छ ॥१७॥

स्फीतं श्रेणिबलं शक्यमाधातुं यानवस्तुनोः ।
ह्रस्वौ प्रवासव्यायामाविति श्रेण्या समुत्पतेत् ॥१८॥

प्रशस्त रूपमा रहेको व्यावसायिक संगठनहरूको फौजलाई युद्ध-यात्रामा साथ लिन र स्थानीय सुरक्षाको निमित्त राख्न सकिन्छ । जुन युद्ध-यात्रामा परदेशको बसाइ र परिश्रम साह्रै धेर पर्दैन, त्यसमा उक्त श्रेणि-बल साथमा लिएर आक्रमण गरे हुन्छ ॥१८॥

प्रभूतं हि सुहृत्सैन्यं शक्यमाधातुमात्मनि ।
अल्पप्रवासो मन्त्राच्च भूयो व्यायामयोधनम् ॥१९॥

जब कूटनैतिक मन्त्र-युद्धभन्दा रणभूमिमा डटेका वीरहरूको शास्त्र-युद्ध-द्वारा मतलब सिद्ध गर्नुपर्ने हुन्छ र परदेश-यात्रा थोरै कालको निमित्त हुने हुन्छ, त्यस समयमा प्रशस्त मात्रामा मित्रबाट सहायतार्थ प्राप्त हुने सैन्यको उपयोग आफूले गरे हुन्छ ॥१९॥

मित्रसाधारणे कार्ये मित्रायत्ते फलोदये ।
अनुग्राह्ये च पीड्ये च मित्रेणैव सह व्रजेत् ॥२०॥

मित्र र आफूलाई बराबर फाइदा हुने र सफलता मित्रकै सहारामा रहेको काममा अथवा उसलाई सहायता दिनुपर्ने या उसलाई हण्डर खुवाउनु-पर्ने काममा उसैलाई साथमा लिएर नै युद्ध-यात्रा गर्नुपर्छ ॥२०॥

प्रभूतेनारिसैन्येन योधयेन्महतो रिपून् ।
श्वशूकरवधापेक्षी नयं चाण्डालवन्नयेत् ॥२१॥

कुकुर मरे आफ्नो काँडो पन्छिने, बनेल मरे नयाँ शिकार हुने, दुवै मरे झन् बेश हुने' कुरा सोचेर मानिस-टोकुवा उज्जण्ड कुकुरलाई बनेलसँग भिडाइदिने चण्डालको जस्तो नीति विजिगीषुले अपनाउनुपर्छ र ठूला ठूला शत्रुहरूलाई अरू नै बडे बडे शत्रुको जमातसँग भिडाइदिनुपर्छ ॥२१॥

अत्यूर्जितं कोपभयादभ्याशे तु रिपोर्बलम् ।
वासयेत् कर्शयेच्चैव दुर्गकण्टकमर्दनैः ॥२२॥

त्यसरी ठूला ठूला शत्रुहरूलाई समाप्त गर्ने उद्देश्यले नीतिपूर्वक झिकाइएको अन्य शत्रु-राष्ट्रको विशाल सेना नजीकै देखता राज्यका बाहिरी प्रकृतिहरूमा प्रकोप हुने डर भएमा त्यसलाई विजिगीषुले सुरक्षासाथ सरक्क आफ्ना आसपासमा रखाउनुपर्छ । त्यसो गर्दा अन्तःप्रकोप हुने या अरू कुनै खतरा हुने डर भएमा त्यसलाई युद्ध-यात्राको मार्गमा पर्ने बिघ्नबाधाहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हटाउन र ठाउँ-ठाउँमा बनेका यातव्य शत्रुका किल्लाहरू नष्ट गर्दै गर्न लगाएर घटाउने कोशिश गर्नुपर्छ ।।२२।।

नित्यमाटविकं सैन्यं दुर्गकण्टकशोधने ।
परदेशप्रवेशे च पुरस्कुर्वीत पण्डितः ॥२३॥

चतुरो विजिगीषुले ठाउँ-ठाउँमा बनेका शत्रुका किल्लाहरू ध्वस्त पार्ने र यात्रा-मार्गका विघ्नहरू हटाउने काममा एवं शत्रुको देशमा प्रवेश गर्नका निमित्त सधैं आटविक (जङ्गली) फौजलाई अघि सार्नुपर्छ ।।२३।।

एतन्मौलानिषड्भेदं चतुरङ्गं बलं विदुः ।
षडङ्गं मन्त्रकोशाभ्यां पदात्यश्वरथद्विपैः ॥२४॥

मौल आदि भेदले जम्मा ६ किसिमको मानिने पूर्वोक्त सेना† पैदल, अश्वारोही, रथी र हस्त्यारोही गरी चार अङ्ग भएको हुन्छ । मन्त्र र कोशलाई पनि यसको अङ्ग मानेको खण्डमा यही षडङ्ग बल (६ अङ्ग भएको सेना) पनि भनिन्छ ।।२४।।

इति षड्विधमेतद्धि यथायोगं बलं बली ।
सुनिश्छिद्रं प्रतिव्यूह्य यायात् परबलं बली ॥२५॥

सेनाको अधिपति भएको शक्तिशाली विजिगीषुले यो पूर्वोक्त ६ प्रकारको सैन्यलाई खूब राम्रो र व्यवस्थित रूपमा औचित्य अनुसार ठीकसँग सजाएर साथ लिई शत्रुको फौजतर्फ युद्ध-यात्रा प्रारम्भ गर्नुपर्छ ।।२५।।

योगमस्य विजानीयात् सर्वं यन्त्रादिना नृपः ।
कृताकृतं प्रचारं च साधु सेनापतेस्तथा ॥२६॥

राजाले आवश्यकतानुसार 'जामदग्न्य' आदि विशेष यन्त्र र अन्य उपायहरूको सहाराले आफ्ना सेनाको व्यूह-व्यवस्था र सुरक्षा ठीकसँग भए नभएको सबै कुरा राम्ररी जान्नुपर्छ; ▦ साथै सेनापतिले 'प्रचार'* गरे-नगरेको

†सेनाको छ भेद यो हो:– (१) मौल (२) भृत (३) श्रेणि (४) सुहृत् (५) द्विषत् (६) आटविक । यसको स्पष्टीकरण यसै प्रकरणको तेस्रो श्लोकमा भइसकेको छ ।

▦यो सबै सुव्यवस्थाको जानकारीका लागि द्रष्टव्य:- कौटलीय अर्थशास्त्र अधिकरण ६. अध्याय ३. ४६–५१ सूत्र ।

*यहाँ यो शब्द पारिभाषिक रूपमा प्रयुक्त छ । तदनुसार यसको अर्थ 'आउँदो उनन्तीसौं प्रकरणमा बताएअनुसारका सेनापतिमा हुनुपर्ने योग्यता-बमोजिमको सेनापतिको कर्तव्य' हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रोसँग बुझ्नुपर्छ ।।२६।।

सैन्यबलाबल नामक २८ सौं प्रकरण समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेनापति–प्रचार–प्रकरण*

कुलोद्गतं जानपदं मन्त्रज्ञं मन्त्रिसम्मतम् ।
दण्डनीतेः प्रयोक्तारमध्येतारं च तत्त्वतः ॥
सत्यसत्त्वक्षमास्थैर्यमाधुर्यार्यगुणान्वितम् ।
प्रभावोत्साहसम्पन्नमाजीव्यमनुजीविनाम् ॥
मित्रवन्तमुदाराढ्यं बहुस्वजनबान्धवम् ।
व्यवहारिणमक्षुद्रं पौरप्रकृतिसम्मतम् ॥
नित्याकारणवैराणामकर्तारमनाविलम् ।
शुभानुबन्धिकर्माणमल्पामित्रं बहुश्रुतम् ॥
अरोगं व्यायतं शूरं त्यागिनं कालवेदिनम् ।
कल्याणाकृतिसम्पन्नं सत्सम्भाव्यपराक्रमम् ॥
गजाश्वरथचर्यासु शिक्षितं सुजितश्रमम् ।
खड्गयुद्धे नियुद्धे च शीघ्रचङ्क्रमणक्षमम् ॥
युद्धभूमिविभागज्ञं सिंहवद् दृढविक्रमम् ।
अदीर्घसूत्रं निस्तन्द्रममर्षणमनुद्धतम् ॥
हस्त्यश्वरथशस्त्राणां सम्यग् लक्षणवेदिनम् ।
नरान्तरविवेकज्ञं कृतज्ञमनुकम्पकम् ॥
वर्मकर्मसमायोगे कुशलं कुशलानुगम् ।
सर्वयुद्धक्रियोपेतं शक्तं तत्परिकर्मणि ॥
स्वभावचित्तज्ञतया युक्तमश्वनृदन्तिनाम् ।
तन्नाम्नां चापि वेत्तारं तद्विधानोपपादकम् ॥
देशभाषास्वभावज्ञं लिपिज्ञं सुदृढस्मृतिम् ।
निशाप्रचारकुशलं शकुनज्ञाननिश्चितम् ॥
उदयास्तमयज्ञं च नक्षत्राणां ग्रहैः सह ।
दिग्देशमार्गविज्ञानसम्पन्नं तज्ज्ञसेवितम् ॥

---

*यस प्रकरणमा सेनापतिमा हुनुपर्ने गुण र उसका मुख्य कर्तव्यको व्यवस्था छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षुत्पिपासाक्लमत्रासशीतवातोष्णवृत्तिभिः ।
अनाहितभयक्लान्तिं तत्संविग्नाभयप्रदम् ॥
हन्तारं परसैन्यानां दुःसाधाहितनिश्चयम् ।
हतानां च स्वसैन्यानां सम्यग्विष्टम्भनक्षमम् ॥
अवस्कन्दाभिमन्तारं वेत्तारं सैन्यकर्मणाम् ।
परदूतप्रचारज्ञं महारम्भफलोपगम् ॥
शश्वत्संसिद्धकर्माणं सिद्धकर्मनिषेवितम् ।
पराभवेष्वनिर्विण्णं श्रीमद्राजार्थतत्परम् ॥
इत्यादिलक्षणोपेतं कुर्वीत ध्वजिनीपतिम् ।
ध्वजिनीं तु सदोद्युक्तः स गोपायेद् दिवानिशम् ॥२७-४३॥

मातृकुल एवं पितृकुल विशुद्ध भएको, आफ्नै मुलुकको, राजनैतिक सल्लाह जान्ने, मन्त्रीहरूले मन पराएको, दण्डनीतिको प्रयोग गर्न जान्ने र त्यसको वास्तविक रूपमा अध्ययन पनि गर्ने, सत्य व्यवहार, आत्म-बल, सहन-शीलता, स्थिरता, प्रियवादिता जस्ता असल गुणहरूले युक्त, प्रभाव र उत्साहले सम्पन्न, आफ्नो आश्रयका व्यक्तिहरूले निस्फिक्री भर पर्न हुने, धेरै मित्रहरू भएको, प्रशस्त मात्रामा उदार विचारधारा भएको, आपस्त व्यक्तिहरू र दाज्यूभाइ धेरै भएको, व्यावहारिक, कसैसँग क्षुद्रता नगर्ने, शहरि-याहरू र अरू जनताले अर्थात् सबै दुनियाँदारले रुचाएको, सधैंको फजूल झगडा नउठाउने, कपटी स्वभाव नभएको, भविष्य उज्ज्वल भएका राम्रा कामहरू गर्ने, थोरै शत्रु भएको, धेरै शास्त्रीय ज्ञान भएको, निरोगी, खाइलाग्दो अग्लो शरीर भएको, शूरो, दानी, समयको महत्त्व बुझ्ने, ध्यान आकर्षित गर्ने भद्र अनुहार भएको, आकारबाट नै योग्य पराक्रमको अनुमान गर्नुपर्ने, हात्ती घोडा र रथहरूमा सवार हुन जान्ने, परिश्रमलाई जितेको अर्थात् परिश्रमदेखि नडराउने, तरबारको युद्धमा र पहलमानी युद्धमा चाँडो चाँडो कदम चलाउन सक्ने, युद्ध-क्षेत्र कस्तो हुनुपर्छ त्यसको विशेष विभाग जान्ने, सिंह जस्तै दृढ पराक्रमी, जुम्सोपना नभएको, कुनै काम गर्न अल्छी नमान्ने, अरूको दबाब नसहने, उद्धत या उत्ताउलो स्वभाव नभएको, हात्ती घोडा रथ र हतियारहरूको लक्षण राम्ररी जान्ने, मानिसको विशेषता बुझ्ने, गुन चिन्ने, दयालु स्वभावको, युद्धको चाँजो-पाँजो मिलाउन सिपालु, युद्धको कुरा जान्ने चतुरा सहयोगीहरू भएको, सबै युद्धका कामहरूको ज्ञान भएको अर्थात् सबै प्रकारका युद्धको जानकारी राख्ने, व्यूह-रचना आदि युद्धको सजावट मिलाउन सक्ने, स्वभाव र मनसाय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुझ्न सक्ने हुनाले घोडा, मानिस र हात्तीहरूको अभिभावक हुन योग्य एवं उनीहरूका नाम जान्ने र उनीहरूको पालन-पोषण गर्ने तरीका मिलाउने, आफ्ना देशका प्रचलित भाषा र नागरिकहरूको स्वभाव जान्ने, विभिन्न लिपिहरूमा दखल भएको, खूब राम्रो स्मरणशक्ति भएको, रातमा घुम-फिर गर्न सिपालु, शुभाशुभ शकुनको निश्चयात्मक ज्ञान भएको, ग्रह र नक्षत्रहरू उदाएको र अस्ताएको जान्ने या तिनीहरूको उदाउने र अस्ताउने बेला चाल पाउने, दिशा, देश र बाटाको तारतम्य जानेको एवं त्यस्तै सहयोगीहरू भएको, भोक, तिर्खा, थकाइ या ग्लानि, आशंका या फस्का, ठण्डी, हावा र गर्मीको असरले डर र दिग्दारी नलिने, भोक तिर्खा आदिबाट विच्केका वा डराएका व्यक्तिहरूलाई आश्वासन दिने, शत्रुका सैन्यहरूलाई स्वाहा पार्ने, गरेको निश्चय पक्का राख्ने अर्थात् स्थिर-प्रतिज्ञ, खूब मारमा परेका या मरेर बाँकी रहेका आफ्ना सैन्यहरूलाई राम्ररी रणभूमिमा अड्याइराख्न सक्ने, शत्रुले पक्रेर रोकेका आफ्ना सैनिकहरूलाई गुप्त रूपमा आश्वासन दिलाउने, आफ्ना सेनाका कामहरू बुझ्ने, शत्रुका दूतहरूले कहाँ के प्रचार गरिरहेका छन् सो याद राख्ने, ठूलो उद्योगले पाइने फलप्राप्तिको निमित्त प्रयास गर्ने, सधैं आफूले थालेको काम पूरा गर्ने र त्यस्तै काम पार लगाउने सहयोगीहरू पनि भएको, पराजित हुनुपर्दा पनि उत्साह नमार्ने, महत्त्वपूर्ण राज-कार्यमा तत्पर रहने इत्यादि लक्षणहरूले युक्त व्यक्तिलाई राजाले सेनापति बनाउनुपर्छ। सेनापति पद पाइसकेको व्यक्तिले पनि हरबखत उत्साह र सावधानीसँग फौजको सुरक्षा गर्नुपर्छ ।।२७–४३।।

नद्याद्रिवनदुर्गेषु यत्र यत्र भयं भवेत् ।
सेनापतिस्तत्र तत्र गच्छेद् व्यूहीकृतैर्बलैः ।।४४।।

नदी, पहाड र वनका दुर्गम स्थानहरूमा जहाँ जहाँ खतराको संभावना हुन्छ, त्यहाँ त्यहाँ सेनापतिले व्यूहको रूपमा सजाइएका फौजहरू साथ लिएर अगाडि बढ्नुपर्छ ।।४४।।

सेनापति–प्रचार नामक उनन्तीसौं प्रकरण समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयाण–व्यसन–प्रकरण*

नायकः पुरतो यायात् प्रवीरपुरुषावृतः ।
मध्ये कलत्रं स्वामी च कोशः फल्गु च यद्बलम् ॥४५॥

वीर वीर सैनिक जवानहरूलाई साथमा लिएर फौजका नायकले अघि लाग्नुपर्छ । बीचमा स्त्रीहरू, विजिगीषु राजा, कोश र बेठीबेगार आदिमा लिइएको फाल्तू फौज रहनुपर्छ ॥४५॥

पार्श्वयोरुभयोरश्वा अश्वानां पार्श्वयो रथाः ।
रथानां पाश्वयोर्नागा नागानां चाटवीबलम् ॥४६॥

दुवैतिर बगलमा घोडचढी सेना, त्यसका बगलमा रथी सेना, त्यसका बगलमा हस्त्यारोही सेना, अनि त्यसका पनि बगलमा आटविक सेना (विभिन्न किसिमको जंगली फौज) रहनुपर्छ ॥४६॥

पश्चात् सेनापतिः सर्वं पुरस्कृत्य कृती स्वयम् ।
यायात् सन्नद्धसैन्यौघः खिन्नानाश्वासयञ्छनैः ॥४७॥

सबैभन्दा पछाडि युद्धका निमित्त आवश्यक सबै चीज अघि लाएर युद्धका निमित्त सेनाहरूलाई तयार राखेको कुशल सेनापतिले दिक्क भएका सैनिकहरूलाई आश्वासन दिंदै बिस्तार बिस्तार हिंड्नुपर्छ ॥४७॥

यायाद् व्यूहेन महता मकरेण पुरोभये ।
श्येनेनोद्धृतपक्षेण सूच्या वा वीरवक्त्रया ॥४८॥

अघिल्तिरबाट खतरा हुने संभावना भएमा ठूलो मकर-व्यूह× द्वारा, अथवा पखेटा फिंजाएका बाजको जस्तो आकार परेका सेना भएको 'श्येन-व्यूह' द्वारा, अथवा वीर वीर योद्धाहरूलाई अघिल्तिर राखेर सीयाको आकारमा सैनिकहरू रहेका 'सूची-व्यूह' द्वारा अगाडि बढ्नुपर्छ ॥४८॥

---

*विजिगीषुले युद्धयात्रा गर्दा कसरी गर्नुपर्छ र यात्रामार्गमा कस्ता संकट आइपर्दा कस्ता किसिमले प्रतिकार गर्न सकिन्छ भन्ने कुरा यस प्रकरणमा छन् ।

×माछाको आकारमा राखिएको अर्थात् माछाको जस्तो आकार बन्ने गरी क्रममा खडा गरिएको सैन्यविन्यासलाई मकरव्यूह भन्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चाद्भये तु शकटं पार्श्वयोर्वज्रसंज्ञितम् ।
सर्वतः सर्वतोभद्रं भये व्यूहं प्रकल्पयेत् ।।४९।।

पछाडिबाट कुनै खतरा हुने संभावना भएमा शकट-व्यूह (गाडाको आकारमा रहेको सैनिकहरूको विन्यास), ओल्टा कोल्टाबाट खतरा हुने संभावना भएमा वज्र-व्यूह (वज्रको आकारमा रहेको सेना-विन्यास) र सबैतिरबाट खतरा हुने संभावना भएमा सर्वतोभद्र-व्यूह (सर्वतोभद्र-◆को आकारमा रहेको सेना-विन्यास) तयार गर्नुपर्छ ।।४९।।

कन्दरे शैलगहने निम्नगावनसंकटे ।
दीर्घाध्वनि परिश्रान्तं क्षुत्पिपासाहितक्लमम् ।।
व्याधिदुर्भिक्षमरणपीडितं दस्युविद्रुतम् ।
पङ्कपांसुजलाच्छन्नं व्यस्तं पुञ्जीकृतं पथि ।।
प्रसुप्तं भोजनव्यग्रमभूमिष्ठमसंस्थितम् ।
चोराग्निभयवित्रस्तं वृष्टिवातसमाकुलम् ।।
एवमादिषु जातेषु व्यसनेष्वसमाकुलः ।
स्वसैन्यं साधु संरक्षेत् परसैन्यं च घातयेत् ।।५०–५३।।

पर्वतका खोंच या गुफाहरूमा, पहाडिया जङ्गलमा, नदी खोला र जङ्गलहरूका दुर्गम स्थानमा एवं लम्बे-रातको बाटामा हिंड्दा हिंड्दा थाकेको, भोक र तिर्खाले फत्रक्क गलेको, रोग अनिकाल र मृत्युका कारणबाट व्याकुल भएको, डाँकाहरूद्वारा सताइएको, हिलो, धूलो वा पानीले व्याप्त भएको, छरपुष्ट भएर एक्लाएक्लै परेको वा बाटामा एकै ठाउँमा थुप्रिएको, निदाएको, खाना खानमा व्यस्त रहेको, करपर्दो ठाउँमा नरहेको, तयार भएर सैनिक रूपमा नरही असावधान र अव्यवस्थित अवस्थामा रहेको, चोर एवं अग्निको डरले बिच्किएको, वर्षा र हावाले आकुल पारिएको, इत्यादि संकटापन्न स्थितिमा सेनापतिले आफ्ना सैन्यको पूरा संरक्षण गर्नु र शत्रुको सैन्यलाई मराउनुपर्छ ।।५०–५३।।

प्रयाण-व्यसन-रक्षण नामक तीसौं प्रकरण समाप्त

◆पूजा आदिमा लेखिने एक प्रकारको आकार भएको यन्त्र ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कूटयुद्ध–विकल्प–प्रकरण

[युद्धयात्रा र त्यसमा आइपर्ने बाधाहरूबाट सुरक्षित हुने उपायहरू कूट-युद्धसँग संबन्धित हुनाले यस प्रकरणमा त्यसकै प्रकारहरू बताइन्छन् ।]

विशिष्टो देशकालाभ्यां भिन्नारिप्रकृतिर्बली ।
कुर्यात् प्रकाशयुद्धं हि कूटयुद्धं विपर्यये ॥५४॥

विजिगीषु देश-काल अनुकूल भएको, आक्रमण गर्नुपर्ने शत्रुका प्रकृतिहरूमा फूट पैदा गर्न सकेको र त्यस शत्रुको अपेक्षा सैनिक-शक्ति मजबूत भएको छ भने मात्र उसले प्रकाश-युद्ध गर्नु उचित हो, नत्र कूट-युद्ध गर्नुपर्छ* ॥५४॥

तेष्ववस्कन्दकालेषु परं हन्यात् समाकुलम् ।
अभूमिष्ठं स्वभूमिष्ठं तद्भूमौ चोपजापतः ॥५५॥

ती (यसै अध्यायका ५०–५३ श्लोकहरूमा निर्दिष्ट) आक्रमणोचित अवस्थाहरूमा आकुल-व्याकुल भएको, अनुचित भूमिमा अथवा आफ्ना राष्ट्रको भूमिमा रहेको शत्रुलाई आफ्ना सैनिक-शक्तिद्वारा नष्ट गरिदिनुपर्छ । उसैको राष्ट्रमा उचित स्थानमा रहेछ भने त भेद-नीतिद्वारा उसलाई खतम गराउनुपर्छ; अर्थात् त्यस अवस्थामा शत्रु-पक्षकै प्रमुख व्यक्तिहरूमा फूट उत्पन्न गराइदिएर मतलब सिद्ध गर्नुपर्छ ॥५५॥

प्रकृतिप्रग्रहाकृष्टं पाशैर्वनचरादिभिः ।
हन्यात् प्रवीरपुरुषैर्भङ्गदानापकर्षणैः ॥५६॥

शत्रुलाई, उसबाट फुटाएर आफ्नोतर्फ मिलाइएका उसका अमात्य आदि प्रकृतिहरू रूपी लगामले खिची, तोडेर अर्थात् मराएर वा केही दिएर पन्छाउनुपर्ने + जंगली सैनिक वा अरू कुनै खतरनाक र बाटाको काँडो बनेका

---

*मन्त्र-युद्ध आदि अन्य प्रकारका युद्धको पनि संकेत मिलिसकेको छ तापनि सशस्त्र सैनिकहरूद्वारा गरिने युद्ध जसलाई व्यायाम-युद्ध संज्ञा पनि दिइन्छ, प्रमुख र प्रचलित देखिन्छ । त्यसका दुई भेद छन्:– प्रकाश-युद्ध र कूट-युद्ध । ती दुईमा प्रकाश-युद्ध मुख्य र कूट-युद्ध गौण हो ।

+कसै-कसैका मतमा 'भङ्गदानापकर्षणैः' यस शब्दको प्रयोग विशेषणको रूपमा नभएर कारणको रूपमा भएको छ । पाशाको विशेषण बनाएको पक्षमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वीर वीर व्यक्तिहरूरूपी पाशाहरूद्वारा फँसाएर मार्नुपर्छ ॥५६॥

पुरस्ताद् दर्शनं दत्वा तल्लक्ष्यकृतनिश्चयः ।
हन्यात् पश्चात् प्रवीरेण बलेनोत्पीड्य वेगिना ॥५७॥

युद्धको तयारीसाथ केही फौज लिई अगाडि देखा परेर त्यतैतर्फ लक्ष्य गरी एकाहरिएको शत्रु-सैन्यलाई पछिल्तिरबाट वेगिलो र वीर वीर व्यक्तिहरू भएको फौजद्वारा दपेटेर खतम पारिदिनुपर्छ ॥५७॥

पश्चाद् वा संकुलीकृत्य हन्यात् सारेण पूर्वतः ।
आभ्यां पार्श्वाविघातौ च व्याख्यातौ कूटयोधने ॥५८॥

अथवा यसरी कूटयुद्ध गर्दा शत्रु-सैन्यलाई पछाडिबाट तुलबुल्याएर अगाडिपट्टिबाट शक्तिशाली र योग्य फौजद्वारा मराउनुपर्छ । अथवा त्यसरी दुई रूपमा विभाजित आफ्नो पल्टनद्वारा दायाँ बायाँतिरबाट पनि शत्रुमाथि हमला गर्ने प्रक्रिया वर्णित छन् ॥५८॥

पुरस्ताद् विषमे देशे प्रश्चाद्धन्यात् तु वेगवान् ।
पुरः पश्चाच्च विषम एवमेव तु पार्श्वयोः ॥५९॥

शत्रु-सेनाको अगाडिपट्टि आक्रमण गर्ने ठाउँ अक्करिलो या असजिलो पर्ने भएमा खूब जोड पुऱ्याएर फुर्तीसाथ पछाडिबाटै आक्रमण गर्नुपर्छ । अगाडि दुवैतिर आक्रमण गर्न अप्ठ्यारो ठाउँ छ भने ओल्टा-कोल्टाबाट त्यसै गरी आक्रमण गर्नुपर्छ ॥५९॥

प्रथमं योधयित्वा च दूष्यामित्राटवीबलैः ।
श्रान्तं सन्नं निराक्रन्दं हन्यादश्रान्तवाहनः ॥६०॥

विजिगीषुले पहिले दूष्य-(आफूले गुप्त रूपबाट मराउनुपर्ने आफ्नातर्फका व्यक्ति) हरू र शत्रु-पक्षबाट प्राप्त भएको एवं जंगली फौजसँग शत्रु-पक्षलाई भिडाइदिएर त्यसपछि थाकेको, दिक्क भएको र निराश भएको त्यस यातव्य शत्रु-सैन्यमा नथाकेका फुर्तिला वाहन र सहयोगीका साथ आक्रमण गरी मार्नुपर्छ ॥६०॥

दूष्यामित्राबलैर्वापि भङ्गं दत्वा प्रयत्नवान् ।
जितमित्येव विश्वस्तं हन्यात् ◇सत्त्र्यपाश्रयः ॥६१॥

'भङ्गदानापकर्षणैः' को अर्थ खुम्च्याएर फँसाउनुपर्ने प्राणीमा प्रयोग गरिने र तानिने अर्थ गर्न सकिन्छ ।

◇यहाँ सत्र शब्दको शाब्दिक अर्थ छल र लाक्षणिक अर्थ छलको साधन हुन्छ । यसको संकेत यसै प्रकरणको ६९ यौं श्लोकमा हुनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथवा दूष्यहरू र शत्रुबाट प्राप्त भएको फौजसँग यातव्य शत्रुलाईभिडाइदिएपछि प्रयत्न साथ आफू हारेजस्तो गरी भागिदिएर 'हामीले जित्यौं' भनी विश्वासमा परेको त्यो शत्रुसैन्यलाई कुहिरो आदि लागेका बेला प्रच्छन्न रूपमा अथवा उत्सव आदिको आड परी अर्थात् खुशियालीको उत्सव आदि मनाउन लागेको असावधान अवस्थामा मौका छोपी खतम गरिदिनुपर्छ ॥६१॥

स्कन्धावारपुरग्रामसस्यसार्थव्रजादिषु ।
विलोभ्य च परानीकमप्रमत्तो विनाशयेत् ॥६२॥

विजिगीषुले खूब सावधान भएर सवारी-क्याम्प, शहर, गाउँ, अनाजको समूह, गोठ आदिमा लोभ्याएर मस्त पारी शत्रुको सेनालाई नष्ट गरिदिनुपर्छ ॥६२॥

फल्गुसैन्यप्रतिच्छन्नं कृत्वा व सारवद् बलम् ।
मन्दयत्नं तद्विलोपे हन्यादुत्प्लुत्य सिंहवत् ॥६३॥

अथवा विजिगीषुले आफ्नो अनुभवी सुसज्जित र शक्तिशाली सेनालाई निःसार र अयोग्य सैन्यहरूले वरिपरि घेराएर तिनै फजूल सैन्यहरूसँग लड्न पाएकोले तिनीहरूलाई मार्न हेलचेक्र्याइँ गरिरहेको असावधान शत्रु-सेनालाई पूर्वोक्त सुयोग्य सेनाका साथ सिंहले झैं एकाएक झम्टेर आक्रमण गरी नष्ट-भ्रष्ट गर्नुपर्छ ॥६३॥

मृगयासम्प्रसक्तं वा हन्याच्छत्रुमपाश्रयम् ।
अथवा गोग्रहाकृष्टया तल्लक्ष्यं मार्गबन्धनात् ॥६४॥

अथवा भित्रभित्रै आफूतर्फ मिलेका शत्रुराष्ट्रका जंगली सेना आदिको प्रोत्साहन पाएर या स्वयं शिकारमा प्रवृत्त भएको शत्रुलाई जंगलमा दुर्ग आदि मजबूत आश्रय नभएको मौका पारी मार्नुपर्छ । अथवा आफूतर्फ मिलेका शत्रुका आपस्त व्यक्तिहरूद्वारा आफ्नो गोठ या गो-धन लुट्न उसलाई प्रोत्साहित गरी त्यसैको लक्ष्य लिई ऊ आउन लागेको वेलामा बाटैमा बन्धनमा पारेर समाप्त गरिदिनुपर्छ* ॥६४॥

अवस्कन्दभयाद् रात्रौ प्रजागरकृतश्रमम् ।
दिवाप्रसुप्तं वा हन्यान्निद्राव्याकुलसैनिकम् ॥६५॥

शत्रुले आक्रमण गर्ला भन्ने डरले रातभर युद्धको तयारी गरी जागा बसेको हुनाले दिउँसो सुतेको अथवा जागा रहेको भए पनि रातभर निदाउन

*यस उपायले शत्रुपक्षको मुख्य व्यक्ति वा शत्रु राजालाई मार्न सजिलो हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नपाएकोले निद्राले व्याकुल भइरहेका सैनिकहरू भएको शत्रुलाई आक्रमण गरी मार्नुपर्छ ।।६५।।

अहस्सन्नाहतः श्रान्तमपराह्णे विनाशयेत् ।
निशि विस्रम्भसुप्तं वा तत् सौप्तिकविधानवित् ।।६६।।

दिउँसो युद्ध तयारीमा बसिरहेकोले थाकेको शत्रु-सेनालाई बेलुकीपख आक्रमण गरी मार्नुपर्छ । अथवा सौप्तिक-विधि (निदाएको अवस्थामा शत्रुलाई समाप्त गर्ने तरीका) जान्ने विजिगीषुले राती मस्तसँग निदाएको शत्रु-सेनालाई खतम गर्नुपर्छ ।।६६।।

सपादकोशावरणैर्नागैः कुर्यात् तु सौप्तिकम् ।
कुर्यादुग्रजवोपेतैर्नरैर्वा खड्गपाणिभिः ।।६७।।

खुट्टामा शत्रुले हतियार चलाए पनि केही नहुने किसिमका घुंडाभन्दा निकै माथिसम्म आउने छाला आदिका खोलहरू बाँधिएका बहुत वेगिला हात्तीहरूद्वारा कुल्चाएर अथवा अत्यन्त वेगिला र हतियारका चोट छेल्ने लम्बे बूटहरू लगाएका खड्गधारी सैनिकहरूद्वारा कटाएर मस्तसँग निदाएका शत्रुहरूलाई समाप्त गर्नुपर्छ ।।६७।।

प्रतिसूर्यमहावातं हन्यात् संमीलितेक्षणम् ।
इत्येवं कूटयुद्धेन हन्याच्छत्रून् लघूत्थितः ।।६८।।

सूर्यको किरण सीधा मुखमा पर्दा अथवा धूलो, कसिङ्गर आदि उडाएर उग्र रूपमा बहिरहेको हुरीको सामु हुंदा आँखा चिम्लेर हिंड्न लागेको शत्रु-सेनालाई अगाडिपट्टिबाट आक्रमण गरी नष्ट गर्नू ।

यसरी विजिगीषुले खूब फुर्तिलो भई हलका चालले बढेर शत्रुहरूलाई परास्त गर्नु, सिद्ध्याउनुपर्छ ।।६८।।

नीहारतिमिराङ्गारश्वभ्राग्निवननिम्नगाः ।
वदन्ति सत्रमित्यादि सत्रं छद्म प्रकीर्तितम् ।।६९।।

कुहिरो, अन्धकार, अँगार, खाल्डो वा गुफा, आगो, वन, खोला-नाला इत्यादि (जहाँ शत्रुले आफूलाई छिपाएर राख्न सकोस्) लाई 'सत्र' भन्दछन् । सत्रको शाब्दिक अर्थ छल हो ।।६९।।

(पुनरावर्तमानस्य निराशस्य तु जीविते ।
अनार्यो जायते वेग इति भग्नं न पीडयेत् ।।
अल्पागमातिव्ययता क्षयो वृद्धिर्विपर्ययः ।
समायव्ययता स्थानं कर्मसु ज्ञेयमात्मनः ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वावपि प्रस्तुतौ वध्यप्रमत्तौ व्यवसायवत्‡ ॥)

(एकपल्ट युद्धमा हार खाएर भाग्दा पनि शत्रुद्वारा लखेटिन लागेको व्यक्ति कर परेर फर्की युद्ध गर्न लाग्यो भने जीवनको आशा नहुँदा उसको वेग उग्र हुन्छ। त्यस कारण युद्धभूमिबाट हारेर भागेका शत्रुलाई नसताउनू।

थोरै आमदानी र धेरै खर्च गर्नु कोशको क्षय हो; त्यसको उल्टो अर्थात् धेरै आमदानी र थोरै खर्च गर्नु कोशको वृद्धि हो; र दुवैलाई बराबर राख्नु कोशको समता (घटबढको अभाव) हो भन्ने कुरा आफ्ना कामहरूको प्रसङ्गमा बिर्सन हुँदैन ॥

आफूले मार्न या मराउन आवश्यक भएको व्यक्ति र ज्यादै उन्मत भएर या टुप्पिएर अदपमा नरहेको आफ्नो मानिस पनि पूर्वोक्त विषय फैं प्रस्तुत अर्थात् परवाह राख्नुपर्ने हुन्; आशय यो हो कि प्रशस्त धन, जन र श्रम खर्च गरेर साध्य हुने त्यस्ता व्यक्तिको विनाश वा निष्कासनबाट राष्ट्रलाई के कति लाभ हुन्छ भन्ने कुरा पनि सोच्नुपर्छ।)

साध्वप्रमत्तो व्यवसायवर्ती
येन प्रकारेण परं निहन्यात्।
चरैः समावेदिततत्प्रचारः
शङ्केत तेनैव ततोऽप्रमत्तः ॥७०॥

जसरी विजिगीषु राम्ररी होशियारसँग कूट-युद्ध आदिको व्यवसायना रहेर शत्रुलाई मार्छ, त्यसरी नै शत्रुले पनि आफूलाई मार्न सक्ने कुरा विजिगीषुले शत्रुदेखि निःशङ्क भएर नरहीकन जासूसहरूद्वारा उसका सारा गुप्त कार्यक्रमहरूलाई बुझ्दै होश राखेर सोच्नुपर्छ। अर्थात् एकतर्फी योजना मात्र नबनाएर शत्रुका गुप्त चेष्टाहरू पत्ता लगाउँदै तदनुसार होश पुऱ्याएर उत्साहपूर्वक काम गर्नुपर्छ ॥७०॥

सुनियतमुपहन्यात् कूटयुद्धेन शत्रून्
न हि तिरयति धर्मं छद्मना शत्रुघातः।
अचकितमवसुप्तं पाण्डवानामनीकं
निशि सुनिशितशस्त्रो द्रोणसूनुर्जघान ॥७१॥

आफ्ना शक्तिले नभ्याउने शत्रुहरूलाई अवश्य नै कूट-युद्धद्वारा मार्नुपर्छ। त्यसरी छलकपटद्वारा शत्रुलाई मार्नाले धर्ममा केही बाधा पर्दैन। निःशंक

‡कोष्ठभित्रको पाठ धेरैजसो पुराना पुस्तकहरूमा नपाइने हुनाले प्रक्षिप्त जस्तो छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएर राती निदाएको पाण्डवहरूको सैन्यलाई कडा र लाग्ने हतियार लिएका द्रोणाचार्यका छोरा अश्वत्थामाले मारेथे ॥७१॥

कूटयुद्ध-विकल्प नामक एकतीसौं प्रकरण समाप्त

उन्नाइसौं सर्ग समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बीसौं सर्ग

गजरथाश्वपत्तिकर्म-प्रकरण

[यस सर्गमा जम्मा पाँच प्रकरण छन् । तीमध्ये पहिलो यस प्रकरणमा मुख्यतया हस्त्यारोही, रथी, अश्वारोही र पैदल, यी चार प्रकारका सैन्यहरूको कर्तव्य क्रमशः बताइएको छ ।]

प्रयाणे पूर्वयायित्वं वनदुर्गप्रवेशनम् ।
अकृतानां च मार्गाणां तीर्थानां च प्रवर्तनम् ॥
तोयावतारसन्तारावेकाङ्गविजयस्तथा ।
अभिन्नानामनीकानां भेदनं भिन्नसङ्ग्रहः ॥
विभीषिकाभिघातश्च प्राकारद्वारभञ्जनम् ।
कोशनीतिर्भयत्राणं हस्तिकर्म प्रचक्षते ॥१–३॥

युद्ध-यात्रामा अगाडि हिंड्नु, वन-दुर्गमा प्रवेश गर्नु, जरूरत परेको ठाउँमा बाटाहरू खुलाउनु, घाट-(पानीमा ओर्लन सजिलो हुने गरी बनाइएको स्थान) हरूको निर्माण गराउनु, जल-दुर्ग (पानीले घेरिएको दुर्गविशेष) आदि आइपरेको खण्डमा पानीमा उत्रनु र पार गर्नु, एक्लै (हस्त्यारोही फौज मात्र)-ले पनि शत्रुका उपर विजय प्राप्त गर्न सक्ने हुनु, शत्रुका एकत्रित सैन्यहरूलाई छरिदिनु, आफ्ना छरिएका सैन्यहरूलाई बटुल्नु, शत्रुको सेनालाई तर्साउनु तथा धक्का दिनु या मार्नु, पर्खाल र ढोका भत्काइदिनु, युद्धमा जरूरत पर्ने धन-संपत्ति बोकेर आवश्यक ठाउँमा पुऱ्याउनु, शत्रुबाट आइपर्ने आकस्मिक भयबाट रक्षा गर्नु, यति हात्तीको सहाराबाट हुनुपर्ने काम हो ॥१–३॥

चतुरङ्गस्य सैन्यस्य निषेधो बलरक्षणम् ।
अभिन्नभेदनं भिन्नसन्धानं रथकर्म तत् ॥४॥

शत्रुका चतुरङ्ग सैन्य (हस्त्यारोही, रथी, अश्वारोही र पैदल) लाई रोक्नु, आफ्ना फौजको संरक्षण गर्नु, शत्रुको संगठित सेनालाई छरिदिनु या उसमा फूट उत्पन्न गराउनु× आफ्ना छरिएका या असंगठित सेनाहरूलाई

×चाँडै यातायात गर्न सक्ने हुनाले यो कुरा रथी सेनाबाट हुन सक्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संगठित गर्नु; यति रथी सेनाले गर्नुपर्ने काम हो ॥४॥

वनदिङ्मार्गविचयो विवधासाररक्षणम् ।
अनुयानापसरणे शीघ्रकार्योपपादनम् ॥
दीनानुसरणं घातः कोटीनां जघनस्य च ।
इत्यश्वकर्म पत्तेश्च सर्वदा शस्त्रधारणम् ॥५-६॥

जंगलमा दिशा र बाटो पत्ता लगाउनु, सैनिकहरूका निमित्त आउने अन्न, पानी, औषधि आदि र मित्रराष्ट्रहरूबाट सहायतार्थ आउने फौजको सुरक्षा गर्नु, रणभूमिबाट शत्रुको फौज हट्न लाग्दा त्यसको पीछा गर्ने र आफ्ना फौजले युद्ध-भूमि छोड्नुपर्ने स्थिति आएमा चाँडै काम फर्स्याउनु, बल नपुगेर हताश हुन लागेका आफ्ना सैन्यको सहायतार्थ झटपट पुग्नु, शत्रुका फौजको अघिल्लो र पछिल्लो भागलाई घेरामा पारेर सिध्याइदिनु, यति अश्वारोही अर्थात् घोडचढी सेनाको कर्तव्य हो ।

जुनसुकै अवस्थामा पनि हतियार लिएर तयार रहिरहनु लड्न सक्ने पैदल सेनाको कर्तव्य हो ॥५-६॥

शोधनं कूपतीर्थानां मार्गाणां शिविरस्य च ।
यवसादि च यत्किञ्चिद् विज्ञेयं विष्टिकर्म तत् ॥७॥

इनार, घाट, बाटो, क्याम्प आदिको सफाइ एवं बिग्रे भत्केको अंश मरम्मत गर्नु, हात्ती घोडाहरूको निमित्त घाँस पराल आदिको प्रबन्ध गर्नु र यस्तै यताउतिको काम पूरा गर्नु, बेठी-बेगार, स्वयंसेवक आदिका रूपमा आएका तर युद्ध गर्न अयोग्य पैदल जवानहरूको कर्तव्य हो ॥७॥

जातिः सत्वं वयः स्थानं प्राणिता वर्ष्म वेगिता ।
तेजः शिल्पमुदग्रत्वं स्थैर्यं साधु विधेयता ॥
सुव्यञ्जनाचारतेति पत्तिकुञ्जरवाजिनाम् ।
इति लक्षणमेतेन युक्तान् कर्मसु योजयेत् ॥८-९॥

असल जातको हुनु,☙ सुख दुःखमा समान भावले रहन सक्ने हुनु, उम्मेदवार हुनु, प्राण-शक्ति उत्तम भएको हुनु, अग्लो र हृष्टपुष्ट शरीर भएको हुनु, बेगिलो या फुर्तिलो हुनु, तेजिलो या शूरो हुनु, आफ्ना आफ्ना काममा कुशल हुनु, शरीरको पहिलो या अघिल्लो भाग उच्चा हुनु, मन एवं शरीर स्थिर या दृढ भएको हुनु, राम्रोसँग मालिकको आज्ञा पालन गर्ने हुनु, लच्छिन

☙हात्तीको पक्षमा असल जात भद्र, मन्द्र आदि र घोडाको पक्षमा वाल्हीक, कम्बोजी, अरबी आदि हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र आचरण राम्रो भएको हुनु, यी सबै लक्षणहरू पैदल सेना र हात्ती घोडाका हुन् । यिनै लक्षणले युक्त पैदल सेना, हात्ती र घोडाहरूलाई कामहरूमा नियुक्त गर्नुपर्छ* ॥८–९॥

गजरथाश्वपत्तिकर्म नामक बत्तीसौं प्रकरण समाप्त

*यहाँ हात्ती घोडाको आशय हात्ती घोडा र तिनमा सवार हुने सेना पनि भएकोले ती सबैका शुभ लक्षण पनि यिनै हुन्। घोडा शब्दमा घोडाविना नचल्ने रथ र रथी सेना पनि लाक्षणिक रूपले रहेको छ । अरूतिर पनि प्रसङ्ग-अनुसार यो कुरा बुझ्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पत्यश्वरथभूमि–प्रकरण

(पैंदल फौज, हात्ती, घोडा र रथका लागि उचित जमीन)–

सस्थूलस्थाणुवल्मीकवृक्षगुल्मापकण्टका ।
सापसारा पदातीनां भूर्नातिविषमा मता ॥१०॥

पैंदल पल्टनको निमित्त ठूला ठूला ठूटाहरू, धमिराका गोलाहरू र रूखका झाङहरू भएको, काँडा नभएको, आकस्मिक आक्रमण आदि आइपर्दा सुटुक्क भाग्ने बाटाहरू भएको र ज्यादै अड्याङखड्याङ नभएको जमीन उचित मानिएको छ ।।१०।।

स्वल्पवृक्षोपला छिप्रलङ्घनीयदरा स्थिरा ।
निःशर्करा विपङ्का च सापसारा च वाजिभूः ॥११॥

रूख र ढुङ्गा बहुत थोरै भएको, झटपट फड्कन सकिने गुफा वा जमीनका धाँजाहरू भएको, नचिप्लिने एवं नधस्किने, गेगर र हिलो नभएको र आपत्कालमा सुटुक्क भाग्ने बाटाहरू भएको जमीन घोडा या घोडचढी फौजको निमित्त बेश हुन्छ ।।११।।

निः स्थाणुसिकताऽपङ्का निर्वल्मीकोपला समा ।
केदारव्रततिश्वभ्रवृक्षगुल्मविवर्जिता ॥
निरुत्खाता निर्दरणा खुरचङ्क्रमणक्षमा ।
स्थिरा चक्रसहा चैव रथभूमिः प्रकीर्तिता ॥१२–१३॥

ठुटा, बालुवा, हिलो, धमिराका गोला र ढुङ्गाहरू नभएको, सम्म, खेत लहरा खाल्टा र झाँगिएका रूखहरू नभएको, उखाड-पखाड र खन-जोत नगरिएको, ठूलो धाँजा नफाटेको, खुरले हिड्न हुने, नचिप्लिने र नधस्किने एवं रथका पाङ्ग्रा चलन या गुड्न सक्ने जमीन रथको निमित्त उचित हुन्छ ।।१२–१३।।

मर्दनीयतरुश्छेद्यव्रततिः पङ्कवर्जिता ।
सुगम्यशैलविषमा हस्तिभूरिति कीर्तिता ॥१४॥

हात्तीहरूले माडमुड गर्न सक्ने रूख र लहराहरू भएको, हिलो र भास नभएको र सजिलैसँग जान-आउन सकिने पहाडहरूले अग्लो-होचो परेको,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जमीन हात्तीहरूको लागि उचित मानिएको छ ।।१४।।

(नागम्या नाम भूरेषां तेन नागा स्मृता बुधैः ।
तस्मादेता भुवोऽत्यर्थं नागानां सम्प्रकीर्तिताः ।।
तुरगादीनि भिन्नानि प्रतिगृह्णाति यद् बलम् ।
प्रतिग्रह इति ख्यातः स तु कार्यो भरत्तमः ।।
द्वे शते धनुषां गत्वा राजा तिष्ठेत् प्रतिग्रहः ।
भिन्नसन्धारणास्तस्मान्न युध्येताप्रतिग्रहः × ।।)

(साधारणतया हात्तीहरूका लागि अगम्य (जान नसकिने) जमीन हुँदैन भनेर नै विद्वान्हरूले हात्तीहरूको नाम नाग राखेका हुन् । त्यस कारण यी सबै प्रकारका जमीनहरू हात्तीहरूका निमित्त खूब उचित मानिएका छन् ।

लडाईंमा छरिएका वा भागेका घोडा र सैनिकहरूलाई जुन सेनाले रोकेर राख्छ त्यसलाई प्रतिग्रह भन्दछन् । त्यो प्रतिग्रह-बल युद्धमा भाग्न लागेको आफ्नो सैन्यलाई रोकेर राख्ने र भरथेग गर्ने उत्तरदायित्व वहन गर्न सक्ने हुनुपर्छ ।

राजाले स्वयं पनि मुख्य रणक्षेत्रबाट दुई सय धनु परसम्म गएर प्रतिग्रहको रूपमा छरिएका र भागेका आफ्ना सैन्यहरूलाई एकत्रित गर्ने गरी रहनुपर्छ । त्यस कारण प्रतिग्रह तयार नराखी युद्ध गर्न नलाग्नु ।)

जयार्थी नृपतिस्तिष्ठेद् दूरं गत्वा प्रतिग्रहः ।
भिन्नं च प्रतिगृह्णीयान्न हि युद्धेत तं विना ।।१५।।

विजय चाहने राजाले छरिएका वा भागेका आफ्ना सैनिकहरूको संकलन गर्ने र उनीहरूलाई प्रोत्साहन दिने व्यक्तिको रूपमा मुख्य रणक्षेत्रबाट निकै पर रहनुपर्छ र तितर-बितर भएको आफ्नो सैन्य सँगेटेर ल्याउनुपर्छ । त्यस्तो सैन्यलाई छोडिदिएर युद्ध गर्न लाग्नु हुँदैन । अर्थात् आफूले राम्रो प्रोत्साहन दिएर साथ लिए मात्र त्यस्तो सैन्यले फेरि युद्ध गर्न सक्छ ।।१५।।

३३ सौं पत्यश्वरथभूमि–प्रकरण समाप्त

× यो कोष्ठभित्रका श्लोक सबै पुस्तकहरूमा पाइँदैनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दान-कल्पना-प्रकरण

[युद्धमा बहादुरी देखाउने वीर योद्धाहरूलाई दिनुपर्ने पारितोषिकको व्यवस्था यस प्रकरणमा गरिएको छ ।]

गजेष्वारोपितः साधु शीघ्रपातैरधिष्ठितः ।
यत्र राजा तत्र कोशः कोशाधीना हि राजता ॥१६॥

युद्ध-कोश (युद्धको निमित्त तयार गरिएको धन-संम्पत्ति) राम्रोसँग हात्तीहरूमाथि राखेर चाँडो चाँडो दौडिन सक्ने घोडा आदिबाट सुरक्षित गराई जहाँ जहाँ राजाको सवारी हुन्छ त्यहाँ त्यहाँ लगिनुपर्छ; किनभने विजिगीषु राजाको पक्षमा लाग्ने सबै राजसमूह अथवा विजिगीषुको राजसत्ता नै त्यस कोशको अधीन रहेको हुन्छ ॥१६॥

प्रत्यग्रे कर्मणि कृते श्लाघमानः कृतादरः ।
योधेभ्यस्तु ततो दद्यात् को हि दातुर्न युध्यते ॥१७॥

कुनै नयाँ बहादुरीको काम गरेकोमा प्रशंसा गर्दै बहादुरी गर्ने व्यक्तिलाई आदरपूर्वक त्यस कोशबाट पारितोषिक दिनुपर्छ । दिने व्यक्तिका निमित्त को लड्दैन र ! ॥१७॥

दद्यात् प्रहृष्टो नियुतं *भराणां राजघातने ।
तदर्धं तत्सुतवधे सेनापतिवधे तथा ॥१८॥

शत्रु राजा या शत्रु-पक्षको सर्वोच्च व्यक्तिलाई मारेमा विजिगीषुले खूब प्रसन्न भएर मार्ने व्यक्तिलाई तत्काल प्रचलित लाख रु. को पुरस्कार दिनुपर्छ । शत्रु राजाको छोरो (युवराज) लाई र शत्रु-पक्षको सेनापतिलाई मारेमा त्यसको आधा अर्थात् पचास हज्जारको पारितोषिक दिनुपर्छ ॥१८॥

प्रवीराणां तु मुख्यस्य शतं शतगुणं वधे ।
तदर्धं कुञ्जरवधे प्रदेयं स्यन्दनस्य च ॥१६॥

वीर योद्धाहरूमा सर्वोत्तम व्यक्तिलाई मारेमा दश हज्जार एवं हात्ती र

---

*'भर' शब्दको अर्थ प्रचलित मुद्रा गरिएको छ । कुनै कुनै पुस्तकमा 'भराणाम्' को ठाउँमा 'भटानाम्' भन्ने पाठ छ । कहीं कहीं त्यसको ठाउँमा 'शूराणाम्' पाठ पनि पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रथलाई नष्ट गरेमा त्यसको आधा अर्थात् पाँच हज्जार प्रचलित मुद्रा दिनुपर्छ ॥१९॥

साहस्रोऽश्ववधः शत्यः पत्तिमुख्यवधः स्मृतः ।
शिरोविंशतिकं शेषं भोगद्वैगुण्यमेव च ॥२०॥

घोडा मारेमा+ एक हज्जार, पैदल सेनाका मुख्य व्यक्तिलाई मारेमा एक सय र बाँकी अरू साधारण व्यक्तिलाई मारेमा एक शिरको प्रचलित बीस रु. का दरले पुरस्कार दिनु एवं जागीर दोब्बर गराइदिनुपर्छ ॥२०॥

युग्यं हेम च कुप्यं च यो यज्जयति तस्य तत् ।
दद्याद् वस्त्वनुरूपं च हृष्टो योधान् प्रहर्षयेत् ॥२१॥

वाहन, सुन र अरू जिन्सी माल आदि जसले जुन कुरा जित्तछ त्यो उसैको हुनुपर्छ । अथवा यस्तो न पनि विजिगीषुले प्रसन्नतासाथ चीजअनुसारको पुरस्कार दिएर सैनिकहरूलाई खुशी पार्नुपर्छ ॥२१॥

दान-कल्पना नामक चौंतीसौं प्रकरण समाप्त

+यस प्रकरणमा हात्ती, घोडा र रथ नष्ट गर्नु भन्नाले सवार, सवारी दुवैलाई खतम गर्नु भन्ने अर्थ बुझ्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यूहविकल्प–प्रकरण

[युद्धका निमित्त व्यूह (सेनाको विशेष विन्यास) कस्तो कस्तो हुनुपर्छ भन्ने कुराको व्यवस्था यस प्रकरणमा अन्तर्निहित छ ।]

पञ्चारत्नि धनुस्तस्मिन् धन्विनं स्थापयेद् युधि ।
त्रिगुणेऽश्वं गजरथौ योज्यौ पञ्चसु पञ्चसु ॥२२॥

पाँच अरत्निको❀ एक धनु हुन्छ । रणभूमिमा यस्ता एक एक धनुको अन्तरमा एक एक पैदल धनुर्धारी अर्थात् योद्धालाई राख्नुपर्छ । यस्तै तीन तीन धनुमा एक एक घोडसवार र पाँच पाँच धनुमा एक एक हात्ती वा एक एक रथ राख्नुपर्छ ॥२२॥

शमान्तरस्तु पुरुषस्तुरङ्गस्त्रिशमान्तरः ।
कुञ्जरः स्यन्दनश्चैव स्मृतौ पञ्चशमान्तरौ ॥२३॥

पैदल फौज एक एक शम अर्थात् प्रत्येक चौध अंगुलमा एक एक व्यक्तिको दरले, घोडा (घोडचढी सेना) प्रत्येक तीन शम (४२ अंगुल) मा एक-एकका दरले र हात्ती र रथ* प्रत्येक पाँच शम (७० अंगुल) मा एक-एकका दरले राख्ने पनि व्यवस्था छ ॥२३॥

तथा वा खलु युध्येरन् पत्यश्वरथदन्तिनः ।
यथा भवेन्न संबाधो व्यायामविनिवर्तने ॥२४॥

अथवा जति अन्तरमा रहँदा वा जसो गर्दा बर्कनु, फर्कनु, हतियार चलाउनु आदि परिश्रमको काम र विश्राममा बाधा पर्दैन त्यति नै अन्तरमा रहेर वा त्यसै गरेर पैदल, अश्वारोही, रथी र हस्त्यारोही सबै किसिमका सेनाहरूले युद्ध गर्नुपर्छ ॥२४।

असङ्करेण युध्येरन् संकरः सङ्कुलावहः ।
महासङ्करयुद्धे च संश्रयेरन् महागजान् ॥२५॥

उपर्युक्त सबै प्रकारका सेनाले युद्ध गर्नुपर्दा छयासमिस नभईकन गर्नुपर्छ;

❀कान्छी औंलो छोडिएको एक मुड्के हातलाई 'अरत्नि' भन्दछन् ।

*यहाँ हात्ती र रथ शब्दले सबार (हस्त्यारोही र रथी) सहित हात्ती र रथको बोध हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किनभने छ्यासमिस हुँदा सबैतिर गोलमाल पर्दछ । युद्ध गर्दा गर्दै त्यस्तो ठूलो गोलमाल परेमा ठूला ठूला हात्तीहरूको सहारा लिनुपर्छ । अर्थात् पैदल सेना र घोडा हिंड्न अप्ठ्यारो हुने हुँदा हात्तीमा सवार भएर युद्ध गर्नुपर्छ ॥२५॥

अश्वस्य प्रतियोद्धारो भवेयुः पुरुषास्त्रयः ।
इति कल्प्यास्तु पञ्चाश्वा विधेयाः कुञ्जरस्य च ॥२६॥

प्रत्येक घोडचढीका अगाडि युद्ध गर्ने तीन जना पैदल सैनिक हुनुपर्छ; अनि प्रत्येक हात्तीचढी योद्धाका आज्ञाकारी पाँच जना घोडचढी सैनिक राखिनुपर्छ ॥२६॥

पादगोपाश्च तावन्तः पुरुषा दश पञ्च च ।
विधानमिति नागस्य कथितं स्यन्दनस्य च ॥२७॥

प्रत्येक हात्तीका खुट्टा जोगाउने पैंदल योद्धाहरू पनि ती उसैका सुरक्षार्थ अगाडि रहने जम्मा पैंदल सैनिक जति नै अर्थात् पन्ध्र जना रहनुपर्छ । यो हस्त्यारोही सेनाको विन्यास गर्ने तरीका भयो । रथी सेना राख्ने काइदा पनि यही हो । अर्थात् त्यसै गरी प्रत्येक रथीका अगाडि पाँच जना अश्वारोही, ती प्रत्येक अश्वारोहीका अगाडि तीन जना पैंदल सैनिक र प्रत्येक रथको सुरक्षाका निमित्त उसको अगल-बगलमा पन्ध्र जना पैदल सैनिक रहनुपर्छ ॥२७॥

अनीकमिति विज्ञेयमिति कल्प्या नव द्विपाः ।
अनीकस्य च रन्ध्रं च पञ्चचापं प्रचक्षते ॥२८॥

यस्तै उपर्युक्त प्रकारले सजाइने नौ वटा हात्तीहरू भएको अर्थात् सबै थरी मिलाएर साधारणतया ३२४ योद्धा भएको फौजलाई 'अनीक' भन्दछन् । यस्ता अनीकको अन्तर अर्थात् दुइटा अनीकका बीचको खाली ठाउँ पाँच धनु (कान्छी औंलो छोडेका २५ मुड्के हात) हुनुपर्छ भन्दछन् ॥२८॥

इत्यनीकविधानेन स्थापयेद् व्यूहसम्पदः ।
उरस्यकक्षपक्षांश्च तुल्यानेतान् प्रचक्षते ॥२९॥

यही अनीकको जस्तो तरीकाले सैन्य राखेर व्यूहका अङ्गहरूको स्थापना या रचना गर्नुपर्छ । व्यूहको बीचमा र अगलबगलमा एवं पखेटाको स्थानमा रहने सैन्यहरूको संख्या बराबर-बराबर अर्थात् बीचमा एक अनीक एवं दुईतिर बगलमा र दुइटा पखेटाका ठाउँमा गरी चार अनीक हुनुपर्छ भन्ने आचार्यहरूको राय छ❖ ॥२९॥

❖यसरी पाँच अनीकबाट बनेको व्यूहमा हात्ती या रथ वा दुवै मिलाएर ४५, घोडा २२५, र जम्मा पैदल योद्धा १३५० हुन्छन् । व्यूहका अरू अङ्गहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उरः कक्षौ च पक्षौ च मध्यः पृष्ठं प्रतिग्रहः ।
कोटी च व्यूहशास्त्रज्ञैः सप्ताङ्गो व्यूह इष्यते ॥३०॥

व्यूह-व्यवस्थासम्बन्धी शास्त्र जान्ने कुनै कुनै व्यक्तिहरूले व्यूहका सात अङ्ग मानेका छन्:– (१) उर (छातीको रूपमा कल्पिएको मध्य भाग) (२) दुई कक्ष (दुई काखी या कोखा अर्थात् अगल-बगल) (३) दुई पक्ष (दुईतिर कक्षदेखि परतिर बनेको पखेटाको स्थान वा आकार) (४) मध्य (कमरको रूपमा कल्पिएको उरदेखि पछाडिको भाग) (५) पृष्ठ (मध्यदेखि पछिल्तिरको भाग) (६) प्रतिग्रह (व्यूहदेखि पछिल्तिर अलिक पर बसेर भागे-छरिएका आफ्ना सैन्य रोक्ने सेना-खण्ड) (७) दुइटा कोटि (व्यूहका पक्षका पखेटाका आकारका पछिल्ला छेउमा बनेका टुप्पा) ॥३०॥

उरस्यकक्षपक्षैस्तु व्यूहोऽयं सप्रतिग्रहः ।
गुरोरेष च शुक्रस्य कक्षाभ्यां परिवर्जितः ॥३१॥

उपर्युक्त उर, कक्ष र पक्षका सेना तथा प्रतिग्रह मिलाएर व्यूह बन्दछ भन्ने वृहस्पतिको र कक्षदेखि बाहेक अरू वृहस्पतिको रायअनुसार पाँच नै अङ्गको मात्र व्यूह बन्दछ भन्ने शुक्राचार्यको मत छ ॥३१॥

अभेद्याः कुलजा मौला लब्धलक्ष्याः प्रहारिणः ।
सेनाङ्गपतयः कार्या युद्धदृष्टप्रतिक्रियाः ॥३२॥

प्रत्येक सेनाका अङ्गका अधिपतिको पदमा फूट पार्न नसकिने, कुलीन, कुल-परम्परागत, लक्ष्य या निशाना ठीक राख्न सक्ने, शूरा, युद्धको समयमा शत्रुको प्रहारबाट बच्न सक्ने या युद्धको प्रतिक्रिया बुझ्ने व्यक्तिहरू नियुक्त गरिनुपर्छ ॥३२॥

प्रवीरपुरुषैरेते तिष्ठेयुः परिवारिताः ।
अभेदेनैव युध्येरन् रक्षेयुश्च परस्परम् ॥३३॥

उपर्युक्त सेनाङ्गपतिहरूले बीर बीर व्यक्तिहरूद्वारा घेरिएर रहनुपर्छ; अनि सबैले भिन्न नभईकन युद्ध गर्नु र परस्परको मद्दत गर्नुपर्छ ॥३३॥

फल्गु सैन्यस्य यत्किञ्चिन्मध्ये व्यूहस्य तद् भवेत् ।
युद्धवस्तु च यत्किञ्चित् प्रायस्तज्जघने भवेत् ॥३४॥

सेनाको जोकुछ फजूल अंश छ, त्यसलाई व्यूहको बीचमा राख्नुपर्छ; अनि युद्ध-सामग्री जे जति छ त्यो भरसक व्यूहको पछिल्लो भागमा रहनुपर्छ ॥३४॥

पनि यिनैभित्र यहाँ तयार गरिएका हुन; तर सबै प्रकारका व्यूहमा यति मात्र संख्या निर्धारित छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युद्धार्थं युद्धकुशलं मुण्डानीकं प्रयोजयेत् ।
युद्धं हि नायकप्राणं हन्येत तदनायकम् ॥३५॥

विजिगीषुले व्यूहको आफू रहने स्थानमा युद्ध गर्न खूब सिपालु मुण्डानीक (छत्र, चामर आदि राजचिह्न नलिएको सेना) लाई युद्धको काममा ल्याउनुपर्छ । किनभने मुख्य नायक (विजिगीषु) नै युद्धको प्राण हुनाले त्यो नहुँदा युद्ध चल्नै सक्तैन ॥३५॥

(श्येनः सूची च वज्रश्च शकटं मकरो ध्वजः ।
इत्येवमादयो व्यूहाः शास्त्रज्ञैः समुदाहृताः ॥)

[श्येन (बाज), सूची (सीयो), वज्र, शकट (गाडा), मकर (माछो वा गोही जस्तो जलजन्तु), ध्वज (झण्डा) इत्यादिको आकार भएका विभिन्न व्यूहहरू हुन्छन् भन्ने शास्त्रज्ञहरूको भनाइ छ* ॥]

व्यूहोऽनुपृष्ठमचलः पत्त्यश्वरथदन्तिनः ।
तथाऽप्रतिहतो ज्ञेयो हस्त्यश्वरथपत्तिभिः ॥३६॥

सबभन्दा अगाडि पैदल, त्यसपछि अश्वारोही, त्यसपछि रथी र त्यसपछि हस्त्यारोही सेना भएको व्यूहलाई अचल व्यूह भन्दछन् । सबभन्दा अगाडि हस्त्यारोही, त्यसपछि अश्वारोही, त्यसपछि रथी र त्यसपछि पैदल सेना भएको व्यूहलाई अप्रतिहत व्यूह भन्दछन् ॥३६॥

उरसि स्थापयेन्नागान् प्रचण्डान् कक्षयो रथान् ।
हयांश्च पक्षयोर्व्यूहो मध्यभेदी प्रकीर्तितः ॥३७॥

मध्य भागमा कडा कडा हस्त्यारोही सैनिकहरू, त्यसको ओल्टा-कोल्टामा रथी सैनिकहरू र पक्ष-स्थान (तिनीहरूका पनि अगल-बगलको भाग) मा अश्वारोही सैनिकहरूलाई राखिएको व्यूहलाई मध्यभेदी व्यूह भन्दछन् ॥३७॥

मध्यदेशे हयानीकं रथानीकं तु कक्षयोः ।
पक्षयोश्च गजानीकं व्यूहोऽन्तर्भिदयं स्मृतः ॥३८॥

बीचमा घोडचढी फौज, ओल्टाकोल्टामा रथी र पक्षस्थानमा हात्तीचढी फौज भएको व्यूहलाई अन्तर्भिद् व्यूह भन्दछन् ॥३८॥

रथस्थाने हयान् दद्यात् पदातींश्च हयाश्रये ।
रथाभावे तु सर्वत्र नागानेव प्रकल्पयेत् ॥३९॥

यही उपर्युक्त अन्तर्भिद् व्यूहमा रथ राख्ने ठाउँमा अर्थात् ओल्टाकोल्टामा

---

*यो पूर्वोक्त पैंतीसौं श्लोकमुनिको कोष्ठभित्रको श्लोक सबै संस्करणमा पाइँदैन । यसअनुसार व्यूहको भेद सूची-व्यूह, श्येन-व्यूह आदि नामले पुकारिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घोडा, घोडा राख्ने ठाउँमा अर्थात् बीचमा पैदल सैनिक राखी परिवर्तन वा स्थानपूर्ति गर्न सकिन्छ । रथ बिल्कुलै नभए या ज्यादै नै कम भए त सबैतिर तिनीहरूको ठाउँमा हात्ती नै राख्नुपर्छ ॥३९॥

विभज्य प्रक्षिपेद् व्यूहे पत्त्यश्वरथकुञ्जरान् ।
यदि स्याद् दण्डबाहुल्यं स चावापः प्रकीर्तितः ॥४०॥

व्यूहमा चाहिने भन्दा बढी सैन्य छ भने पूर्वोक्तअनुसार बनाइसकेको व्यूहमा रथी, पैदल, अश्वारोही र हस्त्यारोहीहरूलाई भाग लगाएर थाप्नुपर्छ । त्यस्तो थप सेना राखेको व्यूहलाई आवाप भन्दछन् ॥४०॥

मण्डलोऽसंहतो भोगो दण्डश्चेति मनीषिभिः ।
चत्वारः प्रकृतिव्यूहा भेदास्त्वेषां प्रकीर्तिताः ॥४१॥

व्यूहका विशेषज्ञहरूले मण्डल, असंहत, भोग र दण्ड नामका चार किसिमका व्यूहहरूलाई प्रकृति-व्यूह अर्थात् प्रधान या मूलभूत व्यूह र अरू सबैलाई यिनैका भेद मानेका छन् ॥४१॥

तिर्यग्वृत्तिस्तु दण्डः स्याद् भोगोऽन्वावृत्तिरेव च ।
मण्डलः सर्वतोवृत्तिः पृथग्वृत्तिरसंहतः ॥४२॥

लट्ठीको आकारमा तेर्सिएर रहेको व्यूह दण्ड-व्यूह, क्रमशः एक सैन्यपछि अर्को सैन्य भएर सर्पका शरीरको आकारमा रहेको व्यूह भोग-व्यूह, गोल आकारमा वरिपरि रहेको व्यूह मण्डल-व्यूह र स्पष्टसँग छुट्टिएर (साधारणतया पाँच धनु अर्थात् कान्छी औंला छोडेको २५ मुड्के हात जति फरक भएर) सैनिकहरू रहेको व्यूह असंहत व्यूह भनिन्छ ॥४२॥

प्रदरो दृढकोऽसह्यश्चापस्तत्कुक्षिरेव च ।
प्रतिष्ठः सुप्रतिष्ठश्च श्येनो विजयसञ्जयौ ॥
विशालविजयः सूची स्थूणाकर्णश्चमूमुखः ।
झषास्यो वलयश्चैव दण्डभेदाः सुदुर्जयः ॥४३–४४॥

प्रदर, दृढक, असह्य, चाप, चापकुक्षि, प्रतिष्ठ, सुप्रतिष्ठ, श्येन, विजय, सञ्जय, विशालविजय, सूची, स्थूणाकर्ण, चमूमुख, झषास्य, वलय, सुदुर्जय यी १७ ओटा व्यूह दण्ड-व्यूहका भेद हुन् ॥४३–४४॥

त्यसरी थप सेना राख्ता सबै प्रकारको सेनालाई तीन तीन भाग लगाएर प्रत्येकको एक भाग व्यूहका दुइटा कक्षमा, एक भाग व्यूहको पखेटा (कक्षनिरको पक्ष-स्थान) मा र एक भाग व्यूहको छाती (अगाडिको मध्यभाग) मा राख्नुपर्छ । (द्रष्टव्य- 'कौटलीय अर्थशास्त्र' १०, ५, १५५)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतिक्रान्तः प्रतिक्रान्तः कक्षाभ्यां कक्षपक्षतः ।
अतिक्रान्तश्च पक्षाभ्यां त्रयोऽन्ये तु विपर्यये ॥
पक्षोरस्यैरतिक्रान्तः प्रविष्टोऽन्यो विपर्यये ।
स्थूणापक्षो धनुः पक्षो द्विस्थूणो दण्ड ऊर्ध्वगः ॥
द्विगुणान्त्यस्त्यभिक्रान्तपक्षोऽन्योस्य विपर्यये ।
द्विचतुर्दण्ड इत्येते ज्ञेया लक्षणतः क्रमात् ॥४५–४७॥

दण्ड-व्यूहका दुवै कक्षमा सेनाको विन्यास अघिल्तिर निस्क्यो भने त्यसलाई प्रदर-व्यूह भन्दछन् । दण्ड-व्यूहका दुवै कक्ष र पक्षमा सेनाको विन्यास भित्र पस्यो भने दृढक-व्यूह हुन्छ । दण्ड-व्यूहका दुवै पक्षको वल्लोपल्लो छेउमा सेना-विन्यास बढ्यो भने त्यो असह्य-व्यूह भनिन्छ । यिनीहरूको ठीक विपरीत स्थितिमा क्रमशः चाप-व्यूह चापकुक्षि-व्यूह र प्रतिष्ठ-व्यूह बन्दछन् अर्थात् चाप-व्यूह दण्डव्यूहका दुइटा कक्षमा मात्र सेना-विन्यास पछाडि निस्केको या भित्र पसेको, चापकुक्षिव्यूह दण्ड-व्यूहका दुवै कक्ष र पक्षमा सेना-विन्यास अघिल्तिर निस्केको, प्रतिष्ठ-व्यूह दण्ड-व्यूहको दुवै पक्षका टुप्पामा मुडिएर सेना-विन्यास भित्र पसेको हुन्छ ।

दण्ड-व्यूहको दुवै पक्षका अग्रभागभन्दा सैनिक-विन्यास पर निस्केको र बीचको सैनिक-विन्यास साधारणभन्दा कम हुनाले भित्र पसेको (खुम्चिएको) व्यूह सुप्रतिष्ठ-व्यूह हुन्छ । यसको ठीक उल्टो स्थितिको अर्थात् दण्ड-व्यूहका साधारण पक्षको टुप्पोभन्दा सेना-विन्यास मुडिएर भित्र पसेको र मध्यभाग साधारणभन्दा अगाडि निस्केको व्यूह श्येन-व्यूह हुन्छ । दण्ड-व्यूहका पक्ष-स्थानमा ठुटाका आकारको सेना-विन्यास भएको व्यूह विजय-व्यूह भनिन्छ । दण्ड-व्यूहको पक्ष-स्थानमा धनुका आकारको सेना-विन्यास भएको व्यूह सञ्जय-व्यूह हुन्छ । दण्ड-व्यूहको पक्ष-स्थानमा दुई दुइटा ठुटाका आकार भएको व्यूह विशाल-विजय-व्यूह भनिन्छ । उँभोतिर बढेका दण्डको आकार लिएर अग्लो हुँदै गएको व्यूह सूची व्यूह हो ।

साधारण दण्ड-व्यूहको भन्दा दुई गुना ठूला पक्ष-स्थान भएको व्यूह स्थूणाकर्ण भनिन्छ । दण्ड-व्यूहको साधारण पक्ष-स्थानलाई तीनतिरबाट ढाकेर वा चार गुना पारेर सेना-विन्यास छेउतिर बढेको व्यूह चमूमुख व्यूह हो । यसको विपरीत अर्थात् सेना उति नै भए पनि उसको विन्यास पक्षको छेउतिर नबढेको व्यूह झषास्य-व्यूह हुन्छ । दुइटा साधारण दण्ड-व्यूहबाट बनेको व्यूह वलय-व्यूह हुन्छ । चार ओटा साधारण दण्ड-व्यूहको एक सुदुर्जय-व्यूह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ× ॥४५–४७॥

गोमूत्रिकाहिसारी च शकटो मकरस्तथा ।
भोगभेदाः समाख्यातास्तथा परिपतन्तिकः ॥४८॥

गोमूत्रिका-व्यूह*, अहि-सारी-व्यूह†, शकट-व्यूह+ मकर-व्यूह‡, परिपतन्तिक-व्यूह‡; यी पाँच भोग-व्यूहका भेद हुन् ॥४८॥

दण्डपक्षो युगोरस्यः शकटस्तद्विपर्यये ।
मकरो व्यवकीर्णश्च शेषः कुञ्जरवाजिभिः ॥४९॥

पखेटाको स्थानमा साधारण दण्ड-व्यूहको जस्तो सेना-विन्यास भएको, उरस्थानमा अर्थात् अगाडिपट्टिको बीचमा साधारण दण्ड-व्यूहको दोबर फौज भएको व्यूह शकट-व्यूह हुन्छ । यसको ठीक विपरीत अर्थात् दुवैतिर पक्ष-स्थानमा साधारण दण्ड-व्यूहको दोबर र बीचमा साधारण दण्ड-व्यूहको जति नै फौज भएको व्यूह मकर-व्यूह हुन्छ । मकरव्यूह वा शकट-व्यूहको बीचमा हात्तीचढी र घोडचढी सेना छचासमिस भएर रहेको वा थपिएको छ भने त्यही परिपतान्तिक व्यूह बन्दछ । (गोमूत्रिका र अहिसारी व्यूह साधारण दण्ड-व्यूहमा केही हेरफेर भएर स्पष्ट रूपमा साँढेका गहुँतका रेखा र सर्प हिंड्दाको आकार वा त्यस्तै संचार-मार्ग भएका हुन्छन् भन्ने कुरा नामबाटै स्पष्ट छ ।) ॥४९॥

मण्डलव्यूहभेदौ च सर्वतोभद्रदुर्जयौ ।
अष्टानीको द्वितीयस्तु प्रथमः सर्वतोमुखः ॥५०॥

सर्वतोभद्र र दुर्जय व्यूह मण्डल-व्यूहका भेद हुन् । दोस्रो अर्थात् दुर्जय आठ अनीकको (उरस्थानमा दुई, दुईतिरका कक्षस्थानमा चार र दुईतिरका पक्ष-स्थानमा दुई अनीक भएको) एवं पहिलो सर्वतोभद्र चाहिं सबैतिर बाहिर

×यी उपर्युक्त १७ प्रकारका र एक साधारण दण्ड-व्यूह (जो पाँच अनीकको हुन्छ) मिलाउँदा यस ढाँचाका जम्मा १८ ओटा व्यूह हुन्छन् । यिनीहरूको संख्यामा भने समानता छैन । जस्तै– विजय १७ अनीकको, विशालविजय १४ अनीकको, सञ्जय १३ अनीकको, चमूमुख ११ अनीकको, झषास्य ११ अनीकको, वलय १० अनीकको र सुदुर्जय २० अनीकको हुन्छ । अरू व्यूह-भेदमा पनि यस्तो संख्याको विषमता हुन्छ ।

*साँढेले गहुँ त्याउँदा जमीनमा पर्ने रेखाका आकारको व्यूह । †सर्पको जस्तो गति या संचार-मार्ग भएको व्यूह । +गाडाको जस्तो आकार परेको व्यूह । ‡गोही या मत्स्य-विशेषको आकार परेको व्यूह । ‡यो संकीर्ण व्यूह हो, तल्लो श्लोकमा स्पष्ट हुनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुख फर्काएर रहेका सेनाहरू भएको हुन्छ ॥५०॥

अर्द्धचन्द्रक उद्धानो वज्रो भेदास्त्वसंहते ।
तथा कर्कटश्रृङ्गी च काकपादी च गोधिका ॥
त्रिचतुःपञ्चसैन्यानां ज्ञेया आकारभेदतः ।
इति व्यूहाः समाख्याता व्यूहभेदप्रयोक्तृभिः ॥५१–५२॥

अर्धचन्द्रक, उद्धान, वज्र, कर्कटश्रृङ्गी, काकपादी र गोधिका यी ६ भेद असंहत-व्यूहमा हुन्छन् । यिनीहरूमध्ये अर्धचन्द्रक र उद्धानव्यूह तीन तीन अनीकका, वज्र र कर्कटश्रृङ्गी व्यूह चार चार अनीकका एवं काकपादी र गोधा व्यूह पाँच पाँच अनीकका हुन्छन् । नामअनुसार यिनीहरूका आकार भिन्न हुन्छन् ।

विभिन्न व्यूहहरूको प्रयोग गर्ने विद्वान्‌हरूले यसरी (उपर्युक्त प्रकारले) व्यूहहरूको व्याख्या गरेका छन् ॥५१–५२॥

एते सप्तदश प्रोक्ता दण्डव्यूहास्तु भेदतः ।
तथा व्यूहद्वयं चैव मण्डलस्य समासतः ॥
असंहतास्तु षड् व्यूहा भोगव्यूहास्तु पञ्चधा ।
व्यूहैस्ते प्रयोज्याः स्युर्युद्धकाल उपस्थिते ॥५३-५४॥

यस प्रकारले दण्ड-व्यूहका सत्र भेद, मण्डल-व्यूहका संक्षेपमा दुई भेद, असंहत-व्यूहका ६ भेद र भोग-व्यूहका पाँच भेद व्यूहका विशेषज्ञहरूले बताएका छन् । यी व्यूहहरूको प्रयोग युद्ध-काल आइपरेमा गर्नुपर्छ ॥५३–५४॥

(श्येनः सूचीमुखो वज्रः शकटो मकरोऽम्बुजः ।
इत्यादयः स्मृता व्यूहास्तदाकारान् प्रकारयेत्‡ ॥)

(श्येन*, सूचीमुख◇, वज्र, शकट†, मकर❀, अम्बुज÷ आदि नाम गरेका विभिन्न व्यूह मानिएका छन् । तिनीहरूको नामअनुसार आकार तयार गर्नुपर्छ । भनाइको तात्पर्य यो हो कि प्रायः यी सबै व्यूहको व्यवस्था माथि बताइसकिएको छ तापनि त्यस बाहेक अन्य प्रकारले पनि तिनीहरूको नामअनुसार स्पष्ट आकार बन्न सक्ने भए बनाए हुन्छ ।)

व्यूहविकल्प नामक पैंतीसौं प्रकरण समाप्त

‡ यो श्लोक सबै संस्करणमा पाइँदैन; प्रक्षिप्त जस्तो छ ।

*बाज, ◇सियोको टुप्पो, †गाडा, ❀गोही वा मत्स्यविशेष, ÷कमल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशयुद्ध–प्रकरण

[प्रकाश-युद्ध (खुला तवरको शस्त्र-युद्ध) यस प्रकरणमा बताइन्छ ।]

पक्षादीनामथैकेन हत्वा शेषैः परिक्षिपेत् ।
उरसा वा समाहत्य कोटिभ्यां परिवेष्टयेत् ॥५५॥

व्यूहको पक्ष आदि कुनै एउटा अङ्गले अर्थात् पक्ष आदिमा रहेका सेना-खण्डले शत्रु-सेनामा प्रहार गरेर बाँकी सबै सैन्यले वरिपरिबाट हमला गर्नुपर्छ । अथवा व्यूहको उर अर्थात् अघिल्तिरको मध्यभागले शत्रु-सेनामा प्रहार गरेर व्यूहको वल्लो र पल्लो टुप्पाले अर्थात् दुईतिरका कोटि र पक्ष-स्थानका सेनाले उसलाई घेर्नुपर्छ ॥५५॥

परकोटी समाक्रम्य पक्षाभ्यां सन्तिग्रहः ।
कोटिभ्यां जघनं हन्यादुरसा च प्रपीड़येत् ॥५६॥

शत्रु-सेनामाथि आक्रमण गर्दा आफ्नो प्रतिग्रह (व्यूहको पछाडिपट्टि आफ्ना सेनालाई बटुल्न वा रोक्न बसेको सैन्य) समेत भई व्यूहको दुवैतिरका पक्ष-स्थानीय सैन्यहरूद्वारा शत्रु-पक्षको व्यूहका दुइटा कोटिस्थानमा रहेका सेनाहरूमाथि आक्रमण गरेर आफ्ना दुवै कोटि-स्थानका सैन्यहरूद्वारा शत्रुका व्यूहको जघन अर्थात् पछिल्लो भागमा हमला गर्नु र आफ्ना व्यूहको उर अर्थात् अघिल्तिरको मध्यवर्ती सेनाद्वारा शत्रु-पक्षलाई खूब दपेट्नुपर्छ ॥५६॥

यतः फल्गु यतो भिन्नं यतो दूष्यैरधिष्ठितम् ।
ततो रिपुबलं हन्यादात्मनश्चोपबृंहयेत् ॥५७॥

शत्रुको व्यूहमा जतातिर फजूल अर्थात् शक्तिहीन र नालायक सेना छ, जतातिर आफ्नो सफल भेद-नीतिले गर्दा युद्धमा आस्था हराएको या भित्रभित्रै शत्रुपक्षदेखि फुटेको सेना छ, र जतापट्टिको सेनामा शत्रुका दूष्य (शत्रुले आफैंले मराउनुपर्ने खालका अर्थात् उसदेखि उचित सत्कार नपाउनु आदि कुनै विशेष कारणले उसको विनाश चाहने उसका आफन्त या मुख्य कर्मचारी) बसेका छन्, त्यतैतर्फ आफ्नो बल बढाएर त्यताबाट शत्रु-सैन्यलाई नष्ट गर्न थाल्नु र आफ्ना सैन्यलाई प्रोत्साहन दिनुपर्छ । (धेरै संख्यामा शत्रुसैन्य मारिंदा उसमा नैराश्य र आफ्ना सैन्यमा उत्साह बढ्ने हुनाले पहिले साधारण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

या अयोग्य शत्रु-सेनातिर जोड दिएर भए पनि धेरै संख्यामा उसलाई मार्न सक्नु वेश हो ।।५७।।

सारं द्विगुणसारेण फल्गु सारेण पीडयेत् ।
संहतं च गजानीकैः प्रचण्डैरपसारयेत् ।।५८।।

विजिगीषुले शत्रुपक्षको तागतिलो योग्य फौजलाई त्यसभन्दा दोबर तागतिला र योग्य अर्थात् ऊभन्दा सबै प्रकारले योग्य फौजद्वारा दबाउनु । शक्तिहीन फजूल फौजलाई पनि आफ्ना शक्तिशाली फौजले दबाउनु र शत्रु-सेना खूब संगठित भएर रहेको छ भने त्यसलाई कडा हात्तीचढी फौजहरूद्वारा तितर-बितर पारिदिनुपर्छ ।।५८।।

दुर्जयान् करिणः सिंहवसासिक्तै र्मतङ्गजैः ।
आहन्यात् करिणीनां वा समूहैः साध्वधिष्ठितैः ।।५९।।

शत्रु-पक्षका जितिनसक्ना हात्तीहरूलाई सिंहको बोसो घसिएका मत्त हात्तीहरूद्वारा अथवा चतुरा र अनुभवी सैन्यहरूद्वारा संचालन गरिएका ढोईहरूका बथानहरूको माध्यमबाट परास्त गर्नुपर्छ । अर्थात् त्यसो गर्दा ती शत्रुपक्षका हात्तीहरू सिंहको बोसो सुँघेर बाउँटिने र ढोईहरूलाई देख्ता कामुक भएर तिनको पछि लाग्ने हुनाले उनीहरूको व्यूह टुट्छ र उनमा सवार भएका व्यक्तिहरूलाई हराउन वा मार्न सकिन्छ ।।५९।।

सलोहजालैर्दृढबन्धदन्तैः
सुकल्पितैरूर्जितपादरक्षैः ।
प्रवीरयोधैर्मददुर्निवारै-
र्हन्याद् गजेन्द्रैर्द्विषतामनीकम् ।।६०।।

शरीरभरि फलामको जाली लगाइएका, दाँतहरू बलियोसँग सुरक्षित रूपले बाँधिएका, राम्रोसँग तालीम दिइएका र सजाइएका, शूरा र उत्साही पादरक्ष (हात्तीको वरिपरि सुरक्षाको निमित्त रहने पैदल सैनिक)+ हरू भएका, वीर वीर योद्धाहरूले चढिएका, मद-मत्त हुनाले हटाइनसक्ना बडे बडे हात्तीहरूद्वारा शत्रुहरूको सेनालाई खतम गर्नुपर्छ ।।६०।।

एकोऽपि वारणपतिर्द्विपतामनीकं
युक्तं निहन्ति मदसत्त्वगुणोपपन्नः ।

+'पादरक्ष'को अर्थ खुट्टाको सुरक्षाका निमित्त बनेको छाला आदिको बाक्लो खोल पनि हुन्छ । त्यस पक्षमा 'ऊर्जितपादरक्षैः' को अर्थ 'माथिसम्म आउने बढिया खुट्टाका खोलहरूले युक्त' गर्नु पर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नागेषु हि क्षितिभृतां विजयो निबद्ध-
स्तस्माद् गजाभिकबलो नृपतिः सदा स्यात् ॥६१॥

मद, शारीरिक शक्ति र तालिमी गुणहरूले युक्त ठूलो हात्तीले एक्लै पनि शत्रुहरूको सुसज्जित सैन्यलाई अवश्य नै नष्ट-भ्रष्ट गर्न सक्छ। विजिगीषु राजाहरूको विजय हात्तीहरूकै भरमा हुन्छ। त्यस कारण राजा सधैं हात्तीको फौज ज्यादा भएको हुनुपर्छ ॥६१॥

प्रकाशयुद्ध नामक छत्तीसौं प्रकरण समाप्त

बीसौं सर्ग समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सशक्त
जन्मप
हिड्यो
यही ह
आदर्श
सुसञ्च
प्रजात
र निरं
गौरवले
प्रजातन
शिरोधा
संघर्षर
परिभा

प्रगति
हो ।
सुशिधि
प्रभावि
शैलीद्व
राणाश
सम्म
अधिन
परिवत
अतीत
दीपशि
अग्रस
सालप
यदि
भावन
२०४
दिशाब

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

...न सन्दर्भमा नेपाल विद्यार्थी संघ नेतृत्वको दायित्व:

अनिल सिलौरा

...द्यार्थी संघ नेपाली तरुण विद्यार्थीहरूको ...संस्था हो। यसको जन्म संघर्षबाट भयो र ... ने. वि. संघ सर्वथा संघर्षमा छाती थापेर ...का नजिरहरूले प्रमाणित गरिसकेको तथ्य ... वि. संघ वास्तवमा व्यवहारवादी सबल ...प्रेरित भइरह्यो र अद्यावधि तदनुकूल ...। ने. वि. संघको पहिचान पुष्ट्याइँलाई ...वास बस्नेको जमातले, जेल बस्नेको भीडले ... बर्बर हर्कतका विरूद्ध निहत्था डट्नेहरूको ...त गर्दछ; विद्यार्थी एकता, राष्ट्र-राष्ट्रियता, ...वाद जस्ता पवित्र आदर्शगत आभूषणलाई ...गत र वर्तमानसम्म पनि नेपाली माटोमा ...का वाहकहरूको प्रगतिशील भावनाले ...।

... विद्यार्थीहरूको मौलिक प्रवृत्ति हो र ...हरूमा सन्निहित क्रान्तिकारिताको प्रतीक ...जनीतिक इतिहास पनि वास्तवमा यिनै ...जका अग्रगामी जत्थाहरूको मौलिकताबाट ...को छ। चाहे त्यो शताब्दियौंसम्म मध्ययुगीन ...त नेपाली समाजमाथि हैकम लाद्ने ...तालाई तहसनहस तुल्याउन होस् वा दशकौं ...को खुन-पसिनामा आहाल खेल्ने पंचायती ...को दाहसंस्कारको लागि होस्, प्रत्येक ...मा विद्यार्थीभूमिका अग्रगामी रहेको छ। ...ने नै हो भने २००७ सालको क्रान्तिको ...ज्वलित राख्न विद्यार्थीहरूको बलिदानीपूर्ण ...भूमिका निर्वाह गरेको थियो भने २०१७ ...कालीन संघर्षमा निरन्तरता हुने थिएन होला, ... परिवर्तनशिलता एवं आत्मबलिदानीपूर्ण ...को भए। अझ भनौं ऐतिहासिक जनआन्दोलन ...नालाई नेपाली समाजभित्रका यिनै सुस्पष्ट ...रा उछालिएको स्वतन्त्रतावादी ज्वारको ...न्छ।

...द्यार्थी संघले आफ्नो ऐतिहासिक ...

जवाफदेहिताको परिपालनाको प्रथम चरणलाई सिद्धान्तत: गत जनआन्दोलनमा नै सफलतापूर्वक निर्वाह गरेको यथार्थता जगजाहेर भइसकेको छ। प्रजातन्त्रप्राप्ति मात्र नेपाल विद्यार्थी संघको अन्तिम उद्देश्य होइन वल्कि यसको लक्ष्य त नेपाली समाजका प्रत्येक विद्यमान विसंगति र उत्पीडनको समूलत: नष्टीकरण हो। तदनुकूल आफ्ना आदर्शहरूलाई नेपाली जनजीवनमा प्रवाहित गर्नका लागि ऐतिहासिक जनआन्दोलन पश्चात् प्रजातान्त्रिक तरुणहरू देशका प्रत्येक झोपडी ढक्ढक्याउँन पुग्नु पर्‍यो। जसको परिणति जन-नायक स्व. विश्वेश्वरप्रसाद कोइरालाले मार्गनिर्देशन गरेको पार्टी नेपाली काँग्रेस संसद्‌मा बहुमत प्राप्त गरी प्रजातान्त्रिक नेपालको सत्ता सम्हाल्न सफल भयो। के सत्ताप्राप्ति मात्र सम्पूर्ण जन-आकांक्षाको पूर्ति हो? सत्ताप्राप्ति जनइच्छा परिपूर्ति खातिर उन्मुख रहने साधन मात्र हो। जबसम्म जनताका घर आँगनमा परिवर्तनका संकेतहरू प्रतिबिम्बित हुन सक्दैनन् सत्ता गौण हुनजान्छ। तसर्थ परिवर्तनलाई प्रतिबिम्बित गर्न स्थानीय रूपमा नै जनशक्तिलाई परिचालन गर्नुपर्ने हुन्छ; जनसहभागिता जुटाउनुपर्ने हुन्छ। संसद् गठनको दोस्रो वर्षमा यही पुनीत कार्यलाई प्रजातान्त्रिक सरकारले जनसमक्ष प्रस्तुत गर्‍यो, स्थानीय निकायहरूको गठन गर्‍यो। त्यस अवस्थासम्म नेपाल विद्यार्थी संघ सम्पूर्ण दृष्टिकोणबाट राष्ट्रिय राजनीतिको सुगम मार्ग पैल्याउँने सत्कार्यमा तल्लीन रह्यो।

स्थानीय निकायहरूको सफल गठन पश्चात् प्रजातान्त्रिक तरुणहरूको प्रिय यो संस्था युद्धकौशल सेनाहरूको वाहिनी जस्तो भएको छ। के युद्धको सीमित सफलता मात्र सेनाको उद्देश्य हो त? किमार्थ होइन। सार्वकालिक सजगता मात्र यथार्थमा कुशल सैनिकको उद्देश्य हुनुपर्छ। ठीक त्यही ढंगबाट नेपाल विद्यार्थी संघले आफ्नो आदर्शगत मान्यताहरूको प्रतिस्थापनाका लागि निरन्तर सजगता जाहेर गर्नु अपरिहार्य भएको छ।

... विविध अप्ठ्याराहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal